# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन २५१९, २५३०, २५४३
पोष्ट बक्स: ७३
Email: fxmd_policy@nrb.org.np


मितिः २०८१/१२/२२

इ.प्रा. परिपत्र संख्या : ७/२०८१-८२

**श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु,**
**श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**
**श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त सम्पूर्ण निकायहरु ।**

**विषय : एकीकृत परिपत्र-२०८१ जारी गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०८० तथा सो पश्चात् २०८१ फागुन १९ गतेसम्म जारी गरिएका परिपत्र/सूचना एकीकृत गरी यसैसाथ संलग्न एकीकृत परिपत्र-२०८१ जारी गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

(रेवतीप्रसाद नेपाल)
कार्यकारी निर्देशक

**बोधार्थः**

१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राजस्व अनुसन्धान विभाग ।
४) नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग ।
५) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
६) नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
७) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
८) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
९) श्री नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभाग ।
१०) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
११) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१२) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१३) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
१४) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
१५) श्री नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाई ।
१६) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१७) श्री नेपाल उद्योग परिसंघ ।
१८) श्री नेपाल चेम्बर अफ कमर्स ।
१९) श्री नेपाल बैंकर्स संघ ।
२०) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
२१) श्री वित्तीय संस्था संघ ।
२२) श्री नेपाल रेमिटर्स एशोसिएसन ।
२३) श्री मुद्रा सटही व्यवसायी संघ नेपाल ।
२४) श्री नेपाल सुन चाँदी व्यवसायी महासंघ ।
२५) श्री नेपाल सुन चाँदी रत्न तथा आभुषण महासंघ ।
२६) श्री नेपाल हस्तकला महासंघ ।
२७) श्री होटल एशोसियसन अफ नेपाल ।
२८) श्री नेपाल एशोसियसन अफ टूर एण्ड ट्राभल एजेन्ट्स ।
२९) श्री ट्रेकिङ्ग एजेन्सिज एशोसियसन अफ नेपाल (टान) ।
३०) श्री फ्रेट फरवार्डरस् एशोसियसन अफ नेपाल ।

# विदेशी विनिमय कारोबार गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी गरिएको

# एकीकृत परिपत्र-२०८१

(एकीकृत परिपत्र-२०८० र सो पश्चात् मिति २०८१/११/१९ सम्म जारी परिपत्र/सूचना समेत समावेश गरी परिमार्जन गरिएको)

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०८१ चैत

## विषयसूची


१. वस्तु आयात सम्बन्धी व्यवस्था १

१.१ प्रतीतपत्र कारोबारसम्बन्धी व्यवस्था १

१.२ परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाहेक अन्य मुलुकहरूबाट प्रतीतपत्र बाहेक Documents Against Payment तथा Documents Against Acceptance को माध्यमबाट आयात गर्न सकिने सम्बन्धी व्यवस्था २०

१.३. तातोपानी भन्सार विन्दुमार्फत् चीनको स्वशासित क्षेत्र तिब्बतबाट हुने आयात कारोबार सम्बन्धमा २२

१.४ कच्चा ऊनको आयात सम्बन्धी व्यवस्था २३

१.५ परिवर्त्य विदेशी मुद्रामा खाता हुने निकायले भारतबाट प्रतीतपत्र मार्फत् आयात गर्ने व्यवस्था २४

१.६ परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी प्रतीतपत्र मार्फत् भारतबाट आयात गर्न पाइने मालसामानहरू तथा आयात गर्दा अपनाउनुपर्ने प्रक्रिया २५

१.७ प्रतीतपत्र बिना ड्राफ्ट/टी.टी. को माध्यमबाट हुने वस्तु आयात सम्बन्धी व्यवस्था २७

१.८ ग्लोबल टेण्डर मार्फत् भारतबाट आयात हुने वस्तु तथा सेवा खरिद सम्बन्धी व्यवस्था ३०

१.९ बैंक ग्यारेण्टीका आधारमा अग्रिम भुक्तानी पठाउने सम्बन्धमा ३०

१.१० बीमा, ढुवानी, क्लियरिङ्ग, फर्वाडिङ्ग सम्बन्धी व्यवस्था ३१

१.११ भारतबाट वस्तु तथा सेवा आयात गर्दा प्रदान गरिने सटही सुविधा तथा भारतीय रूपैयाँको खरिद/बिक्री कारोबार सम्बन्धी व्यवस्था ३३

२. एसियन क्लियरिङ युनियनका सदस्य राष्ट्रहरूबीच हुने कारोबार सम्बन्धी व्यवस्था ६४

३. सुन आयात तथा बिक्री वितरण सम्बन्धी व्यवस्था ६७

४. सुन आपूर्ति, चाँदी आयात तथा बिक्री वितरण सम्बन्धी व्यवस्था ७५

५. निर्यात सम्बन्धी व्यवस्था ८६

६. निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी व्यवस्था ९८

७. विदेशी मुद्रा सटही सम्बन्धी व्यवस्था १०८

८. उच्च शिक्षा अध्ययनको लागि विदेशी मुद्रा सटही सम्बन्धी व्यवस्था १३१

९. नेपाली नागरिकले नगदै राख्न र सटही गर्न सक्ने नगद परिवर्त्य विदेशी मुद्रा सम्बन्धी व्यवस्था १४१

१०. नेपाल सरकार लगायत विभिन्न निकायलाई आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधा सम्बन्धी व्यवस्था १४५

११. सेवा आयातको भुक्तानीको लागि सटही सुविधा प्रदान गर्ने सम्बन्धी व्यवस्था १४८

१२. रिप्याट्रिएशन सम्बन्धी व्यवस्था १५४

१३. विदेशी मुद्राको बैंक ग्यारेण्टी सम्बन्धी व्यवस्था १६८

१४. इलेक्ट्रोनिक कार्ड मार्फत् हुने कारोबार सम्बन्धी व्यवस्था १७१

१५. नगद परिवर्त्य विदेशी मुद्रा बिक्री तथा रकमान्तर सम्बन्धी व्यवस्था १७९

१६. चिनियाँ मुद्रा युआनको कारोबार सम्बन्धी व्यवस्था १८१

१७. विदेशी मुद्रामा खाता खोल्ने र सञ्चालन गर्ने सम्बन्धी व्यवस्था १८२

१८. वाणिज्य बैंकहरूले प्रवाह गर्न सक्ने परिवर्त्य विदेशी मुद्राको ऋण सम्बन्धी व्यवस्था १९७

१९. एजेन्सी बैंकहरूमा राख्न सक्ने विदेशी विनिमय मौज्दात, Derivatives उपकरण, Forward Contract र Interest Rate Swap सम्बन्धी व्यवस्था २०५

२०. विदेशी मुद्राको खरिद बिक्री कारोबार, कमिसन र विनिमय दर प्रकाशनसम्बन्धी व्यवस्था २०९

२१. परिवर्त्य विदेशी मुद्रामा ऋणपत्र जारी गर्ने सम्बन्धी व्यवस्था २१७

२२. विदेशी लगानी तथा विदेशी ऋण सम्बन्धी व्यवस्था २१९

२३. विदेशी मुद्रा कारोबारको इजाजत सम्बन्धी व्यवस्था २२०

२४. विप्रेषण कारोबार सम्बन्धी व्यवस्था २२४

२५. मनिचेञ्जर कारोबार सम्बन्धी व्यवस्था २३०

२६. विदेशी विनिमय सटही रसिद सम्बन्धी व्यवस्था २३२

२७. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण (AML/CFT) सम्बन्धी व्यवस्था २४१

२८. विविध व्यवस्था २७७

२९. वि.वि.नि. फाराम तथा Online Reporting सम्बन्धी व्यवस्था २८२

**विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को प्रयोजनको लागि जारी गरिएका सार्वजनिक सूचनाहरु** २८६

(१) नेपाली तथा विदेशी नागरिकले आफूसँग भएको विदेशी विनिमयको विवरण बुझाउने सूचना २८६

(२) हुलाकबाट सामान निर्यात गर्ने सम्बन्धी सूचना २८७

(३) नेपाल राष्ट्र बैंकलाई विदेशी मुद्रा समर्पण गरेमा पाउने सुविधा सम्बन्धी सूचना २९२

(४) परिवर्त्य विदेशी मुद्राको विवरण पेश गर्ने सम्बन्धी सूचना २९३

(५) विदेशी विनिमयमा ऋण लिने/दिने सम्बन्धी व्यवस्था २९४

(६) Online Reporting System सम्बन्धमा २९७

(७) विदेशी लगानीका परियोजनाहरुमा विदेशमा खर्च भएको रकम पूँजीकृत गरी वैदेशिक लगानीको रुपमा गणना गर्ने व्यवस्था सम्बन्धी सूचना २९८

(८ ) वैदेशिक ऋणका लागि धितोपत्र सुरक्षण तथा व्यक्तिगत जमानी दिने व्यवस्था सम्बन्धी सूचना २९९

(९) Bitcoin कारोबार गैरकानुनी रहेको बारेको सूचना ३००

(१०) मुद्रा तथा धारक विनिमय अधिकार पत्रको उद्घोषण गर्ने व्यवस्था सम्बन्धी सूचना ३०१

(११) नगद नेपाली तथा विदेशी मुद्रा ओसार पसारमा प्रतिबन्ध लगाइएको सम्बन्धी सूचना ३०२

(१२) यस बैंकबाट स्वीकृति पाएका Payment System बाहेक अन्य विदेशी Payment System को प्रयोग गैरकानुनी रहेको सम्बन्धी सूचना ३०३

(१३) Nepal Electronic Payment System (NEPS) बाट कार्ड सम्बन्धी होस्टिङ र स्विचिङको सेवा अवरुद्ध हुने सम्बन्धी सूचना ३०४

(१४) MaxMoney SDN, BHD सँग रोक्का रहेको कारोबार फुकुवा गरिएको सम्बन्धी सूचना ३०५

(१५) सामाजिक सञ्जाल र अनलाइन मार्फत् गरिने विज्ञापन प्रकाशन तथा प्रशारण सम्बन्धी सूचना ३०६

(१६) नेपाली कामदारको पारिश्रमिकको विप्रेषण सम्बन्धी सूचना ३०७

(१७) स्वास्थ्य सुरक्षासँग सम्बन्धित सबै मापदण्ड कायम गरी निषेधाज्ञा अवधिभर इजाजतपत्र प्राप्त सम्पूर्ण विप्रेषण कम्पनीहरुले सेवा प्रदान गर्ने सम्बन्धी सूचना ३०८

(१८) विप्रेषण कम्पनीहरुले Digital माध्यमबाट रकम भित्र्याउन सक्ने व्यवस्था सम्बन्धी सूचना ३०९

(१९) मौरिससस्थित एम एण्ड एम रेमिटसँग कुनै पनि कारोबार नगर्ने/नगराउने सम्बन्धी सूचना ३१०

(२०) अनलाइनमार्फत् विदेशबाट वस्तु तथा सेवा खरिद बापतको भुक्तानी गर्ने प्रयोजनका लागि परिवर्त्य विदेशी मुद्राको Prepaid Card जारी गर्न सकिने सम्बन्धी सूचना ३११

(२१) एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्र :०१/२०७६ को दफा १.१.१५ लाई संशोधन गरिएको सम्बन्धी सूचना ३१२

(२२) Nepal Rastra Bank's Notice for Exchanging Fourth Edition Qatari Riyal Banknotes ३१३

(२३) चौथो संस्करणका कतारी रियाल बैंक नोटहरू सटही गर्नेसम्बन्धी सूचना ३१४

(२४) विप्रेषकहरुलाई कोभिड-१९ सम्बन्धी सूचना ३१५

(२५) एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७६ को दफा १.७ को उप-दफा १.७.५ लाई संशोधन गरिएको सम्बन्धी सूचना ३१६

(२६) एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्रः १८/२०७६ को दफा १ को खण्ड (घ) को बुँदा नं. (१५) लाई संशोधन गरिएको सम्बन्धी सूचना ३१७

(२७) विदेशी लगानी तथा विदेशी ऋण लेखाङ्कन गर्ने सम्बन्धी सूचना ३१८

(२८) शिक्षा सेवा शुल्क फिर्ता सम्बन्धी सूचना ३१९

(२९) विदेशी मुद्रा कारोबार इजाजतपत्र नवीकरणसम्बन्धी सूचना ३२०

(३०) Cryptocurrency कारोबार गैरकानुनी रहेको सम्बन्धी सूचना ३२१

(३१) परिमाणात्मक बन्देज लगाइएका वस्तुहरु आयातसम्बन्धी सूचना ३२२

(३२) विदेशमा विदेशी मुद्रामा ऋण लिने प्रयोजनका लागि बैंक ग्यारेण्टी वा Standby Letter of Credit जारी गर्न सकिने सम्बन्धी सूचना ३२३

(३३) नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ को अनुसूची-१० मा संशोधन गरिएको सम्बन्धी सूचना ३२४

(३४) Virtual Currency/Cryptocurrency तथा Network Marketing अन्तर्गतको कारोबार/ व्यवसाय गैरकानुनी रहेको सम्बन्धी सूचना ३२५

(३५) तोकिएका वस्तुहरु अनिवार्य रुपमा मार्जिन राखी प्रतीतपत्रमार्फत् मात्र आयात गर्न सकिने व्यवस्था गरिएको सम्बन्धी सूचना ३२६

(३६) तोकिएका वस्तुहरु अनिवार्य रुपमा मार्जिन राखी प्रतीतपत्रमार्फत् मात्र आयात गर्न सकिने व्यवस्था गरिएको सम्बन्धी सूचना ३२८

(३७) केही वस्तुको पैठारीमा पूर्ण बन्देज सम्बन्धी सूचना ३२९

(३८) केही वस्तुको पैठारीमा पूर्ण बन्देज सम्बन्धी सूचना ३३०

(३९) Virtual Currency/Cryptocurrency, Network Marketing तथा Hyper Fund कारोबार गैरकानुनी रहेको सम्बन्धी सूचना ३३१

(४०) केही वस्तुको पैठारीमा पूर्ण बन्देज सम्बन्धी सूचना ३३२

(४१) मनिचेञ्जरको नयाँ इजाजतपत्र प्रदान गर्ने कार्य बन्द रहेको सम्बन्धी सूचना ३३३

(४२) केही वस्तुको पैठारीमा पूर्ण बन्देज सम्बन्धी सूचना ३३४

(४३) विदेशमा लगानी गर्न प्रतिबन्धित रहेको सम्बन्धी सूचना ३३५

(४४) Cryptocurrency/ Virtual Currency, Non-Fungible Token, Digital Asset, Decentralized Finance, Network Marketing तथा Hyper Fund कारोबार गैरकानुनी रहेको सम्बन्धी सूचना ३३६

(४५) एकीकृत परिपत्र-२०७९ जारी गरिएको सम्बन्धी सूचना ३३७

(४६) MaxMoney Sdn. Bhd. सँगको विप्रेषण कारोबारमा प्रतिबन्ध लगाइएको सम्बन्धी सूचना ३३८

(४७) एकीकृत परिपत्र-२०८० जारी गरिएको सम्बन्धी सूचना ३३९

(४८) नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ मा संशोधन गरिएको सम्बन्धी सूचना ३४०

(४९) नेपाल राष्ट्र बैंक स्वाप कारोबार विनियमावली, २०८१ जारी गरिएको सम्बन्धी सूचना ३४१

(५०) ओमानी रियाललाई परिवर्त्य विदेशी मुद्रा तोकिएको सम्बन्धी सार्वजनिक सूचना ३४२

(५१) Danish Kroner बैंक नोट सटही गर्ने सम्बन्धी सूचना ३४३

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : १/२०८१

## वस्तु आयात सम्बन्धी व्यवस्था

भारत तथा अन्य मुलुकबाट हुने आयात सम्बन्धमा देहायबमोजिम व्यवस्था गरिएकोले सोही बमोजिम गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैंकिङ विभागलगायत प्रदेशस्थित कार्यालयहरू तथा इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु र राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरूलाई यो परिपत्र जारी गरिएको छ ।

### १.१ प्रतीतपत्र कारोबारसम्बन्धी व्यवस्था

विदेश (भारत समेत) बाट गरिने मालसामान आयातको लागि खोलिने प्रतीतपत्र कारोबार सम्बन्धमा निम्न व्यवस्था कायम गरिएको छ ।

#### १.१.१ आयात प्रतीतपत्र खोल्दा अपनाउनु पर्ने प्रकृया :

(क) आयातकर्ताले पेश गर्नुपर्ने कागजातहरू :

आयातकर्ताले आयात प्रतीतपत्र खोल्नु पूर्व सम्बन्धित बैंकले तोकेअनुसारको प्रतीतपत्र खोल्ने निवेदन (L/C Application) पूर्णरुपमा भरेर सोसँग निम्नानुसारका कागजातहरू संलग्न गर्नु पर्नेछ ।

(१) आयातकर्ताको दर्तासम्बन्धी अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि ।

(२) आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

(३) आयातकर्ता तथा निर्यातकर्ता बीचको व्यापार सम्झौता पुष्टी हुने कागजात । जस्तैः प्रोफर्मा इन्भ्वाइस, इन्डेन्ट वा कन्ट्र्याक्ट पेपर (Proforma Invoice, Indent or Contract Paper) .

यस्तो कागजातमा निम्न व्यहोरा स्पष्ट रुपमा खुलेको हुनुपर्ने छ :

(अ) सामानको नाम, ब्राण्ड र मोडेल नम्बर भए सो समेत,

(आ) सामान उत्पादन गर्ने मुलुकको नाम,

(इ) इकाई मूल्य, परिमाण र जम्मा मूल्य,

(ई) इन्कोटर्म (CIF, FOB, CFR, EXW आदि),

(उ) भुक्तानीको किसिम (Sight Payment, Mixed Payment, Usance भए कति समयको र Deferred Payment भएमा कति प्रतिशत डकुमेन्ट प्राप्त भएपछि र कति प्रतिशत सम्पूर्ण सामान प्राप्त भएपछि भुक्तानी हुने हो सो कुरा खुल्ने विवरण आदि),

(ऊ) तोकिए बमोजिमको हार्मोनिक कोड नं.,

(ए) आयातकर्ता तथा निर्यातकर्ताको नाम, ठेगाना, इमेल र टेलिफोन,

(ऐ) आयातकर्ताको Exim Code .

(ख) विदेशी विनिमय नियन्त्रण (वि.वि.नि.) फाराम नं. ३/३(ग) भर्नुपर्ने :

आयात प्रतीतपत्र खोल्न निवेदन दिने आयातकर्ताले खण्ड (क) मा उल्लिखित कागजातहरूका साथमा यसै परिपत्रसाथ संलग्न वि.वि.नि.फा.नं. ३ (भारतबाट भारतीय रुपैयाँमा हुने आयातको हकमा वि.वि.नि.फा.नं. ३(ग)) भरेर संलग्न गर्नु पर्नेछ । वि.वि.नि.फा.नं. ३/३(ग) भर्दा ३ प्रति भर्नु पर्नेछ । पहिलो प्रति फाइलमा राख्नु पर्दछ भने दोश्रो र तेस्रो प्रति क्रमशः सम्बन्धित भन्सार कार्यालयमा र यस विभागमा पठाउनु पर्नेछ । एउटै प्रतीतपत्रमार्फत

एकभन्दा बढी समूह अन्तर्गतका सामानहरूको प्रतीतपत्र खोल्दा वा भुक्तानी गर्दा समूह अनुसार भिन्दा-भिन्दै मूल्य तथा परिमाण अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

(ग) भन्सार विन्दु सम्बन्धी व्यवस्था :

(१) आयात प्रतीतपत्र खोल्दाकै अवस्थामा आयात गरिने मालसामान भित्रिने भन्सार विन्दुको नाम र ठेगाना प्रतीतपत्रमा अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ। साथै, प्रतीतपत्रका कागजातहरू मध्ये कम्तीमा Invoice वा Transport Document मध्ये कुनै एकमा सो नाका उल्लेख हुने गरी खोल्नु पर्नेछ।

(२) एक भन्दा बढी भन्सार विन्दुबाट आयात गर्दा प्रत्येक भन्सार विन्दुबाट आयात हुने मालवस्तुको परिमाण र रकम प्रतीतपत्रमा स्पष्टरुपमा खुल्नु पर्नेछ र मालवस्तु आयात भए/नभएको सम्बन्धित बैंकले अनुगमन गर्नुपर्नेछ।

(३) प्रतीतपत्रमा उल्लिखित भन्सार विन्दुको सट्टा अन्य भन्सार विन्दुबाट आयात गर्नुपर्ने अवस्था परेमा आयातकर्ताबाट भन्सार परिवर्तन गर्नुपर्ने औचित्य पुष्टि हुने कागजात लिई प्रतीतपत्र जारी गर्ने बैंकले आयात हुने भन्सार नाका संशोधन गरेको प्रमाण (वि.वि.नि. फाराम) आयात हुने भन्सार कार्यालयमा पेश गर्नु पर्नेछ। यसरी आयात हुने भन्सार विन्दु परिवर्तनका लागि अन्य निकायको अनुमति वा सिफारिस आवश्यक पर्ने छैन। यो व्यवस्था Draft/TT लगायतका माध्यमबाट सामान आयात गर्दा समेत लागू हुनेछ। साथै, यस प्रयोजनको लागि एकपटक वि.वि.नि. फाराम जारी भइसकेपछि सोको सक्कल प्रति प्राप्त नभई अर्को वि.वि.नि. फारम जारी गर्न पाइने छैन।

(४) नेपाल सरकार अन्तर्गतका विभिन्न कार्यालय, आयोजना तथा सरकारी संस्थानहरूले आयात गर्ने सामान बाहेक अन्य आयातकर्ताहरूले तेस्रो मुलुकबाट भारतको कोलकाता/हल्दिया बन्दरगाह हुँदै सडकमार्ग मार्फत आयात गरिने वस्तुहरू निम्न भन्सार नाकाहरूबाट नेपाल भित्र्याउनु पर्नेछः

(क) मेची भन्सार

(ख) विराटनगर भन्सार

(ग) वीरगञ्ज भन्सार

(घ) भैरहवा भन्सार

(ङ) नेपालगञ्ज भन्सार

(च) धनगढी भन्सार

(छ) वीरगञ्ज सुख्खा बन्दरगाह भन्सार।

तर, कोलकाता बन्दरगाह भएर तेस्रो मुलुकबाट आउने र रेल मार्फत ढुवानी हुने Consignment हरू Transhipment Modality मा Electronic Cargo Tracking System (ECTS) लगाई ढुवानी गर्न आयातकर्ताहरूले कोलकाता बन्दरगाहमा कुनै कागजातहरू पेश गर्नु नपर्ने व्यवस्था नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत भएको हुँदा वाणिज्य बैंकहरूले L/C खोल्दा, Document Against Payment (DAP)/Document Against Acceptance (DAA) को माध्यमबाट आयात गर्दा, Draft/TT पठाउँदा रेलमार्फत आउने Consignments को गन्तव्य विन्दु वीरगञ्ज (सुख्खा बन्दरगाह) वा विराटनगर हुनु पर्नेछ।

भारतीय बन्दरगाहहरू हुँदै तेस्रो मुलुकबाट नेपाली पानीजहाजमार्फत आउने सामान तथा Transhipment Modality मा Electronic Cargo Tracking System (ECTS) लगाई रेलमार्फत ढुवानी हुने Consignment हरूमा आयातको लागि नेपालबाट L/C खोल्दा, DAP/DAA का माध्यमबाट आयात गर्दा, Draft/TT का माध्यमबाट रकम

पठाउँदा ढुवानी खर्च आयातकर्ताले गर्ने FOB/FCA/EXW/FAS जस्ता Incoterms को आधारमा आयात गर्दा गन्तब्य विन्दु वीरगञ्ज (सुख्खा बन्दरगाह) वा विराटनगर हुनु पर्नेछ । यदि यस्ता Incoterms को आधारमा आयात गर्न नसकिने अवस्था भएमा आयातकर्ताले सोको औचित्य पुष्टि गर्नु पर्नेछ । ढुवानीसम्बन्धी भाडा तथा खर्चको लागि यसरी L/C खोल्दा Freight Forwarders ले नेपालमा दर्ता भएको Shipping Company सँग Service L/C खोल्नु पर्नेछ ।

(५) सम्पूर्ण आयातकर्ताहरूले तेस्रो मुलुकबाट भारतको विशाखापटनम बन्दरगाह हुँदै तोकिए बमोजिम सडक वा रेलमार्ग मार्फत आयात गरिने सम्पूर्ण वस्तुहरू निम्न भन्सार नाकाहरूबाट मात्र नेपाल भित्र्याउनु पर्नेछ :

(क) विराटनगर भन्सार

(ख) वीरगञ्ज भन्सार

(ग) भैरहवा भन्सार

(घ) नेपालगञ्ज भन्सार

(ङ) वीरगञ्ज सुख्खा बन्दरगाह भन्सार ।

(६) हवाई मार्ग प्रयोग भई आयात गरिने सामानको हकमा अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट प्रतीतपत्र अन्तर्गतको सामान आयात गर्न सकिनेछ ।

(७) चिनियाँ भूभाग भई ट्रक वा रेलमार्गबाट प्रतीतपत्रमार्फत आयात गर्दा निम्न भन्सार नाकाहरूबाट सामान आयात गर्नु पर्नेछ ।

(क) तातोपानी भन्सार, सिन्धुपाल्चोक (ख) रसुवा भन्सार, रसुवा

(८) प्रतीतपत्र अन्तर्गत भारतबाट मालसामान आयात गर्दा समेत भन्सार नाका सम्बन्धी उपरोक्त दफा ४ र ५ वाहेकका अन्य सबै प्रावधानहरू लागू हुनेछन ।

(९) अन्तर्राष्ट्रिय व्यापारका लागि जारी हुने प्रतीतपत्रमा प्रचलित व्यवस्थाबमोजिम चोभारको सुक्खा बन्दरगाह भन्सार कार्यालय नाका हुने गरी समेत जारी गर्न सकिनेछ । साथै, मेची, विराटनगर, वीरगञ्ज, सुक्खा बन्दरगाह सिर्सिया र भैरहवा भन्सार कार्यालयबाट पैठारी गर्ने गरी प्रतीतपत्र जारी भैसकेका मालवस्तुको समेत पैठारीकर्ताको माग भएमा प्रचलित व्यवस्थाबमोजिम चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालयको नाममा भन्सार विन्दु परिवर्तन गर्न सकिनेछ । साथै, अन्य माध्यम (ड्राफ्ट/टी.टी., SBLC, DAP, DAA आदि) बाट हुने आयात समेत चोभारको सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट गर्न सकिनेछ ।

(घ) केन्द्रीय स्तरबाट अनुगमन हुनुपर्ने :

अमेरिकी डलर ५० हजार वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा भन्दा बढी रकमको प्रतीतपत्रहरू खोलिएको अवस्थामा सम्बन्धित बैंकको केन्द्रीय कार्यालयले अनिवार्य रुपमा अनुगमन गर्नु पर्नेछ ।

१.१.२ <u>प्रतीतपत्रमा संशोधन :</u>

(क) दफा १.१.१ को खण्ड (क) बमोजिम खोलिएको आयात प्रतीतपत्र Beneficiary र Applicant दुवैको स्वीकृतिमा संशोधन गर्न सकिनेछ । यसरी प्रतीतपत्र खोल्दा वा संशोधन गर्दा All Discrepancies Acceptable भन्ने जस्ता Clause राख्न पाइने छैन ।

(ख) प्रतीतपत्रमा उल्लिखित रकमको दश प्रतिशतभन्दा बढी हुने गरी संशोधन गर्नुपरेमा नियमानुसार गर्नुपर्ने अन्य कुराहरूका अतिरिक्त आफ्नो केन्द्रीय कार्यालयको समेत स्वीकृति लिनु पर्नेछ । तर, संशोधित रकम अमेरिकी डलर पाँच हजार वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा वा सो भन्दा कम हुने भएमा त्यस्तो स्वीकृति लिन आवश्यक पर्ने छैन ।

(ग) साथै, जारी भएको प्रतीतपत्रअन्तर्गत कागजात प्राप्त भई सोको भुक्तानी भई सकेपछि पुनः सोही प्रतीतपत्र संशोधन गर्न सकिने छैन । तर, यस्तो व्यवस्था रिभल्भिङ्ग प्रतीतपत्रको हकमा र भन्सार छुटाउने प्रयोजनको हकमा लागू हुने छैन ।

१.१.३ <u>प्रतीतपत्रको सेटलमेन्ट तथा भुक्तानी प्रकृया :</u>

(क) आयातकर्ता (Applicant) को अनुरोधमा नियमानुसार खोलिने प्रतीतपत्र Issuing Bank ले आफ्नो Correspondent बैंकमार्फत विदेशस्थित Beneficiary को नाममा स्वीफ्टमार्फत पठाउनु पर्नेछ । यसरी पठाएको प्रतीतपत्र अन्तर्गत प्रतीतपत्र सम्बन्धी कागजातहरू (L/C Documents) Nominated Bank बाट Issuing Bank मा प्राप्त भएपछि नियमानुसार त्यस्ता कागजातहरू प्रतीतपत्रको शर्त अनुसार छ/छैन जाँच गरेपछि मात्र प्रतीतपत्रको Settlement गरी भुक्तानी प्रक्रिया अघि बढाउनु पर्नेछ ।

(ख) यसरी गरिने भुक्तानी प्रकृया Reimbursement Basis मा खोलिएका प्रतीतपत्रमा, Collection basis मा भुक्तानी गरिने गरी खोलिएका प्रतीतपत्रमा र Usance Basis मा खोलिएका प्रतीतपत्रमा फरक फरक हुने भएकोले सोही बमोजिम भुक्तानी प्रकृया पूरा गर्नु पर्नेछ ।

(ग) प्रतीतपत्रको रकम भुक्तानी गर्दा ACU अन्तर्गतका मुलुकहरूमा (भारत बाहेक) ACU को विद्यमान व्यवस्था अनुसार ACU Mechanism अन्तर्गत रही भुक्तानी गर्नु पर्नेछ ।

(घ) विदेशमा भुक्तानी गर्दा Issuing Bank को सम्बन्धित विदेशी मुद्रा अन्तर्गतको Nostro Account बाट Nominated Bank मार्फत Beneficiary को खातामा पठाउने व्यवस्था गर्नु पर्नेछ । Beneficiary लाई सोझै ड्राफ्ट, टी.टी. वा Wire Transfer को माध्यमबाट भुक्तानी गर्न पाइने छैन ।

(ङ) Nominated Bank बाट प्राप्त भएका आयात प्रतीतपत्र सम्बन्धी कागजातहरू (L/C Documents) प्रतीतपत्रको सेटलमेन्ट पछि आयातकर्ताको सामान भारतीय बन्दरगाहबाट छुटाउने प्रयोजनको लागि दरपीठ गरी हस्तान्तरण गर्दा आयातकर्ताको आवश्यकता अनुसार उसैले तोकेको क्लियरिङ्ग एण्ड फरवार्डिङ्ग एजेन्टको नाममा दरपीठ गरी हस्तान्तरण गर्नु पर्नेछ ।

१.१.४ <u>वि.वि.नि. फाराम नं. ४/४(ग) जारी गर्नुपर्ने :</u>

(क) प्रतीतपत्रमार्फत आयात गरिएको सामान तोकिएको भन्सार नाकाबाट नेपाल भित्र्याउनका लागि प्रतीतपत्र खोल्ने बैंकले वि.वि.नि. फाराम नं. ४ (भारतबाट भारतीय रुपैयाँमा हुने आयातको हकमा वि.वि.नि. फाराम नं. ४(ग)) जारी गर्नु पर्नेछ । वि.वि.नि. फाराम नं. ४/४(ग) को नमूना यसै परिपत्रसाथ संलग्न गरिएको छ । उक्त फारामका साथमा बैंकले निम्न अनुसारका कागजातहरू समेत प्रमाणित गरी साथसाथै पठाउनु पर्नेछ :

(१) "Certified True Copy" भनी छाप लगाएर अधिकार प्राप्त अधिकारीले दस्तखत गरेको प्रतीतपत्रको छविचित्र (संशोधन भएको भए सो समेत उल्लेख भएको),

(२) व्यापारिक बीजक (Commercial Invoice),

(३) प्याकिङ्ग लिष्ट (Packing List) (प्रतीतपत्रमा माग गरिएको अवस्थामा मात्र),

(४) उत्पत्तिको प्रमाणपत्र (Certificate of Origin),

(५) ढुवानी सम्बन्धी कागजात (Transport Document),

(६) बीमा सम्बन्धी कागजात (Copy of Insurance Document) .

(ख) वि.वि.नि.फाराम नं. ४/४(ग) तयार गर्नु पर्ने : प्रतीतपत्रको भुक्तानी/स्वीकार गर्दा यसै परिपत्रसाथ संलग्न नमूनाबमोजिमको ४ प्रति वि.वि.नि.फा.नं. ४/४(ग) तयार गरी देहायबमोजिम गर्नु पर्नेछ :

(१) पहिलो र दोश्रो प्रति माथि १.१.४(क) मा उल्लेख गरिएका कागजातहरू सँगै भन्सार कार्यालयमा पठाउने ।

(२) तेस्रो प्रति यस बैंकलाई उपलब्ध गराउने ।

(३) चौथो प्रति कार्यालय प्रयोजनको लागि सम्बन्धित बैंकले राख्ने ।

(४) भन्सार कार्यालयलाई उपलब्ध गराइएका २ प्रति मध्ये १ प्रति सम्बन्धित भन्सार कार्यालयबाट सामान भित्रिएको प्रमाणित भइसकेपछि सम्बन्धित बैंकमा फिर्ता पठाउने व्यवस्था गर्नुपर्ने ।

(५) यसरी पठाएको वि.वि.नि. फाराम नं. ४/४(ग) जारी भएको मितिले ९० दिन सम्म (दफा १.१.५को (च) को (२) को हकमा १२० दिन सम्म) पनि भन्सार कार्यालयबाट (सामान नेपाल भित्रिएको प्रमाण स्वरुप) फिर्ता नआएमा त्यस्ता प्रतीतपत्रको कारोबार गर्ने आयातकर्ताहरूको फेहरिस्त उक्त अवधि समाप्त भएपश्चात् आउने नेपाली महिनाको पहिलो सात दिन भित्र सम्बन्धित बैंकले यस विभागलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) Usance तथा Deferred Payment प्रतीतपत्र अन्तर्गत हुने आयातको हकमा सम्बन्धित बैंकले वि.वि.नि.फा.नं. ४/४(ग) मा पछि गरिने भुक्तानीसम्बन्धी कुरा उल्लेख गरी उक्त फारम भन्सार प्रयोजनको लागि जारी गर्नु पर्ने ।

(७) Usance तथा Deferred Payment प्रतीतपत्रको भुक्तानी सामान भित्रिएको निश्चित समयपछि मात्र गरिने हुँदा त्यस्तो भुक्तानीको हकमा वि.वि.नि.फा.नं. ४ (घ) को थप व्यवस्था गरिएकोले भुक्तानी गरेपछि संलग्न नमूना बमोजिमको वि.वि. नि.फा.नं. ४(घ) भरेर नियमित रुपमा यस विभागमा पठाउनु पर्ने ।

१.१.५ <u>धरौटी सम्बन्धी व्यवस्था :</u>

(क) वस्तु आयात (भारतबाट समेत) प्रतीतपत्रमा बैंकहरूले आयातकर्ताबाट धरौटी लिँदा देहाय बमोजिम लिन सक्नेछन् :

(१) आयातकर्ताबाट सोझै नगद जम्मा लिएर ।

(२) आयातकर्ताको निक्षेप खाता/ओभर ड्राफ्ट खाता खर्च गरी वा ओभरड्राफ्ट लिमिट एयर मार्क गरी ।

(३) नेपाल सरकारबाट जारी भएका राष्ट्रिय बचतपत्र, राष्ट्र ऋणपत्र र ट्रेजरी बिल जस्ता उपकरणहरू धितो राखेर ।

(४) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको मान्य हुने ऋणपत्र तथा वण्ड र त्यस्ता संस्थाहरूको मुद्दती रसिद धितो राखेर ।

उपर्युक्तबमोजिम लिइने धरौटी रकम बैंकहरूले प्रतीतपत्र खोल्दा लिने गरेको सुरक्षण मार्जिनको अतिरिक्त हुनेछ ।

(ख) काठमाडौ उपत्यकास्थित प्रतीतपत्र कारोबार गर्ने बैंकका केन्द्रीय कार्यालय लगायत सबै शाखा कार्यालयहरूले यस बैंकको बैंकिङ विभागमा खोलिएका तत्-तत् बैंकहरूको केन्द्रीय कार्यालयको मुख्य खाताबाट प्रतीतपत्रको धरौटी सम्बन्धी कारोबार गर्नु पर्नेछ ।

(ग) काठमाडौ उपत्यका बाहिरका बैंक शाखा/कार्यालयहरूले आ-आफ्नो क्षेत्रस्थित यस बैंकका प्रदेशस्थित कार्यालयहरूमा खोलेका मुख्य खाताबाटै प्रतीतपत्रको धरौटी सम्बन्धी कारोबार गर्नु पर्नेछ ।

(घ) प्रतीतपत्र कारोबार गर्ने बैंकका कार्यालयहरूलाई आधिकारिक मागका आधारमा यस बैंकको सम्बन्धित कार्यालयबाट छुट्टाछुट्टै चेकबुक उपलब्ध गराइनेछ ।

(ङ) उद्योगहरूद्वारा प्रतीतपत्र मार्फत गर्ने आयातको हकमा Nominated Bank बाट प्रतीतपत्रका कागजातहरू प्राप्त भएपछि प्रतीतपत्रका कागजातमा उल्लिखित रकमको २ (दुई) प्रतिशत रकम सम्बन्धित बैंकले धरौटीबापत लिनु पर्नेछ । यसरी धरौटी लिएर मात्र वि.वि.नि.फा.नं. ४/४(ग) जारी गर्नु पर्नेछ । Sight/Usance/Deferred Payment जुनसुकै

प्रकारको प्रतीतपत्र भएतापनि यही व्यवस्था लागू हुनेछ । आयातकर्ता उद्योगले चाहेमा उक्त धरौटी रकम बराबरको एकाउण्टपेयी चेक प्रतीतपत्रमा उल्लेख गरिएको भन्सार कार्यालयको नाममा जारी गर्न सकिनेछ। यसरी जारी भएको चेक माथि दफा १.१.५ को (ख) र (ग) मा व्यवस्था भए बमोजिमका खाताबाट खर्च गर्नु पर्नेछ । तर निम्न कागजात संलग्न भई आएको अवस्थामा भने धरौटी लिनु नपर्ने व्यवस्था गरिएको छ ।

(१) नेपाल सरकार भन्सार विभागले सम्बन्धित आयातकर्ताको नाममा जारी गरेको वण्डेड वेयरहाउसको प्रमाणपत्र (त्यस्तो प्रमाणपत्रको म्याद गुज्रेको अवस्थामा नवीकरण गरिएको हुनुपर्नेछ) ।

(२) आयात गरेको मालसामान छुटाउन नेपाल सरकारको सम्बन्धित भन्सार कार्यालयको नाममा जारी गरिएको बैंक ग्यारेण्टीको प्रतिलिपि ।

(च) व्यापारिक फर्मद्वारा प्रतीतपत्रमार्फत गरिने आयातको हकमा प्रतीतपत्र अन्तर्गत भुक्तानी पठाउनु अघि प्रतीतपत्र रकम (डकुमेन्ट भ्यालु) को १० प्रतिशत रकम धरौटीको रुपमा लिएर मात्र वि.वि.नि.फा.नं. ४/४(ग) जारी गर्नु पर्नेछ । तर, व्यापारिक फर्मबाट लिइने यसप्रकारको धरौटी लिने समय भने प्रतीतपत्रमा उल्लिखित भुक्तानीको शर्त (Payment Terms) अनुसार फरक पर्न सक्नेछ । साथै, स्वास्थ्य सेवा विभागले सिफारिस गरेका कोभिड-१९ संक्रमणसँग सम्बन्धित औषधिजन्य सामग्रीहरु तथा स्वास्थ्य उपकरणहरु (Medical Supplies and Medical Equipments) को प्रतीतपत्रको माध्यमबाट पैठारी गर्दा धरौटी रकम आवश्यक पर्ने छैन ।

(१) प्रतीतपत्र अन्तर्गत कुनै Document Collection को आधारमा प्राप्त हुन आएमा वा Negotiate भई आएमा समेत प्रतीतपत्र जारी गर्ने बैंकले Document प्राप्त भएपछि कागजात छुटाउने (Document Release) बखतमा रकम भुक्तानी गर्नु अघि Document Value को १० (दश) प्रतिशत धरौटीको रुपमा लिई वि.वि.नि.फा.नं. ४/४(ग) जारी गर्नु पर्नेछ ।

(२) प्रतीतपत्रमा भुक्तानीका शर्तहरू T.T. Reimbursement basis भएको खण्डमा प्रतीतपत्र खोलिने रकमको (Tolerance भएमा सो समेत) १० प्रतिशत धरौटी रकम लिएर मात्र प्रतीतपत्र जारी गर्नु पर्नेछ। यस व्यवस्था अन्तर्गत जारी भएका वि.वि.नि.फा.नं. ४/४(ग) सम्बन्धित भन्सार कार्यालयबाट प्रमाणित भई बैंकमा बुझाउनु पर्ने म्याद १२० दिन कायम हुनेछ ।

(३) खण्ड (च) को (१) र (२) अनुसार लिएका १० प्रतिशत धरौटी रकम आयातकर्ताले चाहेमा प्रतीतपत्रमा उल्लिखित भन्सार कार्यालयका नाममा एकाउण्टपेयी चेक माथि खण्ड (ख) र (ग) मा व्यवस्था भएका खाताहरूबाट खर्च हुने गरी जारी गर्नु पर्नेछ ।

(४) यसरी जारी गरिएको प्रत्येक चेकको पछाडि देहाय बमोजिमका कुराहरू प्रष्टरुपमा उल्लेख गर्नु पर्नेछ ।

(अ) प्रतीतपत्र नम्बर,

(आ) आयातकर्ताको नाम,

(इ) व्यापारिक बीजक नम्बर,

(ई) बीजकमा उल्लिखित विदेशी मुद्रा रकम,

(उ) निर्यातकर्ताको नाम,

(ऊ) वि.वि.नि.फा.नं. ४/४(ग) को सिरियल नं. ।

उपर्युक्तानुसार आयातकर्ताले बुझाउनु पर्ने भन्सार महशुल लगायत अन्य राजस्व रकमको प्रयोजनको लागि समेत उक्त चेकको रकम प्रयोग गर्न सकिनेछ ।

(छ) माथि दफा १.१.५ को (ङ) र (च) मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित बैंकले Complying Presentation को आधारमा उल्लिखित म्यादभित्र भुक्तानी गरेपश्चात् आयातकर्ताले Document छुटाउन नआएको वा आयातकर्ताले बैंकलाई भुक्तानी दिई नसकेको अवस्थामा पनि वि.वि.नि.फा.नं. ४/४(ग) अनिवार्यरुपले जारी गर्नु पर्नेछ ।

(ज) उपर्युक्त अनुसार जारी भएका धरौटी रकमका चेकहरू सम्बन्धित भन्सार कार्यालय मार्फत यस बैंकको बैकिङ विभागलगायत प्रदेशस्थित कार्यालयहरूमा प्राप्त भएपछि ती चेकहरू (तल खण्ड (ञ) अनुरुप रित नपुगेका समेत) आफ्नै कार्यालयमा रहेको खाताको भए सोही खाता खर्च गरी र अन्य कार्यालयको भए बिल खरिदका माध्यमबाट भन्सार कार्यालयलाई तत्काल भुक्तानी दिई प्रचलित व्यवस्था बमोजिम हिसाव मिलान गर्नु पर्नेछ ।

(झ) भन्सार कार्यालयको नाममा चेक जारी गरे पछि सम्बन्धित बैंकले यस बैंकको बैकिङ विभाग वा प्रदेशस्थित कार्यालयमा रहेका मुख्य खातामा पर्याप्त रकम राख्नु पर्दछ । भन्सारबाट प्राप्त चेकहरूबापत खर्च लेख्दा खातामा पर्याप्त मौज्दात नभएमा नपुग रकममा रु. १,०००।- वा बैंकदरमा थप २ प्रतिशतका दरले लगाइने ब्याजमध्ये जुन बढी हुन्छ सो रकम हर्जाना लगाइने छ ।

(ञ) भन्सार कार्यालयका नाममा जारी गरिने यस्ता चेकहरूमा Protectograph, मिति, जारी गर्ने बैंकको नाम, ठेगाना लगायत चेक तयार गर्दा नियमानुसारका सबै रीत पुऱ्याई जारी गर्नु पर्नेछ । कथम्कदाचित रीत नपुऱ्याई जारी भएको अवस्था देखिएमा जे जस्तो अवस्थाको भएपनि सम्बन्धित बैंकको खाता खर्च गरी भन्सार कार्यालयलाई भुक्तानी दिने व्यवस्था गर्नु पर्ने भएकोले यसबाट पर्न जाने नकारात्मक प्रभावको जिम्मेवारी चेक जारी गर्ने सम्बन्धित बैंककै हुनेछ । साथै, कुनै बैंकले यस्तो चेक जारी गर्दा उल्लिखित रीत नपुऱ्याएको अवस्थामा रीत नपुगेको प्रत्येक चेकको लागि रु. ५००।- का दरले हर्जाना लगाइनेछ ।

(ट) यदि कुनै आयातित मालसामानमा लाग्ने सम्पूर्ण भन्सार महसूल आयातित वस्तुको मूल्यको १० (दश) प्रतिशत भन्दा कम भएको कारण १० (दश) प्रतिशत बराबर रकमको चेक जारी गर्न उपयुक्त नहुने व्यहोराको निवेदन आयातकर्ताबाट प्राप्त भएमा उक्त निवेदनमा उल्लेख गरे अनुसारको प्रतिशतले हुने रकम बराबरको चेक जारी गर्ने र बाँकी रकम धरौटीको रूपमा लिई वि.वि.नि.फा.नं. ४/४(ग) जारी गर्नु पर्नेछ । उपर्युक्त धरौटी रकम सम्बन्धित बैंकले फिर्ता दिन सक्नेछ । यस्तो रकम फिर्ता दिनुअघि सम्बन्धित बैंकले देहायका कागजातहरू प्राप्त गरेको हुनुपर्ने छ :

(१) भन्सार कार्यालयबाट दरपीठ भई आएको वि.वि.नि.फा.नं. ४/४(ग) को सक्कलप्रति,

(२) प्रज्ञापनपत्रको प्रतिलिपि,

(३) राजस्व तिरेको रसिद,

कथम्कदाचित धरौटी बापतको चेकहरू रद्द गर्नु परेमा निम्न कागजात हेरी जाँची सम्बन्धित बैंक आफैले रद्द गर्न सक्नेछ ।

(अ) आयात भन्सार प्रज्ञापनपत्र ।

(आ) राजस्व बापत रकम बुझाएको निस्सा ।

(इ) सम्बन्धित भन्सार कार्यालयबाट प्रमाणित भई आएको वि.वि.नि.फा.नं. ४/४(ग)

(ठ) व्यापारिक फर्म र औद्योगिक फर्मबाहेक निम्न प्रतीतपत्रहरूमा माथि उल्लेख भएबमोजिम धरौटी लिनु नपर्ने व्यवस्था गरिएको छ ।

(१) परिवर्त्य विदेशी मुद्रामा खाता भएका खातावालाले सो खाता खर्च हुने गरी खोलेका प्रतीतपत्रहरू,

(२) कुटनीतिक सुविधा प्राप्त निकायले खोलेका प्रतीतपत्रहरू,

(३) नेपाल सरकार वा नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त संस्थानहरू तथा नेपाल सरकारबाट धरौटी लिनु नपर्ने वा भन्सार छुट हुने भनी उल्लेख भएका निकायहरुले खोलेका प्रतीतपत्रहरु,

(४) विदेशी ऋण, सहयोग र सहायता अन्तर्गत विदेशबाटै शोधभर्ना (Reimbursement) हुने गरी खोलिएका प्रतीतपत्रहरू ।

(ड) प्रतीतपत्र खोल्ने बैंकको शाखा कार्यालयबाट जारी भइसकेको वि.वि.नि.फा.नं. ४/४(ग) निर्धारित समयभित्र फिर्ता आए/नआएको र धरौटी बापत जारी चेकहरू भुक्तानी भए/नभएको बारे सम्बन्धित कार्यालयले नियमित रूपले अनुगमन गर्नु पर्नेछ । चेक जारी भएको मितिले बढीमा ९० (नब्बे) दिनभित्र (माथि खण्ड (च) को (२) मा उल्लेख भएको हकमा १२० दिनभित्र) पनि कुनै चेकको भुक्तानी नभएको देखिन आएमा त्यस्ता चेक सम्बन्धी सम्पूर्ण विवरण उक्त ९० अथवा १२० दिनको म्याद समाप्त भए पश्चात् आउने महिनाको पहिलो सात दिनभित्र यस विभागलाई जानकारी गराउनु पर्नेछ । यस सम्बन्धी तोकिएका कुनै फाराम निर्धारित समयभित्र नआएमा सोको जानकारी समेत यस विभागलाई दिनु पर्नेछ ।

(ढ) भन्सार कार्यालयको नाममा जारी गरिएका धरौटी बापतका चेक म्यादभित्र प्रयोग हुन नसकी म्याद थप गर्न आएमा सम्बन्धित बैंक आफैले त्यस्ता चेकको म्याद थप गर्न सक्ने अथवा उक्त चेकको सक्कल नै फिर्ता लिई सोको सट्टामा नयाँ चेक जारी गर्न समेत सकिनेछ ।

(ण) प्रतीतपत्र नखोली Draft /T.T./DAP/DAA को माध्यमबाट आयात गर्दा (भारतबाट समेत) लिइने २ प्रतिशत वा १० प्रतिशत धरौटीको सम्बन्धमा पनि चेक सम्बन्धी माथि उल्लिखित व्यवस्था लागू हुनेछ । चेकको पछाडि विवरण भर्दा प्रतीतपत्र नम्बरको सट्टा Draft /T.T. Reference/DAP/DAA नम्बर उल्लेख गर्नु पर्नेछ ।

(त) कुनै पनि आयात प्रतीतपत्रको लागि स्थायी सीमा (Permanent Limit) स्वीकृत गराई कारोबार गर्ने उद्योगी/व्यवसायीले चाहेमा आवश्यक धरौटी बराबरको रकम स्वीकृत कोषमा आधारित सीमा (Funded Limit) को ओभरड्राफ्टलाई एयरमार्क गरेर पनि वि.वि.नि.फा.नं. ४/४(ग) जारी गर्न सक्नेछन् ।

(थ) रासायनिक मलको आयातमा निजी क्षेत्रलाई समेत सहभागिता गराउने व्यवस्था भएकोले सो प्रयोजनको लागि रासायनिक मलको Specification अनुसार आयात प्रतीतपत्र खोल्नुपर्नेछ र सो प्रतीतपत्रको १ (एक) प्रति नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाउनु पर्नेछ । कुनै आयातकर्ताले प्रतीतपत्र मार्फत रासायनिक मल आयात गर्न चाहेमा सम्बन्धित बैंक आफैले देहायबमोजिम प्रचलित व्यवस्था अन्तर्गत रही प्रतीतपत्र खोल्न सक्नेछ ।

(१) रासायनिक मलको आयात मूल्यको २ प्रतिशतले हुने रकम बराबरको नगद वा बचतपत्र वा विकास ऋणपत्र वा सम्बन्धित बैंकलाई मान्य हुने सुरक्षणपत्र धरौटीको रूपमा राखी प्रतीतपत्र खोल्न सकिनेछ ।

माथि खण्ड (ङ) मा उल्लिखित २% र खण्ड (च) मा उल्लिखित १०% धरौटी सम्बन्धी व्यवस्था रासायनिक मल आयातको हकमा लागू हुने छैन ।

(२) रासायनिक मलको आयात प्रतीतपत्र खोलिसकेपछि प्रतीतपत्र रकम बराबरको मल आयात नभएमा सम्बन्धित बैंकले धरौटी रोक्का गरी ७ (सात) कार्य दिनभित्र यस विभागलाई अनिवार्य रूपमा जानकारी गराउनु पर्नेछ । साथै, त्यस्तो रोक्का रहेको धरौटी रकम फुकुवा गर्न निवेदकबाट निवेदन प्राप्त भएमा प्रचलित व्यवस्थाबमोजिम प्रतीतपत्र राफसाफ गरी तथा नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिस समेतको आधारमा फुकुवा गर्न सकिनेछ ।

(३) बैंक ग्यारेन्टीको आधारमा रासायनिक मल आयात गर्नुपरेमा भने यस बैंकको स्वीकृति अनिवार्य रुपमा लिनुपर्ने छ ।

तर, अन्य आयातका माध्यम (ड्राफ्ट/टी.टी., SBLC, DAP, DAA आदि) बाट रासायनिक मल आयात गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन । यस्तो माध्यमबाट आयात गर्दा समेत सोको जानकारी नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाउनु पर्ने, बुँदा (१) बमोजिमको धरौटी, बुँदा (२) बमोजिमको धरौटी रोक्का, आयातको माध्यमको प्रकृति अनुसारको आयातको सीमा सम्बन्धी व्यवस्थाहरु पालना हुनु पर्नेछ ।

(द) विद्युतीय भुक्तानी प्रणाली लागू भई विद्युतीय माध्यमबाट मात्र भन्सार राजस्व लिने व्यवस्था भएका भन्सार कार्यालयहरुमार्फत् हुने आयातको हकमा खण्ड (ङ) र (च) मा उल्लेख भएको चेक जारी गर्न पाइने छैन । तर, उल्लिखित धरौटी रकम भने लिनु पर्नेछ ।

१.१.६ <u>आयात प्रतीतपत्र सम्बन्धी अन्य अनिवार्य व्यवस्थाहरू :</u>

(क) प्रतीतपत्र खोलेको मितिभन्दा अघि ढुवानीकर्ता (Transporter) बाट जारी भएको ढुवानी सम्बन्धी कागजात (Transport Documents) को आधारमा बैंकले प्रतीतपत्रको भुक्तानी दिन तथा सो प्रतीतपत्रसँग सम्बन्धित अन्य कामकारवाही गर्नुपरेमा Uniform Customs & Practice for Documentary Credit UCP 600 अन्तर्गत रही आयात गरिने सामान भन्सार विन्दुमा आई पुगिनसकेको भनी सम्बन्धित आयातकर्ताले स्वघोषणा गरेको कागजात सहित प्रतीतपत्र संशोधन गरिदिन निवेदन गरेमा सो बमोजिम संशोधन गर्न सकिनेछ । भारतबाट सामान ढुवानी हुने गरी खोलिएको प्रतीतपत्रको हकमा त्यस्तो Declaration आवश्यक पर्ने छैन ।

(ख) दफा १.१.६ को (क) मा उल्लिखित ढुवानी सम्बन्धी कागजात (Transport Document) जारी भएको मितिभन्दा ६० (साठ्ठी) दिनपछि सम्बन्धित बैंकमा प्राप्त हुन आएमा त्यस्ता प्रतीतपत्रको छुट्टै विवरण मासिक रूपमा यस विभागमा पठाउनु पर्नेछ ।

(ग) भन्सार कार्यालयबाट वि.वि.नि.फा.नं.४/४(ग) प्राप्त भएपछि सम्बन्धित बैंकले प्रज्ञापन पत्र र भन्सार रसिदको छविचित्र सक्कल प्रतिसँग रुजु गरी प्रमाणित गरी राख्नु पर्नेछ ।

(घ) आयातकर्ताले बैंकसँग प्रतीतपत्र सम्बन्धी कारोबार गर्दा सम्बन्धित फर्म वा कम्पनीको नाममा खोलिएको खाताबाट मात्र गर्नु पर्नेछ । फर्म वा कम्पनीको नाममा खाता खोल्दा सम्बन्धित फर्म वा कम्पनीको अधिकारप्राप्त अधिकारी स्वयम् उपस्थित भई गरेको दस्तखत सम्बन्धित बैंकका अधिकृतबाट सनाखत गरी प्रमाणित गर्नु पर्नेछ ।

(ङ) खाता खोल्दा आवश्यक पर्ने कागजातका प्रतिलिपिहरूलाई सम्बन्धित बैंकको अधिकृतले सक्कल कागजातसँग हेरी प्रमाणित गर्नु पर्नेछ ।

(च) प्रतीतपत्र खोल्नको लागि आवश्यक पर्ने निम्न कागजातका प्रतिलिपिहरू प्रत्येक आर्थिक वर्षमा एकपटक सम्बन्धित बैंकका अधिकृतले सक्कल हेरी प्रमाणित गरी फाइलमा सुरक्षित राख्नु पर्नेछ :

(१) अद्यावधिक भएको फर्मको दर्ता प्रमाणपत्र वा कम्पनी दर्ता प्रमाणपत्र,

(२) आयकर तथा Exim Code दर्ता प्रमाणपत्र,

(३) फर्म/कम्पनीका सञ्चालकहरूको नागरिकताको प्रमाणपत्र/राहदानी,

(४) अधिकारप्राप्त व्यक्तिको नागरिकताको प्रमाणपत्र/राहदानी ।

(छ) बैंकमा प्रतीतपत्र खोल्ने फर्म वा कम्पनीले आफ्नो तर्फबाट काम गर्न कसैलाई अख्तियारी दिँदा फर्म वा कम्पनीका प्रोप्राइटर वा संचालक वा कार्यकारी प्रमुख जस्ता आधिकारिक व्यक्ति स्वयम् उपस्थित भई सही गरी अख्तियारी दिने र अख्तियारी पाउने व्यक्तिको बास्तविक

पहिचान (नाम, थर, ठेगाना, निजसँगको सम्बन्ध, टेलिफोन नम्बर, Fax नम्बर तथा नागरिकताको प्रमाणित प्रतिलिपि) बैंकलाई उपलव्ध गराउनु पर्नेछ। तर, नेपाल सरकार, नेपाल सरकारको स्वामित्व रहेको संस्था वा पब्लिक लिमिटेड कम्पनीको हकमा अधिकार प्राप्त अधिकारीले प्रमाणित गरेको अख्तियारी भए पुग्ने भएकोले यो दफा र दफा १.१.६ को (घ) लागू हुने छैन।

(ज) माथि दफा १.१.६ को (छ) बमोजिम अख्तियारी दिंदा अख्तियारी पाउने व्यक्तिले गरेको काम कारवाहीको सम्पूर्ण जिम्मेवारी अख्तियारी दिने व्यक्ति/पदाधिकारी समेतको हुने व्यहोराको लिखत गराउनु पर्नेछ।

(झ) सम्बन्धित बैंकले प्रचलित निर्देशनको अधीनमा रही अरू कसैको जमानतमा प्रतीतपत्र खोल्दा प्रतीतपत्रमा उल्लिखित सामान आयात नभई विदेशी मुद्रा अपचलन भएमा वा राजस्व चुहावट भएमा प्रतीतपत्र खोल्ने निवेदनसँगै त्यस्तो जमानी दिने व्यक्ति फर्म वा कम्पनी समेत पूर्ण जिम्मेवारी हुने व्यहोराको कागज गराउनु पर्नेछ।

(ञ) सम्बन्धित भन्सार कार्यालयबाट फिर्ता प्राप्त भएको वि.वि.नि.फा.नं. ४/४(ग) को प्रमाणिकता यकीन गर्न भन्सार अधिकृतहरूको अद्यावधिक दस्तखत नमूना भन्सार कार्यालयले अनिवार्य रूपमा बैंकहरूलाई उपलब्ध गराउनु पर्नेछ।

(ट) बैंकले जारी गर्ने वि.वि.नि.फा.नं. ४/४(ग) को प्रमाणिकता यकीन गर्न बैंकका अधिकृतहरूको अद्यावधिक दस्तखत नमूना बैंकले भन्सार कार्यालयहरूमा अनिवार्यरूपमा उपलब्ध गराउनु पर्नेछ।

(ठ) वि.वि.नि.फा.नं. ४/४(ग) लगायत प्रमाणित गर्नुपर्ने सबै कागजात प्रमाणित गर्दा सम्बन्धित अधिकृतको दस्तखत नमूना अनुरूपकै दस्तखत गरी प्रमाणित गर्नु पर्नेछ।

(ड) वि.वि.नि.फा.नं. ४/४(ग) जारी गर्दा र फिर्ता पठाउँदा निम्नानुसारको व्यवस्था गर्नु पर्नेछ :

  (१) बैंक र भन्सारबीच कागजात आदान प्रदान गर्दा सुरक्षित तथा भरपर्दो विधि प्रयोग गर्नु पर्नेछ।
  
  (२) बैंकले वि.वि.नि.फा.नं. ४/४(ग) जारी गर्दा प्रत्येक भन्सार विन्दुपिच्छे अलगअलग फाइल खडा गरी सोही फाइलबाट सिलसिला मिलाई सिरियल नम्बर राख्नु पर्नेछ।
  
  (३) भन्सार कार्यालयले पनि वि.वि.नि.फा.नं. ४/४(ग) प्रमाणित गरी बैंकमा पठाउँदा बैंकको शाखा अनुसार अलग अलग फाइल खडा गरी सोही फाइलबाट सिलसिला मिलाई सिरियल नम्बर राख्नु पर्नेछ।
  
  (४) भन्सार कार्यालयले माथि खण्ड ड (३) अनुसार राखिएको अभिलेखको प्रतिलिपि १५/१५ दिनमा सम्बन्धित बैंकको शाखामा अनिवार्यरूपले पठाउनु पर्नेछ।
  
  (५) भन्सार कार्यालयबाट अभिलेख प्राप्त भएपछि सम्बन्धित बैंकले आफ्नो अभिलेख (सिरियल नम्बर र रकम) सँग भिडाउनु पर्नेछ र नभिडेमा अबिलम्ब सोको जानकारी यस बैंकलाई दिनु पर्नेछ।

(ढ) सम्बन्धित बैंकले मूलप्रतिको अभावमा प्रतिलिपि कागजात (Copy Document) को आधारमा वि.वि.नि.फा.नं. ४/४(ग) जारी गर्नुपर्ने भएमा आयातकर्ताबाट प्रतीतपत्रमा उल्लिखित सम्पूर्ण कागजातको प्रतिलिपि प्राप्त गरी तिनलाई प्रतीतपत्रसँग Cross Verify गरी उचित लागेमा त्यस्ता कागजातमा दरपीठ गरी आयातित वस्तुको मूल्य बराबरको रकम लिएर मात्र वि.वि.नि.फा.नं. ४/४(ग) जारी गर्नुपर्ने छ। निर्यातकर्तालाई भुक्तानी पठाउँदा भने निर्यातकर्ताको बैंकबाट प्राप्त आधिकारिक कागजातहरूको आधारमा मात्र पठाउन पाइनेछ। पछि भुक्तान हुने गरी खोलिएको प्रतीतपत्र (Usance L/C) को हकमा भने आयातित मालसामान को मूल्य बराबरको रकम लिनुपर्ने व्यवस्था लागू हुने छैन।

(ण) Copy Document को आधारमा वि.वि.नि.फा.नं. ४/४(ग) जारी भएको मितिले **६० दिनभित्र** Original Document पेश भइसक्नु पर्नेछ । अन्यथा सोही आयातकर्तालाई पुनः Copy Document को आधारमा वि.वि.नि.फा.नं. ४/४(ग) जारी गर्न मिल्ने छैन । यस्तो म्याद भित्र Original Document पेश नभएको अवस्थामा उक्त म्याद नाघेको १५ दिनभित्र यस विभागलाई जानकारी गराउनु पर्नेछ ।

(त) Original Document प्राप्त भएपछि Copy Document सँग रुजु (Verify) गर्नुपर्ने र फरक भएको पाइएमा Original Document प्राप्त गरेको मितिबाट १५ दिनभित्र त्यस्ता विषयहरू यस बैंकलाई जानकारी गराउनु पर्नेछ ।

(थ) सामान्यतया Red Clause राखी प्रतीतपत्र खोल्न पाइने छैन । तर, आफ्नै परिवर्त्य विदेशी मुद्रा खाता रहेका आयातकर्ताले प्रतीतपत्रको माध्यमबाट वस्तु सँगसँगै सेवा पनि आयात गर्नु पर्ने अवस्थामा त्यस्तो परिवर्त्य विदेशी मुद्राको खातामा रहेको मौज्दातबाट अग्रिम भुक्तानी पठाउन सक्नेछन् । यसरी आयात गरिने सेवाको अंश भने कुल प्रतीतपत्र मूल्यको १० प्रतिशत भन्दा बढी हुनुहुने छैन । यस्तो अवस्थामा सम्बन्धित बैंकले भुक्तानी भए अनुरूपको वस्तु/सेवा आयात भए/नभएको बारेमा अनिवार्य रूपमा अनुगमन गर्नु पर्नेछ र तोकिएको समयभित्र उक्त वस्तु/सेवा आयात भएको नपाइएमा अनिवार्य रूपमा यस विभागलाई जानकारी दिनु पर्नेछ । तर, सेवा आयात गर्दा औचित्यताको आधारमा कुल सेवा आयातको बढीमा १० प्रतिशतसम्म अग्रिम भुक्तानी पठाउन सकिनेछ ।

(द) माथि उल्लेख भएको अवस्था बाहेक माल वस्तु आयात गर्न प्रचलित व्यवस्था बमोजिम खोलिएका प्रतीतपत्र अन्तर्गत अग्रिम भुक्तानी पठाउनु परेको खण्डमा देहायमा उल्लिखित शर्तहरूको अधीनमा रही त्यस्तो अग्रिम भुक्तानी पठाउन सकिने छ ।

(१) त्यस्तो अग्रिम भुक्तानी गर्नु परेमा सामान्यतया Beneficiary को तर्फबाट भुक्तानी पठाइने रकम बराबरको बैंक ग्यारेण्टी उपलब्ध गराउनु पर्नेछ ।

(२) Beneficiary ले त्यस्तो बैंक ग्यारेण्टी उपलब्ध गराउन नसक्ने अवस्था भएमा प्रचलित व्यवस्था बमोजिम टी.टी. को सीमासम्मको रकम अग्रिम भुक्तानी पठाउन सकिनेछ । तर सो सीमाभन्दा बढी रकम पठाउनु पर्ने भएमा L/C Value को थप १० (दश) प्रतिशत धरौटी लिई बढीमा L/C Value को ५० प्रतिशतसम्म पठाउन सकिनेछ ।

(३) काम सम्पन्न भएको प्रमाणको आधारमा ड्राफ्ट, टी.टी. र प्रतीतपत्र जारी गर्ने बैंकले नै यस्तो धरौटी रकम फुकुवा गर्न सक्नेछ ।

(४) काम सम्पन्न भएको निस्सा पेश गर्नुपर्ने समयावधि बढीमा ६ (छ) महिना कायम गर्नु पर्नेछ । तर, जलविद्युत लगायत व्यवसायिक कृषि, उत्पादनमूलक उद्योग, पूर्वाधार निर्माण र पर्यटन क्षेत्रको हकमा भने यस्तो निस्सा पेश गर्ने समयावधि ६ महिना भन्दा बढी लाग्ने अवस्था देखिएमा सो अवधि बैंकहरू आफैले निर्धारण गर्न सक्नेछन् ।

(५) तोकिएको समयावधिभित्र काम सम्पन्न गरी सोको निस्सा पेश नगरेको खण्डमा उक्त कार्यबाट विदेशी मुद्रा अपचलन भएको मानिने छ । यस्तो अवस्थामा प्रतीतपत्र जारी गर्ने बैंकले त्यस्तो प्रतीतपत्र सम्बन्धी विवरण उक्त म्याद समाप्त भए पश्चात् आउने महिनाको पहिलो ७ (सात) दिनभित्र यस विभागलाई जानकारी गराउनु पर्नेछ । यस सम्बन्धी थप कारवाही प्रचलित कानुन बमोजिम गरिने छ ।

(६) उपर्युक्त बमोजिमको व्यवस्था बाहेक अन्य अवस्था सिर्जना भएमा यस विभागको स्वीकृति लिनु पर्नेछ ।

(ध) कम्पनी बाहेक अन्य फर्मको हकमा दर्ता प्रमाणपत्रमा उल्लिखित पुँजीको २० (बीस) गुणाभन्दा बढी रकमको प्रतीतपत्र दायित्व बाँकी रहने गरी प्रतीतपत्र खोल्न पाइने छैन ।

(न) आयातित मालसामानको उत्पत्तिको प्रमाणपत्र (Certificate of Origin) चेम्बर अफ कमर्स, सरकारी कार्यालय, सम्बन्धित संघ संस्था जस्ता अधिकार प्राप्त सम्बन्धित निकायबाट जारी भएको हुनुपर्ने छ। तर, आयातकर्ताले मन्जुरी गरेमा निर्यातकर्ताले जारी गरेको उत्पत्तिको प्रमाणपत्र (Certificate of Origin) पनि मान्य हुनेछ।

(प) बैंकले कुनै फर्म/कम्पनीसँग पहिलो पटक प्रतीतपत्र कारोबार गर्दा त्यस्तो फर्मको व्यापारिक हैसियत, अनुभव, फर्म वा कार्यालय रहेको स्थान, फोन नम्बर, फ्याक्स (Fax) नम्बर, हिस्सेदारहरू तथा सञ्चालकहरूको विश्वसनियताको सम्बन्धमा विस्तृत जानकारी लिएर मात्र कारोबार गर्नु पर्नेछ।

(फ) प्रत्येक बैंकले प्रतीतपत्र कारोबार गर्ने आफ्ना कार्यालयहरूको वार्षिक रुपमा आर्थिक वर्ष समाप्त भएको ९० दिन भित्रमा आन्तरिक लेखा परीक्षण गरी सोको प्रतिवेदन यस विभागमा पठाउनु पर्नेछ।

(ब) आयात हुने मालसामानहरू (जस्तैः औद्योगिक फर्म/कम्पनीहरूले आयात गर्ने मेशिनरी तथा औजारहरू आदि) को सूची लामो भएको कारणले सम्पूर्ण वस्तुहरू प्रतीतपत्रमा खुलाउन व्यवहारिक दृष्टिकोणले नसकिने भएमा प्रचलित व्यवस्था अनुसार उक्त प्रतीतपत्रसँग सम्बन्धित वि.वि.नि.फा.नं. ३ एवम् प्रतीतपत्रको विवरण सम्बन्धित निकायमा पठाउँदा अनिवार्य रूपले जुन Proforma Invoice को आधारमा प्रतीतपत्र खोलिएको हो सो Proforma Invoice मा सम्बन्धित बैंकले आफूले खोलेको प्रतीतपत्र नम्बर समेत उल्लेख गरी उक्त Proforma Invoice को प्रमाणित प्रति संलग्न गर्नु पर्नेछ।

(भ) यस सम्बन्धमा हार्मोनिक कोड नम्बर उल्लेख गर्दा नेपाल सरकार, भन्सार विभागले प्रकाशित गर्ने भन्सार महशुल दरबन्दी किताबमा उल्लेख गरे अनुरुपको कोड नं. अनिवार्यरूपले Proforma Invoice तथा प्रतीतपत्रमा समेत उल्लेख गर्नुपर्नेछ।

(म) तेस्रो मुलुकको बैंकबाट Advise हुने गरी खोलिएको प्रतीतपत्र मार्फत् भारतबाट सामान Shipment गर्न तथा त्यस्तो आयातको भुक्तानी भारतमा गर्न पाइने छैन। तर बहुराष्ट्रिय कम्पनीहरूको भारतस्थित कार्यालयको नाममा प्रचलित व्यवस्था अन्तर्गत प्रतीतपत्र खोली तेस्रो मुलुकमा निर्मित वस्तुहरू तेस्रो मुलुकबाट Shipment भएको आधारमा हुने आयातको भुक्तानी भारतमा समेत परिवर्त्य विदेशी मुद्रा वा भारतीय रुपैयाँमा गर्न सकिनेछ।

(य) Transferable L/C अन्तर्गत जुन पार्टीको नाममा L/C लाई Transfer गरिने हो उक्त पार्टीको नाम L/C मा स्पष्ट उल्लेख गर्नु पर्ने छ। साथै अमेरिकी डलर ५० (पचास) हजार वा सो भन्दा बढी मूल्यको Transferable L/C को हकमा Transferee Party को तल १.१.११ मा उल्लेख भए अनुसारको सन्तोषजनक व्यापारिक साख सूचना (Business Credibility Information Report) लिएर मात्र L/C खोल्न अथवा संशोधन गर्न पाइनेछ।

(र) कुनै आयोजना विशेषको निमित्त दुई वा दुई भन्दा बढी फर्म अथवा कम्पनी मिलेर Joint Venture (J/V) स्थापना गरेको अवस्थामा उक्त J/V नेपाल सरकारको कुनै आधिकारिक निकायमा दर्ता हुनुपर्ने अनिवार्य व्यवस्था नभएको यथार्थलाई मध्यनजर राख्दै त्यस्तो J/V ले आयोजनाको निमित्त प्रतीतपत्र खोल्न अनुरोध गरेमा उक्त J/V को J/V Agreement, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र, उक्त J/V मा सामेल भएका फर्म अथवा कम्पनीहरूको माथि दफा १.१.१ को (क) अनुसारका कागजात छुट्टाछुट्टै लिई तथा आयोजनाको करार सम्बन्धी कागजात समेत पेश गर्न लगाई प्रतीतपत्र खोल्न सकिने छ।

(ल) प्रतीतपत्रमार्फत् आयात गर्दा यस परिपत्रमा उल्लेख नभएका विषयहरु International Chamber of Commerce बाट प्रकाशित Uniform Customs & Practice for Documentary Credits (UCPDC) को पछिल्लो संस्करण बमोजिम हुनेछ।

१.१.७ <u>युसान्स प्रतीतपत्र (Usance L/C) को सम्बन्धमा :</u>

(क) औद्योगिक फर्महरूले खोल्ने आयात प्रतीतपत्रको हकमा युसान्सको अवधि आयातकर्ता र निर्यातकर्ताको सहमति बमोजिम सम्बन्धित बैंकले नै तय गर्न सक्नेछन् ।

(ख) व्यापारिक फर्महरूले गर्ने आयातको हकमा युसान्स प्रतीतपत्रको अवधि १८० दिनभन्दा बढी गर्न पाइने छैन ।

(ग) नेपालका कुनै पनि बैंकले युसान्स आयात प्रतीतपत्रको कागजात (L/C Documents) डिस्काउण्ट गर्न पाउने छैनन् ।

(घ) उद्योग स्वयम्ले आफ्नो प्रयोजनको लागि आवश्यक पर्ने कच्चा पदार्थ र मेशिन (Plant) तथा अन्य यन्त्र उपकरण आयात गर्दाको Sight L/C को भुक्तानी गर्ने प्रयोजनको लागि अधिकतम ९० दिनसम्मको लागि बैंकहरुले आयातकर्तालाई परिवर्त्य विदेशी मुद्रामा ऋण दिन सक्नेछन् । यस्तो ऋणमा लिने ब्याजदर बैंकहरु आफैंले निर्धारण गर्न सक्नेछन् ।

१.१.८ <u>वण्डेड वेयरहाउस (Bonded Warehouse) अन्तर्गत आयात गर्ने वस्तुका सम्बन्धमा :</u>
प्रचलित कानुन बमोजिम स्थापना भएका तयारी पोसाक उद्योग स्वयम्ले आ-आफ्नो उद्योगको निमित्त विदेशबाट कच्चा पदार्थ आयात गर्ने भएमा त्यस्ता उद्योगहरूलाई Usance प्रतीतपत्रको सुविधा दिने र यस प्रकारको सुविधा वन्डेड वेयरहाउस (Bonded Warehouse) अन्तर्गत आयात गर्न दिने मालसामानहरूमा मात्र प्रदान गर्न सकिनेछ ।

१.१.९ आयात प्रतीतपत्रमा उल्लिखित रकमभन्दा बढी रकमको कागजात (Documents) प्राप्त भएको अवस्थामा सम्बन्धित प्रतीतपत्रको शर्त भित्र रही जतिसुकै रकमको त्यस्ता कागजात पनि स्वीकार गर्न सकिनेछ ।

१.१.१० <u>ब्याक टु ब्याक (Back to Back) प्रतीतपत्र कारोबार सम्बन्धमा :</u>
तयारी पोसाक तथा नेपाल एकीकृत व्यापार रणनीति, २०८० मा उल्लिखित “निर्यात संभावना देखिएका वस्तु” अन्तर्गतको “वर्तमान वस्तुहरु” उत्पादन गर्ने उद्योगहरूले आफ्नो उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थ ब्याक टु ब्याक प्रतीतपत्रको माध्यमबाट पनि आयात गर्न सक्नेछन् । यसरी ब्याक टु ब्याक प्रतीतपत्र खोल्दा आयात गरिएका कच्चा पदार्थको भुक्तानी सो कच्चा पदार्थबाट निर्मित तयारी वस्तु निर्यात गरी भुक्तानी प्राप्त भएपछि सोही भुक्तानी (Export Proceeds) मध्येबाट मात्र आयात प्रतीतपत्रको Payment Terms मा उल्लिखित शर्त अनुरुप भुक्तानी हुने व्यहोरा Back to Back प्रतीतपत्रमा अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ । Back to Back L/C को माध्यमबाट उद्योगले कपडा तथा कच्चा पदार्थ आयात गर्दा निम्न कुराहरूको आधारमा मात्र गर्नु पर्नेछ ।

(क) तयारी वस्तु निर्यात गर्ने उद्योगको नाममा विदेशस्थित क्रेताले उक्त उद्योगबाट उत्पादित तयारी वस्तु खरिद गर्न प्रतीतपत्र खोलेको हुनु पर्नेछ ।

(ख) तयारी वस्तु निर्यात गर्ने उद्योगलाई प्राप्त हुने प्रतीतपत्रमा तयारी वस्तुको निर्यातको भुक्तानी ९० (नब्बे) दिन भित्र हुने शर्त राख्नु पर्नेछ ।

(ग) उद्योगले आयात गर्ने कच्चा पदार्थको भुक्तानी निर्यात आर्जन मध्येबाट हुने हुँदा यस्ता उद्योगको नाममा कच्चा पदार्थ आपूर्ति गर्ने निर्यातकर्तालाई मन्जुर भएमा Back to Back L/C खोल्न सकिने छ ।

(घ) उद्योगलाई प्राप्त हुने उपर्युक्त प्रतीतपत्रमै निर्यात हुने तयारी वस्तुको FOB मूल्यको बढीमा ५० प्रतिशतसम्मको रकमबाट उद्योगले आयात गर्ने कच्चा पदार्थको भुक्तानी गर्ने र बाँकी रकम नेपालमा भुक्तानी पठाउने शर्तनामा हुनु पर्नेछ ।

१.१.११ <u>व्यापारिक साख सूचना सम्बन्धमा :</u>
परिवर्त्य विदेशी मुद्राको प्रतीतपत्र कारोबार मार्फत हुन सक्ने विदेशी विनिमयको अपचलनलाई नियन्त्रण गर्ने दृष्टिकोणबाट परिवर्त्य विदेशी मुद्राको प्रतीतपत्रमार्फत आयात र निर्यात कारोबार

गर्नुअघि अनिवार्य रुपमा व्यापारिक साख सूचना (Business Credibility Information) लिने सम्बन्धमा देहायको व्यवस्था गरिएको छ ।

(क) अमेरिकी डलर ५० हजार वा सो भन्दा बढीको आयात वा निर्यात प्रतीतपत्र खोल्नु अघि निर्यात गर्ने विदेशी फर्म/कम्पनी वा संस्थाको व्यापारिक साख सूचना (Business Credibility Information) सम्बन्धी जानकारी लिनु पर्नेछ। अमेरिकी डलर ५० हजार भन्नाले (संशोधन गरी रकम थप गरिएको भए सो समेत) गणना हुनेछ ।

(ख) निर्यात प्रतीतपत्र अन्तर्गत निर्यात डकुमेण्टहरू Negotiation वा Purchase गर्नु अघि विदेशस्थित खरिदकर्ताको व्यापारिक शाख सूचना (Business Credibility Information) सम्बन्धी जानकारी लिनु पर्नेछ ।

(ग) साख सूचना नेपालस्थित यस्तो काम गर्ने कुनै निकाय वा नेपालमा शाखा कार्यालय भएका अन्तर्राष्ट्रिय निकायहरूको प्रतिनिधिमार्फत सम्बन्धित बैंक आफैँले लिनु पर्नेछ ।
साख सूचना प्रतीतपत्र खोल्ने सम्बन्धित बैंकको Correspondent वा Beneficiary को बैंक वा नेपालस्थित यस्तो काम गर्ने कुनै निकाय वा नेपालमा शाखा कार्यालय भएका अन्तर्राष्ट्रिय निकायहरुको प्रतिनिधि, Representative Office वा अन्तर्राष्ट्रिय कुनै रेटिङ्ग एजेन्सीबाट सम्बन्धित बैंक आफैंले लिनु पर्नेछ ।

(घ) Credit Risk वा High Credit Risk वा Rating not Determined भन्ने जस्ता व्यहोरा उल्लेख भई आएको हकमा प्रतीतपत्र खोल्नु परेमा सामान्य अवस्थामा जुन तहबाट प्रतीतपत्र खोल्न अनुमति निकासा हुन्छ सो तहभन्दा एक तहमाथिको निकासा अनिवार्य रुपले लिनु पर्नेछ । यस प्रयोजनका लागि सबैभन्दा माथिल्लो निकाय भन्नाले सम्बन्धित बैंक तथा वित्तीय संस्थाको सञ्चालक समिति सम्झनुपर्छ ।
Rating स्पष्ट उल्लेख नभई Satisfactory/Good Conduct of Account मात्र उल्लेख छ भने त्यस्तो अवस्थामा सो अनुमति आवश्यक पर्ने छैन ।

(ङ) एक पटक लिइएको यस्तो व्यापारिक साख सूचना (Business Credibility Information) एक वर्षसम्मका लागि मात्र मान्य हुनेछ ।

(च) सार्वजनिक खरिद कानुन लागू हुने निकायहरूले Global Tender को आधारमा प्रदान गरेको Contract अर्न्तगत खोलिने प्रतीतपत्रहरूको हकमा यस्तो व्यापारिक साख सूचनाको आवश्यकता पर्ने छैन ।

(छ) एउटा बैंकले प्राप्त गरेको सूचना अरू बैंकहरूले पनि प्रयोग गर्न सक्नेछन् ।

(ज) Back to Back प्रतीतपत्र, Usance तथा Deferred Payment प्रतीतपत्रहरूको हकमा साख सूचना लिनु पर्नेछैन । साथै, भुक्तानीको शर्त आंशिक रुपमा Sight तथा आंशिक रुपमा Usance अथवा Deferred Payment भएको अवस्थामा पनि साख सूचना आवश्यक पर्ने छैन ।

(झ) नेपाली निर्यातकर्ताहरूले आफूले प्राप्त गरेको प्रतीतपत्रको आधारमा निर्यात गर्दा प्रतीतपत्रमा उल्लेख गरेका सम्पूर्ण Terms and Conditions हरू पालना हुन्छ भने त्यस्ता Complying Presentation को Negotiation वा Purchase गर्दा साख सूचना आवश्यक पर्ने छैन ।

१.१.१२ <u>प्रतीतपत्रसम्बन्धी सूचना व्यवस्था :</u>

विदेशी मुद्रामा भुक्तानी हुने गरी खोलिएका आयात प्रतीतपत्रहरू र ती प्रतीतपत्रहरू अन्तर्गत हुने विदेशी मुद्रा भुक्तानीसम्बन्धी अनुगमन प्रकृयालाई बढी प्रभावकारी बनाउन प्रतीतपत्रसम्बन्धी सूचना व्यवस्थालाई देहाय बमोजिम कार्यान्वयन गर्नु पर्नेछ :

(क) सम्बन्धित बैंक तथा सो बैंक अन्तर्गतका प्रतीतपत्र कारोबार गर्ने सबै शाखा कार्यालयले प्रतीतपत्र खोलेको विवरणहरू वि.वि.नि.फा.नं. ३/३(ग) को आधारमा इलेक्ट्रोनिक माध्यमबाट यस विभागमा दैनिक रूपमा पठाउनु पर्नेछ ।

(ख) प्रतीतपत्र अन्तर्गत गरिएको परिवर्त्य विदेशी मुद्राको भुक्तानी विवरण पनि यस बैंकले तोकिदिएको आयातको भुक्तानी प्रमाणपत्र वि.वि.नि.फा.नं. ४/४(ग) को आधारमा इलेक्ट्रोनिक माध्यमबाट यस विभागमा दैनिक रूपमा पठाउनु पर्नेछ ।

(ग) माथि १.१.१२ (क) र (ख) मा उल्लेख गरिए अनुसारको विवरणहरू मुख्य कार्यालयले संकलन गरी यस विभागमा पठाउनु पर्नेछ । सो कार्यको लागि यस बैंकबाट व्यवस्था गरिएको Branch Code को प्रयोग गर्नु पर्नेछ ।

(घ) इलेक्ट्रोनिक माध्यमबाट Data Transmit गर्नका लागि यस बैंकबाट व्यवस्था गरिएको Data Base Structure अनुसार Data Entry गरी फाइलहरू तयार गर्नु पर्नेछ ।

(ङ) Data Entry को लागि तयार गरिएको बैंक कोड, भन्सार कोड, युनिट कोडको विवरण समेत यस बैंकबाट तयार गरिए अनुसार हुनेछ ।

(च) आयात हुने मालसामानहरूको लागि नेपाल सरकारले भन्सार महसुल दरबन्दीमा उल्लेख भएबमोजिम/तोकिएबमोजिमको Harmonized System (HS) Code प्रयोग गर्नु पर्नेछ ।

(छ) भारतको कोलकाता तथा विशाखापतनम् बन्दरगाह भई आउने गरी तेस्रो मुलुकबाट सामान आयात गर्न खोलिएको प्रतीतपत्रहरूको (संशोधन भए सो समेत) विवरण सम्बन्धित प्रत्येक शाखाबाट सिधै नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग समेतलाई साप्ताहिक रूपमा यसैसाथ संलग्न अनुसूची १.४ बमोजिम सिलसिलेवार नम्बर उल्लेख गरी पठाउनु पर्नेछ ।

(ज) यस व्यवस्था अन्तर्गत प्राप्त हुनुपर्ने सम्पूर्ण विवरणहरू समयमा उपलब्ध नभएमा आयातकर्ताहरूलाई आयातित मालसामान छुटाउने प्रक्रियामा अवरोध आउन सक्ने सम्भावना रहेको र यसबाट हुने कुनै किसिमको हानी नोक्सानीको सम्पूर्ण जिम्मेवारी समयमै सूचना प्रदान नगर्ने सम्बन्धित बैंकको नै हुने छ । Data Transmit गर्न आवश्यक पर्ने अन्य कुनै सूचना तथा विवरणका लागि यस विभागमा सम्पर्क गर्नु पर्नेछ ।

१.१.१३ <u>सम्बन्धित निकायको पूर्व स्वीकृतिसम्बन्धी :</u>

प्रचलित व्यवस्था अन्तर्गत रही विदेशी मुद्रामा भुक्तानी हुने गरी आयात प्रतीतपत्र खोल्दा सम्बन्धित निकायको पूर्व स्वीकृति अनिवार्य रुपमा लिएर मात्र खोल्नु पर्ने आयात प्रतीतपत्रहरू सम्बन्धी व्यवस्था :

(क) मदिरा निकासी पैठारी :

मदिरा ऐन, २०३१ अनुसार कुनै पनि फर्म तथा कम्पनीले मदिरा निकासी पैठारी गर्नु पर्दा नेपाल सरकार, आन्तरिक राजस्व विभागको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ख) पोष्तादानामा परिमाणात्मक बन्देज :

पोष्तादाना (Poppy Seed) को आयातमा परिमाणात्मक बन्देज लागू रहेको हुँदा नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्वीकृति दिएको परिमाण बाहेकको आयात प्रतीतपत्र खोल्न पाइने छैन ।

(ग) पूराना कपडा, धातु तथा प्लाष्टिकबाट बनेका सामान तथा यन्त्रोपकरण :

उद्योगले पैठारी गर्ने बाहेक व्यापारिक फर्महरूले पैठारी गर्ने पूराना कपडा, धातु तथा प्लाष्टिकबाट बनेका सामान तथा यन्त्रोपकरणको हकमा त्यस्तो प्रतीतपत्र खोल्नु अघि नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(१) धातुः Copper, Brass, Bronze, Aluminum र Zinc Scraps को हकमा सम्बन्धित सामान घातक पत्रु (Hazardous Scrap) भए नभएको सम्बन्धमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयका अधिकृतहरूले निरीक्षण गरी घातक नभएको व्यहोरा सिफारिस गरेको धातु आयात गर्न सकिनेछ । आयात गरिने Scrap हरू Institute

of Scrap Recycling Industry's (ISRI) Scrap Specification अनुसार हुनु पर्नेछ । उक्त बमोजिमका Scrap हरू आयात गर्नु पर्ने भएमा प्रतीतपत्र खोल्नु पूर्व उक्त मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(२) कपडाः बाढी, पहिरो, आगजनी जस्ता दैवी विपत्तिको सन्दर्भमा सहयोग स्वरुप आयात हुने पूराना कपडालाई नेपालको कुनै स्वास्थ्य संस्थाका पञ्जिकृत चिकित्सकले रोगमुक्त भनी लिखित प्रमाणित गरी दिएका पूराना कपडा । तर अरु कुनैपनि प्रयोजनमा पूराना कपडा आयात गर्न पाइने छैन ।

(३) प्लाष्टिकबाट बनेका सामानः Plastic Scrap को सम्बन्धमा Scrap Plastic र Recycled Granules को आयातमा २०५३ सालदेखि लगाइएको प्रतिवन्ध यथावतै रहेको छ ।

(४) यन्त्रोपकरणः व्यापारिक प्रयोजनको लागि कुनै पनि Second Hand सामानहरू आयात गर्न पाइने छैन । जस्तैः

(क) टेलिभिजन (ख) फ्याक्स (ग) फ्रिज (घ) रेफ्रिजेरेटर (ङ) एयर कण्डिसनर (च) फोन (छ) कम्प्युटर (ज) प्रिण्टर (झ) फोटोकपी (ञ) फ्यान (ट) अफसेट मेसिन (ठ) ओभन (ड) वासिङ्ग मेशिन (ढ) ड्रायर मेशिन । (ण) वायु प्रदुषण वृद्धि गर्न सक्ने मोटरका Engine का Pump, cylinder piston, head जस्ता पूराना सामान समेत आयात गर्न पाइने छैन ।

(घ) <u>ओजोन तहलाई नष्ट गर्ने/नगर्ने पदार्थहरू :</u>

(१) नेपालभित्र ओजोन तहलाई नष्ट गर्ने पदार्थहरूको पैठारी एवम् उपभोगलाई नियन्त्रित गर्ने विषयको मिति २०५७ साल असोज ९ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचनाको खण्ड ३ मा सोही सूचनाको खण्ड १ को प्रकरण (क) र (ख) मा उल्लिखित ओजोन तहलाई नष्ट गर्ने पदार्थहरू ODS Refrigerant Gas (R-22 वा HCFC-22) को आयातका लागि प्रतीतपत्र खोल्नु अघि नेपाल सरकार, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) ओजोन तहलाई नष्ट नगर्ने पदार्थहरू Non-ODS Refrigerant Gas को आयातका लागि वाणिज्य बैंकहरू मार्फत प्रतीतपत्र खोल्दा नेपाल सरकार, विज्ञान तथा वातावरण मन्त्रालयको सिफारिस आवश्यक पर्ने छैन ।

(ङ) जैविक पदार्थ, चल्ला वा माछाका भूरा वा पशु दाना निकासी वा पैठारी गर्न चाहने व्यक्ति/फर्म/कम्पनीले तोकिएको निकायबाट सिफारिस पत्र लिनु पर्नेछ (जैविक पदार्थ (Biological Substances) भन्नाले पशु विकास वा पशु स्वास्थ्यको लागि प्रयोग गरिने जीवाणु वा विषाणुयुक्त औषधि, खोप वा जैविक रसायन सम्झनु पर्छ) ।

(च) बिरुवा संरक्षण ऐन, २०६४ र विरुवा संरक्षण नियमावली, २०६६ ले पैठारी गर्दा अनुमति पत्र (Entry Permit) लिनुपर्ने भनी तोकेका वस्तुहरुको नेपाल सरकारको सम्बन्धित निकायबाट अनुमति पत्र लिएर मात्र पैठारी सम्बन्धी अन्य प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

१.१.१४ <u>खाद्य पदार्थ आयात गर्न खोलिने प्रतीतपत्र सम्बन्धी व्यवस्था :</u>

यस व्यवस्था अन्तर्गत अनुसूची १.१६ मा उल्लिखित खाद्य तथा पेय पदार्थ आयात गर्दा नेपाल सरकारको सम्बन्धित निकायबाट पूर्व स्वीकृति लिनु पर्नेछ । आयात सम्बन्धी कागजातमा उल्लिखित आयातकर्ता, निर्यातकर्ता, परिमाण र मूल्य सम्बन्धी विवरण त्यस्तो अनुमतिपत्रमा उल्लेख भएको विवरणसँग मेल खाएको हुनु पर्नेछ ।

१.१.१५ बीउ बिजन ऐन, २०४५ ले नेपालमा सुचिकृत एवम् दर्ता भएका बीउ बिजनको मात्र बिक्री वितरण गर्न पाइने व्यवस्था गरेकोले उक्त ऐनमा सुचिकृत भएका बालीहरुको बीउ तथा विरुवाहरु मात्र आयात गर्नु पर्नेछ ।

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ अर्न्तगत नेपाल सरकारले समय समयमा निकासी पैठारी गर्न पूर्ण वा परिमाणात्मक बन्देज लगाएका वस्तुहरू सोही बमोजिम हुनेछ ।

साथै, भन्सार उपशीर्षक ०७१३.१०.०० को केराउको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाई आर्थिक वर्ष २०७७/७८ अवधिको लागि कूल ८०,००० (असी हजार) मेट्रिक टन परिमाण ननाघ्ने गरी, भन्सार उपशीर्षक ०८०२.८०.०० र ०८०२.९०.०० को सुपारीको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाई आर्थिक वर्ष २०७७/७८ अवधिको लागि कूल २५,००० (पच्चीस हजार) मेट्रिक टन परिमाण ननाघ्ने गरी, भन्सार उपशीर्षक ०८०४.१०.०० को छोकडाको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाई आर्थिक वर्ष २०७७/७८ अवधिको लागि कूल ५,००० (पाँच हजार) मेट्रिक टन परिमाण ननाघ्ने गरी र भन्सार उपशीर्षक ०९०४.११.०० को नधुल्याएको मरिचको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाई आर्थिक वर्ष २०७७/७८ अवधिको लागि कूल १५,००० (पन्ध्र हजार) मेट्रिक टन परिमाण ननाघ्ने गरी विदेशबाट आयात गर्न सकिने परिमाणात्मक बन्देज लगाइएको हुँदा सोही व्यवस्थाको अधीनमा रही विदेशी मुद्राको सटही सुविधा प्रदान गर्न सकिनेछ ।

साथै, अमेरिकी डलर ५०,००० हजारभन्दा बढी मूल्यको सवारी साधनको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाइएको र नधुल्याएको मरिच आयातको परिमाणात्मक बन्देज सम्बन्धी नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०७७/०३/०८ को सूचना खारेज गरिएको हुँदा सोही व्यवस्थाको अधीनमा रही विदेशी मुद्राको सटही सुविधा प्रदान गर्न सकिने छ ।

भन्सार उपशीर्षक ०८०४.१०.०० को छोकडाको पैठारीमा पूर्ण बन्देज लगाएकोमा २०७६ चैत १६ गते अगाडि नै चलान (सिपिङ्ग) भइसकेका तर खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको स्वीकृति नलिएका छोकडाको हकमा सम्बन्धित भन्सार स्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको कार्यालयले गुणस्तर प्रमाणीकरण गरी उपयुक्त देखिएको सिफारिस गरेमा त्यस्तो छोकडा पैठारी गर्ने प्रयोजनका लागि समेत विदेशी मुद्राको सटही सुविधा प्रदान गर्न सकिनेछ ।

आर्थिक वर्ष २०७७/७८ को लागि परिमाणात्मक बन्देजको सीमा तोकिएका वस्तुहरुको पैठारी हकमा कोटा प्राप्त गर्ने आयातकर्ताले २०७८ असार मसान्तभित्र त्यस्तो वस्तु Shipment गराइसक्नुपर्ने र त्यसरी २०७८ असार मसान्तसम्म LC/DAP/DAA/DD/TT खोली Shipment भैसकेका वस्तुहरु आर्थिक वर्ष २०७८/७९ मा पनि भन्सार जाँचपास गर्ने सम्बन्धी व्यवस्था गर्न सकिनेछ । नेपाल सरकारद्वारा प्रकाशित खण्ड ७१) संख्या ४८ नेपाल राजपत्र भाग ५ मिति २०७८/११/२६ मा जारी सूचना बमोजिम भन्सार उपशीर्षक ०७१३.१०.००, ०८०२.८०.००, ०८०२.९०.०० र ०९०४.११.०० का वस्तुहरु औद्योगिक प्रयोजनको लागि उद्योग विभागको सिफारिस र वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको अनुमतिका आधारमा सम्बन्धित उद्योगले आफैं आयात गर्न सक्ने हुँदा सोही व्यवस्थाको अधीनमा रही विदेशी मुद्राको सटही सुविधा प्रदान गर्न सकिनेछ ।

१.१.१६ <u>खाने तेल आयात गर्ने सम्बन्धी व्यवस्था :</u>

(क) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६४/६/१० को पत्र तथा औद्योगिक प्रवर्द्धन बोर्डको १८१ औं बैठकको निर्णयानुसार उद्योगहरूले औद्योगिक कच्चा पदार्थको रुपमा पैठारी गर्ने भन्दा बाहेक आयातकर्ता फर्म/कम्पनीले बजारमा सोझै बिक्री वितरण गर्ने प्रयोजनको निमित्त प्रशोधित तेलको २० (बीस) किलोग्राम भन्दा बढी तौलको Consumer Pack वा खुला प्रशोधित तेल आयात गर्न पाइने छैन ।

(ख) उत्पादनमुलक उद्योगहरूले कच्चा वस्तुको रुपमा प्रयोग गर्ने तेल Bulk मा आयात गर्दा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सिफारिस र मापदण्ड बमोजिम मात्र आयात गर्न पाइनेछ । तर, उद्योगहरूले अन्य कुनै मालसामान उत्पादन गर्न आफूले मात्र विशेष किसिमले प्रयोग गर्ने गरी कच्चा पदार्थको रुपमा आयात गर्ने प्रशोधित तेल (उदाहरणार्थ Noodles को लागि स्वयम्ले प्रयोग गर्ने Refined Bleached and Deodorized (RBD) Palm Oil र यस्तै अन्य उद्योगले प्रयोग गर्ने RBD Canola Oil, RBD Super Palmolein, RBD Ground Nut Oil, RBD Coconut Oil, Refined Mustard Oil, Coconut Oil, Clove Leaf Oil) को हकमा माथि उल्लिखित व्यवस्था लागू हुने छैन ।

१.१.१७ <u>सवारी वा ढुवानीका साधनहरू पैठारी सम्बन्धी व्यवस्था :</u>

(क) निर्माता कम्पनी वा निजको आधिकारिक बिक्रेताबाट खरिद गरिएका नयाँ सवारी वा ढुवानीका साधनहरू नेपालस्थित आधिकारिक बिक्रेताले मात्र पैठारी गर्न पाउनेछ ।

(ख) रिकण्डीसन, प्रयोग भइसकेको वा नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ भित्र नपर्ने सवारी वा ढुवानीलगायत अन्य साधनहरू पैठारी गर्न पाइने छैन ।

तर,

(१) सरकारी निकाय, कूटनीतिक वा महसुल सुविधा प्राप्त व्यक्ति वा निकाय, ऋण तथा अनुदान सहयोगमा सञ्चालित सरकारी आयोजनाले पैठारी गर्ने सवारी तथा ढुवानीका साधन तथा अपाङ्गता भएका व्यक्तिले आफ्नो प्रयोजनको लागि पैठारी गर्ने स्कुटरमा खण्ड (क) को व्यवस्था लागू हुनेछैन ।

(२) दमकल (बारुणयन्त्र) पैठारी गर्दा खण्ड (क) तथा खण्ड (ख) को व्यवस्था लागू हुने छैन ।

(३) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको मापदण्ड बमोजिमको एम्बुलेन्स; शीर्षक ८७.०१ अन्तर्गत पर्ने ट्याक्टर र शीर्षक ८७.०५ मा पर्ने खास उद्देश्यका मोटरगाडी पैठारी गर्दा यस खण्ड (क) को व्यवस्था लागू हुने छैन ।

(४) नेपालले आयोजना गर्ने अन्तर्राष्ट्रिय वा क्षेत्रीय महत्वको सभा सम्मेलनको प्रयोजनको लागि नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गरी पैठारी गर्ने नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ भित्र पर्ने सवारी साधनको हकमा खण्ड (क) को व्यवस्था लागू हुने छैन ।

(५) नेपाल सरकारको निर्णयद्वारा पूर्ण वा आंशिक भन्सार महसुल छुट दिइएको व्यक्ति वा संस्था वा निकायले सवारी साधन निर्माता कम्पनी वा निजको आधिकारिक बिक्रेताबाट खरिद गरी पैठारी गर्दा खण्ड (क) को व्यवस्था लागू हुने छैन ।

१.१.१८ <u>भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी Software आयात सम्बन्धी व्यवस्था :</u>

नेपालका संघ संस्था तथा कम्पनीहरूले भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी Software खरिद गर्नु परेमा एकपटकमा बढीमा अमेरिकी डलर १५ हजार (भा.रु.को हकमा भा.रु. १५ लाख) सम्मको Software एल.सी.मार्फत देहायको प्रकृया पूरा गरी आयात गर्न पाउने छन् ।

(क) प्रचलित व्यवस्था बमोजिमका प्रावधान पूरा गरी प्रतीतपत्र खोल्नु पर्नेछ ।

(ख) परिवर्त्य विदेशी मुद्रामा भारतबाट निर्यात हुँदा भारत सरकारबाट परिवर्त्य विदेशी मुद्रामा निर्यात गर्दा छुट दिए बमोजिमका कर, अन्तशुल्क नलिएको देखिने बीजक वा इन्भ्वाइस हुनुपर्ने छ ।

(ग) प्रचलित व्यवस्था बमोजिम भन्सार विन्दु नभई Online मार्फत् आयात हुने सफ्टवेयरको हकमा अग्रिम कर तिरेको रसिद पेश गर्नु पर्नेछ ।

(घ) भन्सार विन्दु भएर आयात हुने सफ्टवेयरको हकमा प्रचलित व्यवस्था बमोजिमको प्रकृया पूरा गर्नु पर्नेछ ।

१.१.१९ विकास बैंकहरूले प्रतीतपत्र कारोबार गर्ने व्यवस्था सम्बन्धमा :

प्रतीतपत्र सम्बन्धी विद्यमान व्यवस्थाहरू पालना गर्दै देहायका शर्तहरूका अधीनमा रही राष्ट्रिय स्तरका विकास बैंकहरूलाई पनि नियमानुसार यस बैंकबाट इजाजतपत्र लिई देहायको शर्तहरू पालना गर्ने गरी प्रतीतपत्र कारोबार गर्न स्वीकृति प्रदान गर्न सकिने छ ।

(क) आफैले लगानी/प्रवर्द्धन गरेका ऊर्जा उत्पादन, विकास र प्रसारणका परियोजनाहरूको प्रयोजनको लागि मात्र प्रतीतपत्र सम्बन्धी कारोबार गर्न सक्ने ।

(ख) बैंकले SWIFT (Society for Worldwide Interbank Financial Telecommunication) को सदस्यता लिएको हुनु पर्ने ।

(ग) अन्तर्राष्ट्रिय एजेन्सीहरूसँगको व्यवसायिक कारोबारको सम्बन्ध कायम भएको न्यूनतम ३ वर्ष पूरा भएको हुनु पर्ने ।

(घ) शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली बमोजिम विगत दुई वर्षभित्र कुनै किसिमको कारवाही भएको हुन नहुने ।

१.१.२० Correspondent Bank मा राखेको विदेशी मुद्रा निक्षेपको धितोमा Confirmation को कार्य गर्न सक्ने व्यवस्थाः

(क) नेपालका "क" वर्गका वाणिज्य बैंकहरूले स्वदेशी तथा विदेशी Correspondent Bank मा राखेको विदेशी मुद्रा निक्षेपलाई धितो राखेर स्वदेशी तथा विदेशी Correspondent Bank बाट प्रतीतपत्र तथा Trade Finance Services को लागि Confirmation को सेवा लिन सक्नेछन् ।

(ख) स्वदेशी तथा विदेशी Correspondent Bank ले प्रतीतपत्रको Confirmation गर्दा कुनै दायित्व सृजना भएमा सोको भुक्तानीका लागि Confirmation गर्ने बैंकले दायित्व भुक्तानी गर्नु परेको खण्डमा सम्बन्धित बैंकको स्वदेश वा विदेशमा रहेको विदेशी मुद्रा निक्षेपबाट खर्च गरी प्रचलित व्यवस्था बमोजिम Confirmation गर्ने बैंकको दायित्व भुक्तानी दिन सक्नेछन् ।

(ग) यसका अतिरिक्त, Confirmation गर्ने बैंक आफैसँग सम्बन्धित वाणिज्य बैंकको विदेशी मुद्रा निक्षेप रहेको खण्डमा Confirmation गर्ने बैंकले सोही निक्षेप प्रयोग गरी सृजना भएको दायित्व Settle गर्न सक्नेछन् ।

१.१.२१ अग्रीम रकम प्राप्त भएको आधारमा भारत तथा तेस्रो मुलुकको सामान नेपाल बाहेक अन्य मुलुकमा व्यापार गर्न पाइने व्यवस्था :

विदेशबाट अग्रीम रुपमा विदेशी मुद्रा प्राप्त भएको प्रमाण प्रतीतपत्र खोल्ने बैंकमा प्राप्त भैसकेपछि सोको आधारमा भारत तथा तेस्रो मुलुकका सामान विभिन्न पोर्टहरू मार्फत् नेपाल नभित्र्याई सिधै मध्यस्थता व्यापार अन्तर्गत नेपाल बाहेक अन्य मुलुकमा प्रतीतपत्र मार्फत् अन्तराष्ट्रिय प्रचलन अनुरुप निर्यात व्यापार गर्न सकिनेछ ।

(क) प्रतीतपत्र सम्बन्धी विद्यमान व्यवस्था तथा अन्तर्राष्ट्रिय प्रचलन पालना गर्नु पर्नेछ ।

(ख) प्रतीतपत्र खोल्नु अघि विदेशबाट अग्रीम रुपमा नेपाली बैंकमा विदेशी मुद्रा प्राप्त भएको हुनु पर्नेछ ।

(ग) प्रतीतपत्र खोल्दा प्राप्त रकम ननाघ्ने गरी खोल्नु पर्नेछ ।

(घ) नेपालको प्रचलित कानुनले कारोबार गर्न निषेध नगरेको मालबस्तुको मात्र कारोबार गर्नु पर्नेछ ।

(ङ) AML तथा CFT सम्बन्धी व्यवस्थाहरूको पालना गर्नु पर्नेछ ।

१.२ परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाहेक अन्य मुलुकहरूबाट प्रतीतपत्र बाहेक Documents Against Payment तथा Documents Against Acceptance को माध्यमबाट आयात गर्न सकिने सम्बन्धी व्यवस्था

१.२.१ Documents Against Payment (DAP) को माााध्यमबाट गरिने आयातका सम्बन्धमा :

(क) International Chamber of Commerce को Uniform Rules for Collections (URC), ICC Publication No. 522 मा भएको प्रावधान अनुरुप कारोबार तथा भुक्तानी व्यवस्था मिलाउनु पर्ने छ । यस्तो भुक्तानी आयात सम्बन्धी कागजात प्राप्त भएको आधारमा गर्न सकिनेछ ।

(ख) आयात गर्ने फर्म/कम्पनी/संस्था विधिवत रुपमा दर्ता भएको प्रमाणपत्र (नवीकरण गर्नुपर्ने भए नवीकरण समेत भएको) र अद्यावधिक आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपले लिनु पर्नेछ ।

(ग) यसरी आयात गर्ने वस्तुहरूसँग सम्बन्धित सम्पूर्ण कागजातहरू (Documents) बैंक तथा वित्तीय संस्था मार्फत् नै आएको हुनुपर्ने छ ।

(घ) CIF बाहेक अन्य आधारमा आयात गर्दा मालसामानको नाम, इकाई मूल्य, ढुवानी भाडा र बीमा दस्तुरको छुट्टाछुट्टै मूल्य देखिने Invoice अनिवार्य रुपमा संलग्न भएको हुनुपर्ने छ ।

(ङ) माथि दफा १.१.५ मा उल्लिखित व्यवस्था अनुसार धरौटी लिई वि.वि.नि.फा.नं. ४ अनिवार्य रुपमा जारी भएको हुनुपर्ने छ ।

(च) वि.वि.नि. फा.नं. ४ सँग सम्बन्धित अन्य व्यवस्थाहरू माथि दफा १.१.४ मा उल्लेख भए अनुसार नै गर्नु पर्नेछ ।

(छ) प्रतीतपत्र नखोलि भारतको कोलकाता तथा विशाखापतनम बन्दरगाह भई तेस्रो मुलुकबाट आयात हुने मालसामानरुको हकमा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभागले जारी गर्ने इजाजतपत्र आवश्यक पर्ने हुँदा सो व्यहोराको जानकारी कोलकाता तथा विसाखापतनमबाट आयात गर्ने प्रत्येक आयातकर्तालाई अनिवार्य रुपमा गराउनु पर्नेछ ।

(ज) यस व्यवस्था अनुसार गरिने आयात बापतको भुक्तानीको विवरण मासिक रुपमा यस विभागमा पेश गर्नु पर्नेछ ।

(झ) यस व्यवस्था अन्तर्गत अनुसूची १.१६ मा उल्लिखित खाद्य तथा पेय पदार्थ आयात गर्दा नेपाल सरकारको सम्बन्धित निकायको पूर्व स्वीकृति लिनु पर्नेछ। आयात सम्बन्धी कागजातमा उल्लिखित आयातकर्ता, निर्यातकर्ता, परिमाण र मूल्य सम्बन्धी विवरण त्यस्तो अनुमतिपत्रमा उल्लेख भएको विवरणसँग मेल खाएको हुनु पर्नेछ ।

(ञ) यस व्यवस्थाबमोजिम एक पटकमा अधिकतम अमेरिकी डलर **एक लाख** र वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्मको मालसामान मात्र आयात गर्न सकिनेछ । यस व्यवस्था बमोजिम एक पटक सटही सुविधा प्राप्त गरेपश्चात् पुनः सोही निर्यातकर्ताबाट अर्को शीपमेण्टको वस्तु आयातको लागि सहटी सुविधा प्राप्त गर्न देहायबमोजिमका शर्तहरु पूरा गर्नु पर्नेछ :

(१) अघिल्लो पटक सटही सुविधा प्राप्त गरी आयात भएको ७ दिन व्यतीत भएपश्चात् मात्र पुनः सटही सुविधा प्राप्त हुनेछ । आयात भएको प्रमाणको रुपमा भन्सार कार्यालयले प्रमाणित गरेको वि.वि.नि.फारम, भन्सार प्रज्ञापनपत्र तथा भन्सार राजस्व भुक्तानी भएको रसिद सम्बन्धित बैंक तथा वित्तीय संस्थामा पेश गर्नु पर्नेछ ।

(२) अघिल्लो सटही सुविधा अन्य बैंक तथा वित्तीय संस्थाबाट लिने आयातकर्ताको हकमा माथि बुँदा नं. (१) मा उल्लिखित कागजातको अतिरिक्त ७ दिन व्यतीत भएको सम्बन्धी स्वःघोषणा समेत सम्बन्धित आयातकर्ताले पेश गर्नु पर्नेछ ।

(ट) माथि बुँदा (ञ) मा जुनसुकै विषय लेखिएको भएतापनि पटक-पटक गरी सोही निर्यातकर्ताबाट सामान आयात गर्दा कुल आयात अमेरिकी डलर **एक लाखको** सीमाभित्र रहने भएमा सात दिन व्यतीत हुन अनिवार्य हुने छैन ।

१.२.२ <u>Documents Against Acceptance (DAA) का माध्यमबाट गरिने आयात :</u>

(क) International Chamber of Commerce को Uniform Rules for Collections (URC), ICC Publication No. 522 मा भएको प्रावधान अनुरुप कारोबार तथा भुक्तानी व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) कागजातहरू बैंक तथा वित्तीय संस्था मार्फत आई भुक्तानी पनि बैंक तथा वित्तीय संस्था मार्फत नै पठाउनु पर्नेछ ।

(ग) कागजात स्वीकार गरेपछि सम्बन्धित आयातकर्ताको तर्फबाट आधिकारिक पदाधिकारीद्वारा कागजातका शर्त अनुरुप निर्दिष्ट समयमा भुक्तानी गर्ने प्रतिवद्धता जाहेर भएको कागजात लिनु पर्नेछ ।

(घ) भारतबाट हुने आयातको हकमा भारतीय रुपैयाँमा मात्र भुक्तानी गर्नु पर्नेछ ।

(ङ) अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सार नाका बाहेक अन्य भन्सार नाकाबाट हुने आयातको लागि नेपाल सरकार, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभागबाट इजाजत लिनु पर्नेछ ।

(च) दफा १.१.५ मा उल्लिखित व्यवस्था अनुसार धरौटी लिई दफा १.१.४ मा उल्लेखित व्यवस्था अनुसार वि.वि.नि.फा.नं. ४/४(ग) जारी गर्नु पर्नेछ ।

(छ) मालसामान आयात भैसकेको आधिकारिक प्रमाण (जस्तै सम्बन्धित भन्सार कार्यालयबाट प्रमाणित गरेको वि.वि.नि.फा.नं. ४/४(ग), प्रज्ञापनपत्र तथा भन्सार दस्तुर बुझाएको रसिद) र प्राप्त कागजातमा उल्लिखित मालवस्तु तथा मूल्य ठीक देखिएमा मात्र भुक्तानी पठाउनु पर्नेछ। तर, भन्सार कार्यालयबाट प्रमाणित गरेको वि.वि.नं.फा.नं. ४/४(ग) प्राप्त भईनसकेको अवस्थामा भने सो फाराम बैंकले यथासमयमा सम्बन्धित फाइलमा अद्यावधिक गर्ने गरी भुक्तानी गर्न बाधा पर्ने छैन ।

(ज) अग्रिम भुक्तानी पठाउनु पर्ने भएमा प्रत्येक Consignment को लागि सम्झौता MOU/Purchase Order/Proforma Invoice मा उल्लिखित मूल्यको ५० प्रतिशत वा टी.टी. मार्फत् पठाउन सकिने सीमासम्मको विदेशी मुद्रा मध्ये घटी हुने रकमसम्म मात्र पठाउन सकिनेछ । सोभन्दा बढी अग्रिम भुक्तानी पठाउनुपर्ने भएमा निर्दिष्ट समयभित्र Shipment नभएमा अग्रिम भुक्तानी रकम फिर्ता हुने शर्त रहेको विदेशस्थित प्रतिष्ठित बैंक तथा वित्तीय संस्थाको बैंक ग्यारेण्टीको आधारमा मात्र पठाउन सकिनेछ । यसरी आयात गर्ने वस्तुहरूसँग सम्बन्धित सम्पूर्ण कागजातहरू (Documents) बैंक तथा वित्तीय संस्था मार्फत् नै आएको हुनुपर्ने छ ।

(झ) स्वीकार गरेको कागजातको भुक्तानी प्रत्याभूतिको लागि कुनै किसिमको सुरक्षण राख्न वा ग्यारेण्टी जारी गर्न पाइने छैन ।

(ञ) यस सम्बन्धी अन्य कार्यविधि तथा व्यवस्थाहरू यसै परिपत्रको दफा १.२.१ बमोजिम हुनेछ ।

(ट) यस व्यवस्था अनुसार गरिने आयात बापतको भुकानीको विवरण मासिक रुपमा यस विभागमा पेश गर्नु पर्नेछ ।

(ठ) यस व्यवस्था अन्तर्गत अनुसूची १.१६ मा उल्लिखित खाद्य तथा पेय पदार्थ आयात गर्दा नेपाल सरकारको सम्बन्धित निकायको पूर्व स्वीकृति लिनु पर्नेछ। आयात सम्बन्धी

कागजातमा उल्लिखित आयातकर्ता, निर्यातकर्ता, परिमाण र मूल्य सम्बन्धी विवरण त्यस्तो अनुमतिपत्रमा उल्लेख भएको विवरणसँग मेल खाएको हुनु पर्नेछ ।

(ङ) यस व्यवस्थाबमोजिम एक पटकमा अधिकतम अमेरिकी डलर **एक लाख** वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्मको मालसामान मात्र आयात गर्न सकिनेछ। भारतबाट हुने आयातको हकमा यस्तो सीमा भारतीय रुपैयाँ तीन करोडसम्म हुनेछ ।

यस व्यवस्था बमोजिम एक पटक सटही सुविधा प्राप्त गरेपश्चात् **(वि.वि.नि.फा.नं. ४/४ (ग) जारी भए पश्चात्)** पुनः सोही निर्यातकर्ताबाट अर्को शीपमेण्टको वस्तु आयातको लागि सटही सुविधा प्राप्त गर्न **(वि.वि.नि.फा.नं. ४/४(ग) जारी हुन)** देहायबमोजिमका शर्तहरु पूरा गर्नु पर्नेछः

(१) अघिल्लो पटक सटही सुविधा प्राप्त गरी **(वि.वि.नि.फा.नं. ४/४(ग) जारी भई)** आयात भएको ७ दिन व्यतीत भएपश्चात् मात्र पुनः सटही सुविधा प्राप्त **(वि.वि.नि.फा.नं. ४/४(ग) जारी)** हुनेछ । आयात भएको प्रमाणको रुपमा भन्सार कार्यालयले प्रमाणित गरेको वि.वि.नि.फारम, भन्सार प्रज्ञापनपत्र तथा भन्सार राजस्व भुक्तानी भएको रसिद सम्बन्धित बैंक तथा वित्तीय संस्थामा पेश गर्नु पर्नेछ ।

(२) अघिल्लो सटही सुविधा अन्य बैंक तथा वित्तीय संस्थाबाट लिने आयातकर्ताको हकमा माथि बुँदा नं. (१) मा उल्लिखित कागजातको अतिरिक्त ७ दिन व्यतीत भएको सम्बन्धी स्वःघोषणा समेत सम्बन्धित आयातकर्ताले पेश गर्नु पर्नेछ ।

(ढ) माथि बुँदा (ङ) मा जुनसुकै विषय लेखिएको भएतापनि पटक-पटक गरी सोही निर्यातकर्ताबाट सामान आयात गर्दा कुल आयात अमेरिकी डलर **एक लाख** (भारतको हकमा भा.रु. तीन करोड) को सीमाभित्र रहने भएमा सात दिन व्यतीत हुन अनिवार्य हुने छैन ।

१.३. <u>तातोपानी भन्सार विन्दुमार्फत् चीनको स्वशासित क्षेत्र तिब्बतबाट हुने आयात कारोबार सम्बन्धमा</u>

तातोपानी भन्सार विन्दुमार्फत् हुने आयात कारोबारको सम्बन्धमा निम्नानुसारको व्यवस्था लागू गरिएको छ ।

१.३.१ बढीमा टी.टी. मार्फत् आयात गर्न तोकिएको सीमासम्मको सामान आयात गर्नको लागि ड्राफ्ट/टी.टी.को माध्यमबाट भुक्तानी पठाउन सकिने छ ।

दफा १.३.१ व्यवस्था अन्तर्गत सटही प्रदान गर्दा निम्न प्रक्रिया अनुरूप गर्नुपर्ने छ ।

(क) आयातकर्ता विधिवत् रूपमा नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्ने,

(ख) नवीकरण गर्नुपर्ने भए अद्यावधिक नवीकरण समेत भएको कर प्रमाणपत्र संलग्न हुनुपर्ने,

(ग) प्रचलित व्यवस्था अन्तर्गत आयात गर्न पाइने सामानको लागि मात्र यो सुविधा प्रदान गर्नु पर्ने,

(घ) ड्राफ्ट/टी.टी.बाट भुक्तानी गर्न चाहने आयातकर्ताबाट माथि उल्लिखित कागजातहरू संलग्न गरी यसैसाथ संलग्न नमूना बमोजिमको वि.वि.नि.फा.नं. ३(ख) भराई लिनु पर्नेछ । साथै, ड्राफ्ट/टी.टी. उपलब्ध गराउने बेलामा वि.वि.नि.फा.नं. ४(ख) भरी सम्बन्धित भन्सार कार्यालयको नाममा पठाउनु पर्ने ।

(ङ) तोकिएको अवधिभित्र भन्सारबाट सामान पैठारी भएको प्रमाणित हुने वि.वि.नि.फा.नं. ४ (ख) पेश नगर्नेको हकमा यस विभागमा जानकारी दिनुपर्ने ।

(च) सम्बन्धित बैंक/वित्तीय संस्थाले ड्राफ्ट/टी.टी. जारी हुँदाकै बखत आयातकर्ताबाट माग भएको सटही रकमको १० प्रतिशत (उद्योगको हकमा २ प्रतिशत) बराबरको रकम धरौटीको रूपमा अनिवार्य रूपमा लिनु पर्नेछ। भन्सार महशुल प्रयोजनका लागि सो धरौटी रकम बराबरको चेक जारी गर्ने र चेकको पछाडि विवरण लेख्ने व्यवस्था दफा १.१.५ को खण्ड च(४) बमोजिम गर्नुपर्ने । तर, विद्युतीय भुक्तानी प्रणाली लागू भई विद्युतीय माध्यमबाट

मात्र भन्सार राजस्व लिने व्यवस्था भएका भन्सार कार्यालयहरुमार्फत् हुने आयातको हकमा चेक जारी गर्न पाइने छैन । उल्लिखित धरौटी रकम भने लिनु पर्नेछ ।

(छ) वि.वि.नि.फा.नं. ४ (ख) मा उल्लिखित रकमको सम्पूर्ण मालसामान आयात भएको खण्डमा मात्र धरौटी बापत जारी भएको १० प्रतिशत (उद्योगको हकमा २ प्रतिशत) को चेक प्रयोग गर्न मिल्ने ।

(ज) तातोपानी भन्सार कार्यालयको नाममा जारी भएका चेकहरू कारणवश रद्द गर्नु परेको खण्डमा यस विभागको पूर्व स्वीकृति लिनुपर्ने ।

(झ) यस्तो सटही सुविधा माग गर्ने आयातकर्ताहरूबाट आयात गरिने वस्तुहरू आयात गरी नसकेको प्रतिबद्धता समेत अनिवार्य रूपमा लिनु पर्नेछ । साथै, वस्तु आयात बापतको भुक्तानी सामान Shipment हुनुपूर्व नै पठाइसकेको हुनु पर्नेछ ।

उपर्युक्त प्रकृया पूरा नगरी क्रेडिट सुविधा अन्तर्गत आयात भइसकेको मालसामान भुक्तानी गर्न पाइने छैन ।

१.३.२ क्रेडिट सुविधा अन्तर्गत भएको आयातको आधारमा भुक्तानी गर्न पाइने छैन ।

१.३.३ बढीमा टी.टी. मार्फत् आयात गर्न तोकिएको सीमासम्मको सामान आयात गर्नको लागि ड्राफ्ट/टी.टी. को माध्यमबाट भुक्तानी पठाउन सकिने छ । टी.टी. मार्फत् आयात गर्न पाईने सीमा भन्दा बढीको भुक्तानीको हकमा प्रतीतपत्रमार्फत् मात्र कारोबार गर्नु पर्नेछ । यसरी प्रतीतपत्र कारोबार गर्दा तेस्रो मुलुकबाट हुने आयात प्रतीतपत्र कारोबार सम्बन्धी व्यवस्थाका सबै प्रावधानहरू तातोपानी नाकाबाट हुने आयातका लागि पनि लागू हुनेछन् ।

१.३.४ यस व्यवस्था अन्तर्गत प्रदान गरिएको सटही सम्बन्धी विवरणहरू अनुसूची १.७ बमोजिम प्रत्येक महिनाको १ गतेदेखि १५ गतेसम्म भएको कारोबारको पहिलो पटक र १६ गतेदेखि मसान्तसम्म भएको कारोबारको दोश्रोपटक गरी अवधि सकिएको बढीमा ७ दिनभित्र यस विभागमा पेश गर्नुपर्ने छ ।

१.४ <u>कच्चा ऊनको आयात सम्बन्धी व्यवस्था</u>

१.४.१ टी.टी. मार्फत् तिब्बतबाट गरिने कच्चा ऊनको आयात व्यवस्थाका सम्बन्धमा :

तिब्बतबाट आयात गरिने कच्चा ऊनको भुक्तानी प्रतीतपत्र बाहेक ड्राफ्ट/टी.टी.का माध्यमबाट गर्दा निम्न प्रक्रियाहरू अवलम्बन गरी परिवर्त्य विदेशी मुद्रा सटही उपलब्ध गराउन सकिनेछ ।

(क) सम्बन्धित आयातकर्ताबाट निवेदन सहित क्रेता र बिक्रेता बीचको सम्झौतापत्र हुनु पर्नेछ । यस्तो किसिमको सम्झौतामा चिनीयाँ राजदूतावास वा नेपाल हिमालय सीमापार व्यापार संघले प्रमाणित गरेको हुनुपर्ने छ ।

(ख) फर्म रजिष्ट्रेशन प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र प्रोफर्मा इन्भ्वाइस (Proforma Invoice) संलग्न हुनु पर्नेछ । सम्झौता पत्र (Contract Paper) भएको हकमा सो समेत निवेदन साथ लिनु पर्नेछ ।

(ग) अग्रिम भुक्तानी गरी कच्चा ऊन आयात गर्नेको हकमा नेपाल भित्रिएको प्रमाण स्वरूप भन्सार प्रज्ञापनपत्र र भुक्तानी दिएको निस्सा पेश गर्ने शर्तमा माथि खण्ड (क) र (ख) मा उल्लिखित कागजातहरूको आधारमा ड्राफ्ट वा टी.टी. को माध्यमबाट भुक्तानी हुने गरी सटही सुविधा उपलब्ध गराउन सकिनेछ ।

(घ) औद्योगिक प्रयोजनको निमित्त कच्चा ऊन आयातको लागि जारी हुने प्रतीतपत्र तथा ड्राफ्ट/टी.टी. र कलेक्शनमा समेत २ प्रतिशत भन्सार धरौटी लिनु पर्नेछ ।

तर, व्यापारिक प्रयोजनको निमित्त हुने आयातको हकमा १० प्रतिशत भन्सार धरौटी लिनु पर्नेछ ।

(ङ) प्रचलित व्यवस्था अनुसार वि.वि.नि.फा.नं. ४(ख) जारी गर्नु पर्नेछ ।

(च) प्रचलित व्यवस्था अनुसार धरौटी रकमको सम्बन्धित भन्सार कार्यालयको नाममा चेक जारी गर्नु पर्नेछ ।

(छ) प्रचलित व्यवस्था बमोजिम आयात हुने वस्तुहरूको भुक्तानीको लागि सटही सुविधा प्रदान गर्दा भन्सार महसुल भुक्तानी गरेको रसिदको सक्कल प्रतिमा सटही प्रदान भएको दरपीठ गरेपछि सो सक्कलप्रति बैंकमै राखी सक्कल प्रति बैंकमा रहेको व्यहोरा प्रमाणित गरी सोको प्रतिलिपि सम्बन्धित आयातकर्तालाई दिनु पर्नेछ ।

(ज) प्रचलित व्यवस्था बमोजिम वस्तु आयात भएको प्रमाणित हुने अन्य कागजातहरूका साथै व्यापारिक बीजक (Commercial Invoice) र ढुवानी सम्बन्धी कागजात (Transport Document) का प्रतिलिपि समेत लिनु पर्नेछ ।

(झ) चीनको स्वशासित क्षेत्र तिव्वतबाट हुने कच्चा ऊन तिव्वतस्थित निर्यातकर्ताबाटै आयात गरी सोको भुक्तानी पनि सोही निर्यातकर्ताको तिव्वत स्थित बैंक खातामा जम्मा हुनु पर्नेछ ।

(ञ) क्रेडिट सुविधा अन्तर्गत आयात गर्न पाइने छैन ।

(ट) ड्राफ्ट, टी.टी. तथा कलेक्सन मार्फत् आयात गर्दा सो सम्बन्धी अन्य व्यवस्थाहरू यस्तो आयातमा पनि पालना गर्नु पर्नेछ ।

१.४.२ <u>प्रतीतपत्र मार्फत् गरिने कच्चा ऊनको आयात व्यवस्था :</u>

(क) विदेशबाट कच्चा ऊन पैठारी गर्दा प्रचलित व्यवस्थाको अधीनमा रही खोलिने प्रतीतपत्रमा सो कच्चा ऊन ४-६ (इन्च) लम्बाइको हुनुपर्ने छ । कच्चा ऊन ४-६ (इन्च) लम्बाईको हुनुपर्ने शर्त चीनको स्वशासित क्षेत्र तिव्वत बाहेक अन्य मुलुकबाट हुने कच्चा ऊन आयातको लागि मात्र लागू हुनेछ । साथै यस्तो प्रतीतपत्र खोल्दा व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रको सिफारिस अनिवार्य रूपमा संलग्न हुनु पर्नेछ ।

(ख) परिपत्रका अन्य शर्तहरू पूरा गरी चीनको स्वशासित क्षेत्र तिब्बतबाट समेत प्रतीतपत्र मार्फत कच्चा ऊन आयात गर्न सकिनेछ ।

(ग) विधिवत दर्ता भई अनुमति प्राप्त गरेका स्वेटर उद्योगहरूलाई आवश्यक पर्ने २-३ (इन्च) लम्वाई र १४-२९ माइक्रोन मोटाईको कच्चा ऊन समेत तोकिएको स्किम बमोजिमको परिमाणमा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको सिफारिस बमोजिम प्रतीतपत्रको माध्यमबाट आयात गर्न सकिनेछ ।

(घ) कच्चा ऊन आयातको लागि जारी हुने प्रतीतपत्र तथा ड्राफ्ट/टी.टी. र कलेक्सनमा समेत २ प्रतिशत (व्यापारिक प्रयोजनको हकमा १० प्रतिशत) भन्सार धरौटी लिनु पर्नेछ ।

(ङ) प्रचलित व्यवस्था अनुसार वि.वि.नि.फा.नं. ४, ४(क) र ४(ख) जारी गर्नु पर्नेछ ।

(च) प्रचलित व्यवस्था अनुसार धरौटी रकमको सम्बन्धित भन्सार कार्यालयको नाममा चेक जारी गर्नु पर्नेछ ।

१.४.३ विद्युतीय भुक्तानी प्रणाली लागू भई विद्युतीय माध्यमबाट मात्र भन्सार राजस्व लिने व्यवस्था भएका भन्सार कार्यालयहरुमार्फत् हुने आयातको हकमा खण्ड १.४.१ र १.४.२ मा उल्लिखित चेक जारी गर्न पाइने छैन । तर, उल्लिखित धरौटी रकम भने लिनु पर्नेछ ।

## १.५ <u>परिवर्त्य विदेशी मुद्रामा खाता हुने निकायले भारतबाट प्रतीतपत्र मार्फत् आयात गर्ने व्यवस्था</u>

परिवर्त्य विदेशी मुद्रामा खाता हुने देहायका निकायले परिवर्त्य विदेशी मुद्रामा भुक्तानी हुने गरी भारतबाट आयात गर्न अनुरोध गरेमा देहाय अनुसारको प्रक्रिया पूरा गरी आ-आफ्नो परिवर्त्य विदेशी मुद्राको खाताबाट खर्च व्यहोरिने गरी खुला इजाजत (Open General License-OGL) अन्तर्गतका सामान प्रतीतपत्रको माध्यमबाट आयात गर्न सकिने छ ।

१.५.१ प्रतीतपत्र खोल्न ग्राह्य हुने आयातकर्ताहरू :

(क) दातृ संस्थाको नाममा खोलेको विदेशी मुद्रा खातावाला,

(ख) विदेशी मुद्रा खाता भएका कुटनैतिक नियोगहरू,

(ग) विदेशी मुद्रा खाता भएका विदेशी नागरिक तथा विदेशी संघ संस्थाहरू

(घ) ग्लोवल टेण्डर अन्तर्गत ठेक्का प्राप्त गर्ने विदेशी मुद्राको खाता भएका नेपाली तथा विदेशी ठेकेदारहरू ।

१.५.२ प्रतीतपत्र खोल्दा निम्नानुसारको प्रक्रिया पूरा गर्नु पर्नेछ :

(क) सम्बन्धित निर्यातकर्ताले परिवर्त्य विदेशी मुद्रामा जारी गरेको Proforma Invoice पेश गर्नु पर्नेछ ।

(ख) ग्लोबल टेण्डर अन्तर्गत ठेक्का प्राप्त गर्ने नेपाली तथा विदेशी ठेकेदारहरूले गर्ने आयातको हकमा नेपाल सरकारको सम्बन्धित निकाय (मन्त्रालय, विभाग र आयोजना) बाट आयात गरिने सामानहरू उक्त आयोजनाको लागि हो भन्ने सिफारिसपत्र अनिवार्य रूपले लिनुपर्ने छ ।

(ग) स्वदेशी बीमा कम्पनीबाट बीमा गराई Cost & Freight (CFR, CPT) नेपाल भन्सार नाका उल्लेख भई भएको आयातको हकमा ढुवानी भाडा समेत परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न सकिनेछ । तर, CIF नेपाल भन्सार नाका उल्लेख भई भएको आयातको हकमा भने ढुवानी भाडा र बीमाको रकम भारतीय मुद्रामा नै भुक्तानी गर्नु पर्नेछ ।

(घ) प्रतीतपत्र सम्बन्धी अन्य प्रचलित व्यवस्थाहरू सबै पालना गर्नु पर्नेछ ।

१.६ परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी प्रतीतपत्र मार्फत् भारतबाट आयात गर्न पाइने मालसामानहरू तथा आयात गर्दा अपनाउनुपर्ने प्रक्रिया

१.६.१ अनुसूची १.१७ मा उल्लिखित नाम तथा हार्मोनिक कोड भएका वस्तुहरू परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाट प्रतीतपत्र मार्फत् पैठारी गर्न सटही सुविधा उपलब्ध गराउन सकिनेछ ।

१.६.२ अनुसूची १.१७ मा उल्लिखित वस्तुहरू परिवर्त्य विदेशी मुद्रा खर्च गरी भारतबाट आयात गर्दा निम्नबमोजिमको प्रक्रिया अपनाउनुपर्ने छ ।

(क) उल्लिखित मालसामानहरू प्रतीतपत्रमार्फत् मात्र आयात गर्नु पर्नेछ ।

(ख) भारतको उत्पादनकर्ता फर्म/कम्पनीबाट मात्र त्यस्ता मालसामान आयात गर्नु पर्नेछ । यदि कुनै भारतीय उत्पादनकर्ता फर्म/कम्पनीले आफूले उत्पादन गरेको सामान आफैले बेच्ने नभई आफ्नो Sole Agent बाट मात्र बिक्री वितरणको कार्य गर्ने गरेको अवस्था विद्यमान भएमा त्यस्ता Sole Agent बाट पनि परिवर्त्य विदेशी मुद्रामा भारतबाट तोकिएका वस्तुहरू आयात गर्न सकिनेछ । यसका लागि उत्पादनकर्ता फर्म/कम्पनीबाट तोकिएको Sole Agent भएको प्रमाणपत्र लिनु पर्नेछ । प्रतीतपत्रका कागजातहरूका साथमा Letter of Undertaking (LUT/Bond No./Application Receipt No. (ARN) समेत उल्लेख भएको सम्बन्धित उत्पादनकर्ता वा Sole Agent बाट जारी गरिएको शुन्य एकीकृत वस्तु तथा सेवा कर लागेको (Zero Integrated Goods and Services Tax–IGST Free) Tax Invoice संलग्न भएको हुनु पर्नेछ ।

(ग) नेपालमा दर्ता भएका उत्पादनमूलक औद्योगिक फर्म, उर्जामूलक उद्योगहरू, नेपालमा विधिवत रुपमा दर्ता भएका निर्माण व्यवसायीहरू र पत्र-पत्रिका प्रकाशन गर्ने प्रकाशन गृहहरू लगायतले माथि उल्लिखित मालसामानहरू आयात गर्न पाउनेछन् ।

साथै स्कूल, कलेज, युनिभर्सिटी, हस्पिटल, नर्सिङ्गहोम लगायतका संगठित निकायहरू (व्यक्ति विशेष बाहेक) लाई पनि आफ्नो प्रयोजन (व्यापारिक प्रयोजनको लागि बाहेक) को लागि मात्र

Generator Set (हार्मोनिक कोड नं. ८५.०१ र ८५.०२ मा उल्लेख भएको) आयात गर्न दिन सकिनेछ ।

(घ) परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी माथि उल्लिखित वस्तुहरू भारतबाट आयात गर्न पाइने व्यवस्था बमोजिम खोलिएका प्रतीतपत्रहरू अन्तर्गत भुक्तानी पठाउँदा ढुवानी तथा बीमा शुल्क बापतको हकमा भारतीय रूपैयाँमा मात्र भुक्तानी गर्नु पर्नेछ ।

१.६.३ <u>प्रत्येक प्रतीतपत्रमा अनिवार्य रूपमा निम्न व्यहोरा उल्लेख गर्नु पर्नेछ ।</u>

(क) प्रत्येक प्रतीतपत्र अन्तर्गत शून्य एकीकृत वस्तु तथा सेवा कर लागेको (Zero Integrated Goods and Services Tax-IGST Free) Tax invoice संलग्न भएको हुनुपर्ने छ । साथै, सो Tax Invoice मा LUT/Bond No./ARN अनिवार्य रुपले उल्लेख भएको हुनु पर्नेछ ।

तर, निर्यातकर्ता भारतको विशेष आर्थिक क्षेत्र (Special Economic Zone) भित्रको निकाय हो भने त्यस्तो निर्यातको हकमा माथि उल्लिखित कागजात आवश्यक पर्ने छैन । तर, त्यस्तो निर्यात विशेष आर्थिक क्षेत्र (Special Economic Zone) बाट नै भएको व्यहोरा सम्बन्धित भारतीय भन्सारबाट प्रमाणित भई आएको हुनु पर्नेछ ।

(ख) यस्तो प्रतीतपत्र अन्तर्गत नियमानुसार जारी गरिने वि.वि.नि.फा.नं. ४ मा अन्य व्यहोराको अतिरिक्त माथि दफा १.६.३ को खण्ड (क) मा व्यवस्था भए बमोजिमको कागजातमा उल्लिखित Tax invoice नम्बर र मिति अनिवार्य रूपले उल्लेख गर्नु पर्नेछ ।

(ग) नेपाल तयारी पोसाक उद्योग संघले सिफारिस गरेको आधारमा नेपालका तयारी पोसाक उद्योगहरूले परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुनेगरी भारतबाट आयात गर्ने पावरलुम कपडा, यार्न डाईड कपडा (सुती रेयन आदि) र निटेड कपडाको हकमा समेत IGST Free Tax Invoice संलग्न गर्नु पर्नेछ ।

१.६.४ <u>आयातको लागि संलग्न हुनुपर्ने कागजातहरू</u>

(क) भारतीय उत्पादनकर्ताको प्रोफर्मा इन्भ्वाइस (Proforma Invoice) वा सम्झौता ।

(ख) नेपाली आयातकर्ताको फर्म वा कम्पनी दर्ता प्रमाणपत्र ।

(ग) आयकर दर्ता प्रमाणपत्र ।

१.६.५ <u>यसै परिपत्रको अनुसूची १.१७ अन्तर्गतको क्र.सं. ४६, ४७, ४८ र ४९ अन्तर्गत पर्ने वस्तुहरू आयात गर्दा निम्न बमोजिमका थप प्रक्रियाहरू पुर्‍याउनु पर्नेछ :</u>

(क) ठूला कपडा उद्योगहरूलाई आवश्यक हुने धागोहरूको हकमा नेपाल उद्योग वाणिज्य महासंघको सिफारिसमा नेपाल सरकार, उद्योग विभागले स्वीकृति प्रदान गरे बमोजिम प्रतीतपत्र खोली आयात गर्नुपर्ने छ ।

(ख) भारतको उत्पादनकर्ता फर्म/कम्पनीबाट मात्र आयात गर्नुपर्ने छ ।

(ग) नेपालमा दर्ता भएको कपडा उत्पादन गर्ने औद्योगिक फर्मले मात्र आयात गर्नु पर्नेछ ।

१.६.६ <u>अनुसूची १.१७ को क्र.सं. ६५ अन्तर्गतको माइल्ड स्टिल बीलेट आयात गर्दा पुर्‍याउनुपर्ने थप प्रक्रिया :</u>

भारतबाट परिवर्त्य विदेशी मुद्रामा भुक्तानी हुने गरी फलामे छड उत्पादन गर्ने उद्योगहरूले एम.एस. बीलेट आयात गरेकोमा त्यस्ता उद्योगहरूले Original Document पेश नभए तापनि Copy Document को आधारमा वि.वि.नि.फा.नं. ४ जारी गर्न अनुरोध गरेमा निम्न शर्त अन्तर्गत रही वि.वि.नि.फा.नं. ४ जारी गर्न सकिने छ ।

(क) आयात हुने मालसामान वस्तुको मूल्य बराबरको ग्यारेन्टी लिनुपर्ने तर आयात प्रतीतपत्रको Document अनुसारको सम्पूर्ण रकम भुक्तानी गर्नेको हकमा ग्यारेन्टी लिनु नपर्ने ।

(ख) Copy Document को आधारमा वि.वि.नि.फा.नं.४ जारी भएको मितिले **६० दिनभित्र** Original Document पेश भई सक्नु पर्ने, अन्यथा सोही आयातकर्तालाई पुनः Copy Document को आधारमा वि.वि.नि.फा.नं.४ जारी गर्न नमिल्ने । साथै, यस्तो म्याद भित्र

Original Document पेश नभएका प्रतीतपत्रहरूको विवरण सो म्याद समाप्त भएको ७ दिनभित्र यस विभागमा पेश गर्नु पर्ने । यस प्रयोजनको लागि प्रतीतपत्र नम्बर र चलान भई आउने सामानहरूको परिमाण स्पष्ट भएको Consignment Note/Carrier Note को Fax Copy लाई पनि Copy Document को रूपमा लिन सकिने ।

(ग) Original Document प्राप्त भएपछि Copy Document सँग Verify गर्नुपर्ने । यदि, फरक भएको पाइएमा त्यस्ता प्रतीतपत्रहरूको विवरण यस बैंकमा पेश गर्नुपर्ने र यस विभागबाट Clearance प्राप्त भएपछि मात्र त्यस्ता आयातसँग सम्बन्धित ग्यारेन्टी फुकुवा गर्न पाइने ।

(घ) माथि उल्लिखित दफा १.६.३ मा उल्लिखित सबै व्यवस्थाहरू यथावत् रहनेछन् ।

१.६.७ <u>अनुसूची १.१७ को सि.नं. ९१ अन्तर्गतको कपडा आयात गर्दा पुऱ्याउनु पर्ने थप प्रक्रिया :</u>

(क) कच्चा पदार्थको रूपमा प्रयोग गरिने कपडा आयात गर्नको लागि प्रतीतपत्र खोल्न नेपाल तयारी पोसाक उद्योग संघको सिफारिस अनिवार्य रूपमा हुनुपर्ने ।

(ख) भारतमा विधिवत् दर्ता भएको निर्यात गर्ने फर्म/कम्पनी मार्फत् पनि उपर्युक्त कपडा आयात गर्न सकिनेछ । तर, निर्यात गर्ने फर्म कम्पनीलाई भारतको The Director General of Foreign Trade ले प्रदान गरेको कोड नम्बर सम्बन्धी कागजात अनिवार्य रूपमा सम्बन्धित बैंकमा पेश हुनुपर्ने छ ।

(ग) परिवर्त्य विदेशी मुद्रा आर्जन हुने मूल प्रतीतपत्र रकम मध्ये ५० (पचास) प्रतिशत रकम ननाघ्ने गरी Back to Back L/C खोली भारतबाट कच्चा पदार्थ कपडा आयात गर्न सक्नेछ ।

(घ) यसरी आयात गर्ने कच्चा पदार्थ कपडाको भुक्तानी उक्त कपडाबाट तयारी पोसाक बनाई निर्यात गरेपछि प्राप्त हुने भुक्तानीबाट मात्र गर्नु पर्नेछ ।

(ङ) इरिभोकेवल एल.सी.(Irrevocable L/C) अन्तर्गत मात्र यसप्रकारको Back to Back L/C खोल्न मिल्नेछ ।

१.६.८ अनुसूची १.१७ को क्र.सं. ६३ मा उल्लिेखित M.S. Scrap को आयात गर्दा नेपाल सरकार, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको पूर्व स्वीकृति अनिवार्य रूपले लिनु पर्नेछ ।

१.६.९ अनुसूची १.१७ को क्र.सं. १३५ मा रहेको LP Gas को हकमा नेपाल सरकारबाट LP Gas आयात र थोक बिक्री इजाजत प्रमाण-पत्र प्राप्त कम्पनीहरूले मात्र आयात गर्न पाउने छन् ।

१.६.१० आयातकर्ताले वि.वि.नि.फा.नं. ३ भर्नु पर्नेछ ।

१.७ <u>प्रतीतपत्र बिना ड्राफ्ट/टी.टी. को माध्यमबाट हुने वस्तु आयात सम्बन्धी व्यवस्था</u>

भारत बाहेक तेस्रो मुलुकहरूबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी सामान आयात गर्दा सोको भुक्तानी ड्राफ्ट/टी.टी. बाट गर्ने सम्बन्धमा निम्न बमोजिम गर्नु पर्नेछ ।

१.७.१ आयातकर्ता विधिवत रूपमा नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्ने छ ।

१.७.२ नवीकरण गर्नुपर्ने भए नवीकरण समेत भएको आयकर दर्ता प्रमाणपत्र संलग्न हुनुपर्ने छ ।

१.७.३ रकम खुल्ने Proforma Invoice, Indent वा Contract Paper संलग्न हुनु पर्नेछ । उक्त, प्रोफर्मा इन्भ्वाइसमा आायात गरिने वस्तुको HS Code, नाम, परिमाण, प्रति इकाई मूल्य, कुल मुल्य, आयातकर्ताको नाम ठेगाना, निर्यातकर्ताको नाम ठेगाना, सम्पर्क ठेगाना, इमेल, आयातकर्ताको एक्जिम कोड, PAN, Country of Origin, Incoterms र सामान भित्रिने भन्सार विन्दु समेत उल्लेख हुनु पर्नेछ । साथै, वि.वि.नि.फा.नं. ४(क) जारी गर्दा सोही बमोजिम जारी गर्नु पर्नेछ ।

१.७.४ ड्राफ्ट/टी.टी.मार्फत् भुक्तानी पठाउँदा Supplier को नाउँमा मात्र भुक्तानी पठाउन सकिनेछ ।

१.७.५ यस्तो सटही सुविधा बढीमा एक पटकमा अमेरिकी डलर **५०,००० (अमेरिकी डलर पचास हजार)** वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्मको लागि मात्र प्रदान गर्न सकिनेछ ।

१) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागको सिफारिसमा गरिने कोभिड-१९ सँग सम्बन्धित औषधिजन्य सामग्रीहरु तथा स्वास्थ्य उपकरणहरु (Medical Supplies and

Medical Equipments) को आयातको हकमा एउटै बीजकबाट अमेरिकी डलर १,००,००० (अमेरिकी डलर एक लाख) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्मको रकम ड्राफ्ट/टी.टी. को माध्यमबाट भुक्तानी गर्न सकिनेछ र सोका लागि Beneficiary को Business Credibility Information (BCI) अनिवार्य नहुने व्यवस्था २०७८ चैत्रमसान्तसम्मका लागि कायम गरिएको छ । साथै, अमेरिकी डलर १,००,००० (अमेरिकी डलर एक लाख) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राभन्दा माथिको सटही सुविधा आवश्यक परेमा स्वास्थ्य सेवा विभागको सिफारिस सहित स्वीकृतिका लागि यस बैंकसमक्ष निवेदन पेश गर्नु पर्नेछ ।

२) Oxygen Cylinders, Oxygen Concentrators, Oxygen Tanks, Oxygen Generators, Oxygen Manufacturing Plants, Oxygen Delivery Accessories, अन्य Oxygen सम्बन्धी सामग्री तथा Ventilator Equipments, Severe Acute Respiratory Infection (SARI) equipments, Pressure Swing Absorption (PSA) plants, Liquid oxygen thermos, Laryngoscope, Videolaryngoscope, Continuous Positive Airway Pressure (CPAP) equipments with accessories, High Flow Nasal Canula (HFNC) लगायतका कोभिड-१९ को स्वास्थ्य समस्याको उपचारमा सघाउ पुऱ्याउने जीवनरक्षक स्वास्थ्य सामग्री/उपकरणहरुको आयातको हकमा उल्लिखित ड्राफ्ट/टी.टी. को रकमसम्बन्धी सीमा, Business Credibility Information (BCI) र स्वास्थ्य सेवा विभागको सिफारिस २०७८ चैत्रमसान्तसम्मका लागि अनिवार्य नहुने व्यवस्था गरिएको छ ।

३) माथि बुँदा नं. १ र २ बमोजिम आयात गर्न आयातकर्ताले विदेशी विनिमय अपचलन भएमा स्वयम् जिम्मेवार हुने स्वःघोषणा बैंक तथा वित्तीय संस्थासमक्ष पेश गर्नु पर्नेछ र बैंक तथा वित्तीय संस्थाले यस व्यवस्थाबमोजिम आयात भएको विवरण अनुसूची १.१८ को ढाँचामा मासिक रुपमा प्रत्येक महिना समाप्त भएको सात कार्य दिनभित्र यस विभागसमक्ष पेश गर्नु पर्नेछ ।

१.७.६ यस व्यवस्थाअन्तर्गत एउटा Beneficiary ले भुक्तानी पाउने गरी एउटै Applicant द्वारा अमेरिकी डलर **५०,००० (पचास हजार)** वा सो बराबरको परिवर्त्य विदेशी मुद्राभन्दा बढी हुने गरी यस्तो सुविधा प्रदान गर्न पाइने छैन । एक पटक अमेरिकी डलर **५०,००० (पचास हजार)** वा सो बराबरको परिवर्त्य विदेशी मुद्राको सटही सुविधा प्रदान भएपश्चात् पुनः सोही Applicant ले सोही Beneficiary बाट वस्तु आयातको भुक्तानी पठाउनु पर्ने भए अघिल्लो पटक सटही सुविधा लिएको वस्तु Shipment भएको ७ कार्यदिन व्यतीत भएपश्चात् मात्र पुनः सटही सुविधा प्रदान गर्न सकिनेछ । Applicant द्वारा सोही बैंक वा अन्य बैंकमार्फत् सोही Beneficiary लाई अमेरिकी डलर **५०,००० (पचास हजार)** को सीमाभन्दा बढी हुने गरी भुक्तानी नहुने/नभएको तथा सोही Beneficiary बाट अघिल्लो पटकको मालसामानको Shipment भएको ७ कार्यदिन व्यतीत भइसकेको सन्दर्भमा अनुसूची १.८ बमोजिमको स्वःघोषणा अनिवार्य रुपमा लिनु पर्नेछ । तर, देहायबमोजिम गर्दा ७ कार्यदिन व्यतीत हुन अनिवार्य हुने छैन :

(१) अमेरिकी डलर **५०,०००** सम्मको सीमाभित्र रही पटक-पटक गरी सटही सुविधा प्रदान गर्न ।
प्रष्टीकरणः यसरी प्रदान गरिएको सटही सुविधाको वस्तु एकमुष्ठ रुपमा वा पटक-पटक गरी Shipment गर्न सकिनेछ । पटक-पटक गरी सामान Shipment हुने हकमा प्रत्येक Shipment को लागि वि.वि.नि. फा. नं ४(क) जारी गरिदिन आयातकर्ताबाट निवेदन प्राप्त भएमा सोही बमोजिम गर्न सकिनेछ ।

(२) आवश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिम आवश्यक सेवा सञ्चालक संस्थाले सो सेवाको लागि आवश्यक वस्तु आयात गर्न ।

१.७.७ यस सुविधाअन्तर्गत सटही सुविधा प्रदान भएको **१२० दिनभित्र** सामान आयात गरिसक्नु पर्नेछ। तर, पटक-पटक (Partially) सटही सुविधा प्रदान भई एकै पटक सामान Shipment हुने अवस्थामा पहिलो पटक सटही लिएको **१२० दिनभित्र** आयात गरिसक्नु पर्नेछ।

१.७.८ यस्तो सुविधा अन्तर्गत सामान आयात गर्दा अनिवार्य रूपले Airwaybill/Shipment/Transport Document पेश भएको हुनु पर्नेछ। Hand Carry गरी सामान ल्याउनेको हकमा यो सुविधा उपलब्ध हुने छैन।

१.७.९ यस व्यवस्थाअन्तर्गत आयात हुने बढीमा अमेरिकी डलर ५०० (पाँच सय) सम्म मूल्यका लत्ता कपडा, श्रृंगारका क्लिप/काँटा, जुत्ता, चप्पल, खानेकुरा जस्ता वस्तु मात्रका लागि Airwaybill/Shipment/Transport Document आवश्यक नहुने तर अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको काउन्टर डिपोजिट रसीदको प्रतिलिपि हुनुपर्ने छ।

१.७.१० भारतको कोलकाता तथा विशाखापतनम बन्दरगाह भई तेस्रो मुलुकबाट आयात हुने वस्तुहरूको हकमा प्रतीतपत्र नखोलिएका हकमा नेपाल सरकार, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभागले जारी गर्ने इजाजतपत्र आवश्यक पर्ने हुँदा सो व्यहोरा कोलकाता तथा विशाखापतनमबाट आयात गर्ने प्रत्येक आयातकर्तालाई बैंकले अनिवार्य रूपमा जानकारी गराउनु पर्नेछ।

१.७.११ खुल्ला इजाजत (OGL) अन्तर्गतका सामानहरूको लागि मात्र यो सुविधा प्रदान गर्न सकिनेछ।

१.७.१२ यस प्रयोजनको लागि प्रदान गरिएको ड्राफ्ट/टी.टी.को मिति उपर्युक्त काउन्टर डिपोजिट रसिदको मितिभन्दा अघिको हुनु पर्नेछ।

१.७.१३ यस्तो सुविधा लिन चाहने आयातकर्ताबाट माथि उल्लिखित कागजातहरू संलग्न गरी यसैसाथ संलग्न वि.वि.नि.फा.नं. ३(क) भराई राख्नु पर्नेछ। साथै ड्राफ्ट/टी.टी. उपलब्ध गराउने बेलामा संलग्न वि.वि.नि.फा.नं. ४(क) सम्बन्धित भन्सार कार्यालयको नाममा जारी गर्नु पर्नेछ।

१.७.१४ यस व्यवस्था अन्तर्गत सम्बन्धित भन्सार कार्यालयको नाममा वि.वि.नि. फाराम जारी गर्दा आयातकर्ताले भुक्तानी पठाउने प्रयोजनको लागि पेश गरेको Proforma Invoice र Commercial Invoice रुजु गरी तथा आयात सम्बन्धी अन्य कागजात समेत सम्बन्धित बैंक/वित्तीय संस्थाले प्रमाणित गरी उक्त फारामसाथ संलग्न गर्नु पर्नेछ।

१.७.१५ तोकिएको अवधिभित्र भन्सारबाट सामान पैठारी भएको प्रमाणित हुने वि.वि.नि.फा.नं. ४(क) एवम् Airwaybill/Shipment/Transport Document पेश नगर्नेहरूको विवरण ७ दिनभित्र यस विभागमा पेश गर्नु पर्नेछ।

१.७.१६ सम्बन्धित बैंकले ड्राफ्ट/टी.टी. जारी हुँदाकै बखत आयातकर्ताबाट धरौटीको रूपमा सटही रकमको १० (उद्योगको हकमा २) प्रतिशत बराबरको रकम अनिवार्य रूपमा लिनु पर्नेछ। धरौटी सम्बन्धी अन्य व्यवस्था एकीकृत इ.प्रा. परिपत्र संख्या: १ को "धरौटी सम्बन्धी व्यवस्था" मा उल्लेख भए बमोजिम नै हुनेछ। सो धरौटी रकम बराबरको चेक जारी गर्ने सम्बन्धमा आयात प्रतीतपत्र सम्बन्धी व्यवस्था बमोजिम नै कायम गरिएको छ। तर, आयातकर्ताको परिवर्त्य विदेशी मुद्रा खाता खर्च हुने अवस्थामा भने धरौटी सम्बन्धी यो व्यवस्था लागू हुने छैन।

१.७.१७ यस्तो सटही सुविधा माग गर्ने आयातकर्ताहरूबाट आयात गरिने वस्तुहरू आयात गरी नसकेको प्रतिबद्धता समेत अनिवार्य रूपमा लिनु पर्नेछ। साथै, वस्तु आयातको भुक्तानी सामान Shipment हुनुपूर्व नै पठाइसकेको हुनु पर्नेछ।

१.७.१८ भारत बाहेक तेस्रो मुलुकबाट सामान आयात गर्ने प्रयोजनको लागि पठाइएको अग्रिम भुक्तानी बापतको रकम कारणवश विक्रेताले सामान नपठाई रकम नै फिर्ता पठाएको अवस्थामा भन्सार कार्यालयको नाममा जारी गरिएको चेक सम्बन्धित बैंक स्वयमले रद्द गर्न सक्नेछ।

१.७.१९ खाद्य पदार्थ आयात गर्ने सम्बन्धी थप व्यवस्था :

यस व्यवस्था अन्तर्गत अनुसूची १.१६ मा उल्लिखित खाद्य तथा पेय पदार्थ आयात गर्दा नेपाल सरकारको सम्बन्धित निकायको पूर्व स्वीकृति लिनु पर्नेछ । आयात सम्बन्धी कागजातमा उल्लिखित आयातकर्ता, निर्यातकर्ता, परिमाण र मूल्य सम्बन्धी विवरण त्यस्तो अनुमतिपत्रमा उल्लेख भएको विवरणँग मेल खाएको हुनु पर्नेछ ।

१.७.२० हवाईजहाज, दूरसञ्चार र मेडिकल इक्विपमेण्टका पार्टपूर्जाहरू तत्काले विदेशबाट मगाउनु परेको अवस्थामा र बिक्रेताले उधारोमा दिएमा अधिकतम अमेरिकी डलर **एक लाख** मूल्य सम्मका त्यस्ता सामानहरू अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाकाबाट आयात गर्न सकिने छ ।

१.८ ग्लोबल टेण्डर मार्फत् भारतबाट आयात हुने वस्तु तथा सेवा खरिद सम्बन्धी व्यवस्था

१.८.१ सार्वजनिक खरिद कानुन लागू हुने सार्वजनिक निकायहरूले आफूलाई आवश्यक पर्ने वस्तु, सेवा, निर्माण, परामर्श आदि खरिद ग्लोवल टेण्डर मार्फत् भारतबाट आयात गर्दा प्रचलित व्यवस्थाहरू अन्तर्गत रही परिवर्त्य विदेशी मुद्रामा समेत भुक्तानी गर्न सकिने छ ।

१.८.२ उल्लिखित व्यवस्था अन्तर्गतको आयातको हकमा IGST Free Tax invoice आवश्यक पर्ने छैन ।

१.८.३ सार्वजनिक खरिद ऐन, २०६३ लागू हुने संघ सस्था प्रतिष्ठान आदिले सार्वजनिक खरिद कानुन अन्तर्गत भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी प्रतीतपत्र मार्फत् आयात गर्दा भाडा तथा बीमा बापतको रकम परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न सकिने छ ।

१.८.४ कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडले ग्लोवल टेण्डर मार्फत् स्वीकृत गरेको वोलपत्रबाट मल, बीउ आयात गर्दा तेस्रो मुलुकमै निर्मित भई तेस्रो मुलुकबाटै Shipment हुने अवस्थामा ग्लोबल टेण्डर पर्ने भारतीय फर्म/कम्पनीको नाममा पनि विद्यमान व्यवस्थाबमोजिम विदेशी मुद्रा (परिवर्त्य विदेशी मुद्रा वा भारतीय रुपैयाँ) मा भुक्तानी गर्ने गरी प्रतीतपत्र खोल्न सकिनेछ । त्यस्तो ग्लोबल टेण्डर प्राप्त गर्ने नेपाली संस्था भएमा उक्त संस्थाको लागि तेस्रो मुलुकमै निर्मित भई तेस्रो मुलुकबाटै Shipment हुने मल, बीउ आयातको भुक्तानी भारतमा परिवर्त्य विदेशी मुद्रामा समेत हुने गरी प्रतीतपत्र खोल्न सकिनेछ ।

साथै, कृषि सामग्री कम्पनी लिमिटेडले Government-to-Government खरिद व्यवस्था अन्तर्गत भारत सरकार वा भारत सरकारको सार्वजनिक निकायसँग प्रतीतपत्र मार्फत् रासायनिक मल खरिद गर्दा परिवर्त्य विदेशी मुद्रामा समेत भुक्तानी गर्न सकिने छ ।

१.९ बैंक ग्यारेण्टीका आधारमा अग्रिम भुक्तानी पठाउने सम्बन्धमा

१.९.१ परिवर्त्य विदेशी मुद्रामा (भारतबाहेक) अन्य मुलुकहरूबाट गरिने वस्तु तथा सेवा (लिज समेत) आयात गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) आयात गर्ने फर्म/कम्पनी/निकायले देहाय बमोजिमका कागजातहरू पेश गर्नु पर्नेछ ।

(१) आयातकर्ता फर्म/कम्पनी/निकायको अद्यावधिक फर्म दर्ता प्रमाणपत्र

(२) अद्यावधिक आयकर दर्ता प्रमाणपत्र ।

(३) अद्यावधिक कर चुक्ता प्रमाणपत्र

(४) करारपत्र (Contract Paper) वा सम्झौतापत्र (Agreement Paper) र निर्यातकर्ताको लेटरहेड सहितको प्रोफर्मा इन्भ्वाइस ।

(ख) प्रोफर्मा इन्भ्वाइस, करारपत्र (Contract Paper) वा सम्झौतापत्र (Agreement Paper) मा निम्न व्यहोरा खुलेको हुनुपर्ने छ :

(१) सामानको नाम, ब्राण्ड र मोडेल नम्बर भए सो समेत ।

(२) सामान उत्पादन गर्ने मुलुकको नाम ।

(३) इकाई, मूल्य, परिमाण र जम्मा मूल्य ।

(४) सेवा आयात गरिने भएमा आयात सम्बन्धी सम्पूर्ण विवरण करारपत्र (Contract Paper) वा सम्झौतापत्र (Agreement Paper) मा खुलाइएको हुनुपर्ने ।

(ग) भुक्तानी पठाउँदा अपनाउनु पर्ने प्रक्रिया : कुनै फर्म/कम्पनी/निकायले वस्तु तथा सेवा (लिज समेत) आयात गर्दा देहाय बमोजिमको प्रक्रिया अपनाई अग्रिम भुक्तानी पठाउन सक्नेछन् :

(१) विदेशी बैंकको बैंक ग्यारेण्टीका आधारमा आंशिक वा पूरै रकम अग्रिम भुक्तानी पठाउन सकिनेछ ।

(२) वस्तु आयात गर्दाको हकमा टी.टी. मार्फत् आयात गर्न तोकिएको सीमाभन्दा बढी रकमको आयात गर्ने भएमा विदेशी बैंकको बैंक ग्यारेण्टी आवश्यक पर्नेछ । तर यसरी आयात गर्दा दफा १.७ मा उल्लेखित व्यवस्थाहरूको पालना भएको हुनु पर्नेछ ।

(३) नेपाली वायुसेवा कम्पनीहरूले हवाई जहाजका इन्जिन वा पार्टपूर्जा जस्ता सामान आयात गर्दा सम्बन्धित नियमनकारी निकाय (नेपाल नागरिक उडड्यन प्राधिकरण) को सिफारिस समेतका कागजातका आधारमा प्रचलित व्यवस्था अन्तर्गत रही अमेरिकी डलर १ लाखसम्मको अग्रिम भुक्तानी बैंक तथा वित्तीय सस्था स्वयमले पठाउन सक्नेछन् । तर यस प्रयोजनको लागि विदेशी बैंकको वैक ग्यारेण्टी आवश्यक पर्ने छैन ।

(४) उक्त बैंक ग्यारेण्टी कारोबार सम्पन्न भई सक्ने समयलाई खाम्ने गरी बनाइएको हुनुपर्ने छ ।

(५) समयमा मालसामान आयात तथा सेवा खरिद भए नभएको सम्बन्धमा बैंक स्वयम्ले अनुगमन गर्नु पर्नेछ । विदेशी बैंकबाट जारी गरेको बैंक ग्यारेण्टी कारोबार सम्पन्न हुने समयभन्दा न्युनतम १ महिनाभन्दा बढी अवधिको म्याद भएको हुनु पर्नेछ । उक्त अवधिभित्र मालसामान आयात तथा सेवा खरिद आयात नभएमा बैंक ग्यारेण्टी जफत गरी ७ दिनभित्र सोको विवरण यस विभागमा पेश गर्नु पर्नेछ ।

१.१० <u>बीमा, ढुवानी, क्लियरिङ्ग, फर्वाडिङ्ग सम्बन्धी व्यवस्था</u>

अ. विदेशबाट मालसामान आयात गर्ने क्रममा क्लियरिङ्ग, फर्वाडिङ्ग, ढुवानी, भाडा भरौट आदिको लागि भुक्तानी गर्नु पर्ने पक्षको आधिकारिक निवेदन साथ देहायका कागजातका आधारमा सटही सुविधा प्रदान गर्न सकिने छ :

(१) आयातकर्ता आफैले त्यस्तो खर्चको भुक्तानी नगर्ने भएमा एजेन्टलाई काम सुम्पिएको व्यहोरा खुल्ने कागजात ।

(२) कार्गो, क्लियरिङ्ग/फर्वाडिङ्ग एजेन्सीबाट सम्बन्धित पक्षको नाममा जारी भएको रकम र प्रयोजन खुलेको बिल बीजक ।

(३) ढुवानीसम्बन्धी कागजात (बि.एल., एच.बि.एल, कन्साइन्मेण्ट नोट, एल.आर., आर.आर, सि.टी.डी, आदि) को प्रतिलिपि ।

(४) निर्यातकर्ताले आयातकर्ताको नाममा जारी गरेको आयात हुने मालसामानको मूल्य र मूल्य आधार तथा स्थान (Incoterms) खुलेको प्रोफर्मा वा कमर्सियल इन्भ्वाइस वा अन्य कागजात ।

(५) आयातकर्ता आफैँले भुक्तानी गर्ने भएमा आयात भएको पुष्टि हुने भन्सार प्रज्ञापनपत्र र राजस्व तिरेको रसीदको प्रतिलपि ।

(६) मालसामान आयातको लागि जारी भएको प्रतीतपत्र वा ड्राफ्ट टी.टी. को प्रतिलिपि र क्रेडिट सुविधामा आयात (भारतको हकमा) हुने भएमा सो व्यहोरा खुल्ने कागजात वा आयातकर्ताको स्वघोषणा ।

आ. सामान निर्यात गर्दा ढुवानी/क्लियरिङ्ग/फर्वार्डिङ्ग आदिको लागि सम्बन्धित पक्षको आधिकारिक निवेदन साथ देहायका कागजात लिई सटही सुविधा प्रदान गर्न सकिने छ :

(१) एजेन्ट मार्फत गर्ने भएमा सम्बन्धित एजेन्टलाई काम सुम्पिएको व्यहोरा खुल्ने कागजात ।

(२) एजेन्सीबाट सम्बन्धित पक्षको नाममा जारी भएको बिल बीजक वा अन्य कागजात ।

(३) सामान निकासी भएको प्रमाणित हुने भन्सार प्रज्ञापनपत्र र राजस्व तिरेको रसिद ।

(४) ढुवानीसम्बन्धी कागजातको प्रतिलिपि

(५) निर्यातकर्ताले जारी गरेको निर्यात हुने मालसामानको मूल्य आधार तथा स्थान (Incoterms) खुलेको प्रोफर्मा वा कमर्सियल इन्भ्वाइस वा अन्य कागजातको प्रतिलिपि ।

इ. आयातकर्ताले ढुवानी/बीमा खर्च भुक्तानी गर्ने गरी (FOB/FCA/EXW/FAS जस्ता Incoterms को आधारमा) प्रतीतपत्र, ड्राफ्ट, टी.टी. वा DAP/DAA मार्फत् आयात गर्दा प्रचलित व्यवस्थाका अतिरिक्त देहायका व्यवस्था समेत पालना गर्नु पर्नेछ ।

(क) सामान आयात गर्दा बीमा र ढुवानीसम्बन्धी सेवाहरु लिँदा सम्भव भएसम्म नेपाली सेवा प्रदायकलाई प्राथमिकता दिनु पर्नेछ ।

(ख) विदेशबाट ढुवानी तथा बीमा गराउनुपर्ने भएमा ढुवानी तथा बीमाको लागत प्रष्ट हुने कागजात/बिल संलग्न गर्नु पर्नेछ ।

(ग) ढुवानी तथा बीमाको लागत प्रष्ट रुपमा छुट्टै देखिने गरी वि.वि.नि.फा.नं. ४/४(क)/४(ख)/४(ग)/४(घ) जारी गर्नु पर्नेछ ।

(घ) सम्बन्धित कम्पनीले जारी गरेको Invoice/Bill को आधारमा प्रतीतपत्र जारी गर्ने बैंकले उक्त Invoice/Bill मा उल्लेखित रकमको सटही सुविधा सम्बन्धित एजेन्सीको नाममा उपलव्ध गराउनु पर्नेछ ।

(ई) मालसामान आयात/निर्यात गर्दा क्लियरिङ्ग, फर्वाडिङ्ग, ढुवानी आदिको लागि अग्रिम भुक्तानी गर्नु परेमा यस्तो भुक्तानी आवश्यक पर्ने प्रमाणित हुने कागजात र भुक्तानी गर्नु पर्ने पक्षले आवश्यक कागजात पछि पेश गर्ने प्रतिबद्धता सहित दिएको आधिकारिक निवेदनको आधारमा सटही प्रदान गर्न सकिनेछ । यस्तो अग्रिम भुक्तानी गएको सटहीको अभिलेख राखी सटही लिएको रकम पुष्टि हुने गरी माथि खण्ड (ज) र (झ) बमोजिमका आवश्यक कागजात समयमै पेश नगर्नेको विवरण मासिक रूपमा यस विभागमा पठाउनु पर्नेछ ।

(उ) सामान आयात वा निर्यातको सिलसिलामा पोर्ट अथोरिटी, **ढुवानी/कन्टेनर सेवा प्रदायक** वा सोसम्बन्धी कार्य गर्ने निकाय/**संस्था**मा तिर्नु पर्ने डेमुरेज (Demurrage) **तथा डिटेन्सन (Detention)** शुल्कको लागि सम्बन्धित आयात/निर्यातको लागि जारी भएको ढुवानीसम्बन्धी कागजातको प्रतिलिपि र सो ढुवानी कागजातको नम्बर समेत उल्लेख भई सम्बन्धित निकाय/**संस्था**बाट जारी भएको बिल बिजकको आधारमा सटही प्रदान गर्न सकिनेछ ।

(ऊ) नेपालका आयातकर्ताहरूले भारतका विभिन्न स्थानबाट भारतीय ट्रान्सपोर्ट/कम्पनी मार्फत माल सामान ढुवानी गराउँदा लाग्ने ढुवानी खर्चको लागि सम्बन्धित आयातकर्ताको निवेदन साथ ढुवानी सम्बन्धी कागजातको प्रतिलिपि, बिल/बीजक आदि लिई ढुवानी बापतको हुने रकम उपलव्ध भएसम्म नगदमै पनि दिन सकिने छ । पूरै रकम नगदमा सटही प्रदान नभई आंशिक रूपमा केही रकम नगदमा सटही प्रदान गरेको अवस्थामा बाँकी रकम अन्य माध्यमबाट सटही प्रदान गर्नु पर्दा नगद सटही प्रदान गर्ने बैंक तथा वित्तीय संस्थाले नै सटही प्रदान गर्नुपर्ने छ । यसरी गरेको भुक्तानीको सटही सुविधा प्रदान गर्ने बैंक, वित्तीय संस्थाले नगद सटही प्रदान गरेपछि सो व्यहोरा पुष्टि हुने गरी ढुवानीसम्बन्धी कागजात र बिल, बिजकको सक्कल प्रतिमै दरपीठ गरी छाप लगाउने र सो दरपीठ भएको कागजातको प्रतिलिपि राख्नुपर्ने छ ।

(ऋ) आयातीत मालसामान भारतको विभिन्न स्थानस्थित वेयर हाउस/गोदाममा राख्दा गरिने बीमा र भारतीय बिक्रेताले बिक्री भएको सामानको वारेन्टीस्वरूप निश्चित अवधिको लागि गरिदिने सहुलियत दरको

बीमा गरे बापतको रकम सम्बन्धित बिक्रेतासँग भएको सम्झौता वा सोको आधारमा जारी भएको बिल बिजक र बीमा कम्पनीले जारी गरेको बीमा पोलिसीको प्रतिलिपि तथा बिल बिजकको आधारमा गरिने भुक्तानीको लागि आवश्यक सटही प्रदान गर्न सकिने छ ।

(ए) भारतबाट नेपालमा सामान ढुवानी गर्ने तथा नेपालबाट तेस्रो मुलुक/भारतमा निर्यात गर्ने क्रममा भारतीय ट्रान्सपोर्ट कम्पनीहरूलाई नगदमा नै भा.रु. तिर्नु पर्ने अवस्था आई परेमा भा.रु. ७५,०००।- (पचहत्तर हजार मात्र) सम्म ट्रान्सपोर्ट कम्पनीहरूद्वारा जारी गरिएको ट्रक रिसिट तथा सक्कल प्रज्ञापनपत्रमा सटही दिएको रकम दरपीठ गरी यस बैंकबाट समेत नगदमा सटही सुविधा उपलव्ध गराउन सकिने छ ।

(ऐ) नेपालका फलाम सम्बन्धी काम गर्ने उद्योगहरूले भारतीय स्पात निगम (Steel Corporation) बाट परिवर्त्य विदेशी मुद्रामा कच्चा पदार्थ आयात गर्दा सो निगमले भारतीय रेलवे मार्फत् ढुवानी गरी पठाइदिएमा सम्बन्धित बिल बीजकको आधारमा ढुवानी बापतको रकम उक्त निगमलाई भुक्तानी पठाउन सकिनेछ ।

१.११ <u>भारतबाट वस्तु तथा सेवा आयात गर्दा प्रदान गरिने सटही सुविधा तथा भारतीय रूपैयाँको खरिद/बिक्री कारोबार सम्बन्धी व्यवस्था</u>

नेपाल भारत बीच हुने वस्तु तथा सेवा आयात र भारतीय रूपैयाँ खरिद/बिक्री कारोबार सम्बन्धमा नेपाल राष्ट्र बैंक, बैंकिङ विभागलगायत सबै प्रदेशस्थित कार्यालयहरू तथा इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थालाई समेत लागू हुने गरी देहाय बमोजिमको व्यवस्था गरिएको छ ।

१.११.१ <u>नेपाल र भारतबीच हुने व्यापारिक कारोबारको लागि सटही व्यवस्था:</u>

(क) मालसामान आयातको भुक्तानीका लागि प्रचलित व्यवस्था अन्तर्गत रही प्रतीतपत्र, ड्राफ्ट वा टी.टी.को माध्यमबाट भारतीय रुपैयाँको सटही प्रदान गर्न सकिनेछ । तर, भा.रु. ३ करोडभन्दा बढीको बस्तु आयात अनिवार्य रुपले प्रतीतपत्र मार्फत् गर्नुपर्नेछ । यसरी सटही प्रदान गर्दा यसै साथ संलग्न नमूना बमोजिमको वि.वि.नि.फा.नं.४ (ग) जारी गर्नुपर्नेछ । यसरी प्रतीतपत्र, ड्राफ्ट वा टी.टी. को माध्यमबाट सामान आयात गर्दा प्रचलित व्यवस्था बमोजिम २ वा १० प्रतिशत धरौटी लिनुपर्नेछ र सो रकमबाट भंसार महसुल बुझाउने प्रयोजनको लागि आयातकर्ताको अनुरोधमा चेक उपलब्ध गराउन सकिनेछ । तर, विद्युतीय भुक्तानी प्रणाली लागू भई विद्युतीय माध्यमबाट मात्र भन्सार राजस्व लिने व्यवस्था भएका भन्सार कार्यालयहरुमार्फत् हुने आयातको हकमा चेक जारी गर्न पाइने छैन । उल्लिखित धरौटी रकम भने लिनु पर्नेछ ।

(ख) **दफा १.१.१(क)(३) बमोजिमको व्यहोरा** उल्लेख भएको प्रो-फर्मा इन्भ्वाइस वा अन्य कागजातको आधारमा अग्रिम तथा आंशिक रूपमा समेत यस्तो सटही सुविधा प्रदान गर्न सकिने छ । यसरी आंशिक रूपमा सटही सुविधा प्रदान गरेको अवस्थामा पूरै रकमको सटही प्रदान गरिसके पछि वा आयातकर्ताले सटही सुविधा लिएको रकम मात्रको मालसामान आयात हुने व्यहोरा उल्लेख गरी निवेदन दिएको अवस्थामा सटही मिति र रकम समेत उल्लेख गरी सटही प्रदान भएको पूरै रकमको वि.वि.नि.फा.नं. ४(ग) जारी गर्नु पर्नेछ । अग्रिम भुक्तानी रकमबाट पटके ढुवानी (Partial Shipment) को माध्यमबाट आयात हुने भएमा सम्बन्धित आयातकर्ताको निवेदन बमोजिम पटके ढुवानी हुने रकमसम्मको वि.वि.नि.फा.नं. ४ (ग) समेत जारी गर्न सकिनेछ ।

(ग) आंशिक रूपमा सटही प्रदान गरेको अवस्थामा सटही प्रदान गर्दा लिएको कागजातमा उल्लिखित अवधिभित्र पूरै सटही सुविधा लिई वि.वि.नि.फा.नं. ४(ग) जारी गराउन नआउने वा सटही लिएको रकम फछ्र्यौट नगराउने आयातकर्ताको नाम ठेगाना, सटही लिएको मिति र रकम सहितको विवरण यस विभागलाई अबिलम्ब रूपमा उपलब्ध गराउनु पर्नेछ ।

(घ) आयात गरेका मालसामान नियमित प्रकृया अनुरूप भन्सार जाँचपास भएपछि सम्बन्धित भन्सार कार्यालयबाट वि.वि.नि.फा.नं. ४(ग) मा प्रमाणित गरी सो प्रमाणित फारामको १ प्रति सम्बन्धित बैंकलाई नै फिर्ता गर्नु पर्नेछ। प्रमाणित भएको यस्तो फाराम सम्बन्धित आयातकर्ता मार्फत पनि बैंकमा फिर्ता गर्न सकिनेछ।

(ङ) आयात गरेका मालसामान नियमित प्रक्रिया अनुरूप भन्सार छुटाई लगिसकेपछि सम्बन्धित भन्सार कार्यालयबाट उपर्युक्त वि.वि.नि.फा.नं. ४(ग) मा दरपीठ गरी सोही फाराममा उल्लेख गरे अनुरूप गर्नु पर्नेछ।

(च) क्रेडिट सुविधा अन्तर्गत वा उधारोमा आयात हुने मालसामानको हकमा समेत वि.वि.नि. फा.नं. ४(ग) जारी गर्नु पर्नेछ र खण्ड (क) बमोजिमको धरौटी लिनु पर्नेछ। त्यस्तो आयातको भुक्तानी गर्दा कागजात अनुरूपका मालसामान आयात भई सकेको र पछि भुक्तानी गर्नु पर्ने व्यहोरा प्रमाणित हुने देहायका कागजातहरूको आधारमा ड्राफ्ट/टी.टी.को माध्यमबाट सम्बन्धित निर्यातकर्ताको नाममा भुक्तानी हुने गरी सटही दिन सकिनेछ :

(१) भुक्तानीको शर्त उल्लेख भएको वा उधारो बिक्री गरेको पुष्टि हुने क्रेडिट बिल बीजक।

(२) सामान ढुवानी भएको पुष्टि हुने ढुवानी सम्बन्धी कागजात।

(३) आयात भएको पुष्टि हुने भन्सार प्रज्ञापनपत्र।

(४) राजस्व तिरेको रसिद।

(५) ९० दिनपछि भुक्तानी हुने भएमा सम्बन्धित पक्षले बिल बीजक नं. र रकम समेत उल्लेख गरी भुक्तानी दावि गरेको पत्र।

(६) भन्सार कार्यालयबाट दरपीठ भएको वि.वि.नि.फा.नं.४(ग)।

यसरी सटही प्रदान गरेपछि प्रज्ञापनपत्र र राजस्व तिरेको रसिद लगायतका सक्कल कागजातहरूमा सटही प्रदान गरेको व्यहोरा दरपीठ गरी बैंक/वित्तीय संस्थाको छाप लगाई सो कागजातका प्रतिलिपिहरू सुरक्षित राख्नु पर्नेछ।

तर, यसरी प्रतीतपत्रमार्फत् उधारोमा सामान आयात गर्दा प्रतीतपत्रमा उल्लेख भएको भुक्तानीको शर्त बमोजिमको अवधिभित्र भुक्तानी पठाउनु पर्नेछ।

(छ) भारतीय पत्रपत्रिकाको भुक्तानी पठाउँदा पत्रपत्रिका पठाउने कम्पनीको बीजकको आधारमा एकाउन्टपेयी ड्राफ्ट/टी.टी./मेल ट्रान्सफर आदिको माध्यमबाट भुक्तानी हुने गरी प्रमाण राखी सटही दिन सकिनेछ।

(ज) भारतमा कर्जा लिने प्रयोजन बाहेक व्यापारिक कारोबारको लागि आवश्यक पर्ने सबै किसिमका बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड, विड वण्ड, एडभान्स पेमेन्ट ग्यारेण्टी आदि) बैंक, वित्तीय संस्था आफैंले जारी गर्न सक्नेछन्। तर, प्राकृतिक व्यक्ति निवेदक र/वा प्राकृतिक व्यक्ति वेनिफिसियरी हुने भएमा कुनै पनि किसिमको बैंक ग्यारेण्टी जारी गर्न पाइने छैन।

(झ) भारतबाट अनुसूची १.१६ मा उल्लिखित खाद्य तथा पेय पदार्थ आयात गर्दा नेपाल सरकारको सम्बन्धित निकायको पूर्व स्वीकृति लिनु पर्नेछ। आयात सम्बन्धी कागजातमा उल्लिखित आयातकर्ता, निर्यातकर्ता, परिमाण र मूल्य सम्बन्धी विवरण त्यस्तो अनुमतिपत्रमा उल्लेख भएको विवरणसँग मेल खाएको हुनु पर्नेछ।

१.११.२ <u>नेपाल सरकारका विभिन्न निकाय सरकारी तथा अर्धसरकारी संघ संस्था, नेपाली संघ संस्था कम्पनी, कुटनीतिक नियोग र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थालाई प्रदान गर्ने सेवा आयात तथा अन्य सटही व्यवस्था :</u>

(क) सरकारी तथा अर्ध सरकारी संस्थानहरू जस्तैः साल्ट ट्रेडिंग कर्पोरेशन, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. आदिका सामानहरूको भारतीय रेल्वेबाट सामान छुटाउन रेल्वेको चलान हेरी सो मा उल्लेख भएको रकम बराबरको सटही दिन सकिनेछ। यसरी सटही दिइएकोमा सटही दिइएको मितिले १५ दिन भित्र रेल्वे रिसिप्टको प्रमाणित प्रति पेश गराउनु पर्नेछ।

(ख) भारतमा कार्यालय खोली काम गर्न कानुनतः स्वीकृति प्राप्त गरेका नेपाली कम्पनीहरूको कार्यालय सञ्चालनको लागि खर्चको फाँटवारी पेश गर्ने शर्तमा ३ महिनाको लागि आवश्यक हुने रकम सटही प्रदान गर्न सकिनेछ। यसरी प्रदान भएको सटही सुविधा रकमको फाँटवारी पेश भएपछि मात्र थप सटही सुविधा प्रदान गर्नु पर्नेछ। यस्तो फाँटवारी छ महिनासम्म पनि पेश नगर्ने कम्पनीको नाम, ठेगाना, सटही उपलब्ध गराएको मिति र रकम समेतको विवरण समय समाप्त भएको ७ दिनभित्र यस विभागमा पठाउनु पर्नेछ।

(ग) कुटनीतिक नियोगले आफ्नो विदेशी मुद्राको स्रोतबाट खर्च हुने गरी निश्चित प्रयोजन तोकी आधिकारिक अनुरोध गरेमा सटही प्रदान गर्न सकिनेछ।

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरूले विभिन्न दातृ निकायबाट विदेशी मुद्रामा प्राप्त गरेका सहयोग रकममा नबढ्ने गरी आफ्ना कार्यक्रम सञ्चालन लगायतका विविध कार्यहरूको लागि सटही माग गरेमा नियामक निकाय वा सम्बन्धित सरकारी निकायबाट कार्यक्रम सञ्चालन गर्न वा खर्च गर्न दिएको स्वीकृति, विदेशी मुद्रा भित्रिएको प्रमाण तथा त्यस्ता कार्यको लागि जारी भएका सम्झौता/सहमति, बिल/बीजक जस्ता स्पष्ट प्रयोजन खुलेका कागजात र आधिकारिक अनुरोधको आधारमा सटही सुविधा उपलब्ध गराउन सकिनेछ। विदेशी मुद्राको स्रोत नभएको अवस्थामा यस्तो सटही आवश्यक परेमा सम्बन्धित नियामक निकाय वा सरकारी निकायको स्वीकृति/सिफारिसको आधारमा मात्र उपलब्ध गराउन सकिनेछ।

(ङ) नेपाल सरकारका विभिन्न निकाय सरकारी तथा अर्ध सरकारी संघ संस्थाहरू र विधिवत दर्ता भएका नेपाली संघ संस्था कम्पनीहरूले आफ्ना पदाधिकारी तथा कर्मचारीहरूलाई भारतमा तालिम, गोष्ठी, सभा, सेमिनार आदिमा पठाउन आवश्यक पर्ने रकमको लागि आधिकारिक पत्रको आधारमा सटही प्रदान गर्न सकिनेछ।

(च) नेपाल सरकार, सो अन्तर्गतका विभिन्न निकाय, सरकारी तथा अर्धसरकारी संघ संस्थाहरू, यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूले विभिन्न प्रयोजन (जस्तैः मालवस्तु तथा सेवा आयात, लिज वा लिज पर्चेज, सदस्यता शुल्क, सेवा भुक्तानी, मर्मत, विज्ञापन, सफ्टवेयर खरिद तथा सेवा, छपाई, डेमरेज, कानुनी सेवा, परामर्श सेवा, प्राविधिक लगायतका सेवा शुल्क) को लागि प्रयोजन पुष्टि हुने आवश्यक कागजात सहित भारतीय रूपैयाँको सटही सुविधा माग गरेमा नियमानुसार लाग्ने अग्रिम कर (TDS) दाखिला गरेको प्रमाण वा दाखिला गर्ने लिखित प्रतिवद्धताको आधारमा प्रचलित व्यवस्था बमोजिम भारतस्थित Beneficiary लाई भुक्तानी गर्ने प्रयोजनको लागि सटही सुविधा प्रदान गर्न सकिनेछ। यस्तो सटही सुविधा व्यक्ति विशेषको नाममा पठाउनु परेमा यस विभागको स्वीकृति अनिवार्य रूपमा लिएको हुनु पर्नेछ।

(छ) परिवर्त्य विदेशी मुद्राको आफ्नै स्रोत भएका नेपाली संघसंस्था, कम्पनी, फर्महरूले आफ्नै विदेशी मुद्रा खाता खर्च हुने गरी भारतीय रूपैयाँको सटही माग गरेमा माथि खण्ड (च) मा

उल्लिखित प्रयोजनका लागि सोही खण्डमा उल्लिखित प्रक्रिया पूरा गरी सटही सुविधा प्रदान गर्न सकिनेछ ।

(ज) नेपालमा विधिवत दर्ता भई विविध किसिमका व्यापार व्यवसाय गर्ने व्यवसायीहरू (फर्म/कम्पनी/संस्था बाहेक) ले आफ्नो व्यवसायबाट भएको नाफा भारत पठाउन चाहेमा सम्बन्धित व्यवसायीको आधिकारिक निवेदन साथ देहायका कागजातको लिई सटही प्रदान गर्न सकिने छ :

(१) व्यापार/व्यवसाय दर्ता तथा कारोबार अनुमति प्रमाणपत्रको प्रतिलिपि ।

(२) प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

(३) सम्बन्धित आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र ।

(४) सम्बन्धित व्यवसायीको पहिचान खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

१.११.३ <u>अन्तर बैंक तथा वित्तीय संस्था सम्बन्धी कारोबार व्यवस्था :</u>

(क) बैंक/वित्तीय संस्थाहरू र यस बैंक बीच हुने भारतीय रूपैयाँ खरिद बिक्री कारोबारलाई सुचारू रूपले सञ्चालन गर्न निम्नानुसारको व्यवस्था गरिएको छ :-

(१) व्यापारिक तथा कार्ड कारोबारको भुक्तानी दिनको निमित्त भारतीय रुपैयाँको मौज्दात कायम गर्ने प्रयोजनका लागि मासिक कारोबारको आधारमा बैंक तथा वित्तीय संस्थाहरूलाई औसतमा एक हप्तालाई आवश्यक हुने भारतीय रुपैयाँको सटही सुविधा यस बैंकको बैंकिङ विभागबाट उपलब्ध गराइने छ । यस प्रयोजनको लागि बैंक तथा वित्तीय संस्थाहरूले यसै परिपत्रसाथ संलग्न वि.वि.नि.भा.रु.फा.नं. १ बमोजिमको विवरण भरी आवेदन दिनु पर्नेछ ।

(२) सम्बन्धित बैंक/वित्तीय संस्थाहरूले भा.रू. रकमान्तर गर्नुपर्दा Value Date भन्दा तीन कार्य दिन (Working Day) अगाडि नै रकमान्तरको लागि यस बैंकको बैंकिङ्ग विभागमा आवेदन दिनु पर्नेछ ।

(३) यसरी अनुरोध प्राप्त भएपछि बैंकिङ्ग विभागले Value Date अगावै रकमान्तरको व्यवस्था गर्नु पर्नेछ ।

(४) Value Date को दिन सम्बन्धित बैंक/वित्तीय संस्थाको खातामा रकमान्तर गरेको रकम बराबरको हुने रकम बैंकिङ्ग विभागले प्रचलित नियमानुसार Debit गर्नु पर्नेछ ।

(५) Value Date को दिन सम्बन्धित बैंक/वित्तीय संस्थाहरूको खातामा पर्याप्त मौज्दात नरहेमा ब्याज सहित असुल उपर गर्नु पर्नेछ ।

(६) बैंक/वित्तीय संस्थाहरूले यस बैंकसँग भारतीय रूपैयाँ खरिद गर्दा सर्वसाधारणसँग लिइने खरिद र बिक्री दरबीचको बट्टा दरको ५० प्रतिशतका दरले बट्टा कमिसन प्रदान गरिनेछ ।

(ख) नेपालका बैंक/वित्तीय संस्थाहरूले भारतीय बैंकहरूमा Bank Deposit को रूपमा भारतीय रूपैयाँ लगानी गर्न पाइने छैन ।

(ग) बैंक/वित्तीय संस्थाहरूले चाहेमा भारतीय रूपैयाँको अन्तर बैंक कारोबार र अन्तर बैंक कर्जा सापटी (Lending/Borrowing) कारोबार गर्न सक्नेछन् ।

(घ) नेपाली बैंक/वित्तीय संस्था उपर खिचिएका चेकहरू भारतीय बैंकहरू मार्फत् भारतीय रूपैयाँमा भुक्तानी हुने गरी कलेक्सनको लागि पेश हुन आएको खण्डमा सटही दिन पाइने छैन ।

(ङ) नगद भा.रू. लिई सोको भा.रू. ड्राफ्ट माग्न आएमा त्यस्तो ड्राफ्ट जारी गर्न पाइने छैन ।

१.११.४ भारतमा रिप्याट्रियशन गर्ने व्यवस्था :

(क) नेपालमा कार्य गर्न कानुनतः स्वीकृति पाएका भारतीय बीमा कम्पनीहरूले खर्च भई बाँकी रहेको रकम भारत रिप्याट्रियसन गर्न चाहेमा वि.वि.नि.भा.रू.फा.नं. २ बमोजिमको निवेदन लिई सटही सुविधा प्रदान गर्न सकिनेछ ।

(ख) नेपालमा कार्य गर्ने बीमा कम्पनीहरूले पुनर्वीमा बापतको रकम भारतमा भुक्तानी गर्नु पर्दा देहायका कागजातका आधारमा सटही दिनु पर्नेछ :

(१) सम्बन्धित बैंक तथा वित्तीय संस्थाको नाममा जारी भएको नेपाल बीमा प्राधिकरणको सक्कलै सिफारिस पत्र ।

(२) नेपाल बीमा प्राधिकरणले सिफारिस गरेको रकमलाई पुष्टि गर्ने सम्बन्धित पुनर्वीमा कम्पनीहरूको डेबिट/क्रेडिट नोट, इन्भ्वाइस जस्ता कागजात ।

(३) भुक्तानी गर्नुपर्ने रकमको Gross रकममा प्रचलित व्यवस्था अनुसार अग्रिम आयकर (TDS) दाखिला गरेको निस्सा ।

(ग) नेपालमा कार्य गर्न विधिवत स्वीकृति पाएका भारतीय एयरलाइन्सको खर्च भई बाँकी रहेको रकम भारतमा रिप्याट्रियसन गर्न चाहेमा वि.वि.नि.भा.रू.फा.नं. ३ बमोजिमको निवेदन लिई सटही सुविधा प्रदान गर्न सकिनेछ ।

(घ) भारतीय परीवहन निगम, ट्राभल, टूर, ट्रेकिङ्ग तथा बुकिङ्ग एजेन्सीसँग सम्झौता/सहकार्य गरी यातायातका विभिन्न साधन लगायत विविध भ्रमणको लागि टिकट/भ्रमण प्याकेज बुकिङ्ग गर्न विधिवत स्वीकृति प्राप्त गरेका नेपाली एजेन्सीहरूले उल्लिखित प्रयोजनको लागि आधिकारिक अनुरोध गरी सटही माग गरेमा सम्झौता/सहमति र प्रयोजन खुल्ने कागजात वा बिक्री/बुकिङ्ग गरेको विवरण वा बिल/बीजकको आधारमा सम्बन्धित पक्षलाई भुक्तानी गर्ने प्रयोजनको लागि सटही दिन सकिनेछ । तर, यस्तो सुविधा भारत भ्रमणको लागि मात्र उपलब्ध हुनेछ र प्रचलित करसम्बन्धी व्यवस्थाबमोजिम कर लाग्ने भए कर दाखिला गरेको निस्सा समेत पेश गर्नु पर्नेछ ।

१.११.५ कागजात सुरक्षित राख्नु पर्ने :

यस परिपत्र बमोजिम व्यापारिक कारोबार एवम् सटही सुविधा प्रदान गर्दा लिइएका प्रमाणित कागजातहरू यस बैंकबाट निरीक्षण हुँदा तथा प्रचलित कानुन बमोजिम जाँचबुझ गर्ने अधिकारीबाट जाँचबुझ हुँदाका बखत देखाउन सक्ने गरी सुरक्षित राख्नु पर्नेछ ।

१.११.६ भा.रु. कारोबारको वि.वि.नि. फाराम पेश गर्ने व्यवस्था :

(क) यस बैंकका उपत्यका बाहिरस्थित कार्यालयहरूले आफ्नो कार्यालय र आफ्नो कार्यक्षेत्र अन्तर्गतका मनिचेञ्जर मार्फत भएको कारोबार विवरण एकीकृत गरी यस बैंकको बैंकिङ्ग कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(ख) यस बैंकको बैंकिङ विभागले उपत्यका बाहिरस्थित कार्यालयहरूले उपलब्ध गराएको तथ्याङ्क एकीकृत गरी यस विभागलाई उपलब्ध गराउनु पर्नेछ ।

(ग) बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना सम्पूर्ण कार्यालयहरूले गरेका सम्पूर्ण भारतीय रूपैयाँ सम्बन्धी कारोबारको मासिक विवरण एकीकृत गरी यस विभागलाई प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र वि.वि.नि.भा.रू.फा.नं. ४ र ५ बमोजिम उपलब्ध गराउनु पर्नेछ ।

(घ) यस बैंकको शोधनान्तर महाशाखाको प्रयोजनको लागि उपलब्ध गराउने गरेको तथ्याङ्क यथावत रूपमै उपलब्ध गराउनु पर्नेछ ।

१.११.७ भारतबाट लिएको सेवाको सटही स्वीकृति प्रदान गर्दा नेपाल सरकारलाई भुक्तानी गर्नुपर्ने अग्रिम आयकर (TDS), राजश्व लगायतका रकम यस बैंकले प्रकाशन गरेको भारतीय रुपैयाँको बिक्रीदरको आधारमा गणना गरी दाखिला गर्नु पर्नेछ ।

१.१२ ड्राफ्ट टी.टी., DAP, DAA र प्रतीतपत्र, लगायतका माध्यमबाट मालसामान आयात गर्दा त्यस्तो कारोबारमा कारोबारको भुक्तानीको माध्यम (Mode of Payment) सोही अनुरुप कुनै एउटा मात्र हुनु पर्नेछ । उपरोक्तानुसार अग्रिम भुक्तानी पठाउँदा कुनै एउटा उपकरण छनौट गर्नु पर्नेछ ।

१.१३ लगानी बोर्डबाट राष्ट्रिय महत्वको आयोजनाको रुपमा पहिचान भएको र हाल निर्माण शुरु भएको अरुण तेस्रो जलविद्युत आयोजनाको लागि PDA मा उल्लेख भए बमोजिम आयोजनाको विकासकर्ता SJVN-Arun -3 Power Development Company ले परामर्शदाता/निर्माणकर्ता ठेकेदार/आपूर्तिकर्तालाई दिनु पर्ने भुक्तानीको सटही सुविधा प्रदान गर्नुपर्दा विकासकर्ता कम्पनीबाट कार्यसम्पादन यकीन तथा लगानी बोर्डको कार्यालयबाट सिफारिस भई आएको आधारमा तपसिलमा उल्लेखित कागजातहरूको परीक्षण गरी वाणिज्य बैंकहरूले ठेक्का रकमको सीमा ननाघ्ने गरी सिधै भारतीय रुपैयाँको सटही सुविधा प्रदान गर्न सक्नेछन् । यसरी वाणिज्य बैंकले सटही सुविधा उपलब्ध गराउँदा सोको जानकारी लगानी बोर्डको कार्यालय र यस विभागलाई दिनु पर्नेछ। यसरी ड्राफ्ट/टी.टी.मार्फत् भारतीय परामर्शदाता/निमार्णकर्ता ठेकेदार/आपूर्तिकर्तालाई भारतमा भुक्तानी हुने गरी त्यस्तो सटही सुविधा उपलब्ध गराउँदा दफा १.११.१ (क) र (च) तथा एकीकृत इ.प्रा. परिपत्रः ११/२०८१ को खण्ड (ख) को दफा २ र ३ मा उल्लिखित रकमसम्बन्धी सीमा लागू हुने छैन । तर, परामर्शदाता/निर्माणकर्ता ठेकेदार/आपूर्तिकर्तासँग भएको करार-सम्झौताको रकमभित्र रहने गरी त्यस्तो सीमा प्रति बिल/बीजक भा.रु.२० करोडसम्म हुनेछ ।

<u>तपसिलः</u>

१.आयोजना विकासकर्ता SJVN- Arun -3 Power Development Company बाट कार्यसम्पादन भएको व्यहोराको पत्र ।

२.लगानी बोर्डको कार्यालयको सिफारिस पत्र ।

३.भुक्तानी बापत नियमानुसार तिर्नुपर्ने कर तिरेको प्रमाण ।

४.ठेक्का कुल रकमको सीमाभित्र रहेको प्रमाण ।

१.१४ औषधि ऐन, २०३५ (दोस्रो संशोधन सहित) मा भएको प्रावधान अनुरुप औषधिजन्य कुनै पनि कच्चा पदार्थ तथा तयारी औषधिहरु प्रतीतपत्र वा अन्य माध्यम (ड्राफ्ट, टी.टी. आदि) बाट निकासी पैठारी गर्दा नेपाल सरकार, औषधि व्यवस्था विभागको सिफारिसपत्र लिनु पर्नेछ ।

१.१५ आयात व्यापारमा आवश्यक पर्ने बीमा र ढुवानी सम्बन्धी सेवाहरु लिँदा सम्भव भएसम्म नेपाली सेवा प्रदायकलाई प्राथमिकता दिनु पर्नेछ ।

१.१६ नेपाल सरकारद्वारा प्रकाशित नेपाल राजपत्र (खण्ड ७२) मिति २०७९/०१/१३ (अतिरिक्ताङ्क १) को सूचनाबमोजिम केही वस्तुको पैठारीमा पूर्ण बन्देज लगाएकोले सोही सूचना बमोजिम गर्नु/गराउनु पर्नेछ ।

नेपाल सरकारद्वारा प्रकाशित नेपाल राजपत्र (खण्ड ७२) मिति २०७९/०३/३१ (अतिरिक्ताङ्क १५) को सूचनाबमोजिम केही वस्तुको पैठारीमा पूर्ण बन्देज लगाएकोले सोही सूचना बमोजिम गर्नु/गराउनु पर्नेछ ।

नेपाल सरकारद्वारा प्रकाशित नेपाल राजपत्र (खण्ड ७२) मिति २०७९/०५/१३ (अतिरिक्ताङ्क ३५) को सूचनाबमोजिम केही वस्तुको पैठारीमा पूर्ण बन्देज लगाएकोले सोही सूचना बमोजिम गर्नु/गराउनु पर्नेछ ।

नेपाल सरकारद्वारा प्रकाशित नेपाल राजपत्र (खण्ड ७२) मिति २०७९/०६/२८ (अतिरिक्ताङ्क ४५) को सूचनाबमोजिम केही वस्तुको पैठारीमा पूर्ण बन्देज लगाएकोले सोही सूचना बमोजिम गर्नु/गराउनु पर्नेछ ।

१.१७ आयात तथा निर्यात व्यापारको माध्यमबाट हुन सक्ने सम्पत्ति शुद्धीकरण (Trade Based Money Laundering) को कार्यलाई निरुत्साहन तथा नियन्त्रणमा सघाउ पुग्ने गरी इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आवश्यक कार्यविधि तथा आन्तरिक संरचना बनाई वस्तुको अन्तर्राष्ट्रिय बजार मूल्य र Proforma Invoice/Document मा उल्लिखित मूल्यबीच तुलनात्मक विश्लेषण समेत गरी यथार्थपरक देखिएमा सटही

सुविधा (ड्राफ्ट/टी.टी. जारी गर्ने, प्रतीतपत्र खोल्ने, D.A.A., D.A.P. आदि) उपलब्ध गराउनु पर्नेछ वा Document Handling गर्नु पर्नेछ ।

१.१८ यस एकीकृत इ.प्रा. परिपत्रः १/२०८१ मा अन्यत्र उद्योगले गर्ने आयातको हकमा दुई प्रतिशत र व्यापारिक संस्थाले गर्ने आयातको हकमा १० प्रतिशत धरौटी राख्नु पर्ने व्यवस्था भएतापनि विद्युतीय भुक्तानी प्रणाली लागू भई विद्युतीय माध्यमबाट मात्र भन्सार राजस्व लिने व्यवस्था भएका भन्सार कार्यालयहरुमार्फत् हुने आयातको हकमा उद्योगले एक प्रतिशत र व्यापारिक संस्थाले तीन प्रतिशत धरौटी राख्नु पर्नेछ ।

अनुसूची ११.१

(इ.प्रा. परिपत्र संख्या- १ को दफा १.१.१ को (ख) को प्रयोजनका लागि)

वि.वि.नि.फा.नं. ३

सि.नं. मिति :

.......................... बैंक

.........................शाखा ।

विषयः प्रतीतपत्र खोलेको विवरण ।

श्री व्यस्थापकज्यू

कृपया निम्न विवरण बमोजिमको आयात प्रतीतपत्र ...................... बिक्रेता/उत्पादनकर्ता फर्मको नाममा (क) खोली दिनुहुन (ख) संशोधन (ग) रद्द गरिदिनु हुन अनुरोध गर्दछु ।

१. खोलिने प्रतीतपत्र सम्बन्धी विवरण :

(क) प्रतीतपत्र खोलिने कुल विदेशी मुद्रा रकम :

(ख) सामान चलान हुने देश :

(ग) सामान आयात हुने भन्सार प्रवेश विन्दु :

२. सामानको विवरण

| आयात गरिने सामानको नाम | हार्मोनिक कोड नं. | परिमाण | मूल्य (वि.मु.रकम) |
|---|---|---|---|
| | | | |
| | | | |

..........................

निवेदकको दस्तखत

संशोधन तथा रद्दको हकमा :

१. प्रतीतपत्र नम्बर

२. संशोधन गर्नुपर्ने वुँदाहरू

(क)

(ख)

फर्मको नाम :

ठेगाना :

आयकर दर्ता नम्बर

---

सम्बन्धित बैंकले भर्नुपर्ने विवरण

१. आयात प्रतीतपत्र नम्बर

२. खोलेको मिति (इ.सं.मा)

३. बहाली मिति

४. प्रतीतपत्र खोलेको रकम (वि.मु.मा)

५. भुक्तानीको स्रोत : (क) बैंकको मौज्दातबाट

(ख) आयातकर्ताको विदेशी मुद्रा खाताबाट

६. विनिमय दर :

७. एडभाइजिङ्ग बैंकको नाम :

८. प्रतीतपत्रको भुक्तानी व्यवस्था : (क) साइट (ख) यूसान्स (कति अवधिको)

उपर्युक्त विवरण बमोजिम नियमानुसार आयात प्रतीतपत्र (क) खोलेको (ख) संशोधन (ग) रद्द गरेको व्यहोरा प्रमाणित गर्दछु ।

______________________

अख्तियार प्राप्त अधिकारीको दस्तखत

बैंकको छाप :

अनुसूची १.१क

(इ.प्रा. परिपत्र संख्या- १ को दफा १.१.१ को (ख) को प्रयोजनका लागि)
वि.वि.नि.फा.नं. ३ (ग)

सि.नं. मिति :

.......................... बैंक
.........................शाखा ।

विषय: प्रतीतपत्र खोलेको विवरण ।

श्री व्यस्थापकज्यू

कृपया निम्न विवरण बमोजिमको आयात प्रतीतपत्र ...................... बिक्रेता/उत्पादनकर्ता फर्मको नाममा (क) खोली दिनुहुन (ख) संशोधन (ग) रद्द गरिदिनु हुन अनुरोध गर्दछु ।

१. खोलिने प्रतीतपत्र सम्बन्धी विवरण :
 (क) प्रतीतपत्र खोलिने कुल विदेशी मुद्रा रकम :
 (ख) सामान आयात हुने भन्सार प्रवेश विन्दु :

२. सामानको विवरण

| आयात गरिने सामानको नाम | हार्मोनिक कोड नं. | परिमाण | मूल्य (वि.मु.रकम) |
|---|---|---|---|
| | | | |
| | | | |

..........................
निवेदकको दस्तखत

संशोधन तथा रद्दको हकमा :

१. प्रतीतपत्र नम्बर

२. संशोधन गर्नुपर्ने वुँदाहरू

(क)

(ख)

फर्मको नाम :

ठेगाना :

आयकर दर्ता नम्बर

---

सम्बन्धित बैंकले भर्नुपर्ने विवरण

१. आयात प्रतीतपत्र नम्बर

२. खोलेको मिति (इ.सं.मा)

३. बहाली मिति

४. प्रतीतपत्र खोलेको रकम (वि.मु.मा)

५. भुक्तानीको स्रोत : (क) बैंकको मौज्दातबाट
 (ख) आयातकर्ताको विदेशी मुद्रा खाताबाट

६. विनिमय दर :

७. एडभाइजिङ्ग बैंकको नाम :

८. प्रतीतपत्रको भुक्तानी व्यवस्था : (क) साइट (ख) यूसान्स (कति अवधिको)

उपर्युक्त विवरण बमोजिम नियमानुसार आयात प्रतीतपत्र (क) खोलेको (ख) संशोधन (ग) रद्द गरेको व्यहोरा प्रमाणित गर्दछु ।

______________________

अख्तियार प्राप्त अधिकारीको दस्तखत
बैंकको छाप :

अनुसूची १.२

(इ.प्रा. परिपत्र संख्या- १ को दफा १.१.४ को (क) को प्रयोजनका लागि)
वि.वि.नि.फा.नं. ४

..........................
.........................शाखा

सि.नं. मिति :

..........................
..........................
..........................।

विषयः पैठारीको भुक्तानी प्रमाणपत्र ।

महाशय,

निम्न विवरण बमोजिमका सामानको पैठारीको लागि मेशर्श श्री............................ ले यस बैंकबाट निम्नानुसार (क) भुक्तानी गरी (ख) क्रेडिट सुविधा (युसान्स प्रतीतपत्र) अन्तर्गत कागजात छुटाउनु भएको व्यहोरा प्रमाणित गर्दछु ।

१. आयात प्रतीतपत्र/डि.ए.पी/डि.ए.ए. नम्बर २. प्रतीतपत्र खोलेको/डि.ए.पी/डि.ए.ए.प्राप्त भएको वि.मु.रकम

३. भुक्तानी गरिएको वि.मु.रकम ४. भुक्तानी गरिएको मिति

५. क्रेडिट सुविधा अन्तर्गतको वि.मु.रकम ६. विनिमय दर

७. भुक्तानीको स्रोत : (क) बैंकको मौज्दातबाट (ख) आयातकर्ताको वि.मु. खाताबाट

८. सामानको विवरण :

| भुक्तानी गरिएको सामानको विवरण | हार्मोनिक कोड नं. | परिमाण | भुक्तानी रकम (वि.मु.) |
|---|---|---|---|
| | | | |
| | | | |

_________________________
अख्तियार प्राप्त अधिकारीको दस्तखत
छाप :

द्रष्टव्यः
डि.ए.पि.भन्नाले Documents Against Payment लाई जनाउँछ ।
डि.ए.ए. भन्नाले Documents Against Acceptance भन्ने जनाउँछ ।

---

भन्सार प्रयोजनको लागि

माथि उल्लिखित विवरण अनुसारको मूल्य विदेशी मुद्रा .................................. को जम्मा ...................................... परिमाणको ........................................................ सामानहरू मिति ............................ को भन्सार रसिद नं. .............. बाट यस भन्सार कार्यालयबाट छुटाइ लगेको प्रमाणित गर्दछौं ।

_________________________
भन्सार अधिकृतको दस्तखत
भन्सार अधिकृतको नाम :
छाप

नोट :

(क) पहिलो २ प्रति भन्सार प्रयोजनको लागि (भन्सार कार्यालयबाट प्रमाणित गरिसकेपछि १ प्रति सम्वन्धित बैंकमा नै बुझाउनु पर्ने ) ।
(ख) तेस्रो प्रति नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग, बालुवाटारमा पठाउनु पर्ने ।
(ग) चौथो प्रति सम्बन्धित बैंकमा अभिलेख राख्नु पर्ने ।

अनुसूची १.३

(इ.प्रा. परिपत्र संख्या- १ को दफा १.१.४ (ख) को (७) को प्रयोजनका लागि)
वि.वि.नि.फा.नं. ४(घ)

मिति :

......................

.................... शाखा

<u>क्रेडिट सुविधा (Usance प्रतीतपत्र) अन्तर्गत भुक्तानी गरेको प्रमाणपत्र</u>

श्री नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग
<u>बालुवाटार, काठमाडौं ।</u>

महाशय,

तल उल्लिखित आयातकर्ताले क्रेडिट सुविधा (Usance प्रतीतपत्र) अन्तर्गत खोलेको प्रतीतपत्रबाट मिति ............................ मा छुटाएको Document को भुक्तानी निम्न बमोजिम भएको व्यहोरा प्रमाणित गर्दछु ।

१. आयातकर्ताको नाम :

२. प्रतीतपत्र नं. :

३. प्रतीतपत्र खोल्दाको मिति :

४. प्रतीतपत्र खोल्दाको रकम :

५. भुक्तानी गरिएको वि.मु. रकम :

६. भुक्तानी मिति :

७. विनिमय दर :

...........................................

अख्तियार प्राप्त अधिकारीको दस्तखत

नाम :

पद :

बैंकको छाप :

अनुसूची १.४

(इ.प्रा. परिपत्र संख्या- १ को दफा १.१.१२ को (छ) को प्रयोजनका लागि)
परिवर्त्य विदेशी मुद्रामा सामान आयात गर्ने गरी खोलिएका प्रतीतपत्रहरूको साप्ताहिक विवरण

| विवरण | | | | | | आयात हुने वस्तु | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | एल.सी. नं | खोलेको मिति | प्रतीतपत्रको म्याद | आयातकर्ताको नाम | वेनिफिसियरीको नाम | नाम | परिमाण | मूल्य | उत्पादन भएको देश | चलान भएको देश | कुनै संशोधन भए |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अख्तियार प्राप्त अधिकारीको दस्तखत

नाम :

पद :

बैंकको छाप :

अनुसूची १.५

(इ.प्रा. परिपत्र संख्या-१ को दफा १.३.१ को (घ) को प्रयोजनको लागि)

वि.वि.नि.फा.नं. ३(ख)

मिति :

.......................... बैंक
.........................शाखा ।

विषयः परिवर्त्य वि.मु.को नगद/ड्राफ्ट/टी.टी. सटही सुविधा सम्बन्धमा ।

श्री व्यवस्थापकज्यू,

यस फर्म/कम्पनीलाई निम्न बमोजिमका सामान तातोपानी/रसुवागढी भन्सार विन्दुमार्फत् चीनबाट आयात गर्नुपर्ने भएको र सोको भुक्तानी नगद/ड्राफ्ट/टी.टी.को माध्यमबाट गर्नुपर्ने भएको हुँदा कृपया निम्नानुसार नगद विदेशी मुद्रा/ड्राफ्ट/टी.टी. सटही सुविधा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु । उपर्युक्त सटही अनुसारको वस्तु आयात गरी सोको निस्सा एवम् यसको लागि प्राप्त Transport Document को प्रतिलिपि **१२० (एक सय बीस) दिनभित्र** पेश गर्नेछु । उपर्युक्त मालवस्तु आयात गरी नसकेको व्यहोरा समेत अनुरोध गर्दछु । साथै, अन्य बैंक मार्फत् सोही Beneficiary लाई पछिल्लो सात कार्यदिनभित्र नगद/ड्राफ्ट/टी.टी. बाट रकम नपठाएको र सोही Beneficiary बाट यस पूर्व लिएको नगद/ड्राफ्ट/टी.टी. सुविधा अन्तर्गतको मालसामान Shipment हुन बाँकी नरहेको स्वघोषणा गर्दछु ।

१. वस्तुको नाम :
२. परिमाण :
३. विदेशी मुद्रा रकम :
४. Beneficiary को नाम ठेगाना :

(ड्राफ्ट/टी.टी.को हकमा मात्र लागू हुने)

निवेदक,

आधिकारिक दस्तखत
(आयातकर्ता फर्म/कम्पनीको नाम र छाप)

नोटः आयात गरिने सम्पूर्ण वस्तुहरूको नाम, ब्राण्ड, परिमाण, इकाइ मूल्य र कुल मूल्यबारे विस्तृत र छुट्टाछुट्टै विवरण अनिवार्य रुपले उल्लेख भएको हुनु पर्नेछ ।

अनुसूची १.६

(इ.प्रा. परिपत्र संख्या-१ को दफा १.३.१ को (घ) को प्रयोजनको लागि)
वि.वि.नि.फा.नं. ४(ख)
… … … … … बैंक
… … … … .. शाखा

मिति :

नेपाल सरकार
तातोपानी/रसुवागढी भन्सार कार्यालय ।

विषय :- ड्राफ्ट/टी.टी. सटही सुविधा सम्बन्धमा ।

निम्न विवरण बमोजिमको सामानको पैठारीको लागि श्री … … … … लाई यस बैंक/वित्तीय संस्थाबाट निम्नानुसारको विदेशी मुद्राको ड्राफ्ट/टी.टी. प्रदान गरिएको व्यहोरा प्रमाणित गरिएको छ । यस सम्बन्धी प्रोफर्मा इन्भ्वाइसको प्रतिलिपि यसैसाथ संलग्न छ । साथै, आयातकर्ताले उक्त वस्तु ट्रान्सपोर्ट डकुमेन्ट जारी गराई ढुवानी गर्ने व्यहोरा समेत अनुरोध छ ।

| क्र.सं. | आयात गरिने सामानको विवरण | हारमोनिक कोड नम्बर | परिमाण | सटही लिएको कुल वि.मु. रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

भवदीय,

________________________
विवरण तयार गर्नेको दस्तखत

________________________
अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप :

नोटः क. आयात गरिने सम्पूर्ण वस्तुहरूको नाम, ब्राण्ड, परिमाण, इकाइ मूल्य र कुल मूल्यबारे विस्तृत र प्रमाणित विवरण अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ । यस पृष्ठमा नअटाएको खण्डमा पछाडिको पृष्ठ प्रयोग गर्नु पर्नेछ ।

ख. माथि उल्लेखित ड्राफ्ट/टी.टी. को मिति भन्दा अगाडि नै नेपाल भित्रिसकेको मालवस्तुहरूको आयातको लागि यो फाराम प्रयोग गर्न मिल्ने छैन ।

---

भन्सार प्रयोजनको लागि

माथि उल्लेखित विवरण अनुसारको मूल्य विदेशी मुद्रा. ……………. को जम्मा ……………… परिमाणको ……………… सामानहरू मिति ………………… को भन्सार रसिद नं. ……………. बाट यस भन्सार कार्यालयबाट छुटाई लगेको प्रमाणित गर्दछौं ।

भन्सार अधिकृतको दस्तखत र छाप
------------------------------------

नोट : (क) पहिलो २ प्रति भन्सार प्रयोजनको लागि (भन्सार कार्यालयबाट प्रमाणित गरिसकेपछि १ प्रति सम्बन्धित बैंक/वित्तीय संस्थामा नै बुझाउनुपर्ने ) ।

(ख) तेस्रो प्रति सम्बन्धित बैंक/वित्तीय संस्थामा अभिलेख राख्नुपर्ने ।

अनुसूची १.७

(इ.प्रा. परिपत्र संख्या-१ को दफा १.३.४ को प्रयोजनको लागि)

श्री नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
बालुवाटार, काठमाडौं ।

विषयः- विवरण पठाएको ।

महाशय,

त्यस विभागको इ.प्रा. परिपत्र संख्या-१ को दफा १.३.५ को व्यवस्था अन्तर्गत तातोपानी भन्सार नाका मार्फत् तिब्बतबाट आयात गर्नको लागि प्रदान गरिएको विदेशी मुद्रा सटही र बैंक ड्राफ्ट/टी.टी.को विवरण निम्नानुसार भएको व्यहोरा अनुरोध छ ।

*(अमेरिकी डलरमा)*

| अवधि | | विदेशी मुद्रा | | ड्राफ्ट/टी.टी. | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| देखि | सम्म | निवेदक संख्या | रकम | निवेदक संख्या | रकम | निवेदक संख्या | रकम |
| | | | | | | | |

भवदीय,

अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप :

अनुसूची १.८

(इ.प्रा. परिपत्र संख्या-१ को दफा १.७.१३ को प्रयोजनको लागि)

वि.वि.नि.फा.नं. ३(क)

मिति :

... ... ... ... ...

... ... ... ... .. शाखा ।

विषय :- ड्राफ्ट/टी.टी. सटही सुविधा सम्बन्धमा ।

श्री व्यवस्थापकज्यू,

यस फर्म/कम्पनीलाई निम्न बमोजिमका सामान आयात गर्नुपर्ने भएको र सोको भुक्तानी प्रतीतपत्रको माध्यमबाट नभईकन ड्राफ्ट/टी.टी. को माध्यमबाट गर्नुपर्ने हुँदा कृपया निम्न विवरण बमोजिमको बिक्रेता/उत्पादनकर्ता/फर्म/कम्पनी (Beneficiary) को नाममा निम्नानुसार विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु । उपर्युक्त सटही अनुसारको वस्तु आयात गरी सो को निस्सा एवम् यसको लागि प्राप्त Transport Document को प्रतिलिपि **१२० (एक सय बीस) दिनभित्र** पेश गर्नेछु । उपर्युक्त मालवस्तु आयात गरी नसकेको व्यहोरा समेत अनुरोध गर्दछु । साथै, अन्य बैंक मार्फत् सोही Beneficiary लाई पछिल्लो सात कार्यदिनभित्र ड्राफ्ट/टी.टी. बाट रकम नपठाएको र सोही Beneficiary बाट ड्राफ्ट/टी.टी. अन्तर्गतको मालसामान Shipment हुन बाँकी नरहेको स्वघोषणा गर्दछु ।

१. वस्तुको नाम :
२. परिमाण :
३. विदेशी मुद्रा रकम :
४. Beneficiary को नाम ठेगाना :

निवेदक,

.........................

आधिकारिक दस्तखत

(आयातकर्ता फर्म/कम्पनीको नाम र छाप)

नोटः आयात गरिने सम्पूर्ण वस्तुहरूको नाम, ब्राण्ड, परिमाण, इकाइ मूल्य र कुल मूल्यबारे विस्तृत र छुट्टाछुट्टै विवरण अनिवार्य रुपले उल्लेख भएको हुनु पर्नेछ ।

अनुसूची १.९

(इ.प्रा. परिपत्र संख्या-१ को दफा १.७.१३ को प्रयोजनको लागि)
वि.वि.नि.फा.नं. ४(क)

... ... ... ... ...
... ... ... ... .. शाखा

मिति :

नेपाल सरकार
........................ भन्सार कार्यालय
...................................... ।

विषय :- ड्राफ्ट/टी.टी. सटही सुविधा ।

निम्न विवरण बमोजिमको सामानको पैठारीको लागि श्री ... ... ... ... लाई यस बैंक/वित्तीय संस्थाबाट निम्नानुसारको विदेशी मुद्राको ड्राफ्ट/टी.टी. प्रदान गरिएको व्यहोरा प्रमाणित गरिएको छ। साथै, आयातकर्ताले उक्त वस्तु एयरवे/सिपमेण्ट/ट्रान्सपोर्ट बिल जारी गराई ढुवानी गर्ने व्यहोरा पनि अनुरोध छ। यस सम्बन्धी प्रोफर्मा इन्भ्वाइसको प्रतिलिपि यसैसाथ संलग्न छ। साथै माथि उल्लेखित ड्राफ्ट/टी.टी. को मिति भन्दा अगाडि नै नेपाल भित्रिसकेको मालवस्तुहरूको आयातको लागि यो फाराम प्रयोग गर्न नमिल्ने व्यहोरा पनि अनुरोध छ ।

| सि.नं. | आयात गरिने सामानको विवरण | हार्मोनिक कोड नम्बर | परिमाण | सटही लिएको कुल वि.मु. रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

भवदीय,
अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप :

विवरण तयार गर्नेको दस्तखत

---

भन्सार प्रयोजनको लागि

माथि उल्लेखित विवरण अनुसारको मूल्य वि.मु. ................ को जम्मा .................. परिमाणको .................... सामानहरू मिति ..................... को भन्सार रसिद नं. ................. बाट यस भन्सार कार्यालयबाट छुटाई लगेको प्रमाणित गर्दछौं ।

-------------------------------
भन्सार अधिकृतको दस्तखत र छाप

नोट:

(क) पहिलो २ प्रति भन्सार प्रयोजनको लागि (भन्सार कार्यालयबाट प्रमाणित गरिसकेपछि १ प्रति सम्बन्धित बैंक/वित्तीय संस्थामा नै बुझाउनुपर्ने)
(ख) तेस्रो प्रति सम्बन्धित बैंक/वित्तीय संस्थामा अभिलेख राख्नुपर्ने ।

अनुसूची १.१०

(इ.प्रा. परिपत्र संख्या- १ को दफा १.१.४ (क) र दफा १.११.१ (क) को प्रयोजनका लागि)
वि.वि.नि.फा.नं. ४(ग)
बैंक/वित्तीय संस्थाको नाम
....................ठेगाना

मिति :

नेपाल सरकार
.................भन्सार कार्यालय
.......................................।

विषय :- प्रतीतपत्र, ड्राफ्ट, टी.टी. वा क्रेडिट अन्तर्गतको सटही सुविधा (भा.रू.) ।

महाशय,

निम्न विवरण बमोजिमको सामानको पैठारीको लागि मेसर्स........................... लाई यस बैंक/वित्तीय संस्थाबाट निम्नानुसारको भा.रू. प्रतीतपत्र, ड्राफ्ट, टी.टी. संकेत नम्बर........बाट प्रदान गरिएको/ क्रेडिट सुविधा अन्तर्गत आयात भएको व्यहोरा प्रमाणित गरिएको छ ।

| सि.नं. | आयात गरिने सामानको विवरण | हार्मोनिक कोड नम्बर | परिमाण | सटही लिएको / क्रेडिट सुविधा अन्तर्गतको कुल भा.रू. रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

भवदीय,

विवरण तयार गर्नेको दस्तखतः

अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप :

*नोट :- आयात गरिने सम्पूर्ण वस्तुहरूको नाम, ब्राण्ड, परिमाण, इकाइ मूल्य, कुल मूल्यबारे विस्तृत र प्रमाणित विवरण अनिवार्य रूपले उल्लेख गर्नु पर्नेछ । यस पृष्ठमा नअटाएको खण्डमा पछाडिको पृष्ठ प्रयोग गर्नु पर्नेछ ।*

भन्सार प्रयोजनको लागि

माथि उल्लेखित विवरण अनुसारको मूल्य भा.रू. .............................. को जम्मा........................ परिमाणको ......................... सामानहरू मिति ............................... को भन्सार रसिद नं. .................. बाट यस भन्सार कार्यालयबाट छुटाई लगेको प्रमाणित गर्दछौं ।

भन्सार अधिकृतको दस्तखत र छाप

*नोट : (क) पहिलो दुईप्रति भन्सार प्रयोजनका लागि (भन्सार कार्यालयबाट प्रमाणित गरी सोको एक प्रति सम्बन्धित बैंक/वित्तीय संस्थामै फिर्ता बुझाउनु पर्ने)*
*(ख) तेस्रो प्रति नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग, बालुवाटारमा पठाउनु पर्ने ।*
*(ग) चौथो प्रति सम्बन्धित बैंक/वित्तीय संस्थामा अभिलेख राख्नुपर्ने ।*

अनुसूची १.११

(इ.प्रा. परिपत्र संख्या- १ को दफा १.११.३ को (क)(१) को प्रयोजनका लागि)
वि.वि.नि.भा.रू.फा.नं. १
(बैंक/वित्तीय संस्थाले भा.रू.रकमान्तरको लागि आवेदन गर्ने फाराम)

श्री नेपाल राष्ट्र बैंक
बैंकिङ्ग विभाग
काठमाण्डौ ।

विषय :- भा.रू. खरिद बारे ।

महाशय,

यस बैंक/संस्थाको कारोबारको लागि भारतीय रूपैयाँको मौज्दात अपर्याप्त भएको हुँदा निम्न बमोजिम भा.रू. खरिद गर्न अनुरोध गरिएको छ ।

१) गत महिना (............) को मासिक कारोबार

| | |
|---|---|
| मासिक खरिद (भा.रु.) | .................. |
| मासिक बिक्री (भा.रु.) | .................. |
| (न्यून/बचत) | ................. |
| आगामी हप्ताको लागि आवश्यक भा.रु. | .................. |

२) खरिद गरिने भा.रू. को परिमाण :
३) भ्यालु डेट :
४) भा. रू. जम्मा गर्नुपर्ने :
  (क) एजेन्सी बैंकको नाम :
  (ख) ठेगाना :
  (ग) खाता नम्बर :

उपर्युक्त बमोजिमको भा.रू. रकमान्तर गरिदिनु हुनको साथै भ्यालु डेट (Value Date) को दिन त्यस कार्यालयस्थित हाम्रो खाता (खाता नं. ...........................) मा आवश्यक रकम खर्च लेख्नु हुन समेत अनुरोध छ । साथै, उक्त खातामा पर्याप्त रकम नरहेको अवस्थामा प्रचलित ब्याज दरबाट हुन आउने हर्जाना तिर्न हाम्रो मन्जुरी रहेको व्यहोरा पनि अनुरोध छ । भा.रु. खरिद र बिक्रीको मासिक/साप्ताहिक विवरण वि.वि.नि.भा.रु. फा.नं. ४ र ५ यसैसाथ संलग्न गरेका छौं ।

भवदीय,

..................

आधिकारिक दस्तखत
आधिकारिक व्यक्तिको नाम
पदः
बैंक/वित्तीय संस्थाको छाप

*नोट : उक्त साप्ताहिक रकमको अतिरिक्त कुनै ठूलो भुक्तानी दिन आवश्यक परेमा सोको व्यहोरा खोली यसै फाराम सहित निवेदन पेश गर्नु पर्नेछ ।*

अनुसूची १.१२

(इ.प्रा. परिपत्र संख्या- १ को दफा १.११.४ को (क) को प्रयोजनका लागि)
वि.वि.नि.भा.रू.फा.नं. २

भारतीय बीमा कम्पनीहरूले रिप्याट्रिएसनको लागि अनुरोध गर्दा पेश गर्नु पर्ने फाराम

श्री (बैंक/वित्तीय संस्थाको नाम)
(ठेगाना)

महाशय,

यस कम्पनीको .......(साल)........................महिना) को आम्दानी खर्चको देहाय बमोजिमको विवरण पेश गरिएको छ । नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागको एकीकृत परिपत्रको परिपत्र संख्या १ को दफा १.११.४ बमोजिम ....... स्थित प्रिन्सिपल कम्पनी/मुख्य कार्यालय................को नाममा रिप्याट्रिएसन गर्न प्रचलित विनिमय दरमा सटही स्वीकृति उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौं ।

| क.सं. | विवरण | रुपैयाँ | क.सं. | विवरण | रुपैयाँ |
|---|---|---|---|---|---|
| १ | ........... महिनामा दावी भुक्तानी रकम | | १० | .......महिनाको शुरूमा बाँकी रिजर्भ रकम | |
| २ | ......महिनाको अन्तसम्ममा भुक्तानी गर्न बाँकी दावी रकम | | ११ | ................ महिनाको प्रिमियम रकम | |
| | जम्मा | | १२ | ......... महिनाको ब्याज आम्दानी रकम | |
| ३ | ..... महिनाको शुरूमा दावी बाँकी रकम | | १३ | .......... महिनाको अन्य आम्दानी रकम | |
| ४ | .........................महिनाको खुद रकम | | १४ | ........................ कुल मौज्दात रकम | |
| ५ | ..................................... कमिसन | | | | |
| ६ | ............................ व्यवस्थापन खर्च | | | | |
| ७ | ................................ अन्य खर्चहरू | | | | |
| ८ | ........... महिनाको अन्तमा बाँकी रिजर्भ | | | | |
| ९ | रिप्याट्रिएसनको लागि उपलब्ध बाँकी | | | | |
| | जम्मा | | | | |

उपर्युक्त अवधिको विवरण ठीक दुरूस्त भएको प्रमाणित गर्दछौं । साथै, सो विवरण अनुसार अन्य बैंक/वित्तीय संस्थाबाट रिप्याट्रिएसन सुविधा लिएको छैन । झुट्टा ठहरिएमा प्रचलित कानुन/नियम बमोजिम सहने बुझाउने छौं ।

मितिः

आधिकारिक दस्तखतः
कम्पनीको नाम
ठेगानाः
कम्पनीको छापः

बोधार्थः
श्री नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग
बालुवाटार, काठमाण्डौ ।

अनुसूची १.१३

(इ.प्रा. परिपत्र संख्या- १ को दफा १.११.४ को (ग) को प्रयोजनका लागि)
वि.वि.नि.भा.रू.फा.नं. ३

भारतीय वायुसेवाहरूले रिप्याट्रिएसनको लागि अनुरोध गर्दा पेश गर्नु पर्ने फाराम

श्री (बैंक/वित्तीय संस्थाको नाम)
(ठेगाना)

महाशय,

यस कम्पनीको .......(साल)........................महिना) को आम्दानी खर्चको देहाय बमोजिमको विवरण पेश गरिएको छ । नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागको एकीकृत परिपत्रको इ.प्रा.परिपत्र संख्या १ को दफा १.११.४ बमोजिम .... स्थित प्रिन्सिपल कम्पनी/मुख्य कार्यालय................को नाममा रिप्याट्रिएसन गर्न प्रचलित विनिमय दरमा सटही स्वीकृति उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौँ ।

| क.सं. | विवरण | रु. | रु. |
|---|---|---|---|
| १ | ....... महिनाको हवाई टिकट बिक्री रकम | .................... | |
| २ | ...... महिनाको कार्गो/ढुवानी बिक्री | | |
| | (क) निर्यात रकम | .................... | |
| | (ख) आयात रकम | .................... | |
| ३ | अन्य प्राप्ति संकलित रकम | .................... | |
| | कुल संकलित रकम | | .................... |
| ४ | ....... महिनाको भुक्तानी रकम | .................... | |
| ५ | ....... महिनाको खुद रकम | .................... | |
| | (क) तलव भत्ता | .................... | |
| | (ख) घरभाडा | .................... | |
| | (ग) कर/दस्तुर | .................... | |
| | (घ) कमिसन | .................... | |
| | (ङ) व्यवस्थापन | .................... | |
| | (च) अन्य | .................... | |
| ६ | ..................... महिनाको अन्तमा खुद बाँकी रकम | | .................... |
| ७ | बैंक/वित्तीय संस्थास्थित खातामा बाँकी रकम | | .................... |
| ८ | खातामा राख्नु पर्ने न्युनतम मौज्दात रकम | | .................... |
| ९ | रिप्याट्रिएसन गर्नु पर्ने रकम | | .................... |

उपर्युक्त अवधिको विवरण ठीक दुरूस्त भएको प्रमाणित गर्दछौँ । साथै, सो विवरण अनुसार अन्य बैंक/वित्तीय संस्थाबाट रिप्याट्रिएसन सुविधा लिएको छैन । झुट्टा ठहरिएमा प्रचलित कानुन/नियम बमोजिम सहने बुझाउने छौँ ।

मितिः

आधिकारिक दस्तखत :
कम्पनीको नाम
ठेगाना :
कम्पनीको छाप :

बोधार्थः
श्री नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग
बालुवाटार, काठमाण्डौ ।

अनुसूची १.१४

(इ.प्रा. परिपत्र संख्या- १ को दफा १.११.६ को (ग) को प्रयोजनका लागि)
वि.वि.नि.भा.रू.फा.नं. ४

(बैंक/वित्तीय संस्थाको नाम)
(ठेगाना)

मितिः २० / / देखि मितिः २० / / सम्म

भा.रू. खरिदको साप्ताहिक/मासिक विवरण

भा.रू. हजारमा

| शीर्षक | दृश्य निर्यात बाहेक भा.रू. खरिद | | | | दृश्य निर्यातबाट भा.रू. खरिद | | | | | | | | | जम्मा भा.रू. खरिद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सेवा | भ्रमण | निजी खर्च | अन्य | सामान बिक्री | खाद्यान्न | तेलहन | वन पैदावार | जिवित जनावर | जुट | कत्था र कच्छु | अलैंची | अन्य निकासी | | |
| नगद | | | | | | | | | | | | | | | |
| ड्राफ्ट/ टी.टी. | | | | | | | | | | | | | | | |
| प्रतीतपत्र | | | | | | | | | | | | | | | |
| ए.टि.एम | | | | | | | | | | | | | | | |
| अन्य | | | | | | | | | | | | | | | |

नोटः-

अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप

अनुसूची १.१५

(इ.प्रा. परिपत्र संख्या- १ को दफा १.११.६ को (ग) को प्रयोजनका लागि)
वि.वि.नि.भा.रू.फा.नं. ५

(बैंक/वित्तीय संस्थाको नाम)
(ठेगाना)
मितिः २० / / देखि मितिः २० / / सम्म
भा.रू. बिक्रीको साप्ताहिक/मासिक विवरण

भा.रू. हजारमा

| शीर्षक | अदृश्य भुक्तानीको लागि भा.रू. बिक्री | | | | | | | दृश्य पैठारीको लागि भा.रू.बिक्री | | | | | | जम्मा भा.रू. बिक्री | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षा | स्वास्थ्य | भ्रमण | तीर्थयात्रा | निजी खर्च | सेवा शुल्क | अन्य | फुटकर आयात | क्लियरिङ्ग फरवाडिङ्ग | ढुवानी तथा भाडा भरौट | पैठारीको लागि अग्रिम भुक्तानी | आइ. वि.सी. भुक्तानी | प्रतीतपत्र अन्तर्गत भुक्तानी | | |
| नगद | | | | | | | | | | | | | | | |
| ड्राफ्ट/ टी.टी. | | | | | | | | | | | | | | | |
| प्रतीतपत्र | | | | | | | | | | | | | | | |
| ए.टि.एम. | | | | | | | | | | | | | | | |
| अन्य | | | | | | | | | | | | | | | |

नोटः-

अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप :

अनुसूची १.१६

(इ.प्रा. परिपत्र संख्या : १ को दफा १.१.१४, १.२.१ को खण्ड (झ), १.२.२ को खण्ड (ठ), १.७.१९ र १.११.१ को खण्ड (झ) को प्रयोजनको लागि)

आयात अनुमति आवश्यक पर्ने खाद्य वस्तुहरूको संक्षिप्त सूची

१. खाद्यान्न/अन्न तथा यसबाट तयार भएका खाद्य पदार्थहरू

२ तेल, घिउ (प्रशोधित तथा अप्रशोधित)

३. दूध तथा दूधजन्य पदार्थहरू

४. फलफुल तथा तरकारीजन्य उत्पादनहरू

५ फ्रोजन तथा प्रशोधित माछा, मासु तथा यसका उत्पादनहरू

६. दलहन, गेडागुडि, तेलहन, बदाम, ओखर, काजु, पिस्ता जस्ता खाद्य नट्सहरू

७. पिउने पानी

८ विशेष उपयोगका खाद्य पदार्थहरू :

शिशु आहार तथा शिशु फर्मुला खाद्य पदार्थहरू

बाल आधार तथा बाल फर्मुला खाद्य पदार्थहरू

शिशु तथा बाल आहारपुरक खाद्य पदार्थहरू

आधारपुरक खाद्य पदार्थहरू (फुड सप्लिमेण्ट, डाइटरी सप्लिमेण्ट, न्युट्रिसनल सप्लिमेण्ट)

९. पेय पदार्थहरू

१०. चकलेट, चुइङगम, टफि, कोको पदार्थहरू आदि

११. काँचो तथा तयारी स्न्याक्स फुड्स जस्तै पापड भुजिया, फिङगचिप्स, दालमोठ, मिठाई, सोनपापडी आदि

१२. मसला, चिया, कफि, नुन आदि

१३ अण्डा तथा अण्डाजन्य खाद्य पदार्थहरू

१४ खाद्य योगशिलहरू : परिरक्षी, खाद्यरंग, वासना, इमल्सीफायर, एन्टीअक्सीडेन्ट, खाद्य तथा पेय पदार्थमा प्रयोग हुने खाद्य उद्योगका अन्य अवयवहरू (इन्ग्रेडियेन्टसहरू)

१५. चिनी, मह लगायतका गुलियो पदार्थहरू

१६. अन्य विभिन्न अप्रशोधित, अर्धप्रशोधित तथा प्रशोधित खाद्य पदार्थहरू

अनुसूची १.१७

(इ.प्रा. परिपत्र संख्या : १ को दफा १.६ को प्रयोजनको लागि)

परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी प्रतीतपत्र मार्फत् भारतबाट आयात गर्न पाइने मालसामानहरूको सूची तथा हार्मोनिक कोड सम्बन्धी विवरण

| क.सं | हार्मोनिक कोड | वस्तुहरू |
|---|---|---|
| १ | १३०२.११.०० | Extracts |
| २ | १३०२.१२.०० | Extracts |
| ३ | १३०२.१३.०० | Extracts |
| ४ | १३०२.१४.०० | Extracts |
| ५ | १३०२.१९.०० | Extracts |
| ६ | १३०२.२०.०० | Extracts |
| ७ | १५२०.००.०० | Glycerol (Glycerine) |
| ८ | १७०२.३० | Dextrose Anhydrous I.P. र भन्सार विभागबाट वर्गिकृत Glucose and Glucose Syrup |
| **९** | **१९०५.९०.४०** | **औषधि भर्न हुने खाली क्याप्सुल (एम्टी क्यासे)** |
| १० | २००८.९९.१० | Mango Pulp |
| ११ | २१०६.९०.४० | Soft Drink Concentrate |
| १२ | २४.०१ | Unmanufactured Tobacco, Tobacco Refuse |
| १३ | २४.०३ | Other manufactured tobacco and manufacture tobacco substitutes homogenized Or reconstistuted tobacco extracts and essences cut tobacco, Process tobacco. |
| १४ | २५२३.१०.०० | क्लिङ्कर |
| १५ | २७०७.३० | जायलिन, लाइट सोलभेन्ट नेप्था |
| १६ | २७०७.४० | जायलिन, लाइट सोलभेन्ट नेप्था |
| १७ | २७१०.१९.५० | Furnace Oil |
| १८ | २७१०.१९.९२ | Transformer Oil |
| १९ | २७१०.१९.९३ | एम.टी.ओ. (मिनरल टरपेन्टाईन आयल) |
| २० | २७१०.१९.९९ | पेट्रोसोल |
| २१ | २७११.१९.०० | LP Gas (उपभोग्य इन्धन) |
| २२ | २७१३.२० | Bitumen |
| २३ | २८ | सबै औद्योगिक रसायनहरू (मानव औषधि बनाउने केमिकल बाहेक) |
| २४ | २८.०३ | Carbon Black |
| २५ | २८३६.५०.०० | Calcium Carbonate |
| २६ | २९०१.१० | L.L.P. (Light Liquid Paraffin ) |
| २७ | २९०२.२०.०० | Benzen |
| २८ | २९०२.३०.०० | Tolune |
| २९ | २९०५.११ | Methanol |
| ३० | २९०५.१३.०० | N Butanol |
| ३१ | २९०५.१४.०० | ISO Butanol |
| ३२ | २९०५.१६.०० | 2-Ethyl Hexanol |
| ३३ | २९०५.३१ | Ethylene Glycol |
| ३४ | २९०५.४२.०० | पेंटा एरीथ्रीटोल |
| ३५ | २९०५.४४.०० | Sorbitol |
| ३६ | २९१२.६०.०० | Parafarmaldehyde |
| ३७ | २९१५.२१.०० | Acetic Acid |
| ३८ | २९१५.३२ | Vinyl Acetate Monomer |
| ३९ | २९.१६ | Unsaturated Acyclin Monocarboxylic Acid |

| क.सं | हार्मोनिक कोड | वस्तुहरू |
|---|---|---|
| ४० | २९१६.१२ | Butyl Acraylate Monomer / 2-Etyl Hexyls Acrylate |
| ४१ | २९१७.३२.०० | DI-2-Ethylhexyl Phthalate (DOP) |
| ४२ | २९१७.३५ | Phthalic Anhydride |
| ४३ | २९१७.३६ | Terephthalic Acid |
| ४४ | २९१७.३९.०० | Dibutyl Phthalate |
| ४५ | २९१८.१६.०० | Carboxylic acids with additional oxygen function and their anhydrides, halides, peroxides and2peroxyacids; their halogenated, sulphonated, nitrated or nitrosated derivatives. -Carboxylic acids with2alcohol function, but without other oxygen function, their anhydrides, halides, peroxides, peroxyacids and their derivatives. Calcium Gluconate (Gluconic acid, its salts and esters) |
| ४६ | २९१८.२३.०० | Methyl Salicylate |
| ४७ | २९.२२ | Oxygen Function Amino-Compounds |
| ४८ | २९.२४ | Carboxamide Function Compounds |
| ४९ | २९.३३ | Heterocyclic Compounds |
| ५० | २९३३.६१.०० | Melamin |
| ५१ | २९.३४ | Nucleic Acids |
| ५२ | २९.३५ | Sulphonamides, Sulphamethoxazole, Sulphafurazole, Sulphadiazine, Sulphadimidine, Sulphacetamide, Sulphamethoxy, pyridarine, Sulphamethiazole, Sulphamoxole, Sulphamide |
| ५३ | २९.४१ | Antibiotics |
| ५४ | २९.४२ | Other Organic Compounds |
| ५५ | ३२०६.१९.०० | White Master Batches & Color Master Batches |
| ५६ | ३२.१५ | Printing Ink |
| ५७ | ३३०२.१० | एसेन्स फ्लेवर |
| ५८ | ३३०२.९० | Flavour (टुथपेष्टमा प्रयोग हुने कच्चा पदार्थ, Odoriferous Substances र Perfume) |
| ५९ | **३४०२.३१.००** | LABSA (डिटरजेन्टमा प्रयोग हुने कच्चा पदार्थ) |
| ६० | ३५०५.१०.०० | Dextrins and other modified starches (for example, pregelatinised or esterified starches) ; glues based on starches, or on dextrins or other modified starches. -White Dextrine (Dextrins and other modified starches) |
| ६१ | ३५०६.९९.०० | Adhesive |
| ६२ | ३८१२.२०.०० | Cross Linking Agent |
| ६३ | ३८१७.००.०० | Mixed Alkyl benzenes |
| ६४ | ३८२३.११.०० | Stearic Acid |
| ६५ | ३८२३.१९.०० | Palm Steearin DFA / Palm Karnel DFA |
| ६६ | ३८२४.९९.०० | Alkyl Ester (Bio-Fuel) |
| ६७ | ३९०१.१० | Polyethylene |
| ६८ | ३९०१.२० | Polyethylene |
| ६९ | ३९०१.३०.०० | EVA |
| ७० | ३९०१.४०.०० | Polyolefin Elastoner |
| ७१ | ३९०२.१० | Polypropylene |
| ७२ | ३९०२.३०.०० | Propylene Copolymers |
| ७३ | ३९०३.१९.०० | Polysterence |
| ७४ | ३९०४.१०.०० | PVC Resin |
| ७५ | ३९०४.२२.०० | PVC Compound |
| ७६ | ३९०४.९०.०० | PVC Compound |
| ७७ | ३९०५.३० | Poly Vinyl Alcohol |
| ७८ | ३९०७.६१.०० | Plastic Pet Chips / Pet Resin |

| क.सं | हार्मोनिक कोड | वस्तुहरू |
|---|---|---|
| ७९ | ३९०७.६९.०० | Plastic Pet Chips / Pet Resin |
| ८० | ३९११.९० | PVC Resin |
| ८१ | ३९.२० | Polyester, Polythelyne, BOPP,Pvc, OPP,CPP का Film |
| ८२ | ३९२०.२० | Polypropylene Films/Noodle Strapper |
| ८३ | ३९२०.५९.०० | Seasoning Wrapper |
| ८४ | ३९२०.९९.१० | Printed Laminated Web |
| ८५ | ३९२१.९०.१० | प्रिन्टेड र्‍यापर |
| ८६ | ३९२३.३०.१० | Pre-form |
| ८७ | ३९२३.५०.०० | Closure |
| ८८ | ३९२३.९० | प्लाष्टिक ललिपप स्टीक |
| ८९ | ४०.०१ | प्राकृतिक रबर (Natural Rubber) |
| ९० | ४०.०२ | सिन्थेटिक रबर (Synthetic Rubber) |
| ९१ | ४०११.८०.०० | OTR Tyre |
| ९२ | ४८०१.००.०० | News Print Paper |
| ९३ | ४८.०२ | कागजहरू (Papers) |
| ९४ | ४८.०६ | कागजहरू (Papers) |
| ९५ | ४८.१० | Paper |
| ९६ | ४८२३.९० | चुइङ्गम र्‍यापर |
| ९७ | ५०.०४ | सिल्क यार्न (Silk Yarn) |
| ९८ | ५०.०५ | सिल्क यार्न (Silk Yarn) |
| ९९ | ५१.०६ | उनी यार्न Yarn of Carded wool (होजियारी बाहेक) |
| १०० | ५१.०७ | उनी यार्न Yarn of Combed wool (होजियारी बाहेक) |
| १०१ | ५१.०८ | उनी यार्न Yarn of fine animal hair (होजियारी बाहेक) |
| १०२ | ५२.०१ | कपास |
| १०३ | ५२.०५ | सुतियार्न |
| १०४ | ५२०५.११ | कटन यार्न र यार्न |
| १०५ | ५२०५.१२ | कटन यार्न र यार्न |
| १०६ | ५२०५.१३ | कटन यार्न र यार्न |
| १०७ | ५२०५.१४ | कटन यार्न र यार्न |
| १०८ | ५२.०६ | सुतियार्न |
| १०९ | ५२०६.११ | कटन यार्न र यार्न |
| ११० | ५२०६.१२ | कटन यार्न र यार्न |
| १११ | ५२०६.१३ | कटन यार्न र यार्न |
| ११२ | ५२०६.१४ | कटन यार्न र यार्न |
| ११३ | ५२०९.३२.०० | Cotton Fabrics (भाग उल्लेख नभएको तयारी पोसाक निर्यात उधोगले आफ्नो परिवर्त्य विदेशी मुद्रा आर्जनको ५० प्रतिशत सम्मको आर्जनले खाम्ने गरी कच्चा पदार्थको रुपमा आयात गर्न पाउने कपडा) |
| ११४ | ५२०९.४२.०० | Denim Fabrics (भाग उल्लेख नभएको तयारी पोसाक निर्यात उधोगले आफ्नो परिवर्त्य विदेशी मुद्रा आर्जनको ५० प्रतिशत सम्मको आर्जनले खाम्ने गरी कच्चा पदार्थको रुपमा आयात गर्न पाउने कपडा) |
| ११५ | ५४०१.१०.०० | Nylon Thread |
| ११६ | ५४.०२ | ५४०२ मा उल्लेख भएको कृतिम यार्न |
| ११७ | ५४०२.४६ | पोलिष्टर पार्सियली ओरिन्टड यार्न |
| ११८ | ५४०२.४९ | Synthetic Filament Yarn |
| ११९ | ५४.०३ | कृत्रिम यार्न (होजियारी यार्न बाहेक) |

| क.सं | हार्मोनिक कोड | वस्तुहरू |
|---|---|---|
| १२० | ५५.०१ | मानव निर्मित कृत्रिम फाइवरहरू |
| १२१ | ५५.०२ | मानव निर्मित कृत्रिम फाइवरहरू |
| १२२ | ५५.०३ | मानव निर्मित कृत्रिम फाइवरहरू |
| १२३ | ५५०३.२० | पोलिष्टर फाइवर |
| १२४ | ५५.०४ | मानव निर्मित कृत्रिम फाइवरहरू |
| १२५ | ५५०४.१० | भिस्कोज रेयन Viscose Rayon (फाइवर), Viscose Staple Fibre |
| १२६ | ५५.०६ | मानव निर्मित कृत्रिम फाइवरहरू |
| १२७ | ५५.०७ | मानव निर्मित कृत्रिम फाइवरहरू |
| १२८ | ५५.०९ | कृत्रिम यार्न (होजियारी यार्न बाहेक) |
| १२९ | ५५.१० | कृत्रिम यार्न (होजियारी यार्न बाहेक) |
| १३० | ५९.०२ | टायर कर्ड फेव्रिक (Tyre Cord) |
| १३१ | ५९०६.९९.०० | Synthetic Cloth |
| १३२ | ६००६.२१.०० | Cotton Knitted Fabrics (भाग उल्लेख नभएको तयारी पोसाक निर्यात उधोगले आफ्नो परिवर्त्य विदेशी मुद्रा आर्जनको ५० प्रतिशत सम्मको आर्जनले खाम्ने गरी कच्चा पदार्थको रुपमा आयात गर्न पाउने कपडा) |
| १३३ | ६००६.९०.०० | Others Fabrics (भाग उल्लेख नभएको तयारी पोसाक निर्यात उधोगले आफ्नो परिवर्त्य विदेशी मुद्रा आर्जनको ५० प्रतिशत सम्मको आर्जनले खाम्ने गरी कच्चा पदार्थको रुपमा आयात गर्न पाउने कपडा) |
| १३४ | ७००५.२९.०० | Float Glass |
| १३५ | ७०१०.२० | Stoppers, Lids and Other Closures |
| १३६ | ७०१०.९०.०० | Carboys, Bottles, Plasks, Jar,Pots. |
| १३७ | ७२०१.१०.०० | पिग आइरन |
| १३८ | ७२०२.३०.३० | Ferro-Silico-Manganese |
| १३९ | ७२०३.१०.०० | Sponge Iron |
| १४० | ७२०४.४९ | M. S. Scrap |
| १४१ | ७२.०६ | फलाम इनगोट (Iron Ingot) |
| १४२ | ७२.०७ | माइल्ड स्टिल बीलेट (M S Billet) |
| १४३ | ७२०८.२७.०० | ह्टरोल सिट इन क्वायल (Hot rolled sheet in coil) |
| १४४ | ७२०८.३६.०० | ह्टरोल सिट इन क्वायल (Hot rolled sheet in coil) |
| १४५ | ७२०८.३७.०० | ह्टरोल सिट इन क्वायल (Hot rolled sheet in coil) |
| १४६ | ७२०८.३८.०० | ह्टरोल सिट इन क्वायल (Hot rolled sheet in coil) |
| १४७ | ७२०८.३९.०० | ह्टरोल सिट इन क्वायल (Hot rolled sheet in coil) |
| १४८ | ७२०८.५१ | ह्टरोल सिट नट इन क्वायल (Hot rolled sheet not in coil) |
| १४९ | ७२०८.५२ | ह्टरोल सिट नट इन क्वायल (Hot rolled sheet not in coil) |
| १५० | ७२०९.१५.०० | कोल्डरोल सिट इन क्वायल (Cold rolled sheet in coil) |
| १५१ | ७२०९.१६.०० | कोल्डरोल सिट इन क्वायल (Cold rolled sheet in coil) |
| १५२ | ७२०९.१७.०० | कोल्डरोल सिट इन क्वायल (Cold rolled sheet in coil) |
| १५३ | ७२०९.१८.०० | कोल्डरोल सिट इन क्वायल (Cold rolled sheet in coil) |
| १५४ | ७२१०.१२ | टिन प्लेट (Tin Plate) |
| १५५ | ७२११.१४.०० | Hot Rolled Sheet in Coil |
| १५६ | ७२११.१९.०० | Hot Rolled Sheet in Coil |
| १५७ | ७२११.२३ | CRCA Strips (76.20 MM) |
| १५८ | ७२१३.९१.१० | एम.एस. वायर रड इन क्वायल (M S rod in coil) |
| १५९ | ७२१६.२२.०० | एंगल |
| १६० | ७२१६.४०.०० | एंगल |

| क्र.सं | हार्मोनिक कोड | वस्तुहरू |
|---|---|---|
| १६१ | ७२१६.५०.०० | एंगल |
| १६२ | ७२१७.२० | Bead Wire (कपर कोटेड) |
| १६३ | ७२१७.३० | Bead Wire (कपर कोटेड) |
| १६४ | ७२१७.९० | Bead Wire (कपर कोटेड) |
| १६५ | ७२१८.९९ | स्टिल ब्युम |
| १६६ | ७२.१९ | स्टिल प्लेट |
| १६७ | ७२२६.११ | Silicon Steel |
| १६८ | ७२२८.२०.०० | Flat Spring |
| १६९ | ७४०३.११.०० | Cathodes and Sections of Cathodes |
| १७० | ७४०३.२१.०० | Refined copper and copper alloys, unwrought -Copper alloys: -Copper-Zink base alloyes (brass) |
| १७१ | ७४०४.००.०० | कपर वेष्ट र स्क्रयाप (Copper Waste and Scrap)<br>आल्मुनियम वेष्ट र स्क्रयाप (Aluminum Waste and Scrap) (दुवै वस्तु वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना बमोजिम मात्र ) |
| १७२ | ७४०५.००.०० | Master alloys of Copper |
| १७३ | ७४०७.१०.०० | Copper Rods |
| १७४ | ७४०७.२१.०० | Copper bars, rods and profiles. -Of copper alloys: -Of Copper-Zink base Alloyes (brass) |
| १७५ | ७४०८.११.०० | Copper Wire |
| १७६ | ७४०८.१९.०० | Copper wire. Of refined copper: -Others (of refinded Copper) |
| १७७ | ७४०८.२१.०० | Copper wire. -Of copper alloys:-Of Copper- Zink base alloyes (brass) |
| १७८ | ७४०९.११.०० | Copper plates, sheets and strip, of a thickness exceeding 0.15 mm. -Of refined copper: -In Coils |
| १७९ | ७४०९.१९.०० | Copper plates, sheets and strip, of a thickness exceeding 0.15 mm. -Of refined copper: -Others |
| १८० | ७४०९.२९.०० | Copper plates, sheets and strip, of a thickness exceeding 0.15 mm. -Of copper-zinc base alloys (brass): -Others |
| १८१ | ७४०९.३९.०० | Copper plates, sheets and strip, of a thickness exceeding 0.15 mm.<br>-Of copper-tin base alloys (bronze): -Others |
| १८२ | ७४०९.४०.०० | Copper plates, sheets and strip, of a thickness exceeding 0.15 mm. -Of-Copper-Nickel base alloys (Cupronickel) or Copper Nickel-Zinc base alloys (Nickel Silver) |
| १८३ | ७४११.१०.०० | Copper tubes and pipes. -Of refined Copper |
| १८४ | ७४११.२१.०० | Copper tubes and pipes. -Of Copper-Zinc base alloys (brass) |
| १८५ | ७४११.२२.०० | Copper tubes and pipes. -Of Copper-Nickel base alloys (Cupronickel of Copper-Nickel-Zinc base alloys (Nickel Silver) |
| १८६ | ७६.०१ | आल्मोनियम इनगट बीलेट |
| १८७ | ७६०२.००.०० | कपर वेष्ट र स्क्रयाप (Copper Waste and Scrap)<br>आल्मुनियम वेष्ट र स्क्रयाप (Aluminum Waste and Scrap) (दुवै वस्तु वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना बमोजिम मात्र ) |
| १८८ | ७६.०४ | आल्मोनियम रड इन क्वायल |
| १८९ | ७६.०५ | आल्मोनियम वायर रड, आल्मोनियम रड इन क्वायल |
| १९० | ७६०६.९१.०० | आल्मोनियम सर्कल, Aluminium plates, sheets and strip, of a thickness exceeding 0.2 mm. -Rectangular (including square): -Of Aluminium, not alloyed |
| १९१ | ७६.०७ | Aluminum foils |
| १९२ | ७६०७.२० | चुइङ्गम ऱ्यापर |
| १९३ | ७६.०८ | Tubes |
| १९४ | ७६०८.१०.०० | Aluminium tubes and pipes. -Of Aluminium, not alloyed |

| क.सं | हार्मोनिक कोड | वस्तुहरू |
|---|---|---|
| १९५ | ७६०८.२०.०० | Aluminium tubes and pipes. -Of Aluminium alloys |
| १९६ | ७६१४.९०.०० | Stranded wire, cables, plianted bands and the like, of aluminium, not electrically insulated (steel core बाहेक) |
| १९७ | ७८०१.१०.०० | Pure /Refined Lead |
| १९८ | ७८०१.९१.०० | Antimony lead Alloy |
| १९९ | ७९०१.११.०० | Zinc |
| २०० | ७९०१.१२.०० | Zinc |
| २०१ | ७९०१.२० | Zinc Alloy |
| २०२ | ८३०९.१०.०० | Metal Crown Corks |
| २०३ | ८४ | सम्पूर्ण मेशिनरी उपकरणहरू (पार्टपुर्जा बाहेक) |
| २०४ | ८४५४.९०.०० | Converters,ladles, ingot moulds and casting machines, of kind used in metallurgy or in metal foundries अन्तर्गतको Parts |
| २०५ | ८५.०१ | विद्युतीय मोटर, जेनेरेटिङ सेट |
| २०६ | ८५.०२ | विद्युतीय मोटर, जेनेरेटिङ सेट |
| २०७ | ८५०४.२२.०० | 3000 KVA Transformer |
| २०८ | ८५०४.९० | Amorphous Metal cores |
| २०९ | ८५०७.९०.०० | PP Battery Container & Battery Separator |
| २१० | ८५२९.९०.१० | Spare Parts for TV Receiver |
| २११ | ८५४०.११ | TV Picture Tube |
| २१२ | ८५४४.११.०० | Rectangular Enameled (Insulated) Copper Wire/Strip |
| २१३ | ८५४६.२०.०० | Ceremics Bushings (Electrical Insulators) |
| २१४ | ९६०२.००.०० | Geltain Capsules (Empty) |
| २१५ | ९६०७.११.०० | Metal Zipper (भाग उल्लेख नभएको तयारी पोसाक निर्यात उधोगले आफ्नो परिवर्त्य विदेशी मुद्रा आर्जनको ५० प्रतिशत सम्मको आर्जनले खाम्ने गरी कच्चा पदार्थको रुपमा आयात गर्न पाउने कपडा) |
| २१६ | ९६०७.१९.०० | Plastic Zipper (भाग उल्लेख नभएको तयारी पोसाक निर्यात उधोगले आफ्नो परिवर्त्य विदेशी मुद्रा आर्जनको ५० प्रतिशत सम्मको आर्जनले खाम्ने गरी कच्चा पदार्थको रुपमा आयात गर्न पाउने कपडा) |

अनुसूची १.१८

(इ.प्रा. परिपत्र संख्या : १ को दफा १.७.५ को प्रयोजनको लागि)

<u>विवरणको ढाँचाः</u>

बैंक तथा वित्तीय संस्थाको नामः.......................

कन्द्रीय कार्यालय/कर्पोरेट कार्यालय (केन्द्रीय/कर्पोरेट कार्यालयले मात्र पेश गर्नु पर्ने)

विवरण पेश गरिएको साल र महिनाः

विवरण पेश गरिएको मितिः

| सि. नं. | आयातकर्ता सम्बन्धी | | | निर्यातकर्ता सम्बन्धी | | | मालसामानको हार्मेनिक कोड नं. | भुक्तानी सम्बन्धी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | ठेगाना | खाता नम्बर | नाम | ठेगाना (देश सहित) | बैंकको नाम र ठेगाना | | मिति | वि.मु. (अमेरिकी डलर, यूरो...आदि) | रकम | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

<u>तयार गर्ने</u>

नामः

पदः

दस्तखतः

इमेलः

फोनः

<u>रुजु गर्ने</u>

नामः

पदः

दस्तखतः

इमेलः

फोनः

<u>छापः</u>

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : २/२०८१

## एसियन क्लियरिङ युनियनका सदस्य राष्ट्रहरूबीच हुने कारोबार सम्बन्धी व्यवस्था

Asian Clearing Union (ACU) का सदस्य राष्ट्रहरूबीच हुने कारोबार सम्बन्धमा यस बैंकबाट देहायबमोजिमको व्यवस्था भएकोले सोही बमोजिम गर्न/गराउन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैंकिङ विभागलगायत सबै प्रदेशस्थित कार्यालयहरू र इजाजतपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकहरूलाई यो परिपत्र जारी गरिएको छ ।

१. नेपाल र भारतबीच हुने व्यापारिक कारोबारहरू बाहेक ACU का अन्य सदस्य राष्ट्रहरूबीच हुने अमेरिकी डलर पाँच सय/युरो पाँच सय/जापानी येन पचास हजार वा सोभन्दा बढी रकमको कारोबार अनिवार्य रूपमा ACU बाट गर्नु पर्नेछ । यसरी भुक्तानी पठाउँदा सम्बन्धित “क” वर्गका वाणिज्य बैंकहरूले निम्नानुसार गर्नु पर्नेछ ।

(क) एसियन क्लियरिङ युनियन अन्तर्गतका कारोबारहरूमा प्रयोग हुने मौद्रिक एकाइको विनिमय दर अमेरिकी डलर, युरो तथा जापानी येनसँग बराबर हुने व्यवस्था गरी यसलाइ "ACU DOLLAR", "ACU EURO" तथा "ACU YEN" अर्थात् छोटकरीमा क्रमशः ACUD, ACUE, ACUY भनी नामाकरण गरिएकोले वाणिज्य बैंकहरुले यसैलाई अवलम्बन गर्ने ।

(ख) ACU कारोबारका लागि युनियनका सदस्य देशहरूका वाणिज्य बैंकहरूले ACUD, ACUE तथा ACUY ACCOUNT खोल्नु पर्नेछ ।

(ग) एसियन क्लियरिङ युनियन अन्तर्गत हुने आयात निर्यात कारोबारको भुक्तानी (Settlement) अमेरिकी डलर, यूरो तथा जापानी येनमा मात्र गर्नु पर्नेछ । उक्त कारोबारको लागि यस बैंक र सम्बन्धित बैंकहरूबीच गरिने कारोबार पनि अमेरिकी डलर, यूरो तथा जापानी येनमा मात्र हुनेछ ।

(घ) ACU सदस्य देशहरूबीच हुने आयात निर्यातको लागि खोलिने प्रतीतपत्र ACUD, ACUE तथा ACUY मा मात्र खोल्नु पर्नेछ ।

(ङ) एसियन क्लियरिङ युनियन सम्बन्धी कारोबार गर्ने “क” वर्गका वाणिज्य बैंकहरूले यस विभागमा रहेको SWIFT Address: NRBLNPKAFED मा संलग्न अनुसूची २.१ अनुसारको MT 202 बमोजिमको SWIFT Message को माध्यमबाट पत्राचार गर्नु पर्नेछ ।

(च) “क” वर्गका वाणिज्य बैंकहरूले यस विभागस्थित लगानी शाखाको Back Office को ACU Desk मा राफसाफ मिति (Value Date) भन्दा कम्तीमा एक कार्य दिनअगावै संलग्न अनुसूची २.१ अनुसारको भुक्तानी अनुरोध पत्र (Payment Request Letter) पठाउने । उक्त ACU Desk ले भुक्तानी गर्नुपर्ने रकम र सोबापत लाग्ने अन्य कमिसन (यस विभागले गर्ने कारोबार दिनको विनिमय दरको आधारमा) “क” वर्गका वाणिज्य बैंकहरूको अमेरिकी डलर खाता खर्च गरी Value Date मा भुक्तानी हुने गरी भुक्तानी गर्नु पर्ने देशको केन्द्रीय बैंकमार्फत् सम्बन्धित देशको वाणिज्य बैंकको अमेरिकी डलर खातामा रकम जम्मा गर्न Payment Instruction पठाउने ।

(छ) “क” वर्गका वाणिज्य बैंकहरूबाट ACU कारोबार अन्तर्गतको भुक्तानीका लागि अन्य ACU सदस्य राष्ट्रका वाणिज्य बैंकमा रहेको अमेरिकी डलर खातामा रकमान्तर गर्न चाहेमा समेत माथि खण्ड (च) बमोजिमको व्यवस्था लागू हुने ।

(ज) यदि सम्बन्धित “क” वर्गका वाणिज्य बैंकहरूको अमेरिकी डलरको खातामा भुक्तानी गर्नुपर्ने रकमको मौज्दात पर्याप्त नभई सो खाता Overdrawn हुने अवस्था आएमा नपुग रकममा बैंक दरमा २

प्रतिशत थप गरी दिन गन्तीको हिसाबले हुने ब्याज वा कम्तीमा अमेरिकी डलर १०० (अमेरिकी डलर एक सय मात्र) मध्ये जुन रकम बढी हुन्छ सोही बराबरको हर्जाना लगाउने ।

२. ACU कारोबारमा कमिसन र SWIFT चार्ज सम्बन्धमा :

यस बैंक मार्फत् एसियन क्लियरिङ युनियनका सदस्य केन्द्रीय बैंकहरूमा व्यापारिक कारोबारहरू बापतको रकम भुक्तानी पठाउँदा यस बैंकबाट स्वीफ्ट चार्ज र कमिसन नलिने व्यवस्था गरिएको छ ।

३. एसियन क्लियरिङ युनियनको कारोबारमा Nostro Account को प्रयोग र Vostro Account मा ब्याज प्रदान गर्ने :

ACU को कारोबारमा Nostro Account को प्रयोग र यस युनियनअन्तर्गत हुने व्यापारिक कारोबार एवम् भुक्तानी तथा हिसाब राफसाफ प्रकृयालाई छिटो छरितो सम्पन्न गराउने प्रयोजनको लागि देहायबमोजम गर्नु पर्नेछ ।

(क) ACU अन्तर्गत हुने व्यापारिक कारोबारमा संलग्न हुने वाणिज्य बैंकहरूले अर्को सदस्य देशको वाणिज्य बैंकमा एसियन मौद्रिक एकाइको रूपमा रहेका मुद्राहरू ACUD, ACUE र ACUY मा Nostro Account खोल्नु पर्नेछ । सदस्य देशहरूबीच हुने व्यापारिक कारोबारको भुक्तानी तथा राफसाफ वाणिज्य बैंक स्तरमा रहेका उक्त खाताहरूमार्फत् गर्नु पर्नेछ ।

(ख) उक्त खातामा फण्डिङ गराउने तथा खाता बन्द गराउँदा मौज्दात रहेका बाँकी रकम फिर्ता लिने प्रयोजनको लागि मात्र यस बैंक मार्फत् कारोबार गर्नु पर्नेछ ।

(ग) अर्को सदस्य देशका वाणिज्य बैंकहरूले नेपालका वाणिज्य बैंकहरूमा खोलेका ACUD, ACUE र ACUY खातामा खाता खोल्ने बैंकसँग भएको सम्झौतामा उल्लेखित शर्तहरूको अधीनमा रही ब्याज प्रदान गर्न सक्नेछन् ।

४. भुटानसँग हुने व्यापारिक कारोबारहरु ACU Mechanism का अतिरिक्त भारतीय रुपैयाँमा समेत गर्न सकिनेछ ।

५. माथि दफा १ र ३ मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि युरो र जापानी येनको हकमा एसियन क्लियरिङ युनियनबाट भुक्तानी राफसाफ हुने व्यवस्था भइनसकेकोले अर्को व्यवस्था नभएसम्म उक्त मुद्राहरुमा हुने कारोबारको भुक्तानी अन्य माध्यमबाट गर्न सकिनेछ ।

अनुसूची २.१

(इ.प्रा.परिपत्र संख्या २ को दफा (१) को खण्ड (ङ) र (च) सँग सम्बन्धित)

MT 202 GENERAL FIN INST TRANSFER

| Field | Description | कैफियत |
|---|---|---|
| 20 | TRN | सम्बन्धित बैंक तथा यस बैंकका बीचमा भएको कारोबारको संकेत नं. |
| 21 | Related Ref.No. | सम्बन्धित बैंक तथा Beneficiary बैंकको बीचमा भएको कारोबारको संकेत नं |
| 32 A | Value Date, Currency Code, Amt | भ्यालु डेट को सन्दर्भमा रकमान्तर गर्ने देशमा विदा नपर्ने गरी कम्तीमा एक कार्य दिन अगावै यस विभागमा SWIFT पठाउनु पर्ने । |
| 53 A | Sender's Correspondent | यस बैंकमा रहेको ACU Dollar, ACU EURO तथा ACU YEN खाता नं. सहित सम्बन्धित वाणिज्य बैंकको नाम । |
| 56 A | Intermediatory | आवश्यकता अनुसार |
| 57 A | Account with Institutions | SWIFT पठाउने सम्बन्धित विदेशी केन्द्रीय बैंकको नाम |
| 58 A | Beneficiary Institution | रकम पाउने सम्बन्धित विदेशको वाणिज्य बैंक |
| 72 | Sender to Receiver Information | Benficiary को नाम, ठेगाना, खाताको विवरण लगायत Charge कसबाट लिने, L/C, T T No, पत्राचार गर्ने फ्याक्स नं. तथा अन्य कुरा आवश्यकतानुसार खुलाउने । |

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : ३/२०८१

## सुन आयात तथा बिक्री वितरण सम्बन्धी व्यवस्था

सुन आयात तथा बिक्री वितरणका लागि यसैसाथ संलग्न "सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८" लागू गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैंकिङ विभाग लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त "क" बर्गका बैंकहरूलाई यो परिपत्र जारी गरिएको छ ।

(क) सुन आयात तथा बिक्री वितरण सम्बन्धी कार्यविधि, २०६८

प्रस्तावना

विगतमा सुनको अत्यधिक आयातले मुलुकको शोधनान्तर स्थितिमा प्रतिकुल प्रभाव पर्न गएको अवस्थालाई मध्यनजर गरी सुनको अधिक आयातलाई व्यवस्थित गर्न नियन्त्रणात्मक उपायहरूको अवलम्बन गरिएको थियो । यसरी कार्यान्वयनमा आएको नियन्त्रणात्मक नीतिको कारण मुलुकको विदेशी विनिमय संचितिमा सकारात्मक प्रभाव पर्दै गएको र नेपालजस्तो न्युन आय भएको मुलुकले बीलासिताको वस्तु मानिने सुनको अनियन्त्रित आयातलाई थेग्न नसक्ने अवस्था समेतलाई मध्यनजर गरी देशको परम्परा, संस्कृति अनुरुप आन्तरिक उपभोगका लागि आवश्यक पर्ने सुन आयातका लागि एउटा निश्चित कार्यविधि निर्धारण गर्नु आवश्यक देखिएकोले यो कार्यविधि तर्जुमा गरिएको छ ।

परिच्छेद - १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८" रहेको छ । (२) यो कार्यविधि राष्ट्र बैंकले परिपत्र जारी गरेको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-
   (क) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ (सशोधन सहित) बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।
   (ख) ''बैंक'' भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (१) बमोजिम वित्तीय कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त "क" वर्गका संगठित संस्था सम्झनु पर्छ ।
   (घ) "विभाग" भन्नाले राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभाग सम्झनु पर्छ ।

परिच्छेद - २
आयात सम्बन्धी व्यवस्था

३. बैंकहरूले मात्र आयात गर्न सक्ने: नेपाल बैंकर्स संघको सिफारिसमा "क" वर्गका बैंकहरूले मात्र सुनको आयात गर्न सक्नेछन् । तर उद्योग विभागको स्वीकृत स्किमभित्र परेका कुनै पनि उद्योगले औद्योगिक प्रयोजनको लागि खानयोग्य सुन (Edible Gold) आयात गर्न स्वकृति माग गरेमा त्यस्तो सुन मिश्रण गरी तयार गरिने उत्पादनमा सम्बन्धित अन्तःशुल्क कार्यालयको प्रत्यक्ष अनुगमन रहने

शर्तमा परीक्षणको रुपमा त्यस्ता उद्योगलाई वार्षिक अधिकतम १,५०० (एक हजार पाँच सय) ग्रामसम्म खानयोग्य सुन (Edible Gold) देहायका कागजात पेस गरी सम्बन्धित व्यवसायीले सोझै बैंकमार्फत् आयात गर्न सक्नेछन्:

(क) आयात गर्ने उद्योग स्वीकृत स्किमभित्र परेको बेहोरा खुलेको कागजात ।

(ख) सम्बन्धित अन्तःशुल्क कार्यालयले उत्पादनमा खानयोग्य सुन मिश्रण कार्यमा प्रत्यक्ष अनुगमन हुने सुनिश्चितता गरेको पत्र ।

४. राष्ट्र बैंकले परिमाण तोक्न सक्ने : नेपाल राष्ट्र बैंकले समय समयमा तोकि दिएको परिमाण र प्रकृया बमोजिम मात्र सुन आयात हुने व्यवस्था नेपाल बैंकर्स संघले मिलाउनु पर्नेछ [१]

(क) आयात गर्न सकिने सुनको दैनिक परिमाण हाललाई २० (बीस) किलोग्राम कायम गरिएको छ ।

(ख) सुन आयात गर्दा Identified Specific Bar अंकित तथा शुद्ध सुन अर्थात ९९.९९ सुन आयात गर्नु पर्ने छ ।

(ग) १००, २०० र ५०० ग्रामसम्मका परिमाणमा सुन आयात गरी बिक्री वितरण गर्नु पर्नेछ ।

(घ) बैंकहरूले सुनचाँदी व्यवसायिहरूलाई सुन बिक्री गर्दा प्रदान गर्ने बीजक/रसिदमा सुनको शुद्धता, ब्राण्ड, पहिचान नम्बर/सि.नं. (Identified No.) उल्लेख गर्नु पर्नेछ ।

५. बैंकहरूले सुनको बिक्री मूल्य कायम गर्दा आयात गरी सम्बन्धित क्षेत्रमा पुऱ्याउँदा लाग्ने प्रत्यक्ष लागतमा अधिकतम ०.५० प्रतिशतभन्दा बढी हुने गरी मार्कअप गर्न पाइने छैन ।

५क सुन खरिद गर्ने विभिन्न सुन चाँदी व्यवसायी संघहरूले तोक्ने खुद्रा मूल्य वाणिज्य बैंकहरूबाट खरिद भएको मूल्यमा ०.५० प्रतिशतभन्दा बढी हुने छैन ।[२]

६. सिफारिस प्राप्त परिमाणको सुन अन्य बैंकमार्फत् आयात गरेर समेत बिक्री वितरण गर्न सकिने: तोकिएको परिमाणको सीमाभित्र रही आयात गर्न सिफारिस प्राप्त बैंकहरूले आपसमा सहमति गरी आफूलाई प्राप्त सीमाको सुन अर्को बैंक मार्फत् समेत आयात गरी बिक्री वितरण गर्न सक्नेछन् । यसरी एउटा बैंक मार्फत् आयात भएको सुन अन्य बैंकले बिक्री वितरण गर्दा आयात गर्ने बैंकले माथि दफा ५ बमोजिम गर्न पाउने मार्कअपको सीमाभन्दा बढी हुने गरी मूल्य कायम गर्न पाइने छैन ।

७. सुन आयातको विधि : सुन आयात प्रतीतपत्र वा Stand By प्रतीतपत्र वा बैंक ग्यारेण्टी वा ड्राफ्ट/टी.टी. को माध्यमबाट गर्न सकिनेछ । यसरी ड्राफ्ट/टी.टी.को माध्यमबाट आयात गर्दा विभागद्वारा जारी भएको टी.टी. मार्फत् आयात गर्न तोकिएको सीमा लागू हुने छैन ।

८. दैनिक निर्धारित सीमाको परिमाणमा नबढ्ने गरी आयात गर्न सकिने: मूल्यको दृष्टिकोणले मितव्ययी तथा लाभदायी हुने भएमा दैनिक निर्धारित सीमाको परिमाणमा नबढ्ने गरी आवश्यकता अनुरुपको मितव्ययी परिमाण (Economic Size) मा एकमुष्टरूपमा समेत सुन आयात गर्न सकिनेछ ।

[⊗]तर, यस्तो एकमुष्टरूपमा आयात गर्दा आगामी दिनको लागि अग्रिमरूपमा आयात गर्न र व्यतीत भएको कुनै महिनामा दैनिक आयात नभएको सुन अर्को महिनामा आयात गर्न पाइने छैन ।

स्पष्टीकरण: व्यतीत भएको कुनै महिनामा दैनिक आयात नभएको सुन अर्को महिनामा आयात गर्न पाइने छैन भन्नाले कुनै वर्षको एक महिना (उदाहरणको लागि साउन महिना) मा दैनिक

---

[१] मिति २०७३।९।२१ को निर्णयबाट थप तथा परिमार्जन भएको ।

[२] दोश्रो संशोधन पछि कायम

[⊗] मिति २०८०/०६/१० को परिपत्रमार्फत् संशोधन/थप भएको ।

तोकिएबमोजिमको परिमाणको सुन आयात नभएमा त्यस्तो सुन तत् (साउन महिना) पश्चात्का महिनाहरुमा आयात गर्न पाइने छैन । तर, कुनै एक महिना (उदाहरणको लागि साउन महिना) को कुनै समयसम्म दैनिक तोकिएबमोजिमको परिमाणको सुन आयात नभएमा सोही महिना (साउन) भित्र त्यस्तो सुन आयात गर्न भने बाधा पर्ने छैन ।

९. सिफारिस गर्दा अद्यावधिक सिफारिस परिमाण समेत खुलाउनु पर्नेः नेपाल बैंकर्स संघले सुन आयातको सिफारिस गर्दा प्रत्येक पटकको सिफारिस पत्रमा अघिल्लो पटक सिफारिस गर्दाको परिमाण तथा सिफारिस भए पछिको कुल परिमाण र कुन मितिसम्मको लागि सिफारिस भएको हो, सो समेत खुलाई सिफारिस गर्नु पर्नेछ र यस्तो प्रत्येक सिफारिसको जानकारी राष्ट्र बैंकलाई दिनु पर्नेछ ।

## परिच्छेद - ३
## बैंकले व्यवसायीलाई बिक्री वितरण गर्ने सम्बन्धी व्यवस्था

१०. आयात गरिएको सुन तोकिएको क्षेत्रमा बिक्री हुने व्यवस्था मिलाउनु पर्नेः आयातको लागि तोकिएको परिमाण मुलुकभरको लागि भएकोले सम्बन्धित क्षेत्रमा हाल हुने गरेको खपत अनुपातलाई आधार मानी आयातीत सुन क्षेत्रगत रुपमा देहाय बमोजिम निर्धारित सीमा सम्बन्धित क्षेत्रमै बिक्री हुने गरी आयात तथा बिक्री वितरण गर्ने व्यवस्था नेपाल बैंकर्स संघले मिलाउनु पर्नेछ ।

| क्षेत्र | बिक्री/वितरण गर्नु पर्ने परिमाण (प्रतिशतमा) |
|---|---|
| साविक बाग्मती अञ्चलका काठमाडौं, ललितपुर, भक्तपुर, धादिङ्ग, रसुवा, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक गरी ८ जिल्ला | ५० (पचास) |
| साविक बाग्मती अञ्चलका ८ जिल्ला (काठमाडौं, ललितपुर, भक्तपुर, धादिङ्ग, रसुवा, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक) बाहेकका अन्य सबै जिल्लाहरूमा | ५० (पचास) |

क्षेत्रगतरुपमा तोकिएको सीमा सम्बन्धित क्षेत्रमा ७ दिनभित्रसम्म पनि माग/बिक्री नभएमा अन्य क्षेत्रमा (हस्तकला व्यवसायीलाई समेत) पनि बिक्री गर्न सकिनेछ ।

१०क आयात गरिएको सुन बिक्री वितरण गर्न क्षेत्रगत रुपमा प्रतिशत छुट्टाइएकोले बिभिन्न सुन चाँदी व्यवसायीहरूलाई देहाय बमोजिम हुने गरी प्रतिशतमा कोटा निर्धारण गरिएको छ । साविक बागमती अञ्चलका आठ जिल्लामा कायम रहेको ५० प्रतिशतलाई १०० प्रतिशत मानी देहाय बमोजिम हुने गरी बिक्री वितरण गर्ने व्यवस्था मिलाइएको छ ।[३]

क) नेपाल सुन चाँदी व्यवसायी महासंघलाई ५० प्रतिशत ।

ख) नेपाल सुन चाँदी रत्न तथा आभुषण महासंघलाई ४० प्रतिशत ।

ग) नेपाल हस्तकला महासंघलाई १० प्रतिशत ।

यस्तो क्षेत्रगत सीमा तथा बिभिन्न सुन व्यवसायसँग सम्बद्ध संघ/संस्थालाई छुट्याउने सुनको प्रतिशत आवश्यकता अनुसार विभागले समय समयमा संशोधन/परिवर्तन गर्न सक्नेछ ।

१०ख साविक बागमती अञ्चलका आठ जिल्ला बाहेकका अन्य सबै जिल्लाहरुमा वितरण हुने ५० प्रतिशत सुन बिक्री वितरणका सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिएको छ ।[४]

१. बैंकहरूले सुनचाँदीसँग सम्बन्धित संघहरूले तोकेको ठाउँमा (जिल्लाका तोकिएको स्थानमा) Delivery दिने व्यवस्था गर्नु पर्नेछ ।

[३] मिति २०६९।९।२२ को व्यवस्थाबाट कायम

[४] मिति २०७०।२।१२ को चौथो संशोधनबाट कायम

२. बैंकहले सुन वितरण गर्दा अघिल्लो पटक सुन प्राप्त गरेका व्यापारीहरूले सुन बिक्री/वितरण गरेको कारोबारको बिल बीजक सहितको विवरण पेश भएपछि मात्र सुनको सिफारिस भए अनुरुपको सुन वितरण गर्नु पर्नेछ ।

३. अर्को व्यवस्था नभएसम्म साविक बागमती अञ्चलका आठ जिल्ला बाहेकका अन्य सबै जिल्लाहरुको लागि छुट्टाइएको ५० प्रतिशतको हकमा सो परिमाणलाई शतप्रतिशत मानी नेपाल सुनचाँदी व्यवसायी संघले ६५ प्रतिशत, नेपाल रत्न तथा आभुषण संघले २५ प्रतिशत, नेपाल सुनचाँदी कला व्यवसायी संघले ७.५ प्रतिशत तथा नेपाल हस्तकला महासंघले २.५ प्रतिशतको सीमाभित्र रही सिफारिस गर्नु पर्नेछ ।

११. <u>मुख्य शहरहरूमा बिक्री वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेः</u> बागमती अञ्चल बाहेकका अन्य अञ्चलहरूमा धनगढी, नेपालगञ्ज, सिद्धार्थनगर, पोखरा, बीरगञ्ज, जनकपुर, विराटनगर र भद्रपुर क्षेत्रबाट अनिवार्यरुपमा र आवश्यकता अनुरुप औचित्यका आधारमा अन्य व्यापारिक केन्द्र तथा शहरहरूबाट समेत बिक्री वितरण हुने व्यवस्था मिलाउनु पर्नेछ ।

१२. <u>व्यवसायीलाई मात्र बिक्री गर्नु पर्नेः</u> बैंकले आयात गरेको सुन नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भई स्थायी लेखा नम्बर प्राप्त गरेका तथा व्यवसायीहरूको आधिकारिक संघ/संगठनमा आबद्ध सुनको कारोबार गर्न अनुमति प्राप्त गरेका व्यवसायीलाई मात्र बिक्री गर्नु पर्नेछ। यसरी व्यवसायीहरूलाई सुन बिक्री गर्दा निजहरूबाट अघिल्लो आर्थिक वर्ष को कर दायित्व फरफारक गरेको वा आय विवरण बुझाएको प्रमाण समेत अनिवार्यरुपमा लिनु पर्नेछ ।

१३. <u>सुन बिक्रीको अधिकतम परिमाणः</u> सुन बिक्री गर्दा प्रति व्यवसायी बढीमा १ (एक) किलोग्रामको सीमाभित्र रही आवेदनको क्रमानुसार बिक्री गर्नु पर्नेछ ।

१४ <u>क्रमिकरुपमा सुन उपलव्ध गराउनु पर्नेः</u> नेपाल सरकारको सम्बन्धित निकायमा प्रचलित कानुन बमोजिम दर्ता भई स्थायी लेखा नम्बर प्राप्त गरेका व्यवसायीहरूले आफू आबद्ध रहेको संघबाट कोटाको आधारमा कमबद्धरुपले सुन बिक्रीको सिफारिस प्राप्त गर्नुपर्ने छ। सोही सिफारिसको आधारमा बैंकहरूले सुन बिक्री गर्नुपर्ने छ । सुन बिक्रीको लागि सिफारिस गर्दा अपनाइएको प्रकृया पारदर्शी हुनु पर्नेछ। आफ्ना संघका सदस्यहरूलाई/सुन व्यापारीलाई सिफारिस गर्दा क्रमानुसार सिफारिस गर्नु पर्नेछ। यसरी सिफारिस गर्दा कुनै पनि प्रकारको सिफारिस दस्तुर वा शुल्क लिन पाइने छैन । एउटा व्यवसायिले एक संघ/महासंघबाट मात्र सुनको सिफारिस लिन पाउने छ। संघ संस्थाले अपनाएको प्रकृया तथा पद्धति बारे समय समयमा नेपाल राष्ट्र बैंकले अनुगमन गर्न र निर्देशन दिन सक्नेछ। तर, वाणिज्य बैंकले आयात गरेको सुन १५ दिनसम्म पनि सम्बन्धित संघबाट सदस्यहरूलाई सिफारिस हुन नसकी बिक्री हुन नसकेको अवस्थामा वाणिज्य बैंकहरूले यस कार्यविधि अन्तर्गत योग्यता पुगेका सुन व्यवसायीलाई निवेदनको क्रमानुसार सोझै बिक्री गर्न सक्नेछन् ।[५]

१५. <u>संयुक्तरुपमा बिक्री गर्न सकिनेः</u> तोकिएको सीमाभित्र रही बैंकले उपलव्ध गराउन सक्ने अधिकतम परिमाणको सुन एकभन्दा बढी व्यवसायीको नाममा समेत संयुक्तरुपमा बिक्री गर्न सकिनेछ ।

१६. <u>बैंकबाट खरिद गरिएको सुन पुनः बिक्री गर्न सकिनेः</u> व्यवसायीले खरिद गरेको सुन व्यवसायीको संघ/संगठन आदिमा आबद्ध भई प्यानमा दर्ता भएका गरगहना, आभूषण, कलात्मक वस्तु लगायतका सामान बनाउने सुन चाँदी वा हस्तकला व्यवसायीलाई समेत बिक्री गर्न सकिनेछ ।

१७. <u>निवेदनमा प्रतिबद्धता खुलाउनु पर्नेः</u> व्यवसायीले सुन खरिदको लागि पेश गर्ने आवेदनमा सोही दिन सुन खरिदको लागि अर्को बैंकमा आवेदन नगरेको र यस व्यवस्थाको प्रतिकुल हुने गरी सुन खरिद बिक्री कारोबार नगरेको र नगर्ने व्यहोरा सहितको प्रतिबद्धता गरेको हुनुपर्ने छ ।

---

[५] सातौ संशोधनबाट कायम

१७.क बैंकबाट खरिद गरी सकेपछि व्यवसायीहरूले तोकिएको ०.५० प्रतिशतको मार्कअप बाहेक जतिसुकै तह मार्फत् बिक्री वितरण भएपनि मूल्य बढ्ने गरी कुनै पनि थप दस्तुर, सेवा, शुल्क तथा कमिसन लिन पाइने छैन ।[६]

## परिच्छेद - ४
## निर्यातकर्ता व्यवसायीलाई बिक्री वितरण सम्बन्धी विशेष व्यवस्था

१८. <u>निर्यातकर्ता व्यवसायीलाई विशेष व्यवस्थाः</u> निर्यात व्यवसायीलाई सुनको वा सुन मिश्रित गरगहना/कलात्मक वस्तु आदि बनाई निर्यात गर्ने प्रयोजनको लागि आवश्यक पर्ने सुनको लागि यस कार्यविधिको परिच्छेद २ को दफा ४ र परिच्छेद ३ को दफा १३ बमोजिमको सीमा लागू हुने छैन । सुनको वा सुन मिश्रित गरगहना/कलात्मक वस्तु आदि विदेश निर्यात गरेको निकासी प्रमाणपत्र वा निकासी आदेश पुष्टि हुने अग्रिम भुक्तानी वा प्रतीतपत्र वा खरिद आदेश आदि पेश गरेको आधारमा नेपाल हस्तकला महासंघको सिफारिसमा हस्तकला व्यवसायीको माग बमोजिम बैंकहरूले आवश्यक सुनको व्यवस्था गर्नु पर्नेछ । सम्बन्धित बैंकले सोको व्यहोरा खोली प्रमाण सहित नेपाल बैंकर्स संघमा निवेदन गरेमा नेपाल बैंकर्स संघले दैनिक कोटामा प्रभाव नपर्ने गरी सम्बन्धित बैंकको कोटामा थप हुने गरी वा कुल परिमाणमा थप हुने गरी थप परिमाणको सिफारिस उपलव्ध गराउनु पर्नेछ ।

१९. <u>निर्यात भएको पुष्टि हुने कागजातको आधारमा बिक्री वितरण गर्नु पर्नेः</u> निर्यातकर्ताले सुन वा सुन समेत प्रयोग गरी उत्पादन गरेको वस्तुमा प्रयुक्त सुनको परिमाण र निर्यात गरेको पुष्टि हुने कागजातको आधारमा उत्पादित वस्तुमा प्रयुक्त सुनको परिमाणमा जर्ति बापत १० (दश) प्रतिशतसम्मले हुने परिमाण थप गरी सुन बिक्री गर्न सकिनेछ । यसरी सुन बिक्री गर्दा खण्डित परिमाण आएमा न्यूनतम १ (एक) किलोग्रामको परिमाणमा बिक्री गर्न सकिनेछ ।

२०. <u>अग्रिम बिक्री गर्न सकिनेः</u> वस्तु निर्यात गरी नसकेको तर निर्यात भएको पुष्टि हुने कागजात पछि पेश गर्नु पर्ने शर्तमा निर्यातको लागि अग्रिम भुक्तानी वा प्रतीतपत्र वा खरिद आदेश लगायतका निर्यात आदेश पुष्टि हुने कागजातका आधारमा समेत अग्रिम रुपमा सुन बिक्री गर्न सकिने छ । यसरी अग्रिम रुपमा सुन खरिद गर्ने व्यवसायीले निर्धारित अवधिभित्र निर्यात गरेको प्रमाण पेश नगरेसम्म थप सुन खरिद प्रकृयामा सामेल हुन पाइने छैन ।

२१. <u>सुन बिक्री गर्दा अबलम्बन गर्नु पर्ने विधिः</u> सुन बिक्री गर्दा यस कार्यविधिको परिच्छेद-३ को दफा १५ र दफा १७ मा उल्लेख भएको व्यवस्थाको अवलम्बन गर्नु पर्नेछ ।

२२. <u>थप परिमाणमा सुन आयात गर्न सकिनेः</u> निर्यात सम्बन्धी प्रचलित माध्यमबाट ठूलो परिमाण (High Volume) को निर्यात आदेश प्राप्त भएको कारणले निर्यात व्यवसायीलाई बढी सुन आवश्यक परेमा त्यस्तो व्यहोरा पुष्टि हुने कागजात सहित सम्बन्धित बैंक मार्फत अनुरोध प्राप्त भएमा निर्यात प्रयोजनको लागि सोही बैंक मार्फत थप परिमाणमा सुन आयात गर्न स्वीकृति प्रदान गर्न सकिनेछ ।

## परिच्छेद - ५
## अभिलेख तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

२३. <u>अभिलेख राख्नु पर्नेः</u> बैंकहरूले आयात गरेको सुनको लागत मूल्य र बिक्री मूल्य स्पष्ट देखिने गरी अभिलेख तयार गरी राख्नु पर्नेछ ।

---

[६] मिति २०६९।२।२ को संशोधनबाट थप

२४. <u>विवरण बुझाउनु पर्ने</u>: बैंकबाट सुन खरिद गर्ने व्यवसायीले आफूले बिक्री/उपयोग गरेको सुनको संलग्न अनुसूची २ बमोजिमको ढाँचामा प्रत्येक महिना समाप्त भएको ७ (सात) दिनभित्र सम्बन्धित बैंकमा मासिक विवरण बुझाउनु पर्नेछ। ⊗यस्तो विवरण विद्युतीय माध्यमबाट समेत बुझाउन सकिनेछ। बैंकहरूले आफूले आयात गरी बिक्री गरेको विवरण अनूसूची १ बमोजिमको ढाँचामा व्यवसायीले पेश गरेको विवरण समेत संलग्न राखी प्रत्येक महिना वितेको १५ (पन्ध्र) दिनभित्र विभागको इमेल fxmstat@nrb.org.np वा विभागले तोकेबमोजिम अन्य माध्यमबाट मासिक विवरण बुझाउनु पर्नेछ। यसरी तोकिएको विवरण बुझाउनु पर्ने कर्तव्य भएका बैंक तथा व्यवसायीले उक्त विवरण नबुझाएसम्म थप आयात तथा खरिद गर्ने क्रममा समावेश हुन पाउने छैनन्।

परिच्छेद - ६

विविध व्यवस्था

२५. <u>अनुगमन संयन्त्रको गठन गरिने</u>: सुन आयात, बिक्रीवितरण एवम् आपूर्तिका सम्बन्धमा अनुगमन एवम् समीक्षा गर्न र आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन गर्न सिफारीस गर्ने प्रयोजनका निमित्त उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका द्विपक्षीय तथा क्षेत्रीय व्यापार महाशाखा हेर्ने सहसचिवको संयोजकत्वमा राष्ट्र बैंकका वरिष्ठ अधिकृत (निर्देशक) सदस्य रहेको एक अनुगमन संयन्त्र गठन गरिनेछ।

२६. <u>संशोधन तथा परिमार्जन गर्न सकिने</u>: सुन आयात तथा बिक्री वितरण सम्बन्धी कारोबार बारे प्रत्येक महिना अनुगमन संयन्त्रमा छलफल तथा समीक्षा गरी आवश्यकता अनुरुप आयात बिक्री वितरण तथा कार्यान्वयन प्रकृयाहरूमा संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

२७. <u>बाधा अड्काउ फुकाउने</u>: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ आइपरेमा त्यस्तो बाधा अड्काउ अनुगमन संयन्त्रको सिफारिसमा राष्ट्र बैंकले फुकाउन सक्नेछ।

(ख) सुन बिक्रेता वाणिज्य बैंकमा सुन खरिद गर्ने व्यवसायीको बैंक खाता नभएता पनि अन्य बैंक तथा वित्तीय संस्थामा भएको निजको खाताबाट भुक्तानी हुने भएमा सम्बन्धित वाणिज्य बैंकले सुन बिक्रीको व्यवस्था मिलाउनु पर्नेछ।

---

⊗ मिति २०८०/०६/१० को परिपत्रमार्फत् संशोधन/थप भएको।

अनुसूची ३.१

(सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८ को प्रयोजनको लागि)

.............बैंक लिमिटेड

..........................

सुन आयात तथा बिक्रीको मासिक विवरण

अवधि :- .....................देखि ..................सम्म

मिति :-.............

| आयात गरेको | | | | बिक्री गरेको | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | परिमाण | रकम | | मिति | व्यवसायीको नाम | आवद्ध व्यवसायी संघ | प्यान नं. | परिमाण | रकम रु. |
| | | वि.मु.मा | ने.रु.मा | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

विवरण प्रमाणित गर्नेको,

(दस्तखत)

नामः-

पदः-

बैंकको छापः-

अनुसूची ३.२

(सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८ को प्रयोजनको लागि)
(सम्बन्धित सुन चाँदी व्यवसायीको नाम)
.................(ठेगाना)

मिति :-.........................

श्री ............बैंक लिमिटेड
.......................।

महाशय,

सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८ मा भएको व्यवस्था अनुसार हामीले त्यस बैंकबाट खरिद गरी बिक्री गरेको सुनको विवरण यसैसाथ पेश गरेका छौं ।

| खरिद गरेको | | बिक्री गरेको | | | |
|---|---|---|---|---|---|
| मिति | परिमाण | मिति | व्यक्ति/संस्थाको नाम, ठेगाना, प्यान नम्बर | परिमाण | रकम रु. |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | जम्मा | | | |

विवरण प्रमाणित गर्नेको,
(दस्तखत)
नामः-
व्यवसायीको प्यान नंः
छापः

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : ४/२०८१

## सुन आपूर्ति, चाँदी आयात तथा बिक्री वितरण सम्बन्धी व्यवस्था

सुन तथा चाँदीबाट बनेका गरगहना तथा कलात्मक वस्तुहरूको निर्यातकर्ता र स्थानीय बिक्रेताहरूलाई कच्चा पदार्थको रुपमा सुन आपूर्ति/चाँदी आयात गर्ने व्यवस्था निम्नानुसार गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यस बैंकको टक्सार महाशाखा लगायत इजाजतपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकहरूलाई यो परिपत्र जारी गरिएको छ ।

१. सुनबाट निर्मित वस्तुहरूको निर्यातकर्ता र स्थानीय बिक्रेताहरूलाई सुन आपूर्ति गर्ने व्यवस्था

(क) सुनबाट बनेका गरगहना तथा कलात्मक वस्तुहरूको निर्यात सम्बन्धमा : सुनबाट बनेका गरगहना तथा कलात्मक वस्तुहरू Irrevocable Letter of Credit वा अग्रिम भुक्तानी प्रमाणपत्रको आधारमा मात्र निर्यात गर्नु पर्नेछ ।

(ख) सुनको आपूर्ति गर्ने व्यवस्था :

(१) निर्यातकर्ता तथा स्थानीय बिक्रेताहरूलाई सुन उपलब्ध गराउनको लागि नेपाल राष्ट्र बैंक, टक्सार महाशाखाले बैंकहरूमा स्वर्णकोष (Gold Chest) को व्यवस्था गर्नेछ । उक्त स्वर्णकोषमा रहेको सुनको मौज्दातबाट सम्बन्धित बैंकहरूले निर्यातकर्ता तथा यस बैंकबाट विदेशी मुद्रा स्वीकार गर्ने इजाजत प्राप्त स्थानीय बिक्रेताहरूलाई सुन बिक्री गर्नेछ ।

(२) नेपाल राष्ट्र बैंक, टक्सार महाशाखाले सुनको बिक्री मूल्य अमेरिकी डलरमा निर्धारण गर्नेछ । अन्तर्राष्ट्रिय वजारमा सुनको मूल्यमा १ प्रतिशतभन्दा बढी घटबढ भएमा सो अनुसार समायोजन गरी कायम गरिएको सुनको संशोधित बिक्री मूल्यको जानकारी टक्सार महाशाखाले सम्बन्धित बैंकहरूलाई दिनेछ । सम्बन्धित बैंकहरूले सुन बिक्री गर्दा टक्सार महाशाखाले निर्धारण गरेको मूल्यको आधारमा निर्यातकर्ता तथा स्थानीय बिक्रेतालाई सुन बिक्री गर्नु पर्नेछ ।

(३) सम्बन्धित बैंकहरूले यसरी स्वर्णकोषबाट बिक्री गरेको सुनको भुक्तानी भने अमेरिकी डलरमा नै नेपाल राष्ट्र बैंक, बैंकिङ विभागमार्फत् सोही दिन टक्सार महाशाखालाई गर्नु पर्नेछ ।

(४) सम्बन्धित बैंकहरूले निर्यातकर्ता तथा स्थानीय बिक्रेताहरूलाई स्वर्णकोषबाट सुन बिक्री गरे बापत सेवा शुल्क स्वरुप बिक्री गरेको सुनको मूल्यको ०.२५ (शून्य दशमलब दुई पाँच) प्रतिशत रकम नेपाल राष्ट्र बैंकले सम्बन्धित बैंकहरूलाई उपलब्ध गराउनेछ ।

(ग) बैंकहरूले निर्यातकर्ता तथा स्थानीय बिक्रेताहरूलाई सुन आपूर्ति गर्ने विधि :

(१) सम्बन्धित बैंकहरूले निर्यातकर्ताहरूलाई सुनका गर-गहना निर्यात गर्नका लागि प्राप्त भएको Irrevocable Letter of Credit अथवा अग्रिम भुक्तानी प्रमाणपत्रको आधारमा सुन उपलब्ध गराउनु पर्नेछ । यसरी सुन बिक्री गर्दा Irrevocable Letter of Credit वा अग्रिम भुक्तानी प्रमाणपत्रमा उल्लेख भएको FOB मूल्यको ९० प्रतिशत रकमले खाम्नेसम्मको परिमाण मात्रको सुन बिक्री गर्नु पर्नेछ ।

(२) यस बैंकबाट इजाजतपत्रप्राप्त गरेका स्थानीय बिक्रेताले पर्यटकहरूलाई सुनबाट बनेका गर-गहना तथा कलात्मक वस्तुहरू बिक्री गरी आर्जन गरेको परिवर्त्य विदेशी मुद्रा सम्बन्धित बैंकमा दाखिला गरेको रकमको ९० प्रतिशतसम्म मात्रको सुन बिक्री गर्नु पर्नेछ ।

(३) सम्बन्धित बैंकहरूले निर्यातकर्ता तथा स्थानीय बिक्रेताहरूलाई न्यूनतम १०० ग्राम र बढीमा १० ग्रामको गुणन खण्डले हुन आउने परिमाणमा सुन बिक्री गर्नु पर्नेछ ।

(४) सम्बन्धित बैंकहरूबाट सुन खरिद गर्नको लागि निर्यातकर्ताले प्राप्त गरेको Irrevocable Letter of Credit वा अग्रिम भुक्तानी प्रमाणपत्रसाथ संलग्न अनुसूची ४.२ बमोजिम दरखास्त फाराममा सम्पूर्ण विवरण उल्लेख गरी सोको दुईप्रति सम्बन्धित बैंकमा पेश गर्नु पर्नेछ । यसप्रकार स्थानीय बिक्रेताले सुन खरिद गर्नका लागि सुनका गर-गहना वा कलात्मक वस्तु पर्यटकहरूलाई बिक्री गर्दा काटेको संलग्न अनुसूची ४.१ बमोजिमको रसिदको छैठौं प्रति र आर्जन गरेको परिवर्त्य विदेशी मुद्रा बैंकमा दाखिला गरेको प्रमाण सहित अनुसूची ४.२ बमोजिम दरखास्त फाराममा सम्पूर्ण विवरण उल्लेख गरी सोको दुई प्रति सम्बन्धित बैंकमा पेश गर्नु पर्नेछ ।

(५) अग्रिम भुक्तानी प्रमाणपत्र वा निर्यात प्रतीत-पत्रको मूल प्रतिमा सम्बन्धित बैंकले सुन बिक्री गरेको परिमाण र मूल्य उल्लेख गरी अनिवार्य रुपले दरपीठ गर्नुको साथै छाप लगाउनु पर्नेछ । स्थानीय बिक्रेताहरूले पेश गरेको बैंक दाखिलाको प्रमाणपत्र तथा पर्यटकहरूलाई बिक्री गरेको रसिदको आधारमा सुन बिक्री गरेपछि सम्बन्धित बैंकले उक्त कागजातहरूमा सुनको परिमाण र मूल्य उल्लेख गरी दरपीठ गर्नुको साथै छाप लगाउनु पर्नेछ ।

(६) उपर्युक्त प्रक्रियाअनुसार निर्यातकर्ताहरूलाई सुन बिक्री गरेपछि अग्रिम भुक्तानीको हकमा सुनका गर-गहना निर्यात भएको प्रमाणपत्र र प्रतीतपत्रको हकमा परिवर्त्य विदेशी मुद्रा जम्मा भएको प्रमाणपत्र सम्बन्धित बैंक समक्ष पेश गराई अनुसूची ४.३ मा तोकिएबमोजिमको पासबूकमा दरपीठ गर्नु पर्नेछ ।

(७) नेपाल हस्तकला उद्योग संघले सुनका गर-गहना तथा कलात्मक वस्तुहरूका निर्यातकर्ता तथा स्थानीय बिक्रेताहरूलाई अनुसूची ४.३ मा तोकिएको ढाँचाको पासवुक उपलब्ध गराउनेछ । सो पासवुक सम्बन्धित निर्यातकर्ता वा स्थानीय बिक्रेताले सुन खरिद गर्दा अनिवार्य रूपले सम्बन्धित बैंक समक्ष पेश गर्नु पर्नेछ । सम्बन्धित बैंकले पासबुकमा सुन बिक्री गरेको विवरण, बिक्री गरेको आधार, परिवर्त्य विदेशी मुद्रामा भुक्तानी प्राप्त गरेको विवरण तथा निर्यात गरेको मिति लगायतका विवरण प्रमाणित कागजातको आधारमा उल्लेख गरी सहिछाप गर्नु पर्नेछ ।

(८) उल्लिखित प्रक्रिया अनुसार निर्यातकर्ता तथा स्थानीय बिक्रेताहरूलाई सुन बिक्री गरेको, निर्यातकर्ताले सुनबाट बनेका गर-गहना वा कलात्मक वस्तु निर्यात गरेको तथा भुक्तानी प्राप्त गरेको विवरणहरूको अभिलेख अनुसूची ४.४(क), ४.४(ख) र ४.४(ग) को ढाँचामा सम्बन्धित बैंकहरूले अनिवार्य रुपले राख्नु पर्नेछ ।

(घ) <u>सुनका गरगहना तथा कलात्मक वस्तुहरू परिवर्त्य विदेशी मुद्रामा पर्यटकहरूलाई बिक्री गर्ने व्यवस्था</u> :

(१) यस बैंकबाट इजाजत प्राप्त स्थानीय बिक्रेताहरूले पर्यटकहरूलाई सुनका गरगहना बिक्री गर्दा संलग्न अनुसूची ४.१ बमोजिम ६ प्रति रसिद काटी बिक्री गर्नु पर्नेछ । उक्त रसिदको पहिलो, दोश्रो र तेस्रो प्रति पर्यटकलाई दिनु पर्नेछ, चौथोप्रति रेकर्डको लागि आफूसँग राख्नु पर्नेछ, पाँचौ प्रति विदेशी मुद्रा दाखिला गरेको बेला बैंकमा बुझाउनु पर्नेछ र छैठौं प्रति सुन खरिद गर्दा परिवर्त्य विदेशी मुद्रा दाखिला गरेको प्रमाण सहित सम्बन्धित बैंकमा पेश गर्नु पर्नेछ ।

(२) पर्यटकहरूले उपर्युक्त रसिदको पहिलो र दोश्रो प्रति खरिद गरेका सुनका वस्तुहरू नेपाल वाहिर लैजाँदा सम्बन्धित भन्सार कार्यालयमा पेश गर्नु पर्नेछ । भन्सार कार्यालयले उक्त रसिदमा पर्यटकले सुनका गरगहना तथा कलात्मक वस्तुहरू नेपाल वाहिर लगेको प्रमाणित गरी दिनेछ । यसरी

प्रमाणित गरिएको पहिलोप्रति रसिद तथा निर्यात प्रज्ञापनपत्र भन्सार कार्यालयले यस विभागमा पठाउनु पर्नेछ ।

२. चाँदी आयात तथा बिक्री वितरण सम्बन्धी व्यवस्था :

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट चाँदीको आयातमा कुनै किसिमको प्रतिबन्ध/नियन्त्रण नभएको सन्दर्भमा चाँदीको गरगहना, हस्तकला लगायतका अन्य सरसामान बनाई बिक्री गर्न वा त्यस्ता सामान निर्यात गर्ने प्रयोजनका लागि व्यवसायीलाई आवश्यक पर्ने चाँदी आपूर्तिको सुव्यवस्था मिलाउन तथा चाँदीको अनौपचारिक निर्यातलाई निरुत्साहित गर्न आवश्यक देखिएकोले चाँदीको आयात सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिएको छ ।

(क) व्यवसायी स्वयम्ले आयात गर्न सक्ने : सुनचाँदीको कारोबार तथा आयात निर्यात गर्न विधिवत दर्ता भएका/इजाजत लिएका नेपाली सुनचाँदी व्यवसायीले खुला बजार आयात इजाजत (OGL) व्यवस्थाअनुरुप बैंक ग्यारेण्टी, प्रतीतपत्र र Stand by प्रतीतपत्रको माध्यमबाट प्रचलित व्यवस्थाबमोजिम चाँदी आयात गर्न सक्नेछन् । यसरी आयात गरिएको चाँदी व्यवसायी स्वयम्ले गरगरगहना बनाई बिक्री गर्न, हस्तकला लगायतका सामान बनाई बिक्री गर्न वा त्यस्तो बनाउने व्यवसायीलाई बिक्री गर्न र त्यस्ता सामान निर्यात गर्ने प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्नेछ ।

(ख) बैंकहरूले आयात गर्ने चाँदी र सोको मूल्य निर्धारण : वाणिज्य बैंकहरूले सुनचाँदी व्यवसायीलाई मात्र बिक्री गर्ने प्रयोजनका लागि खुला बजार आयात इजाजत (OGL) व्यवस्थाअनुरुप बैंक ग्यारेण्टी, प्रतीतपत्र र Stand by प्रतीतपत्रको माध्यमबाट प्रचलित व्यवस्थाबमोजिम चाँदी आयात गर्न सक्नेछन् । यसरी आयात गरिएको चाँदीको मूल्य निर्धारण अन्तर्राष्ट्रिय मूल्य र आयात गर्दा लाग्ने लागत समेतलाई दृष्टिगत गरी प्रतिस्पर्धी मूल्यमा गर्नु पर्नेछ ।

(ग) वाणिज्य बैंकबाट चाँदी खरिद गर्न सकिने : सुनचाँदीको कारोबारमा संलग्न व्यवसायीले गरगहना, हस्तकला लगायतका सामान बनाउन आफूलाई आवश्यक पर्ने चाँदी बैंकहरूबाट **यसै दफाको खण्ड (घ) मा उल्लिखित रकम बराबर** सम्म खरिद गर्न सक्नेछन् । वाणिज्य बैंकहरूले यसरी व्यवसायीलाई चाँदी बिक्री गर्दा सम्बन्धित सुनचाँदी व्यवसायीको व्यवसाय दर्ता प्रमाणपत्र, कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र लिई बैंक खाता मार्फत् कारोबार गर्नु पर्नेछ । साथै, बैंकले यसरी चाँदी बिक्री गर्दा व्यवसायीबाट खरिद गरिएको चाँदी गरगहना तथा हस्तकला लगायतका अन्य सरसामान बनाई बिक्री गर्न वा त्यस्ता सामान बनाई निर्यात गर्न बाहेक अन्य प्रयोजनको लागि प्रयोग वा बिक्री गर्ने छैन भन्ने स्वःघोषणा समेत लिनु पर्नेछ ।

तर, निर्यात गर्ने चाँदी व्यवसायीलाई चाँदी बिक्री गर्दा उक्त सीमा लागू हुने छैन । निर्यात व्यवसायीलाई चाँदी बिक्री गर्दा खण्ड (घ) को बुँदा (१) देखि (४) सम्मका व्यवस्था समेत पालना हुनु पर्नेछ ।

(घ) चाँदी आयातमा भुक्तानीको सीमा : खण्ड (क) बमोजिम **सुनचाँदी व्यवसाय गर्ने उद्योगले चाँदीका गरगहना, कलात्मक वस्तु, भाँडाकुँडा आदि बनाउन औद्योगिक कच्चा पदार्थको रुपमा आफ्नै प्रयोजनको लागि चाँदी आयात गर्दा प्रति पटक अमेरिकी डलर तीन लाख वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राको सीमासम्म सटही सुविधा प्रदान गर्न सकिनेछ । अन्य सुनचाँदी व्यवसायीले चाँदी आयात गर्दा प्रति पटक अमेरिकी डलर एक लाख वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राको सीमासम्म सटही सुविधा प्रदान गर्न सकिनेछ** । तर, चाँदीको गरगहना/कलात्मक वस्तु आदि निकासी गर्ने चाँदी व्यवसायीलाई देहायबमोजिम सटही सुविधा प्रदान गर्न सकिनेछ :

(१) निकासी आदेश पुष्टि हुने अग्रिम भुक्तानी वा प्रतीतपत्र वा विदेशबाट खरिद आदेश ।

(२) बुँदा (१) को कागजातमा उल्लिखित मूल्य सम्मको चाँदी आयातको लागि सटही सुविधा प्रदान गर्न सकिनेछ । **सोका लागि यस खण्डमा उल्लिखित चाँदी आयातमा भुक्तानीको सीमा लागू हुने छैन ।**

(३) सटही सुविधा दिने सम्बन्धित वाणिज्य बैंकले प्रत्येक पटक सटही सुविधा प्रदान गर्दा सो पूर्व सटही सुविधा प्रदान भएको भए सो अन्तर्गत चाँदी आयात भई तोकिएबमोजिम निर्यात भए/नभएको यकिन गर्नु पर्नेछ ।

(४) सम्बन्धित वाणिज्य बैंक बाहेक अन्य वाणिज्य बैंकबाट चाँदी आयातको सटही सुविधा लिई निर्यातको भुक्तानी लिन वक्यौता नरहेको सम्बन्धी स्वःघोषणा चाँदी व्यवसायीसँग लिनु पर्नेछ ।

(ङ) खण्ड (क) र (ख) बमोजिम चाँदी आयात गर्दा प्रचलित व्यवस्थाबमोजिम अन्य कागजातका अतिरिक्त अनिवार्यरुपमा Master Airway Bill समेत संलग्न हुनु पर्नेछ । House Airway Bill/Bill of Lading बाट चाँदी आयात गर्न पाइने छैन ।

(च) खण्ड (क), (ख), (ग) र (घ) बमोजिम चाँदी आयात/बिक्री सम्बन्धी विवरण सम्बन्धित बैंक तथा वित्तीय संस्थाले संलग्न अनुसूचीको ढाँचामा मासिकरुपमा महिना समाप्त भएको ७ दिनभित्र यस विभागमा पेश गर्नु पर्नेछ ।

अनुसूची ४.१

(इ.प्रा. परिपत्र संख्या ४ को दफा १ को ग (४) प्रयोजनका लागि)

Name of the Concern:
Nepal Government Regd. No.: Address:
Invoice No./Cash Memo No.: Date:

---

We hereby certify that we have sold today following Gold Jewellery/Gold Craft to:

Local Sales
M/S
Passport No.:
Local Address:
Home Address:

Nationality:
Tel. No.:

Mode of payment: (Give full details):

Exports
M/S:
Address:

| No. | Name of the Goods | Total Weight in Grams | Net Weight of gold contained in Grams | Quantity | Price per Item | Total Price |
|---|---|---|---|---|---|---|
| | | | | | | |

Buyer's Signature
(In case of local sales)

Seller's Signature

Note to the Buyer:
Please submit first and second copy of this receipt to Nepalese Customs at the time of your departure.

अनुसूची ४.२

(इ.प्रा. परिपत्र संख्या ४ को दफा १ को ग (४) प्रयोजनका लागि)
स्थानीय बिक्री/निर्यातको लागि सुन आपूर्ति विवरण

श्री .... ..... ..... ....
.... .... ..... .... ।

महाशय,

सुनका गरगहना तथा कलात्मक वस्तु निर्यात गर्नको लागि प्राप्त हुन आएको अग्रिम भुक्तानी/स्थानीय बिक्रीबाट जम्मा भएको परिवर्त्य विदेशी मुद्रा/प्राप्त हुन आएको प्रतीतपत्रको आधारमा सुन उपलब्ध गराई दिनहुनको लागि अनुरोध गर्दछु । उपलब्ध सुनबाट बनेका गरगहना तथा कलात्मक वस्तुहरू निर्यात/पर्यटकलाई बिक्री गर्ने बाहेक अन्य काममा प्रयोग गर्ने छैन ।

१. सुनका गरगहना तथा कलात्मक वस्तु निर्यातका लागि प्राप्त भएको प्रतीतपत्र वा अग्रिम भुक्तानी विवरण :
   (क) प्रतीतपत्र/अग्रिम भुक्तानी प्रमाणपत्रको नम्बर...........
   (ख) कुल मूल्य (विदेशी मुद्रा) ............
      (१) एफ.ओ.वी.मूल्य ................
      (२) भाडा तथा बीमा ...............
२. स्थानीय बिक्रेताले पर्यटकहरूलाई सुनका गरगहना तथा कलात्मक वस्तु बिक्री गरेको विवरण :
   (क) बैंकले प्रमाणित गरे अनुसार जम्मा भएको कुल परिवर्त्य विदेशी मुद्रा रकम ............................
   (ख) जम्मा भएको मिति ..........................
३. माग गरिएको सुनको परिमाण (तौल) ...............
४. माग गर्ने फर्म/कम्पनी को नाम र ठेगाना .....................
५. फर्म/कम्पनी को दर्ता नं. ..................
६. नेपाल राष्ट्र बैंकको इजाजतपत्र संख्या र मिति (स्थानीय बिक्रेताको हकमा)

निवेदकको दस्तखत :
फर्म/कम्पनी को छाप :
मिति :

---

बैंकले प्रमाणित गर्नुपर्ने :

माथि उल्लेख भए बमोजिमको विवरणको आधारमा निजलाई प्राप्त हुन आएको अग्रिम भुक्तानीको/स्थानीय बिक्रीबाट जम्मा भएको रकमको/प्रतीतपत्रमा उल्लेख भएको (९० प्रतिशतले हुने रकममा नबढाई) अमेरिकी डलर..................... मूल्य ......................... बराबरको हुने ....................... ग्राम सुन बिक्री गरेको प्रमाणित गरिन्छ ।

अख्तियार प्राप्त अधिकृतको दस्तखत :
मिति :
नाम :
पद :
बैंकको छाप :

अनुसूची ४.३

(इ.प्रा. परिपत्र संख्या ४ को दफा १ को ग(७) को प्रयोजनका लागि)

पास बुकको कभर पेजको नमूना

सुन आपूर्ति सम्बन्धी पासबुक

निर्यातकर्ता वा स्थानीय बिक्रेताको नाम :

ठेगाना :

फर्म/कम्पनी दर्ता नं. :

पास बुक नं. :

विवरण मिति :

वितरण संख्या :

नेपाल राष्ट्र बैंकको इजाजतपत्रको संख्या र मिति :

(स्थानीय बिक्रेताको हकमा)

---

पासबुकको भित्री पेज

| अग्रिम भुक्तानी प्रमाणपत्र/ प्रतीतपत्रको नम्बर | स्थानीय बिक्रीबाट प्राप्त अग्रिम भुक्तानी/प्रतीतपत्रको रकम (वि.मु.) | सुन बिक्रीको विवरण | | | बिक्री गर्ने बैंकको अधिकृतको दस्तखत र छाप | निर्यात गरेको मिति | प्रतीतपत्रबाट प्राप्त भुक्तानी (वि.मु.) | |
|---|---|---|---|---|---|---|---|---|
| | | मिति | परिमाण | मूल्य | | | मिति | रकम |
| | | | | | | | | |

निर्यात गरेको मिति भन्सार कार्यालयले प्रमाणित गरेको आधारमा बैंकले दरपीठ गर्नुपर्ने ।

अनुसूची ४.४(क)

(इ.प्रा. परिपत्र संख्या ४ को दफा १ को ग(८) प्रयोजनका लागि)
निर्यात प्रतीतपत्रको आधारमा सुन बिक्री गरेको अवस्थामा राख्नुपर्ने अभिलेखको ढाँचा

| मिति | निर्यातकर्ताको नाम र ठेगाना | निर्यात प्रतीतपत्र नम्बर | निर्यात प्रतीतपत्रमा उल्लेख भएको रकम परिवर्त्य वि.मु. | | | सुन बिक्री गरेको विवरण | | निर्यात भएको विवरण | | भुक्तानी प्राप्त परिवर्त्य वि.मु. | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | F.O.B. मूल्य | भाडा | जम्मा मूल्य | परिमाण | मूल्य | मिति | मूल्य | मिति | रकम |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अनुसूची ४.४(ख)

(इ.प्रा. परिपत्र संख्या ४ को दफा १ को ग(८) प्रयोजनका लागि)

अग्रिम भुक्तानी प्रमाणपत्रको आधारमा सुन बिक्री गरेको अवस्थामा राख्नुपर्ने अभिलेखको ढाँचा

| मिति | निर्यातकर्ताको नाम | अग्रिम भुक्तानी प्रमाणपत्रको नम्बर र मिति | अग्रिम भुक्तानी प्रमाणपत्र अनुसार परिवर्त्य वि.मु. | | | सुन बिक्री विवरण | | निर्यात भएको विवरण | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | F.O.B. मूल्य | भाडा | जम्मा मूल्य | परिमाण | मूल्य वि.मु.मा | मिति | मूल्य |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

निर्यात गरेको मिति भन्सार कार्यालयले प्रमाणित गरे अनुसार ।

अनुसूची ४.४(ग)

(इ.प्रा. परिपत्र संख्या ४ को दफा १ को ग (८) प्रयोजनका लागि)
स्थानीय बिक्रेताहरूलाई सुन बिक्री गरेको अवस्थामा राख्नुपर्ने अभिलेखको ढाँचा

| मिति | स्थानीय बिक्रेताको नाम, ठेगाना तथा इजाजतपत्र संख्या | अनुसूची १ बमोजिम रसिद अनुसार बिक्री भएको विवरण | | | बैंकमा जम्मा गरेको वि.मु. | | सुन बिक्री | |
|---|---|---|---|---|---|---|---|---|
| | | रसिद संख्या | परिमाण | मूल्य (वि.मु.) | मिति | रकम | परिमाण | मूल्य (वि.मु.) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूची ४.५

चाँदी आयात/बिक्री सम्बन्धी विवरण

मितिः
बैंक तथा वित्तीय संस्थाको नाम (केन्द्रीय कार्यालयले मात्र पेश गर्ने):
विवरण पेश गरिएको साल र महिना (वि.सं.मा):

(क) व्यवसायी स्वयम्ले आयात गरेको चाँदी सम्बन्धी विवरण:

| सि.नं. | मिति (वि.सं.) | आयातकर्ता सम्बन्धी विवरण | | | | निर्यातकर्ताको नाम | निर्यातकर्ताको ठेगाना (देश समेत) | आयात गरिएको परिमाण | आयात गरिएको रकम (वि.मु. समेत खुल्ने) | अन्य थप विवरण/ कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम | स्थायी लेखा नम्बर | ठेगाना (प्रदेश र स्थानीय तह समेत खुल्ने) | खाता नम्बर | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

(ख) वाणिज्य बैंक आफैले आयात गरेको चाँदी सम्बन्धी विवरण:

| सि.नं. | मिति (वि.सं.) | निर्यातकर्ताको नाम | निर्यातकर्ताको ठेगाना (देश समेत) | आयात गरिएको परिमाण | आयात गरिएको रकम (वि.मु. समेत खुल्ने) | अन्य थप विवरण/ कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

(ग) वाणिज्य बैंकले व्यवसायीलाई बिक्री गरेको चाँदी सम्बन्धी विवरण:

| सि.नं. | मिति (वि.सं.) | खरिदकर्ता सम्बन्धी विवरण | | | | बिक्री गरिएको परिमाण | बिक्री गरिएको रकम (ने.रु.मा) | अन्य थप विवरण/ कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | नाम | स्थायी लेखा नम्बर | ठेगाना (प्रदेश र स्थानीय तह समेत खुल्ने) | खाता नम्बर | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(१) विवरण तयार गर्ने अधिकृत कर्मचारीको नाम थर, पद, इमेल र सम्पर्क नम्बरः.........................................

(२) विवरण रुजु गर्ने अधिकृत कर्मचारीको नाम थर, पद, इमेल र सम्पर्क नम्बरः..........................................

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : ५/२०८१

## निर्यात सम्बन्धी व्यवस्था

नेपालबाट मालसामान तथा सेवा निर्यात गर्ने सम्बन्धमा देहायबमोजिम व्यवस्था गरिएकोले सोही बमोजिम गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक बैंकिङ विभागलगायत प्रदेशस्थित कार्यालयहरू र यस बैंकबाट इजाजतपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकहरु र राष्ट्रिय स्तरका “ख” विकास बैंकहरूलाई यो परिपत्र जारी गरिएको छ ।

### (क) वस्तु निर्यात सम्बन्धी व्यवस्थाः

१. निर्यातकर्ताहरूको लागि अग्रिम भुक्तानी प्रमाणपत्र जारी गर्ने सम्बन्धी व्यवस्था

प्रचलित व्यवस्था बमोजिम मालसामान निर्यात गर्ने प्रयोजनको लागि नेपाली निर्यातकर्ताहरूको नाममा अग्रिम भुक्तानीको प्रमाण पत्र (Advance Payment Certificate) जारी गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) बैंक तथा वित्तीय संस्थाहरू मार्फत प्रयोजन खुल्ने गरी देहाय बमोजिम प्राप्त भएका विदेशी मुद्राको आधारमा मात्र अग्रिम भुक्तानी प्रमाणपत्र जारी गर्नु पर्नेछ :

(१) नेपाली निर्यातकर्ताले निश्चित मालसामान निर्यात गर्ने प्रयोजनको लागि विदेशस्थित आयातकर्तासँग भएको सम्झौता/सहमति/खरिद आदेश लगायत खरिद/बिक्री गर्ने व्यहोरा पुष्टि हुने अन्य कागजातको आधारमा प्राप्त हुने विदेशी मुद्रा ।

(२) यस विभागबाट जारी इ.प्रा.परिपत्र १४ को दफा (३) बमोजिम विदेशी मुद्राका डेबिट /क्रेडिट कार्डलगायत अनलाइन भुक्तानी मार्फत् प्राप्त हुने विदेशी मुद्रा ।

(३) स्थानीय बिक्रेता, कम्पनी/फर्मले प्रचलित निर्यातको प्रक्रिया अपनाई पर्यटकको आदेश बमोजिम आफैँले विदेशस्थित ठेगानामा पठाउने प्रयोजनको लागि पर्यटकसँग भएको सहमति/सम्झौता वा अन्य कागजातको आधारमा सम्बन्धित पर्यटकको भिसा सहितको राहदानीको प्रतिलिपि र बिक्रेताले जारी गरेको बिल/बिजकको प्रतिलिपिसहित प्राप्त हुने विदेशी मुद्रा ।

यस्तो विदेशी मुद्रा नगदै बुझाउने भएमा प्रति पर्यटक अमेरिकी डलर ५,०००।- (पाँचहजार) वा सो बराबर अन्य विदेशी मुद्रा स्वीकार गर्न सकिनेछ । सोभन्दा बढी रकमको हकमा निज पर्यटक नेपाल प्रवेश गर्दा स्वघोषणा (Declare) गरी ल्याएको प्रमाणको आधारमा मात्र स्वीकार गर्नु पर्नेछ ।

(ख) अग्रिम भुक्तानी प्रमाणपत्र जारी गर्दा संलग्न अनुसूची ५.१ बमोजिमको ढाँचामा बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालय कोड नं. समेत उल्लेख गरी सिलसिलेवार नम्बरको अभिलेख राख्नु पर्नेछ । अग्रिम भुक्तानी प्रमाण-पत्र जारी गर्न आवश्यक पर्ने विवरण खुल्ने कागजात नभएको अवस्थामा सम्पूर्ण जिम्मेवारी आफैँले लिनु पर्ने शर्तमा सम्बन्धित निर्यातकर्ताबाट लिखित स्वघोषणा गराई यस्तो प्रमाणपत्र जारी गर्न सकिनेछ ।

(ग) एउटा भन्सार कार्यालयस्थित नाकाबाट मालसामान निकासी गर्ने प्रयोजनको लागि जारी भएको अग्रिम भुक्तानी प्रमाणपत्रबाट पूरै वा आंशिक रकमको निकासी अन्य भन्सार कार्यालयस्थित नाकाबाट गर्नु परेमा यस्तो व्यहोरा पुष्टि हुने कागजात वा सम्पूर्ण जिम्मेवारी आफै लिने लिखित स्वघोषणा

निर्यातकर्ताबाट गराई पहिले जारी भएको अग्रिम प्रमाणपत्रको सक्कलै प्रति फिर्ता लिई सो व्यहोरा जनाई निकासी गर्न बाँकी रकमको अर्को अग्रिम भुक्तानी प्रमाणपत्र जारी गर्न सकिनेछ ।

(घ) जुन बैंक/वित्तीय संस्थामा अग्रिम भुक्तानी बापतको परिवर्त्य विदेशी मुद्रा प्राप्त भएको हो, सोही बैंक/वित्तीय संस्थाले मात्र अग्रिम भुक्तानी प्रमाणपत्र जारी गर्नु पर्नेछ ।

विदेशी मुद्रा प्राप्त गर्ने निर्यातकर्ताको खाता रहेको बैंक तथा वित्तीय संस्था फरक परेमा विदेशी मुद्रा प्राप्त गर्ने बैंक तथा वित्तीय संस्थाले निर्यातकर्ताको खाता रहेको बैंक तथा वित्तीय संस्थामा जुन मुद्रामा निर्यातबापतको रकम प्राप्त भएको हो सोही मुद्रामा नै स्थानान्तरण गर्नुपर्नेछ । यसरी रकम स्थानान्तरण गर्दा कुनै प्रकारको शुल्क/कमिसन वा फि बापत रकम कट्टा गरेको भएमा सो रकम समेत स्पष्ट रूपमा खुलाई स्थानान्तरण गर्नुपर्नेछ ।

(ङ) विदेशस्थित भुक्तानी पठाउने पक्ष वा आयातकर्तासँग भएको सम्झौता/सहमती वा व्यहोरा पुष्टि हुने अन्य कागजातको आधारमा एउटै अग्रिम भुक्तानीबाट विभिन्न पक्षको नाममा र एकभन्दा बढी भुक्तानीको आधारमा एउटै पक्षको नाममा समेत निर्यात गर्न सकिने गरी अग्रिम भुक्तानी प्रमाण-पत्र जारी गर्न सकिनेछ ।

(च) अग्रिम भुक्तानी प्रमाणपत्र जारी गर्ने बैंक तथा वित्तीय संस्थाले अग्रिम भुक्तानीको आधारमा निर्यात गरेको पुष्टि हुने कागजात अनिवार्य रूपमा लिई अभिलेख राख्नु पर्नेछ ।

(छ) अग्रिम भुक्तानी बापत निकासी गर्नु पर्ने कुल रकमको केही प्रतिशत मात्र रकम प्राप्त भई अग्रिम भुक्तानी रकम भन्दा बढी रकमको सामान निकासी गर्नु पर्ने अवस्थामा बढी रकमको लागि प्रचलित व्यवस्था बमोजिम Cash Against Document (CAD) अनुमति पत्र समेत जारी गर्नु पर्नेछ ।

(ज) माथि खण्ड (छ) बमोजिम CAD अनुमति जारी भएको आधारमा हुने निर्यात तथा सोको भुक्तानी सम्बन्धमा प्रचलित व्यवस्था बमोजिम गर्नु पर्ने कामकारवाही बैंक तथा वित्तीय संस्थाको सम्बन्धित कार्यालयबाटै गर्नु गराउनु पर्नेछ ।

(झ) निर्यात प्रयोजनको लागि प्राप्त हुने अग्रिम भुक्तानी र CAD मार्फत प्राप्त हुने भुक्तानीबाट प्रचलित व्यवस्था बमोजिम विदेशी मुद्रा खाता खोल्न र भैरहेको त्यस्तो खातामा जम्मा गर्न तथा त्यस्तो खाताबाट प्रचलित व्यवस्था बमोजिम खर्च गर्न समेत सकिनेछ ।

(ञ) निर्यात प्रयोजनको लागि रकम प्राप्त भएको ४ महिना भित्रमा अग्रिम भुक्तानी प्रमाणपत्र जारी गरिसक्नु पर्नेछ । यस्तो अग्रिम भुक्तानी प्रमाणपत्रको अवधि बढीमा २ (दुई) वर्षको हुनेछ । तोकिएको म्यादभित्र निर्यात गर्न नसकी निर्यातकर्ताले नवीकरणको लागि अनुरोध गरेमा निर्यात गर्न बाँकी रकमको एक पटक बढीमा १ (एक) वर्षभन्दा नबढ्ने गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नवीकरण गर्न सक्नेछन् । उक्त समयावधिसम्म पनि निर्यात हुन नसकेमा सम्बन्धित आयातकर्ताबाट सामान निर्यात नभएको पत्र तथा निर्यातकर्ताबाट समेत सोको स्वघोषणा र विदेशी मुद्रा अपचलन नभएको स्वघोषणा समेत लिई थप १ वर्षको लागि नवीकरण गर्न सकिनेछ ।

ट) जुनसकै परिवर्त्य विदेशी मुद्रामा रकम प्राप्त भएको भएता पनि जुन परिवर्त्य विदेशी मुद्रामा सामान निकासी गर्नु पर्ने हो प्रचलित विनिमयदरले गणना गरी सोही मुद्राको अग्रिम भुक्तानी प्रमाणपत्र जारी गर्नु पर्नेछ । तर भारतीय मुद्रामा प्राप्त भएको रकमको आधारमा अन्य परिवर्त्य विदेशी मुद्रामा भने यस्तो प्रमाणपत्र जारी गर्न मिल्ने छैन ।

ठ) अग्रिम भुक्तानी प्राप्त भएको विदेशी मुद्रा पूरै वा आंशिक रूपमा फिर्ता गर्नु परेमा सम्बन्धित निर्यातकर्ताको अनुरोधमा देहाय बमोजिमको प्रक्रिया पूरा गरी सम्बन्धित बैंक तथा वित्तीय संस्था आफैले फिर्ता गर्न सक्नेछन् । यसरी फिर्ता गरेको विदेशी मुद्राको मासिक विवरण संलग्न अनुसूची ५.२ बमोजिमको ढाँचामा प्रत्येक महिना सकिएको ७ दिनभित्र यस विभागमा पठाउनु पर्नेछ ।

(१) विदेशबाट अग्रिम भुक्तानी पठाउने पक्षको अनुरोध बमोजिम फिर्ता पठाउनु पर्नेछ ।

(२) जुन विदेशी मुद्रामा रकम प्राप्त भएको हो सोही मुद्रामा मात्र फिर्ता गर्नु पर्नेछ ।

(३) अग्रिम भुक्तानी प्राप्त भएको यकिन गरी भित्रिएको विदेशी मुद्राभन्दा बढी नहुने गरी फिर्ता गर्नु पर्नेछ ।

(४) फिर्ता गर्नु पर्ने रकमको सामान निकासी नभएको प्रमाण अर्थात् अग्रिम भुक्तानी प्रमाणपत्रको सक्कल प्रतिमा भन्सार कार्यालयबाट गरेको दरपीठ यकीन गरेर मात्र रकम फिर्ता गर्नु पर्नेछ । यसरी रकम फिर्ता गर्दा उक्त प्रमाणपत्रको सक्कलै प्रति फिर्ता लिई रद्द गर्नुका साथै फिर्ता गरेको रकम र व्यहोरा उल्लेख गरी सम्बन्धित फाइलमा अभिलेख गर्नु पर्नेछ । यसरी रद्द गरी रकम फिर्ता गरेको व्यहोरा उल्लिखित उक्त प्रमाणपत्रको प्रतिलिपि निर्यातकर्तालाई आवश्यक परेमा प्रमाणित गरी उपलब्ध गराउनु पर्नेछ ।

(५) रकम फिर्ता गर्दा सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ (संशोधन सहित) लगायतका प्रचलित कानुनमा भएका व्यवस्थाहरूको पालना गर्नु पर्नेछ ।

२. <u>निर्यात प्रतीतपत्र प्रमाणित गरिदिने सम्बन्धी व्यवस्था</u>

निर्यात प्रतीतपत्र प्रमाणित गर्ने कार्य “क” वर्गका बैंकले गर्न सक्नेछन् । त्यस्ता बैंकले यस्तो बिलको कारोबार गर्दा भन्सार प्रयोजनको निमित्त जारी गर्ने निर्यात प्रतीतपत्र प्रमाणित गर्ने सम्बन्धमा निम्न बमोजिमको व्यवस्था अनुरुप गर्नुपर्ने छ :

(क) निर्यात प्रतीतपत्र प्राप्त गर्ने निर्यातकर्ताले उक्त प्रतीतपत्रबाट गर्ने निर्यात कारोबारको Documents Negotiate गराउन अथवा Collection मा पठाउन बैंकमा अनुरोध गरेमा मात्र भन्सार प्रयोजनको निमित्त प्रतीतपत्र प्राप्त भएको प्रमाणपत्र जारी गरिदिने ।

(ख) निकासीकर्ताले Documents Negotiate गराउन अथवा संकलन Collection मा पठाउन बैंकमा नआउने भएमा जुन बैंकमा कारोबार गर्न जाने हो सोही बैंकमा निर्यात प्रतीतपत्र Advice पठाउनु पर्नेछ । साथै, उक्त कुराको अभिलेख (Record) राख्नु पर्नेछ ।

(ग) उपर्युक्त बमोजिम अर्को बैंकबाट Advice भई प्राप्त भएको निर्यात प्रतीतपत्रबाट निकासीकर्ताले सोही बैंकमा निर्यात बिल कारोबार गर्ने भएमा मात्र भन्सार प्रयोजनको निमित्त निर्यात प्रतीतपत्र प्राप्त भएको प्रमाणपत्र जारी गर्नु पर्नेछ ।

(घ) भन्सार प्रयोजनको निमित्त बैंकले जारी गरेको प्रमाणपत्रहरूबाट सामान निकासी गरेपछि निकासीकर्ताले निर्यात बिल पेश गर्न आए/नआएको बारे बैंकले नियमित अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(ङ) निर्यात प्रतीतपत्र खोलेको र दृश्य निर्यात (Tangible) बाट हुने विदेशी मुद्राको आम्दानी विवरण सम्बन्धी संलग्न ढाँचा बमोजिमको वि.वि.नि.फा.नं. १ र वि.वि.नि.फा.नं. २ साप्ताहिक रुपमा यस बैंकमा पठाउनु पर्नेछ ।

३. <u>Deemed Export लाई निर्यात सरह मान्यता दिने सम्बन्धी व्यवस्था</u>

(क) कुनै नेपाली उत्पादनकर्ताले आफ्नो उत्पादित वस्तु ग्लोबल टेण्डर वा लोकल टेण्डर वा आपूर्ति सम्झौताको माध्यमबाट द्विपक्षीय वा वहुपक्षीय सहायता अन्तर्गत सञ्चालित आयोजनाहरू वा विदेशी सरकार वा विदेशी संघ/संस्थाहरूद्वारा परिवर्त्य विदेशी मुद्रामा खर्च व्यहोर्ने गरी सञ्चालित आयोजनाहरूलाई परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी बेचबिखन गरेमा यस प्रकारको बिक्रीलाई बिदेश निर्यात भए सरह (Deemed Export) मानिनेछ ।

(ख) यस बैंकबाट इजाजतपत्र लिएका सुनचाँदी उद्योग तथा व्यवसायीहरूले विदेशी नागरिक, निकाय, गैर-आवासीय नेपाली, कूटनीतिक नियोगका पदाधिकारीहरूलाई स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा सुनका गरगहना बिक्री गरेमा त्यस्तो बिक्रीलाई Deemed Export सरह निर्यात भएको मानी विद्यमान व्यवस्थाबमोजिम सुन उपलब्ध गराइनेछ ।

उपर्युक्तानुसार खण्ड (क) र (ख) बमोजिम आर्जन भएको परिवर्त्य विदेशी मुद्रा प्रचलित व्यवस्थाबमोजिम इजाजतपत्रप्राप्त बैंकमा परिवर्त्य विदेशी मुद्राको खाता खोली सो खातामा जम्मा गर्न सकिनेछ ।

४. तयारी पोसाकको निर्यात कारोबार सम्बन्धी व्यवस्था :

(क) CMTP (Cutting, Manufacturing, Trimings and Profit) व्यवस्था :

तयारी पोसाक निर्यातकर्ताहरूलाई CMTP (Cutting, Manufacturing, Trimings and Profit) को आधारमा FOC (Free of Cost) मा कपडा आयात गरी CMTP अन्तर्गत निर्यात भएका तयारी पोसाकको निर्यात कागजातहरू "क" वर्गका बैंकले निम्न शर्तनामाहरू अन्तर्गत रही Negotiation/Collection गर्न सक्नेछन् :

(१) निर्यात प्रज्ञापनपत्र अनिवार्य रुपले पेश गर्नुपर्ने,

(२) प्रज्ञापनपत्रमा Fabric/CMTP मूल्य छुट्टाछुट्टै खुलेको हुनुपर्ने,

(३) कुल FOB मूल्यको न्यूनतम ३५ (पैंतीस) प्रतिशत CMTP हुनुपर्ने,

(४) CMTP Component मध्ये पूरै वा आंशिक भुक्तानी प्राप्त नभएमा प्रचलित व्यवस्था अनुसार गर्नुपर्ने ।

(ख) Third Party Document Negotiation गर्न नपाइने :

आयातकर्ताबाट तयारी पोसाक निर्यात गर्ने उद्योग वा फर्मको नाउँमा प्राप्त हुने प्रतीतपत्र अन्तर्गत Third Party Document Negotiation गर्न नपाइने व्यवस्था मिति २०५०।९।१७ देखि लागू रहेको हुँदा यस्ता प्रतीतपत्रहरूमा Third Party Document Negotiation Acceptable भन्ने व्यहोरा उल्लेख भएतापनि त्यस्ता Documents को Negotiation गर्न वा संकलनार्थ स्वीकार गर्न भने पाइने छैन ।

५. निर्यातको कारोबार गर्ने तथा भुक्तानी प्राप्त गर्ने सम्बन्धी व्यवस्था

निर्यात भएको वस्तुहरूको भुक्तानी तोकिएको अवधिभित्र प्राप्त भएको वा नभएको बारेमा "क" वर्गका बैंकहरूले नियमित रुपले अद्यावधिक जानकारी लिने सम्बन्धमा निम्नानुसार गर्नु पर्नेछ ।

क. प्रतीतपत्रको आधारमा निर्यात भएको मालसामनहरूको Documents Negotiate गरेपछि उल्लिखित मिति भित्र भुक्तानी प्राप्त हुन नआएमा कारण सहित त्यस्तो निर्यातकर्ताहरूको विवरण नियमित रुपले यस विभागलाई जानकारी गराउनु पर्नेछ ।

ख. Documents Collection मा पठाएको हकमा निर्यातकर्ताबाट उक्त Documents Collection मा पठाउनुको कारण र भुक्तानी प्राप्त हुने सम्भावित अवधि अनिवार्य रुपले उल्लेख गराउनुपर्ने र सो अवधि भित्र (निर्यात भएको मितिले ६ महिना ननाघ्ने गरी) भुक्तानी प्राप्त नभएमा त्यस्ता निर्यातकर्ताहरूको विवरण नियमित रुपले यस विभागलाई जानकारी गराउनु पर्नेछ। उपर्युक्त विवरणहरू यसैसाथ संलग्न वि.वि.नि.फा.नं. २(क) अनुसारको ढाँचामा मासिक रुपले महिना समाप्त भएको ७ (सात) दिनभित्र यस विभागलाई उपलब्ध गराउनु पर्नेछ ।

ग. Export Documents Negotiate भई वा Collection को लागि पठाएको हकमा भुक्तानी प्राप्त हुँदा डकुमेन्टमा उल्लेखित रकमभन्दा कम परिमाणको विदेशी मुद्रा प्राप्त भएको छ र यसरी Shortfall भएका विषयहरू आयातकर्तासँग सम्बन्धित वाणिज्य बैंकहरूले विभिन्न Charges बापत कट्टा गरेको रकमको कारणले भएको रहेछ भने यस्ता विषयहरूलाई Shortfall को Category मा नराख्ने र सम्बन्धित बैंक स्वयम्ले टुङ्गो लगाउन सक्नेछ। तर, यसरी टुङ्गो लगाउँदा सम्बन्धित बैंकहरूले Shortfall भएको रकम विदेशस्थित Correspondent बैंकहरूको Charges मात्र हो र यसमा विदेशी आयातकर्ताहरूको तर्फबाट कट्टा गरेको रकम समावेश छैन भन्ने यकीन गर्नु पर्नेछ ।

घ. Negotiate भएका वा Collection मा पठाइएका कुनै पनि निर्यात Documents को भुक्तानी प्राप्त हुँदा Document मा उल्लेख भएको विदेशी मुद्रा रकमको दुई प्रतिशत वा अमेरिकी डलर १,०००।- (वा सो सरहको अन्य परिवर्त्य विदेशी मुद्रा, भा.रु. को हकमा भा.रु. १,००,०००।-) सम्म जुन बढी हुन्छ, सोही रकम बराबरको कम भुक्तानी प्राप्त हुने अवस्था भएमा वा प्राप्त भएमा सम्बन्धित कागजातहरू अध्ययन गरी उपयुक्त ठहरिएको खण्डमा र निर्यातकर्ताको पनि सहमति भएमा बैंक स्वयम्ले त्यस्तो विदेशी मुद्रा भुक्तानी स्वीकार गरी सम्बन्धित निर्यातकर्तालाई भुक्तानी दिन

सक्नेछ । साथै, यसरी कम भुक्तानी ल्याउने हिसाव गर्दा प्रत्येक प्रतीतपत्रको छुट्टाछुट्टै हिसाव गर्नु पर्नेछ ।

ङ. यसरी निर्यातको भुक्तानी प्राप्त गर्दा प्रति डकुमेन्ट माथि उल्लेख गरिए अनुरुपको रकमभन्दा बढी रकम न्यून (Shortfall) हुने भएमा यस विभागको स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ । माथि उल्लेख भए अनुसार कम भुक्तानी प्राप्त भएको विवरण वि.वि.नि.फा.नं. २(क) को ढाँचामा यस विभागलाई उपलब्ध गराउनु पर्नेछ ।

च. नेपाली निर्यातकर्ताहरूको नाममा प्राप्त हुने प्रतीतपत्रहरूमा ह्याण्डलिङ्ग चार्ज वा कमिसन आदिबापत विदेशी मुद्राको रकम कट्टा हुने वा भुक्तानी गर्नुपर्ने शर्तहरू राखिएको छ भने त्यस्ता प्रतीतपत्रहरू स्वीकार गर्न नमिल्ने ।

तर, यसरी कट्टा हुने वा भुक्तानी गर्नु पर्ने रकम डकुमेण्टको दुई प्रतिशत वा अमेरिकी डलर १,०००।- (जुन बढी हुन्छ) नाघ्दैन भने त्यस्ता प्रतीतपत्रहरू स्वीकार गर्न बाधा पर्ने छैन ।

६. <u>दालजन्य वस्तुहरूको निर्यात सम्बन्धी व्यवस्था</u>

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६७/२/३ को निर्णयानुसार रहरको दाल बाहेक अन्य सबै प्रकारका दालजन्य वस्तुहरूको निकासी खुला गरिएकाले सोही बमोजिम रहरको दाल बाहेक अन्य दालजन्य वस्तुहरूको निकासी सम्बन्धी कारोबार गर्न सकिने छ ।

७. <u>Cash Against Documents (CAD) को आधारमा मालसामान निर्यात सम्बन्धी व्यवस्था</u>

CAD अन्तर्गत भारतबाहेक अन्य मुलुकतर्फ निर्यात गर्न चाहने निर्यातकर्ताहरूको लागि निम्न लिखित शर्तहरू पालना गर्नुपर्ने गरी त्यस्तो निर्यात अनुमति सम्बन्धित बैंक/वित्तीय संस्थाहरू मार्फत् प्राप्त गर्न सकिने छ ।

(क) एक पटकमा बढीमा अमेरिकी डलर ५,००,०००।- (अमेरिकी डलर पाँच लाख) सम्मको सामान निर्यात गर्न ।

(ख) निवेदनसाथ अद्यावधिक दर्ता प्रमाणपत्र र आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न हुनु पर्नेछ ।

(ग) निर्यात गर्न माग भएको रकमलाई पुष्टि गर्ने बीजक (Invoice) वा बिक्री सम्झौता (Sales Contract) वा खरिद आदेश (Purchase Order) संलग्न हुनु पर्नेछ ।

(घ) निर्यात अनुमति जारी गर्दा निर्यात रकमलाई खाम्ने गरी बीमा गरिएको हुनुपर्ने छ ।

(ङ) निर्यात मूल्यको १ प्रतिशतले हुने रकम बराबरको नगद वा बचतपत्र वा विकास ऋणपत्र वा सम्बन्धित बैंक/वित्तीय संस्थालाई मान्य हुने सुरक्षणपत्र धरौटीको रूपमा लिनु पर्नेछ ।

(च) यस्तो निर्यातको भुक्तानी प्राप्त भएपछि धरौटी फुकुवा सम्बन्धित बैंक/वित्तीय संस्था स्वयम्ले गर्न सक्नेछ ।

(छ) निर्यात अनुमतिपत्र जारी भएको मितिले ६ (छ) महिनाभित्र निर्यात मूल्य बराबरको रकम भुक्तानी नआएमा सम्बन्धित बैंक/वित्तीय संस्थाले त्यस्तो नगद धरौटी वा सुरक्षणपत्रहरू रोक्का गरी सोको विवरण ७ (सात) दिनभित्र यस विभागमा पेश गर्नु पर्नेछ ।

(ज) बैंक ग्यारेन्टीको आधारमा निर्यात गर्नुपरेमा यस बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(झ) बैंक/वित्तीय संस्थाहरूले निर्यात अनुमतिपत्र जारी गर्दा निर्यातकर्ता पार्टीले जुन भन्सार कार्यालयबाट सामान निर्यात गर्ने हो, सो भन्सार कार्यालयको नाममा मात्र यसैसाथ संलग्न अनुसूची ५.६ अनुसारको निर्यात अनुमतिपत्र जारी गर्नु पर्नेछ ।

८. <u>निर्यात गर्ने भन्सार विन्दु सम्बन्धी व्यवस्था</u>

प्रतीतपत्र मार्फत् सामान निर्यात गर्दा आयात गर्न तोकिएका इ.प्रा.परिपत्र संख्या १ को दफा १ को उपदफा १.१.१ को खण्ड (ग) बमोजिमका भन्सार विन्दुहरू नै भारतीय बन्दगाह भई/वा नभई तेस्रो मुलुक निर्यात हुने व्यापारिक सामानको हकमा पनि प्रयोग गर्नु पर्ने छ ।

९. सम्बन्धित निकायको स्वीकृति लिई विदेशमा विभिन्न प्रदर्शनी, व्यापारमेला (Trade Fair/Expo) मा नेपाली वस्तु बिक्री गरेबापत प्राप्त नगद अमेरिकी डलर ५००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राभन्दा बढी नगदमै भित्र्याउँदा भन्सार घोषणा समेत गरेको हुनु पर्नेछ र उक्त विदेशी मुद्रा विभिन्न प्रदर्शनी,

व्यापारमेलामा वस्तु बिक्रीबापत प्राप्त भएको प्रमाणित हुने आवश्यक कागजात समेतको आधारमा नेपालस्थित बैंक तथा वित्तीय संस्थामा रहेको उक्त निर्यातकर्ताको विदेशी मुद्रा खातामा समेत जम्मा गर्न सकिनेछ ।

(ख) सेवा निर्यात सम्बन्धी व्यवस्थाः

१. नेपालमा स्थापना भएका कुनै फर्म, कम्पनी, संस्था वा प्राकृतिक व्यक्तिले विदेशस्थित सेवा खरिद गर्ने फर्म, कम्पनी, संस्था वा प्राकृतिक व्यक्तिलाई नेपालबाट सेवा उपलब्ध गराए बापत बैंकिङ्ग प्रणालीको माध्यमबाट नगद बाहेक) रकम भित्र्याउने सम्बन्धमा देहाय बमोजिमका कागजातहरु यकिन गरी इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले सम्बन्धित नेपाली निर्यातकर्ताको खातामा रकम जम्मा गर्न सक्नेछ :
   (क) निर्यातकर्ताको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
   (ख) बिलबीजक वा खरिद आदेश हुने प्रकृतिको सेवा निर्यातको हकमा बिलबीजक वा खरिद आदेश ।
   (ग) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्था लगायत अन्य प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवस्थाहरुको पालना भएको ⁄ पालना हुने सम्बन्धी निर्यातकर्ताको स्वघोषणा ।
२. दफा (१) बमोजिमको निर्यातको भुक्तानी SWIFT, ड्राफ्ट ⁄ टी.टी. लगायत विद्युतीय भुक्तानीका उपकरणमार्फत् प्राप्त गर्न सकिनेछ ।
३. दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएतापनि भा.रु. मा भएको निर्यातको हकमा नेपाली रुपैयाँको खातामा मात्र जम्मा हुनेछ ।

(ग) नेपाली ⁄ विदेशी नागरिक वा नेपालमा दर्ता भएका फर्म ⁄ कम्पनी ⁄ संस्था ⁄ शाखा कार्यालयले बिक्री, कमिशन, शुल्क, पारिश्रमिक लगायत विभिन्न प्रयोजनका लागि फिर्ता (Repatriation) नहुने गरी विदेश (नागरिक वा फर्म ⁄ कम्पनी ⁄ संस्था) बाट प्राप्त हुने रकम सम्बन्धित वेनेफिसियरीको बैंक खातामा जम्मा गर्ने गरी रकम ल्याउन सकिने छ । तर, समाज कल्याण ऐन, २०४९ बमोजिमका सामाजिक संघ संस्थाले भित्र्याउने रकमको हकमा भने प्रचलित कानुनबमोजिम समाज कल्याण परिषद्लाई गराइएको पूर्व जानकारी वा पूर्व स्वीकृति समेत आवश्यक पर्नेछ ।

अनुसूची ५.१

(इ.प्रा. परिपत्र संख्याः ५ को दफा १(ख) को प्रयोजनको लागि)

...............बैंक/वित्तीय संस्थाको नाम

............कार्यालय/शाखा

बैंक तथा वित्तीय संस्था कार्यालयको कोड नं./प्रमाणपत्रको सिलसिलेवार नम्बर :

<u>निर्यातको लागि अग्रिम भुक्तानी प्रमाणपत्र</u>

मिति :

श्री नेपाल सरकार

................भन्सार कार्यालय

(ठेगाना) ।

महाशय,

त्यस भन्सार कार्यालय मार्फत निकासी हुने गरी तपसिल बमोजिम अग्रिम भुक्तानी प्राप्त भएकोले यो प्रमाण-पत्र जारी गरिएको छ । सामान निकासी भए अनुरूपको व्यहोरा तल उल्लिखित महलमा प्रमाणित समेत गरिदिनु हुन अनुरोध गर्दछौं ।

| क्र.सं. | विवरण | विवरण |
|---|---|---|
| १ | भुक्तानी प्राप्त गर्ने निर्यातकर्ताको नामः | |
| | बैंक कार्यालयमा रहेको खाता नम्बरः | |
| | भुक्तानी प्राप्त विदेशी मुद्रा रकमः | |
| | रकम जम्मा भएको मितिः | |
| २ | भुक्तानी पठाउने पक्षको नामः | |
| | ठेगानाः | |
| | निर्यात गरिने सामानको नामः | |
| | परिमाणः | |
| | मूल्यः | |
| | ढुवानी शुल्कः | |
| | बीमा शुल्कः | |
| ३ | भुक्तानी पठाउने बैंक तथा वित्तीय संस्थाको | |
| | ठेगानाः | |
| | रकमको प्रयोजनः | |
| | एजेन्सी खातामा जम्मा भएको मितिः | |
| ४ | रकमान्तर भएको माध्यमः | ड्राफ्ट/टी.टी./स्वीफ्ट, स्थानीय बिक्री, Epayment |
| ५ | सामान प्राप्त गर्ने विदेशी पक्षको नामः | |
| | ठेगानाः | |

अख्तियार प्राप्त अधिकारीको दस्तखत

नाम :

पद :

बैंकको छाप :

निकासी भएको भन्सार कार्यालयबाट प्रमाणित विवरण

उल्लिखित प्रमाणपत्र अनुरूप देहाय बमोजिम निकासी भएको व्यहोरा प्रमाणित गरिएको छ ।

| सि.नं. | निर्यात गरेको मिति | रकम (विदेशी मुद्रा) | निर्यात गर्न बाँकी विदेशी मुद्रा | भन्सार अधिकृतको दस्तखत तथा कार्यालयको छाप |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

अनुसूची ५.२

(इ.प्रा. परिपत्र संख्याः ५ को दफा १ को खण्ड (ठ) को प्रयोजनको लागि)

.........बैंक तथा वित्तीय संस्थाको नाम

.........कार्यालय/शाखा

श्री नेपाल राष्ट्र बैंक

विदेशी विनिमय व्यवस्थापन विभाग ।

महाशय,

मालसामान निर्यातको लागि यस कार्यालय मार्फत प्राप्त भएको अग्रिम भुक्तानी रकममध्ये देहाय बमोजिमको रकम परिपत्रमा भएको व्यवस्था बमोजिम फिर्ता गरिएको व्यहोरा जानकारीको लागि पेश गरेका छौं ।

| सि.नं. | अग्रिम भुक्तानी प्राप्त मिति | विदेशी मुद्रा | ने.रु. | अग्रिम भुक्तानीको प्रमाणपत्र नं. | फिर्ता गरेको विदेशी | फिर्ता गरेको ने.रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप :

अनुसूची ५.३

(इ.प्रा. परिपत्र संख्या: ५ को दफा २ को खण्ड (ङ) को प्रयोजनको लागि)

वि.वि.नि.फा.नं. १
............ बैंक लि.
निर्यात प्रतीतपत्र खोलेको विवरण
(साप्ताहिक)
............. साल ................. महिना ............. गते

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग ।

| निर्यात प्रतीतपत्र नं. | निर्यातकर्ताको नाम ठेगाना | सामानको | | देश | प्रतीतपत्र रकम | | | एजेन्सी बैंक |
|---|---|---|---|---|---|---|---|---|
| | | नाम | परिमाण | | विदेशी मुद्रा | रकम | सोको हुने रु. | |
| | | | | | | | | |

अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप :

अनुसूची ५.४

(इ.प्रा. परिपत्र संख्याः ५ को दफा २ को खण्ड (ङ) को प्रयोजनको लागि)

वि.वि.नि.फा.नं. २

............ बैंक लि.

दृष्य निर्यातबाट हुने विदेशी मुद्राको आम्दानी विवरण

(साप्ताहिक)

............. साल ................. महिना ............. गते

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग ।

| बैंकको रेफरेन्स नं | निर्यातकर्ता को नाम ठेगाना | प्रतीतपत्र/अग्रिम भुक्तानी वा अन्य उल्लेख गर्ने | निर्यात मिति | निर्यात वस्तुको | | रकम | | | एजेन्सी जम्मा मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नाम | परिमाण | विदेशी मुद्रा | वि.मु. रकम | सोको हुने रु. | |
| | | | | | | | | | |

अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप :

अनुसूची ५.५

(इ.प्रा. परिपत्र संख्या ५ को दफा ५ को खण्ड (ख) को प्रयोजनको लागि)
वि.वि.नि.फा.नं. २(क)

........................
.........................................

निर्यात भुक्तानी प्राप्त हुन नआएको मासिक विवरण
२०.........देखि २०........मसान्तसम्म

श्री नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग ।

विषय :- एफ.वि.एन./एफ.वि.सी. विवरण

| कारोबार नं. | निर्यातकर्ताको नाम, ठेगाना | निर्यात भएका वस्तुहरूको विवरण | | नेगोसियशन मिति | भुक्तानी आउनुपर्ने मिति | भुक्तानी आउनुपर्ने बाँकी रकम | फिर्ता आएको कारण |
|---|---|---|---|---|---|---|---|
| | | निर्यात वस्तुको नाम | विदेशी मुद्रा | | | | |
| | | | | | | | |

......................
अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप :

अनुसूची ५.६

(इ.प्रा. परिपत्र संख्या ५ को दफा ७ को प्रयोजनको लागि)

निर्यात अनुमतिपत्र

श्री ……………..भन्सार कार्यालय

………………………… ।

विषयः- CAD (Cash Against Document) को आधारमा मालसामान निकासी सम्बन्धमा ।

महाशय,

श्री …………………………… को मिति …………………………… को निवेदनबाट माग भई आए अनुसार उक्त उद्योग/फर्मलाई CAD अन्तर्गत …………………… मूल्य बराबरको ………………… सामान त्यस भन्सार कार्यालयबाट निकासी गर्न स्वीकृति दिइएको व्यहोरा अनुरोध गर्दछु ।

भवदीय,

…………………… ……………………

आधिकारिक दस्तखत आधिकारिक दस्तखत

बोधार्थ :-

१. श्री ……………………………

……………………………………

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : ६/२०८१

## निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी व्यवस्था

१. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी "निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७५" लाई संशोधन गरी "निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७९ लागू गरेको हुँदा सोही बमोजिम कार्यान्वयन गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(क) निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी व्यवस्था

१. यसैसाथ संलग्न कार्यविधिमा उल्लेख भएका प्रावधानहरू यस बैंकबाट इजाजतपत्र प्राप्त (क) वर्गका सबै वाणिज्य बैंकहरूले पालना गर्नु पर्नेछ ।

२. वस्तु निर्यात तथा सोको भुक्तानी जुन बैंक कार्यालय मार्फत भएको हो सोही बैंक कार्यालय मार्फत मात्र नगद प्रोत्साहन उपलव्ध गराउनु पर्नेछ ।

३. निर्यातमा नगद अनुदान प्रदान गर्दा कार्यविधिको दफा ३ मा भएको व्यवस्था बमोजिम प्रदान गरिनेछ । यस कार्यविधिको दफा ६ को उप-दफा ३ मा भएको व्यवस्था बमोजिम बैंक खातामा रकम जम्मा गर्दा निर्यातकर्ताको खातामा विदेशी मुद्रा जम्मा भएको दिनको लागि नेपाल राष्ट्र बैंकले निर्धारण गरेको परिवर्त्य विदेशी मुद्राको खरिद दरको आधारमा नेपाली रुपैयाँमा रुपान्तरण गरी सोही बराबरको नेपाली रुपैयाँमा प्रदान गर्नु पर्नेछ । यस प्रयोजनको लागि निर्यातकर्ताले दफा ४ मा उल्लेखित निर्यात हुने बस्तुको प्रमाणीकरण सम्बन्धी कागजात पेश गर्नु पर्नेछ ।

४. कार्यविधिको दफा ३ बमोजिमको नगद अनुदान प्राप्त गर्न चाहने निर्यातकर्ताले कार्यविधिको दफा ५ बमोजिमका कागजात सहित अनुसूची-४ बमोजिमको ढाँचामा बैंक समक्ष निवेदन दिनु पर्नेछ ।

५. बुँदा ४ बमोजिम निर्यातकर्ताको बैंक खातामा रकम जम्मा गरिसकेपछि सम्बन्धित बैंकले सो बराबरको रकम शोधभर्नाको लागि आवश्यक कागजात सहित कार्यविधिको अनुसूची-५ बमोजिमको ढाँचामा नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिनु पर्नेछ ।

६. काठमाडौं उपत्यका बाहिरस्थित बैंक कार्यालयहरूले दफा ५ बमोजिम शोधभर्ना माग गर्दा आफ्नो केन्द्रीय/कर्पोरेट कार्यालय मार्फत वा सोझै यस विभागमा निवेदन पठाउन सक्नेछन् । तर, शोधभर्ना रकम भने सम्बन्धित बैंक कार्यालयको केन्द्रीय/कर्पोरेट कार्यालयको यस बैंकको बैकिंग कार्यालय, वालुवाटारस्थित खातामा मात्र जम्मा गरिनेछ ।

७. "निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७९" तथा यस परिपत्रमा उल्लेख भएका प्रावधान तथा प्रक्रियाहरू पूरा नभई प्राप्त भएका निवेदनको शोधभर्ना गरिने छैन ।

८. यस विभागमा प्राप्त भएका रितपूर्वकका निवेदनहरुको शोधभर्ना गर्दा नेपाल सरकार, अर्थ मन्त्रालयले यसै प्रयोजनको लागि यस बैंकलाई अग्रिम रुपमा उपलब्ध गराएको रकमले खामेसम्म १५ (पन्ध्र) दिनभित्रै भुक्तानी गरिनेछ ।

९. नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट जारी निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७९ यसैसाथ संलग्न रहेको छ ।

२. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट जारी निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७९ देहाय बमोजिम रहेको छ :

नेपाल सरकार

उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

## निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७९

प्रस्तावना: निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, नेपाल सरकारले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:–

(क) "अनुदान" भन्नाले अनुसूची-१ र अनुसूची-२ बमोजिमका वस्तुहरू निर्यात गर्ने निर्यातकर्तालाई दफा ३ बमोजिम नेपाल सरकारले प्रदान गर्ने निर्यात बापतको अनुदान रकम सम्झनु पर्छ ।

(ख) "उद्योग" भन्नाले स्वेदेशी कच्चापदार्थ वा आयातित कच्चा पदार्थ उपयोग गरी कृषिजन्य, वनजन्य, औद्योगिक वा घरेलु तथा हस्तकला लगायतका वस्तु उत्पादन तथा निर्यात गर्ने प्रचलित कानुन बमोजिम दर्ता भएका उद्योग सम्झनु पर्छ ।

(ग) "निर्यात" भन्नाले नेपाल राष्ट्र बैंकले तोकेको परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी नेपालबाट विभिन्न मुलुकहरूमा गरिने मालसामानको निर्यात सम्झनु पर्छ र सो शब्दले भारतमा हुने निकासीको हकमा बैंकिङ प्रणाली मार्फत् हुने भारतीय रुपैयाँ आर्जन हुने गरी गरिने निर्यातलाई समेत जनाउँछ ।

(घ) "निर्यातकर्ता" भन्नाले प्रचलित कानुन बमोजिम आयात निर्यात अनुमतिपत्र (एक्जिम कोड) लिएका उत्पादक, निर्यात प्रवर्द्धन गृह वा सहकारी संस्था सम्झनु पर्छ ।

(ङ) "निर्यात प्रवर्द्धन गृह" भन्नाले निर्यात योग्य वस्तु उत्पादन गर्ने उत्पादक तथा उद्योगसँग त्यस्तो वस्तु खरिद गरी निर्यात गर्ने प्रचलीत कानुन बमोजिम स्थापना भएका संस्था सम्झनु पर्छ ।

(च) "बैंक" भन्नाले नेपाल सरकारले उपलब्ध गराएको निर्यात अनुदान भुक्तानी सम्बन्धी कार्य गर्ने नेपाल स्थित सम्बन्धित वाणिज्य बैंक सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय सम्झनुपर्छ ।

(ज) "मूल्य अभिवृद्धि" भन्नाले निर्यात गरिने वस्तु उत्पादन पक्रियामा उपयोग भएको स्वदेशी वस्तु वा सेवाको मात्रा सम्झनुपर्छ ।

(झ) "विभाग" भन्नाले उद्योग विभाग सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले दफा ८ बमोजिमको समिति सम्झनु पर्छ ।

३. निर्यातमा नगद अनुदान :

(१) नेपाल सरकारले दफा ४ बमोजिमको गणना विधिको आधारमा अनुसूची-१ मा उल्लिखित वस्तुहरुको उत्पादनमा कम्तीमा पचास प्रतिशत र अनुसूची-२ मा उल्लिखित वस्तुहरूको उत्पादनमा मूल्य अभिवृद्धि कम्तीमा तीस प्रतिशत भएका वस्तु निर्यातकर्तालाई देहाय बमोजिम नगद अनुदान उपलब्ध गराउनेछ :-

(क) अनुसूची-१ बमोजिमका वस्तुको निर्यात गरेमा कूल निर्यात मूल्यको पाँच प्रतिशतले हुन आउने रकम,

(ख) अनुसूची-२ बमोजिमका वस्तु निर्यात गरेमा कूल निर्यात मूल्यको चार प्रतिशतले हुन आउने रकम,

(ग) दफा ४ को उपदफा (१) बमोजिमको सूत्रको आधारमा अनुसूची-१ बमोजिमका वस्तुको उत्पादनमा कम्तीमा असी प्रतिशत र अनुसूची-२ बमोजिमका वस्तुको उत्पादनमा कम्तीमा सत्तरी

प्रतिशत मूल्य अभिवृद्धि गरी वस्तु निर्यात गरेमा कूल निर्यात मूल्यको एक प्रतिशतले हुन आउने थप रकम,

(घ) राष्ट्रियस्तरको सामूहिक ट्रेडमार्क मार्फत् अनुसूची-१ र अनुसूची-२ बमोजिमका वस्तुको निर्यात गरेमा कूल निर्यात मूल्यको एक प्रतिशतले हुन आउने थप रकम,

(ङ) अनुसूची-१ र अनुसूची-२ बमोजिमका वस्तु अघिल्लो आर्थिक वर्ष निर्यात गरेको परिमाणभन्दा बीस प्रतिशतभन्दा बढी निर्यात गरेमा त्यसरी बढी निर्यात गरेको मूल्यको एक प्रतिशतले हुन आउने थप रकम ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ मा उल्लिखित वस्तुहरुको मूल्य अभिवृद्धि पचास प्रतिशतभन्दा कम भएमा कम भएको मूल्य अभिवृद्धि अनुरुप अनुसूची-२ बमोजिमको वस्तु निर्यात गरे सरह अनुदान रकम उपलव्ध गराइनेछ र अनुसूची-२ मा उल्लिखित वस्तुहरुको मूल्य अभिवृद्धि पचास प्रतिशत वा सो भन्दा बढी भएमा अनुसूची-१ बमोजिमको वस्तु निर्यात गरे सरह अनुदान रकम उपलव्ध गराइनेछ ।

(३) अनुसूची-२ बमोजिमका वस्तु निर्यात गर्दा कम्तीमा एक तह प्रशोधन गरी उपदफा (१) अनुसारको मूल्य अभिवृद्धि सुनिश्चित भएको अवस्थामा मात्र यो सुविधा प्रदान गरिनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योगले एक आर्थिक वर्षमा आफ्नो उत्पादित वस्तु पचास करोड रुपैयाँ भन्दा बढी निकासी गरेमा बढी निकासी भएको मूल्यको आधारमा बढीमा आठ प्रतिशतसम्म नगद अनुदान उपलब्ध गराइनेछ ।

(५) निर्यातकर्ताले निर्यात गरे बापत पाउने अनुदान जुन आर्थिक वर्षमा प्राप्त गरेको हो सोही आर्थिक वर्षको वासलातमा हिसाब देखाई आम्दानी बाँध्नु पर्नेछ ।

(६) निर्यातकर्ताले यसरी पाउने अनुदानलाई अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन, प्रविधि तथा क्षमताको विकास तथा विद्युतीय व्यापारको क्षेत्रमा खर्च गर्नु पर्नेछ ।

४. <u>निर्यात भएको बस्तुको प्रमाणीकरण गर्नु पर्नेः</u>

(१) यस कार्यविधि बमोजिम मूल्य अभिवृद्धि गणना गर्दा देहायको सुत्र का आधारमा गरिनेछ ।

$$\text{Value Addition} = \frac{\text{Export FOB Price} - \text{Value of Foreign Originated Material}}{\text{Export FOB Price}} \times 100$$

(२) यस कार्यविधि बमोजिम मूल्य अभिवृद्धि प्रमाणीकरण गराउन चाहने निर्यातकर्ताले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र स्वःघोषणा सहित अनुसूची-३ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ । त्यस्तो निवेदन विद्युतीय माध्यमबाट पनि दिन सकिनेछ ।

(३) उपदफा २ बमोजिम पेश भएको विवरणका आधारमा विभागले त्यस्तो वस्तुको अनुसूची ३ बमोजिमको ढाँचामा प्रमाणिकरण गरी सोको जानकारी तीन दिनभित्र सम्बन्धीत निर्याकर्तालाई दिनु पर्नेछ । त्यस्तो जानकारी विद्युतीय माध्यमबाट दिन सकिनेछ ।

(४) उपदफा २ बमोजिम पेश भएको विवरण लगायतका विषयहरूको सम्बन्धमा विभागले आवश्यकता अनुसार जोखिम समेतका आधारमा कम्तिमा दश प्रतिशत उद्योगको सम्बन्धित वस्तु उत्पादन हुने कारखाना वा उत्पादन स्थलको निरीक्षण गर्न वा त्यस्तो वस्तुको उत्पादन प्रकृया बारे आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(४क) उपदफा (४) बमोजिम विभागले गरेको अनुगमनको प्रतिवेदनउपर विभागीय रायसहित मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ ।

(४ख) उपदफा (४) बमोजिम गरेको मूल्य अभिवृद्धि प्रमाणीकरणको अद्यावधिक अभिलेख विभागले राख्नु पर्नेछ ।

५. <u>अनुदान माग गर्ने:</u>

(१) नेपाल सरकारले उपलब्ध गराउने दफा ३ बमोजिमको अनुदान प्राप्त गर्न चाहने निर्यातकर्ताले देहायका विवरण कागजात सहित अनुसूची ४ बमोजिमको ढाँचामा आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र बैक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम निवेदन दिँदा जुन बैंक मार्फत् वस्तु निकासी गर्ने प्रयोजनको लागि बैंकिङ कारोबार गरेको हो सोही बैंकमा देहायका विवरण कागजात सहित निवेदन दिनु पर्नेछ :

(क) निर्यातकर्ताको आयात निर्यातकर्ता अनुमतिपत्र (एक्जिम कोड) तथा स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

(ख) निर्यातकर्ताद्धारा जारी गरिएको निर्यातित वस्तुको व्यापारीक बिल बिजक र भन्सार प्रज्ञापनपत्र,

(ग) वस्तु निर्यात गरे बापत निर्यातकर्ताले प्राप्त गरेको विदेशी मुद्रा बैक दाखिला भएको प्रमाण पुग्ने कागजात वा बैक स्टेटमेण्ट,

(घ) निर्यातकर्ताले पछिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) अनुसूची ३ बमोजिम विभागबाट प्रमाणित विवरण,

(च) भारतमा निकासी हुनेको हकमा भन्सार कार्यालयको मालवस्तु निकासी हुँदा जारी गरेको निर्यात प्रज्ञापन पत्रको प्रति ।

६. <u>अनुदान रकमको भुक्तानी:</u>

(१) दफा ३ बमोजिम निर्यातकर्तालाई प्रदान गरीने अनुदान रकम भुक्तानीको प्रयोजनको लागि नेपाल राष्ट्र बैकमा "निर्यातमा नगद अनुदान शोधभर्ना" नामको एकल खाता रहने छ र सो खातामा अर्थ मन्त्रालयले समय समयमा आवश्यक रकम अग्रिम रुपमा जम्मा गर्नेछ ।

(२) दफा ५ बमोजिम कुनै निर्यातकर्ताबाट प्राप्त भएको निवेदन बैकले आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिब देखेमा निजले पाउने अनुदान रकम निवेदन प्राप्त भएको मितिले सात दिन भित्र निजको बैक खातामा जम्मा गरिदिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बैक खातामा रकम जम्मा गर्दा निर्यातकर्ताको खातामा विदेशी मुद्रा जम्मा भएको दिनको लागि नेपाल राष्ट्र बैंकले निर्धारण गरेको परिवर्त्य विदेशी मुद्राको खरिद दरको आधारमा नेपाली रुपैयाँमा रुपान्तरण गरी सोहि बराबरको नेपाली रुपैयाँ जम्मा गर्नु पर्नेछ ।

(४) बैकले उपदफा (३) बमोजिम निर्यातकर्तालाई प्रत्येक महिना उपलब्ध गराएको अनुदान रकमको विवरण सो महिना समाप्त भएको सात दिनभित्र नेपाल राष्ट्र बैकलाई उपलब्ध गराउनु पर्नेछ ।

७. <u>अनुदान रकमको शोधभर्ना :</u>

(१) दफा ६ को उपदफा (३) बमोजिम निर्यातकर्ताको बैक खातामा रकम जम्मा गरिसकेपछि सम्बन्धित बैकले सो बराबरको रकम शोधभर्नाको लागि अनुसूची ५ बमोजिमको ढाँचामा नेपाल राष्ट्र बैक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) दफा (१) बमोजिम निवेदन प्राप्त भएमा नेपाल राष्ट्र बैकले आवश्यक जाँचबुझ गरी पन्ध्र दिनभित्र दफा ६ को उपदफा(१) बमोजिम को खाताबाट बैकले शोधभर्ना माग दाबी गरे बमोजिमको रकम सम्बन्धित बैकलाई शोधभर्ना गरिदिनु पर्नेछ ।

(३) उपदफा(२) बमोजिम बैकलाई शोधभर्ना गरेको रकमको विवरण नेपाल राष्ट्र बैकले अर्थ मन्त्रालय र मन्त्रालयलाई मासिक रुपमा उपलब्ध गराउनु पर्नेछ ।

८. <u>समितिको गठन:</u>

(१) अनुदान प्रदान गर्ने सम्बन्धी कार्यको अनुगमन, मूल्याङ्कन तथा समन्वय गर्न मन्त्रालयमा देहाय बमोजिमको एक समिति रहने छ :

(क) सचिव, मन्त्रालय (वाणिज्य तथा आपूर्ति) -संयोजक

(ख) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(ग) सहसचिव, मन्त्रालय (बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखा) -सदस्य

(घ) महादिर्नेशक, भन्सार विभाग -सदस्य
(ङ) महानिर्देशक, उद्योग विभाग -सदस्य
(च) कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैक (सम्बन्धित क्षेत्र हेर्ने) -सदस्य
(छ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ -सदस्य
(ज) अध्यक्ष, नेपाल उद्योग परिसंघ -सदस्य
(झ) उप-सचिव, मन्त्रालय (व्यापार नीति तथा व्यापार सहायता शाखा) -सदस्य सचिव

(२) समितिको बैठक सामान्यतया बर्षको दुई पटक संयोजकले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(३) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको सचिवले समितिको बैठकको निर्णय संयोजकबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

९. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यस कार्यविधिको कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,

(ख) कार्यविधिको कार्यान्वयन गर्ने सम्बद्ध निकायहरु बीच समन्वय गर्ने ।

९क. असुल उपर गरिने :

(१) कसैले झुट्टा विवरण वा कागजात पेश गरी अनुदान माग गरेको वा प्राप्त गरेको सम्बन्धमा विभागले कुनै पनि माध्यमबाट सूचना वा उजुरी प्राप्त गरेमा त्यस्तो सूचना वा उजुरी उपर अधिकृतस्तरको कर्मचारी खटाई आवश्यक छानबिन गर्नु गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा झुट्टा विवरण पेश गरी अनुदान माग गरेको वा प्राप्त गरेको देखिएमा विभागले त्यस्तो अनुदान बापत प्रदान गरिएको रकम प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्न र सो सम्बन्धमा त्यस्तो व्यक्ती वा संस्थालाई प्रचलित कानुन बमोजिम कारबाही गर्न आवश्यक प्रमाण कागजात सहित सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(३) झुट्टा विवरण पेश गरी अनुदान माग गर्ने वा प्राप्त गर्ने उद्योगलाई विभागले पाँच वर्षसम्म निर्यातमा अनुदानको लागि अयोग्य हुने गरी कालो सूचीमा सूचीकृत गर्नुका साथै त्यस्ता उद्योगको नामनामेसी सार्वजनिक गर्नेछ ।

(४) विभागले उपदफा (३) बमोजिम अयोग्य हुने गरी सूचीकृत गरेको जानकारी अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकलाई समेत दिनु पर्नेछ ।

(५) निर्यातमा नगद अनुदानको आम्दानी तथा खर्चको अनुगमन उद्योग विभाग र आन्तरिक राजस्व विभागले गर्नु पर्नेछ ।

९ख. बाधा अड्काउ फुकाउन सक्ने : यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१०. खारेजी र बचाउः

(१) निर्यातमा नगद प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७० खारेज गरिएको छ ।

(२) निर्यातमा नगद प्रोत्साहन सम्बन्धी कार्यविधि,२०७० अनुसार भए गरिएका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(३) निर्यात नगद प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७० बमोजिम अनुदान माग भै प्रक्रियामा रहेका निवेदनहरू सोही कार्यविधि अनुसार फरफारख गरिनेछ ।

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)
निर्यातमा अनुदान प्रदान गरिने वस्तुहरूको सूची

| क.स. | निर्यात हुने वस्तुको नाम |
|---|---|
| १. | प्रशोधित चिया |
| २. | प्रशोधित कफी |
| ३. | हस्तकला (तामा, फलाम, ढलोट र सिसा कच्चा पदार्थको रुपमा प्रयोग हुने समेत) र काष्ठकलाका वस्तु |
| ४. | प्रशोधित छाला (क्रष्ट) र छालाजन्य उत्पादनहरू |
| ५. | हाते कागज तथा सोबाट उत्पादित सामान |
| ६. | प्रशोधित तथा अर्ध प्रशोधित जडीबुटी (यार्सागुम्बा समेत) तथा सारयुक्त तेल |
| ७. | प्रशोधित पत्थर तथा सारयुक्त तेल |
| ८. | अल्लोबाट उत्पादित सामानहरू |
| ९. | प्रशोधित पिउने पानी /मिनरल वाटर |
| १०. | प्रशोधित तथा अर्ध प्रशोधित बेसार |
| ११. | ताजा तरकारी (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा) |
| १२. | पुष्प (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा) |
| १३. | प्रशोधित मह |
| १४. | प्रशोधित तथा अर्ध प्रशोधित अलैची |
| १५. | प्रशोधित तथा अर्ध प्रशोधित अदुवा (सूठो, स्लाइडिङ, तेल र पाउडर लगायत) |
| १६. | दुग्धजन्य पदार्थ (दूध, चिज, पनिर, छुर्पी र फ्याट) (परिवर्त्य विदेशी मुद्रमा तेस्रो मुलुक निर्यात गरेमा) |
| १७. | फलफूल (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा) |
| १८. | अम्रिसो (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा) |

अनुसूची-२

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)
निर्यातमा अनुदान प्रदान गरिने वस्तुहरूको सूची

| क.स. | निर्यात हुने वस्तुको नाम |
|---|---|
| १. | स्वदेशमा उत्पादित कपडा |
| २. | तयारी पोशाक |
| ३. | गलैंचा र ऊनीका सामान |
| ४. | पस्मिना / क्यासमेयर / “च्याङ्ग्रा” पश्मिना तथा सोबाट उत्पादित सामान |
| ५. | स्वदेशी प्रशोधित जुट तथा जुटका उत्पादनहरू |
| ६. | सुन, चाँदीका गरगहना |
| ७. | स्वदेशी अर्ध प्रशोधित छाला |
| ८. | औषधि |
| ९. | फेल्ट (उनीजन्य) का वस्तुहरू |
| १०. | पोलिष्टर यार्न/फाईवर भिष्कोर्ष यार्न/एक्रेलिक यार्न/कटन यान |
| ११. | तामाका सामान ( हस्तकलाका सामान,पुजाआजाका सामान, सजावटका समान तथा अन्य भाँडाकुँडा) |
| १२. | जुत्ता चप्पल (फुटवेयर) |
| १३. | क्लिङकर |
| १४. | सिमेन्ट |
| १५. | स्टील |
| १६. | कत्था |
| १७. | रोजिन तथा तार्पेन |
| १८. | प्लाइउड |

अनुसूची-३

(दफा ४ को उपदफा (२ र ३) सँग सम्बन्धित)

..........उद्योग /निर्यातकर्ता/निर्यात प्रवर्द्धन गृह

श्री उद्योग विभाग............................।

विषयः स्व-घोषणाको विवरण

खण्ड -क

यस.........उद्योग/निर्यातकर्ता/निर्यात प्रवर्द्धन गृहबाट आर्थिक वर्ष........को.......अवधिमा देहाय बमोजिमको विवरण अनुसारको वस्तुको निकासी गरेको व्यहोरा प्रमाणित गरिन्छ :-

(क) निर्यातित वस्तुको नामः

(ख) हार्मोनिक कोडः

(ग) प्रशोधन गरिएको कच्चा वस्तुः

(घ) निर्यात भएको परिणाम र मूल्यः

(ङ) सत प्रतिशत स्वदेशी कच्चा पदार्थ उपयोग भए/नभएको :

(च) वस्तुको मूल्य अभिवृद्धि प्रतिशतः

(छ) उत्पादनकर्ता/निर्यातकर्ताले प्रत्यक्ष रोजगारी दिइएको संख्याः

(ज) निर्यातित वस्तुको स्वदेश र विदेशमा संयुक्त ट्रेडमार्क दर्ता भए/नभएको :

(झ) निर्यातकर्ताको गत ३(तीन) वर्षको निर्यात उपलब्धिको स्तर

| क्र.सं | आ.व.(क) | निर्यातको परिमाण (रु.लाखमा)(ख) |
|---|---|---|
| १ | आधार वर्ष .................. | |
| २ | | |
| ३ | | |

आधार वर्षको तुलनामा गत तीन आर्थिक वर्षको सरदर निर्यात वृद्धि..............प्रतिशत

निर्यातकर्ताको अधिकृत व्यक्तिको दस्तखतः

नाम र थरः

दर्जाः

खण्ड ख

नेपाल सरकार

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

उद्योग विभाग

श्री.......................................बैंक

उपरोक्तानुसारको घोषणाबाट मूल्य अभिबृद्धि समेतको शर्त पूरा गरेको देखिएको व्यहोरा प्रमाणित गरिन्छ।

प्रमाणित गर्ने अधिकृतको दस्तखतः

नाम र थरः

पदः

बोधार्थः

श्री...............................निर्यातकर्ता ।

अनुसूची-४

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

अनुदान रकम प्राप्त गर्न दिने निवेदनको ढाँचा

श्री ..................बैंक,
............................।

विषय: निर्यातमा नगद अनुदान बारे ।

महोदय,

निर्यातकर्ता ..................ले ............मुलुकस्थित श्री................(खरिदकर्ताको नाम) लाई त्यस बैंक मार्फत् ............(सामानको नाम) निकासी गरी खुद परिवर्त्य मुद्रा ........(मुद्राको नाम )..........आर्जन गरी मिति.........मा यस बैंकको खाता नं. ..................मा जम्मा भई भुक्तानी प्राप्त गरेको र सो विदेशी मुद्राको नेपाल राष्ट्र बैंकद्वारा निर्धारित प्रचलित विनिमय दर अनुसार कायम भएको कुल नेपाली रुपैयाँ ............. ..........को ............. प्रतिशतले हुने नगद अनुदान रु. ..............यस उद्योगको नाममा रहेको त्यस बैंकस्थित खाता नं. .......... मा जम्मा गरिदिनु हुन तपसिल बमोजिमको विवरण तथा कागजात सहित अनुरोध गरेको छु/गरेका छौं । यसमा उल्लेख भएका विवरण फरक परेमा वा झुटा ठहरिएमा प्रचलित कानुन बमोजिम सहने बुझाउने छु/छौँ ।

तपसिल:

१. उद्योग दर्ता,आयात–निर्यात अनुमतिपत्र र स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
२. निर्यात गरेको वस्तुको व्यापारिक बिल बिजक र भन्सार प्रज्ञापनपत्र
३. विभागबाट प्राप्त अनुसूची–३ बमोजिमको निर्यात प्रमाणपत्र,
४. विदेशी मुद्रा बैंक दाखिला भएको प्रमाण पुग्ने कागजात, बैंक स्टेटमेण्ट
५. पछिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाणपत्र ।

भवदीय,

निर्यातकर्ता वा निजको प्रतिनिधिको दस्तखत:
निर्यातकर्ता वा निजको प्रतिनिधिको नाम:
निर्यातकर्ताको नाम:
सम्पर्क ठेगाना :
सम्पर्क टेलिफोन नं.
निर्यातकर्ता कम्पनी वा संस्थाको छाप:

अनुसूची-५

(दफा ७ को उपदफा (१) सँग सम्वन्धित)

श्री नेपाल राष्ट्र बैंक,
विदेशी विनिमय व्यवस्थापन विभाग,
बालुवाटार, काठमाण्डौं ।

विषयः अनुदान रकम शोधभर्ना बारे ।

महाशय,

त्यस विभागको इजाजत प्राप्त परिपत्र संख्या .........मा भएको प्रक्रिया तथा कार्यविधि अनुरुप तपसिल बमोजिम निर्यात भएको व्यहोरा प्रमाणित गर्दै सो निर्यात बापत उपलब्ध गराइएको अनुदान बापत मिति ............मा भुक्तानी दिएको जम्मा रु ........................(अक्षरेपी ..............................................) को शोधभर्ना त्यस बैंकमा रहेको यस बैंकको खाता नं. .....................मा जम्मा हुने गरी उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौं । साथै, यस शोधभर्ना माग गरिएका कागजातहरूबाट यस अघि कुनै शोधभर्ना माग नगरिएको व्यहोरा समेत अनुरोध गर्दछौं ।

| क्र. स. | निर्यातकर्ता | | निर्यात भएको | | | निर्यात | | | भुक्तानी प्राप्त | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संकेत न (एक्जिम कोड नं) | नाम | परिमाण | वस्तु | देश | माध्यम | नम्बर | मूल्य (विदेशी मुद्रामा) | मिति | रकम वि.मु. | नेपाली रुपैयाँ | मूल्य (एफ.ओ.बि.) (विदेशी मुद्रामा) | विनिमय दर |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

सोधभर्ना हुनुपर्ने जम्मा रकम रु............................... अक्षरेपी........
संलग्नः निर्यात बापत परिवर्त्य विदेशी मुद्रा जम्मा भएको प्रमाणित बैंक स्टेटमेण्ट

निवेदक बैंकको नामः
ठेगानाः
दस्तखतः
प्रबन्धकको नामः
मितिः

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : ७/२०८१

विदेशी मुद्रा सटही सम्बन्धी व्यवस्था

विदेशी मुद्रा सटही सम्बन्धमा देहायबमोजिम व्यवस्था गरिएको हुँदा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैकिङ विभागलगायत प्रदेशस्थित कार्यालयहरु र इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु, राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरु तथा इजाजतपत्रप्राप्त मनिचेञ्जरहरूलाई यो परिपत्र जारी गरिएको छ ।

१. राहदानी बापतको सटही सुविधा सम्बन्धी व्यवस्था

(क) विदेश भ्रमणमा (भारत बाहेक) जाने नेपालीहरूलाई नेपाल सरकारले जारी गरेको राहदानी र कन्फर्म्ड हवाई टिकटको आधारमा तोकिएका बैंक/वित्तीय संस्था/इजाजतपत्रप्राप्त निकायहरूले सटही सुविधा दिनु पर्नेछ ।

(ख) राहदानी सुविधा बापत पाउने सटही रकम :

(१) **भारत बाहेक अन्य मुलुकहरूको भ्रमणमा जाने नेपाली नागरिकहरूलाई राहदानी बापत प्रति पटक अमेरिकी डलर २,५००।- वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्म सटही सुविधा दिन सकिनेछ ।**

(२) वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकलाई राहदानी बापत सटही सुविधा उपलब्ध गराउँदा देहायबमोजिम गर्नु पर्नेछ :

(अ) जापान, दक्षिण कोरिया, युरोप महादेश, संयुक्त राज्य अमेरिका, क्यानाडा, **अष्ट्रेलिया** जानेको हकमाः अधिकतम अमेरिकी डलर ५०० ।

(आ) अन्य मुलुक जानेको हकमाः अधिकतम अमेरिकी डलर २०० ।

(३) नेपाल सरकारले जारी गरेको यात्रा अनुमतिपत्र (Travel Document) को आधारमा विदेश भ्रमणमा जान राहदानी सुविधा माग भई आएमा त्यस्ता ब्यक्तिहरूलाई अमेरिकी डलर १,०००।- सम्मको सटही सुविधा प्रदान गर्नु पर्नेछ ।

(४) नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ को विनियम ९ को उपविनियम (४) को खण्ड (घ) को व्यवस्था बमोजिम परिवर्त्य विदेशी मुद्रा बिक्री गर्ने इजाजतपत्र प्राप्त गर्ने मनिचेञ्जरले विदेश भ्रमणमा जाने नेपाली नागरिकहरुलाई राहदानी बापत अधिकतम अमेरिकी डलर २०० (दुई सय मात्र) सम्मको सटही सुविधा प्रदान गर्न सक्नेछन् ।

(ग) स्थलमार्गबाट निजी भ्रमणमा जाँदा पाउने सटही सुविधा :

(१) स्थलमार्गबाट चीनको स्वशाशित क्षेत्र तिव्वत (नियमानुसार सीमा ओहोर दोहोर गर्ने व्यक्तिहरू बाहेक) र स्थलमार्गबाट सार्क मुलुकहरू (भारत वाहेक) मा निजी भ्रमणमा जाने व्यक्तिहरूलाई सम्बन्धित देशको प्रवेशाज्ञा (Visa) भएमा एक पटकमा बढीमा अमेरिकी डलर **१,०००।- (एक हजार)** सम्म र एक आर्थिक वर्षमा बढीमा अमेरिकी डलर **२,०००।- (दुई हजार)** सम्मको सटही सुविधा उपलब्ध गराउन सकिनेछ ।

(२) यसरी सटही प्रदान गर्दा स्थल मार्गबाट भ्रमण गर्ने व्यक्तिहरू र सार्क देशहरू (भारतबाहेक) लगायत Entry Point मा प्रवेशाज्ञा दिने देशहरूमा भ्रमण गर्ने नेपालीहरूको हकमा राहदानीमा

दरपीठ गरी सटही सुविधा उपलब्ध गराउने निकायको अधिकृतले दस्तखत गरी संस्थाको छाप समेत लगाउनु पर्नेछ ।

(घ) नपुग सटही सुविधाको लागि निवेदन दिन सकिने :

यस परिपत्रमा भएको व्यवस्थाबमोजिम प्राप्त हुने सटही सुविधा नपुग हुन गई बढी रकम आवश्यक परेमा आफ्नो वा नाता प्रमाणित हुने कागजातसहित आफ्नो एकाघर परिवारका कुनै सदस्यको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि र रकम नपुग हुनाको कारण सहित विभागमा निवेदन गरेमा औचित्यको आधारमा आवश्यकतानुसार सटही सुविधा दिन सकिनेछ ।

(ङ) व्यापार प्रवर्द्धनको लागि सटही सुविधा :

विदेश (भारत बाहेक) मा व्यवसाय प्रवर्द्धन, व्यापार मेला, व्यापार गोष्ठीमा जाने नेपाली नागरिकलाई व्यापार प्रवर्द्धनको कार्यक्रमबाट हुने उपलब्धि तथा भाग लिन जानु पर्ने कारण पुष्टि हुने कागजात सहितको निवेदन लिई राहदानी बापत प्रति पटक अमेरिकी डलर ५,०००।- सम्मको सटही सुविधा प्रदान गर्न सकिने छ ।

(च) सटही सुविधाको सही उपभोग हुनु पर्ने :

राहदानी बापतको सटही सुविधा पहिला पनि उपभोग गरिसकेका व्यक्तिहरूको हकमा निज अघिल्लो पटक यस्तो सटही सुविधा लिएर उद्देश्य बमोजिम विदेश यात्रा गरेको भएमा मात्र अर्को पटक सटही सुविधा प्रदान गर्नु पर्नेछ ।

(छ) कन्फर्म्ड हवाई टिकटको व्याख्या :

कन्फर्म्ड हवाई टिकट भन्नाले नेपाल वा भारतदेखि यात्रा शुरू हुने गरी जारी भएको कन्फर्म्ड हवाई टिकट र विदेशबाट नेपाल आई पुनः विदेश जाने गरी जारी भएको दोहोरो कन्फर्म्ड टिकटलाई जनाउँछ ।

(ज) सटही बापत नगदमा पाउने रकम :

इजाजतपत्रप्राप्त सम्बन्धित बैंक/वित्तीय संस्था/निकायहरूसँग रहेको नगद विदेशी मुद्राको सञ्चितिलाई समेत दृष्टिगत गरी बढीमा अमेरिकी डलर ५००।- (पाँचसय) सम्म नगदमा सटही उपलब्ध गराउन सकिनेछ । सो भन्दा बढीको नगद सटही दिनुपरेको खण्डमा औचित्यको आधारमा सम्बन्धित बैंक/वित्तीय संस्था/इजाजतपत्रप्राप्त निकायको कार्यालय प्रमुखले स्वीकृति दिएमा त्यस्तो सटही प्रदान गर्न सकिनेछ । तोकिएको सीमासम्मको बाँकी रकम विदेशी मुद्राको डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड, ड्राफ्ट, आदि जस्ता उपयुक्त बैंकिङ्ग उपकरण मार्फत् सटही दिनुपर्ने छ । यस्तो बैंकिङ उपकरण सम्बन्धित राहदानी वाहकको नाममा मात्र जारी गर्नु पर्नेछ ।

(झ) राहदानी बापत सटही सुविधा दिँदा अपनाउनु पर्ने अन्य प्रक्रियाहरू :

(१) राहदानी बापतको सटही सुविधा प्रदान गर्दा यसैसाथ संलग्न अनुसूची ७.१ अनुसारको निवेदन फाराम भराई लिनु पर्नेछ । सटही सुविधा उपलब्ध गराउँदा श्रोतको स्वघोषणा लिनु पर्नेछ ।

(२) राहदानी सुविधा बापत सटही माग गर्न आउने निवेदकहरूबाट कन्फर्म्ड हवाई टिकट तथा नाम, ठेगाना र फोटो समेत भएको एवम् अग्रिम भिसा आवश्यक पर्ने अवस्थामा भिसा प्राप्त राहदानीको पृष्ठको छविचित्र (Photocopy) अनिवार्यरुपमा पेश गर्न लगाउनु पर्नेछ । ती छविचित्रहरू सक्कल प्रतिसँग भिडाई दुरुस्त भएमा मात्र सटही सुविधा प्रदान गर्नु पर्नेछ । तर, विद्युतीय माध्यमबाट जारी हुने भिसा र टिकटको आधारमा सोको प्रिन्ट संलग्न भइआएको आधारमा सटही सुविधा उपलब्ध गराउन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(३) यसरी सटही उपलब्ध गराएको मिति र रकम राहदानीको सम्बन्धित खण्डमा अनिवार्य रूपमा उल्लेख गरी यस्तो सटही उपलब्ध गराउने इजाजतपत्रप्राप्त निकायको सम्बन्धित

अधिकृतले दस्तखत गरी छाप समेत लगाउनु पर्नेछ । साथै, उपर्युक्त कागजातको छविचित्र (Photocopy) अभिलेखका लागि सुरक्षित राख्नु पर्नेछ ।

(४) राहदानीबापतको सटही सुविधा उपलब्ध गराउँदा सम्भव भएसम्म राहदानी बाहक स्वयम् उपस्थित हुनु पर्नेछ ।

(ञ) सटही प्रदान गर्ने निकायहरू :

(१) इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्था/निकायहरूबाट मात्र यस्तो सटही सुविधा प्रदान गर्न मिल्नेछ

(२) संबैधानिक निकाय तथा नेपाल सरकारका कर्मचारीहरूको साथसाथै यस बैंकका कर्मचारीहरूको लागि राहदानी बापतको नियमानुसार पाउने सटही सुविधा यस बैंकका बैंकिङ कारोबार गर्ने कार्यालयहरूबाट प्रदान गर्न सकिने छ ।

(३) खण्ड (ञ) २ बाहेकका अन्य व्यक्तिहरूको राहदानी प्रयोजनको सटही सुविधा लगायत अन्य सटही सुविधा यस बैंकका बैंकिङ्ग कारोबार गर्ने कार्यालयहरूबाट प्रदान गर्न सकिने छैन ।

(४) खण्ड (ञ) २ बाहेकका अन्य व्यक्तिहरूलाई राहदानी बापतको सटही सुविधा प्रदान गर्नु पर्ने अवस्था आईपरेमा तथा व्यक्तिहरूले विभिन्न स्रोतबाट प्राप्त गरी बिक्री गर्न ल्याएको विदेशी मुद्रा यस बैंकका बैंकिङ कारोबार गर्ने कार्यालयहरूबाट खरिद/बिक्री गर्नु परेमा औचित्यको आधारमा कार्यालय प्रमुखको लिखित स्वीकृतिबाट मात्र त्यस्तो कारोबार गर्न सकिने छ ।

(५) खण्ड (ख) (४) को सटही सुविधा इजाजतपत्रप्राप्त मनिचेञ्जरले प्रदान गर्न सक्नेछ ।

(ट) कारोबारको विवरण पेश गर्नु पर्ने:

(१) राहदानी र व्यापार प्रवर्द्धन बापतको सटही सुविधा सम्बन्धी प्रत्येक महिनाको कारोबारको मासिक विवरण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको केन्द्रीय/कर्पोरेट कार्यालयले एकीकृत गरी महिना समाप्त भएको १५ (पन्ध्र) दिनभित्र क्रमशः संलग्न अनुसूची ७.२ र अनुसूची ७.३ बमोजिमको फारम यस विभागमा अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

२. <u>विभिन्न निकायका कर्मचारी/पदाधिकारीले तालिम, गोष्ठी, बैठक आदि भ्रमणमा जाँदा पाउने सटही सुविधा सम्बन्धी व्यवस्था</u>

परिवर्त्य विदेशी मुद्रा खाता नभएका देहायमा उल्लिखित निकायका पदाधिकारीहरू आफ्नो कार्यालयको कामको सिलसिलामा भारतबाहेक अन्य मुलुकहरूको भ्रमणमा जाँदा इजाजतपत्रप्राप्त “क” र “ख” वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूले विदेशी विनिमय सटही सुविधा निम्नानुसार प्रदान गर्नु पर्नेछ ।

(क) नेपाल सरकारको तर्फबाट गरिने भ्रमण, यस बैंकबाट स्वीकृत भ्रमण, सरकारी निकाय तथा सार्वजनिक संघ, संस्था, सरकारी संस्थानहरु, सरकारी तथा अर्ध सरकारी संघ संस्थाहरु, इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूबाट आफ्ना कर्मचारी/पदाधिकारीहरूलाई पठाउने तालिम, गोष्ठी, बैठक वा अन्य औपचारिक भ्रमणको निमित्त विदेशी मुद्रा सटही सुविधाका लागि लिखित अनुरोध गरेमा इजाजतपत्रप्राप्त “क” र “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरूले मागबमोजिम सटही उपलब्ध गराउन सक्नेछ ।

(ख) उपर्युक्त बमोजिम परिवर्त्य विदेशी मुद्रा उपलब्ध गराउँदा सम्बन्धित भ्रमणकर्ताको कन्फर्म्ड हवाई टिकट, राहदानी, भिसा आवश्यक पर्ने भए भिसा लागेको प्रमाण तथा आधिकारिक कर्मचारी वा पदाधिकारीले स्वीकृत गरेको भ्रमण आदेश लिई सटही लिएको रकम राहदानीको सम्बन्धित खण्डमा अभिलेख गरी अधिकृतको दस्तखत तथा बैंक/वित्तीय संस्थाको छाप लगाई दिनु पर्नेछ । यस्तो सटही सुविधाको अतिरिक्त दफा १ बमोजिमको सटही सुविधासमेत उपलब्ध गराउन सकिनेछ ।

यस व्यवस्था बमोजिम सटही सुविधा उपलब्ध गराइएको विवरणसमेत अनुसूची ७.२ मा नै समावेश गरी यस विभागमा पठाउनु पर्नेछ ।

३. <u>परिवर्त्य विदेशी मुद्रा आर्जन भएका निकायले तालिम, गोष्ठी, बैठक आदि भ्रमणमा जाँदा पाउने सटही सुविधा सम्बन्धी व्यवस्था :</u>

निर्यात तथा पर्यटन क्षेत्रबाट परिवर्त्य विदेशी मुद्रा आर्जन गरी परिवर्त्य विदेशी मुद्रा खाता खोलिरहेका निकायहरू एवम् खाता खोल्न ग्राह्य भएका तर नखोलेका निकायका पदाधिकारीहरू आफ्नो कार्यालयको कामको सिलसिलामा भारत बाहेक अन्य मुलुकहरूको भ्रमणमा जाँदा इजाजतपत्रप्राप्त “क” र “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरूले विदेशी विनिमय सटही सुविधा निम्नानुसार प्रदान गर्ने व्यवस्था गरिएको छ ।

(क) निर्यात तथा पर्यटन क्षेत्रको आर्जनबाट परिवर्त्य विदेशी मुद्रा खाता भएका निकायहरूलाई आफ्नो व्यापार प्रवर्द्धनको सिलसिलमा कुनै पदाधिकारीलाई विदेश भ्रमण (भारत बाहेक) मा पठाउनु परेमा संलग्न अनुसूची ७.४ मा तोकिए बमोजिम सम्बन्धित निकायको विदेशी मुद्रा खाता खर्च हुने गरी सटही सुविधा उपलब्ध गराउने । यसरी भ्रमण खर्चको भुक्तानी प्रदान गर्दा सम्बन्धित निकायको खातामा सो भ्रमणका लागि आवश्यक हुने मौज्दात रकम हुनुपर्ने छ । तर, आवश्यक मौज्दात रकम नभएको खण्डमा अनुसूची ७.५ बमोजिमको सटही सुविधा मात्र उपलव्ध गराउनु पर्नेछ ।

(ख) निर्यात तथा पर्यटन क्षेत्रबाट परिवर्त्य विदेशी मुद्रा आर्जन भएका तर खाता नभएका निकायहरूलाई आफ्नो व्यापार प्रवर्द्धनको सिलसिलामा कुनै पदाधिकारीलाई विदेश भ्रमण (भारत बाहेक) मा पठाउनु परेमा संलग्न अनुसूची ७.५ मा तोकिए बमोजिम सटही सुविधा उपलव्ध गराउन सकिने छ । माथि उल्लेख गरे अनुसारको सटही सुविधा माग गर्दा आ-आफ्नो विदेशी मुद्रा आर्जन जम्मा गरी आएका सम्बन्धित बैंक/वित्तीय संस्थाका शाखामार्फत् नै माग गर्नु पर्नेछ ।

(ग) माथि जेसुकै लेखिएको भएतापनि सम्बन्धित निकायले चालु आर्थिक वर्ष वा अघिल्लो आर्थिक वर्षमा आर्जन गरेको विदेशी मुद्रा रकमभन्दा बढीको सटही सुविधा प्रदान गर्न मिल्ने छैन ।

(घ) कुनै आर्थिक वर्षको पहिलो ६ महिनाभित्र विदेशी मुद्रा आर्जन भई नसकेको तर विदेश भ्रमणमा जानु परेको अवस्थामा अघिल्लो आर्थिक वर्षमा पाउन सक्ने सटही सुविधाको अधिकतम सीमा पूरै प्रयोग नगरिसकेको अवस्था रहेछ भने त्यस्तो बाँकी सुविधा चालु आर्थिक वर्षको पहिलो अर्धवार्षिक अवधि सम्मकालागि पनि प्रयोग गर्न सकिनेछ । तर, यसरी प्रयोग गरिएको सुविधा उक्त चालु आर्थिक वर्षमा आर्जन भएको विदेशी मुद्रा अन्तर्गतको सुविधामा हिसाव मिलान गर्नु पर्नेछ र प्रतिवर्ष तोकिएको अधिकतम् सटही सुविधा सीमा नाघेको हुनुहुँदैन ।

(ङ) यस परिपत्रबमोजिम बैंक/वित्तीय संस्थाले भ्रमणकर्तालाई परिवर्त्य विदेशी मुद्रा उपलब्ध गराउँदा अनुसूची ७.६ बमोजिमको फाराम भराउनु पर्नेछ । साथै, उक्त फारमको तल्लो भागमा बैंक/वित्तीय संस्थाले उपलब्ध गराएको सटही सुविधाका दरपीठ गराई सोको अभिलेख राख्नु पर्नेछ ।

(च) उपर्युक्त बमोजिम परिवर्त्य विदेशी मुद्रा उपलब्ध गराउँदा सम्बन्धित भ्रमणकर्ताको कन्फर्म्ड हवाई टिकट र राहदानी हेरी उपलव्ध गराएको रकम राहदानीमा दरपीठ गरी अधिकृतको दस्तखत तथा बैंक/वित्तीय संस्थाको छाप लगाउनु पर्नेछ ।

४. <u>भिसा बापत संकलित नेपाली रुपैयाँको सटही सुविधा सम्बन्धी व्यवस्था</u>

क) नेपालस्थित विदेशी राजदुतावास/ नियोगहरूले भिसा दस्तुर बापत संकलन गरेको नेपाली रुपैयाँ बराबरको विदेशी मुद्रा आफ्नो राष्ट्रमा पठाउनु पर्दा सम्बन्धित विदेशी राजदुतावास/नियोगको आधिकारिक अनुरोध पत्रको आधारमा सम्बन्धित बैंकले यस्तो सटही उपलब्ध गराउन सक्नेछ ।

यस्तो सटहीको विवरण महिना समाप्त भएको १५ दिन भित्र अनिवार्य रुपमा यस विभागलाई उपलव्ध गराउनु पर्नेछ ।

ख) eVisa प्रणालीबाट भिसा आवेदन लिने व्यवस्था गरेका मुलुकले सो कार्य गर्न नेपालस्थित अन्य संस्थालाई तोकेमा देहायबमोजिमका शर्तहरु पालना हुने गरी त्यस्ता तोकिएका संस्थाहरुमार्फत् भिसा बापत संकलित रकमको लागि बैंक तथा वित्तीय संस्थाबाट जारी विद्युतीय/डिजिटल कार्डमार्फत् सटही सुविधा प्रदान गर्न सकिने छ :

(१) भिसा शुल्कबापत संकलित रकम त्यस्तो कार्डबाट भुक्तानी हुने गरी सिधै विदेशी मुलुकका सरकारी निकायको तोकिएको परिवर्त्य विदेशी मुद्राको खाता वा सम्बन्धित देशको नेपालस्थित दूतावास/नियोगको तोकिएको परिवर्त्य विदेशी मुद्राको खातामा मात्र जम्मा हुनु पर्नेछ। सोका लागि उल्लिखित भुक्तानीको व्यवस्था स्पष्टरुपमा खुल्ने सम्बन्धित मुलुक वा नेपालस्थित दूतावास/नियोगको पत्र समेत आवश्यक पर्नेछ।

(२) यस्तो कार्डबाट अन्य कुनै पनि प्रयोजनका लागि भुक्तानी नहुने व्यवस्था गर्नु पर्नेछ।

(३) यस्तो कार्डको म्याद eVisa Processing सम्बन्धी कार्य गर्नको लागि तोकिएको अवधिभन्दा बढी नहुने व्यवस्था गर्नु पर्नेछ।

(४) यस्तो कार्डबाट एकै पटक वा पटक-पटक गरी भुक्तानी हुन सक्नेछ र यस एकीकृत परिपत्र-२०८१ मा अन्यत्र उल्लिखित कुनै पनि रकम भुक्तानीसम्बन्धी सीमा लागू हुने छैन।

(५) कार्ड जारी गर्न Link गरिएको ने.रु. खाताको मौज्दात र कार्डबाट भुक्तानी भएको रकमको विवरण दैनिक रुपमा हिसाब मिलान हुनु पर्नेछ।

(६) वैदेशिक रोजगारीमा जाने नेपालीहरुको eVisa Processing को भिसा शुल्क भुक्तानी गर्दा नेपाल सरकार र सम्बन्धित देशबीच भएको सम्झौतामा उल्लिखित भिसासम्बन्धी सम्पूर्ण व्यवस्थाहरुको पालना हुनु पर्नेछ।

ग) eVisa प्रणाली अन्तर्गत भिसा आवेदक नेपालीले eVisa प्रणालीमा तोकिए बमोजिम शुल्क भुक्तानी (आफ्नो एकाघर परिवार सदस्यको लागि समेत) आफ्नो नाममा एकीकृत इ.प्रा. परिपत्र ७/२०८१ र १४/२०८१ बमोजिम जारी भएका परिवर्त्य विदेशी मुद्राको विद्युतीय कार्ड (प्रिपेड, डेबिट, क्रेडिट, अमेरिकी डलर ५०० को प्रिपेड कार्ड) बाट गर्न चाहेमा समेत भुक्तानी गर्न सकिने व्यवस्था मिलाउनु पर्नेछ। यस व्यवस्था अन्तर्गतको भुक्तानीमा भने सम्बन्धित कार्डका लागि तोकिएको रकम खर्च गर्ने सीमा लागू हुनेछ।

५. <u>निर्यातकर्ताहरूलाई शाखा/सम्पर्क/प्रदर्शन कक्ष जस्ता कार्यालयको लागि सटही सुविधा उपलब्ध गराउने सम्बन्धी व्यवस्था</u>

निर्यात व्यवसायीले निर्यात प्रवर्द्धनको लागि विदेशमा शाखा/सम्पर्क/प्रदर्शन कक्ष जस्ता कार्यालय खोल्ने तथा बिक्रीबाट उठेको रकम जम्मा गर्ने प्रयोजनका लागि विदेशमा खाता खोल्न चाहेमा सम्बन्धित नियमनकारी निकायको सिफारिसमा देहाय बमोजिमको व्यवस्था तथा शर्तको अधीनमा रही यस बैंकको पूर्व स्वीकृतिमा सोको लागि आवश्यक विदेशी मुद्राको सटही सुविधा उपलब्ध हुने व्यवस्था गरिएको छ।

(क) निवेदक निर्यात व्यवसायमा संलग्न हुँदै आइरहेको वा निर्यात गर्ने ठोस योजना भएको वा पर्यटन व्यवसाय वा सेवा निर्यात सम्बन्धी व्यवसायमा संलग्न रहेको निकाय हुनुपर्ने छ।

(ख) विदेशमा यसरी शाखा/सम्पर्क/प्रदर्शन कक्षजस्ता कार्यालय स्थापना गर्दा सम्बन्धित मुलुकको प्रचलित कानुनको पालना गर्नु पर्नेछ।

(ग) यो व्यवस्था अन्तर्गतको सटही सुविधा विदेशमा शाखा/सम्पर्क/प्रदर्शन कक्षजस्ता कार्यालय खोल्ने तथा सोको सञ्चालन/व्यवस्थापनका लागि मात्र उपलब्ध हुनेछ।

(घ) सटही माग गर्दा सालवसाली गर्नु पर्ने खर्च र शुरुमा संस्थापनाको लागि के कति रकम आवश्यक पर्ने हो, सोको विस्तृत विवरण संलग्न गर्नु पर्नेछ। यस्तो विवरण पेश गर्दा नयाँ व्यवसायको हकमा आगामी ३ (तीन) वर्षको र सञ्चालनमा रही रहेको व्यवसायको हकमा बिगत ३ (तीन) वर्षको यथार्थ र आगामी ३ (तीन) वर्षको अनुमानित कारोबारको विवरण पेश गर्नु पर्नेछ।

(ङ) सम्बन्धित निर्यातकर्ताहरूले सम्बन्धित मुलुकमा बिक्रीबाट उठेको रकम सोही मुलुकमा खाता खोली जम्मा गर्न सक्ने छन् र यस्तो खाता सञ्चालन सम्बन्धमा यस बैंकबाट समय समयमा जारी भएको परिपत्रमा उल्लिखित व्यवस्थाहरूको पालना गर्नु पर्नेछ। यसरी बिक्रीबाट प्राप्त विदेशी मुद्रा प्रत्येक ३ (तीन) महिनामा बैंकिङ पद्धतिमार्फत् नेपालमा पठाउनु पर्नेछ।

(च) बिक्री तथा प्रदर्शन कक्ष खोल्ने निर्यातकर्ताहरूको हकमा नेपालबाट प्रचलित कार्यविधि पूरा गरी लगेको सामान र ती सामानहरूको बिक्रीबाट उठेको रकमहरूको हिसाव प्रत्येक ६ महिनामा यस विभाग र सम्बन्धित नियमनकारी निकायहरूलाई दिनु पर्नेछ ।

(छ) यसरी खोलिएको सम्पर्क कार्यालय र बिक्री तथा प्रदर्शन कक्षबाट प्राप्त फाइदा एवम् लागत सम्बन्धी विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको बढीमा ३ महिनाभित्र लेखापरीक्षकबाट प्रमाणित गराई यस विभागमा पेश गर्नु पर्नेछ ।

(ज) सम्बन्धित मुलुकको प्रवेशाज्ञा (भिसा) सम्बन्धी सम्पूर्ण कार्य सम्बन्धित उद्यमी/व्यवसायीले नै गर्नु पर्नेछ ।

(झ) विदेशी मुद्रा आर्जन गरिरहेका निकायहरूको हकमा सालवसाली खर्च बापत माग भएको रकम अघिल्लो आर्थिक वर्षको विदेशी मुद्रा आर्जनको बढीमा ५ (पाँच) प्रतिशतको सीमाभित्र रहनु पर्नेछ ।

(ञ) विदेशी मुद्रा आर्जन गरिनसकेका निकायहरूको हकमा निजहरूले पेश गरेको अनुमानित कारोबार विवरणको आधारमा पहिलो वर्षको लागि माथि खण्ड (झ) मा उल्लेख भए बमोजिमको सटही सुविधा उपलब्ध गराउन सकिनेछ ।

५क. <u>सूचना प्रविधि लगायतका सेवा निर्यात गर्नेलाई उपलब्ध हुने विदेशी मुद्रा सुविधा:</u>

सूचना प्रविधि लगायतका सेवा निर्यात गर्ने उद्योग/व्यवसायलाई विदेशमा सम्पर्क कार्यालय स्थापना गर्ने प्रयोजनको लागि विदेशस्थित आफ्नै बैंक खातामा रकमान्तर गर्न वा सफ्टवेयर/प्रोग्राम/उपकरण खरिद गरी विदेशमै जडान गर्न उद्योग/व्यवसायले अघिल्लो आर्थिक वर्ष आर्जन गरेको विदेशी मुद्राको १० प्रतिशतसम्मको सीमामा रही देहायका शर्तहरुको आधारमा वाणिज्य बैंकमार्फत् विदेशी मुद्राको सुविधा प्राप्त गर्न सकिनेछ :

(१) अघिल्लो आर्थिक वर्ष सूचना प्रविधि लगायत सेवा निर्यात गरी आर्जन गरेको विदेशी मुद्रा खुल्ने लेखापरीक्षण गरिएको वित्तीय विवरण र परिवर्त्य विदेशी मुद्राको बैंक खाताको विवरण । भारतमा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने निर्यातकर्ताको हकमा ने.रु. खाताको विवरण र सम्बन्धित बैंकले जारी गरेको भा.रु. आर्जन सम्बन्धी प्रमाण ।

(२) विदेशी मुद्राको सुविधा माग गरिएको रकम समेत खुल्ने नेपाल सरकारको सम्बन्धित निकायको सिफारिस ।

(३) यस व्यवस्था अन्तर्गत विदेशमा खाता खोल्न यस बैंकको छुट्टै स्वीकृति आवश्यक पर्ने छैन ।

(४) प्रचलित कानुनी व्यवस्थाहरु पालना हुने सम्बन्धमा निवेदकबाट स्वःघोषणा ।

(५) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएका भएतापनि यस दफा अन्तर्गतको विदेशी मुद्राको सीमा अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रमा उल्लिखित कर योग्य आयको २० प्रतिशत भन्दा बढी हुने छैन ।

(६) यस्तो सुविधाको विवरण संलग्न ढाँचामा बैंक तथा वित्तीय संस्थाले महिना समाप्त भएको ७ दिनभित्र यस विभागमा पेश गर्नु पर्नेछ ।

(७) यस्तो सुविधा प्राप्त गर्ने उद्योग/व्यवसायले महिना समाप्त भएको ७ दिनभित्र अनुसूची ७.८ बमोजिमको ढाँचामा यस विभागमा विवरण पेश गर्नु पर्नेछ ।

६. <u>वैदेशिक रोजगार व्यवसायीहरूलाई सटही सुविधा प्रदान गर्ने सम्बन्धी व्यवस्था:</u>

विधिवत दर्ता भई कार्य गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजतपत्रप्राप्त गरेका वैदेशिक रोजगार व्यवसायीहरूलाई भिसा शुल्क, कमिसन आदि भुक्तानी गर्ने प्रयोजनको लागि आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिएको छ ।

(क) बैदेशिक रोजगार व्यवसायीहरूले वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकको भिसा आफै मिलाई दिने प्रयोजनको लागि आवश्यक पर्ने विदेशी मुद्राको लागि देहायको प्रकृया पूरा गरी सटही सुविधा प्रदान गर्न सकिनेछ :

(१) विदेशस्थित रोजगारदाता निकायमा रोजगारीमा पठाउन नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृति भएको आधिकारिक कागजातको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(२) वैदेशिक रोजगारमा जान नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृति प्राप्त गरेका नेपाली नागरिकको वैध राहदानीको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(३) विदेशस्थित रोजगारदाताबाट रोजगारी दिने सम्बन्धमा प्राप्त आधिकारिक कागजातको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(४) यस व्यवस्था बमोजिम सटही सुविधा उपलव्ध गराउने विदेशी मुद्रा भिसा दस्तुर तिर्ने प्रयोजनको लागि मात्र उपयोग हुने सुनिश्चित गर्नु पर्नेछ ।

(५) भिसा दस्तुर रकम सम्बन्धित मुलुकको भिसा प्रदान गर्ने आधिकारिक निकायको नाममा मात्र उपलव्ध गराउनु पर्नेछ ।

(६) यस्तो रकम सम्बन्धित मुलुकले व्यवस्था गरेको वेवसाइट प्रयोग गरी इण्टरनेट मार्फत इलेक्ट्रोनिक पेमेण्ट कार्ड प्रयोग गरेर समेत भुक्तानी गर्न सकिनेछ । यसरी गरिएको प्रत्येक भुक्तानीको Receipt सो वेवसाइटबाट प्रिण्ट गरी अभिलेखको लागि सुरक्षित राख्नु पर्नेछ ।

(७) वेवसाइट मार्फत गरिने भुक्तानी वैदेशिक रोजगार व्यवसायी आफैले इन्टरनेट मार्फत गर्न चाहेमा माथि खण्ड (१),(२) र (३) मा उल्लेख गरिएका कागजात र खण्ड (४),(५) र (६) मा गरिएको व्यवस्था पालना हुनु पर्ने शर्तमा प्रति कामदार लाग्ने भिसा शुल्कको दरले हुने कुल विदेशी मुद्राको सटही प्रदान गरी सोही सटही रकमको सीमा भित्र रही यस बैंकबाट जारी एकीकृत परिपत्रको इ.प्रा.परिपत्र संख्याः १४ मा भएको व्यवस्था र आफ्नो आन्तरिक व्यवस्था बमोजिम सम्बन्धित रोजगार व्यवसायीको संस्थागत नाममा विदेशी मुद्राको क्रेडिट/डेबिट/प्रिपेड कार्ड जारी गर्न सकिनेछ ।

(ख) वैदेशिक रोजगार व्यवसायीले नेपाली नागरिकलाई विदेशमा रोजगारको अवसर दिलाए बापत विदेशी पक्षलाई कुनै कमिसन, शुल्क आदि तिर्नु पर्ने भएमा सो प्रयोजनको लागि आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधा देहायका प्रकृया पूरा गरी प्रदान गर्न सकिनेछ :-

(१) यस्तो शुल्क लिने दिने सम्बन्धमा दुई पक्ष बीच आधिकारिक सम्झौता वा लिखत भई सो लिखतलाई नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृति प्रदान गरिएको हुनुपर्ने छ ।

(२) सम्झौता गर्ने विदेशी पक्षले विदेशस्थित रोजगारदाता पक्षले यस्तो कार्य गर्न अनुमति प्रदान गरेको पुष्टि हुने कागजात लिनु पर्नेछ । साथै, यस्तो पक्ष व्यक्ति विशेष भएमा सो व्यक्तिको नाममा भुक्तानी पठाउन समेत नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृति प्राप्त व्यक्ति हुनु पर्नेछ । तर, प्राकृतिक व्यक्ति वेनेफिसियरी हुने गरी यस्तो भुक्तानी गर्न पाइने छैन ।

(३) यस्तो प्रयोजनको लागि उपलव्ध गराइने सटही सुविधा बैंकिङ उपकरणको माध्यमबाट मात्र उपलव्ध गराउनु पर्नेछ ।

(४) यस्तो भुक्तानीमा प्रचलित व्यवस्था अनुसार लाग्ने कर शुल्क आदि राजस्व दाखिला गरेको प्रमाण लिनु पर्नेछ ।

(ग) वैदेशिक रोजगार व्यवसायीले विदेशी मुद्रामा भएको आर्जनको आधारमा विदेशी मुद्रा खाता खोल्न सक्ने हुंदा सम्बन्धित व्यवसायीको विदेशी मुद्रा खाता खर्च हुने गरी समेत माथि दफा ७ खण्ड (क) र दफा ७ खण्ड (ख) मा उल्लिखित प्रकृया पूरा गरी विदेशी मुद्रा भुक्तानी गर्न सकिनेछ ।

७. <u>नेपाल समुद्रपार निकासी पैठारी संघमा आवद्ध कम्पनी/फर्मलाई सटही सुविधा प्रदान गर्ने सम्बन्धी व्यवस्था</u>

नेपाल समुद्रपार निकासी पैठारी संघले देहायमा उल्लिखित व्यवस्था तथा शर्त अनुसार सिफारिस गरेमा सो संघसँग आवद्ध कम्पनी/फर्मको तर्फबाट व्यवसायिक भ्रमणमा विदेश जाने पदाधिकारीलाई देहाय बमोजिमको सटही सुविधा उपलव्ध गराउन सकिने छ ।

(क) सटही सुविधाको लागि संघबाट देहाय बमोजिमको विवरण खुलाई सिफारिस गर्नु पर्ने ।

(१) सटही सुविधा माग गरेको वा सो भन्दा अघिल्लो आर्थिक वर्षमा घटीमा क्रमशः रु.१० लाख, रु.५ लाख र रु.२ लाख ५० हजार आयकर तिरेका संघसँग आवद्ध कम्पनी/फर्मलाई क्रमशः "क", "ख" र "ग" वर्गमा वर्गीकृत गर्नु पर्ने ।

(२) संघसँग आवद्ध कम्पनी/फर्मको लागि वर्गीकरण अनुसार "क" वर्गको लागि १ जनाले मात्र पाउने गरी बढीमा अमेरिकी डलर १०,०००।- "ख" वर्गको लागि १ जनाले मात्र पाउने गरी बढीमा अमेरिकी डलर ७,०००।- र "ग" वर्गको लागि १ जनाले मात्र पाउने गरी बढीमा ५,०००।- अमेरिकी डलरसम्मको सीमा भित्र रही सिफारिस गर्नु पर्ने ।

(३) सम्बन्धित फर्म/कम्पनीले तिरेको "आयकर रकम र आर्थिक वर्ष" उल्लेख गर्नु पर्ने ।

(४) आवद्ध कम्पनी/फर्मको तर्फबाट देहायका पदाधिकारीहरूले मात्र सटही सुविधा उपभोग गर्न सक्ने गरी पदाधिकारीको नाम, सटही स्वीकृति लिने बैंक/वित्तीय संस्थाको नाम उल्लेख गर्नु पर्ने :

(अ) फर्मको हकमा प्रोप्राइटर,

(आ) साझेदारी फर्मको हकमा साझेदार,

(इ) कम्पनीको हकमा संचालक/प्रवन्ध संचालक,

(५) सम्बन्धित फर्म/कम्पनीको दर्ता, आयकर दर्ता र कर तिरेको वा करको विवरण पेश गरेको प्रमाण/प्रतिलिपि लिनु पर्ने ।

(६) आवद्ध फर्म/कम्पनीको वर्गीकरण, सटही सुविधा लगायत सम्पूर्ण अभिलेख र सो को आधारमा गरिने सटही सुविधा सिफारिस सम्बन्धी सम्पूर्ण जिम्मेवारी संघको हुने व्यहोरा सिफारिसमा उल्लेख गर्नु पर्ने ।

(ख) माथि खण्ड (क) मा उल्लिखित विवरण सहित संघबाट प्राप्त सिफारिसको आधारमा बैंक तथा वित्तीय संस्थाले देहाय बमोजिम सटही सुविधा प्रदान गर्नु पर्ने ।

(१) "क", "ख" र "ग" वर्गमा परेका फर्म/कम्पनीलाई एक आर्थिक वर्षमा अधिकतम क्रमशः अमेरिकी डलर १०,०००।-, ७,०००।- र ५,०००।- बराबर सम्मको मात्र सटही सुविधा उपलव्ध गराउनु पर्ने ।

(२) यस्तो सटही सुविधा डेविट/क्रेडिट/प्रिपेड कार्ड जस्ता बैंकिङ उपकरणका माध्यमबाट उपलव्ध गराउन सकिने ।

(३) क्रेडिट कार्ड मार्फत यस्तो सटही सुविधा उपलव्ध गराउंदा क्रेडिट कार्ड सम्बन्धी आफ्नो कार्यविधि/प्रक्रिया पूरा गरेर मात्र उपलव्ध गराउनु पर्ने ।

(४) भ्रमणमा जाने पदाधिकारीको कन्फर्म हवाई टिकट, राहदानी र भिसा लिनुपर्ने भए सो समेतको आधारमा मात्र यस्तो सुविधा उपलव्ध गराउनु पर्ने ।

(५) यस व्यवस्था अन्तर्गत प्रदान भएको सटही सुविधाको बिवरण संलग्न अनुसूची ७.७ अनुसार प्रत्येक महिना व्यतित भएको १५ दिन भित्र यस विभागमा पेश गर्नु पर्नेछ ।

८. <u>विभिन्न प्रयोजनको लागि विदेशी मुद्राको सटही सम्बन्धी व्यवस्था</u>

देहायका संघ, संस्था तथा इजाजतपत्रप्राप्त संस्थाहरूलाई विभिन्न प्रयोजनको लागि निम्न बमोजिम परिवर्त्य विदेशी मुद्रा (भारतको हकमा भा.रु.मा मात्र) को सटही सुविधा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ ।

(क) बैंक/वित्तीय संस्थाहरूको लागि :

बैंक/वित्तीय संस्थाहरूले देहायमा उल्लेखित कार्य तथा प्रयोजनको लागि परिवर्त्य विदेशी मुद्रा भुक्तानी गर्दा यस बैंकको स्वीकृति लिनुपर्ने छैन :

(१) बैंक/वित्तीय संस्थाहरूको आफ्नै प्रयोजनको लागि मगाउने पुस्तक, पत्र-पत्रिकाहरू ।

(२) बैंक/वित्तीय संस्थाहरू स्वयम् आवद्ध रहेको विभिन्न अन्तर्राष्ट्रिय संघ, संस्थाहरूको सदस्यता शुल्क ।

(३) बैंक/वित्तीय संस्थाहरूको तर्फबाट तालिममा भाग लिन जाँदा आयोजक संस्थालाई दिनुपर्ने तालिम/सहभागिता आदि शुल्क ।

(४) बैंक/वित्तीय संस्थाहरूले आफ्नै प्रयोजनको लागि प्रयोग गर्ने Refinitiv, Bloomberg, Bridge-News, Swift, ATM को License शुल्क, कार्ड Personalization, Core Banking Software **(including maintenance),** AML/CFT Software **(including maintenance)** सेवाको भुक्तानी ।

(५) उपर्युक्त प्रयोजनको लागि गरिने विदेशी मुद्राको भुक्तानी Beneficiary संस्थाको नाउँमा मात्र पठाउनु पर्नेछ ।

(६) व्यापारिक साख सूचना (Business Credibility Information) को सेवा शुल्क भुक्तानी ।

(७) उपर्युक्त प्रयोजनका लागि बैंक/वित्तीय संस्थाहरूले विदेशी मुद्रा रकमान्तर गर्दा सो रकम पुष्टि हुने आवश्यक कागजात वा Invoice संलग्न गर्नु पर्नेछ र प्रचलित व्यवस्था अनुरुप भुक्तानीमा कर लाग्ने भए कर बुझाएको निस्सा समेत अनिवार्यरुपले संलग्न गर्नु पर्नेछ ।

(ख) विदेशस्थित अस्पतालमा गई औषधोपचार गराउने र आवश्यक औषधि **तथा उपचारजन्य उपकरण** खरिद गर्ने प्रयोजनका लागि नेपाली नागरिकहरूलाई देहाय बमोजिमको प्रकृया पूरा गरी बैंक तथा वित्तीय संस्थाहरूले वार्षिक अमेरिकी डलर **१५ हजारसम्म** सटही सुविधा प्रदान गर्न सक्नेछन् :

(१) बाह्य मुलुक गई उपचार गराउन चाहने वा गर्नुपर्ने व्यक्तिले नेपालका अस्पतालमा स्वास्थ्य परीक्षण गराई वाह्य मुलुक गई उपचार गराउन उपयुक्त हुने भनी स्वदेशका डाक्टरले उपलव्ध गराएको सिफारिसपत्र तथा विदेशस्थित अस्पतालबाट उपचारमा लाग्ने अनुमानित खर्च उल्लेख भएको कागजात पेश गर्नुपर्ने ।

(२) यस्तो सटही सुविधा विदेशी अस्पताल (**औषधि तथा उपकरण बिक्रेता समेत**) ले भुक्तानी पाउने गरी पठाउनु पर्ने ।

(३) यस व्यवस्था अन्तर्गत सटहीबापत् लिएको रकमको खर्च विवरण उपचारबाट फर्केको १५ दिनभित्र सम्बन्धित बैंक तथा वित्तीय संस्थामा बुझाउनु पर्नेछ ।

(४) यसरी सटही सुविधा प्रदान गरे पश्चात उक्त सुविधा दिइएका व्यक्तिहरूको नाम, ठेगाना, फोन नम्बर, सटही लिएको मुद्रा र रकम उपचार गराउने विदेशी अस्पताल (**औषधि तथा उपकरण बिक्रेता समेत**) को नाम, ठेगाना एवम् खर्च फछ्र्यौट् भए/नभएको विवरण अर्धवार्षिक रुपमा अवधि समाप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस विभागमा पेश गर्नु पर्नेछ ।

(५) खण्ड ख(३) बमोजिमको सटही लिई सोको विवरण नबुझाउने व्यक्तिलाई पुनः त्यस्तो सुविधा प्रदान गरिनेछैन ।

(ग) दूर संचार सम्बन्धी सेवा प्रदायक नेपाली कम्पनीहरूले विदेशी सेवा प्रदायक कम्पनीहरूसँग सम्झौता गरी सेटेलाइट सेवा भाडामा लिने वा प्रयोग गरेकोमा देहायका कागजात लिई भाडा बापत वार्षिक अमेरिकी डलर १ लाखसम्मको भुक्तानी बैंक तथा वित्तीय सस्था स्वयम्ले गर्न सक्नेछन् :

(१) सेवा प्रदायक संस्था र नेपाली कम्पनी बीच सेवा उपलव्ध गराउने सम्बन्धमा भएको सम्झौता ।

(२) सम्बन्धित नियमनकारी निकाय (सूचना तथा सञ्चार मन्त्रालय) को सिफारिस ।

(३) विदेशस्थित सेवा प्रदायक कम्पनी/संस्थाले जारी गरेको इन्भ्वाइस ।

(४) नियमानुसार लाग्ने कर तिरेको निस्सा ।

(घ) नेपाली वायुसेवा कम्पनीहरूले हवाई जहाजका इन्जिन वा पार्टपूर्जा जस्ता सामान विदेश लगी मर्मत गरी ल्याउने प्रयोजनका लागि देहाय बमोजिमका कागजातका आधारमा प्रचलित व्यवस्था अन्तर्गत रही अमेरिकी डलर १ लाखसम्मको अग्रिम भुक्तानी बैंक तथा वित्तीय संस्था स्वयम्ले पठाउन सक्नेछन् :

(१) सम्बन्धित नियमनकारी निकाय (नागरिक उडड्यन प्राधिकरण) को सिफारिस ।

(२) पार्टपूर्जा धरौटीमा निर्यात भएको प्रज्ञापनपत्र ।

(३) नियमानुसार लाग्ने कर तिरेको निस्सा ।

यसरी भुक्तानी दिइएको रकम सामान मर्मत भई फिर्ता आएपछि सोको निस्सा बैंकले लिनु पर्नेछ ।

(ङ) अन्तराष्ट्रिय उडान अनुमति प्राप्त नेपाली वायुसेवा कम्पनीहरूले हवाई जहाजका इन्धन खरिद प्रयोजनका लागि देहाय बमोजिमका कागजातका आधारमा प्रचलित व्यवस्था अन्तर्गत रही अमेरिकी डलर १ लाखको सीमा सम्म परिवर्त्य विदेशी मुद्रा बैंक तथा वित्तीय संस्था स्वयम्ले ड्राफ्ट/टी.टी./स्वीफ्ट मार्फत् पठाउन सक्नेछन् :

(१) सम्बन्धित नियमनकारी निकाय (नेपाल नागरिक उडड्यन प्राधिकरण) को सिफारिस ।

(२) विमानस्थलमा इन्धन आपूर्ति प्रदायक संस्था (विमानस्थलमा इन्धन आपूर्ति गर्ने संस्था खुल्ने कागजात) वा सोसँग भएको सम्झौता ।

(३) विदेशस्थित सेवा प्रदायक कम्पनी/संस्थाले जारी गरेको इन्भ्वाइस ।

९. <u>मेशिनरी तथा औजारहरू भाडामा प्रयोग गरे बापतको सटही सुविधा सम्बन्धमा</u>

नेपाली उद्योगहरूले भारतबाट मेशिनरी तथा औजारहरू भाडामा लिई प्रयोग गरे बापत भुक्तानी गर्नु पर्ने रकम देहायका आधारमा वार्षिक भा.रु.१० लाखसम्मको भुक्तानी बैंक तथा वित्तीय संस्था आफैले पठाउन सक्ने छन् :

(क) उद्योगले सटहीको लागि बैंक समक्ष निवेदन दिनु पर्नेछ ।

(ख) नेपाली उद्योग र भारतीय मेशिनरी सामान आपूर्तिकर्ता बीच सामान भाडामा लिने दिने सम्बन्धमा भएको सम्झौता वा आपूर्तिकर्ताले जारी गरेको Invoice को प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने छ ।

(ग) सामान भाडामा प्रयोग गर्ने गरी धरौटीमा आयात भएको भन्सार प्रज्ञापनपत्रको प्रतिलिपि संलग्न हुनु पर्नेछ ।

(घ) नियमानुसार लाग्ने कर तिरेको प्रमाणित निस्सा पेश गर्नु पर्नेछ ।

१०. <u>विविध कार्यक्रमहरू सञ्चालन गर्ने अगुवा आयोजक संस्था (Lead Organizer) लाई उपलब्ध हुने सटही व्यवस्था</u>

नेपालका विश्वविद्यालय, सरकारी अनुदान तथा सहयोगमा संचालित संघ/संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरूले अगुवा आयोजक संस्था (Lead Organizer) को रुपमा रही विदेशस्थित सरकार वा संघ संस्थाहरूबाट विदेशी मुद्रामा आर्थिक सहयोग प्राप्त गरी नेपाल सहित अन्य मुलुकका लागि कार्यक्रम सञ्चालन गरेको भएमा कुल विदेशी मुद्रा नेपाल भित्रिएको प्रमाण, सम्बन्धित नियामक निकायको सिफारिस र सम्बन्धित पक्षहरू वीच रकम समेत उल्लेख भएको सम्झौताका आधारमा नेपालका लागि प्राप्त रकम कट्टा गरी बाँकी विदेशी मुद्रा रकम प्राप्त गर्ने सम्बन्धित वाणिज्य बैंकहरूमार्फत् कार्यक्रम सञ्चालन हुने अन्य मुलुकमा पठाउन सक्ने छन् ।

११. <u>प्याकेज टुर सम्बन्धी काम गर्ने टुर अपरेटरहरूलाई प्रदान गर्ने सटही सम्बन्धी व्यवस्था</u>

यस बैंकबाट विदेशी विनिमयको कारोबार गर्न इजाजत प्राप्त गरेका नेपाली ट्राभल्स/टुर्स कम्पनीहरूले विदेश भ्रमणका लागि स्वयम्ले वा विदेशस्थित एजेन्सीसँग सहकार्य गरी विभिन्न टुर प्याकेज सम्बन्धी सेवा दिई सोको लागि विदेशस्थित टुर अपरेटरलाई भुक्तानी पठाउन विदेशी मुद्रा आवश्यक परेमा विदेश स्थित कम्पनी/संस्थाका नाउँमा जम्मा हुने गरी बैंक तथा वित्तीय संस्थाले भुक्तानी पठाउन तथा मानसरोवर कैलासको प्याकेज अन्तर्गत भारतीय पर्यटकलाई सेवा प्रदान गर्ने नेपाली टुर अपरेटरहरूबाट भारतीय पर्यटकले नेपालमा विदेशी मुद्रामा गरेको खर्चको आधारमा सटही माग गरेको अवस्थामा देहाय बमोजिम सटही दिन सकिने छ ।

क. नेपाली नागरिकहरूलाई विदेश भ्रमणका लागि प्रति व्यक्ति अमेरिकी डलर १,०००।- सम्म राहदानी सुविधाबापत प्राप्त हुने विदेशी मुद्राको सीमा अन्तर्गत रही देहायका आधारमा भुक्तानी पठाउन सकिने छ ।

(१) सटही माग गर्ने ट्राभल/टुर कम्पनीले आफ्नो कारोबार भएको बैंक समक्ष निवेदन दिनुपर्ने छ ।

(२) विदेशस्थित टुर प्याकेज सञ्चालन गर्ने सम्बन्धित कम्पनी/संस्थाले जारी गरेको यात्रु संख्या र दर उल्लेख भएको इन्भ्वाइस संलग्न हुनुपर्ने छ।

(३) विदेशस्थित टुर अपरेटरलाई भुक्तानी पठाउँदा विदेशको टुर अपरेटर/कम्पनी/संस्थाले नै भुक्तानी पाउने गरी पठाउनु पर्नेछ।

(४) भ्रमणमा जाने नेपाली नागरिकको राहदानी, कन्फर्म हवाई टिकट भिसा लिनुपर्ने भए सो समेतको प्रतिलिपि संग्लन हुनुपर्ने छ।

(५) उपर्युक्त रकमबाट नपुग भएको खण्डमा भ्रमण गर्ने व्यक्तिले राहदानी सुविधा अन्तर्गत प्राप्त गर्ने विदेशी मुद्राको सीमाबाट कट्टा गरी राहदानीमा भुक्तानी दिएको छाप लगाई मात्र सटही दिनु पर्नेछ।

(६) कथम्कदाचित भ्रमण कार्यक्रम रद्द भएमा पठाएको रकम फिर्ता गर्ने जिम्मेवारी सटहीको लागि अनुरोध गर्ने ट्राभल टुर एजेन्सीको हुनेछ।

(७) यसरी फिर्ता भएको विदेशी मुद्रा बापत सम्बन्धित बैंकले ट्राभल्स तथा टुर अपरेटरलाई नेपाली रुपैयाँमा सटही दिनु पर्नेछ। साथै, इजाजतपत्रप्राप्त ट्राभल तथा टुर एजेन्सीहरूले यसरी सटही लिई रकम पठाएको र भ्रमण रद्द भई रकम फिर्ता भएको विवरण यसै साथ संलग्न बमोजिमको फाराम भरी मासिक रुपमा यस विभागमा पेश गर्नुपर्ने छ।

(८) यस व्यवस्था अन्तर्गतको सटही सुविधा प्रदान गर्दा राहदानीमा दरपीठ गर्नु पर्नेछ।

ख. नेपाली टुर अपरेटर मार्फत कैलाश मानसरोवर, तिब्बत जाने भारतीय पर्यटकलाई नेपाली टुर अपरेटरले बिक्री गरेको कैलाश जाने टुर प्याकेजलाई व्यवस्थापन गर्ने सम्बन्धमा तिब्बतस्थित सम्बन्धित निकायमा जम्मा गर्नुपर्ने रकमको लागि टुर अपरेटरले सटही सुबिधा माग गरेमा देहायका आधारमा सटही सुविधा उपलब्ध गराउन सकिने छ।

१. टुर अपरेटरले नियमानुसार नेपाल राष्ट्र बैंकबाट विदेशी विनिमय कारोबारको इजाजत पत्र लिएको हुनु पर्नेछ।

२. प्राप्त भएको प्याकेजबापतको रकमको टुर अपरेटरले Tax Invoice जारी गरेको हुनु पर्नेछ।

३. टुर प्याकेजको रकम पठाउँदा तिब्बतस्थित निकायले जारी गरेको यात्रु संख्या र दर उल्लेख भएको इन्भ्वाइस प्राप्त गरेको हुनु पर्नेछ। Credit Invoice पेश भएको अवस्थामा खर्च भएको Invoice पेश गर्न लगाई बैंकले फाइल अद्यावधिक गर्नु पर्नेछ।

४. भ्रमणमा जाने भारतीय नागरिकको राहदानी तथा भिसाको प्रतिलिपि संग्लन हुनुपर्ने छ।

५. सटही प्राप्त गर्न नेपालको टुर अपरेटरले बनाएको टुर प्याकेज भारतीय नागरीकले खरिद गरेको हुनु पर्नेछ।

६. टुर अपरेटरले भारतीय पर्यटकबाट रकम प्राप्त गर्दा निम्न बमोजिम गरेको हुनु पर्नेछ :

(क) भारतीय पर्यटकले नियमानुसार साटेको अमेरिकी डलरको निस्साको आधारमा नेपालको टुर अपरेटरको डलर खातामा अमेरिकी डलर जम्मा गर्न सकिने छ।

(ख) यसरी नगद अमेरिकी डलर स्वीकार गर्दा नियमानुसार FEER जारी गरेको हुनु पर्नेछ।

(ग) भारतीय पर्यटकले भारतको बैंक/वित्तीय संस्थामार्फत् टुर अपरेटरको नेपाली खातामा भा.रु. समेत रकमान्तर गर्न सक्ने छन्।

(घ) नेपाल राष्ट्र बैकले भारतीय मुद्रा सटही सम्बन्धमा जारी गरेको निर्देशनको अधिनमा रही भारतीय पर्यटकले ल्याएको भारतीय मुद्रा टुर अपरेटरले स्वीकार गरी बैंकमा जम्मा गरेको हुनुपर्नेछ।

७. उपरोक्त बमोजिम जम्मा भएको तथा प्राप्त हुन आएको रकमबाट तातोपानी वा केरुङको मार्ग भई जाने पर्यटकको हकमा पर्यटकबाट प्याकेज बापत प्राप्त भएको रकमको प्रचलित दरमा युयान वा अमेरिकी डलर चीनको स्वशासित क्षेत्र तिब्बतको ल्हासास्थित सरकारी निकाय,

Foreign Exchange Center वा Center ले तोकेको बैंक एवम् सम्बन्धित निकायको खातामा जम्मा रकमको ७०% सम्म पठाउन सकिने छ ।

८. तातोपानी वा केरुङ नाका बाहेक अन्य नाकाबाट कैलाश मानसरोवर तिर्थयात्रामा जाने भारतीय पर्यटकहरूको लागि पर्यटकबाट प्याकेज बापत प्राप्त भएको विदेशी मुद्राको बढीमा ५०% रकमसम्म तिब्बतको सम्बन्धित निकायलाई पठाउन सकिने छ ।

९. भ्रमण कार्यक्रम रद्द भएमा पठाएको रकम फिर्ता गर्ने जिम्मेवारी सटहीको लागि अनुरोध गर्ने टुर अपरेटरको हुनेछ ।

१०. माथि खण्ड (ख) को (९) बमोजिम फिर्ता भएको विदेशी मुद्रा बापत सम्बन्धित बैंकले ट्राभल्स तथा टुर अपरेटरलाई नेपाली रुपैयाँमा सटही दिनु पर्नेछ । यसरी प्राप्त नेपाली रुपैयाँमा सम्बन्धित पर्यटकले भारत पठाउन चाहेमा बैंकले ड्राफ्ट, टीटी आदि बैकिङ्ग उपकरणको माध्यमबाट पठाउन सकिने छ ।

११. इजाजतपत्रप्राप्त टुर अपरेटरहरूले यसरी सटही लिई रकम पठाएको र भ्रमण रद्द भई रकम फिर्ता भएको विवरण मासिक रुपमा यस विभागमा पेश गर्नुपर्ने छ ।

१२. यस परिपत्र बमोजिमको अमेरिकी डलरमा प्रदान गरिने सटही सुविधा आवश्यकतानुसार सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रामा समेत प्रदान गर्न सकिने छ ।

१३. परिवर्त्य विदेशी मुद्रामा भुक्तानी हुनेगरी तेस्रो मुलुकबाट लिएको सेवाको सटही स्वीकृति प्रदान गर्दा नेपाल सरकारलाई भुक्तानी गर्नुपर्ने अग्रिम आयकर (TDS) लगायतका नियमानुसार लाग्ने कर यस बैंकले प्रकाशन गरेको परिवर्त्य विदेशी मुद्राको बिक्रीदरको आधारमा गणना गरी दाखिला गर्नु पर्नेछ ।

१४. <u>विदेशी मुद्रा फिर्ता पठाउनेसम्बन्धी व्यवस्था</u>

(क) विदेशबाट विभिन्न प्रयोजनको लागि प्राप्त भएका विदेशी मुद्रा रकम पठाउने बैंकबाट फिर्ता गर्न माग भई आएमा र जुन प्रयोजनको लागि विदेशी मुद्रा भित्रिएको हो सोअनुरुप खर्च नहुने भएमा र त्यस्तो रकम सम्बन्धित खातामा जम्मा भइसकेको भए बेनेफिसरीको समेत सहमति लिई प्राप्त भएको विदेशी मुद्राको सीमा ननाघ्ने गरी अमेरिकी डलर **१० हजार**सम्म वा सो बराबरको विदेशी मुद्रा आवश्यक कागजातका आधारमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको पूर्ण पालना हुने गरी रकम प्राप्त गर्ने सम्बन्धित बैंकले एजेन्सी खातामा जम्मा भएको ६० दिनभित्र फिर्ता पठाउन सक्नेछ । तर, त्यस्तो रकम अवैधानिक तथा आपराधिक प्रकृतिको भएमा फिर्ता पठाउन मिल्ने छैन ।
साथै, त्यस्तो अमेरिकी डलर **१० हजारसम्म** विदेशस्थित आफ्नो एजेन्सी खातामा जम्मा भईसकेको तर सम्बन्धित लाभग्राही (Beneficiary) को खातामा जम्मा भइनसकेको वा भुक्तानी भइनसकेको विदेशी मुद्रा रकमहरू फिर्ता (Refund) को लागि सम्बन्धित बैंकबाट आधिकारिक अनुरोध भएमा एजेन्सी खातामा जम्मा भएको ६० दिनभित्र सम्म मात्र फिर्ता गर्न सकिने छ । यसरी फिर्ता गरिएको फेहरिस्त मासिक रुपमा महिना व्यतीत भएको १५ दिनभित्र यस विभागमा पठाउनु पर्नेछ । तर, त्यस्तो रकम शंकास्पद देखिएमा फिर्ता पठाउन मिल्नेछैन ।

(ख) विदेशी पक्षबाट ट्रेकिङ, टुर प्याकेजको लागि पठाएको अग्रिम भुक्तानी रकम कुनै कारणवश त्यस्तो प्याकेज रद्द भई रकम पठाउने व्यक्ति वा संस्थाबाट फिर्ता माग भएमा विदेशबाट रकम आएको प्रमाण तथा रकम प्राप्त गर्ने ट्राभल कम्पनीको अनुरोधको आधारमा दुई पक्ष बीचको सहमति वा सम्बन्धित ट्राभल कम्पनीको नीतिबमोजिम आंशिक वा पूरै रकम अमेरिकी डलर १०,००० सम्म बैंकहरुबाट नै फिर्ता गर्न सकिनेछ । यसरी रकम फिर्ता गर्दा रकम पठाउने विदेशी बैंकबाट Fund Return सम्बन्धी अनुरोध आवश्यक पर्ने छैन । यस्तो रकम प्राप्त भएको मितिबाट ३६५ दिनभन्दा बढी भएमा यस विभागको स्वीकृति लिएर मात्र फिर्ता गर्न सकिने छ ।

(ग) कुनै सार्वजनिक संस्थान वा निकायहरुले ग्लोबल टेन्डरअन्तर्गत बोलपत्र आह्वान गर्दा प्राप्त भएको Bid Security, Performance Security, Advance Payment Guarantee लगायतका त्यस्तो

बोलपत्रसम्बन्धी Guarantee बापतको रकम फिर्ता गर्न अनुरोध भई आएमा सो निकाय वा संस्थानको सिफारिसपत्र, बोलपत्रमा भाग लिने विदेशी पक्षको रकम फिर्ता गर्ने अनुरोध तथा उक्त रकम सम्बन्धित खातामा जम्मा भएको प्रमाणको आधारमा बैंक तथा वित्तीय संस्थाहरुबाट नै फिर्ता गर्न सकिनेछ । यसरी रकम फिर्ता गर्दा रकम पठाउने विदेशी बैंकबाट Fund Return सम्बन्धी अनुरोध आवश्यक पर्ने छैन । यस्तो रकम फिर्तामा रकम सम्बन्धी सीमा लागू हुनेछैन ।

(घ) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था/विप्रेषण कम्पनी र विदेशस्थित रेमिटेन्स कम्पनीबीच भएको विप्रेषण कारोबारसम्बन्धी सम्झौता Termination गर्ने सहमतिको आधारमा Prefunding Basis मा प्राप्त रकममध्ये खातामा बाँकी रकम फिर्ता गर्नको लागि यस विभागले प्रदान गरेको त्यस्तो विप्रेषण कारोबारसम्बन्धी सम्झौताको स्वीकृति, विदेशी पक्षले रकम फिर्ता गर्न गरेको अनुरोध, सम्बन्धित खाताको बैंक स्टेटमेन्ट तथा पछिल्लो ६ महिनामा प्राप्त भएको रकमको SWIFT Message को आधारमा अमेरिकी डलर १५,००० सम्म फिर्ता गर्न यस बैंकको स्वीकृति आवश्यक पर्ने छैन ।

(ङ) उपखण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित सीमाभन्दा अधिक रकम यस बैंकको स्वीकृतिको आधारमा मात्र फिर्ता गर्न सकिनेछ । त्यसको लागि सम्बन्धित बैंकले रकम फिर्ता गर्नुपर्ने कारण खुलाई सम्बन्धित उपखण्डमा उल्लिखित कागजात/प्रमाण सहित यस बैंकमा निवेदन पेश गर्नु पर्नेछ ।

(च) उपखण्ड (क), (ख), (ग), (घ) र (ङ) मा उल्लिखित रकम फिर्ता गर्दा रकम प्राप्त भएकै खातामा जम्मा हुने गरी फिर्ता गर्नु पर्नेछ ।

१५. शिक्षा, आप्रवासन, स्वास्थ्य (परिपत्र नं. ७, र ८ समेत) लगायतका प्रयोजनका लागि अमेरिकी डलर ५,००० भन्दा बढीको परिवर्त्य विदेशी मुद्रा माग गर्ने नेपालीहरूसँग अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN) लिनु पर्नेछ । सटही सुविधा माग गर्ने व्यक्तिको PAN नभएको अवस्थामा नाता प्रमाणित हुने कागजातसहित निजको एकाघर परिवारको PAN पेश गरेमा समेत परिवर्त्य विदेशी मुद्रा सटही गर्न सकिनेछ ।

१६. <u>विदेशस्थित कार्यालय सञ्चालन खर्च भुक्तानी पठाउने सम्बन्धमा</u>

(क) बैंक तथा वित्तीय संस्थाहरुको शाखा/सम्पर्क/एजेन्सी कार्यालय खोल्न यस बैंकबाट स्वीकृति लिएको पत्र, सम्झौता पत्र, कर्मचारीको नियुक्ति पत्र, कर भुक्तानी विवरण आदिका आधारमा बैंक तथा वित्तीय संस्थाका विदेशस्थित शाखा/सम्पर्क/एजेन्सी कार्यालयको लागि सम्झौता अनुसारको घरभाडा, कर्मचारीको तलवभत्ता, विज्ञापन, कानुनी तथा प्रशासनिक खर्चका लागि आवश्यक विदेशी मुद्रा सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट नै भुक्तानी गर्न/पठाउन सकिनेछ ।

(ख) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्था र विप्रेषण कम्पनीले विदेशस्थित Remittance Company सँग गरेको यस बैंकबाट स्वीकृति प्राप्त भएको Principal-Agent सम्झौताबमोजिम कर्मचारी (स्थायी वा करारमा नियुक्त) लाई Representative को रुपमा राखेबापत् उक्त कर्मचारीसँगको सम्झौता बमोजिम निजलाई भुक्तानी गर्नु पर्ने पारिश्रमिक सुविधाबापतको रकम Principal-Agent सम्झौता, त्यस्तो कर्मचारीसँगको सम्झौता र प्रचलित नियमानुसारको कर तिरेको प्रमाणको आधारमा बैंक तथा वित्तीय संस्थाले सटही सुविधा प्रदान गर्न सक्नेछ ।

(ग) खण्ड (क) र (ख) बमोजिम रकम पठाएको/सटही सुविधा प्रदान गरिएको विवरण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले त्रयमास समाप्त भएको १५ दिनभित्र यस विभागमा पठाउनु पर्नेछ ।

१७. <u>विदेशी नागरिक (भारतीय समेत) को पारिश्रमिकको सटही व्यवस्था सम्बन्धमा</u>

१. नेपाली फर्म, कम्पनी तथा संस्थामा कार्यरत विदेशी नागरिकहरूले रोजगारदातासँग गरेको करारमा वा रोजगारदाताबाट जारी नियुक्तिपत्रमा उल्लिखित तलब भत्ता तथा अन्य सुविधा बापतको रकममा प्रचलित कानुन बमोजिम कर कट्टी पश्चात हुन आउने रकमको बढीमा ७० (सत्तरी) प्रतिशतसम्म विदेशी मुद्रामा देहायका कागजातका आधारमा सम्बन्धित मुलुकमा पठाउन सकिने छ ।

(क) आवश्यक कागजातहरू :

(१) सम्बन्धित व्यक्तिको निवेदन

(२) रोजगारदाता फर्म, कम्पनी तथा संस्थाको सिफारिसपत्र

(३) नेपाल सरकार, श्रम विभागको श्रम स्वीकृति पत्र (भारतीय नागरिकको हकमा अनिवार्य नहुने)

(४) कर्मचारी परिचयपत्र र नियुक्तिपत्र/सम्झौतापत्र

(५) पारिश्रमिक कर तिरेको प्रमाण वा भौचरको प्रतिलिपि

(६) प्रवेशाज्ञा (भिसा) बहालसम्बन्धी प्रमाण (भारतीय नागरिकको हकमा अनिवार्य नहुने)

(ख) सञ्चयकोष, अवकाश कोष र उपदान रकमको हकमा नियमानुसार लाग्ने कर कट्टा गरी पाउने पूरै रकम पठाउन सकिनेछ । तर, कार्यरत अवधिमा नै उक्त कोषहरुबाट प्राप्त सापटी रकम पठाउन अनुरोध गरेमा सम्बन्धित कोषको ७० प्रतिशत रकम मात्र पठाउन पाइनेछ ।

(ग) उपखण्ड (क) र (ख) मा उल्लिखित सीमाभन्दा बढी रकम पठाउनको लागि यस बैंकको स्वीकृति आवश्यक पर्नेछ ।

२. नेपालका वायुसेवा प्रदायक कम्पनीहरूमा कार्यरत विदेशी नागरिकको श्रम स्वीकृति र सम्झौताको अवधि वहाल रहेको अवस्थामा रोजगारदातासँग गरेको करारमा उल्लिखित पारिश्रमिकमा प्रचलित कानुनबमोजिम कर कट्टी पश्चात हुन आउने रकमको बढीमा ७० (सत्तरी) प्रतिशतसम्मको रकम भुक्तानीको लागि देहायका कागजातको आधारमा पारिश्रमिक कर तिरेको प्रमाण लिई परिवर्त्य विदेशी मुद्रामा (भारतीय नागरिकको हकमा भारतीय मुद्रामा) सम्बन्धित मुलुकमा पठाउन सकिने छ ।

(क) आवश्यक कागजातहरू :

(१) सम्बन्धित व्यक्तिको निवेदन,

(२) वायुसेवा प्रदायक कम्पनीको सिफारिस पत्र,

(३) नेपाल सरकार, श्रम विभागको श्रम स्वीकृति पत्र,

(४) कर्मचारी परिचयपत्र र नियुक्तिपत्र/सम्झौता पत्र,

(५) पारिश्रमिक कर तिरेको प्रमाण वा भौचरको प्रतिलिपि,

(६) प्रवेशाज्ञा (भिसा) वहाल सम्बन्धी प्रमाण (भारतीय नागरिक वाहेकको हकमा) ।

(ख) सञ्चयकोष, अवकास कोष र उपदान बापतको रकमको हकमा नियमानुसार लाग्ने कर कट्टा गरी पाउने पुरै रकम पठाउन सकिनेछ । तर, कार्यरत अवधिमा ७०% रकम मात्र पठाउन पाइनेछ ।

**२(क). उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएतापनि परिवर्त्य विदेशी मुद्राको स्रोत भएका संस्थाबाट परिवर्त्य विदेशी मुद्रामा पारिश्रमिक प्राप्त गर्ने गरी नेपालमा कार्यरत भारतीय नागरिकलाई त्यस्तो खाताको मौज्दातले खामेसम्म उपदफा १ र २ मा उल्लिखित सीमा र कागजातको अधीनमा रही परिवर्त्य विदेशी मुद्रामा समेत पारिश्रमिकको रिप्याट्रियशन सुविधा प्रदान गर्न सकिनेछ ।**

**३. नेपालमा कार्यरत भारतीय नागरिकले नेपाली वाणिज्य बैंक तथा राष्ट्रियस्तरका विकास बैंकमा खोलेको बैंकखाता आवद्ध विद्युतीय बैंकिङ्ग (इ-बैंकिङ्ग), अन्तरबैंक भुक्तानी, मोबाइल बैंकिङ्ग, Quick Response Code मार्फत राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch) पूर्ण रुपमा सञ्चालनमा नआएसम्म सो अन्तर्गतको Retail Payment Switch (RPS) को माध्यमबाट भारतीय बैंक तथा वित्तीय संस्थामा खोलिएको व्यक्तिगत खातामा प्रति दिन भा.रु. १५,०००।- र प्रति महिना भा.रु. १००,०००।- जम्मा हुने गरी पारिश्रमिक बापतको सटही सुविधा (Personal Payment/P-to-P Transfers) प्रदान गर्न सकिनेछ । तर, यस्तो सटही सुविधामा उपदफा १ र २ मा उल्लिखित सीमा समेत लागू हुने गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थाले व्यवस्था मिलाउनु पर्नेछ ।**

१८. <u>आप्रवास भिसामा विदेश जाने नेपाली नागरिकहरूलाई Settlement खर्चबापत प्रदान गर्ने परिवर्त्य विदेशी मुद्राको सटही सुविधा सम्बन्धमा:</u>

(क) आप्रवास भिसा पाएका नेपाली नागरिकहरूलाई मात्र Settlement खर्च बापत प्रति व्यक्ति बढीमा अमेरिकी डलर ५,०००।- सम्म वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा सटही सुविधा बैंक तथा वित्तीय संस्थाले उपलब्ध गराउन सकिने छ ।

(ख) आप्रवास भिसा (Immigrant Visa) प्राप्त गरी सम्बन्धित देशमा पहिलो पटक जाने नेपाली नागरिकहरूलाई एक पटक मात्र यो सटही सुविधा उपलब्ध गराउनु पर्नेछ । तर, आप्रवास भिसा प्राप्त गरी यो व्यवस्था अनुसारको सटही सुविधा नलिई सम्बन्धित देश गएर नेपाल फर्की पुनः जाने र सोही देशमा रहेको समयमा आप्रवास भिसा प्राप्त गरी नेपाल आई पुनः जाने नेपाली नागरिकहरूलाई यस्तो सटही सुविधा प्रदान गर्न मिल्ने छैन ।

(ग) नेपाल सरकारले जारी गरेको राहदानी, आप्रवास भिसा र नेपालदेखि नै शुरु हुने कन्फर्म्ड हवाई टिकटको प्रतिलिपि अनिवार्यरुपमा लिई यस्तो सटही सुविधा उपलब्ध गराउनु पर्नेछ । उदाहरणको लागि केही विकसित मुलुकहरूको आप्रवास भिसाको विवरण देहायअनुरुप छन् ।

| मुलुक | भिसाको किसिम |
|---|---|
| संयुक्त राज्य अमेरिका | Immigrant Visa |
| क्यानडा | Immigrant Visa |
| बेलायत | Visa Highly Skilled Migrant Programme र Visa Settlement-AF |
| अष्ट्रेलिया | Permitted to remain in Australia Indefinitely लेखिएको Visa |

(घ) यस्तो सटही सुविधा उपलब्ध गराएको रकम स्पष्ट देखिने गरी सम्बन्धित व्यक्तिको राहदानीमा दरपीठ गरी सो कागजातको प्रतिलिपि अभिलेखको लागि राख्नु पर्नेछ ।

(ङ) यस प्रकारको सटही सुविधा उपलब्ध गराएको विवरण मासिक रुपमा महिना व्यतित भएको ७ दिनभित्र यस विभागमा उपलब्ध गराउनु पर्नेछ ।

(च) यस दफा अन्तर्गत आप्रवास भिसा (Immigrant Visa, Visa Highly Skilled Migrant Programme, Visa Settlement-AF, Permitted to remain in Australia Indefinitely Visa र Diversity Visa etc.) प्राप्त गरी सम्बन्धित देशमा जाने व्यक्तिलाई पहिलो पटक मात्र दफा १ (ख) को बुँदा (१), (२) वा (३) मा उल्लिखित सटही सुविधा उपलब्ध गराउन सकिनेछ ।

अनुसूची ७.१

(इ.प्रा.परिपत्र संख्या ७ को दफा १(झ) को प्रयोजनको लागि)

मिति : ..................

श्री ..................
............................।

विषय: राहदानी बापतको सटही सुविधा पाऊँ ।

महाशय,

म ................................................ मा करीब ..............................................................को लागि
(देशको नाम) (अवधि उल्लेख गर्नुपर्ने
भ्रमणमा जान लागेको हुँदा राहदानी बापतको नियमानुसार पाउने अमेरिकी डलर ..........(अमेरिकी डलर ..................मात्र) सटही सुविधाको लीग अनुरोध गर्दछु ।

मैले यस राहदानी बापत सटही लिएको एक महिनाभित्र उद्देश्य बमोजिम विदेश यात्रा नगरेमा सो विदेशी मुद्रा बैंकमा दाखिला गर्नेछु । साथै, यस पटकको विदेश भ्रमणको लागि तोकिएको सीमाभन्दा बढी हुने गरी राहदानी बापतको सटही सुविधा अन्य कुनै पनि संस्थाबाट नलिएको र सटही बापतको रकम वैध श्रोतबाट प्राप्त भएको व्यहोरा समेत अनुरोध गर्दछु । झुट्टा विवरण पेश गरी सटही लिएको ठहरेमा प्रचलित ऐन, कानुन बमोजिम सजायँको भागीदार स्वयम् हुनेछु ।

भवदीय,

.......................
दस्तखत

**भ्रमणको उद्देश्य** :
- ○ **व्यवसायिक/औपचारिक भ्रमण**
- ○ **उपचार**
- ○ **स्थायी बसाई (प्रथम पटक)**
- ○ **अस्थायी रोजगार**
- ○ **शिक्षा, अध्ययन**
- ○ **अन्य व्यक्तिगत भ्रमण**

विवरण :-

| | |
|---|---|
| राहदानी नं. ..................... | पूरा नाम : ..................................... |
| एयरलाइन्सको नाम : ..................... | ठेगाना : .................................. |
| (क) हवाई टिकट नं...................... | फोन नम्बर : .................................. |
| (ख) हवाई टिकट नं...................... | राहदानी जारी गरेको मिति : ....................... |
| उडान निश्चित भएको तारीख.................... | राहदानी बहाली रहने मिति : ..................... |

अनुसूची ७.२

राहदनी बापत सटही सुविधा प्रदान गरिएको मासिक विवरण
(इ.प्रा.परिपत्र संख्या ७ को दफा १(ट) को प्रयोजनको लागि)

इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्था/निकायको नाम ………………………………………
………………साल ………………..महिना ………………………..गते

| सि.नं. | मिति | नम | राहदानी नं. | टिकट नं. | जाने मुलुकको नाम | रकम (यु.एस डलरमा) | सटही प्रदान गर्ने शाखा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| कुल रकम | | | | | | | | |

अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप :

अनुसूची ७.३

व्यापार प्रवर्द्धन बापत परिपत्र संख्या ७ को १(ड) अनुरुप
सटही सुविधा प्रदान गरिएको मासिक विवरण
(इ.प्रा.परिपत्र संख्या ७ को दफा १(ट) को प्रयोजनको लागि)

इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्था/निकायको नाम ............................................
..................साल .............................महिना .............................गते

| सि.नं. | मिति | नाम | राहदानी नं. | टिकट नं. | जाने मुलुकको नाम र कार्यक्रमको नाम | रकम (यु.एस डलरमा) | सटही प्रदान गर्ने शाखा | सटहीको औचित्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | कुल रकम | | | |

अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप :

अनुसूची ७.४

(इ.प्रा.परिपत्र संख्या ७ को दफा ३ को प्रयोजनको लागि)

दफा ३ (क) बमोजिम विदेश भ्रमण (भारत बाहेक) गर्दा उपलव्ध गराउनु पर्ने सटही सुविधाको तालिका

(अमेरिकी डलरमा)

| आर्जन | अधिकतम भ्रमण खर्च एक आर्थिक वर्षमा | दैनिक होटल तथा खाना खर्च | मनोरन्जन, भैपरी तथा अतिथि सत्कार खर्च (प्रतिपटक) |
|---|---|---|---|
| ० - ३ लाख | ९० दिन | ४५०.०० | १,०००.०० |
| ३ - ७ लाख | ९० दिन | ५५०.०० | १,५००.०० |
| ७ लाखभन्दा माथि | ९० दिन | ६५०.०० | २,०००.०० |

अनुसूची ७.५

(इ.प्रा.परिपत्र संख्या ७ को दफा ३ को प्रयोजनको लागि)

दफा ३ बमोजिम विदेश भ्रमण (भारत बाहेक) गर्दा उपलब्ध गराउनु पर्ने सटही सुविधाको तालिका

(अमेरिकी डलरमा)

| आर्जन | दैनिक होटल तथा खाना खर्च | मनोरन्जन तथा भैपरि खर्च (प्रतिपटक) | अधिकतम भ्रमण दिन एक आर्थिक वर्ष |
|---|---|---|---|
| ० - ३ लाख | ३००.०० | ४००.०० | ४५ दिन |
| ३ - ५ लाख | ३५०.०० | ५००.०० | ५५ दिन |
| ५ - ७ लाख | ४००.०० | ६००.०० | ६५ दिन |
| ७ - १० लाख | ४५०.०० | ७००.०० | ७५ दिन |
| १० लाखभन्दा माथि | ५००.०० | ८००.०० | ८५ दिन |

अनुसूची ७.६

(इ.प्रा.परिपत्र संख्या ७ को दफा ३(ङ) को प्रयोजनको लागि)

दफा ३(ङ) बमोजिम भारत बाहेकका मुलुकहरूमा भ्रमण गर्दा सटही सुविधा प्रयोजनका लागि भर्नु पर्ने फाराम

श्री ....................................
..........................................
............................................ ।

१. निवेदकको नाम ....................................................
२. पद ...................................
३. फर्म/कम्पनी/कार्यालयको नाम
४. भ्रमण गर्ने मुलुक ....................................................
५. भ्रमण गर्ने अवधि मिति ........................ देखि ...................... सम्म जम्मा दिन .........
७. आवश्यक पर्ने विदेशी मुद्रा
   (क) दैनिक होटल तथा खाना खर्च
   (ख) मनोरन्जन तथा भैपरि आउने
८. निवेदकको विदेशी मुद्रा खाताबाट खर्च हुने भए सोको खाता नम्बर ...........................
९. यसभन्दा अघि भ्रमणमा गएको भए लिएको विदेशी मुद्रा ........................ र भ्रमण अवधि मिति ........................ देखि ....................... सम्म
१०. यस आर्थिक वर्षमा पटक पटक गरी हालसम्म आर्जन गरेको विदेशी मुद्रा रकम ...............
    सो मध्ये खातामा जम्मा भएको विदेशी मुद्रा रकम ......................
११. संलग्न कागजातहरू :-
   (क) ............................
   (ख) ............................
   (ग) ............................

निवेदकको दस्तखत
मिति ....................................

---

उपर्युक्त निवेदन बमोजिम दैनिक होटल तथा खाना खर्च .................................... र मनोरन्जन तथा भैपरि आउने खर्च ..................................... गरी जम्मा ....................................... नियमानुसार उपलब्ध गराइएको छ ।

अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप :

अनुसूची ७.७

(इ.प्रा.परिपत्र संख्याः ७ को दफा ७ को ख(५) को प्रयोजनको लागि)

(बैंक तथा वित्तीय संस्थाको नाम)
(...............कार्यालय)
(ठेगाना....................)

श्री नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग
बालुवाटार,काठमाण्डौ ।

महाशय,

त्यस बैंकको इ.प्रा.परिपत्र संख्याः ७ को दफा ७ को ख(५) मा रहेको व्यवस्था बमोजिम नेपाल समुद्रपार निकासी पैठारी संघको सिफारिसमा सो संघसँग आवद्ध कम्पनी/फर्मलाई २०................ महिनामा देहाय बमोजिमको सटही सुविधा उपलब्ध गराईएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

| क्र.सं. | कम्पनी/फर्मको नाम | पाउने सुविधा | उपयोग गर्ने पदाधिकारीको नाम | उपयोग रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

भवदीय,

अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप :

अनुसूची ७.८

(इ.प्रा.परिपत्र संख्याः ७ को दफा ५क को प्रयोजनको लागि)

बैंक तथा वित्तीय संस्थाले पेश गर्ने विवरणको ढाँचाः

बैंक तथा वित्तीय संस्थाको नाम (केन्द्रीय कार्यालय/कर्पोरेट कार्यालयले मात्र पेश गर्ने)ः..........................
विवरण पेश गरिएको साल र महिना (वि.सं.मा)ः.........................
विवरण पेश गरिएको मितिः................................

| क्र.सं. | निवेदकको नाम | निवेदकको स्थायी लेखा नम्बर | विदेशमा रकम प्राप्त गर्ने पक्षको नाम | विदेशमा रकम प्राप्त गर्ने पक्षको ठेगाना (देशको नाम सहित) | विदेशमा रकम प्राप्त गर्ने पक्षको बैंक खाता सम्बन्धी विवरण (बैंकको नाम र खाता नम्बर) | विदेशी मुद्राको सुविधा प्रदान गरिएको रकम (मुद्रा समेत) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

<u>तयार गर्ने</u>
नामः
पदः
दस्तखतः
इमेलः
फोनः

<u>रुजु गर्ने</u>
नामः
पदः
दस्तखतः
इमेलः
फोनः

<u>छापः</u>

उद्योग/व्यवसायले पेश गर्ने विवरणको ढाँचाः

उद्योग/व्यवसायको नामः..........................
उद्योग/व्यवसाय दर्ता विवरण (मिति, दर्ता नम्बर, दर्ता गर्ने नेपाल सरकारको सम्बन्धित निकाय)ः..........................
उद्योग/व्यवसायको ठेगाना (स्थानीय तह समेत)ः..........................
उद्योग/व्यवसायको स्थायी लेखा नम्बरः..........................
विवरण पेश गरिएको साल र महिना (वि.सं.मा)ः.........................
विवरण पेश गरिएको मितिः................................

| क्र.सं. | विदेशी मुद्राको सुविधा दिने वाणिज्य बैंकको नाम | विदेशी मुद्राको सुविधा लिएको मिति | विदेशी मुद्राको सुविधा लिएको मुद्रा र रकम | प्रयोजन | प्रयोजन बमोजिम कार्य सम्पन्न भएको मिति | सम्पर्क कार्यालयको ठेगाना र बैंक खाता सम्बन्धी विवरण | सफ्टवेयर/प्रोग्राम/ उपकरण जडान गरिएको ठेगाना |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

<u>तयार गर्ने</u>
नामः
पदः
दस्तखतः
इमेलः
फोनः

<u>रुजु गर्ने</u>
नामः
पदः
दस्तखतः
इमेलः
फोनः

<u>छापः</u>

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : ८/२०८१

## उच्च शिक्षा अध्ययनको लागि विदेशी मुद्रा सटही सम्बन्धी व्यवस्था

उच्च शिक्षा अध्ययन गर्न विदेश जाने तथा अध्ययनरत नेपाली विद्यार्थीहरूलाई आवश्यक पर्ने विदेशी मुद्राको सटही अनुमति प्रदान गर्ने सम्बन्धमा देहाय अनुसारको व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैंकिङ विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू तथा इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु तथा "ख" वर्गका राष्ट्रिय स्तरका विकास बैंकहरूलाई यो परिपत्र जारी गरिएको छ ।

१. भारत बाहेकका अन्य मुलुकहरूमा अध्ययनको लागि दिइने सटही सम्बन्धी व्यवस्था :

(क) नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले निजी खर्चमा विदेश अध्ययन गर्न जाने नेपाली विद्यार्थीलाई Any Bank उल्लेख गरी "प्रथम पटक सटहीको लागि बैंक प्रति" भनी छाप लगाई प्रदान गरेको No Objection Letter को सक्कल प्रति नै संलग्न हुनुपर्ने छ ।

(ख) यस्तो सटही सुविधा उपलब्ध गराउनु अघि देहायका कागजात आवश्यक पर्नेछ ।

(१) निवेदन,

(२) राहदानीको प्रतिलिपि,

(३) No Objection Letter,

(४) सम्बन्धित शैक्षिक संस्थाको भिसा सम्बन्धी शर्त सहितको पत्र वा भिसासँग सम्बन्धित निकायबाट प्राप्त भएको पत्रको प्रमाणित प्रतिलिपि,

(५) माग गरिएको विदेशी मुद्रा रकमलाई पुष्टि गर्ने सम्बन्धित शैक्षिक संस्थाको पत्र, Brochures, Invoice, I-20 फर्म आदि जस्ता Supporting Documents,

(६) भिसा प्राप्त हुनु अगावै यस्तो सटही सुविधा प्रदान गर्नुपर्ने अवस्थामा निवेदकले भिसा नलागेमा सो रकम फिर्ता गर्ने प्रतिवद्धता र जिम्मेवारी लिएको स्वघोषणा ।

(ग) भुक्तानी पाउने शैक्षिक संस्थाको नाम, ठेगाना र खण्ड (क) मा उल्लिखित शिक्षा मन्त्रालयको No Objection Letter मा उल्लेख भएको शैक्षिक संस्थाको नाम, ठेगाना, अध्ययनको विषय र तह लगायतका विषयमा एकरुपता हुनुपर्ने छ ।

(घ) यसरी Supporting Documents ले अध्ययन गर्न जाने वा अध्ययनरत पुष्टि हुने देखिएपछि मात्र विदेशस्थित सम्बन्धित शैक्षिक संस्थाको नाममा बैंकिङ्ग उपकरणमार्फत् मात्र भुक्तानी हुने गरी सटही सुविधा उपलब्ध गराउनु पर्नेछ । बीमा शुल्क भुक्तानी गर्नुपर्ने भए विदेशस्थित बीमा कम्पनीको नेपालमा दर्ता भएका एजेन्टमार्फत् सम्बन्धित बीमा कम्पनीको नाममा वा विदेशस्थित सम्बन्धित शैक्षिक संस्थाको नाममा बैंकिङ्ग उपकरणमार्फत् भुक्तानी हुने गरी त्यस्तो बीमा शुल्कबापतको विदेशी मुद्रा रकम सटही सुविधा उपलब्ध गराउन सकिनेछ ।

तर, विदेशस्थित बीमा कम्पनीको नेपालमा एजेन्ट दर्ता नभएको अवस्थामा वा विदेशस्थित सम्बन्धित शैक्षिक संस्थाले पनि सिधै बीमा कम्पनी वा सहायक एजेन्टको नाममा रकम भुक्तानी गर्न अनुरोध गरेमा अध्ययनरत विद्यार्थी स्वयम्ले त्यस्तो बीमा कम्पनी वा सहायक एजेन्टको नाममा रकम भुक्तानी गर्न बाधा पर्ने छैन ।

(ङ) निर्वाह खर्चको हकमा खण्ड (ख) बमोजिम पेश हुन आएको सम्बन्धी कागजातहरू (Supporting Documents) हेरी विद्यार्थीबाट निर्वाह खर्च बापतको रकम आवश्यक छ भनी माग गरेको खण्डमा निर्वाह

खर्च (Living Expenses, Accommodations आदि) बापतको सटही सुविधा विद्यार्थीको नाममा उपलब्ध गराउन सकिने छ। यसरी सटही सुविधा उपलब्ध गराउँदा निम्नानुसार गर्नु पर्नेछ :-

(अ) शिक्षण संस्थाको नाममा शिक्षण शुल्क (Tuition Fee) आंशिक भुक्तानी गरेको/सटही गरेको देखिएमा Supporting document अनुसार वार्षिक रूपमा लाग्ने कुल रकमको बढीमा ५० प्रतिशत मात्र ६ महिनाको अवधिमा एकमुष्ट वा पटक/पटक गरेर उपलब्ध गराउन सकिनेछ।

(आ) सम्बन्धित शैक्षिक संस्थाबाट शिक्षण शुल्कमा पूर्ण छात्रवृत्ति प्राप्त गरेको पुष्टि हुने कागजात पेश गरेमा उपखण्ड (अ) अनुसार शिक्षण शुल्क भुक्तानी गर्नु नपर्ने तर आंशिक छात्रवृत्ति प्राप्त भएको खण्डमा शैक्षिक संस्थाको शर्त बमोजिम कुल भुक्तानी गर्नुपर्ने शिक्षण शुल्क निर्धारित अवधिभित्र भुक्तानी गरेको हुनुपर्ने छ।

(इ) माथि उपखण्ड (अ) मा जुनसुकै कुरा उल्लेख भएतापनि अध्ययन गर्न जाने वा अध्ययन गरी रहेको शिक्षण संस्था वा सम्बन्धित देशको राजदूतावासबाट शिक्षण शुल्क, निर्वाह खर्च र अन्य खर्च समेत खुलाई रकम नै किटान गरी विद्यार्थीको नाममा सटही सुविधा उपलब्ध गराउन पत्रबाट अनुरोध भई आएको खण्डमा पत्रमा उल्लेखित पूरै रकमको सटही सुविधा विद्यार्थीकै नाममा उपलब्ध गराउन सकिनेछ। तर, विद्यार्थीले कलेजको शिक्षण शुल्क बापत व्यक्तिगत नाममा सटही लिएको परिवर्त्य विदेशी मुद्रा कलेजमा बुझाएको प्रमाण पेश गरेपछि मात्र अर्को किस्ताको सटही सुविधा प्रदान गर्नुपर्ने छ।

(ई) विदेशमा अध्ययन गर्न जाने वा अध्ययनरत विद्यार्थीको भिसा (Student Visa) प्राप्ति वा नवीकरण र निर्वाह तथा शिक्षण शुल्कको लागि सम्बन्धित मुलुकको सरकारी निकाय वा सम्बन्धित शिक्षण संस्थाले विद्यार्थीकै खाता/नाममा निश्चित रकम देखाउनै पर्ने प्रावधान राखेको अवस्थामा त्यस्तो प्रावधान रहेको पुष्टि हुने कागजातको आधारमा आवश्यक रकमको सटही उपलब्ध गराउन सकिनेछ। यस्तो सटही सम्बन्धित विद्यार्थीलाई आवश्यक पर्ने रकमसम्म मात्र प्रदान गर्नु पर्नेछ। तर, विद्यार्थीको आफन्त/परिवार/आश्रित (Dependent) को लागि यस्तो सटही प्रदान गर्न मिल्नेछैन।

(उ) डिपेन्डेन्ट भिसामा जाने विद्यार्थीका परिवारका सदस्यहरूलाई भिसा र विदेशमा अनिवार्य बीमा गर्नुपर्ने भए शैक्षिक संस्था वा सरकारी निकाय र बीमा कम्पनीको कागजातको आधारमा भिसा र बीमा शुल्क बापतको सटही सुविधा प्रदान गर्न सकिनेछ। यसरी डिपेन्डेन्ट भिसामा जाने विद्यार्थीका परिवारका सदस्यहरूको एकल वा संयुक्त रुपमा गरिने बीमा शुल्क बापतको रकम विदेशस्थित बीमा कम्पनीको नेपालमा दर्ता भएका एजेन्टमार्फत् सम्बन्धित बीमा कम्पनीको नाममा बैंकिङ/भुक्तानीका उपकरणमार्फत् भुक्तानी हुने गरी सटही सुविधा प्रदान गर्न सकिनेछ।

तर, विदेशस्थित बीमा कम्पनीको नेपालमा एजेन्ट दर्ता नभएको अवस्थामा अध्ययनरत विद्यार्थी स्वयम् वा डिपेन्डेन्ट भिसामा जाने विद्यार्थीका परिवारका सदस्यले त्यस्तो बीमा कम्पनी वा सहायक एजेन्टको नाममा रकम भुक्तानी गर्न बाधा पर्ने छैन।

(ऊ) सम्बन्धित शिक्षण संस्थाले शिक्षण/निर्वाह शुल्कको भुक्तानी स्वयम्को नाममा माग नगरी आफूद्वारा नियुक्त अन्य संस्था/एजेन्सीको नाममा पठाउनु पर्ने उल्लेख/अनुरोध गरेको अवस्थामा व्यहोरा पुष्टि हुने कागजातको आधारमा यस्तो शुल्क अन्य संस्था/एजेन्सीको नाममा भुक्तानी गर्न समेत सटही प्रदान गर्न सकिनेछ।

(ए) सम्बन्धित शिक्षण संस्थाले नेपालको विदेशी विनिमय बजारमा उपलब्ध नहुने आफ्नो स्थानीय मुद्रामै शिक्षण शुल्क भुक्तानी गर्नु पर्ने प्रावधान रहेको व्यहोरा प्रमाणित हुने आधिकारिक कागजात जारी गरेको अवस्थामा सम्बन्धित शिक्षण संस्थालाई शिक्षण शुल्क भुक्तानी गरेको प्रमाण पछि पेश गर्नु पर्ने शर्तमा त्यस्तो स्थानीय मुद्रा बराबरको हुने अमेरिकी डलर वा अन्य परिवर्त्य विदेशी मुद्राको सटही विद्यार्थीकै नाममा प्रदान गर्न सकिनेछ। अघिल्लो पटक यस्तो सटही लिई शिक्षण

शुल्क भुक्तान गरेको प्रमाण पेश नगर्ने विद्यार्थीको नाममा त्यस्तो प्रमाण पेश नगरेसम्म अर्को सटही प्रदान गर्न मिल्ने छैन ।

(ऐ) संयुक्त राज्य अमेरिकाको Education Commission for Foreign Medical Graduates (ECFMG) ले सञ्चालन गर्ने United States Medical License Examination (USMLE) तथा अन्य देशका आधिकारिक निकायहरूले सञ्चालन गर्ने यस्तै प्रकृतिका व्यवसायिक परीक्षामा सामेल हुन जाने विद्यार्थीहरूको लागि नेपाल सरकार, शिक्षा मन्त्रालयले जारी गर्ने माथि दफा (क) बमोजिमको No Objection Letter को आधारमा परिपत्रको खण्ड (छ) मा उल्लिखित रकमसम्म एकमुष्ट विद्यार्थीको नाममा उपलब्ध गराउन सकिनेछ ।

(च) विदेशमा अध्ययनरत विद्यार्थीलाई दोस्रो पटकदेखि सटही सुविधा आवश्यक परी विद्यार्थी आफैले वा निजका अभिभावक/आफन्तले आफ्नो परिचय खुल्ने कुनै कागजात संलग्न गरी सटही सुविधाको लागि अनुरोध गरेमा शुरूमा सटही सुविधा पाउन अनुरोध गर्दाको अवस्थामा विद्यार्थी पढिरहेको प्रमाणित हुने सम्बन्धित शैक्षिक संस्थाले प्रदान गरेको कागजात वा विद्यार्थीको शैक्षिक संस्थासँग सम्बन्धित Valid परिचयपत्र वा पढिरहेको व्यहोरा स्पष्ट खुल्ने अन्य कुनै अद्यावधिक प्रमाणको आधारमा मात्र यस्तो सटही सुविधा प्रदान गर्नु पर्नेछ ।

(छ) निर्वाह खर्च भनी Supporting Documents मा रकम नखुलेको अवस्थामा विद्यार्थी/अभिभावक/आफन्तबाट निर्वाह खर्च माग भएको अवस्थामा खण्ड (ङ) मा उल्लिखित अन्य प्रकृयाहरू पूरा गरी निम्नानुसारको निर्वाह खर्च प्रदान गर्न सकिनेछ :-

| क्रम संख्या | देशको नाम | वार्षिक रूपमा पाउने अधिकतम निर्वाह खर्च (अमेरिकी डलरमा) |
|---|---|---|
| १ | बंगलादेश, पाकिस्तान | २,५००।०० |
| २ | चीन, मलेशिया, थाइल्याण्ड, फिलिपिन्स | ४,०००।०० |
| ३ | सिंगापुर, दक्षिण कोरिया | ६,०००।०० |
| ४ | क्यानडा, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया, युरोप महादेश | ८,०००।०० |
| ५ | अन्य देशहरू | ५,०००।०० |

(ज) यदि विद्यार्थीले शुरूमा पेश गरेको कागजातबाट देखिन आउने Tuition Fee र निर्वाह खर्च बापतको रकमभन्दा बढी रकमको सटही सुविधा माग गरेमा, त्यसरी वृद्धि भएको रकमलाई पुष्टि हुने कागजात अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

(झ) अध्ययन संस्थाको नाममा बनेको ड्राफ्ट/टि.टी./स्वीफ्ट आदि रद्द गर्न अनुरोध गरेमा विद्यार्थी अध्ययनको लागि विदेश नजाने भएमा Living Expenses वा अन्य भैपरी आउने खर्च लिई सकेको भए सो रकम फिर्ता गर्न लगाएर मात्र र अन्य अवस्थामा तल उल्लिखित कुनै एक कारण परेमा त्यस्तो ड्राफ्ट/टी.टी./स्वीफ्ट आदि बैंक तथा वित्तीय संस्था स्वयम्ले रद्द गर्न सक्नेछन् ।

(अ) सम्बन्धित मुलुकको राजदूतावासबाट भिसा प्राप्त नभएको प्रमाण पेश गरेमा ।

(आ) सम्बन्धित शिक्षण संस्थाको नाममा अन्य स्रोतबाट शिक्षण शुल्क भुक्तानी गरेको प्रमाण पेश गरेमा ।

(इ) शिक्षण संस्था परिवर्तन गरी अर्को शिक्षण संस्थाको नाममा शिक्षण शुल्क भुक्तानी गरेको प्रमाण पेश गरेमा ।

तर, परिवर्तित शिक्षण संस्थाको नाममा शिक्षण शुल्क भुक्तानी गर्नु पर्ने भएमा नेपाल सरकार, शिक्षा मन्त्रालयबाट शिक्षण संस्था परिवर्तनको स्वीकृति अनिवार्य रूपमा लिएको हुनुपर्नेछ ।

(ई) ड्राफ्ट/टी.टी. को म्याद समाप्त भई उल्लेखित रकम सोही शिक्षण संस्थालाई नै पुनः पठाउनु परेमा ।

(उ) व्यवहारिक कारणवश विद्यार्थी अध्ययनको लागि जान नसक्ने अवस्था परी कारण सहित निवेदन दिएमा ।

तर भिसा पाई सकेपछि जर्मनी लगायत शिक्षण शुल्क नलाग्ने राष्ट्रको सम्बन्धित राजदूतावासको पत्रको आधारमा बनेका ड्राफ्ट/टि.टी./स्वीफ्ट आदि रद्द गर्न भने यस विभागको स्वीकृति लिनु पर्नेछ ।

(ञ) दोस्रो पटकदेखि शिक्षण शुल्क तथा निर्वाह शुल्क बापतको रकम सटहीको लागि अनुरोध भइआएमा प्रथम पटक सटही प्रदान गरेको बैंकमा रहेको नेपाल सरकार, शिक्षा मन्त्रालको No Objection Letter को सक्कल बैंक प्रतिमा रहेको अभिलेखको आधारमा दोहोरो भुक्तानी नहुने गरी सोही बैंकबाट रकम पठाउन बाधा पर्ने छैन ।

(ट) उपरोक्तानुसार सटही सुविधा प्रदान गर्दा प्रचलित कानुनबमोजिम राजस्व दाखिला गर्नु पर्ने भए सोको प्रमाण पेश गर्नुपर्ने छ ।

२. <u>भारतमा अध्ययनको लागि :</u>

(क) भारतस्थित विश्वविद्यालय/शिक्षण संस्था/कलेजले अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गराई भर्ना लिन छुट्याएको शैक्षिक कोटाअन्तर्गत भारतमा अध्ययन गर्न जाने नेपाली विद्यार्थीको लागि आवश्यक पर्ने शिक्षण शुल्क देहायका शर्त पूरा भएको अवस्थामा परिवर्त्य विदेशी मुद्रामा समेत भुक्तानी गर्न सटही सुविधा प्रदान गर्न सकिनेछ ।

(१) यसै परिपत्रको दफा १(ख) को भिसा र राहदानी बाहेकका शर्तहरू पूरा भएको हुनु पर्नेछ ।

(२) भारतस्थित विश्वविद्यालय/कलेज/शिक्षण संस्थाले परिवर्त्य विदेशी मुद्रामा शिक्षण शुल्क लिने गरी अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको लागि छुट्याएको शैक्षिक कोटाअन्तर्गत अध्ययन गर्न स्वीकृति पाएको हुनु पर्नेछ ।

यस्तो व्यवस्थाअन्तर्गत भारतस्थित विश्वविद्यालय /कलेज/शिक्षण संस्थाले परिवर्त्य विदेशी मुद्रामै शुल्क लिने गरी अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको लागि छुट्याएको शैक्षिक कोटाअन्तर्गत अध्ययन गर्न सञ्चालन गर्ने प्रवेश परीक्षा, पूर्व योग्यता परीक्षाको लागि समेत भुक्तानी गर्न सकिने छ ।

(३) शिक्षण शुल्क भारतीय रुपैयाँ बाहेक अमेरिकी डलर वा अन्य परिवर्त्य विदेशी मुद्रामै मात्र भुक्तानी गर्नु पर्ने व्यहोरा प्रमाणित हुनु पर्ने छ ।

(४) शिक्षण शुल्क बापत सम्बन्धित विश्वविद्यालय/कलेजले उल्लेख गरे बमोजिमको रकम सोही शैक्षिक संस्थाले मात्र पाउने गरी सटही प्रदान गर्नु पर्ने छ ।

(५) निर्वाह खर्च बापत आवश्यक पर्ने रकम भारतीय रूपैयाँमा मात्र प्रदान गर्नु पर्ने ।

(ख) देहायका शर्तहरू पूरा भएको अवस्थामा भारतमा अध्ययन गर्ने विद्यार्थी, निजको अभिभावक/बाबु/आमाको नाममा परिवर्त्य विदेशी मुद्राको खाता भएमा यस्तो खाताको मौज्दातले भ्याएसम्म शिक्षण शुल्क परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्ने प्रयोजनको लागि विदेशी मुद्रा खाता खर्च गर्न सकिनेछ ।

(१) माथि दफा २ को खण्ड (क) को १, ३, ४ र ५ मा उल्लिखित शर्तहरू पूरा भएको हुनु पर्नेछ ।

(२) विद्यार्थी स्वयम्को विदेशी मुद्रा खाता नभई अभिभावक/बाबु/आमाको खाताबाट खर्च गर्नु परेमा नाता प्रमाणित हुने कागजात पेश हुनु पर्ने छ ।

(३) यस व्यवस्था बमोजिम शिक्षण शुल्क भुक्तानीको लागि सम्बन्धित व्यक्तिको खाता खर्च गर्ने बाहेकको थप सटही सुविधा प्रदान गर्न मिल्ने छैन ।

(ग) <u>भारतीय रुपैयाँमा सटही उपलब्ध गराउने सम्बन्धमा:</u>

सम्बन्धित भारतस्थित शैक्षिक संस्थाबाट जारी भएको पत्र वा ब्रोसर वा अध्ययन प्रयोजन पुष्टि हुने कागजात, No Objection Letter र प्रचलित नियमानुसारको राजस्व दाखिला गरेको निस्सा लिई शिक्षण लगायतका शुल्क सम्बन्धित शिक्षण संस्थाको नाममा बैंकिङ्ग उपकरणमार्फत् सटही उपलब्ध गराउनु पर्नेछ ।

तर, सम्बन्धित शिक्षण संस्थाबाट सिफारिस भई आएमा निर्वाह खर्च सम्बन्धित विद्यार्थीको नाममा बैंकिङ्ग/भुक्तानीका उपकरणमार्फत् समेत सटही उपलब्ध गराउन सकिनेछ ।

(घ) माथि खण्ड (क), (ख) र (ग) बमोजिम शिक्षण संस्थाको नाममा बनेको ड्राफ्ट/टी.टी./स्वीफ्ट लगायतका भुक्तानी आदेश कुनै पनि कारणले रद्द गर्नु परेमा सम्बन्धित बैंक/वित्तीय संस्था स्वयम्ले रद्द गर्न सक्नेछन् ।

३. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले विदेशी विश्वविद्यालयको सम्बन्धनमा नेपाल सरकारको अनुमति लिई खुलेका नेपालस्थित शिक्षण संस्थाहरुलाई सम्बन्धन, परीक्षा लगायतका शुल्कहरुको भुक्तानीको लागि देहाय बमोजिमका कागजात लिई अमेरिकी डलर **२५,०००** वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्मको सटही सुविधा उपलब्ध गराउन सक्नेछन् :

१. सम्बन्धित विश्वविद्यालय र नेपालमा सञ्चालित शिक्षण संस्थाबीच भएको MOU को प्रमाणित प्रतिलिपि र माग भएको सटही रकमलाई पुष्टि गर्ने कागजात ।
२. संस्था दर्ता प्रमाणपत्र र करदर्ता प्रमाणपत्र ।
३. कर चुक्ता प्रमाणपत्र वा कर विवरण बुझाएको प्रमाण र शुल्क बापत अग्रिम कर (TDS) दाखिला गरेको निस्सा ।
४. संचालक समितिबाट सटही सुविधा माग गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि र विदेशी मुद्रा अपचलन भएमा सोको सम्पूर्ण जिम्मेवारी लिने स्वःघोषणा ।
५. यस्तो सटही सुविधाको Beneficiary विदेशस्थित सम्बन्धित विश्वविद्यालय नै हुनु पर्नेछ । सम्बन्धित विद्यार्थीले यस प्रकारको शुल्कहरु आफू अध्ययनरत शिक्षण संस्थामार्फत् नै भुक्तानी गर्नु पर्नेछ । कथम्कदाचित् विद्यार्थी स्वयम्ले सोझै विदेशस्थित विश्वविद्यालयले पाउने गरी भुक्तानी गर्ने भएमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको No Objection Certificate (NOC) अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।
६. शिक्षण संस्थाले यस प्रकारका शुल्कहरुको भुक्तानी गर्दा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सटही सिफारिस अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।
७. अमेरिकी डलर **२५,०००** वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राभन्दा बढी रकमको भुक्तानीको लागि माथि उल्लिखित कागजातहरु सहित यस विभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नु पर्नेछ ।

४. विदेशमा रहेका नेपाली विद्यार्थीहरुले प्राप्त गर्ने गरी नेपाल सरकार, शिक्षा मन्त्रालयको No Objection Letter/Certificate (NOC) बिना पनि देहायका शर्तहरूको अधीनमा रहने गरी निर्वाह खर्च बापत सटही सुविधा प्रदान गर्न सकिनेछ ।

<u>शर्तहरु</u>

(क) यसरी पठाइएको रकमको Beneficiary हाल बिदेशमा रहेका नेपाली विद्यार्थी हुनु पर्नेछ ।
(ख) निर्वाह खर्च बापतको रकम पठाउँदा निज विदेशमा रही अध्ययन गरिरहेको खुल्ने कागजातसहित बैंक तथा वित्तीय संस्थामा निवेदन पेश गर्नु पर्नेछ ।
(ग) प्रति विद्यार्थी बढीमा अमेरिकी डलर ५०० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा सम्म एकपटक मात्र पठाउन सकिनेछ ।
(घ) विद्यार्थीका अभिभावक/आफन्तले मात्र यसरी रकम पठाउन पाउनेछन् ।
(ङ) सटही सुविधा माग गर्ने व्यक्तिले अन्य बैंक तथा वित्तीय संस्थाबाट यस प्रकारको सटही सुविधा नलिएको स्वघोषणा पेश गर्नु पर्नेछ ।
(च) यसरी प्रदान गरिने सटही सुविधा सम्बन्धी विवरण महिना समाप्त भएको सात दिनभित्र यस विभागमा रिपोर्टिङ गर्नु पर्नेछ ।
(छ) यस्तो रकम दुरुपयोग भएको पाइएमा सम्बन्धित अभिभावक/आफन्त स्वयम् जिम्मेवार हुनु पर्नेछ ।

५. विविध कारणले वैदेशिक अध्ययनमा जान नपाएका विद्यार्थीले दाखिला गरेको शिक्षा सेवा शुल्क बापतको रकम सरल र छिटो प्रक्रियाद्वारा फिर्ता दिने प्रयोजनको लागि आन्तरिक राजस्व विभागले मिति २०७८/०४/२१ मा

यसैसाथ संलग्न "शिक्षा सेवा शुल्क फिर्ता सम्बन्धी प्रक्रियागत मापदण्ड, २०७८" स्वीकृत गरेको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन यो परिपत्र जारी गरिएको छ ।

६. <u>विविध व्यवस्था :</u>

(क) विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई भाषा परीक्षा तथा मानकीकृत परीक्षण शुल्क बापत विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउँदा परीक्षा शुल्क बापतको रकममा आयकर ऐन, २०५८ को दफा ९५क. ले तोकेबमोजिमको अग्रिम कर असुल गर्नु पर्नेछ ।

(ख) यो परिपत्र जारी हुनु पूर्व नेपाल सरकार, शिक्षा मन्त्रालयले यस बैंकलाई सम्बोधन गरी लेखेको सिफारिस पत्रको आधारमा विदेशमा अध्ययनरत विद्यार्थीलाई आवश्यक पर्ने निर्वाह बापतको रकमको सटही सुविधा उपलब्ध गराइदिन भनि विद्यार्थी वा निजका अभिभावक/आफन्तले अनुरोध गरेमा यस बैंकबाट उपलब्ध गराईने प्रमाणित कागजात तथा विवरणको आधारमा यसै परिपत्रको अधीनमा रही त्यस्तो सटही सुविधा उपलब्ध गराउनु पर्नेछ ।

(ग) माथि उल्लिखित व्यवस्था अनुसार प्रत्येक पटक सटही सुविधा प्रदान गरेको स्पष्ट देखिने गरी प्रत्येक विद्यार्थीको छुट्टाछुट्टै अभिलेख (विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट) राख्नु पर्नेछ ।

(घ) कुनै एक बैंक/वित्तीय संस्थाबाट सटही सुविधा लिईरहेका विद्यार्थी वा निजका अभिभावक/आफन्तले लिखित अनुरोध गरी अन्य बैंक/वित्तीय संस्थाबाट सटही सुविधा लिन चाहेमा आफ्नो अभिलेखमा भएका कागजात तथा उपलब्ध गराएको सटही सुविधा सम्बन्धी सम्पूर्ण विवरण प्रमाणित गरी सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(ङ) यसरी प्रदान गरेको सटही सुविधाको विवरण नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग, शोधनान्तर शाखामा अनुसूची २ फा.नं.ने.शो २ (क) कोड नं. १२०५०० शिक्षा शीर्षकमा उल्लेख गरी अनिवार्य रूपले मासिक रूपमा पठाउनु पर्नेछ ।

७. यस एकीकृत इ.प्रा. परिपत्र : ८/२०८१ मा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्वीकृत गरेको "वैदेशिक अध्ययन स्वीकृति सम्बन्धी निर्देशिका, २०७९" बमोजिम उक्त मन्त्रालयले व्यवस्था गरेको पोर्टल प्रयोगमा आएपश्चात् बैंक तथा वित्तीय संस्थाले सोही पोर्टलमा उपलब्ध वैदेशिक अध्ययनको स्वीकृति (No Objection Letter) सम्बन्धी विवरण यकिन गरी सटही सुविधा उपलब्ध गराउनु पर्नेछ ।

शिक्षा सेवा शुल्क फिर्ता सम्बन्धी प्रक्रियागत मापदण्ड२०७८ ,

विभागबाट स्वीकृत मितिः २०७८21/04/

विविध कारणले वैदेशिक अध्ययनमा जान नपाएका विद्यार्थीले दाखिला गरेको शिक्षा सेवा शुल्क बापतको रकम सरल र छिटो प्रक्रियाद्वारा फिर्ता दिने प्रयोजनको लागि आर्थिक अध्यादेश) को उपदफा ८को दफा २०७८ ,४ले दिएको अधिकार प्रयोग ( गरी विभागले यो प्रक्रियागत मापदण्ड बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

यो (१)मापदण्डको नाम रहेको छ। "२०७८ ,शिक्षा सेवा शुल्क फिर्ता सम्बन्धी प्रक्रियागत मापदण्ड"

यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ। (२)

गते पश्चात दाखिला भएको शिक्षा सेवा शुल्क मात्र फिर्ता दिइनेछ । 15।02।2078 यो मापदण्ड अनुसार मिति (3)

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा-,

(क) आन्तरिक राजस्व कार्यालय वा ,मध्यम स्तरीय करदाता कार्यालय ,भन्नाले ठूला करदाता कार्यालय "कार्यालय" करदाता सेवा कार्यालय सम्झनु पर्छ।

(ख) बैंकिङ विभाग लगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु तथा ,भन्नाले नेपाल राष्ट्र बैङ्क "बैङ्क"नेपाल राष्ट्र बैङ्कबाट इजातपत्रप्राप्त बैङ्क तथा वित्तीय संस्था सम्झनु पर्छ।

(ग) भन्नाले आन्तरिक राजस्व विभाग सम्झनु पर्छ। "विभाग"

(घ) सटही सुविधा लिई विदेशस्थित कलेज भन्नाले विदेशमा गई अध्ययन गर्नको लागि विदेशी मुद्रा "शिक्षा सेवा शुल्क" वा विश्वविद्यालयमा शिक्षण शुल्क वापत बुझाउने प्रयोजनको लागि विदेशी मुद्रा सटही गर्दा सम्बन्धित बैङ्कले प्रचलित कानून बमोजिम अध्ययन गर्न जाने विद्यार्थीबाट असुल गरी नेपाल सरकारले तोकेको खातामा जम्मा गरेको रकम सम्झनु पर्छ।

३. शिक्षा सेवा शुल्क फिर्ता हुन सक्नेः

विदेशस्थित कलेज व (१)ा विश्वविद्यालयमा अध्ययन गर्ने सिलसिलामा शिक्षण शुल्क बापत विदेशी मुद्राको सटही सुविधा लिई शिक्षा सेवा शुल्क बुझाएका तर विदेशमा विभिन्न कारणले अध्ययन गर्न जान नपाई विदेशी मुद्रा फिर्ता गरेका विद्यार्थीले विदेशी मुद्रा फिर्ता भएको मितिले तीन वर्षभित्र शिक्षा सेवा शुल्क फिर्ता माग गरेमा यस मापदण्ड बमोजिमको प्रक्रिया पुरा गरी त्यस्तो सेवा शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता दिइनेछ।

खाताबाट रकम विदेश पठाएको हो बमोजिम शिक्षा सेवा शुल्क फिर्ताका लागि जुन व्यक्तिको बैङ्क (१) उपदफा (२) सोही व्यक्ति वा निजको अभिभावकको नामको खातामा विदेशी मुद्रामा रकम फिर्ता प्राप्त गरेको हुनु पर्नेछ।

४. शिक्षा सेवा शुल्क फिर्ता माग गर्ने प्रक्रियाः

(१) शिक्षा सेवा शुल्क फिर्ता दाबी गर्ने विद्यार्थीले आफूले जुन बैङ्कमा शिक्षा सेवा शुल्क दाखिल गरेको हो सोही बैङ्कमा अनुसूची-१ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

बमोजिमको (१) उपदफा (२)शिक्षा सेवा शुल्क फिर्ताको निवेदन साथ देहाय अनुसारका कागजात संलग्न गर्नुपर्नेछः-

(क) निवेदकको नागरिकता/पासपोर्टको प्रतिलिपीनागरिकताको प्रतिलिपी मात्र निवेदक अभिभावक भएमा निजको) पेश गर्नु पर्नेछ।

(ख)शिक्षण शुल्क बापत विदेशी मुद्रा सटही सुविधा कारोबार भएको बैङ्क स्टेट्मेण्ट।

(ग) बैङ्कबाट विदेशस्थित शैक्षिक संस्थामा शिक्षण शुल्क तिरेको प्रमाणित गर्ने कागजातभौचरको प्रतिलिपी। /

(घ) विदेशी शैक्षिक संस्थामा रकम दाखिल गरी भर्ना भएको कागजातको प्रतिलिपी।

(ङ) शिक्षा मन्त्रालयबाट जारी भएको अध्ययन अनुमति पत्रको प्रतिलिपी।

(च) शिक्षण शुल्क बुझाएको विदेशस्थित कलेज/विश्वविद्यालयमा अध्ययन गर्न जान नपाएको व्यहोरा प्रमाणित गर्ने कागजात जस्तै)सम्बन्धित राजदुतावास वा अध्यागमनबाट भिसा अस्वीकृत भएको कागजातको प्रतिलिपी वा प्रवेशाज्ञा आवेदन फिर्ता लिएको कागजात वा विदेशी शिक्षण संस्थाबाट शिक्षण शुल्क फिर्ता गरेको कागजात)।

५. शिक्षा सेवा शुल्क फिर्ता सम्बन्धमा बैङ्कको जिम्मेवारीः

विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने बैङ्कले शिक्षा सेवा शुल्क बापत असुल गरेको रकम राजस्व खातामा (१) जम्मागर्दाका बखतमा त्यसरी असुल भएको शिक्षा सेवा शुल्कको विद्यार्थीगत विवरण विद्युतीय माध्यमबाट सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ।

बमोजिम शिक्षा सेवा शुल्क फिर्ताको निवेदन बैङ्कमा प्राप्त भए पछि निवेदन साथ संलग्न (१) को उपदफा ४दफा (२) कागजातहरु भिडान गरीशिक्षा सेवा शुल्क फिर्ता दिनु पर्ने निवेदनहरुको यकिन गरी आर्थिक वर्षको श्रावण देखि

हरेक चौमासिक पूरा भएको तीन गतेभित्र फिर्ताको लागि सिफारिस सहित शिक्षा सेवा शुल्क फिर्ता माग गर्ने व्यक्तिको अनुसूची 2-बमोजिमको विवरण ,प्राप्त हुन आएका निवेदनहरु र सो साथ संलग्न कागजातहरु सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

बमोजिम शिक्षा सेवा शुल्क फिर्ताको सिफारिस गर्दा जुन व्यक्तिको बैङ्क खाताबाट रकम विदेश (२) उपदफा (३) पठाएको हो सोही व्यक्तिको नाममा सोही खातामा विदेशी मुद्रामा रकम फिर्ता प्राप्त भए/नभएको एकिन बैङ्कले नै गर्नु पर्नेछ।

गरेपछि (ट्रान्सफर) फिर्ता गर्नुपर्ने शिक्षा सेवा शुल्क बापतको रकम सम्बन्धित कार्यालयले बैङ्कको खातामा दाखिल (४) विद्यार्थीको खातामा रकम जम्मा गर्नु पर्नेछ। बैङ्कले तत्काल सम्बन्धित

बमोजिम सम्बन्धित विद्यार्थीको खातामा रकम जम्मा भएको (४) उपदफा (५)फाँटबारी बैङ्कले तीन दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

६. <u>शिक्षा सेवा शुल्क फिर्ता सम्बन्धमा कार्यालयको जिम्मेवारीः</u>

बमोजिम (२) को उपदफा ५दफा (१) सम्बन्धित बैङ्कबाट शिक्षा सेवा शुल्क फिर्ताको सिफारिस भै आएपछि जुन व्यक्तिको नाममा शिक्षा सेवा शुल्क दाखिला भएको हो सो व्यक्तिको नाममा फिर्ता दाबी भएनभएको बैङ्कबाट / एको सबै शिक्षा सेवा प्राप्त कागजात भिडान गरी बैङ्कबाट कागजात प्राप्त भएको मितिले सात दिनभित्र दाखिला भ गरी फिर्ता पाउने व्यक्तिको विवरण संलग्न गरी सम् (ट्रान्सफर) शुल्क बैङ्कको खातामा रकम दाखिलबन्धित बैङ्कलाई उपलब्ध गराउनु पर्नेछ।

बमोजिम (५) को उपदफा ५दफा (२)बैङ्कबाट सम्बन्धित विद्यार्थीको खातामा रकम जम्मा भएको फाँटवारी तोकिएको समयमा प्राप्त नभएमा कार्यालयले बैङ्कसँग सम्पर्क गरी फाँटवारी लिई लेखा दुरुस्त राख्नु पर्नेछ।

७. <u>शिक्षा सेवा शुल्क भुक्तानीः</u> फिर्ता दिनु पर्ने भनी एकिन भएको शिक्षा सेवा शुल्क वापत राजस्वमा जम्मा भएको रकम फिर्ता गर्न आन्तरिक राजस्व विभागको बजेट उपशीर्षक नम्बर )305040113चालु ,(खर्च शीर्षक नम्बर )28211राजस्व फिर्ताहुने रकमबाट खर्च लेखि सम्बन्धित आन्तरिक राज/मा विनियोजन भएको (स्व कार्यालयलाई निकासा उपलब्ध गराउने र निकासा प्राप्त रकम सम्बन्धित कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयको विविध खातामा जम्मा गर्नुपर्नेछ। यसरी विविध खातामा जम्मा भएको रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयले निकासा लिई यस मापदण्डमा उल्लेख भएका प्रक्रिया पूरा गरेर सम्बन्धित बैंकलाई शिक्षा सेवा शुल्क वापत फिर्ता गर्नुपर्ने राजस्व रकम उपलब्ध गराउनु पर्नेछ। सम्बन्धित बैंकले यसरी प्राप्त भएको रकम यसै मापदण्ड बमोजिमको प्रक्रिया पूरा गरी सम्बन्धित विद्यार्थी वा अभिभावकको खातामा जम्मा गरिदिनु पर्नेछ ।

८. <u>बाधा अडकाउ फुकाउन सक्नेः</u> यस मापदण्डको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा विभागले आवश्यक व्याख्या र निर्णय गरि त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ।

अनुसूची१-

(शिक्षा सेवा शुल्क फिर्ता माग गर्दा विद्यार्थीले बैङ्कमा पेश गर्ने निवेदनको ढाँचा)

मिति:

विषय: शिक्षा सेवा शुल्क फिर्ता सम्बन्धमा ।

श्री …………..बैङ्क,

……………………… ।

……….. स्थित (देशको नाम) ………………..कलेज)/विश्वविद्यालयको नाममा अध्ययन गर्न जानको लागि ( विदेशी मुद्रा………………कारणले ……..को सटही सुविधा लिई शिक्षा सेवा शुल्क बुझाएकोमा (विदेशी मुद्राको नाम र रकम) अध्ययन गर्न जान नपाएको र विदेशी मुद्रा…….. मेरो यसै बैङ्कमा रहेको खाता नं (विदेशी मुद्राको नाम र रकम)…………मा मिति …………फिर्ता भै आएको हुँदा मिति ………..मा यस बैङ्कमा दाखिला भएको शिक्षा सेवा शुल्क बापतको रकम रु …………..फिर्ताको लागि देहायका कागजात संलग्न गरी निवेदन पेश गरेको छु ।

निवेदकको नाम: ………….

हस्ताक्षरः ………….

ठेगाना: …………………

मोबाइल नं :……………….

<u>संलग्न कागजातहरु:</u>

१. निवेदकको नागरिकता/पासपोर्टको प्रतिलिपीनिवेदक अभिभावक भएमा निजको नागरिकताको प्रतिलिपी मात्र पेश ) ।(गर्नु पर्नेछ

२. शिक्षण शुल्क बापत विदेशी मुद्रा सटही सुविधा कारोबार भएको बैङ्क स्टेट्मेण्ट।

३. बैङ्कबाट विदेशस्थित शैक्षिक संस्थामा शिक्षण शुल्क तिरेको प्रमाणित गर्ने कागजातभौचरको प्रतिलिपी।/

४. विदेशी शैक्षिक संस्थामा रकम दाखिल गरी भर्ना भएको कागजातको प्रतिलिपी।

५. शिक्षा मन्त्रालयबाट जारी भएको अध्ययन अनुमति पत्रको प्रतिलिपी।

६. शिक्षण शुल्क बुझाएको विदेशस्थित कलेज/विश्वविद्यालयमा अध्ययन गर्न जान नपाएको व्यहोरा प्रमाणित गर्ने कागजात जस्तै) सम्बन्धित राजदुतावास वा अध्यागमनबाट भिसा अस्वीकृत भएको कागजातको प्रतिलिपी वा प्रवेशाज्ञा आवेदन फिर्ता लिएको कागजात वा विदेशी शिक्षण संस्थाबाट शिक्षण शुल्क फिर्ता गरेको कागजात)।

<u>नोट:</u> विद्यार्थी स्वयं उपस्थित हुन नसकेको हकमा निजको अभिभावकले निवेदन दिन सक्नेछन्। सो अवस्थामा नाता प्रमाणित गर्ने कागजात थप पेश गर्नु पर्नेछ।

अनुसूची२-

(शिक्षा सेवा शुल्क फिर्ता माग गर्ने व्यक्तिको विवरण)

| सि.नं. | शिक्षणा सेवा शुल्क दाखिला गर्नेको नाम | अभिभावकको नाम | शिक्षण शुल्क रकम | | शिक्षा सेवा शुल्क | | बैङ्क खाता न. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | सटहि सुविधा प्रदान गरिएको रकम | फिर्ता प्राप्त भएको रकम | कट्टी रकम | मिति | | |
| | | | | | | | | |

प्रमाणित गर्नेको नामः .................

हस्ताक्षरः ...........

पदः .....................

बैङ्कको नामः ...............

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : ९/२०८१

नेपाली नागरिकले नगदै राख्न र सटही गर्न सक्ने नगद परिवर्त्य विदेशी मुद्रा सम्बन्धी व्यवस्था

नेपाली नागरिकले नगदमा राख्न सक्ने तथा सटही गर्न सक्ने नगद परिवर्त्य विदेशी मुद्राका सम्बन्धमा देहायबमोजिमको व्यवस्था गरिएकोले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी–नेपाल राष्ट्र बैंक, बैंकिङ विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू तथा इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरू तथा इजाजतपत्र प्राप्त मनिचेञ्जर कम्पनीहरुलाई यो परिपत्र जारी गरिएको छ।

१. नेपाली नागरिकले नगदमा राख्न सक्ने परिवर्त्य विदेशी मुद्रा सम्बन्धी व्यवस्था :

नेपाली नागरिकले विदेशमा रोजगारी वा विदेशमा व्यवसाय गरी आर्जन गरेको वा विदेश भ्रमणका लागि सटही सुविधाअन्तर्गत प्राप्त विदेशी मुद्रामध्ये बचत हुन आएको विदेशी मुद्रा लगायत अन्य वैध स्रोतबाट प्राप्त विदेशी मुद्रा भविष्यमा उपयोग गर्ने प्रयोजनका लागि अधिकतम अमेरिकी डलर १,५०० वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्म नगदमा राख्न सक्नेछन्। यस्तो रकम जतिसुकै पटकको श्रोत भएता पनि कुलमा सो सीमा नाघ्न हुने छैन।

सम्बन्धित व्यक्तिले आफू विदेशबाट नेपाल आउँदा साथमा ल्याएको वा नेपालभित्र प्राप्त गरेको परिवर्त्य विदेशी मुद्रा उपर्युक्त सीमाभन्दा बढी भएमा ३५ दिनभित्र सटही गर्नु पर्नेछ। तर, सम्बन्धित व्यक्तिले चाहेमा त्यस्तो सम्पूर्ण रकम नेपालस्थित बैंकमा परिवर्त्य विदेशी मुद्राको खाता खोली राख्न सक्नेछन्।

२. नगद परिवर्त्य विदेशी मुद्रा सटही गर्ने सम्बन्धी व्यवस्था :

नेपाली नागरिकहरूले आफ्नो पहिचान खुल्ने प्रमाण सहित नगद परिवर्त्य विदेशी मुद्रा सटहीको लागि अनुरोध गरेमा देहाय बमोजिमको व्यवस्था अनरुप प्रचलित विनिमय दरमा सटही गरिदिन सकिने छ।

(क) यस्तो सटही गर्दा बैंक तथा वित्तीय संस्थाले एक पटकमा अमेरिकी डलर ५,०००।- (पाँच हजार) वा सो बराबर हुने अन्य परिवर्त्य विदेशी मुद्रा मात्र सटही गर्न सकिनेछ।
तर, विदेशमा रोजगारी वा विदेशमा व्यवसाय गरी आर्जन गरेको प्रमाणित हुने कागजातसहित प्रचलित कानुनबमोजिम भन्सार उद्घोषण गरी कानुनी रुपमा नेपाल भित्र्याइएको परिवर्त्य विदेशी मुद्राको हकमा जतिसुकै रकम पनि एकै पटकमा सटही प्रदान गर्न बाधा पर्ने छैन।

(ख) बैंक तथा वित्तीय संस्थाले सटही गर्न ल्याउने व्यक्तिसँग संलग्न अनुसूची ९.१ बमोजिमको निवेदन लिनु पर्नेछ।

(ग) निवेदनसाथ सम्बन्धित व्यक्तिको पहिचान खुल्ने प्रमाणको रुपमा नागरिकताको प्रमाणपत्र वा नेपाल सरकारको कुनै निकाय वा रोजगारदाता निकायले जारी गरेको फोटो सहितको सक्कल परिचयपत्रको आधारमा सटही उपलब्ध गराउने अधिकारी र निवेदकले त्यस्तो परिचयपत्रको प्रतिलिपि प्रमाणित गरेको हुनु पर्नेछ।

(घ) विदेशी मुद्रा सटही गरेको प्रमाण स्वरुप अन्य किसिमको रसिद वा FEER (Foreign Exchange Encashment Receipt) अनिवार्य रुपमा जारी गरी विदेशी मुद्राको खरिद अभिलेखमा समेत देखाइ नेपाली रुपैयाँमा मात्र भुक्तानी गर्नु पर्नेछ।

(ङ) यसरी सटही गरेको परिवर्त्य विदेशी मुद्राको नोट पहिचान गर्ने तथा पछि जाली (Counterfeit) ठहरिएमा सम्बन्धित व्यक्तिसँग सोधभर्ना गराउने दायित्व र जिम्मेवारी सटही गरिदिने निकायकै हुनेछ।

(च) सटही गरेको विदेशी मुद्राको नोट जाली (Counterfeit) ठहरिएमा सम्बन्धित पक्षसँग रकम फिर्ता लिनु पर्दा भुक्तानी दिएको रकम भन्दा बढी हुने गरी फिर्ता लिन पाइने छैन ।

(छ) यस्तो सटही कारोबार गर्दा कुनै व्यक्तिको कारोबार र श्रोत शंकास्पद देखिएमा प्रचलित व्यवस्था बमोजिम नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाईमा जानकारी गराउनु पर्नेछ ।

(ज) नेपाली नागरिकहरूलाई विदेशी इष्टमित्र र ग्राहकहरूबाट उपहार, टिप्स आदि बापत प्राप्त हुने विदेशी मुद्रा सटही गर्न माग भई आएमा ग्राहकको पहिचान खुल्ने कागजात लिई एकपटकमा अमेरिकी डलर ५००।- (पाँच सय) वा सो बराबर हुने अन्य परिवर्त्य विदेशी मुद्रा इजाजतपत्रप्राप्त मनिचेञ्चरहरूबाट पनि सटही गर्न सकिनेछ । यसरी सटही गर्दा खण्ड (ग), (घ), (ङ), (च) र (छ) का व्यवस्थाहरु पालना गरी परिवर्त्य विदेशी मुद्रा सटही गर्न आउने व्यक्तिसँग अनुसूची ९.२ बमोजिमको २ प्रति स्वःघोषणापत्र भर्न लगाई सोको १ प्रति मनिचेञ्जरले प्रमाणित गरी सटही गर्न आउने व्यक्तिलाई अभिलेखको लागि दिनु पर्नेछ ।

अनुसूची ९.१

(इ.प्रा. परिपत्र संख्याः ९ को दफा २(ख) को प्रयोजनको लागि)

(श्री बैंक/वित्तीय संस्था)
(ठेगाना)

विषयः विदेशी मुद्रा सटही गरी दिने ।

महाशय,

मलाई देहाय बमोजिम विदेशी मुद्रा प्राप्त भएकोले नियमानुसार सटही गरी दिनु हुन आफ्नो पहिचान खुल्ने परिचयपत्रको प्रतिलिपि समेत संलग्न गरी अनुरोध गरेको छु । उक्त विदेशी मुद्रा नक्कली ठहरिएमा सटही लिएको रकम फिर्ता बुझाउने छु ।

| विदेशी मुद्राको किसिम | नोटको नम्बर | दर | प्राप्त प्रयोजन | प्राप्त स्रोत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**प्राप्तिको स्रोत :**
**१. वैदेशिक भ्रमणबाट फिर्ता**
**क) व्यावसायिक/औपचारिक भ्रमण**
**ख) व्यक्तिगत भ्रमण**
**ग) शिक्षा**
**घ) उपचार**
**२. पेन्सन**
**३. विप्रेषण (रेमिट्यान्स)**
**४. अन्य* :**.............................
**(*: अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने)**

भवदीय,

दस्तखतः

पूरा नामः

ठेगानाः

फो नं.

मोवाइल नं.

परिचयपत्रको किसिम

परिचयपत्रको नम्बरः

अनुसूची ९.२

(इ.प्रा.परिपत्र संख्या ९ को दफा २(ज) को प्रयोजनको लागि)

(यो फाराम २ प्रति तयार गर्नु पर्नेछ । १ प्रति कार्यालयमा र एक प्रति सम्बन्धित व्यक्तिलाई अभिलेखको लागि दिनु पर्नेछ ।)

श्री ...............मनिचेञ्जर

..........................ठेगाना

विषय : स्वःघोषणा सम्बन्धमा

महाशय,

मलाई विदेशी पर्यटक/रोजगारदाताबाट/इष्टमित्रबाट उपहार, दान, टिप्स बापत प्राप्त हुन आएको विदेशी मुद्रा नियमानुसार प्राप्त भएको हो । यी विदेशी मुद्राहरू कुनै गैर कानुनी स्रोतबाट प्राप्त भएको होइन भनी स्वःघोषणा गर्दछु । साथै, विदेशी मुद्रा नक्कली ठहरिएमा सटही बापत लिएको रकम फिर्ता बुझाउने छु ।

| सि.नं. | विदेशी मुद्राको किसिम | नोटको नम्बर | दर | प्राप्त स्रोत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सटही गरिदिने मनिचेञ्जरको नाम :

आधिकारिक व्यक्तिको दस्तखत :

छाप :

निवेदक,

दस्तखतः

पूरा नामः

ठेगाना :

फोन नं.

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : १०/२०८१

## नेपाल सरकार लगायत विभिन्न निकायलाई आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधा सम्बन्धी व्यवस्था

नेपाल सरकारका विभिन्न निकायलाई आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधा सम्बन्धमा निम्न बमोजिमको व्यवस्थाको अधीनमा रही कारोबार गर्न विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैंकिङ विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू तथा इजाजतपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकहरु र राष्ट्रिय स्तरका “ख” वर्गका विकास बैंकहरूलाई यो परिपत्र जारी गरिएको छ ।

१. विभिन्न निकायलाई आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधा सम्बन्धमा : **सार्वजनिक खरिद कानुन लागू हुने सार्वजनिक निकायहरुले सार्वजनिक खरिद कानुन बमोजिम** विभिन्न प्रयोजन (जस्तैः माल वस्तु वा उपकरण आयात, औषधि तथा औषधिजन्य सामग्री, सदस्यता शुल्क, सेवा शुल्क, मर्मत शुल्क, विज्ञापन, वायुयानहरूको भाडा वा लिज वा लिज पर्चेजको भुक्तानी, इन्जिनको रेण्टल चार्ज, फेरी फ्लाईट खर्च, जहाजको इन्जिन तथा पार्टपुर्जाहरूको मर्मत तथा ओभरहल शुल्क, स्टल भाडा, प्रसारण सेवा शुल्क, ट्रान्सपोण्डर शुल्क, भीस्याट शुल्क, डाँक सेवा शुल्क, छपाई शुल्क, डेमुरेज चार्ज, डिटेन्सन चार्ज, कानुनी सेवा शुल्क, दैनिक तथा भ्रमण भत्ता, परामर्श सेवा शुल्क, प्राविधिक सेवा शुल्क, नेपाली सेनाको हकमा विभिन्न शान्ति मिशनहरुलाई वार्षिक रुपमा विनियोजित रकम स्थानान्तरण, निर्माण कार्य आदि समेत) को लागि विदेशी मुद्राको सटही सुविधा माग गरेमा देहायका शर्तहरूको अधीनमा रही त्यस्तो सटही सुविधा त्यहाँबाट सोझै प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ ।

शर्तहरू :

(१) माग भएको सटही रकमलाई पुष्टि गर्ने सम्झौता (Agreement) वा बीजक (Invoice) वा अन्य Documentary Evidence अनिवार्य रुपले संलग्न गरेको हुनु पर्नेछ ।

(२) यस्तो सटही सुविधाको भुक्तानीको माध्यम सम्बन्धित निकायको मागबमोजिमको बैकिङ/भुक्तानीका उपकरण हुनेछ ।

(३) **यस व्यवस्था अन्तर्गत आयातको लागि सटही सुविधा प्रदान गर्दा एकीकृत इ.प्रा. परिपत्र १ मा उल्लिखित ड्राफ्ट/टी.टी, DAP, DAA को रकम सम्बन्धी सीमा र कुनै एक मात्र आयात/भुक्तानीको माध्यम हुनु पर्ने सम्बन्धी व्यवस्था लागू हुने छैन । साथै, एकीकृत इ.प्रा. परिपत्र ११ मा उल्लिखित रकम सम्बन्धी सीमा र नियामक निकायको सिफारिस सम्बन्धी व्यवस्था समेत लागू हुने छैन ।**

(४) अफिसियल भ्रमणको सिलसिलामा भारत बाहेक तेस्रो मुलुक जाने सम्बन्धित निकायका व्यक्तिहरूको लागि प्रदान गरिने दैनिक भ्रमण भत्ता वा भैपरि खर्च वा भ्रमण खर्च बापतको रकमको हकमा सम्बन्धित निकायको माग बमोजिम भुक्तानी प्रदान गर्नु पर्नेछ ।

(५) प्रचलित व्यवस्थाअनुसार कर लाग्ने किसिमका भुक्तानी (जस्तैः वायुयानको लिज वा भाडा, रोयल्टी, कमिसन, प्राविधिक सेवा शुल्क, परामर्श सेवा शुल्क, प्रसारण सेवा शुल्क, तालिम शुल्क र अन्य कुनै पनि सेवा शुल्क (Service Charge), मर्मत तथा ओभरहल शुल्क, विज्ञापन आदि) को हकमा नियमानुसार लाग्ने अग्रिम आयकर (TDS), मूल्य अभिवृद्धि कर (रिभर्स भ्याट) लगायतका प्रचलित व्यवस्थाबमोजिम कर जम्मा गरेको प्रमाणित कागजात अनिवार्य रुपले संलग्न गरेपछि मात्र त्यस्तो सटही सुविधा प्रदान गर्नु पर्नेछ ।

(६) विदेशमा लगी मर्मत तथा ओभरहल गरेका माल वस्तु, पार्टपुर्जा वा उपकरण आदिको मर्मत तथा ओभरहल शुल्क बापतको रकम भुक्तानी गर्नु पूर्व ती सामानहरू सम्बन्धित मुलुक पठाउँदाको निर्यात प्रज्ञापनपत्र, एयरवे बिल र भन्सार महशुल दाखिला गरेको निस्सा अनिवार्य रुपले संलग्न गरेको हुनुपर्ने छ। साथै, मर्मत तथा ओभरहल भई नेपाल भित्रिएपछि सोको भन्सार प्रज्ञापनपत्र पनि अनिवार्य रुपले पेश गर्न लगाउनु पर्नेछ।

(७) भुक्तानी पठाउँदा सम्बन्धित Beneficiary को नाउँमा मात्र भुक्तानी पठाउनु पर्नेछ।

(८) **यस्तो सटही सुविधाको Beneficiary विदेशस्थित कार्यालय, संघ, संस्था वा प्राकृतिक व्यक्ति हुन सक्नेछ। यस्तो भुक्तानी प्राप्त गर्ने संयुक्त उपक्रम, विदेशी कम्पनी/शाखा, कार्यालय, संघ, संस्था, प्राकृतिक व्यक्तिले विदेशी मुद्रा रकम नेपालस्थित बैंक तथा वित्तीय संस्थामा रहेको विदेशी मुद्रा खातामा समेत राख्न सक्ने छन्।**

(९) मालवस्तु आयात गर्ने प्रयोजनको लागि प्रचलित व्यवस्था अन्तर्गत वि.वि.नि. फारामहरू जारी गर्नु पर्नेछ।

(११) नेपाली सेनाको हकमा विभिन्न शान्ति मिशनहरुलाई वार्षिक रुपमा विनियोजित रकम बैंकिङ्ग उपकरण/प्रणालीमार्फत् स्थानान्तरण गर्नु पर्दा सो पुष्टि हुने कागजातका आधारमा सटही सुविधा प्रदान गर्दा शर्त (१) देखि (९) सम्मका व्यवस्थाहरु लागू हुने छैन। साथै, नेपाली सेनाबाट अनुरोध भई आएमा बैंक खाता सञ्चालन नहुने/नभएको शान्ति मिशन तैनाथ रहेका मुलुकहरुका लागि त्यस्तो सटही सुविधा नगदमा समेत उपलब्ध गराउन कुनै बाधा पर्ने छैन।

२. <u>नेपाल राष्ट्र बैंकमार्फत् सोझै सटही प्रदान गर्न सकिने</u> : उपरोक्तानुसार नेपाल सरकारका मन्त्रालय/विभाग/कार्यालय, संवैधानिक निकाय, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट कुनै पनि प्रयोजनको लागि विदेशी मुद्राको सटही सुविधा माग भई आएमा उक्त निकायको माग अनुसारको रकम विदेशमा भुक्तानी पठाउने प्रयोजनको लागि (भुक्तानी माध्यमसमेत) नेपाल राष्ट्र बैंक, बैंकिङ विभाग र प्रदेशस्थित कार्यालयहरु मार्फत् सोझै सटही प्रदान गर्न सकिनेछ।

३. <u>विद्युत खरिदबापत् नेपाल विद्युत प्राधिकरणले भुक्तानी गर्नु पर्ने परिवर्त्य विदेशी मुद्राको सटही गर्ने बारे :</u>
विद्युत खरिद सम्झौता (Power Purchase Agreement) को आधारमा खरिद भएको विद्युत बापत नेपाल विद्युत प्राधिकरणले विभिन्न आयोजना/कम्पनीलाई भुक्तानी गर्न आवश्यक पर्ने परिवर्त्य विदेशी मुद्रा सटही सुविधा देहायका उल्लिखित प्रक्रिया पूरा गरी बैंक तथा वित्तीय संस्थाले उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ :

(क) परिवर्त्य विदेशी मुद्रामा भुक्तानी हुने गरी भएको विद्युत खरिद सम्झौता (Power Purchase Agreement) को आधारमा मात्र सटही सुविधा उपलब्ध गराउनु पर्नेछ।

(ख) यस्तो सटही सुविधा नेपाल विद्युत प्राधिकरणको अनुरोध/सिफारिस र सम्बन्धित आयोजना/कम्पनीको Invoice को आधारमा सम्बन्धित आयोजना/कम्पनीको नाममा मात्र उपलब्ध गराउनु पर्नेछ।

(ग) आवश्यक परिवर्त्य विदेशी मुद्रा प्रचलित व्यवस्थाअनुसार नेपाल विद्युत प्राधिकरणले बैंक तथा वित्तीय संस्थाबाट खरिद गर्न सक्नेछ।

(घ) यस प्रयोजनको लागि सटही सुविधा उपलब्ध गराएको परिवर्त्य विदेशी मुद्राको विवरण महिना समाप्त भएको १५ दिन भित्रमा यस विभागलाई उपलब्ध गराउनु पर्नेछ।

४. <u>विदेशी मुद्रामा पुनर्बीमा प्रिमियमको भुक्तानी सम्बन्धी व्यवस्था :</u>
नेपालमा विधिवत रुपमा दर्ता भई कारोबार गरिरहेका बीमा कम्पनीहरूले विदेशी मुद्रामा पुनर्बीमक कम्पनीहरूलाई भुक्तानी गर्नुपर्ने पुनर्बीमा प्रिमियमको सटही सुविधा देहायमा उल्लिखित व्यवस्था अनुरुप इजाजतपत्रप्राप्त “क” र राष्ट्रियस्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरूले प्रदान गर्न सक्नेछन्।

(क) सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूको नाउँमा जारी भएको “नेपाल बीमा प्राधिकरण” को सक्कलै सिफारिस पत्र निवेदनसाथ संलग्न हुनुपर्ने छ।

(ख) यस्तो सटही सुविधा पुनर्बीमा प्रिमियम भुक्तानीको लागि मात्र लागू हुनेछ।

(ग) नेपाल बीमा प्राधिकरणले सिफारिस गरेको रकमलाई पुष्टि गर्ने सम्बन्धित पुनर्बीमा कम्पनीहरूको कागजातहरू जस्तैः डेबिट/क्रेडिट नोट, इन्भ्वाइस आदि संलग्न हुनुपर्नेछ ।

(घ) भुक्तानी गर्नुपर्ने रकमको Gross रकममा प्रचलित व्यवस्था अनुसार अग्रिम कर (TDS) दाखिला गरेको निस्सा लिएर मात्र सटही सुविधा प्रदान पर्नेछ ।

(ङ) यो व्यवस्था अन्तर्गत भारतमा भा.रु.मा मात्र भुक्तानी गर्न सकिनेछ ।

(च) यस्तो सटही सुविधा प्रदान गरेको मासिक विवरण महिना व्यतित भएको ७ दिनभित्र यस विभागमा पेश गर्नु पर्नेछ ।

५. सार्वजनिक खरिद कानुन लागू हुने सार्वजनिक निकायहरुले वस्तु, सेवा, परामर्श, निर्माण कार्य आदि खरिदका लागि अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरी छनौट भएका नेपाली बोलपत्रदातालाई समेत परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न सक्नेछ । त्यस्तो सटही सुविधा “क” वर्गका वाणिज्य बैंकमार्फत् प्राप्त गर्न सक्नेछ ।

**६. विभिन्न शान्ति मिशनमा खटिने नेपाली सेनाको हकमा त्यस्तो मिशनको लागि आवश्यक पर्ने वस्तु तथा सेवा नेपाल नभित्र्याई सीधै सम्बन्धित शान्ति मिशन रहेको मुलुकमा पठाउने प्रयोजनको लागि नेपालको भन्सार कार्यालयलाई वि.वि.नि.फा.नं. ४/४(ग) जारी नगरी देहायबमोजिमका शर्तहरुको पालना हुने गरी प्रतीतपत्र खोल्न सकिने व्यवस्था गरिएको छ :**

**(१) वस्तु तथा सेवा खरिद गर्ने सम्बन्धमा नेपाल सरकारको अख्तियारप्राप्त अधिकारीबाट भएको निर्णयको प्रतिलिपि ।**

**(२) उल्लिखित प्रतीतपत्र खोल्ने सम्बन्धमा अख्तियारप्राप्त अधिकारीबाट भएको निर्णयको प्रतिलिपि ।**

**(३) विदेशी विनिमय सम्बन्धी प्रचलित कानुनी व्यवस्थाहरु र अन्य प्रचलित कानूनी व्यवस्थाहरु पालना भएको/हुने सम्बन्धमा नेपाली सेना, जंगी अड्डाको स्वःघोषणा ।**

**(४) यस्तो कारोबारबाट विदेशी विनिमय अपचलन नहुने स्वःघोषणा । साथै, अपचलन भएमा सोको सम्पूर्ण जिम्मेवारी लिने सम्बन्धमा नेपाली सेना, जंगी अड्डाको स्वःघोषणा ।**

**(५) प्रतीतपत्र सम्बन्धी अन्य प्रचलित व्यवस्थाहरुको पालना हुनु पर्ने ।**

**७. सम्बन्धित वस्तु भित्रिएको निस्सा सहित उक्त मुलुकको लागि सो सामानको बीमा गरिएको कागजात, सिपिङ्ग डकुमेण्टको कागजात लगायतको प्रमाणित प्रति समेत प्रतीतपत्र खोल्ने बैंकले माग गरी फाइलमा सुरक्षित राख्नु पर्नेछ ।**

**८. दफा ६ अन्तर्गतको प्रतीतपत्रमार्फत भुक्तानी भएको रकम नेपालमा शोधभर्ना प्राप्त हुने भएमा शोधभर्ना प्राप्त भएको निस्सा समेत सम्बन्धित फाइलमा अद्यावधिक गरी राख्नु पर्नेछ ।**

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : ११/२०८१

## सेवा आयातको भुक्तानीको लागि सटही सुविधा प्रदान गर्ने सम्बन्धी व्यवस्था

नेपालमा स्थापना भएका कुनै फर्म, कम्पनी वा संस्थाले विदेशस्थित सेवा प्रदायक फर्म, कम्पनी वा संस्था सँग सम्झौता गरी नेपालमा सेवा लिए बापतको रकम सटही सुविधा प्रदान गर्ने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिएकोले सोही बमोजिम गर्नु/गराउनुहुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैंकिङ विभाग, इजाजतपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकहरु र राष्ट्रिय स्तरका “ख” वर्गका विकास बैंकहरूलाई यो परिपत्र जारी गरिएको छ ।

(क) भारत बाहेकका मुलुकबाट हुने सेवा (**सफ्टवेयर, तालिम, सदस्यता शुल्क समेत**) आयात सम्बन्धी व्यवस्था:

१. अमेरिकी डलर ५,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा सम्मको लागि यस परिपत्रको बुँदा नं. ५ मा उल्लिखित कागजातहरु लिई सटही सुविधा प्रदान गर्न सकिनेछ ।

२. नेपालमा दर्ता भएका फर्म, कम्पनी वा संस्थाले अमेरिकी डलर ५,००० भन्दा बढीको विदेशी विनिमयमा दायित्व सृजना हुने गरी विदेशस्थित कुनै सेवा प्रदायकसँग सम्झौता गर्नु परेमा वा सेवा बापतको भुक्तानी गर्नु पर्ने भएमा आफ्नो नियामक निकायबाट स्वीकृति वा सिफारिस प्राप्त गर्नु पर्नेछ । सिफारिस गर्ने नियामक निकायले सो सेवा आयातको भुक्तानी पठाउने रकम आवश्यकता र औचित्यको आधारमा यकीन गरी विद्यमान व्यवस्थाबमोजिम सटही सुविधा उपलब्ध गराउन सिफारिस गर्नु पर्नेछ ।

३. नियामक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सटही सिफारिसको आधारमा यस परिपत्रको बुँदा नं. ५ मा उल्लिखित कागजातहरु लिई अमेरिकी डलर १२,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्म वाणिज्य बैंकहरुबाट नै सटही सुविधा प्रदान गर्न सकिनेछ ।

४. अमेरिकी डलर १२,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राभन्दा माथिको भुक्तानीको लागि नियामक निकायको सिफारिस सहित यस विभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नु पर्नेछ । साथै, नियामक निकाय नभएको र नियामक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सिफारिस हुन नसकेको अवस्थामा अमेरिकी डलर ५,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा भन्दा अधिक रकमको भुक्तानीको लागि समेत यस विभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नु पर्नेछ ।

५. सटही सुविधा माग हुने निवेदनसाथ देहायका कागजातहरु संलग्न हुनु पर्नेछ :

(क) फर्म, कम्पनी वा संस्था दर्ता प्रमाणपत्र र करदर्ता प्रमाणपत्र ।

(ख) कर चुक्ता प्रमाणपत्र वा कर विवरण बुझाएको प्रमाण ।

(ग) सेवाबापत अग्रिम कर लगायत प्रचलित व्यवस्थाबमोजिम कर दाखिला गरेको निस्सा ।

(घ) पछिल्लो लेखापरीक्षण प्रतिवेदन ।

(ङ) सेवा आयातको बिलबिजक ।

(च) सम्झौता हुने प्रकृतिको सेवा आयातको हकमा सेवा प्रदान गर्ने संस्थासँग गरेको प्रमाणित सम्झौता ।

(छ) सञ्चालक समितिबाट **वा सञ्चालक समिति नहुनेको हकमा अख्तियारप्राप्त अधिकारीबाट** सटही सुविधा माग गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि र सञ्चालक समिति **वा सञ्चालक समिति नहुनेको हकमा अख्तियारप्राप्त अधिकारी**बाट विदेशी मुद्रा अपचलन भएमा सोको सम्पूर्ण जिम्मेवारी लिने स्वःघोषणा ।

(ज) काम सम्पन्न भए पश्चात सटही सुविधा माग गरिएको भए सो पुष्टी हुने कागजातहरु ।

(झ) काम प्रदान गर्ने संस्था (Employer) बाट भुक्तानी प्राप्त भएको भए रकम खुल्ने कागजात र बैंक स्टेटमेण्ट ।

(ञ) नियामक निकायको सिफारिस (बुँदा नं १ को हकमा अनिवार्य नहुने) ।

६. <u>दफा ५ को खण्ड (ञ) बमोजिम नियामक निकाय यकीन हुन नसकी सिफारिस प्राप्त हुन नसकेको अवस्थामा देहायबमोजिम हुनेछ ।</u>

(क) अमेरिकी डलर ५०,००० वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्मको सटही सुविधा यस परिपत्रको बुँदा नं. ५ मा उल्लिखित खण्ड (क) देखि (झ) सम्मका कागजातहरुका आधारमा यस विभागले विद्यमान व्यवस्थाबमोजिम सटही सुविधा दिन सक्नेछ । यस प्रयोजनको लागि कम्पनी वा उद्योगको हकमा सम्बन्धित उद्योग विभाग वा कम्पनी रजिष्ट्रार कार्यालय वा सम्बन्धित अन्य नियामक निकायले सिफारिस हुन सक्ने नसक्ने सम्बन्धमा यस बैंकलाई जानकारी उपलब्ध गराउनु पर्नेछ ।

(ख) विदेशस्थित फर्म, कम्पनी वा संस्थासँग अमेरिकी डलर ५०,००० भन्दा बढीको सेवा लिनुअघि अनिवार्य रुपमा यस बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यसरी पूर्व स्वीकृति लिनु पर्दा यस परिपत्रको बुँदा नं. ५ मा उल्लिखित खण्ड (क), (ख), (घ), (च) तथा (झ) मा उल्लिखित कागजात र सञ्चालक समितिको निर्णयको प्रतिलिपि सहित निवेदन दिनु पर्नेछ ।

७. यो व्यवस्था लागू हुनु पूर्व नियमनकारी निकाय यकीन नभएको वा नियामक निकायको सिफारिस प्राप्त हुन नसकेका कुनै फर्म, कम्पनी वा संस्थाले यस बैंकको स्वीकृति नलिई विदेशी फर्म, कम्पनी वा संस्थाबाट परामर्श तथा अन्य सेवा लिइसकेको भए सोको भुक्तानीका लागि यस विभाग समक्ष निवेदन दिन सक्नेछ ।

८. वायुयान सेवा सञ्चालक संस्थालाई अमेरिकी डलर १,००,००० (अमेरिकी डलर एक लाख) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा (भारतमा अमेरिकी डलर १,००,००० बराबर हुने भा.रु. वा परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न सकिने) सम्मको सेवा आयातको लागि देहायबमोजिमका कागजातहरुको आधारमा वाणिज्य बैंकहरुबाट विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराउन सकिनेछ :

(क) फर्म, कम्पनी वा संस्था दर्ता प्रमाणपत्र र कर दर्ता प्रमाणपत्र ।

(ख) कर चुक्ता प्रमाणपत्र र सेवा खरिदबापत नियमानुसार कर दाखिला गरेको निस्सा ।

(ग) पछिल्लो लेखापरीक्षण प्रतिवेदन ।

(घ) सेवा प्रदान गर्ने संस्थासँग गरेको सम्झौता र बिलबीजकको प्रमाणित प्रतिलिपि ।

(ङ) सम्झौता बमोजिम सञ्चालक समिति वा अख्तियारप्राप्त अधिकारीबाट सटही सुविधा माग गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि र विदेशी मुद्रा अपचलन भएमा सोको सम्पूर्ण जिम्मेवारी लिने सम्बन्धी सञ्चालक समितिको स्वःघोषणा ।

(च) काम सम्पन्न भएको पुष्टि हुने कागजात भए सोसमेत ।

(छ) नियामक निकायको सिफारिस ।

यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाली वायुयान सेवा सञ्चालक संस्थाका प्राविधिक कर्मचारीलाई वायुयान सम्बन्धी प्राविधिक तालिम (वायुयान चालक तालिम समेत) लिने प्रयोजनको लागि र नेपाली वायुयान सेवा सञ्चालक संस्थाको वायुयानले विदेशमा उडान गर्दा विदेशी सरकार/विमानस्थल लगायत विदेशी सरकारले तोकेका निकायलाई भुक्तानी गर्न आवश्यक पर्ने विदेशी मुद्रा (भारतमा भा.रु. वा परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न सकिने) को सटही सुविधाको लागि रकम सम्बन्धी सीमा लागू हुने छैन र त्यस्तो सटही सुविधा वाणिज्य बैंकले प्रदान गर्न सक्नेछ ।

९. राष्ट्रिय गौरवका आयोजनाहरुले र "राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५" बमोजिम तोकिएका राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाहरुले सेवा लिएबापत विदेशी संस्थाहरुलाई गर्ने भुक्तानीको लागि (भारतमा भारतीय रुपैयाँमा समेत) देहायबमोजिमका कागजातहरुको आधारमा वाणिज्य बैंकहरुबाट सोझै सटही सुविधा प्रदान गर्न सकिनेछ ।

(क) आयोजनाको दर्ता प्रमाणपत्र र करदर्ता प्रमाणपत्र ।

(ख) कर चुक्ता प्रमाणपत्र र सेवा आयातबापत नियमानुसार कर तिरेको निस्सा तथा मुनाफा भएमा लाग्ने लाभांश कर तिरेको निस्सा लगायत प्रचलित कानुनबमोजिम कर तिरको निस्सा ।

(ग) पछिल्लो लेखापरीक्षण प्रतिवेदन ।

(घ) सेवा प्रदान गर्ने संस्थासँग गरेको सम्झौताको प्रमाणित प्रतिलिपि र बिलबीजक ।

(ङ) सम्झौताबमोजिम गरेको कार्यको विवरणसहित सञ्चालक समिति वा अधिकारप्राप्त अधिकारीबाट सटही सुविधा माग गर्ने सम्बन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपि र विदेशी मुद्रा अपचलन भएमा सोको सम्पूर्ण जिम्मेवारी लिने स्वःघोषणा ।

(च) काम सम्पन्न भएको पुष्टि हुने कागजातहरु भए सोसमेत ।

(छ) नेपाल सरकारको सम्बन्धित निकायको सिफारिस ।

(ज) यस्तो सटही सुविधाको विवरण त्रैमासिक रुपमा प्रत्येक त्रयमास समाप्त भएको ७ दिनभित्र देहायबमोजिमको ढाँचा (अनुसूची ११.१) मा यस बैंकसमक्ष पेश गर्नु पर्नेछ ।

१०. <u>नेपाली नागरिकलाई विभिन्न प्रयोजनको लागि निम्न बमोजिम परिवर्त्य विदेशी मुद्रा (भारत बाहेक) को सटही सुविधा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ :</u>

(१) यस्तो सटही सुविधाको Beneficiary विदेशस्थित संघ, संस्था नै हुनु पर्नेछ । विदेशस्थित व्यक्ति विशेषलाई Beneficiary बनाउन मिल्ने छैन ।

(२) माग भएको सटही रकमलाई पुष्टि गर्ने बिजक (Invoice) वा अन्य Documentry Evidence हुनु पर्नेछ ।

(३) आवेदकको नागरिकताको प्रमाणपत्रको प्रलिलिपि र स्थायी लेखा नम्बर प्रमाणपत्र संलग्न गर्नु पर्नेछ ।

(४) यस्तो सटही सुविधा अधिकतम अमेरिकी डलर १,५०० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्म प्रदान गर्न सकिनेछ । तर, भिसा आवेदनको हकमा सम्बन्धित दूतावास लगायत भिसा आवेदन शुल्क संकलन गर्न अधिकारप्राप्त निकायले परिवर्त्य विदेशी मुद्रामा नै भिसा शुल्क लिने व्यवस्था गरेमा ( विद्युतीय माध्यम समेत) तोकिएको भिसा शुल्कसम्मको सटही सुविधा प्रदान गर्दा उल्लिखित अधिकतम अमेरिकी डलर १,५०० को सीमाले बाधा पुऱ्याएको मानिने छैन ।

(५) प्रचलित व्यवस्थाअनुसार कर लाग्ने किसिमका भुक्तानीको हकमा नियमानुसारको अग्रिम कर जम्मा गरेको प्रमाणित कागजात संलग्न गरेपछि मात्र सटही सुविधा प्रदान गर्नु पर्नेछ ।

(६) पूँजी खाताअन्तर्गत पर्ने कारोबार (विदेशी शेयर खरिद, डिपोजिट आदि) को लागि यो सटही सुविधा प्रयोग गर्न मिल्ने छैन ।

११. एकीकृत इ.प्रा. परिपत्रः १/२०८१ को दफा १.९.१ को खण्ड (ग) बमोजिम सेवा आयात गर्दा देहायबमोजिम हुनेछः

(१) सेवा आयात गर्दाको हकमा अमेरिकी डलर १२,०००।- (बाह्र हजार मात्र) वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा भन्दा बढी रकमको विदेशी मुद्रा अग्रिम भुक्तानी गर्नु पर्ने भएमा विदेशी बैंकको बैंक ग्यारेण्टी आवश्यक पर्नेछ ।

(२) अमेरिकी डलर १२,०००।- भन्दा बढी रकमको सेवा आयात गर्दा नियामक निकायको सिफारिस लिनु पर्नेछ ।

१२. नेपाल सरकारका विकास आयोजना सञ्चालन गर्ने सरकारी निकायले स्वीकृत सेवा खरिदका लागि प्रतीतपत्र खोल्दा सम्बन्धित निकायको अनुरोध पत्र सहित निवेदन प्राप्त भएमा यस बैंकको स्वीकृति लिनु पर्ने छैन । यसरी खोलिएको प्रतीतपत्रको जानकारी यस विभागलाई दिनु पर्नेछ ।

<u>(ख) भारतबाट हुने सेवा (**सफ्टवेयर, तालिम, सदस्यता शुल्क समेत**) आयात सम्बन्धी व्यवस्थाः</u>

१. यस परिपत्रमा स्पष्ट उल्लेख भएका सेवा सुविधा बाहेक अन्य सेवा सुविधा उपयोग गरे बापतको भुक्तानी पठाउनु परेमा यस विभागबाट स्वीकृति लिनु पर्नेछ ।

२. नेपाली नागरिक तथा नेपालमा विधिवत दर्ता भएका फर्म, कम्पनी, संघ संस्थाले भारतस्थित नियोग, संघ, संस्था, कम्पनीसँग लिने विभिन्न सेवा शुल्क भुक्तानीको लागि भारतीय रूपैयाँ ३ लाखसम्मको सटही सुविधा देहायबमोजिमका कागजातहरू लिई वाणिज्य बैंकहरूबाट प्रदान गर्न सकिनेछ :

**१) फर्म, कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र र पछिल्लो कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि । आवेदक प्राकृतिक व्यक्तिको हकमा नेपाली नागरिकता र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,**

**२) सेवा खरिदबापत नियमानुसार कर दाखिला गरेको निस्सा,**

**३) पछिल्लो लेखापरीक्षण प्रतिवेदन (आवेदक प्राकृतिक व्यक्तिको हकमा आवश्यक पर्ने छैन) । कुनै आर्थिक वर्ष सम्पन्न नभइसकेका नयाँ संस्थाको हकमा पछिल्लो लेखापरीक्षण प्रतिवेदन आवश्यक पर्ने छैन ।**

**४) सेवा प्रदान गर्ने संस्थासँग गरेको सम्झौता र बिलबीजकको प्रमाणित प्रतिलिपि,**

**५) सम्झौता बमोजिम सटही सुविधा माग गर्ने सम्बन्धमा सञ्चालक समिति वा सञ्चालक समिति नहुने प्रकृतिको संस्थाको हकमा अख्तियारप्राप्त अधिकारीबाट भएको निर्णयको प्रतिलिपि र विदेशी मुद्रा अपचलन भएमा सोको सम्पूर्ण जिम्मेवारी लिने सम्बन्धी स्वःघोषणा । आवेदक प्राकृतिक व्यक्तिको हकमा आवेदक स्वयम्ले स्वःघोषणा गर्नु पर्नेछ ।**

**६) काम सम्पन्न भएको पुष्टि हुने कागजात भए सो समेत ।**

३. माथि दफा २ को अवस्था बाहेक नेपालमा विधिवत दर्ता भई कारोबार गर्न स्वीकृति प्राप्त गरेका नेपाली तथा विदेशी संघ/संस्था/कम्पनी आदिले भारतस्थित संघ/संस्था/कम्पनीसँग विविध सेवा सुविधा लिने सम्झौता/सहमति बमोजिमको भारतीय रुपैयाँ ३० लाख सम्मको भुक्तानी वाणिज्य बैंकहरूबाट माथि दफा २ मा उल्लेखित कागजातहरूका अतिरिक्त भुक्तानी गर्नु पर्ने रकमको लागि सम्बन्धित नियामक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सटही सिफारिस भएको पत्र लिई सटही सुविधा प्रदान गर्न सकिनेछ । भारतीय रुपैयाँ ३० लाखभन्दा माथिको भुक्तानी तथा नियामक निकाय नभएको र नियामक निकायबाट सम्झौता स्वीकृत वा सिफारिस हुन नसकेको अवस्थामा सोभन्दा कम रकममा समेत (माथि दफा २ को अवस्था बाहेक) यस विभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नु पर्नेछ ।

**४. दफा २ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि बस/मिनिबसको बडी निर्माणको लागि देहायबमोजिमका कागजातहरुको आधारमा भारतीय फर्म, कम्पनी, वा संस्थाले भुक्तानी पाउने गरी नेपाली नागरिकलाई समेत प्रति सवारी भा.रु. १५ लाखसम्मको सटही सुविधा बैंक तथा वित्तीय संस्थाबाटै प्रदान गर्न सकिनेछ । यस्तो सटही सुविधा प्रदान गर्दा नियामक निकायको स्वीकृति/सिफारिस अनिवार्य हुने छैनः**

**१. भुक्तानी प्राप्त गर्ने भारतीय फर्म/कम्पनी/संस्थाको प्रोफर्मा इन्भ्वाइस,**

**२. बस/मिनिबस खरिदको बीलबीजकको प्रतिलिपि,**

**३. बस/मिनिबसको भन्सार प्रज्ञापनपत्रको प्रतिलिपि,**

**४. बस/मिनिबसको बडी निर्माण गर्न पठाउँदा भन्सार धरौटी रसिदको प्रतिलिपि,**

**५. बस/मिनिबसको बडी निर्माण गर्न नेपालस्थित भारतीय कूटनीतिक नियोगको Vehicle Exit Permit को प्रतिलिपि,**

**६. बस/मिनिबसको व्यावसायिक सवारी साधन बीमालेखको प्रतिलिपि,**

**७. बस/मिनिबसको सवारी दर्ता प्रमाणपत्र (Blue Book) को प्रतिलिपि,**

**८. सटही सुविधाको आवेदक नेपाली नागरिक भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि । आवेदक फर्म/कम्पनी/संस्था भए फर्म/कम्पनी/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,**

**९. आवेदकको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि ।**

**(ग) <u>विदेशबाट रकम प्राप्त भएको आधारमा भारत तथा तेस्रो मुलुकबाट आयात भएको सेवा अन्य मुलुक (भारत समेत) मा निर्यात गर्न पाइने व्यवस्था :</u>**

**विदेशबाट विदेशी मुद्रा प्राप्त भएको आधारमा फर्म, कम्पनी, संघ, संस्थाले भारत तथा तेस्रो मुलुकका सेवा आयात गरी अन्य मुलुक (भारत समेत) मा निर्यात व्यापार गर्न विदेशी मुद्रा प्राप्त गर्ने सम्बन्धित वाणिज्य बैंकले विदेशी मुद्राको सुविधा उपलब्ध गराउन सक्नेछ ।**

१) **निर्यात रकम विदेशबाट सम्बन्धित वाणिज्य बैंकमा विदेशी मुद्रामा नै प्राप्त भएको हुनु पर्नेछ ।**

२) **बुँदा (१) बमोजिम प्राप्त रकम ननाघ्ने गरी निर्यात रकम प्राप्त गर्ने सम्बन्धित वाणिज्य बैंकले तेस्रो मुलुकको हकमा अमेरिकी डलर १२,००० र भारतको हकमा भा.रु. ३० लाखको सीमाभित्र रहने गरी आयातको लागि भुक्तानी सुविधा उपलब्ध गराउन सक्नेछ ।**

३) **नेपालको प्रचलित कानुनले कारोबार गर्न निषेध नगरेको कारोबार मात्र गर्नु पर्नेछ ।**

४) **AML तथा CFT सम्बन्धी व्यवस्थाहरूको पालना हुनु पर्नेछ ।**

५) **खण्ड (क) र (ख) मा उल्लिखित नियामक निकायको सिफारिस/स्वीकृति अनिवार्य हुने छैन ।**

६) **निर्यात रकम भा.रु.मा प्राप्त भएको हकमा भने आयातको भुक्तानी परिवर्त्य विदेशी मुद्रामा गर्न पाइने छैन ।**

७) **यस व्यवस्था बमोजिम आयातको भुक्तानी सम्बन्धी विवरण सम्बन्धित वाणिज्य बैंकले अद्यावधिक गरी राख्नु पर्नेछ ।**

अनुसूची ११.१

(एकीकृत इ.प्रा. परिपत्र : ११/२०८१ को दफा ९ को प्रयोजनको लागि)

इजाजतपत्रप्राप्त "क" वर्गको बैंकको नामः.......................
कन्द्रीय कार्यालय/कर्पोरेट कार्यालय (केन्द्रीय/कर्पोरेट कार्यालयले मात्र पेश गर्नु पर्ने)
विवरण पेश गरिएको आर्थिक वर्ष र त्रयमासः
विवरण पेश गरिएको मितिः

| सि.नं. | सेवा आयातकर्ता सम्बन्धी | | | आयोजनाको प्रकृति (राष्ट्रिय गौरव वा राष्ट्रिय प्राथमिकता प्राप्त) | सम्बन्धित निकाय सम्बन्धी | | | सेवा निर्यातकर्तासम्बन्धी | | | सटहीसुविधा सम्बन्धी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | ठेगाना | बैंक खाता नम्बर | | सिफारिस गर्ने निकायको नाम | ठेगाना | सिफारिस भएको मिति | नाम | ठेगाना (देश सहित) | बैंकको नाम र ठेगाना | मिति | वि.मु. (अमेरिकी डलर, यूरो… आदि) | रकम | |
| | | | | | | | | | | | | | | |

<u>तयार गर्ने</u>
नामः
पदः
दस्तखतः
इमेलः
फोनः

<u>रुजु गर्ने</u> <u>छापः</u>
नामः
पदः
दस्तखतः
इमेलः
फोनः

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : १२/२०८१

## रिप्याट्रिएशन सम्बन्धी व्यवस्था

रिप्याट्रिएशन सम्बन्धमा देहायका व्यवस्थाहरू गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी इजाजतपत्रप्राप्त सबै "क" वर्गका वाणिज्य बैंक, एयरलाइन्स तथा सोको जि.एस.ए/पि.एस.ए., कार्गो तथा कुरियर कम्पनी, ट्राभल, टुर तथा ट्रेकिङ्ग एजेन्सी, होटल, लज, र्‍याफ्टिङ, माउण्टेनियरिङ लगायत विविध पर्यटकीय सेवा उपलब्ध गराउने निकायहरूलाई यो परिपत्र जारी गरिएको छ।

१. हवाई टिकेटिङ्ग तथा कार्गो, कुरियर सेवाको मूल्य निर्धारण तथा रिप्याट्रिएशन व्यवस्था :

(क) सेवा मूल्य निर्धारण :
नेपालमा सेवा प्रदान गर्न इजाजतपत्रप्राप्त अन्तर्राष्ट्रिय वायुसेवा तथा कार्गो/कुरियर एजेन्सीहरू, होटल, लज, र्‍याफटिङ्ग, माउण्टनियरिङ्ग लगायतका विविध पर्यटकीय सेवा उपलब्ध गराउने निकायहरूले आफ्नो सेवाको मूल्य नेपाली रुपैयाँमा तोक्नु पर्नेछ।

(ख) अन्तर्राष्ट्रिय हवाई टिकट बिक्रीको रिप्याट्रिएशन :
इजाजतपत्रप्राप्त ट्राभल टूर एजेन्सीले हवाई टिकट बिक्री गरी संकलन गरेको रकम आफ्नो कमिसन आदि कटाई सम्बन्धित एयरलाइन्स तथा तिनका जि.एस.ए/पि.एस.ए. लाई सोझै वा अन्य कुनै संरचनाबाट भुक्तानी गर्नु पर्दा देहाय बमोजिम गर्नु पर्नेछ :

१. ट्राभल/टूर एजेन्सी तर्फ :
   (क) नेपाली रुपैयाँमा गरेको बिक्रीको रिप्याट्रिएशन नेपाली रुपैयाँको खाताबाट गर्नु पर्नेछ।
   (ख) विदेशी मुद्रामा गरेको बिक्रीको रिप्याट्रिएशन विदेशी मुद्राको खाताबाट गर्नु पर्नेछ।
   (ग) रिप्याट्रिएशन माग गर्दा संलग्न रिप्याट्रिएशन फा.नं.१ बमोजिमको विवरण भर्नु पर्नेछ।

२. वायु सेवा तथा जि.एस.ए/पि.एस.ए तर्फ :
   (क) आफैले बिक्री गरेको आफ्नो हवाई टिकटको विवरण संलग्न रिप्याट्रिएशन फा.नं. १ अनुरुप भर्नु पर्नेछ।
   (ख) आफैले बिक्री गरेको आफ्नो कार्गो/कुरियरको विवरण संलग्न रिप्याट्रिएशन फा.नं.२ र ३ अनुरुप भर्नु पर्नेछ।
   (ग) एजेन्टहरूले बिक्री गरेका हवाई टिकट तथा कार्गो कुरियर सम्बन्धी विवरण संलग्न रिप्याट्रिएशन फा.नं. ४ अनुरुप भर्नु पर्नेछ।
   (घ) माथि उल्लिखित विवरणहरू अनुसार विदेशस्थित आफ्नो प्रिन्सिपल कम्पनीलाई सोझै वा अन्य संरचना मार्फत रिप्याट्रिएशन गर्दा संलग्न रिप्याट्रिएशन फा.नं.५ बमोजिमको विवरण भर्नु पर्नेछ।

(ग) कार्गो/कुरियर बिक्रीको रिप्याट्रिएशन :
इजाजतपत्रप्राप्त ट्राभल/टुर र कार्गो/कुरियर एजेन्टहरूले विदेशी मुद्रामा कार्गो तथा कुरियर सेवा बिक्री गरी संकलन गरेको विदेशी मुद्रा मध्ये आफ्नो कमिसन, शुल्क आदि कटाई सम्बन्धित विदेशी एयरलाइन्स तथा तिनका जि.एस.ए/पि.एस.ए. आदिलाई सोझै वा अन्य कुनै संरचना मार्फत भुक्तानी गर्नु पर्दा देहायबमोजिम गर्नु पर्नेछ :

(१) नेपाली रुपैयाँमा गरेको बिक्रीको रिप्याट्रिएशन नेपाली रुपैयाँको खाताबाट संलग्न रिप्याट्रिएशन फा.नं. ३ बमोजिमको विवरण भरी गर्नु पर्नेछ ।

(२) विदेशी मुद्रामा गरेको बिक्रीको रिप्याट्रिएशन विदेशी मुद्राको खाताबाट संलग्न रिप्याट्रिएशन फा.नं.२ बमोजिमको विवरण भरी गर्नु पर्नेछ ।

(३) उल्लिखित फारामहरूमा उल्लेख भएका देहाय बमोजिमका कागजातहरू यस बैंकले निरीक्षण गर्न खोजेको समयमा देखाउन सक्ने गरी सम्बन्धित निकायले सुरक्षित तवरले राख्नु पर्नेछ ।

(क) कार्गो कम्पनीहरूले जारी गर्ने हाउस एयरवे बिल तथा एयरलाइन्सहरूले जारी गर्ने मास्टर एयरवे बिल, बिल अफ लेडिङ्ग ।

(ख) कुरियरको हकमा सम्बन्धित संस्थाबाट जारी भएको बिल/बीजक ।

(ग) नेपाल बाहिरबाट हुने ढुवानी (कार्गो/कुरियर) को हकमा बैंकबाट जारी भएको CPMT .

(घ) दृश्यावलोकन/पैदलयात्रा लगायत अन्य पर्यटकीय सेवा बिक्रीको रिप्याट्रिएशन इजाजतपत्रप्राप्त ट्राभल/टूर लगायतका एजेन्सीले देश बाहिर उपलब्ध गराउने दृश्यवलोकन/पैदल यात्रा लगायतका विविध पर्यटकीय सेवा बापत विदेशस्थित एजेन्टलाई भुक्तानी गर्नु पर्दा देहाय बमोजिम गर्नु/गराउनु पर्नेछ :-

(१) सम्बन्धित ट्राभल/टूर एजेन्टको नाममा विदेशबाट सो प्रयोजनको लागि प्राप्त विदेशी मुद्रा भन्दा बढी नहुने गरी मात्र भुक्तानी पठाउन सकिनेछ ।

(२) भुक्तानी प्राप्त गर्नु पर्ने विदेशस्थित एजेन्टले सम्बन्धित ट्राभल/टूरको नाममा जारी गरेको इन्भ्वाइसको आधारमा मात्र भुक्तानी पठाउन सकिनेछ ।

(३) उधारोमा उपलब्ध गराएको सेवा बापतको भुक्तानी उधारो असुल भएपछि मात्र पठाउन सकिनेछ ।

(ङ) <u>वाणिज्य बैंकहरूबाटै रिप्याष्ट्रिएशन प्राप्त हुने :</u>
इजाजतपत्रप्राप्त निकायहरूले माथि उल्लिखित खण्ड (ख), (ग) र (घ) बमोजिमको प्रकृया पूरा गरी वाणिज्य बैंकहरूसँग रिप्याष्ट्रिएशन माग गर्नु पर्नेछ। यसरी माग भए बमोजिमको रिप्याष्ट्रिएशन सम्बन्धित वाणिज्य बैंकहरूले प्रचलित विनिमय दरमा उपलब्ध गराउनु पर्नेछ ।

(च) <u>खाताको किसिम र सञ्चालन व्यवस्था :</u>
हवाई टिकेटिङ्ग तथा पर्यटकीय सेवा सञ्चालन गर्ने इजाजतपत्रप्राप्त विभिन्न निकायहरूमध्ये प्रचलित व्यवस्था अनुसार रिप्याट्रिएशन लिनुपर्ने विभिन्न निकायहरू (जस्तैः एयरलाईन्स तथा तिनका जि.एस.ए./पि.एस.ए, ट्राभल/ट्रेकिङ्ग तथा कार्गो/कुरियर लगायतका एजेन्सीहरू) ले विदेशी मुद्रा खाता सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(१) विदेशी मुद्रामा भुक्तानी लिई गरिने कारोबार :

(क) विदेशी मुद्रामा सेवा उपलब्ध गराउने निकायहरूले विदेशी मुद्रा जम्मा गर्ने र भुक्तानी/रिप्याट्रिएशन गर्ने प्रयोजनको लागि अनिवार्य रुपमा परिवर्त्य विदेशी मुद्राको खाता खोल्नु पर्नेछ। विदेशी मुद्रामा हुने अन्य आर्जन समेत सो खातामा जम्मा गर्न सकिनेछ ।

(ख) दफा १ मा उल्लिखित प्रकृया पूरा गरी विदेशी मुद्रामा भएको सेवा बिक्रीको भुक्तानी/रिप्याट्रिएशन गर्दा सोही खाताबाट मात्र गर्नु पर्नेछ ।

(ग) इजाजतपत्रप्राप्त निकायहरूले चाहेमा विदेशी मुद्रामा भएको आर्जन मात्र जम्मा गर्ने प्रयोजनको लागि विदेशी मुद्राको वेग्लै आर्जन खाता खोल्न समेत सकिनेछ। यस्तो खाताबाट भुक्तानी/रिप्याट्रिएशन खातामा विदेशी मुद्रा रकमान्तर गर्न सकिनेछ ।

(घ) भुक्तानी/रिप्याट्रिएशन खातामा भुक्तानी/रिप्याट्रिएशन गरी बाँकी रहेको र आर्जन खातामा रहेको विदेशी मुद्रा विदेश भ्रमणको लागि उपलव्ध गराउँदा यस बैंकको इ.प्रा. परिपत्र संख्या : ७ को दफा (३) मा भएको व्यवस्था अनुसार गर्नु पर्नेछ ।

(ङ) इजाजतपत्रप्राप्त निकायहरूले आवश्यकता अनुसार एक वा सो भन्दा बढी बैंक/वित्तीय संस्थामा विदेशी मुद्राको खाता खोल्न सक्नेछन् । यस्तो खाता खोल्दा बैंक/वित्तीय संस्थाले यस बैंकबाट प्रदान भएको इजाजतपत्र लगायतका आवश्यक कागजात लिई आ-आफ्नो प्रकृया पूरा गरेर खाता खोली दिनु पर्नेछ ।

(च) यस बैंकबाट प्रदान भएको विदेशी विनिमय कारोबार इजाजतपत्रको म्याद सकिएको तीस दिन भित्र इजाजतपत्र नवीकरण नगराउने निकायहरूले नवीकरण भएको प्रमाण पेश नगरेसम्म विदेशी मुद्रा खाता सञ्चालन गर्न पाउने छैनन् ।

(२) <u>नेपाली रुपैयाँ भुक्तानी लिई गरिने कारोबार</u> :
नेपाली रुपैयाँमा बिक्री भएको अन्तर्राष्ट्रिय हवाई टिकट तथा विविध पर्यटकीय सेवा बिक्रीबाट प्राप्त रकम नेपाली रूपैयाँ खातामा जम्मा गरी सोही खाताबाटै रिप्याट्रिएशन गर्नु पर्नेछ ।

२. <u>विविध व्यवस्था</u>

(क) सेवा तथा उत्पादन बिक्रीको बिल/बीजक जारी गर्दा प्रचलित विनिमय दरमा भुक्तानी लिनु/दिनु पर्नेछ । प्रचलित विनिमय दर भन्नाले यस बैंक वा यस बैंकबाट इजाजतपत्रप्राप्त “क” र राष्ट्रिय स्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरूले निर्धारण गर्ने विनिमय दर हुने भएकोले सेवा प्रदायकहरूले कारोबार गर्दा सोही विनिमय दरको परिधिभित्र रहेर मात्र मूल्य निर्धारण गरी कारोबार गर्नु पर्नेछ । यस प्रयोजनको लागि आफ्नो विदेशी मुद्रा खाता रहेको बैंकले तोकेको विनिमयदरलाई आधार मान्नु पर्नेछ ।

(ख) विदेशी मुद्रामा गरेको बिक्रीको रिप्याट्रिएशन सुविधा माग गर्ने निकायहरूले यस बैंकबाट विदेशी मुद्रा कारोबार गर्ने इजाजतपत्र लिई अद्यावधिक नवीकरण समेत भएको हुनु पर्नेछ ।

(ग) नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल आयल निगम, ग्राउण्ड ह्याण्डलिङ्ग एजेन्ट, क्याटरिङ्ग कम्पनी/एजेन्ट लगायत अन्य सेवा प्रदायकबाट अन्तर्राष्ट्रिय विमानस्थलमा उपलब्ध हुने अवतरण/विसान, नेभिगेशन/हाउजिङ्ग, ग्राउण्ड ह्याण्डलिङ्ग, क्याटरिङ्ग, फ्यूलिङ्ग लगायतका विविध सेवा/उत्पादनहरूको बिल/बीजक जारी गर्दा विदेशी मुद्रा तथा बिल जारी गरेको दिनको प्रचलित विनिमय दरको आधारमा नेपाली रुपैयाँ दुवैमा गर्नु पर्नेछ र विदेशी एयरलाइन्स तथा तिनका जि.एस.ए/पि.एस.ए.ले यस्तो बिलको भुक्तानी नेपाली रुपैयाँ वा विदेशी मुद्रामा गर्न सक्नेछ । तर, नेपालमा शाखा/सम्पर्क कार्यालय वा जि.एस.ए./पि.एस.ए. नभएका र नियमित सेवा सञ्चालन नगर्ने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनी वा सो का एजेन्ट वा अन्य संघ/संस्था तथा व्यक्तिले सञ्चालन गर्ने चार्टर्ड लगायतका अन्य उडानहरूलाई उपलव्ध गराउने सेवा/उत्पादनको भुक्तानी भने विदेशी मुद्रामै लिनु/दिनु पर्नेछ ।

(घ) भारतीय बाहेक अन्य विदेशी नागरिकलाई उपलव्ध गराएको सेवा/उत्पादनको भुक्तानी सेवा/उत्पादन उपलव्ध गराएको दिनको प्रचलित विनिमय दरको आधारमा विदेशी मुद्रामा लिनु पर्नेछ । साथै, प्रचलित व्यवस्था अनुसार विदेशी मुद्रामा खाता खोलेका व्यक्ति वा निकायहरूले आफूले प्राप्त गरेको सेवा/उत्पादनको भुक्तानी आफ्नो विदेशी मुद्रा खाता खर्च गरी विदेशी मुद्रामै पनि गर्न सक्नेछन् ।

(ङ) भारतीय बाहेक अन्य विदेशी नागरिकहरूले उपयोग गरेका सेवाको बिलको भुक्तानी विदेशी मुद्रा सटही गरेको रूपैयाँमध्येबाट गर्न चाहेमा विदेशी मुद्रा सटही गरेको इन्क्यासमेण्ट रसिद (Foreign Exchange Encashment Receipt - FEER) भिडाई सटही गरेको रकमले खाम्नेसम्मको रकम मात्र नेपाली रूपैयाँमा भुक्तानी लिन सकिनेछ । यसरी बिलको भुक्तानी रूपैयाँमा लिएमा उक्त बिलको पछाडि सम्बन्धित इन्क्यासमेण्ट रसिद (FEER) को नम्बर, मिति, विदेशी मुद्रा रकम र सटही गरी लिने संस्थाको नाम समेत उल्लेख गरी आफ्नो रेकर्डमा जनाउनुको साथै इन्क्यासमेन्ट रसिदमा पनि उपयोग भएको रकम र आफ्नो संस्थाको नाम, बिल नम्बर तथा मिति अनिवार्य रूपले जनाउनु पर्नेछ ।

(च) इजाजतपत्रप्राप्त निकायले खण्ड (ङ) अनुसार बिलको भुक्तानी नेपाली रूपैयाँमा स्वीकार गर्नुपर्दा सम्बन्धित विदेशी नागरिकको इन्क्यासमेन्ट रसिदको प्रतिलिपि लिनु पर्नेछ ।

(छ) अन्तर्राष्ट्रिय संघ संस्था वा कुटनीतिक नियोग आदि विदेशी संस्थामा ६ महिनाभन्दा बढी समयसम्म कामकाज गरी नेपालमा बसेको यकीन भएमा ती विदेशीहरूबाट अन्तर्राष्ट्रिय उडान र कार्गो बाहेक अरू बिलको भुक्तानी नेपाली रूपैयाँमा पनि लिन सकिनेछ ।

(ज) विदेशी नियोग, अन्तर्राष्ट्रिय संघ संस्थाहरूलाई उपलब्ध गराएको सेवा/उत्पादन मूल्यको बिल/बीजक जारी गर्दा नेपाली रुपैयाँ तथा बिल जारी गरेको दिनको प्रचलित विनिमय दरको आधारमा हुने विदेशी मुद्रा दुवैमा उल्लेख गर्नु पर्नेछ । यस्तो बिल/बीजकको भुक्तानी सम्बन्धित पक्षले नेपाली रुपैयाँ वा विदेशी मुद्रामा गर्न सक्नेछन् ।

(झ) नेपाली नागरिकहरूलाई अन्तर्राष्ट्रिय हवाई टिकट जारी गर्दा हवाई टिकटमा स्पष्ट देखिने गरी "टिकट रद्द गर्नुपरेमा राहदानी बापत लिएको विदेशी मुद्रा फिर्ता बुझाएको प्रमाण पेश गर्नु पर्नेछ" भन्ने व्यहोराको छाप लगाउनु पर्नेछ ।

(ञ) विदेश भ्रमणमा जाने व्यक्तिहरूलाई राहदानी बापत प्रदान गरेको विदेशी मुद्रा सम्बन्धित व्यक्तिहरूले बैंक दाखिला (फिर्ता) गरेको प्रमाण पेश नगरेसम्म हवाई टिकट रद्द गर्न र सो बापतको रकम फिर्ता (Refund) गर्न नमिल्ने भएकोले सम्बन्धित व्यक्तिको राहदानी र हवाई टिकट हेरी सटही सुविधा उपयोग नगरेको खण्डमा मात्र फिर्ता (Refund) प्रदान गर्न पाइनेछ । विदेशी मुद्रा बैंक दाखिला गरेको प्रमाण र रद्द गरिएका टिकटहरू (विदेशी मुद्रा सटही सुविधा उपयोग गरेको वा नगरेको) रद्द गरिएको मितिले कम्तिमा ६ महिनाको अवधिसम्म अनिवार्य रूपमा सुरक्षित राख्नु पर्नेछ । रद्द गरिएका त्यस्ता टिकटहरूको मासिक विवरण सम्बन्धित एयरलाइन्सले यस विभागमा अर्को महिनाको मसान्तभित्र अनिवार्यरूपमा पेश गर्नु पर्नेछ । तर, फर्कने एकतर्फी हवाई टिकट मात्र रद्द गर्नेको हकमा यो व्यवस्था लागू हुने छैन ।

(ट) Airlines Permit (APMT) लगायतका Repatriation माग गर्दा तयार गरिएका कागजातहरू यस बैंकले निरीक्षण गर्न खोजेको समयमा देखाउन सक्ने गरी सम्बन्धित इजाजतप्राप्त निकायले नै अनिवार्य रूपमा सुरक्षित तवरले राख्नु पर्नेछ । यस बैंकले निरीक्षण गर्न खोजेको समयमा उपर्युक्त प्रकारका कागजातहरू उपलब्ध गराउन नसकेमा वा बैंकले निरीक्षण गर्दा अनियमितता गरेको पाइएमा जुनसुकै बखत विदेशी मुद्रा कारोबार गर्ने इजाजतपत्र रद्द गरी कारवाही अगाडी बढाउन सकिनेछ ।

(ठ) विदेशी पर्यटकहरूलाई पुऱ्याएको सेवा बापत नेपाली ट्राभल/टूर एजेन्सीहरूलाई इजाजतपत्रप्राप्त होटेलहरूले परिवर्त्य विदेशी मुद्रामा समेत बिलिङ्ग गर्न सक्नेछन् । विदेशी मुद्रामा गरेको बिलिङ्गको भुक्तानी बैंक खाता मार्फत् परिवर्त्य विदेशी मुद्रामा गर्नु पर्नेछ ।

(ड) ट्राभल/टूर एजेन्सीहरूले परिवर्त्य विदेशी मुद्रामा बिक्री गरेका आन्तरिक उडानको हवाई टिकटको रकम सम्बन्धित वायुसेवालाई भुक्तानी गर्दा आफ्नो बैंक खाता मार्फत परिवर्त्य विदेशी मुद्रामा नै गर्नु पर्नेछ ।

(ढ) भारतीय बाहेक अन्य विदेशी नागरिकहरूले बिलको भुक्तानी परिवर्त्य विदेशी मुद्रामा मात्र गर्नु पर्नेछ भन्ने सूचना इजाजतपत्रप्राप्त निकायहरूले ठूलो अक्षरमा साईन बोर्ड लेखी सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

सूचनाको नमूनाः

| |
|---|
| FOREIGNERS OTHER THAN INDIAN NATIONAL ARE REQUIRED TO PAY THEIR BILLS IN CONVERTIBLE CURRENCY ONLY. |

(ण) यस व्यवस्था बमोजिम रिप्याट्रिएशन पाउने पक्ष भारतीय भएमा भारतीय रुपैयाँमा मात्र रिप्याट्रिएशन सुविधा उपलब्ध गराउनु पर्नेछ । तर, विदेशी मुद्रामै बिक्री भएका हवाई टिकट लगायत अन्य सेवा आदिको भुक्तानी/रिप्याट्रिएशन भने प्राप्त विदेशी मुद्रा भन्दा बढी नहुने गरी विदेशी मुद्रामै गर्न सकिने छ ।

(त) इजाजतपत्रप्राप्त सबै निकायहरूले आर्जन गरेको विदेशी मुद्रा रकम यथाशीघ्र आफ्नो परिवर्त्य विदेशी मुद्रा खातामा जम्मा गर्नु पर्नेछ ।

३. <u>कार्गो परमिट जारी गर्ने व्यवस्था:</u>

नेपाली निर्यातकर्ताहरूले विदेशमा C & F वा Freight Pre-paid को आधारमा सामान निर्यात गर्दा लाग्ने ढुवानी खर्चको लागि लिनुपर्ने अनुमति सम्बन्धित "क" वर्गका बैंकले नै प्रदान गर्न सक्नेछन् । यस्तो ढुवानी अनुमति जारी गर्दा वा ढुवानी भुक्तानी प्रदान गर्दा सम्बन्धित बैंकले (क) प्रतीतपत्रमा ढुवानी भाडा सम्बन्धमा स्पष्ट व्यवस्था भएको, (ख) सम्बन्धित ढुवानीकर्ताको ढुवानी रकम खुल्ने कोटेशन भएको, (ग) भन्सार प्रज्ञापनपत्र पेश गरेको, (घ) निर्यातकर्ताले पेश गरेको Invoice मा उल्लिखित रकमले अग्रिम भुक्तानी (Advance Payment) वा प्रतीतपत्रमा ढुवानी बापत उल्लिखित रकमलाई खामेको र (ङ) प्रतीतपत्रको म्याद बाँकी रहेको भएमा सो सम्पूर्ण कागजातहरू हेरी जाँची हवाइ भाडाको लागि ढुवानी अनुमति पत्र जारी गर्न सकिनेछ । यसैगरि, जलमार्गबाट हुने ढुवानीको हकमा पनि सम्बन्धित विदेशी शिपिङ्ग कम्पनीको नाममा एकाउन्टपेयी चेक/ड्राफ्टबाट सटही उपलब्ध गराउदा देहाय बमोजिम गर्नु पर्नेछ :

क) ढुवानी अनुमतिपत्र जारी गर्दा वा ढुवानीको भुक्तानी गर्दा यसैसाथ संलग्न अनुसूची १२.६ बमोजिमको फाराम प्रयोग गर्नु पर्नेछ र सोको बोधार्थ अनुसूची १२.७ बमोजिमको भुक्तानी विवरणसँग निर्यातकर्ताले पेश गरेको Invoice को एकप्रति संलग्न गरी नियमित रुपले यस विभागमा पठाउनु पर्नेछ । जलमार्गबाट हुने ढुवानीको लागि सम्बन्धित शिपिङ्ग कम्पनीको काठमाडौंस्थित एजेन्टमार्फत् ढुवानी गरिने हो भने अनुसूची १२.६ बमोजिमको अनुमतिपत्र जारी गर्नु पर्नेछ ।

ख) यदि प्रतीतपत्रमा House Airwaybill स्वीकार्य हुने व्यहोरा उल्लेख गरिएको छ भने Latest Shipment को मिति नाघे पनि प्रतीतपत्रको म्याद (Validity) रहेसम्म यसप्रकारको ढुवानी अनुमति दिन मिल्नेछ । तर, नेपाली वा भारतीय ढुवानीकर्ताहरूलाई भने यस्तो अनुमति अन्तर्गत परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न पाइने छैन ।

४. <u>विदेशबाट Repatriation ल्याउने सम्बन्धी व्यवस्था</u> :

ट्राभल एजेन्सी, ट्रेकिङ एजेन्सी, कार्गो कुरियर एजेण्ट, होटल लगायतका संस्थाहरूले विदेशबाट Repatriation लिनुपर्ने रकम विदेशी मुद्रा कारोबार भएको ३० दिनभित्र देशभित्र अनिवार्य रुपमा ल्याइसक्नु पर्नेछ । साथै, यस सम्बन्धी विवरण हरेक त्रयमास समाप्त भएको १५ दिनभित्र नेपाल राष्ट्र बैंक विदेशी विनिमय व्यवस्थापन विभागमा पठाउनु पर्नेछ ।

५. <u>विदेशी लगानी अन्तर्गत नपर्ने विदेशी संस्थाको नेपालमा स्थापित **शाखा तथा स्थायी संस्थापन (Permanent Establishment)** को रिप्याट्रियशन सम्बन्धी :</u>

विदेशी संस्थाको नेपालमा दर्ता भएको **शाखा तथा स्थायी संस्थापन (Permanent Establishment)** लाई देहायबमोजिम रिप्याट्रियशन सुविधा यस विभागले प्रदान गर्न सक्नेछ :

१) **शाखा तथा स्थायी संस्थापन (Permanent Establishment)** को दर्ता सम्बन्धी कागजातको प्रतिलपि,

२) **शाखा तथा स्थायी संस्थापन (Permanent Establishment)** को स्थायी लेखा नम्बर दर्ता सम्बन्धी कागजातको प्रतिलपि,

३) रिप्याट्रियशनको सटही सुविधा लिने सम्बन्धमा नेपालस्थित **शाखा तथा स्थायी संस्थापन (Permanent Establishment)** को सञ्चालक समिति वा अख्तियारप्राप्त अधिकारीको निर्णयको प्रतिलिपि,

४) नेपालस्थित **शाखा तथा स्थायी संस्थापन (Permanent Establishment)** को पछिल्लो लेखापरीक्षण प्रतिवेदन । साथै, रिप्याट्रियशन माग गरिएको आर्थिक वर्ष फरक भएमा सो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन समेत,

५) पछिल्लो कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि । साथै, रिप्याट्रियशन माग गरिएको आर्थिक वर्ष फरक भएमा सो वर्षको कर चुक्ता प्रमाणपत्र समेत,

६) कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाण (सम्पूर्ण कागजात सहित निवेदन पेश गर्दा छ महिना व्यतीत नभएको),

७) नेपाली बैंक तथा वित्तीय संस्थाबाट भाखा नाघेको कर्जा नभएको, विदेशी मुद्राको अपचलन नगरेको/नगर्ने, तिर्न बाँकी कुनै पनि कर दायित्व नरहेको, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी गतिविधिमा वित्तीय लगानी निवारणसम्बन्धी प्रचलित राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाको पालना हुने र प्रचलित कानुनी व्यवस्थाको पालना भएको/हुने व्यहोरा सहितको निवेदकबाट स्वघोषणा,

८) रिप्याट्रियशनका माग गरिएको रकममा अग्रिम आयकर, मूल्य अभिवृद्धि कर लगायतका प्रचलित कानुनबमोजिम कर लाग्ने भए त्यस्तो कर दाखिला गरेको प्रमाण,

९) नेपालस्थित **शाखा तथा स्थायी संस्थापन (Permanent Establishment)** र विदेशस्थित मुख्य संस्था बीच सम्बन्ध स्थापित हुने कागजात,

१०) मुख्य संस्थाको दर्ता सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि,

११) मुख्य संस्थाको कर दर्ता सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि,

१२) मुख्य संस्थाको पछिल्लो लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,

१३) नेपालबाट रिप्याट्रियशन लिने सम्बन्धमा विदेशी मुख्य संस्थाको सञ्चालक समिति (सञ्चालक समिति नहुने प्रकृतिको संस्था भए अख्तियारप्राप्त अधिकारी) को निर्णयको प्रमाणित प्रतिलिपि (रकम रिप्याट्रियशन हुने बैंकखाता सम्बन्धी विवरण (विदेशी बैंक तथा वित्तीय संस्थाको नाम, ठेगाना, खाताको नाम, नम्बर आदि) समेत उल्लेख भएको) ।

१४) यस्तो रिप्याट्रियशन आर्थिक वर्षगत रुपमा मात्र उपलब्ध हुनेछ ।

१५) रिप्याट्रियशन गर्दा नेपालस्थित **शाखा तथा स्थायी संस्थापन (Permanent Establishment)** को लेखापरीक्षण प्रतिवेदन र कर कार्यालयमा पेश भएको वित्तीय विवरणमा उल्लिखित बिक्री/आम्दानी, खुद नाफा र आयकर रकम लगायतका विषयमा तादात्म्य हुनु पर्नेछ ।

१६) रिप्याट्रियशन सुविधा प्रदान गर्दा सोही आर्थिक वर्षको लागि कुनै पनि बैंक तथा वित्तीय संस्थाबाट त्यस्तो सटही सुविधा नलिएको स्वघेषणा समेत नेपालस्थित **शाखा तथा स्थायी संस्थापन (Permanent Establishment)** बाट लिनु पर्नेछ ।

१७) नेपालमा दर्ता भएको **शाखा तथा स्थायी संस्थापन (Permanent Establishment)** प्रचलित विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी कानुनबमोजिम विदेशी लगानी तथा प्रविधि हस्तान्तरण अन्तर्गत नपर्ने व्यहोरा उल्लेख भएको विदेशी लगानी स्वीकृत गर्ने निकायको पत्र ।

**१८)** **शाखा तथा स्थायी संस्थापन (Permanent Establishment)** को खुद नाफा रिप्याट्रियशन गरिदिनेसम्बन्धी रकम तथा आर्थिक वर्ष समेत खुल्ने गरी सम्बन्धित नियामक निकायको सिफारिस पत्र । **तर, नियामक निकाय यकिन हुन नसकेका शाखा तथा स्थायी संस्थापन (Permanent Establishment) को हकमा नेपालमा त्यस्तो शाखा तथा स्थायी संस्थापन (Permanent Establishment) को नियामक निकाय नभएको स्वःघोषणा सम्बन्धित निवेदकबाट प्राप्त भई पेश हुन आएका सम्पूर्ण कागजातबाट सटही सुविधा उपलब्ध गराउनुपर्ने व्यहोरा पुष्टि हुन आएमा त्यस्तो शाखा तथा स्थायी संस्थापन (Permanent Establishment) ले आर्जन गरेको नाफाबाट बैंक तथा वित्तीय संस्थामा राखी आर्जन गरेको ब्याज बाहेकको रकममा प्रचलित व्यवस्थाबमोजिमको कर कट्टी गरी बाँकी रकमको रिप्याट्रियशन स्वीकृति प्रदान गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।**

६. सरकार तथा नेपाल सरकारको स्वामित्व रहेका निकायबाट भएको ग्लोबल टेण्डर अन्तर्गत ठेक्का प्राप्त गरेका विदेशी निकायहरूले प्रचलित कानुन बमोजिम नेपालमा रही कामकाज गर्न खोलिएका शाखा/सम्पर्क कार्यालय मार्फत वा प्रचलित कानुन बमोजिम अधिकार प्राप्त कुनै सरकारी निकायबाट छनौट भई वा अधिकार प्राप्त कुनै सरकारी निकायसँग करार गरी गरेको कार्यबाट आर्जन गरेको मुनाफा अथवा त्यस प्रकारका ठेक्काको काम मुख्य ठेकेदारले विभिन्न विदेशी कम्पनीलाई दिएको त्यस्ता स-साना उपठेक्का अन्तर्गतका ठेकेदारले आर्जन गरेको मुनाफा आफ्नो Parent Company लाई देहायका शर्तहरूको अधिनमा रहेर फिर्ता भुक्तानी (Repatriation) गर्न सकिनेछ ।

क. यस्तो मुनाफा फिर्ता भुक्तानी गर्न यस बैंकको स्वीकृति लिनु पर्नेछ ।

ख. स्वीकृतिका लागि निम्नानुसारका कागजात पेश गर्नु पर्नेछ :-

(१) फर्म, कम्पनी वा संस्था दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर (PAN) .

(२) कर चुक्ता प्रमाणपत्र र सेवाबापत अग्रिम कर दाखिला गरेको निस्सा (TDS) तथा मुनाफा भएमा लाग्ने लाभांश कर तिरेको निस्सा ।

(३) पछिल्लो लेखापरीक्षण प्रतिवेदन ।

(४) सेवा प्रदान गर्ने संस्थासँग गरेको सम्झौता र बिलबीजकको प्रमाणित प्रतिलिपि ।

(५) सम्झौता बमोजिम गरेको कार्यको विवरण सहित संचालक समितिबाट सटही सुविधा माग गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि र विदेशी मुद्रा अपचलन भएमा सोको सम्पूर्ण जिम्मेवारी लिने स्व:घोषणा ।

(६) काम प्रदान गर्ने संस्थाबाट भुक्तानी प्राप्त भएको रकम खुल्ने कागजात र बैंक स्टेटमेण्ट ।

(७) जुन कार्य गर्न ठेक्का/उप-ठेक्का प्राप्त गरेको हो सोही काम गरेर उल्लिखित मुनाफा आर्जन गरेको हो भन्ने व्यहोराको लेखापरीक्षकले प्रमाणित गरेको विवरण ।

(८) सम्बन्धित कार्य गर्न सम्झौता गर्ने संस्थाले भुक्तानी गरेको रकम प्रमाणित गरेको कागजात र सो रकमको सीमाभित्र सोही संस्था र नियामक निकाय भएमा सो निकाय समेतले मुनाफा रकमान्तर गर्न यस विभागलाई गरेको सिफारिस पत्र ।

अनुसूची १२.१

रिप्याट्रिएशन फा.नं. १

(परिपत्र संख्या १२ को दफा १ को प्रयोजनको लागि)

एयरलाइन्स/जि.एस.ए./पि.एस.ए./ट्राभल टुर एजेन्सीले बिक्री गरेको हवाई टिकट बापत

संकलित रकम रिप्याट्रिएशनको लागि प्रयोग गर्नु पर्ने फाराम

बिक्री अवधि : (मिति .....................देखि.............................सम्म)

श्री ..................(बैंकको नाम) मितिः

................................(ठेगाना) ।

महाशय,

यस कार्यालयले देहाय बमोजिमको विवरण अनुसार बिक्री गरेको हवाई टिकट बापत हुने तपसिल बमोजिमको रकम नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागको ई.प्रा.परिपत्र संख्याः १२ बमोजिम यस कार्यालयको तहां स्थित विदेशी मुद्रा रिप्याष्ट्रिएशन खाता नं.....................र नेपाली रुपैयाँ खाता नं. ......................... मा खर्च गरी ...................... को नाममा भुक्तानी हुने गरी रिप्याट्रिएशन सुविधा उपलव्ध गराई दिनु हुन अनुरोध गर्दछौं ।

| नेपाली रुपैयाँमा भएको बिक्री | | | | | | विदेशी मुद्रामा भएको बिक्री | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं | एयरलाइन्स को नाम | टिकट संख्या | कुल बिक्री रकम | कट्टा रकम (कमिसन आदि) | रिप्याट्रिएशन गर्नु पर्ने रकम | टिकट संख्या | कुल बिक्री रकम | कट्टा रकम (कमिसन आदि) | रिप्याट्रियशन गर्नु पर्ने रकम | कैफियत |
| | | | | | | | | | | |
| कुल जम्मा | | | | | नेपाली रुपैयाँ | विदेशी मुद्रा | | | | |

उपर्युक्त विवरण अनुसार यस कार्यालयबाट हवाई टिकट बिक्री भएको साँचो हो । उल्लिखित विवरण अनुसार अन्य बैंकबाट रिप्याट्रिएशन सुविधा लिएको छैन । झुट्टा विवरण पेश गरेको ठहरिएमा प्रचलित कानुन/नियम बमोजिम सहने/बुझाउने छौं ।

(आधिकारिक दस्तखत)

कम्पनीको नाम

इजाजतपत्र नम्बर

ठेगानाः

कम्पनीको छापः

बोधार्थः

श्री नेपाल राष्ट्र बैंक

विदेशी विनिमय व्यवस्थापन विभाग

बालुवाटार, काठमाण्डौ

अनुसूची १२.२

रिप्याट्रिएशन फा.नं.२
(परिपत्र संख्या १२ को दफा १ को प्रयोजनको लागि)
विदेशी मुद्रामा कार्गो/कुरियर बिक्रीको विवरण

बिक्री अवधि : (मिति ......................देखि..............................सम्म)

...................श्री (बैंकको नाम) मितिः
...............................(ठेगाना) ।

महाशय,

यस कार्यालयले देहाय बमोजिमको विवरण अनुसार विदेशी मुद्रामा बिक्री गरेको कार्गो/कुरियर बापत हुने कुल विदेशी मुद्रा..................... (अक्षरेपी .........................................) को नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागको ई.प्रा.परिपत्रसंख्याः १२ बमोजिम यस कार्यालयको तहाँ स्थित विदेशी मुद्रा खाता नं................... मा खर्च गरी ..............................................को नाममा भुक्तानी हुने गरी रिप्याट्रिएशन सुविधा उपलव्ध गराई दिनु हुन अनुरोध गर्दछौं ।

| क्र.सं. | कार्गो/कुरियर पठाउनेको नाम (Consignor) | पाउनेको नाम (Consignee) | मिति | पठाएको स्थान | क्यारियरको नाम | एयरवे बिल/बिल अफ लेडिङ्ग/बीजक/इन्भ्वाइस नं. | बिल/बीजक मूल्य | कमिसन | रिप्याट्रियशन गर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

उपर्युक्त विवरण अनुसार यस कार्यालयबाट कार्गो/कुरियर बिक्री भएको साँचो हो । उल्लिखित विवरण अनुसार अन्य बैंकबाट रिप्याट्रिएशन सुविधा लिएको छैन । झुट्टा विवरण पेश गरी सटही लिएको ठहरिएमा प्रचलित कानुन/नियम बमोजिम सहने/बुझाउने छौं ।

(आधिकारिक दस्तखत)
कम्पनीको नाम
इजाजतपत्र नम्बरः
ठेगानाः
कम्पनीको छापः

बोधार्थः
श्री नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग
बालुवाटार, काठमाण्डौ

अनुसूची १२.३

रिप्याट्रिएशन फा.नं.३
(परिपत्र संख्या १२ को दफा १ को प्रयोजनको लागि)
नेपाली रुपैयाँमा कार्गो/कुरियर बिक्रीको विवरण

बिक्री अवधि : (मिति ......................देखि..............................सम्म)

मितिः

श्री............................... .(बैंकको नाम)
.....................................................(ठेगाना) ।

महाशय,

यस कार्यालयले देहाय बमोजिमको विवरण अनुसार नेपाली रुपैयाँमा बिक्री गरेको कार्गो/कुरियर बापत हुने कुल रु...................... (अक्षरेपी ............................................) को नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागको ई.प्रा.परिपत्र संख्या : १२ बमोजिम यस कार्यालयको तहाँस्थित खाता नं .............................. मा खर्च गरी ......................................को नाममा भुक्तानी हुने गरी रिप्याट्रिएशन सुविधा उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछौं ।

| क्र. सं. | कार्गो/कुरियर पठाउनेको नाम (Consignor) | पाउनेको नाम (Consignee) | मिति | पठाएको स्थान | क्यारियरको नाम | एयरवे बिल/ बिल अफ लेडिङ्ग/बीजक/ इन्भ्वाइस नं. | बिल/ बीजक मूल्य | कमिसन | रिप्याट्रियशन गर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

उपर्युक्त विवरण अनुसार यस कार्यालयबाट कार्गो/कुरियर बिक्री भएको साँचो हो । उल्लिखित विवरण अनुसार अन्य बैंकबाट रिप्याट्रिएशन सुविधा लिएको छैन । झुट्टा विवरण पेश गरी सटही लिएको ठहरिएमा प्रचलित कानुन/नियम बमोजिम सहने/बुझाउने छौं ।

(आधिकारिक दस्तखत)
कम्पनीको नामः
इजाजतपत्र नम्बरः
ठेगानाः
कम्पनीको छापः

<u>बोधार्थः</u>
श्री नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग
बालुवाटार, काठमाण्डौ

अनुसूची १२.४

रिप्याट्रिएशन फा.नं.४

(परिपत्र संख्या १२ को दफा १ को प्रयोजनको लागि)

ट्राभल टूर तथा कार्गो/कुरियर एजेन्सीले बिक्री गरेको हवाई टिकट तथा कार्गो/कुरियरको विवरण

बिक्री अवधि : (मिति ......................देखि..............................सम्म)

मितिः

श्री ..................................(बैंकको नाम)

................................................(ठेगाना) ।

महाशय,

यस कार्यालयका देहाय एजेन्टहरूले हवाई टिकट तथा कार्गो/कुरियर बिक्री गरेको विवरण नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागको ई.प्रा.परिपत्र संख्या : १२ बमोजिम पेश गरेको व्यहोरा अनुरोध गर्दछौं ।

| नेपाली रुपैयाँमा भएको बिक्री | | | | | | विदेशी मुद्रामा भएको बिक्री | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं | एजेन्सिको नाम | टिकट बिक्री संख्या | कुल बिक्री रकम | कार्गो कुरियर बिक्री संख्या | कुल रकम | टिकट बिक्री संख्या | कुल बिक्री रकम | कार्गो कुरियर बिक्री संख्या | कुल रकम | कैफियत |
| | | | | | | | | | | |
| कुल जम्मा | | | | नेपाली रुपैयाँ | | विदेशी मुद्रा | | | | |

उपर्युक्त विवरण अनुसार अन्य बैंकबाट रिप्याट्रिएशन सुविधा लिएको छैन । झुट्टा विवरण पेश गरेको ठहरिएमा प्रचलित कानुन/नियम बमोजिम सहने/बुझाउने छौं ।

(आधिकारिक दस्तखत)

कम्पनीको नाम

इजाजतपत्र नम्बर

ठेगानाः

कम्पनीको छापः

<u>बोधार्थः</u>

श्री नेपाल राष्ट्र बैंक

विदेशी विनिमय व्यवस्थापन विभाग

बालुवाटार, काठमाण्डौ

अनुसूची १२.५

रिप्याट्रिएशन फा.नं.५
(परिपत्र संख्या १२ को दफा १ को प्रयोजनको लागि)
एयरलाईन्स/जि.एस.ए./पि.एस.ए.ले रिप्याट्रिएशनको लागि
अनुरोध गर्दा पेश गर्नु पर्ने फाराम

श्री ..............................(बैंकको नाम)
............................................(ठेगाना)।
...............................

महाशय,

यस कार्यालय र यसका स्थानीय बिक्री एजेन्टबाट मिति ..............देखि ................मिति ............सम्मको अवधिमा विदेशी मुद्रा र नेपाली रुपैयाँमा गरिएको हवाई टिकट र कार्गो तथा कुरियर बिक्री बापत संकलित देहाय अनुसारको रकम नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागको ई.प्रा.परिपत्रसंख्या : १२ बमोजिम ................. स्थित प्रिन्सिपल कम्पनी .......................... को नाममा रिप्याट्रिएशन गर्न प्रचलित बजार विनिमयदरमा सटही स्वीकृति उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु।

| नेपाली रुपैयाँमा भएको बिक्री | | | विदेशी मुद्रामा भएको बिक्री | | |
|---|---|---|---|---|---|
| विवरण | | रकम | विवरण | | रकम |
| (क) | संलग्न रिप्याट्रिएशन फा.नं.१ अनुरुप आफ्नो हवाई टिकट बिक्री रकमः | | (क) | संलग्न रिप्याट्रिएशन फा.नं.१ अनुरुप आफ्नो हवाई टिकट बिक्री रकमः | |
| (ख) | संलग्न विवरण बमोजिम एजेन्टहरूले बिक्री गरेको हवाई टिकट रकम | | (ख) | संलग्न विवरण बमोजिम एजेन्टहरूले बिक्री गरेको हवाई टिकट रकम | |
| (ग) | संलग्न रिप्याट्रिएशन फा.नं ३ अनुरुप आफ्नो कार्गो कुरियर बिक्री रकम : | | (ग) | संलग्न रिप्याट्रिएशन फा.नं २ अनुरुप आफ्नो कार्गो कुरियर बिक्री रकम : | |
| (घ) | संलग्न विवरण बमोजिम एजेन्टहरूले बिक्री गरेको कार्गो कुरियर रकम : | | (घ) | संलग्न विवरण बमोजिम एजेन्टहरूले बिक्री गरेको कार्गो कुरियर रकम : | |
| कुल बिक्री रकम | | | कुल बिक्री रकम | | |
| न्युन संलग्न बिररण अनुसारको स्थानीय खर्च | | | न्युन संलग्न बिररण अनुसारको स्थानीय खर्च | | |
| रिप्याट्रिएशन गर्नु पर्ने रकम | | | रिप्याट्रिएशन गर्नु पर्ने रकम | | |

(आधिकारिक दस्तखत)
कम्पनीको नाम
इजाजतपत्र नम्बरः
ठेगानाः
कम्पनीको छापः

<u>बोधार्थः</u>
श्री नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग
बालुवाटार, काठमाण्डौ

अनुसूची १२.६

(इ.प्रा.परिपत्र संख्या १२ को दफा ३ को प्रयोजनको लागि)
हवाई/जलमार्गबाट हुने ढुवानीका लागि

सबै एयरलाइन्स तथा ट्राभल एजेन्सीहरू/नेपालमा दर्ता भएको शिपिङ्ग एजेन्टको नाम

विषयः हवाई/जलमार्ग भाडाको अनुमतिपत्र बारे ।

महाशय,

..................................................................... ले अनुरोध गरेमा अमेरिकी डलर .................. सम्मको ढुवानी खर्च रुपैयाँमा भुक्तानी लिन यो पत्र जारी गरिएको छ ।

भवदीय,

बोधार्थः-
श्री नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग ।

उपर्युक्त ढुवानीपत्र सम्बन्धी विवरणहरू निम्नानुसार भएको व्यहोरा प्रमाणित गरिन्छ :

१. प्रतीतपत्र वा अग्रिम भुक्तानी उल्लेख गर्ने :
२. सोको नं.:
३. सो पठाउने बैंकको नाम र ठेगाना :
४. विदेशी आयातकर्ताको नाम र ठेगाना :
५. निर्यातकर्ताको नाम र ठेगाना :
६. रकम :
   (क) एफ. ओ. वि.
   (ख) फ्रेट
७. यसभन्दा पहिले उपयोग भैसकेको भए सोको रकम :
   (क) एफ. ओ. वि.
   (ख) फ्रेट
८. प्रतीतपत्र वा अग्रिम भुक्तानीमा उल्लिखित :
   (क) लेटेष्ट शीपमेण्ट मिति
   (ख) भ्यालिडिटि मिति
९. भन्सार प्रज्ञापनपत्रमा उल्लिखित :
   (क) मिति
   (ख) एफ. ओ. वि. मूल्य
१०. अन्य :

...................................................
अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप :

अनुसूची १२.७

(इ.प्रा.परिपत्र संख्या १२ को दफा ३ को प्रयोजनको लागि)
जलमार्गबाट हुने ढुवानीका लागि

श्री नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग ।

विषयः जलमार्गबाट हुने ढुवानीको लागि प्रदान गरिएको भुक्तानी विवरण ।

महाशय,

....................................... ले अनुरोध गरे अनुसार .................................. भुक्तानी पाउने गरी ................. को एकाउण्टपेयी चेक/ड्राफ्ट उपलव्ध गराइएको छ । सो सम्बन्धी निम्नानुसार भएको व्यहोरा प्रमाणित गरिन्छ ।

१. प्रतीतपत्र वा अग्रिम भुक्तानी उल्लेख गर्ने :
२. सोको नं.:
३. सो पठाउने बैंकको नाम र ठेगाना :
४. विदेशी आयातकर्ताको नाम र ठेगाना :
५. निर्यातकर्ताको नाम र ठेगाना :
६. रकम :
   (क) एफ. ओ. वि.
   (ख) फ्रेट
७. यसभन्दा पहिले उपयोग भैसकेको भए सोको रकम :
   (क) एफ. ओ. वि.
   (ख) फ्रेट
८. प्रतीतपत्र वा अग्रिम भुक्तानीमा उल्लिखित :
   (क) लेटेष्ट शीपमेण्ट मिति
   (ख) भ्यालिडिटि मिति
९. भन्सार प्रज्ञापनपत्रमा उल्लिखित :
   (क) मिति
   (ख) एफ. ओ. वि. मूल्य
१०. ढुवानी गर्ने शिपिङ्ग कम्पनीको नाम र ठेगाना :
११. अन्य :

.............................................
अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप :

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : १३/२०८१

विदेशी मुद्राको बैंक ग्यारेण्टी सम्बन्धी व्यवस्था

विदेशबाट मालसामान तथा प्रचलित व्यवस्था बमोजिमको सीमाभित्र सेवा आयात/निर्यात गर्न तथा विदेशी ऋण भित्र्याउने प्रयोजनका लागि देहायबमोजिम विदेशी मुद्राको बैंक ग्यारेण्टी (Bid Bond, Performance Bond इत्यादि) जारी गर्न यस बैंकबाट अनुमति लिनु नपर्ने व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैंकिङ विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू तथा इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य वैंकहरु तथा राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरूलाई यो परिपत्र जारी गरिएको छ ।

१. नेपालस्थित कुनै निकायले मालसामान वा प्रचलित व्यवस्था बमोजिम तोकिएको सीमाभित्रको सेवा खरिद गर्दा सोको भुक्तानी बिक्रीकर्तालाई विदेशी मुद्रामा नै गरिने व्यवस्था छ भने त्यस्तो मालसामान वा सेवा खरिद गर्ने प्रयोजनको लागि जारी गरिने बैंक ग्यारेण्टी

२. यस बैंकबाट इजाजत लिई विप्रेषण कारोबारमा संलग्न कम्पनी निवेदक हुने गरी त्यस्तो कम्पनीको विदेशस्थित प्रिन्सिपल/एजेण्टबाट विप्रेषण कारोबार अन्तर्गतको अग्रिम भुक्तानी प्राप्त गर्ने प्रयोजनका लागि बैंक ग्यारेण्टी जारी गर्न पाइने छैन ।
यो व्यवस्था लागू हुनुपूर्व त्यस्तो बैंक ग्यारेण्टी जारी भएको भए सोको म्याद समाप्त भएपश्चात् नवीकरण गर्न पाइने छैन ।

३. यस बैंकबाट इजाजतप्राप्त ट्राभल एजेन्सीहरूलाई नेपालमा कार्यरत विदेशी एयरलाइन्सको एजेन्ट भई काम गर्न आवश्यक हुने बैंक ग्यारेण्टी ।

४. विदेशस्थित कुनै निकायलाई नेपालबाट वस्तु निर्यात तथा सेवा उपलब्ध गराउने लगायतका व्यवसाय गर्न र सो प्रयोजनको लागि आवश्यक पर्ने अग्रिम भुक्तानी लिने प्रयोजन समेतको लागि सम्बन्धित व्यवसायीको अनुरोधमा इजाजतपत्रप्राप्त "क" वर्गका बैंकले जारी गर्ने विदेशी मुद्राको बैंक ग्यारेण्टी (बिड वण्ड, परफरमेन्स बण्ड, अग्रिम भुक्तानी ग्यारेण्टी इत्यादि) वा Standby Letter of Credit ।

५. बैंक ग्यारेण्टी वा Standby Letter of Credit सम्बन्धी अन्य शर्त तथा व्यवस्थाहरु देहायबमोजिम हुनेछन्:

(क) बैंक ग्यारेण्टीसँग सम्बन्धित कामकारवाही गर्दा प्रचलित अन्तर्राष्ट्रिय मापदण्डहरु (International Chambers of Commerce, Uniform Rules for Demand Guarantees (URDG 758) को पालना गर्नु पर्नेछ ।

(ख) यस परिपत्रको दफा १ देखि ४ सम्म उल्लिखित बैंक ग्यारेण्टी जारी गर्दा निवेदकबाट फर्म/कम्पनी/संस्था दर्ता, कर दर्ता, कर चुक्ता प्रमाणपत्रका प्रतिलिपि, मालसामान/सेवा खरिद-बिक्रीसम्बन्धी बिलबिजक, सेवा खरिद-बिक्रीसम्बन्धी सम्झौता, विदेशी मुद्रा अपचलन नहुने स्वघोषणासहित सञ्चालक समिति वा आधिकारप्राप्त अधिकारीको प्रतिवद्धता पत्र लगायतका कागजातसहित त्यस्तो बैंक ग्यारेण्टी वा Standby Letter of Credit को आवश्यकता पुष्टि हुने कागजात लिनु पर्नेछ ।

(ग) बैंक ग्यारेण्टी वा Standby Letter of Credit जारी गरेपश्चात सिर्जना हुने सम्पूर्ण दायित्व सम्बन्धित बैंक तथा वित्तीय संस्थाकै हुनेछ । यस्तो दावीको भुक्तानी गर्न यस बैंकको स्वीकृति आवश्यक पर्ने छैन ।

(घ) दावी परी भुक्तानी दिएको बैंक ग्यारेण्टीको विवरण भुक्तानी गरेलगत्तै यस विभागमा पठाउनु पर्नेछ ।

(ङ) बैंक ग्यारेण्टीको आधारमा आयात भएको वस्तुको हकमा सम्बन्धित बैंकले त्यस्तो वस्तु भित्रिएको भन्सार प्रज्ञापनपत्र र राजस्व दाखिला गरेको निस्साको प्रतिलिपि लिई सामान भित्रिएको/नभित्रिएको यकीन गर्नु पर्नेछ ।

(च) समयमा मालसामान तथा सेवा आयात/निर्यात भए नभएको सम्बन्धमा बैंक स्वयम्ले अनुगमन गर्नु पर्नेछ ।

६. **आफ्नो व्यवसाय ठेक्का पट्टा वा व्यापारको सिलसिलामा जारी हुने Bid Bond, Performance Bond जस्ता कर्जा प्रवाह नगर्ने प्रयोजन भएका विदेशी बैंक ग्यारेण्टी बैंक तथा वित्तीय संस्था आफैंले स्वीकार गर्न सक्नेछन् ।**

६क. **नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ (तेस्रो संशोधन सहित) को व्यवस्थाबमोजिम इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकले स्वदेशमा कर्जा प्रवाह गर्ने वा प्रवाह भइसकेको कर्जा सुरक्षण गर्ने प्रयोजनको लागि विदेशी बैंक तथा वित्तीय संस्थाका साथै विदेशी नियामक निकायबाट स्वीकृतिप्राप्त विदेशी पेन्सन फण्ड, हेज फण्ड, सरकारी/अन्तर-सरकारी स्वामित्वको Development Finance Institutions (DFIs) लगायतका कर्जा प्रवाह गर्ने संस्थाबाट जारी भएको वित्तीय जमानत आफैंले स्वीकार गर्न सक्नेछन् ।**

**तर, यस्तो बैंक जमानत वा वित्तीय जमानत स्वीकार गर्दा नेपालबाट कुनै कमिशन, शुल्क, वा लागत तिर्नु पर्ने भएमा सोको स्वीकृति नेपाल राष्ट्र बैंकबाट लिनु पर्नेछ र त्यस्तो कमिशन, शुल्क, वा लागत देहायबमोजिमको सीमाभित्र समेत रहनु पर्नेछ :**

**(क) सम्बन्धित इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंक आफैंले बैंक/वित्तीय जमानत (स्वदेशी मुद्रा समेत) जारी गर्दा लिने Standard Tariff या Charges मा उल्लिखित न्यूनतम कमिशन, शुल्क, वा लागत भित्र रहनु पर्नेछ ।**

**(ख) माथि खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो कमिशन, शुल्क, वा लागत प्रति वर्ष १.५ प्रतिशतभित्र रहनु पर्नेछ ।**

७. नेपालमा सञ्चालन गरिने कुनै पनि परियोजना निर्माण वा वस्तु तथा सेवा आपूर्तिका लागि आह्वान गरिएको अन्तर्राष्ट्रिय बोलपत्र (Global Tender) को लागि विदेशी बोलपत्रदाताले बोलपत्रमा तोकिएको परिवर्त्य विदेशी मुद्रामा नै Bid Bond/Performance Bond लगायतका Bank Guarantee पेश गर्नुपर्ने र त्यस्ता बोलपत्रका लागि विदेशी बैंकहरूले परिवर्त्य विदेशी मुद्रामा जारी गरेको काउण्टर ग्यारेण्टी वा विदेशी बोलपत्रदाताले सम्बन्धित बैंकमा उपलब्ध गराउने विदेशी मुद्राको नगद धरौटी वा बैंक मौज्दातलाई Earmark गरेर नेपाली बैंकहरूले तोकिएको मुद्रामा ग्यारेण्टी जारी गर्न सक्नेछन् । नेपाली बोलपत्रदाता समेत सहभागी हुन सक्ने गरी आह्वान भएको अन्तर्राष्ट्रिय बोलपत्रका लागि सुरक्षण र जोखिम सम्बन्धित बैंकले नै विश्लेषण गरी त्यस्तो जमानत जारी गर्न सक्नेछ । नेपाली र विदेशी मिली बनेको संयुक्त उपक्रम समेत सहभागी हुन सक्ने गरी आह्वान भएको अन्तर्राष्ट्रिय बोलपत्रका लागि समेत त्यस्तो जमानत जारी गर्न सकिनेछ । त्यस्तो संयुक्त उपक्रममा नेपाली पक्षको हिस्साअनुसार सुरक्षण र जोखिम सम्बन्धित बैंकले नै विश्लेषण गरी र विदेशी पक्षको हिस्साको अनुपातमा विदेशी बैंकहरूले सम्बन्धित परिवर्त्य विदेशी मुद्रामा जारी गरेको काउण्टर ग्यारेण्टी वा त्यस्तो पक्षले सम्बन्धित बैंकमा उपलब्ध गराउने विदेशी मुद्राको नगद धरौटीको आधारमा वा बैंक मौज्दातलाई Earmark गरेर त्यस्तो जमानत जारी गर्न सकिनेछ ।

८. राष्ट्रिय स्तरको बोलपत्रमा विदेशी बोलपत्रदाताले भाग लिन नपाउने हुनाले त्यस्ता बोलपत्रको लागि विदेशी बोलपत्रदाताको तर्फबाट बैंक ग्यारेण्टी जारी गर्न र प्रतीतपत्र खोल्न पाइने छैन ।

९. विदेशमा ऋण लिने प्रयोजनको लागि यस्तो बैंक ग्यारेण्टी वा Standby Letter of Credit जारी गर्न पाइने छैन ।

तर, विदेशी मुद्रा आम्दानी गरेका नेपाली फर्म/कम्पनी/संघ/संस्था/निकायलाई विदेशमा कारोबार सञ्चालन गरी नेपालमा थप विदेशी मुद्रा भित्र्याउने प्रयोजनका लागि देहायबमोजिमका शर्त तथा कागजातहरुको आधारमा विदेशमा ऋण लिने प्रयोजनको लागि समेत बैंक ग्यारेण्टी वा Standby Letter of Credit जारी गर्न यस बैंकबाट स्वीकृति प्रदान गर्न सकिनेछ ।

(१) बैंक ग्यारेण्टी वा Standby Letter of Credit को अधिकतम सीमा अमेरिकी डलर ५० लाख वा सो बराबरको अन्य विदेशी मुद्रा हुनेछ । त्यस्तो सीमा बैंक ग्यारेण्टी वा Standby Letter of Credit को निवेदकले पछिल्ला ५ आर्थिक वर्षहरुभित्र बैंकिङ्ग प्रणालीबाट आम्दानी गरेको कुल विदेशी मुद्राभन्दा बढी हुने छैन र विदेशमा लिइने ऋण रकमभन्दा बढी हुने छैन ।

(२) बैंक ग्यारेण्टी वा Standby Letter of Credit जारी गरी विदेशमा ऋण लिनु पर्ने आवश्यकता पुष्टि हुने कागजात ।

(३) फर्म/कम्पनी/संघ/संस्था दर्ता प्रमाणपत्र र करदर्ता प्रमाणपत्र ।

(४) कर चुक्ता प्रमाणपत्र वा कर विवरण बुझाएको प्रमाण ।

(५) पछिल्लो लेखापरीक्षण प्रतिवेदन ।

(६) सञ्चालक समिति वा सञ्चालक समिति नहुने प्रकृतिको संस्थाको हकमा अख्तियारप्राप्त अधिकारीबाट त्यस्तो सुविधा माग गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि र विदेशी मुद्रा अपचलन भएमा सोको सम्पूर्ण जिम्मेवारी लिने स्व:घोषणा ।

(७) विदेशी मुद्रा आम्दानी भएको सम्बन्धी प्रमाण ।

(८) विदेशमा कारोबार गरेबापत नेपालमा थप विदेशी मुद्रा भित्रिने सम्बन्धी कार्ययोजना ।

(९) यस्तो कारोबार गर्दा सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ लगायतका प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन, नियम, निर्देशनको पूर्णतया पालना गर्नु पर्नेछ ।

(१०) यस्तो सटही सुविधा लिएपश्चात् विदेशमा भएको कारोबारबाट विदेशी मुद्रा नेपाल भित्रिएको प्रमाण पेश गर्नु पर्नेछ ।

(११) यस बैंकले तोकेका अन्य शर्तहरु र कागजातहरु ।

१०. व्यवसायिक कृषि, उत्पादनमूलक उद्योग, पूर्वाधार निर्माण र पर्यटनसँग सम्बन्धित नेपाली फर्म तथा कम्पनीले विदेशी संस्थाबाट नेपालमा विदेशी ऋण भित्र्याउने प्रयोजनका लागि इजाजतपत्रप्राप्त “क” वर्गका बैंकले विदेशी मुद्राको बैंक ग्यारेण्टी वा Standby Letter of Credit जारी गर्न सक्नेछन् । यसरी जारी भएको ग्यारेण्टी वा प्रतीतपत्र ऋणको बक्यौता साँवा र अवधिसम्म मात्र कायम रहनु पर्नेछ । विदेशी ऋण सम्बन्धी अन्य व्यवस्थाहरु नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ बमोजिम हुनेछ ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : १४/२०८१

<u>इलेक्ट्रोनिक कार्ड मार्फत् हुने कारोबार सम्बन्धी व्यवस्था</u>

बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना ग्राहकहरूलाई निम्न शर्तहरूको अधीनमा रही यस विभागको स्वीकृतिमा परिवर्त्य विदेशी मुद्राको क्रेडिट/डेबिट/प्रिपेड लगायतका इलेक्ट्रोनिक कार्ड जारी गर्न सक्ने तथा कार्डमा कारोबार गर्दा देहायको प्रकृया अपनाउनु पर्ने व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू तथा इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरूलाई यो परिपत्र जारी गरिएको छ ।

१. <u>विदेशी मुद्रामा भुक्तानी हुने गरी विद्युतीय भुक्तानी कार्ड जारी गर्दा अपनाउनु पर्ने नीतिगत एवम् प्रक्रियागत व्यवस्था सम्बन्धमा :</u>

(क) इजाजतपत्रप्राप्त "क" वर्ग र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकले विदेशी विनिमय सम्बन्धी प्रचलित व्यवस्था अन्तर्गत रही विदेशी मुद्राको क्रेडिट कार्ड, डेबिट कार्ड, प्रिपेड कार्ड लगायतका विद्युतीय भुक्तानी कार्ड जारी गर्न सक्नेछन् ।

(ख) इजाजतपत्रप्राप्त रेमिटान्स कम्पनीहरूले स्वदेशी मुद्रामा भुक्तानी हुने प्रिपेड रेमिटान्स कार्ड मात्र जारी गर्न सक्नेछन् ।

(ग) विदेशी मुद्रामा भुक्तानी हुने विद्युतीय भुक्तानी कार्ड जारी गर्ने भएमा संस्थाको सञ्चालक समितिबाट यस सम्बन्धी नीतिगत निर्णय, सुरक्षा तथा जोखिम व्यवस्थापन, विदेशी सेवा प्रदायकसँग हुने सम्झौता लगायतका अन्य प्रक्रियागत व्यवस्था गरी यस विभागको अनुमति लिनु पर्नेछ ।

(घ) विद्युतीय भुक्तानी कार्ड जारी वा नवीकरण गर्दा लाग्ने शुल्क, कार्डमार्फत कारोबार सञ्चालन गर्दा लाग्ने सेवा शुल्क, ब्याज तथा हर्जाना सम्बन्धी व्यवस्थाहरू ग्राहकसँगको सम्झौतामा स्पष्टरुपमा उल्लेख गर्नु पर्नेछ ।

(ङ) यस बैंकबाट विदेशी मुद्रामा विद्युतीय भुक्तानी कार्ड जारी गर्न अनुमतिपत्रप्राप्त संस्थाले ग्राहकसँग सम्झौता गरी देहायका कार्यहरू गर्न सक्नेछन् ।

(अ) खातामा रहेको मौज्दात तथा कारोबार सम्बन्धी विवरण उपलब्ध गराउने ।

(आ) विदेशमा Automated Teller Machine (ATM) वा Cash Dispensing Machine (CDM) बाट नगद विदेशी मुद्रा झिक्ने ।

(इ) वस्तु वा सेवा उपभोग गरे बापतको रकम Point of Sale (POS), Point of Transaction (POT) Machine, Internet वा अन्य विद्युतीय माध्यमबाट भुक्तानी गर्ने ।

(च) प्रत्येक कारोबार सम्पन्न भएपछि अनिवार्य रुपमा सम्बन्धित ग्राहकलाई SMS मार्फत सतर्कता सन्देश (Alert Message) प्रदान गर्नु पर्नेछ । साथै, ग्राहकले इमेलमार्फत सतर्कता सन्देश माग गरेमा सो समेत उपलब्ध गराउनु पर्नेछ । सो प्रयोजनका लागि विद्युतीय भुक्तानी कार्ड जारी गर्ने संस्थाले ग्राहकसँग सतर्कता सन्देश पठाउने सम्पर्क नम्बर/इमेल ठेगाना अनिवार्य रुपमा लिनु पर्नेछ ।

(छ) प्रत्येक पटक मेशिनमा कार्डको प्रयोग गर्दा कारोबार सम्पन्न भएपनि वा नभएपनि सोको रेकर्ड रहने व्यवस्था गर्नु पर्नेछ ।

(ज) यो निर्देशन जारी हुनु पूर्व विद्युतिय कार्ड सेवा उपभोग गरिरहेका ग्राहकले सम्पर्क नम्बर/इमेल ठेगाना उपलब्ध नगराएको वा अद्यावधिक नगराएको भएमा निर्देशन जारी भएको तीन महिना भित्रमा सम्बन्धित बैंकले अनिवार्य रुपमा उक्त ठेगाना अद्यावधिक गराउनु पर्नेछ ।

(झ) विद्युतीय भुक्तानी कार्डमार्फत Cash out गरिने वा नगरिने कारोबारमा Cash Dispense नभई खाताबाट मौज्दात घटेको अवस्थामा वा विद्युतीय भुक्तानी कार्डमार्फत Point of Sale (POS), Point of Transaction (POT) Machine वा अन्य विद्युतीय माध्यमबाट भुक्तानी कारोबार गर्दा कारोबार सम्पन्न नभई खाताबाट मौज्दात घटेको अवस्थामा देहाय बमोजिम गर्नु पर्नेछ ।

(अ) Issuer र Acquirer एउटै संस्था भएमा मनासिव कारण वाहेक कारोबार भएकै दिन हिसावमिलान गर्नुपर्ने ।

(आ) Issuer र Acquirer फरक फरक संस्था भई कुनै एक विदेशी संस्था भएमा दावी उजुरी परेको वा नपरेको अवस्थामा बढीमा ३० दिन भित्रमा हिसाव मिलान गर्नुपर्ने ।

(ञ) हाल प्रयोगमा रहेका विदेशी मुद्राका विद्युतीय भुक्तानी कार्ड तथा Aquirer device लाई ६ महिना भित्रमा EMV Chip Based बनाउनु पर्नेछ ।

(ट) अन्य व्यवस्था सम्बन्धमा :

(अ) कार्ड हराएमा, चोरी भएमा, कारोबारको क्रममा अन्य समस्या देखिएमा ग्राहकलाई तत्काल सहयोग गर्न सम्बन्धित संस्थाले एक Help Desk खडा गरी २४ सै घण्टा सञ्चालन गर्नु पर्नेछ ।

(आ) कार्डको अवधि समाप्त नहुँदै हराएमा वा चोरी भएमा सूचना प्राप्त हुँदाको समयमा नै कार्ड ब्लक गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(इ) विद्युतीय भुक्तानी कार्ड जारी गर्दा यस्ता कार्डहरूमा अन्तर्राष्ट्रिय रुपमै स्वीकार्य र प्रचलनमा रहेका सुरक्षात्मक उपाय र विशेषताहरू अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(ई) विदेशी मुद्रामा भुक्तानी हुने गरी जारी भएका कार्डबाट नेपाली रुपैयाँमा भुक्तानी हुँदा यस बैंकको भुक्तानी प्रणाली विभागबाट जारी निर्देशनहरु पालना हुने व्यवस्था गर्नु पर्नेछ ।

२. <u>क्रेडिट/प्रिपेड /डेबिट लगायतका कार्ड जारी गर्ने व्यवस्था</u>

(क) <u>क्रेडिट कार्ड पाउन ग्राह्य व्यक्तिहरू :</u>

क्रेडिट कार्ड जारी गर्ने सम्बन्धित बैंक/वित्तीय संस्थाहरूले आ-आफ्नो निर्धारित प्रक्रृया पूरा गरी क्रेडिट कार्ड पाउन आवेदन दिएका निवेदकहरूलाई क्रेडिट कार्ड दिन सक्नेछन् । यस्ता व्यक्तिहरू नेपाली नागरिक तथा परिवर्त्य विदेशी मुद्रा खाता भएका विदेशी नागरिक दुवै हुन सक्नेछन् । यसरी जारी हुने क्रेडिट कार्डहरूको म्याद, खर्चको सीमा आदि शर्तनामाहरू प्रचलित व्यवस्थाको अधिनमा रही कार्ड जारी गर्ने सम्बन्धित बैंक/वित्तीय संस्था स्वयम्ले तोक्न सक्नेछन् ।

(ख) <u>परिवर्त्य विदेशी मुद्रामा प्रिपेड कार्ड/डेबिट कार्ड जारी गर्ने सम्बन्धमा :</u>

विदेश (भारत बाहेक) भ्रमणमा जाने व्यक्तिहरूलाई आवश्यक पर्ने विदेशी मुद्रा सटही सुविधाका लागि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूले प्रचलित व्यवस्थाले तोकेको नगद बाहेकको रकम प्रिपेड कार्ड/डेबिट कार्ड मार्फत सटही दिने व्यवस्था मिलाउनु पर्नेछ तथा यस प्रयोजनका लागि कार्ड जारी गर्ने बैंकहरूले कार्ड जारी गर्दा राहदानी, हवाई टिकट र भिसा समेतलाई आधार मानी राहदानीमा "कार्डमा राखिएको रकम तथा केही मात्रामा नगदै दिएको भए सो समेतको" छाप लगाई राहदानीको फोटोकपी राखी तत्कालै प्रिपेड कार्ड जारी गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(ग) <u>इलेक्ट्रोनिक कार्ड अन्तर्गत भएको खर्चको हिसाव मिलान :</u>

डेबिट/क्रेडिट/प्रिपेड कार्ड अन्तर्गत भएको खर्चको हिसाब मिलान निम्न प्रक्रियाबाट गर्नु पर्नेछ :

(१) प्रचलित व्यवस्था बमोजिम विदेशी मुद्रामा खाता खोलेका व्यक्तिले डेबिट कार्ड वा क्रेडिट कार्ड प्राप्त गर्न सक्नेछन् ।

(२) आफूले पाउने सटही सुविधा बापतको विदेशी मुद्रा नगद नलिई कार्ड होल्डरले क्रेडिट कार्डको माध्यमबाट उपयोग गर्न चाहेमा त्यस्तो कारोबार गर्न सकिनेछ ।

(३) सम्बन्धित बैंक/वित्तीय संस्थाहरूले चाहेमा प्रचलित व्यवस्थाहरू अन्तर्गत रही पछि परिवर्त्य विदेशी मुद्रामा नै हिसाव मिलान गर्नु पर्ने शर्तमा तथा खातामा मौज्दात रहेको अवस्थामा अमेरिकी डलर **२५,०००।- (पच्चीस हजार)** सम्म खर्च गर्न सकिने गरी क्रेडिट कार्ड जारी गर्न सकिने छ ।

(४) परिवर्त्य विदेशी मुद्रा आर्जन गरी प्रचलित व्यवस्था अनुसार नेपालको बैंक/वित्तीय संस्थामा परिवर्त्य विदेशी मुद्राको आर्जन खाता खोलेका निकायहरूले आ-आफ्ना पदाधिकारीहरूलाई त्यस्तो खाताबाट खर्च हुने गरी क्रेडिट कार्ड उपलब्ध गराएमा त्यस्तो खाताबाट खर्चको हिसाब मिलान गर्नु पर्नेछ । यसरी खर्च गर्दा खर्चको सीमाको हकमा प्रचलित व्यवस्था अन्तर्गत रही गर्नु पर्नेछ ।

(५) परिवर्त्य विदेशी मुद्रा खाता नभएका नेपाली नागरिकहरूको हकमा क्रेडिट कार्ड अन्तर्गत भएको खर्चको हिसाव मिलान कार्ड होल्डरसँग परिवर्त्य विदेशी मुद्रामा नै गर्नु पर्नेछ । यसरी हिसाव मिलान गर्दा भ्रमणको लागि निजले सटही गर्ने रकमले राहदानी सुविधा अनुसारको सीमा ननाघेको यकीन गर्नु पर्नेछ ।

(६) कुनै व्यक्तिले भ्रमणको प्रयोजनको लागि नेपाल राष्ट्र बैंकबाट सटही अनुमति पत्र प्राप्त गरेको छ र त्यस्तो व्यक्तिले सो अनुमतिपत्रबाट पूर्ण रुपमा सटही नगरेको भए त्यस्तो बाँकी रकमबाट पनि क्रेडिट कार्डको हिसाव मिलान गर्न सकिनेछ ।

(७) बैंक तथा वित्तीय संस्थाहरूबाट जारी भएका डेविट र क्रेडिट कार्ड धारक (होल्डर) हरूले नेपालभित्रै बसी नेपालमै उपभोग गर्ने उद्देश्यले वार्षिक २,००० (दुई हजार) अमेरिकी डलरसम्म नेपालको प्रचलित कानुनबाट प्रतिबन्ध नलगाइएका विदेशी वस्तु वा सेवा Online मार्फत विदेशबाट खरिद गर्न सक्नेछन् ।

(८) प्रिपेड कार्डमा परिवर्त्य विदेशी मुद्राको मौज्दात बाँकी रहेमा सो मौज्दातबाट खाता खोलि डेबिट वा क्रेडिट कार्ड जारी गर्न सकिनेछ ।

(९) इलेक्ट्रोनिक कार्डबाट खर्च गर्दा पुँजी खाता तथा प्रचलित कानुनले प्रतिबन्ध लगाइएका वस्तु तथा सेवाको लागि खर्च गर्न पाइने छैन ।

(१०) नेपाली नागरिकहरूलाई इलेक्ट्रोनिक कार्ड उपलब्ध गराउनुअघि प्रत्येक निवेदकलाई माथि उल्लिखित शर्तहरू पालना गर्नेछु र कथम्कदाचित् उल्लिखित शर्तहरू उलङ्घन हुन गएमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम कारवाही हुन मञ्जूर छ भन्ने व्यहोराको कागजात गराउनु पर्नेछ ।

(११) क्रेडिट कार्डको भुक्तानी हिसाव मिलान गर्ने प्रक्रियामा कुनै कार्ड धारक (होल्डर) को तर्फबाट माथि उल्लिखित व्यवस्थाहरू अनुरुप हिसाव मिलान हुन नसक्ने गरी खर्च भएको पाइएमा सो सम्बन्धी सम्पूर्ण विवरणहरू अनिवार्य रुपले यस विभागलाई जानकारी दिनु पर्नेछ र यसबारे यस विभागबाट आदेश नदिएसम्म त्यस्तो हिसाव मिलान फ्रिज गरी राख्नु पर्नेछ ।

(घ) <u>विदेशी क्रेडिट कार्डको कारोबार गर्दा अपनाउनु पर्ने प्रक्रिया :</u>

(१) परिवर्त्य विदेशी मुद्राका क्रेडिट कार्डहरूबाट भुक्तानी स्वीकार गर्ने सबै एजेन्ट/स्थानीय मर्चेन्टले क्रेडिट कार्डबाट भुक्तानी लिँदा बनाउनुपर्ने चार्जेज स्लिप (Charges Slip) प्रचलित विनिमय दर अनुसार नेपाली रुपैयाँमा वा परिवर्त्य विदेशी मुद्रामा हुनु पर्नेछ ।

(२) नेपालमा क्रेडिट कार्डबाट स्वीकार गरिएका विभिन्न भुक्तानीहरूको विदेशबाट सोधभर्ना प्राप्त गर्दा क्रेडिट कार्डका सदस्य/प्रतिनिधि/सोल एजेण्ट (Members/Representatives/Sole Agents) ले विदेशस्थित आ-आफ्ना प्रिन्सिपलबाट टेलेक्स ट्रान्सफरको माध्यमद्वारा परिवर्त्य विदेशी मुद्रामा मात्र प्राप्त गर्नु पर्नेछ। यसरी प्राप्त भएको परिवर्त्य विदेशी मुद्रा रकमबाट निजहरूले आ-आफ्ना मर्चेण्टलाई विदेशी मुद्रामा पनि भुक्तानी गर्नसक्ने छन् । यसरी परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्दा भुक्तानी पाउने पक्ष प्रचलित व्यवस्था अनुसार विदेशी मुद्रामा खाता खोल्न ग्राह्य व्यक्ति हुनु पर्नेछ र त्यस्तो भुक्तानी बैंक ट्रान्सफर वा Negotiable Only in Nepal भनी स्पष्ट व्यहोरा उल्लेख भएको एकाउण्ट-पेयी चेकको माध्यमद्वारा मात्र प्रदान गर्नु पर्नेछ ।

३. <u>विदेशी मुद्राका डेविट/क्रेडिट कार्ड लगायत अनलाइन भुक्तानी मार्फत् विदेशी मुद्रामा भुक्तानी स्वीकार गर्ने व्यवस्था :</u>

विविध विद्युतीय प्रणाली तथा उपकरणहरूको बिकास र बिस्तारले गर्दा कतिपय उत्पादन तथा सेवाहरू इन्टरनेट मार्फत खरिद/बिक्री हुने प्रचलन रहेको परिप्रेक्ष्यमा देहायका शर्तहरूका आधारमा डेबिट/केडिट कार्ड लगायत अनलाईन भुक्तानीका माध्यमबाट परिवर्त्य विदेशी मुद्रामा भुक्तानी स्वीकार गर्न सकिने गरी व्यवस्था गरिएको छ ।

(क) यस्तो कारोबार गर्न इच्छुक व्यवसायीहरूले सम्बन्धित Payment Card कम्पनी वा सो कम्पनीको Reseller सँग सम्झौता गरी Merchant Service Provider वा Principal Member वा Associate Member को रुपमा मान्यता पाएका बैंक तथा वित्तीय संस्था वा व्यवसायीसँग अनलाईन कारोबार गर्न आवद्धता लिएको हुनुपर्ने छ ।

(ख) Merchant Program अर्थात कार्डको प्रोसेसिङ्ग र सेटलमेण्ट सम्बन्धी कार्य सम्बन्धित Payment Card कम्पनी वा सो कम्पनीको Reseller सँग सम्झौता गरी Merchant वा Member Bank को रुपमा कार्य गर्ने मान्यता पाएका कुनै बैंक वा वित्तीय संस्थासँग आवश्यक सम्झौताको आधारमा गर्नु पर्नेछ ।

(ग) यस प्रयोजनको लागि कार्ड वा अनलाइनबाट भुक्तानी प्राप्त गर्ने सेवा प्रदान गर्ने इच्छुक व्यवसायीले सम्बन्धित बैंकमा विदेशी मुद्रा खाता खोल्नु पर्ने र कार्ड कारोबारको आधारमा हुने विदेशी मुद्राको जम्मा तथा खर्च कारोबार सोही खाताबाट मात्र गर्नु पर्नेछ ।

(घ) कार्ड/अनलाईन कारोबारको आधारमा अग्रिम भुक्तानी प्राप्त गर्ने बैंक तथा वित्तीय संस्थाले सम्बन्धित व्यबसायीहरूको नाममा अग्रिम भुक्तानी प्रमाणपत्र जारी गर्नु पर्ने भएमा सो रकमको अग्रिम भुक्तानी प्रमाणपत्र जारी गनु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिमको अग्रिम भुक्तानी प्रमाणपत्रको आधारमा सम्बन्धित व्यवसायीले प्रचलित व्यवस्था अन्तर्गत रही वस्तु/सेवा आदि निर्यात गर्नु पर्नेछ ।

(च) कार्ड/अनलाइन कारोबारको आधारमा वस्तु/सेवा निर्यात भई सकेपछि बिवाद उत्पन्न भएमा सोबाट हुने सम्पूर्ण नोक्सानी/क्षतिपूर्ति वहन गर्ने दायित्व तथा जिम्मेवारी कार्ड/अनलाइन कारोबारका लागि सदस्यता प्रदान गर्ने र सो सेवा प्राप्त गर्ने कम्पनी/व्यवसायीमा रहने छ ।

(छ) यस्तो कारोबार गर्ने सबै पक्षले प्रचलित कानुनको पूर्ण पालना गर्नु पर्नेछ ।

(ज) यस्तो कारोबार अन्तर्गत प्राप्त हुने अग्रिम भुक्तानीको विवरण त्रैमासिक रुपमा यस विभागमा पेश गर्नु पर्नेछ ।

४. <u>नेपाल र भुटान बीच डेबिट/क्रेडिट/प्रि-पेड कार्ड आदि मार्फत हुने कारोबारको हिसाव मिलान सम्बन्धी व्यवस्था :</u>

आ-आफ्ना मुलुकका सम्बन्धित निकायहरूसँग इजाजतपत्रप्राप्त गरेका भुटानस्थित बैंक, वित्तीय संस्था र नेपालस्थित बैंक तथा वित्तीय संस्थाले एक अर्का मुलुकमा समेत प्रयोग गर्न सकिने गरी जारी गरेको डेबिट/क्रेडिट/प्रि-पेड आदि कार्डहरूबाट ATM तथा PoS मार्फत भुटान र नेपाल बीच हुने कारोबारहरूको हिसाव मिलान देहाय बमोजिम भारतीय रूपैयाँमा समेत गर्न सकिने व्यवस्था गरिएको छ :

क. कार्ड मार्फत हुने कारोबारको हिसाब मिलान भारतीय रूपैंयामा समेत गर्न सकिने प्रावधान सहितको द्विपक्षिय लिखित सम्झौताको आधारमा मात्र यस्तो हिसाव मिलान गर्न सकिनेछ ।

ख. सम्झौता बमोजिम हुन सक्ने कारोबारको सीमा रकम खाम्ने गरी बैंक ग्यारेण्टी वा अन्य उपयुक्त सुरक्षणको व्यवस्था गर्नु पर्नेछ ।

ग. यस्तो कारोबारको हिसावमिलान गर्ने प्रयोजनको लागि भुटानस्थित बैंक तथा वित्तीय संस्थाले नेपालस्थित बैंक तथा वित्तीय संस्थामा आवश्यकता अनुसार Nostro खाता खोल्न सक्नेछन् ।

घ. बैंक तथा वित्तीय संस्थाहरूले भुटानमा समेत प्रयोग गर्न मिल्ने कार्ड (डेबिट/क्रेडिट/प्रि-पेड आदि) जारी गर्दा भारतीय रूपैयाँको कारोबार सम्बन्धमा यसै एकीकृत परिपत्रको इ.प्रा.परिपत्र संख्या १ को दफा १.११ मा भएको प्रावधान अनुरूप हुने गरी जारी गर्नु पर्नेछ ।

ङ. सम्बन्धित कार्ड कम्पनीसँग मर्चेण्ट सम्झौता गरी सोमा भएको व्यवस्थाको आधारमा मात्र यस्तो कारोबार गर्नु पर्नेछ । भुटानस्थित बैंक तथा वित्तीय संस्था र कार्ड सेवा प्रदायकसँग भएको सम्झौताको एक प्रति यस विभागमा पेश गर्नु पर्नेछ ।

च. कारोबारसँग सम्बन्धित कागजातहरू कार्ड सेवा प्रदायकले माग गरेको अवस्थामा उपलव्ध गराउन सक्ने गरी कम्तीमा १८ महिनासम्म सुरक्षित राख्नु पर्नेछ ।

छ. कार्ड मार्फत हुने कारोबार रकममा दावी परी फिर्ता भुक्तानी लिनु दिनु परेमा सम्बन्धित कार्ड कम्पनीको नियमानुसार लिने दिने व्यवस्था गर्नु पर्नेछ ।

ज. यस्तो कारोबार गर्दा सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ लगायतका प्रचलित कानुन, नियम, निर्देशनको पूर्णतया पालना गर्नु पर्नेछ ।

झ. नेपाली रुपैयाँ र भारतीय रुपैयाँ बाहेक अन्य परिवर्त्य विदेशी मुद्राका कार्डबाट भएका कारोबारहरूको हिसाव मिलान भने अमेरिकी डलरमै गर्नु पर्नेछ ।

ञ. हिसाबमिलान हुन नसकेको र दावी परी फिर्ता भुक्तानी लिए दिएको कारोबारको विवरण अर्धवार्षिक तथा वार्षिक हिसाब मिलान (Closing) सकिएको १ महिनाभित्र यस विभागमा पठाउनु पर्नेछ ।

ट. कार्ड जारी गर्ने र कार्ड मार्फत भएको कारोबारको हिसाव मिलान गर्ने लगायतका अन्य व्यवस्थाहरू यसै परिपत्रको दफा १ बमोजिम नै हुनेछ ।

५. <u>Prepaid Remittance Card जारी गर्ने सम्बन्धी व्यवस्था :</u>

विदेशमा विप्रेषण बापत संकलन गरेको रकम विप्रेषण पठाउनेको परिवारले सहज, सुरक्षित र व्यवस्थित तवरले भुक्तानी पाउने प्रयोजनको लागि सम्बन्धित व्यक्तिहरूले प्राप्त गर्ने नेपाली रुपैयाँमा हुने रकम बराबरको Prepaid Remittance Card देहाय बमोजमको प्रकृया र व्यवस्था पालना गर्ने गरी विप्रेषण कारोबार गर्न इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरूले जारी गर्न सक्ने व्यवस्था गरिएको छ :

(क) यस्तो कार्ड जारी गर्ने विप्रेषण कम्पनीले आफ्नो छुट्टै कार्ड सञ्चालन निर्देशिका बनाई यस विभागको स्वीकृतिमा लागू गर्नु पर्नेछ ।

(ख) विप्रेषण कम्पनीहरूले नेपालका कुनै पनि इजाजतपत्रप्राप्त वाणिज्य बैंकसँग सम्झौता गरी सो बैंकको प्रतिनिधिको रुपमा Prepaid Remittance Card जारी गर्नु पर्नेछ ।

(ग) यसरी बैंक मार्फत जारी गरिने प्रिपेड रेमिटान्स कार्ड जारी गर्दा बक्यौता बराबर खाम्ने रकम सम्बन्धित वाणिज्य बैंकमा रहेको कम्पनीको खातामा निक्षेप राखी एयरमार्क गरेको हुनु पर्नेछ । निक्षेप जम्मा गर्ने र भुक्तानी दिने व्यवस्था सम्बन्धित बैंकले नै सम्झौतामा खुलाउनु पर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(घ) बैंक मार्फत् जारी गरिने यस प्रकारको कार्ड जारी गर्ने विप्रेषण कम्पनी/संस्थाको न्युनतम चुक्ता पुँजी रु. २५ करोड हुनुपर्ने छ ।

(ङ) कारोबार सञ्चालन गर्दा कार्डको सुरक्षा, भुक्तानी व्यवस्था, उत्पन्न हुने जोखिम र सोको व्यवस्थापन, ग्राहकसँगको सम्झौता, सम्पत्ती शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी जारी निर्देशनको परिपालना, ATM कार्ड रोक्का गर्ने लगायतका सम्पूर्ण व्यवस्था विप्रेषण कम्पनीले नै मिलाउनु पर्नेछ ।

(च) कार्ड जारी गर्ने सम्बन्धमा विप्रेषण कम्पनीहरूले पनि प्रचलित व्यवस्था बमोजिमका प्रकृया र प्रावधानहरू पूरा गर्नु पर्नेछ ।

(छ) यसरी जारी गरिएको कार्ड मार्फत हुने कारोबारको मासिक जम्मा खर्च र मौज्दातको विवरण यस विभागमा महिना व्यतित भएको सात दिनभित्र पेश गर्नु पर्नेछ ।

६. <u>इजाजतपत्रप्राप्त मनिचेञ्जरहरूले Point of sale (PoS) मार्फत् विदेशी मुद्रा सटही दिने सम्बन्धमा :</u>

(क) इजाजतपत्रप्राप्त मनिचेञ्जरहरूले PoS मार्फत् विदेशी मुद्रा सटही दिन सक्नेछन् ।

(ख) विदेशी पर्यटकलाई मात्र यस प्रकारको सटही प्रदान गर्न सकिनेछ । तर, विदेशी मुद्रामा भुक्तानी हुने गरी नेपालका बैंक तथा वित्तीय संस्थाबाट जारी भएका कार्डबाट नेपाली रुपैयाँमा भुक्तानी हुँदा यस बैंकको भुक्तानी प्रणाली विभागबाट जारी निर्देशनहरू पालना गर्नु पर्नेछ ।

(ग) अन्तरराष्ट्रिय कार्ड (जस्तै : Visa International, Master Card International, Union Pay International आदि) मार्फत् मात्र यस्तो सटही प्रदान गर्नु पर्नेछ ।

(घ) सटही प्रदान गर्न सकिने प्रति कारोबार रकमको सीमा PoS सेवा प्रदायक बैंक तथा वित्तीय संस्था र सम्बन्धित मनिचेञ्जर कम्पनी बिचको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(ङ) ग्राहकबाट लिने प्रति कारोबार सेवा शुल्क र सोको बाँडफाँड समेत सम्बन्धित बैंक तथा वित्तीय संस्था र मनिचेञ्जर बिचको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। बैंकले कारोबार बापतको रकम मनिचेञ्जरलाई भुक्तानी गर्दा नेपाली रुपैयाँमा गर्नु पर्नेछ।

(च) कारोबार गर्दा देहाय बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ :

(अ) ग्राहकबाट राहदानीको प्रतिलिपि लिनु पर्नेछ। भारतीय नागरिकको हकमा आधार कार्ड/मतदाता परिचयपत्र/पासपोर्टको प्रतिलिपि लिनु पर्नेछ।

(आ) खण्ड (अ) मा उल्लिखित कागजात र कार्डमा उल्लिखित नाम रुजु गर्नु पर्नेछ।

(इ) कार्डको अग्रभागमा छापिएको कार्ड एकाउण्ट नम्बरको पहिलो चार अंक र ४ अंकको Bank Identification Number (BIN) रुजु गर्नु पर्नेछ।

(ई) उपरोक्त प्रकृया सम्पन्न गरे पश्चात मात्र सटही प्रदान गर्नु पर्नेछ।

(उ) यसरी सटही प्रदान गर्दा नेपाली रुपैयाँमा मात्र भुक्तानी गर्नु पर्नेछ।

(ऊ) कारोबार सम्पन्न भए पश्चात यस बैंकबाट जारी एकीकृत इ.प्रा.परिपत्र २६/२०८१ को व्यवस्था बमोजिम विदेशी मुद्रा सटही रसिद Foreign Exchange Encashment Receipt (FEER) जारी गर्नु पर्नेछ।

(छ) मनिचेञ्जरहरूले कारोबारमा हुने जोखिम न्युनिकरण गर्न देहाय बमोजिमको प्रकृया अवलम्बन गर्नु पर्नेछ।

(अ) बैंक तथा वित्तीय संस्थाबाट प्राप्त EMV POS Terminal बाट मात्र कारोबार गर्नु पर्नेछ।

(आ) त्यस्तो POS Terminal बाट Fall Back कारोबार गर्न पाइने छैन।

(ई) Imprinter machine तथा voice authorization का माध्यमबाट Manual/MOTO कारोबार गर्न पाइने छैन।

(ज) **नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनिमयावली, २०७७ (चौथो संशोधनसहित) को विनियम १० को उपविनियम (१) को खण्ड (ज) को व्यवस्था बमोजिम मनिचेञ्जरले पोइन्ट अफ सेल्स (पी.ओ.एस.), क्युआर कोड लगायतका विद्युतीय माध्यमबाट सटही सुविधा दिन सक्नेछ।**

(झ) PoS सेवा प्रदायक बैंकले कारोबार सम्बन्धमा ग्राहकलाई जानकारी दिने प्रयोजनका लागि एक सूचना तयार गर्नेछ र उक्त सूचना सम्बन्धित मनिचेञ्जरहरूले ग्राहकले देख्ने गरी कारोबार स्थलमा राख्नु पर्नेछ।

७. अनलाइनमार्फत् विदेशबाट वस्तु तथा सेवा खरिद बापतको भुक्तानी गर्ने प्रयोजनका लागि इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरु र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरुले देहायका शर्तहरुको अधीनमा रही विदेशी मुद्राको भुक्तानी गर्न वार्षिक अधिकतम अमेरिकी डलर ५०० वा सो बराबरको परिवर्त्य विदेशी मुद्राको Prepaid Card जारी गरी विदेशी मुद्रा सटही सुविधा प्रदान गर्न सक्नेछन्:

१. परिवर्त्य विदेशी मुद्राको प्रिपेड कार्ड लिन चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाको बैंक खातामा रहेको नेपाली रुपैयाँलाई सटही गरी त्यस्तो कार्ड जारी गर्न सकिनेछ। कार्ड जारी गर्दा सम्बन्धित प्रयोगकर्ताको ग्राहक पहिचान (KYC) विवरण अद्यावधिक भएको तथा सम्बन्धित प्रयोगकर्ताले स्थायी लेखा नम्बर (PAN) लिएको हुनु पर्नेछ।

२. ग्राहकको अनुरोधमा कार्डमा उक्त दिनको विनिमय दरका आधारमा अधिकतम अमेरिकी डलर ५०० वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा जम्मा गर्न सकिनेछ।

३. प्रयोगकर्ताले एकै पटक वा पटक-पटक गरी एक वर्षमा बढीमा अमेरिकी डलर ५०० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राको सटही सुविधा प्राप्त गर्न सक्नेछन्। सो प्रयोजनका लागि कार्ड जारी भई Activate भएको दिनबाट समयावधि गणना शुरु हुनेछ।

४. नेपालको प्रचलित कानुनले प्रतिबन्ध नलगाएका विदेशी वस्तु तथा सेवा कार्ड प्रयोगकर्ताले अनलाइनमार्फत विदेशबाट खरिद गर्न सक्नेछन्।

५. शर्त नं. ६ मा उल्लेख भएको अवस्था बाहेक इजाजतपत्रप्राप्त “क” वर्गका बैंकहरु र राष्ट्रियस्तरका “ख” वर्गका विकास बैंकहरुले कुनै पनि समयमा अमेरिकी डलर ५०० वा सो बाराबरको परिवर्त्य विदेशी मुद्राको सीमाभन्दा बढी रकम कार्डमा जम्मा गर्न पाइने छैन ।

६. कार्ड प्रयोगकर्ताले विदेशमा अनलाइनमार्फत् सेवा निर्यात गरेबापत आर्जन गरेको विदेशी मुद्रा समेत कार्डमा जम्मा हुने व्यवस्था मिलाउनु पर्नेछ । यसरी विदेशी मुद्रा प्राप्त रकम कार्ड प्रयोगकर्ताको अनुरोधमा निजको स्वदेशी वा विदेशी मुद्रा खातामा जम्मा हुन सक्ने व्यवस्था समेत गर्नु पर्नेछ । कार्डको मौज्दात अमेरिकी डलर ५,००० वा सो बराबरको परिवर्त्य विदेशी मुद्राभन्दा बढी भएको अवस्थामा सो बढी रकम अनिवार्य रुपमा निजको स्वदेशी वा विदेशी मुद्रा खातामा जम्मा गर्नु पर्नेछ ।

७. सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गरेका कार्ड प्रयोगकर्ताले विदेशबाट वस्तु तथा सेवा खरिद गर्दा भुक्तानीको लागि विदेशी मुद्रा सटहीको वार्षिक सीमा विदेशी मुद्रा आर्जन गरेको रकम र अमेरिकी डलर ५०० को योग बराबर हुनेछ । तर, यस्तो रकम बढीमा वार्षिक अमेरिकी डलर ५,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्ममा मात्र सीमित हुनेछ ।

८. प्रिपेड कार्ड जारी गर्दा ग्राहकबाट अन्य इजाजतपत्रप्राप्त “क” वर्गका बैंक र राष्ट्रियस्तरका “ख” वर्गका विकास बैंकहरुबाट त्यस्तो सुविधा नलिएको स्वघोषणा अनिवार्य रुपमा लिनु पर्नेछ ।

९. खातामा रहेको रुपैयाँ खर्च हुने गरी सम्बन्धित खातावालाको नाममा PAN समेत भिडाई कार्ड जारी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१०. ग्राहकले एकभन्दा बढी इजाजतपत्रप्राप्त “क” वर्गका बैंक र राष्ट्रियस्तरका “ख” वर्गका विकास बैंकहरुबाट यस्तो सुविधाको उपयोग गरेको पाइएमा त्यस्ता ग्राहकलाई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम कारबाही हुनेछ ।

११. कार्डबाट कारोबार गर्दा सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ लगायतका प्रचलित कानुन, नियम, निर्देशनको पूर्णतयाः पालना गर्नु पर्नेछ ।

१२. जारी गरिएको कार्डसम्बन्धी विवरण र सो कार्डबाट खर्च भएको विवरण सम्बन्धित इजाजतपत्रप्राप्त “क” वर्गका बैंक र राष्ट्रियस्तरका “ख” वर्गका विकास बैंकले संलग्न ढाँचामा मासिक रुपमा प्रत्येक महिना समाप्त भएको सात दिनभित्र यस विभागमा अनलाईन माध्यमबाट पेश गर्नु पर्नेछ ।

१३. प्रचलित कानुन बमोजिम रकम फिर्ता गर्नुपर्ने अवस्था आएमा वा ग्राहकको अनुरोधमा कार्डमा जम्मा भएको रकम फिर्ता गर्नुपर्ने भएमा त्यस्तो रकमलाई सोही दिनको विनिमय दरको आधारमा प्रयोगकर्ताको खातामा जम्मा गरिदिनु पर्नेछ ।

१४. यसरी जारी भएका कार्ड अनलाइनमार्फत् वस्तु तथा सेवा आयात बापतको भुक्तानी गर्ने प्रयोजन बाहेक पुँजीगत कारोबारको लागि खर्च गर्न पाइने छैन । साथै, यस्ता कार्ड प्रयोग गरी ATM बाट नगद झिक्ने, POS मार्फत् कारोबार गर्ने लगायतका कारोबार गर्न नसकिने व्यवस्था मिलाउनु पर्नेछ ।

१५. कार्ड प्रयोगकर्ताबाट वस्तु तथा सेवा आयातबापतको खर्च भएको रकमको बिल बीजक लगायत आवश्यक विवरण माग गर्न सकिनेछ र यसरी कागजात लगायतका विवरण माग भएको अवस्थामा ग्राहकले सम्बन्धित इजाजतपत्रप्राप्त “क” वर्गका बैंक वा राष्ट्रियस्तरका “ख” वर्गका विकास बैंकलाई उपलब्ध गराउनु पर्नेछ ।

१६. तोकिएको सीमा, शर्त र व्यवस्थाको प्रतिकूल हुने गरी कार्डबाट खर्च गरिएको पाइएमा त्यस्तो कार्डबाट कारोबार गर्न जुनसुकै बखत रोक लगाउन सकिनेछ । सीमा, शर्त र व्यवस्थाको प्रतिकूल हुने गरी कारोबार गर्नेहरूको विवरण नेपाल राष्ट्र बैंकमा उपलब्ध गराउनु पर्नेछ र यसमा नेपाल राष्ट्र बैंकले आवश्यक कारबाही समेत गर्न सक्नेछ । साथै, नेपाल राष्ट्र बैंकले आवश्यक ठानेमा जुनसुकै बेला यस्तो सटही सुविधा र कार्ड जारी भइसकेको अवस्थामा समेत कारोबार रोक्न निर्देशन दिन सक्नेछ ।

१७. कार्ड जारी गर्ने “क” वर्गका वाणिज्य बैंक तथा “ख” वर्गका राष्ट्रियस्तरका विकास बैंकहरुले देहायका Merchant Category Code (MCC) हरुमा उक्त कार्डबाट भुक्तानी नहुने व्यवस्था गर्नुपर्नेछ : ४८२९,

५९६०, ५९७२, ६०१०, ६०११, ६०१२, ६०५१, ६२११, ६३००, ६५१३, ६५३४, ६५४०, ७२७३, ७८०१, ७८०२, ७९९५, ८६५१ र ८६६१ .

<u>शर्त नं. १२ बमोजिमको विवरण पेश गर्ने ढाँचा</u>

............(बैंक तथा वित्तीय संस्थाको नाम)

विदेशी मुद्रा अंकित प्रिपेड कार्ड सम्बन्धी विवरण

................(महिना, साल)

| क.सं. | खातावाला ग्राहकको नाम र ठेगाना | स्थायी लेखा न. (PAN) | कार्ड जारी भएको मिति | कार्ड Issuer (Visa, Mastercard etc.) | बैंक तथा वित्तीय संस्थाबाट Load गरिएको परिवर्त्य वि.मु. | शर्त नं. ६ बमोजिम आर्जन भई कार्डमा जम्मा भएको परिवर्त्य वि.मु. | खर्च भएको परिवर्त्य वि.मु. | कार्डको म्याद (Expiry Date) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : १५/२०८१

नगद परिवर्त्य विदेशी मुद्रा बिक्री तथा रकमान्तर सम्बन्धी व्यवस्था

बैंक तथा वित्तीय संस्थाले यस बैंकबाट परिवर्त्य विदेशी मुद्रा नगदमा खरिद तथा रकमान्तर गर्न चाहेमा देहायबमोजिम सकिने व्यवस्था गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक बैंकिङ विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू तथा इजाजतपत्रप्राप्त "क" वर्ग र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरूलाई यो परिपत्र जारी गरिएको छ।

१. परिवर्त्य विदेशी मुद्रा बिक्री गर्ने सम्बन्धी व्यवस्था

(क) अमेरिकी डलर बिक्री सम्बन्धमा :
बैंक तथा वित्तीय संस्थाहरूले अमेरिकी डलर नगदमा खरिद गर्न चाहेमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको यस बैंकमा रहेको अमेरिकी डलर खाता खर्च गरी बिक्री गर्न सकिनेछ।

(ख) अन्य परिवर्त्य विदेशी मुद्रा बिक्री सम्बन्धमा :

१. बिक्रीदर उल्लेख भएका परिवर्त्य विदेशी मुद्राहरू मात्र बिक्री गर्न सकिनेछ।
२. यस बैंकसँग पर्याप्त मौज्दात भएका परिवर्त्य विदेशी मुद्राहरू मात्र बिक्री गर्न सकिनेछ।
३. अन्य परिवर्त्य विदेशी मुद्रा बिक्री गर्दा अमेरिकी डलर तथा बिक्री गरिने मुद्रा दुवैमा प्रचलित बिक्री दर लागू हुनेछ।
४. सम्बन्धित बैंक/वित्तीय संस्थाको यस बैंक स्थित अमेरिकी डलर खाता खर्च गरेर यस्तो परिवर्त्य विदेशी मुद्रा बिक्री गरिनेछ।

२. बैंक/वित्तीय संस्थाहरू र यस बैंक बीच परिवर्त्य विदेशी मुद्राको रकमान्तर सम्बन्धी व्यवस्था :

(क) सम्बन्धित बैंक/वित्तीय संस्थाहरूले परिवर्त्य विदेशी मुद्रा रकमान्तर गर्नुपर्दा Value Date भन्दा दुई कार्य दिनअगाडि नै रकमान्तरको लागि यस बैंकको बैंकिङ विभागलाई यसैसाथ संलग्न अनुसूची १५.१ बमोजिम लिखित अनुरोध गर्नुपर्ने छ।

(ख) यसरी अनुरोध पत्र प्राप्त भएपछि बैंकिङ विभागले Value Date अगावै रकमान्तरको लागि SWIFT Message पठाउनु पर्नेछ।

(ग) Value Date को दिन सम्बन्धित बैंक तथा वित्तीय संस्थाको खातामा रकमान्तर गरेको रकम बराबर हुने रकम बैंकिङ विभागले प्रचलित नियमानुसार डेबिट गर्नु पर्नेछ।

(घ) Value Date का दिन सम्बन्धित बैंक तथा वित्तीय संस्थाको खातामा पर्याप्त मौज्दात नरहेमा बैंक दरमा २ प्रतिशत थप गरी दिन गन्तीको हिसाबले हुने ब्याज वा कम्तीमा अमेरिकी डलर १००.०० मध्ये जुन रकम बढी हुन्छ सोही बराबरको रकम हर्जाना असुल गरिनेछ।

अनुसूची १५.१

(इ.प्रा.परिपत्र संख्या १५ को २(क) को प्रयोजनको लागि)

मिति :

श्री नेपाल राष्ट्र बैंक
बैंकिङ विभाग ।

विषयः परिवर्त्य विदेशी मुद्रा रकमान्तर बारे ।

महाशय,

यस बैंक/वित्तीय संस्थाको कारोबारको लागि देहाय बमोजिम परिवर्त्य विदेशी मुद्रा रकमान्तर गर्नको लागि अनुरोध गर्दछु ।

१) रकमान्तर गरिने परिवर्त्य विदेशी मुद्राको परिमाण ....................

२) भ्यालु डेट....................

३) परिवर्त्य विदेशी मुद्रा जम्मा गर्नु पर्ने :

(क) एजेन्सी बैंकको नामः

(ख) ठेगानाः

(ग) खाता नम्बरः

(घ) स्वीफ्ट कोड :

उपर्युक्त बमोजिमको परिवर्त्य विदेशी मुद्रा रकमान्तर गरिदिनु हुनको साथै भ्यालु डेटको दिन त्यस कार्यालयस्थित हाम्रो खाता नं. .................... मा आवश्यक रकम खर्च लेख्न हुन समेत अनुरोध छ । साथै उक्त खातामा पर्याप्त रकम नरहेको अवस्थामा प्रचलित ब्याजदरबाट हुन आउने हर्जाना तिर्न समेत हाम्रो मन्जुरी रहेको व्यहोरा अनुरोध छ ।

भवदीय,

अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप :

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : १६/२०८१

चिनियाँ मुद्रा युआनको कारोबार सम्बन्धी व्यवस्था

द्विपक्षीय भुक्तानी तथा हिसाब मिलान र सहयोगको सम्बन्धमा नेपाल राष्ट्र बैंक र पिपुल्स बैंक अफ चाइना बीच मिति २०५९/०३/०३ मा सम्पन्न मुल सम्झौता र मिति २०७१/०९/०८ मा सम्पन्न यस सम्बन्धी पूरक सम्झौता कार्यान्वयनको सिलसिलामा निम्न व्यवस्थाहरू लागू गरिएको हुँदा सोही बमोजिम गर्न/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैंकिङ विभाग लगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू, इजाजतपत्रप्राप्त “क” र राष्ट्रिय स्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरूलाई यो परिपत्र जारी गरिएको छ।

१. बैंक तथा वित्तीय संस्थाहरूले यस बैंकको स्वीकृति लिई जनवादी गणतन्त्र चीनस्थित कुनैपनि वाणिज्य बैंकमा युआन (Yuan) मा खाता खोल्न सक्नेछन्।

२. बैंक/वित्तीय संस्थाहरूले कारोबारका लागि आवश्यक पर्ने परिवर्त्य विदेशी मुद्रा बिक्री गरी चिनियाँ मुद्रा युआन (Yuan) खरिद गर्न सक्नेछन् र खरिद गरिएको युआन (Yuan) चीनस्थित वाणिज्य बैंकमा खोलिएको खातामा जम्मा गर्न सक्नेछन्। साथै, बैंकहरुले चिनियाँ मुद्रामा जम्मा भएको मौज्दात आवश्यकताअनुसार बिक्री गरी परिवर्त्य विदेशी मुद्रा खरिद गर्न पनि सक्नेछन्।

३. अन्तर्राष्ट्रिय व्यापारका भुक्तानी सम्बन्धी प्रचलनहरू तथा यस बैंकबाट जारी परिपत्रहरूको अधीनमा रही नेपालका बैंक तथा वित्तीय संस्थाहरूले नेपाली व्यापारिक फर्महरू तथा चिनियाँ व्यापारिक फर्महरू बीचको व्यापारको लागि प्रतीतपत्र, ड्राफ्ट, टी.टी. लगायतका माध्यमबाट हुने भुक्तानी र हिसाव मिलान चिनियाँ मुद्रा युआनमा गर्न सक्नेछन्।

४. नेपाली निर्यातकर्ताहरूले चिनियाँ बजारमा गर्ने वस्तु निर्यात, सेवा बिक्री तथा नेपाली फर्म, कम्पनी वा उद्योगले चीनबाट प्राप्त गर्ने ऋण वा प्रत्यक्ष वैदेशिक लगानी बापत प्राप्त रकम सम्बन्धित बैंक/वित्तीय संस्थाहरूले युआनमै खाता खोली जम्मा गर्न सक्नेछन्।

५. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था एवम् फर्म, कम्पनी, संस्थाहरूले नेपाल भ्रमणमा आउने चिनियाँ पर्यटकका अतिरिक्त अन्य ग्राह्य स्वदेशी तथा विदेशी व्यक्तिहरूबाट प्रचलित विनिमय दरमा चिनियाँ मुद्रा युआन (Yuan) खरिद गर्न सक्नेछन्। यसरी गरिने खरिद पर्यटकहरूबाट सोझै वा इजाजतपत्रप्राप्त अन्य निकायहरू जस्तै होटेल, ट्राभल एजेन्सी, मनिचेञ्जर आदि मार्फत पनि गर्न सकिनेछ।

६. सम्बन्धित बैंक/वित्तीय संस्थाहरूले खरिद गरेको युआन (Yuan) चीनस्थित वाणिज्य बैंकमा खोलिएको आफ्नो खातामा जम्मा गर्न पठाउन सक्नेछन्।

७. प्रचलित व्यवस्था अन्तर्गत रही चीनमा अध्ययन गर्ने विद्यार्थीलाई निर्वाह खर्च तथा निजले अध्ययन गर्ने विश्वविद्यालय/कलेजको नाममा शिक्षण शुल्क बापत चिनियाँ युआनमा समेत सटही सुविधा उपलब्ध गराउन सकिनेछ।

८. चिनियाँ मुद्रा युआनमा आय प्राप्त गर्ने व्यक्ति, फर्म, कम्पनीले खोलेको युआन खाताबाट प्रचलित व्यवस्था अनुरुप तोकिएको सीमासम्म युआनमा भुक्तानी गर्न सकिनेछ।

९. प्रचलित व्यवस्था बमोजिम विदेशी मुद्रामा खाता खोल्न ग्राह्य व्यक्ति, फर्म, कम्पनी वा संस्थासँग चिनियाँ मुद्रा लिएर सटही गरी अन्य परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न/जम्मा गर्न पाइने छैन।

१०. चिनियाँ मुद्रामा जारी भएका क्रेडिट/डेबिट कार्ड प्रयोगबाट नेपाली रुपैयाँमा भुक्तानी दिन सकिने छ। यस्तो रकमको हिसाव मिलान चीनस्थित आफ्नै युआन खाताबाट गर्न सकिनेछ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : १७/२०८१

## विदेशी मुद्रामा खाता खोल्ने र सञ्चालन गर्ने सम्बन्धी व्यवस्था

विदेशी मुद्रामा खाता खोल्ने, सञ्चालन गर्ने र खर्च गर्ने व्यवस्था सम्बन्धमा निम्न व्यवस्था गरिएकोले सोही वमोजिम गर्नु गराउनुहुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैंकिङ विभाग लगायत अन्य प्रदेशस्थित कार्यालयहरु र इजाजतपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकहरु तथा राष्ट्रियस्तरका “ख” वर्गका विकास बैंकहरूलाई यो परिपत्र जारी गरिएको छ ।

१. स्वदेशमा खोलिने परिवर्त्य विदेशी मुद्राको खाता र सञ्चालन सम्बन्धी व्यवस्था

(क) खाता खोल्न ग्राह्य व्यक्ति तथा संस्थाहरू :

परिवर्त्य विदेशी मुद्राको स्रोत भएका व्यक्ति तथा निकायहरुले परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न सक्नेछन् ।

प्राकृतिक व्यक्तिको खाता खोल्दा त्यस्तो विदेशी मुद्रा वैध स्रोतबाट प्राप्त भएको सम्बन्धी स्वघोषणा लिनु पर्नेछ । साथै, प्राकृतिक व्यक्तिको हकमा नगद परिवर्त्य विदेशी मुद्राको आधारमा खाता खोल्दा अमेरिकी डलर ५,००० भन्दा बढीको हकमा नियमानुसारको भन्सार घोषणा कागजात लिनुपर्नेछ ।

(ख) खाताको किसिम :

परिवर्त्य विदेशी मुद्रामा देहाय बमोजिम ४(चार) किसिमका खाता खोल्न सकिनेछ :

(क) चल्ती खाता (ख) बचत खाता (ग) कल खाता र (घ) मुद्दति खाता

(ग) खाता खोल्न पाइने परिवर्त्य विदेशी मुद्राहरू :

नेपाल राष्ट्र बैंकले दैनिक रूपमा प्रकाशित गर्ने विनिमय दर सम्बन्धी सूचनामा समावेश भएका परिवर्त्य विदेशी मुद्राहरूमध्ये भारतीय रूपैयाँ बाहेक खरिद तथा बिक्री दुवै दर उल्लेख भएका मुद्राहरू ।

(घ) खाता खोल्ने तथा सञ्चालन गर्ने प्रकृया :

परिवर्त्य विदेशी मुद्रामा खाता खोल्दा तथा त्यसरी खोलिएका खाताहरू सञ्चालन गर्दा देहाय बमोजिम गर्नु/गराउनु पर्नेछ :

(१) खाता खोल्दा तथा सञ्चालन गर्दा आफ्नो ग्राहकको स्पष्ट पहिचान (Know Your Customer) कायम हुने गरी सम्पत्ती शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४, विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ लगायतका प्रचलित ऐन, नियम तथा सो अन्तर्गत जारी भएका निर्देशन, परिपत्र आदिमा भएका व्यवस्थाहरू पालना गर्नु पर्नेछ ।

(२) गैर आवासीय नेपाली नागरिकको नाममा खाता खोल्दा नेपाल सरकारको सम्बन्धित निकायबाट जारी भएको गैह्र आवासीय नेपाली नागरिकको परिचयपत्रको प्रतिलिपि समेत लिनु पर्ने छ। खाता सञ्चालनको लागि सो प्रमाणपत्र अद्यावधिक रूपमा नवीकरण समेत भएको हुनुपर्ने छ ।

(३) कुटनैतिक हैसियत प्राप्त व्यक्तिहरूको खाता खोल्दा नेपाल सरकार, परराष्ट्र मन्त्रालयबाट जारी भएको प्रमाण पेश गर्नु पर्नेछ ।

(४) परिवर्त्य विदेशी मुद्राको आफनै स्रोत भएका निकाय तथा व्यक्तिहरूलाई मात्र यस्तो खाता खोल्न दिनु पर्नेछ । यस व्यवस्था अन्तर्गत वैदेशिक रोजगारमा गएका वा वैदेशिक रोजगारबाट फर्केका, निजी वा अफिसियल भ्रमणमा विदेश गई फर्केका नेपाली नागरिकहरूले राहदानी सुविधा र अन्य

खर्च बापत सटही गरेको परिवर्त्य विदेशी मुद्रा भ्रमण सकिई बाँकी रहन गएमा सो बचेको परिवर्त्य विदेशी मुद्रा नयाँ खाता खोली वा भई रहेको परिवर्त्य विदेशी मुद्रा खातामा जम्मा गर्न सक्नेछन् ।

(५) तत्काल स्रोत नखुल्ने तर विदेशी मुद्रा पछि प्राप्त हुने गरी भएका कुनै पनि लिखतको आधारमा विदेशी मुद्रा प्राप्त भएपछि मात्र सञ्चालन हुने गरी सम्बन्धित बैंक/वित्तीय संस्थाले आफ्नो नियमको परिधिभित्र रही शुन्य मौज्दातमा समेत खाता खोलिदिन सक्नेछन् ।

(६) खातामा नगदै रकम जम्मा गर्दा परिवर्त्य विदेशी मुद्राको स्रोत खुल्ने कागजात वा प्रमाण लिनु पर्नेछ । व्यक्ति विशेषले अमेरिकी डलर ५,०००।- (पाँचहजार) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राभन्दा बढी हुने गरी नगदै जम्मा गर्न ल्याएमा निज नेपाल प्रवेश गर्दाको प्रवेश विन्दुमा घोषणा गरेको प्रमाण वा नेपाली नागरिकको राहदानीमा दरपिठ भएको समेतको आधारमा मात्र जम्मा गर्न सकिनेछ । एउटै व्यक्ति विशेषले पटक पटक गरी उल्लिखित सीमाभन्दा बढी नगदै विदेशी मुद्रा जम्मा गर्न ल्याएमा निज पटक/पटक विदेश गई फर्केको भन्ने व्यहोरा वा सीमाभन्दा बढी हुने विदेशी मुद्राको स्रोत यकीन गरेर मात्र जम्मा गर्नु पर्नेछ ।

(७) विदेशी नागरिक (पर्यटक समेत) को खाता खोल्दा निजहरूको भिसा अवधिसम्म मात्र खाता सञ्चालन हुन सक्ने गरी खोल्नु पर्नेछ । यस्तो खाता भिसाको अवधि थप भएको आधारमा पुनः सञ्चालन गर्न सकिनेछ । विदेशी नागरिक (पर्यटक समेत) ले नेपालमा रहँदा/बस्दा खोलेको विदेशी मुद्राको खाताबाट नेपालमा भुक्तानी दिने प्रयोजनका लागि मात्र बैंक खाता सञ्चालनलाई निरन्तरता दिन चाहेमा निजको व्यक्तिगत विवरण अद्यावधिक गरी खाता सञ्चालनलाई निरन्तरता दिन सकिनेछ । खातावाला विदेशी नागरिक विदेश फर्किजाने भएमा सो पुष्टि हुने कागजात लिई निजको खातामा बाँकी रहेको विदेशी मुद्रा खाता बन्द गरी निजको खाता रहेको विदेशी बैंकमा पठाउन सकिनेछ । नगद विदेशी मुद्रा नेपाल भित्र्याई खाता खोलेको हकमा त्यस्तो बाँकी रकम अमेरिकी डलर १,५०० सम्म नगदमै भुक्तानी दिन बाधा पर्ने छैन ।

**(७क) नेपालमा कार्यरत रही परिवर्त्य विदेशी मुद्रामा पारिश्रमिक प्राप्त गर्ने भारतीय नागरिकको हकमा सो प्रमाणित हुने कागजातको आधारमा परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न तथा सञ्चालन गर्न सकिनेछ ।**

(८) विदेशी मुद्राको आम्दानी वा स्रोत प्रमाणित हुने Negotiable Instrument मार्फत पनि खातामा रकम जम्मा गर्न सकिनेछ । तर, त्यस्तो Instrument को प्रापक (Payee) खातावाला आफै हुनु पर्नेछ । अरूको नामबाट दरपीठ (Endorse) भएको हुनु हुँदैन । तर विदेशी नागरिकको नाममा रहेको Transferable Negotiable Instrument भने सम्बन्धित प्रापक (Payee) ले अर्को विदेशी नागरिकको नाममा दरपीठ गरी दिएको छ भने त्यस्तो Instrument को परिवर्त्य विदेशी मुद्रा सम्बन्धित विदेशी नागरिकको खातामा जम्मा गर्न सकिनेछ ।

(९) एकाघर परिवारका सदस्यहरू बीच दुई वा दुई भन्दा बढी व्यक्तिहरूको नाममा संयुक्त खाता पनि खोल्न सकिनेछ । यस्तो खातामा रकम जम्मा गर्दा खातावालामध्ये कम्तिमा कुनै एकको परिवर्त्य विदेशी मुद्राको आय स्रोत खुल्ने र नाता प्रमाणित हुने कागजात लिनु पर्नेछ ।

(१०) व्यक्तिगत खातावालाले अख्तियार प्रदान गरेमा निजको श्रीमती, बाबु, आमा, छोरा, छोरीले पनि त्यस्तो अख्तियार बमोजिम खाता सञ्चालन गर्न पाउने छन् । तर, यस्तो अख्तियार प्रदान गर्दा सम्बन्धित निकायबाट प्रमाणित भएको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि अनिवार्यको रूपमा लिनु पर्नेछ ।

(११) संस्थागत खाताको हकमा सम्बन्धित संघ संस्थाको संचालक समिति वा सो संस्थाबाट अख्तियार प्राप्त निकाय/पदाधिकारीले तोके बमोजिम नियमानुसार खाता सञ्चालन गर्नु पर्नेछ ।

(१२) प्रचलित व्यवस्था बमोजिम वा नेपाल सरकारको सम्बन्धित निकायबाट माल सामान आयात गर्न स्वीकृति प्राप्त खातावालाले विदेशबाट माल सामान आयात गर्दा आयात सम्बन्धी अर्थात प्रचलित व्यवस्था बमोजिम भुक्तानी गर्न सक्नेछन् ।

(१३) युआन बाहेक अन्य परिवर्त्य विदेशी मुद्रामा खोलिएका खातामा रहेको विदेशी मुद्रा वा नगद सटही गरी अन्य परिवर्त्य विदेशी मुद्रामा परिवर्तन गर्न चाहेमा प्रचलित विनिमय दरमा सटही गरी भैरहेको खातामा जम्मा गर्न वा नयाँ खाता खोली जम्मा गरिदिन सकिनेछ ।

(१४) खाताको अवधि, न्युनतम मौज्दात, ब्याज दर लगायत खाता सञ्चालन सम्बन्धी अन्य प्रकृया सम्बन्धित बैंक तथा वित्तीय संस्थाले तय गरे बमोजिम हुनेछ । खाता सञ्चालन पश्चात् खाता सञ्चालन सम्बन्धी कुनै पनि व्यवस्था परिवर्तन भएमा खातावालालाई जानकारी गराउनु पर्नेछ ।

(१५) यस विभागबाट परिवर्त्य विदेशी मुद्रामा कारोबार गर्न इजाजत प्राप्त निकायको खाता त्यस्तो इजाजतपत्रको अवधि वहाल रहेसम्म मात्र सञ्चालन हुने गरी खोल्नु पर्नेछ । साथै, त्यस्तो इजाजतपत्रको अवधि समाप्त भएको ३० दिनसम्म पनि इजाजतपत्र नवीकरण भएको प्रमाण वा यस विभागको स्वीकृति पत्र पेश नगरेमा त्यस्ता खाता सञ्चालनमा पूर्ण रूपमा रोक लगाउनु पर्नेछ । विदेशीलाई सेवा बिक्री गरी विदेशबाट प्राप्त भएको रकम त्यस्ता खातामा जम्मा मात्र गर्ने गरी स्वीकार गर्न भने सकिनेछ ।

तर, कोभिड-१९ रोकथाम तथा न्यूनीकरणका लागि नेपाल सरकारबाट जारी भएको निषेधाज्ञा रहुञ्जेलसम्म र निषेधाज्ञा औपचारिकरुपमा समाप्त भएको ३० दिनको अवधिसम्म इजाजतपत्रप्राप्त निकायको इजाजतपत्र नवीकरण नभएको अवस्थामा समेत यथास्थितिमा खाता सञ्चालन गराउन बाधा पर्ने छैन ।

(१६) खातावालाले चाहेमा एउटा बैंक तथा वित्तीय संस्थाको खातामा रहेको परिवर्त्य विदेशी मुद्रा अर्को बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नै खातामा चेक वा ट्रान्सफरको माध्यमबाट विदेशी मुद्रामै रकमान्तर गर्न पाउने छन् । यसरी रकमान्तर हुने परिवर्त्य विदेशी मुद्राको सम्बन्धमा जम्मा गर्ने बैंक तथा वित्तीय संस्थाले स्रोतको प्रमाण लिनु पर्ने छैन ।

यस व्यवस्था बमोजिम अर्को बैंक तथा वित्तीय संस्थामा नयाँ खाता खोली ट्रान्सफर वा रकमान्तर समेत गर्न सकिनेछ ।

(१७) कुनै संस्थाले विदेशी मुद्रामा दान, दातव्य, उपहार प्राप्त गरेमा त्यस्तो विदेशी मुद्राको स्रोत र विवरण खुलाई संस्था दर्ता सम्बन्धी कागजातहरू लिई आवश्यक प्रक्रिया पुऱ्याई विदेशी मुद्रामा खाता खोल्न सकिनेछ ।

(ङ) <u>परिवर्त्य विदेशी मुद्रा खाताबाट खर्च गर्ने व्यवस्था :</u>

(१) सामान्यतया परिवर्त्य विदेशी मुद्रा खातामा रहेको मौज्दातले भ्याएसम्म खातावालाले आफ्नो खाता खर्च गरी परिवर्त्य विदेशी मुद्रामा भुक्तानी दिन सक्नेछन् ।

साथै, नेपालभित्रै परिवर्त्य विदेशी मुद्रामा कारोबार गर्न योग्य पक्षहरुबीच परिवर्त्य विदेशी मुद्रामा हुने भुक्तानीमा कुनै सीमा लागू हुने छैन । तर, विदेशमा हुने भुक्तानीको लागि प्रचलित व्यवस्थाबमोजिमको रकम भुक्तानीको सीमा लागू हुनेछ ।

(२) खण्ड (ङ)(१) बमोजिम भुक्तानी पाउने पक्ष नेपाली भए नेपाली रूपैयाँमा र भारतीय भएमा प्रचलित विनिमय दरमा भारतीय रूपैयाँमा भुक्तानी गर्नु पर्नेछ ।

तर, देहायको अवस्थामा यस्तो बन्देजले बाधा पुऱ्याएको मानिने छैन :

(क) भुक्तानी पाउने पक्ष सरकारी निकाय भएको खण्डमा तथा सार्वजनिक खरिद ऐन लागू हुने ग्लोबल टेण्डरअन्तर्गत हुने वस्तु वा सेवाको खरिद-बिक्रीसम्बन्धी ठेक्कापट्टा वा करार ।

(ख) यस विभागबाट विदेशी विनिमय कारोबारको इजाजतपत्रप्राप्त निकायले प्रचलित व्यवस्थाबमोजिम विदेशीका लागि गरेको वस्तु तथा सेवा खरिद-बिक्री सम्बन्धी कारोबारबापतको भुक्तानी ।

(ग) विदेशी लगानी भएका उद्योग र/वा विदेशी संस्थाको नेपालमा दर्ता भएका शाखाबीच एक आपसमा हुने कारोबारबापत नगद बाहेकको माध्यमबाट परिवर्त्य विदेशी मुद्रामा भुक्तानी ।

(३) खातावालाले आफ्नो खातामा रहेको परिवर्त्य विदेशी मुद्रा बाहेक अन्य परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न चाहेमा प्रचलित विनिमय दरमा सटही गरी भुक्तानी गर्न सकिनेछ ।

(४) आफ्नो खाताबाट व्यक्तिगत खातावालले नगदै परिवर्त्य विदेशी मुद्रा झिक्न चाहेमा देहायबमोजिम हुनेछ :

(क) कुटनीतिक हैसियत प्राप्त व्यक्तिहरूलाई नगदमै पनि भुक्तानी दिन सकिने छ ।

(ख) विभिन्न दुतावास तथा कुटनीतिक नियोगमा कार्यरत भिसाप्राप्त गैर-कुटनीतिक विदेशी कर्मचारीहरूलाई आफ्नो व्यक्तिगत परिवर्त्य विदेशी मुद्रा खाताबाट प्रति महिना नगदमा यु.एस.डलर ५००।- वा सो बराबरको रकमसम्म भुक्तानी दिन सकिनेछ ।

(ग) अन्य खातावालको हकमा विदेश जानु परेको अवस्थामा मात्र प्रचलित व्यवस्था बमोजिम नगदमा यु.एस.डलर ५००।- वा सो बराबरको रकमसम्म भुक्तानी दिन सकिनेछ । विदेश जानु परेको अवस्थामा सो भन्दा बढीको नगद सटही दिनु परेको खण्डमा औचित्यको आधारमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको शाखा/कार्यालय प्रमुखले स्वीकृति दिएमा यस्तो सटही प्रदान गर्न सकिनेछ । तर, त्यस्तो नगदको सीमा राहदानी बापतको सटही सुविधा अन्तर्गतको प्रचलित सीमा (प्रति पटक) भन्दा बढी हुने छैन ।

(घ) बुँदा (क), (ख) र (ग) बमोजिम नगदमा भुक्तानी गर्दा नगद नोटहरू पछि Counterfeit ठहरिएमा खातावाला स्वयम् जिम्मेवार हुनु पर्ने व्यहोराको शर्त राखी भुक्तानी गर्नु पर्नेछ ।

(५) कुनै पनि खातावालले विदेशबाट लिएको सेवाको भुक्तानी गर्दा सो भुक्तानीमा प्रचलित कर कानुनबमोजिम लाग्ने अग्रिम आयकर (TDS) र मूल्य अभिवृद्धि कर (Reverse Charge) दाखिला गरेको प्रमाण लिनु पर्नेछ ।

(६) नेपाली नागरिकहरूको नाममा खोलिएको कुनै पनि किसिमको परिवर्त्य विदेशी मुद्रा खाताबाट सम्बन्धित खातावाला र निजको परिवारका सदस्यहरूलाई देहाय बमोजिम आवश्यक पर्ने परिवर्त्य विदेशी मुद्रा खर्च गर्न सकिनेछ । सोभन्दा बढी रकम आवश्यक परेमा प्रकृया पुऱ्याई अन्य माध्यमबाट सटही सुविधा प्रदान गर्नु पर्नेछ ।

(क) औषधोपचारको लागि जानुपरेमा वा गई सकेको अवस्थामा रकम नपुग भएमा प्रयोजन र परिवारको सदस्य भएको पुष्टि हुने कागजातको आधारमा आवश्यकता अनुरूपको खर्च ।

(ख) विदेशबाट आयात गर्न वा आयात गरेको माल सामानको भुक्तानी गर्नु परेमा व्यक्तिगत प्रयोगको लागि आयात गर्न सकिने भनि तोकिएका वस्तुहरू, झिटीगुण्टा सुविधा अन्तर्गतका वस्तुहरू तथा नेपाल सरकारको सम्बन्धित निकायबाट आयात गर्न स्वीकृति लिइएका मालसामानहरू प्रचलित व्यवस्था बमोजिम आयात गर्दा भुक्तानी गर्नु पर्ने रकम ।

(ग) प्रचलित व्यवस्था बमोजिमका कागजात लिई एकाघर परिवारका सदस्यलाई विदेशमा शिक्षा आर्जन गर्न आवश्यक शैक्षिक शुल्क, निर्वाह खर्च र शैक्षिक भ्रमण खर्च ।

(घ) विदेशी संस्थाबाट लिइएको सेवा पुष्टि हुने आवश्यक कागजातको आधारमा सम्बन्धित संस्थालाई भुक्तानी गर्नु पर्ने वार्षिक अमेरिकी डलर **२५,०००।- (पच्चीस हजार)** सम्म वा सो बराबर हुने अन्य परिवर्त्य विदेशी मुद्रा ।

(ङ) हवाई टिकट वा माल सामान आयातको सिलसिलामा ढुवानी तथा बीमा शुल्क भुक्तानीको लागि आवश्यक पर्ने बिल/बीजक आदिमा उल्लिखित विदेशी मुद्रा । यस्तो रकम भुक्तानी गर्दा बैंकिङ्ग/भुक्तानीका उपकरणमार्फत् मात्र गर्नु पर्नेछ ।

(च) विदेशी मुद्रामा आय आर्जन गरी विदेशी मुद्रामा खाता भएका नेपाली नागरिकहरू विदेश भ्रमणमा जाँदा आवश्यक कागजात लिई आफ्नो खातामा भएको विदेशी मुद्रा प्रचलित व्यवस्थाबमोजिम उपयोग गर्न चाहेमा विदेशी मुद्रा मौज्दातबाट एक पटक वा पटक पटक गरी वर्षमा बढीमा अमेरिकी डलर **२५,०००।- (पच्चीस हजार)** सम्म वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रामा बैंकिङ्ग उपकरण मार्फत् उपयोग गर्न सकिनेछ ।

(छ) अन्तर्राष्ट्रिय संघ-संस्थाहरूमा काम गरी तलव भत्ता तथा पेन्सनको रुपमा विदेशी मुद्रा आर्जन गर्ने नेपाली नागरिकहरूले आवश्यक कागजातको आधारमा नेपाली बैंकहरूमा खोलिएको विदेशी मुद्रा खातामा जम्मा भएको परिवर्त्य विदेशी मुद्रा प्रचलित व्यवस्थाले खर्च गर्न छुट दिएका वस्तु आयात गर्न, पर्यटन र सेवा खरिदका लागि **नेपाल भित्रिएको कुल परिवर्त्य विदेशी मुद्राको ७०% बराबरसम्मको परिवर्त्य विदेशी मुद्रासम्म उपयोग गर्न सकिनेछ । यस्तो सटही सुविधा एक पटकमा अमेरिकी डलर २५,०००।- (पच्चीस हजार) सम्म वा पटक पटक गरी एक वर्षमा जम्मा अमेरिकी डलर ३०,०००।- (अमेरिकी डलर तीस हजार) सम्म प्रदान गर्दा उल्लिखित ७०% को सीमा लागू हुने छैन ।**

तर यस्तो सटही पुँजीगत खर्च र लगानीको रुपमा विदेशमा उपयोग गर्न पाइने छैन ।

(७) परिवर्त्य विदेशी मुद्रामा खोलिएको खाताबाट देहाय बमोजिम परिवर्त्य विदेशी मुद्रा खर्च गर्न सकिनेछ :

(क) आफ्नो तथा आफ्नो Sister Concern को लागि आवश्यक पर्ने माल सामान प्रचलित व्यवस्था बमोजिम आयात गर्न वा आयात भएको आधिकारिक प्रमाणको आधारमा भुक्तानी गर्न । Sister Concern को लागि भुक्तानी गर्नु परेमा प्रचलित परिभाषा अनुरूप Sister Concern हो भन्ने व्यहोरा प्रमाणित हुने कागजात लिनु पर्नेछ ।

(ख) निर्यात भएको वस्तु तथा सेवाको गुणस्तर, परिमाण आदिमा फरक परेको कारणले विदेशी आयातकर्ताबाट सम्बन्धित बैंक तथा वित्तीय संस्था मार्फत दावी पर्न आएमा निर्यात भई सोको भुक्तानी प्राप्त भएको पुष्टि हुने कागजातहरू र आधिकारिक दावीको आधारमा प्रति निर्यात/कन्साइन्टमेण्ट बढीमा अमेरिकी डलर १,०००।- वा दावी रकम मध्ये जुन कम हुन्छ सो रकम सम्बन्धित विदेशी आयातकर्ताले पाउने गरी भुक्तानी गर्न सकिने छ ।

(ग) आफ्नो तथा आफ्नो Sister Concern को लागि विदेशी संस्थाबाट लिने विविध सेवा, अदृश्य आयात (Invisible Import) लिए/गरेको पुष्टि हुने कागजात/बिल बीजकको आधारमा मासिकरुपमा बढीमा अमेरिकी डलर **२५,०००।- (पच्चीस हजार**) वा सो बराबर हुने रकम सम्बन्धित पक्षलाई भुक्तानी गर्न सकिनेछ । तर, नेपाली विश्वविद्यालयले लिने सेवाको हकमा विदेशी प्राकृतिक व्यक्ति (शोधकर्ता/प्राध्यापन पेशाकर्मी) लाई समेत भुक्तानी गर्न सकिनेछ र त्यस्तो भुक्तानीको सीमा वार्षिक अमेरिकी डलर ५०,००० सम्म हुनेछ ।

(घ) आफ्नो तथा आफ्नो सिष्टर कन्सर्नको व्यापार व्यवसाय प्रबर्द्धनको लागि विदेशमा आयोजना हुने मेला, प्रदर्शनी आदिमा भाग लिने, अन्तर्राष्ट्रिय संघ संस्थामा आबद्धता हुने, सदस्यता लिने आदि प्रयोजनको लागि स्टल बुकिङ्ग, दर्ता सदस्यता, आवद्धता शुल्क सम्बन्धित संस्थालाई भुक्तानी गर्न सकिनेछ ।

(ङ) नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत/स्वीकृति प्राप्त गरी विदेशमा शाखा/सम्पर्क कार्यालय/प्रदर्शन कक्ष आदि स्थापना गरेको अवस्थामा सोको प्रमाणको आधारमा विद्यमान व्यवस्था बमोजिम त्यस्ता कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने रकम भुक्तानी गर्न सकिनेछ ।

(च) यस विभागबाट जारी एकीकृत परिपत्रको इ.प्रा. परिपत्र संख्या: ७ को दफा ३ मा समावेश भएको व्यवस्था बमोजिमको भ्रमण खर्च प्रदान गर्न ।

(८) विदेशी राजदुतावास कुटनीतिक नियोगहरूले खोलेको खाताहरूबाट देहाय बमोजिम परिवर्त्य विदेशी मुद्रामा खर्च गर्न सकिनेछ :

(क) कुटनीतिक सुविधा अन्तर्गत, नेपालका संघ/संस्था आदिलाई अनुदान/सहयोगको रूपमा उपलव्ध गराउन, नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृतिको आधारमा र आफ्नो

उपयोग समेतको प्रयोजनको लागि प्रचलित व्यवस्था बमोजिम गरिने आयातको भुक्तानी गर्न ।

(ख) प्रचलित कानुनले निषेध गरेको बाहेकका अन्य कुनै पनि प्रयोजनको लागि विदेशस्थित व्यक्ति, निकाय आदिलाई भुक्तानी गर्न तथा रकमान्तर गर्न ।

(ग) आफना पदाधिकारी/कर्मचारीहरू विदेश भ्रमणमा जाँदा नियमानुसार उपलब्ध गराइने दैनिक तथा भ्रमण खर्च लगायतका खर्चको भुक्तानी गर्न ।

(घ) माथि उल्लिखित प्रयोजनका लागि भारतमा समेत CIF मूल्य सम्ममा परिवर्त्य विदेशी मुद्रा वा भारतीय मुद्रामा भुक्तानी गर्न ।

(९) कुटनीतिक हैसियत प्राप्त विदेशी नागरिक, गैर-आवासीय नेपाली नागरिक र विदेशी नागरिकहरूले खोलेको खाताहरूबाट देहाय बमोजिम परिवर्त्य विदेशी मुद्रामा खर्च गर्न सकिनेछ :

(क) कुटनीतिक हैसियत प्राप्त विदेशी नागरिकहरूले कुटनीतिक सुविधा अन्तर्गत प्रचलित व्यवस्था बमोजिम गर्ने आयातको भुक्तानी गर्न ।

(ख) नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृति लिई प्रचलित व्यवस्था बमोजिम अन्य आयातको भुक्तानी गर्न ।

(ग) प्रचलित कानुनले निषेध गरेको बाहेकका अन्य कुनै पनि प्रयोजनको लागि विदेशस्थित व्यक्ति, निकाय आदिलाई भुक्तानी/रकमान्तर गर्न ।

(घ) माथि उल्लिखित प्रयोजनका लागि भारतमा समेत CIF मूल्य सम्ममा परिवर्त्य विदेशी मुद्रा वा भारतीय मुद्रामा भुक्तानी गर्न ।

(१०) अन्तर्राष्ट्रिय संघ/संस्था/प्रेश, विदेशी संघ/संस्था, नाफा आर्जन गर्ने उद्देश्य नभएका अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी तथा सामाजिक संस्थाहरूले खोलेका खाताबाट देहाय बमोजिम परिवर्त्य विदेशी मुद्रामा खर्च गर्न सकिनेछ :

(क) आफ्नो उपयोग वा नेपालस्थित संघ संस्थालाई अनुदान/सहयोगको रूपमा उपलब्ध गराउने प्रयोजनको लागि र नेपाल सरकारको सम्बन्धित निकाय वा नियमनकारी निकायको स्वीकृति/सिफारिसमा प्रचलित व्यवस्था बमोजिम गरिने अन्य आयातको भुक्तानी गर्न ।

(ख) आफ्नो पदाधिकारी तथा कर्मचारीहरू विदेश भ्रमणमा जाँदा नियमानुसार उपलब्ध गराउने दैनिक तथा भ्रमण लगायतका खर्चको भुक्तानी गर्न ।

(ग) आफ्नो मातृ संस्था/अनुदान सहयोग प्रदायक संस्थासँग भएको लिखित सम्झौता/सहमति/सहकार्य आदिको आधारमा नेपाल सरकारको सम्बन्धित निकाय वा नियमनकारी निकायबाट स्वीकृति/सिफारिस भएको कार्यक्रम सञ्चालनको लागि मुलुक बाहिर तथा मुलुक भित्रै भुक्तानी गर्न । यस्तो कार्यक्रमको लागि भुक्तानी गर्दा विदेशबाट प्रतिनिधित्व गर्ने विदेशी नागरिकलाई मात्र निज नेपाल प्रवेश गरी कार्यक्रममा सहभागी भएको प्रमाणको आधारमा दैनिक भत्ता लगायतका खर्च विदेशी मुद्रामा नगदमा समेत भुक्तानी गर्ने प्रयोजनको लागि नगद नोटहरू पछि जाली (Counterfeit) ठहरिएमा खातावाल स्वयम् जिम्मेवार हुनु पर्ने शर्त राखी नगदमा समेत भुक्तानी गर्न सकिनेछ । यस्तो सटही दिने बैंकले भुक्तानी गरेको रकमको भरपाई सहितको सम्बन्धित विवरण पेश गर्न लगाउनु पर्नेछ ।

(घ) माथि उल्लिखित प्रयोजनका लागि भारतमा समेत CIF मूल्य सम्ममा परिवर्त्य विदेशी मुद्रा वा भारतीय मुद्रामा समेत भुक्तानी गर्न सकिने छ ।

(११) यस बैंकबाट परिवर्त्य विदेशी मुद्राको कारोबार गर्न इजाजतपत्रप्राप्त विप्रेषण कम्पनी, मनिचेञ्जर, ट्राभल, ट्रेकिङ्ग, कार्गो, होटल, एयरलाइन्स तथा सोको जि.एस.ए/पि.एस.ए लगायत देहाय बमोजिमको अन्य निकायहरूले खोलेका खाताबाट देहाय बमोजिम परिवर्त्य विदेशी मुद्रामा जम्मा/खर्च गर्न सकिनेछ :

(क) विप्रेषण (Remittance) सम्बन्धी कारोबार गर्ने निकाय :

(१) विदेशस्थित बैंक/वित्तीय संस्थाहरूबाट यस्ता निकायको नाममा प्राप्त हुने रकम मात्र खातामा जम्मा गर्न सकिनेछ।

(२) खातामा जम्मा भएको परिवर्त्य विदेशी मुद्रा जम्मा भएको मितिले १५ दिनसम्म मात्र विदेशी मुद्रामा राख्न सकिनेछ। सो अवधि नाघेपछि बैंक/वित्तीय संस्थाले अनिवार्य रूपमा नेपाली रूपैयाको खातामा रकमान्तर गर्नु पर्नेछ।

(३) परिवर्त्य विदेशी मुद्रामा प्राप्त हुने कमिसन बापतको रकम आर्जन प्रमाणित हुने कागजातको आधारमा बेग्लै खाता खोली जति अवधिसम्म पनि राख्न सकिनेछ।

(४) खातामा रहेको विदेशी मुद्रा मौज्दात यस बैंक वा यस बैंकबाट विदेशी मुद्रामा कारोबार गर्ने इजाजतपत्रप्राप्त कुनै पनि बैंक/वित्तीय संस्था वा विद्युत खरिद (Power Purchase) को लागि नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्न सकिनेछ।

(५) विप्रेषण कारोबार बापत सम्झौता गरिएको विदेशी संस्थाबाट प्राप्त भएको कमिसन बापतको आर्जन रकमबाट खोलेको विदेशी मुद्रा खाताबाट आफ्नो प्रयोजनको लागि प्रचलित व्यवस्था बमोजिम गरिने आयातको भुक्तानी, अमेरिकी डलर **२५,०००।- (पच्चीस हजार)** वा सो बराबरसम्म विदेशी संस्थासँग लिएको सेवाको भुक्तानी, आफ्ना पदाधिकारी तथा कर्मचारीहरू विदेश भ्रमणमा जाँदा नियमानुसार उपलब्ध गराउने दैनिक तथा भ्रमण खर्च, विप्रेषण व्यवसाय प्रवर्द्धन सम्बन्धी खर्च लगायतका खर्चको भुक्तानी गर्न सकिनेछ। यस व्यवस्था अन्तर्गतको सुविधा विप्रेषण कारोबारको लागि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई समेत प्राप्त हुनेछ।

(६) भारतमा कार्यरत नेपालीहरूको आर्जनलाई भारतीय रूपैयाँमा नेपाल भित्र्याउने कार्यमा संलग्न विप्रेषण कारोबार गर्ने निकायले देहायका शर्तहरू अन्तर्गत रही भारतीय रूपैंयाँमा समेत खाता खोल्न सक्नेछन् :

(अ) जुन बैंक तथा वित्तीय संस्था मार्फत रकम प्राप्त भएको हो सोही बैंक तथा वित्तीय संस्थामा खाता खोल्नु पर्नेछ।

(आ) भारतीय रूपैंयाँमा प्राप्त हुने रेमिटान्स र सो बापतको कमिसन रकम मात्र जम्मा गर्न सकिनेछ

(इ) यस्तो खातामा रहेको मौज्दात यस बैंक तथा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थालाई बिक्री गर्न सकिनेछ।

(ई) यस्तो खातामा जम्मा भएको भारतीय रुपैयाँ जम्मा भएको मितिले ७ (सात) कार्य दिनसम्म मात्र खातामा राख्न पाइनेछ। सो अवधि नाघेपछि बैंक/वित्तीय संस्थाले अनिवार्य रूपमा नेपाली रूपैंयाँमा रकमान्तर गर्नु पर्नेछ।

(उ) भारतीय रूपैंयाँको विनिमय दरको थपघटबाट यस्तो खातामा हुने लाभहानीको मिलान यस बैंकबाट निर्धारण गरे बमोजिम हुनेछ।

(ख) <u>मनिचेन्जर (Money Changer) कारोबार गर्ने कम्पनी :</u>

(१) मनिचेन्जर कम्पनी आफैले खरिद गरेको परिवर्त्य विदेशी मुद्रा मात्र त्यस्तो कम्पनीले खोलेको परिवर्त्य विदेशी मुद्रा खातामा जम्मा गर्न सकिनेछ।

(२) खातामा रहेको विदेशी मुद्रा मौज्दात यस बैंक तथा यस बैंकबाट विदेशी मुद्राको कारोबार गर्न इजाजतपत्रप्राप्त नेपालस्थित बैंक/वित्तीय संस्थालाई बिक्री गर्न सकिनेछ।

(३) प्रचलित व्यवस्था बमोजिम नेपाली नागरिकलाई राहदानी सुविधा बापतको विदेशी मुद्रा बिक्री गर्न समेत इजाजतपत्रप्राप्त गरेका मनिचेञ्जर कम्पनीले सो प्रयोजनको लागि तोकिएको रकम आफ्नो खाताबाट नगदमै विदेशी मुद्रा झिक्न चाहेमा विदेशी मुद्रा बिक्री गरेको विवरण (नेपाली नागरिकको नाम, राहदानी नम्बर र सटही लिएको परिवर्त्य विदेशी मुद्राको किसिम र रकम देखिने गरी) पछि पेश गर्नु पर्ने शर्तमा सम्बन्धित बैंक/वित्तीय

संस्थाले उपलब्ध भएसम्म परिवर्त्य विदेशी मुद्रा नगदमा उपलब्ध गराउन सक्नेछन् । यसरी परिवर्त्य विदेशी मुद्रा उपलब्ध गराउँदा अघिल्लो पटक उपलब्ध गराएको विदेशी मुद्रा बिक्रीको विवरण उपलब्ध नगराउने मनिचेञ्जरलाई थप रकम उपलब्ध गराउन पाइने छैन ।

(ग) <u>ट्राभल, ट्रेकिङ्ग, कार्गो, कुरियर, होटल, एयरलाइन्स तथा सोको जि.एस.ए/पि.एस.ए र अन्य निकायहरू :</u>

(१) आफ्नो प्रिन्सिपल वा जि.एस.ए/पि.एस.ए लाई रिप्याट्रिएशन गर्नु पर्ने गरी विदेशी मुद्रामा बिक्री गरेको सेवा रकमबाट बेग्लै रिप्याट्रिएशन खाता खोल्नु पर्नेछ । यस्तो खातामा सेवा बिक्री बापत परिवर्त्य विदेशी मुद्रामा प्राप्त हुने कमिसन रकम समेत आर्जन प्रमाणित हुने कागजातको आधारमा जम्मा गर्न सकिनेछ ।

(२) सेवा बिक्री बापत परिवर्त्य विदेशी मुद्रामा प्राप्त हुने कमिसन बापतको रकम आर्जन प्रमाणित हुने कागजातको आधारमा बेग्लै परिवर्त्य विदेशी मुद्रा खातामा समेत राख्न सकिनेछ ।

(३) परिवर्त्य विदेशी मुद्रामा रिप्याट्रिएशन गर्नु पर्ने रकम रिप्याट्रिएशन खाताबाटै खर्च गर्नु पर्नेछ ।

(४) रिप्याट्रिएशन खाताबाट रिप्याट्रिएशन गरी बाँकी रहेको विदेशी मुद्रा विद्यमान व्यवस्था बमोजिम भ्रमण खर्च उपलब्ध गराउने प्रचलित व्यवस्था बमोजिम आफ्नो उपयोगको लागि गरिने आयातको भुक्तानी गर्ने तथा अमेरिकी डलर **२५,०००।- (पच्चीस हजार)** वा सो बराबरसम्मको सेवा लिए बापत विदेशी संस्थालाई भुक्तानी गर्न प्रयोजनको लागि खर्च गर्न सकिनेछ ।

(घ) <u>वैदेशिक रोजगारमा पठाउने वैदेशिक रोजगार व्यवसायी फर्म/कम्पनी/संस्था :</u>

(१) नेपाल वैदेशिक रोजगार संघको सिफारिसमा वैदेशिक रोजगार व्यवसायी फर्म/कम्पनी/संस्थाहरूले परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न सक्नेछन् ।

(२) वैदेशिक रोजगार व्यवसायी फर्म/कम्पनी/संस्थाहरूले विदेशस्थित एजेन्टहरूबाट विदेशी मुद्रामा प्राप्त गर्ने सम्पूर्ण कमिसन, शुल्क आदि बैंकिङ्ग प्रणाली मार्फत आफ्नो विदेशी मुद्राको खातामा जम्मा गर्न सक्नेछन् ।

(३) वैदेशिक रोजगार व्यवसायी फर्म/कम्पनी/संस्थाहरूले विदेशमा भुक्तानी गर्नुपर्ने कमिसन, एजेन्सी शुल्क, रिसोर्सिङ्ग शुल्क आदि बिल भरपाई/इन्भ्वाईसको आधारमा सटही गरी भुक्तानी पठाउन सक्नेछन् ।

(४) वार्षिक १०० (एक सय) सम्म कामदार पठाउने वैदेशिक रोजगार व्यवसायी फर्म/कम्पनी/संस्थाहरूको व्यापार प्रवर्द्धन खर्च, मनोरन्जन खर्च बापत व्यवसायीहरू वैदेशिक भ्रमणमा जाँदा निवेदनको आधारमा आफ्नो विदेशी मुद्रा खाताबाट बैंक तथा वित्तीय संस्थाहरूले वर्षमा एक पटक वा पटक पटक गरी बढीमा अमेरिकी डलर **२५,०००।- (पच्चीस हजार)** सम्म सटही सुविधा दिन सकिनेछ । यो सुविधा वर्षमा १०० जना भन्दा बढी कामदार पठाउने वैदेशिक रोजगार कम्पनीहरूको हकमा भने वर्षमा एक पटक वा पटक पटक गरी बढीमा अमेरिकी डलर **३०,०००।- (तीस हजार)** सम्मको सटही सुविधा दिन सकिनेछ ।

(५) बैंक तथा वित्तीय संस्थाहरूले यसरी सटही दिएको विवरण त्रैमासिक रुपमा त्रयमास समाप्त भएको ७ दिनभित्र यस विभागलाई उपलब्ध गराउनु पर्नेछ ।

(१२) प्रचलित व्यवस्थाले तोकिदिएको बाहेक पूँजीगत प्रकृतिको कारोबारबाट प्राप्त हुने परिवर्त्य विदेशी मुद्राबाट विदेशी मुद्रामा खाता खोल्न र भइरहेको परिवर्त्य विदेशी मुद्रा खातामा जम्मा गर्नुपूर्व यस बैंकको स्वीकृति लिनु पर्नेछ ।

(१३) यस परिपत्रको विभिन्न दफामा उल्लेख भए अनुसार परिवर्त्य विदेशी मुद्रामा खर्च/भुक्तानी गर्न सकिने सीमा र प्रयोजन बाहेक अन्य प्रयोजन वा तोकिएको सीमाभन्दा बढी परिवर्त्य विदेशी मुद्रामा खर्च/भुक्तानी गर्नु परेमा अनिवार्य रूपमा यस विभागको स्वीकृति लिनु पर्नेछ ।

(१४) <u>अन्तर्राष्ट्रिय संघ/संस्थाहरूले भारतमा परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्ने सम्बन्धी व्यवस्था :</u> नेपालका बैंक/वित्तीय संस्थाहरूमा परिवर्त्य विदेशी मुद्राको खाता भएका अन्तर्राष्ट्रिय संघ/संस्था/नियोग/कार्यालय आदिले सेवा शुल्क लगायत अन्य विभिन्न प्रयोजनको लागि भारतमा परिवर्त्य विदेशी मुद्रामा नै भुक्तानी गर्नुपरेमा प्रचलित नियमानुसारको कर दाखिला गरेको निस्सा लिई सम्बन्धित बैंक/वित्तीय संस्थाहरूले ती कार्यालयहरूको परिवर्त्य विदेशी मुद्रा खाता खर्च गरी त्यस्तो भुक्तानी गर्न सक्ने छन् ।

२. <u>विदेशमा विदेशी मुद्राको खाता खोल्ने र सञ्चालन गर्ने सम्बन्धी व्यवस्था</u>

इजाजतपत्रप्राप्त गरेका बैंक तथा वित्तीय संस्था लगायत प्रचलित कानुनबमोजिम स्थापित फर्म, कम्पनी, संगठित संघ, संस्था, निकाय र नेपाली नागरिकहरूलाई विदेशस्थित बैंकमा खाता खोल्न तथा सञ्चालन गर्न देहायबमोजिमको व्यवस्था गरिएको छ :

(क) <u>बैंक तथा वित्तीय संस्थाले खोल्न सक्ने एजेन्सी (Nostro) खातासम्बन्धी व्यवस्था :</u>

विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई देहायका शर्त तथा कागजातको आधारमा विदेशी विनिमय लगायतका बैंकिङ्ग कारोबार गर्ने प्रयोजनका लागि विदेश स्थित बैंकहरूमा एजेन्सी खाता (Nostro Account) खोल्न यस बैंकबाट स्वीकृति प्रदान गर्न सकिनेछ :

(१) बैंक तथा वित्तीय संस्थाहरूले आवश्यकता अनुसारको परिवर्त्य विदेशी मुद्रामा एजेन्सी खाता (Nostro Account) खोल्न सक्नेछन् । यस्तो खाता खोल्न चाहने बैंक तथा वित्तीय संस्थाले खाता खोल्न चाहेको विदेशी मुद्रा, विदेशस्थित बैंक तथा वित्तीय संस्थाको नाम, ठेगाना र क्रेडिट रेटिङ्ग उल्लेख गरी यस विभागमा निवेदन पेश गर्नु पर्नेछ ।

(२) खाता खोल्ने स्वीकृति अनुरूप एजेन्सी खाता खोलेको जानकारी यस विभागलाई अनिवार्य रूपमा गराउनु पर्नेछ ।

(३) यस्तो खाता आवश्यक नभएमा बैंक तथा वित्तीय संस्था आफैले बन्द गर्न सक्नेछन् । यसरी बन्द गरिएको खाताको अन्तिम कारोबार देखिने स्टेटमेण्ट तथा हिसाब मिलान (Reconciliation) विवरण समेत संलग्न गरी बन्द गरिएको जानकारी यस विभागलाई गराउनु पर्नेछ ।

(४) आफ्नो एजेन्सी खातामा मौज्दात रहेका रकमलाई विभिन्न मुद्राहरूमा आवश्यकता अनुरूप मुद्रागत रूपमा हेरफेर गर्न सकिनेछ । तर, परिवर्त्य विदेशी मुद्रा बिक्री गरी भारतीय रूपैयाँ खरिद गर्न पाइने छैन ।

(५) भारतीय रूपैयाँका एजेन्सी खातामा आवश्यकताभन्दा बढी मौज्दात राख्न पाइने छैन र त्यस्तो भा.रु. मौज्दात चल्ती खातामा मात्र राख्न पाइनेछ ।

(६) चल्ती खाताबाट विदेशी मुद्रा कारोबार गर्दा ग्राहक र बैंक/वित्तीय संस्था बीच र अन्तर बैंक/वित्तीय संस्था बीच पनि कारोबार गर्न सकिनेछ ।

(७) एजेन्सी मौज्दातबाट खर्च गर्दा प्रचलित व्यवस्था अनुसार गर्नु पर्नेछ । कारोबार गर्दा लाग्ने कमिसन, पोष्टेज, तार, टिकट, टेलेक्स, कलेक्सन दस्तुर आदि लगायत एजेन्सी कारोबार गरे बापत लाग्ने अन्य भैपरी आउने दस्तुर तथा शुल्क बाहेकका अन्य भुक्तानी यस्तो खाताबाट गर्नु परेमा यस बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(८) एजेन्सी कारोबारको क्रममा हुने सामान्य अवस्थाको ओभरड्रन (Overdrawn) बाहेक यस बैंकको स्वीकृति बेगर विदेशस्थित एजेन्सी बैंकहरूबाट कुनै किसिमको ऋण सुविधा तथा अधिविकर्ष (Overdraft) लिन पाइने छैन ।

(९) बैंक/वित्तीय संस्थाहरूले आफ्नो प्रत्येक एजेन्सी खाताको हिसाव मिलान विवरण (Reconciliation Statement) अर्धवार्षिक तथा वार्षिक हिसाव मिलान (Closing) सकिएको १ महिना भित्र यस विभागमा पठाउनु पर्नेछ ।

(१०) बैंक तथा वित्तीय संस्थाहरूले विदेशस्थित बैंक तथा वित्तीय संस्थामा खाता खोलि २०७४ आषाढ मसान्तसम्म सञ्चालनमा रहेका एजेन्सी खाताहरूको विदेशी मुद्रा, एजेन्सीको नाम, ठेगाना र क्रेडिट रेटिङ समेत देखिने विवरण र ती खाताहरूको नविनतम हिसाव मिलान विवरण यस विभागमा पेश गर्नुपर्नेछ ।

(११) उपर्युक्तबमोजिम एजेन्सी खाता (Nostro Account) खोल्न स्वीकृत प्राप्त भएको विदेशी बैंकमा Custodian खाता खोल्न तथा सञ्चालन गर्न यस बैंकको थप स्वीकृति आवश्यक पर्ने छैन । यसरी खुलेका खाताको विवरण वार्षिक रुपमा यस बैंकमा पेश गर्नु पर्नेछ ।

(ख) फर्म, कम्पनी र संगठित संघ संस्थाले खोल्न सक्ने खाता सम्बन्धी व्यवस्था :

नेपालमा दर्ता भएका निम्न बमोजिमका कम्पनी, संगठित संस्था वा फर्मलाई देहायका शर्त र कागजातका आधारमा विदेशमा खाता खोल्न यस बैंकबाट स्वीकृति प्रदान गर्न सकिनेछ :

(१) विदेशी मुद्रामा रेमिट्यान्स भित्र्याउने कार्यको लागि यस बैंकबाट इजाजतपत्रप्राप्त कम्पनी : यस्ता निकायले खाता खोल्न स्वीकृति माग गर्दा खाता खोल्न चाहेको बैंकको क्रेडिट रेटिङ्ग समेत उल्लेख गर्नु पर्नेछ । यस्तो खाता खोल्न स्वीकृति प्रदान गर्दा विदेशी मुद्रा जम्मा गर्ने र सो रकम नेपालस्थित बैंक तथा वित्तीय संस्थामा रकमान्तर गर्ने प्रयोजनको लागि मात्र स्वीकृति दिन सकिनेछ ।

(२) विदेशमा शाखा/सम्पर्क कार्यालय खोल्न विधिवत स्वीकृति पाएका वा आफ्नो सेवा/उत्पादन विदेशमा बिक्री गर्ने उद्देश्यले स्थापना भएका निकाय : यस्ता निकायले आफ्नो विदेशस्थित कार्यालयको कार्य सञ्चालनको लागि प्रचलित व्यवस्था बमोजिम खर्च गर्न सक्ने सीमासम्मको रकम खर्च गरी बाँकी रहेको विदेशी मुद्रा प्रत्येक ३/३ महिनामा बैंकिङ प्रणाली मार्फत नेपाल भित्र्याई सोको बैंक स्टेटमेण्ट सहित यस विभागलाई जानकारी गराउनु पर्नेछ ।

(३) आफ्नो सेवा/उत्पादन बिक्री गर्ने उद्देश्यले विदेशमा आयोजना हुने प्रदर्शनीमा सहभागी हुन यस्तो खाता खोल्न स्वीकृति पाएका उद्योग/व्यवसाय : यस्ता निकायले आफ्नो सेवा/उत्पादन बिक्री गरी प्राप्त भएको विदेशी मुद्रा उक्त खातामा जम्मा गरी प्रदर्शनी अवधिमा भएको खर्च कटाई बाँकी हुने रकम नेपाल फर्किएको ३० दिनभित्र बैंकिङ प्रणाली मार्फत नेपाल भित्र्याई बैंक स्टेटमेण्ट सहितको फाँटवारी यस विभागमा पेश गर्नु पर्नेछ ।

(४) माथि खण्ड (१) देखि (३) सम्म उल्लेख गरिएका प्रयोजनको लागि खाता खोल्न चाहने कम्पनी, संगठित संस्था वा फर्मले आफ्नो दर्ता/कारोबार अनुमति, आयकर दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावली, कर चुक्ता लगायतका कागजातको प्रमाणित प्रतिलिपि र विदेशमा खाता खोल्ने सम्बन्धमा सञ्चालक समिति वा अख्तियार प्राप्त अधिकारीबाट भएको निर्णयको प्रतिलिपि संलग्न गरी खाता खोल्न चाहेको बैंकको नाम र पूरा ठेगाना उल्लेख गरी खाता खोल्नु पर्ने आवश्यकता र प्रयोजनसमेत खुलाई निवेदन पेश गर्नु पर्नेछ ।

(५) एजेन्सी खाताको हिसाब मिलान विवरण (Reconciliation Statement) अर्धवार्षिक रूपमा अर्धवार्षिक व्यतित भएको ३५ दिनभित्र बैंक स्टेटमेण्ट सहित यस विभागमा पेश गर्नु पर्नेछ ।

(६) यस्तो खातामा रहेको रकम कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने बाहेक अन्य प्रयोजनको लागि खर्च गर्नु परेमा कारण र प्रयोजन पुष्टि हुने कागजात सहित यस विभागको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(७) रेमिटान्स कम्पनीको हकमा प्रचलित व्यवस्था बमोजिम हुने गरी र अन्य फर्म कम्पनी तथा संगठित संस्थाको हकमा नेपालमा रकमान्तर भएको रकम नेपालस्थित बैंक तथा वित्तीय संस्थामा विदेशी मुद्रामै खाता खोली राख्न समेत सकिनेछ ।

(ग) <u>नेपाली नागरिकले खोल्न सक्ने खाता सम्बन्धी व्यवस्था :</u>

नेपाली नागरिकहरूले देहायको अवस्थामा मात्र विदेशस्थित बैंकमा खाता खोल्न सक्नेछन् :-

(१) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ मा भएको व्यवस्था बमोजिम विदेशस्थित बैंकमा नेपाली नागरिकले विदेशमा रहँदाबस्दाको अवधिसम्म आर्जन गरेको विदेशी विनिमय वा सो विदेशी विनिमयबाट गरेको लगानी नेपालमा फर्किसकेपछि ३५ दिनभित्र स्वदेश फर्काउने गरी खाता खोल्न/सञ्चालन गर्न सक्नेछन् ।

(२) नेपाल फर्केपछि यस्तो खाता वा लगानी कायमै राख्न चाहेमा सो खाता वा लगानी रहेको बैंकको नाम, ठेगाना, खाता नम्बर, विदेशी मुद्रा तथा रकम खुलाई सोको जानकारी यस विभागलाई ३५ दिनभित्र दिनु पर्नेछ ।

(३) माथि खण्ड (१) र (२) मा उल्लिखित अवस्थामा बाहेक नेपालमा बसोबास गरिरहेका नेपाली नागरिकहरूको नाममा यस बैंकको स्वीकृतिमा बाहेक विदेशमा खाता खोल्न र सञ्चालन गर्न पाइने छैन ।

(४) विदेशमा खातामा रहेको विदेशी मुद्रा वा लगानी रकम यस बैंकले आवश्यकता परेको जुनसुकै बखत प्रचलित विनिमयदरमा दाखिला गर्न वा गराउन लगाएमा तुरुन्त दाखिला गर्नु गराउनु पर्नेछ ।

(५) औपचारिक एवम् अनौपचारिक रूपमा विविध किसिमका अल्पकालीन, दीर्घकालीन भ्रमण/अवलोकन/अध्ययन/अध्यापन लगायतका कामका लागि विदेश जाने नेपाली नागरिकहरूले आफू विदेशमा रहेको वखत विदेशमा रहने अवधिसम्मको लागि विदेशस्थित बैंकमा खाता खोल्न सक्नेछन् । तर, यस्तो खातामा रहेको विदेशी मुद्रा रकम विदेशमा आर्जन नगरी सटही सुविधाबाट प्राप्त भएको अवस्थामा आफ्नो काम सकिई नेपाल फर्किएको ३० दिन भित्र बैंकिङ प्रणाली मार्फत नेपाल भित्र्याउनु पर्नेछ । यसरी भित्र्याएको रकम नेपालभित्रका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा विदेशी मुद्रामै खाता खोली राख्न समेत सकिनेछ ।

(घ) <u>गैर बैंकिङ्ग निकायहरूमा खाता खोल्ने सम्बन्धमा:</u>

प्रचलित व्यवस्थाहरू अन्तर्गत रही E-Commerce तथा E-Payment को भुक्तानी प्रयोजनका लागि इजाजतप्राप्त बैंक/वित्तीय संस्थाहरूले विदेशस्थित गैह्र बैंकिङ्ग निकायहरूमा खाता खोल्न चाहेमा त्यस्तो खाता यस बैंकको अनुमति लिई खोल्न सकिने छ ।

(ङ) <u>भारतमा Nostro खातासम्बन्धी व्यवस्था:</u>

(क) यस बैंकका प्रदेशस्थित कार्यालयहरूले सीमावर्ती भारतीय क्षेत्रमा अवस्थित भारतीय वाणिज्य बैंकहरूमा Nostro खाता खोल्ने र यी कार्यालयहरूले बैंक तथा वित्तीय संस्था एवम् मनिचेञ्जरलाई उपलव्ध गराउने भारतीय रूपैयाँ Nostro खाता खर्च हुने गरी चेक/ट्रान्सफर आदिको माध्यमबाट उपलव्ध गराउने तथा सर्वसाधारणलाई उपलव्ध गराउने सटही सुविधा समेत सकेसम्म चेकको माध्यमबाट उपलव्ध गराई भारतीय रूपैयाँको नगद कारोबारलाई कम गर्दै लैजानु पर्ने छ ।

(ख) सीमावर्ती क्षेत्रमा रहेका बैंकका कार्यालयहरूले पनि सो क्षेत्रमा रहेका भारतीय वाणिज्य बैंकहरूमा त्यस्तो Nostro खाता खोली आ-आफ्ना ग्राहक तथा सर्वसाधारणलाई विद्यमान व्यवस्था अनुसार उपलव्ध गराउने सटही सुविधा सोही खाता खर्च हुने गरी उपलव्ध गराउने व्यवस्था मिलाई भारतीय रूपैयाँको नगद कारोबारलाई कम गर्दै लैजानु पर्ने छ ।

(ग) भारतीय सीमावर्ती क्षेत्रमा Nostro खाता खोल्न बैंक तथा वित्तीय संस्था एवम् मनिचेञ्जरहरूलाई आवश्यक पर्ने सिफारिस देहायका शर्त राखी यस बैंकबाट उपलव्ध गराई Nostro खाता खोल्न दिन सकिने छ ।

(१) उक्त खातामा यस बैंकले चेक/ट्रान्सफर आदिका माध्यमबाट उपलव्ध गराएको रकम मात्र जम्मा गर्न पाइने छ ।

(२) विद्यमान व्यवस्था अनुसार सर्वसाधारणलाई उपलव्ध गराउने भारतीय रूपैयाँ सटही सुविधा सोही खाता खर्च हुने गरी सकेसम्म चेकको माध्यमबाट उपलव्ध गराउनु पर्नेछ ।

(३) उक्त खाताको बैंक स्टेटमेण्ट मासिक रूपमा यस विभागमा पेश गर्नु पर्नेछ ।

(४) नगद ल्याउँदाको ढुवानी, सुरक्षा, बीमा आदिको व्यवस्था आफैले गर्नु पर्नेछ ।

(घ) बैंक, वित्तीय संस्था तथा मनिचेञ्जरहरूलाई Nostro खाता खोल्न आवश्यक पर्ने सिफारिस यस बैंकको केन्द्रीय कार्यालय लगायत प्रदेशस्थित कार्यालयबाट उपलब्ध गराइने छ ।

३. यस बैंकबाट इजाजतपत्रप्राप्त “क” वर्गका बैंक तथा राष्ट्रिय स्तरका “ख” वर्गका विकास बैंकहरूले देहायका शर्तहरू पालना हुने गरी परिवर्त्य विदेशी मुद्रामा मुद्दती निक्षेप संकलन गर्न र परिचालन गर्न सक्नेछन् ।

<u>शर्तहरू</u> :

१. विदेशी मुद्रा मुद्दती निक्षेपको अवधि कम्तीमा १ वर्ष हुनु पर्नेछ ।

२. यस प्रकारको खातामा विदेशी संस्थाहरू (वित्तीय संस्थाहरू समेत) तथा गैर आवासीय नेपालीहरू सहभागी हुन सक्नेछन् ।

३. दुई वा दुई भन्दा बढी विदेशी संस्थाहरू वा गैर आवासीय नेपालीहरूको नाममा संयुक्त रुपमा समेत यस प्रकारको खाता खोल्न सकिनेछ ।

४. गैर-आवासीय नेपालीको नाममा खाता खोल्दा तथा सञ्चालन गर्दा देहायबमोजिमका कुनै एक कागजातको प्रतिलिपि लिनु पर्नेछः

(क) नेपाल सरकारको सम्बन्धित निकायबाट जारी भएको गैर-आवासीय नेपालीको अद्यावधिक परिचयपत्र,

(ख) गैर-आवासीय नेपाली संघबाट जारी भएको अद्यावधिक परिचयपत्र र सम्बन्धित व्यक्तिको राहदानी (स्वेदशी वा विदेशी),

(ग) साबिकमा स्वयम् वा निजको बाबु, आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको भए विदेशी राहदानी/नागरिकता सहित त्यस्तो प्रमाणित हुने कागजात,

साथै, माथि (क), (ख) वा (ग) उल्लिखित कुनै एक कागजात सहित नाता प्रमाणित हुने कागजातको आधारमा नाबालकको नाममा समेत यस्तो खाता खोल्न तथा सञ्चालन गर्न सकिने छ ।

५. संस्थागत विदेशी निक्षेपकर्ताको हकमा यस प्रकारको खाता खोल्दा संस्थाको संचालक समितिले खाता खोल्ने सम्बन्धमा गरेको निर्णय समेत संलग्न गर्नु पर्नेछ ।

६. यस प्रकारको खाता अमेरिकी डलर, यूरो, पाउण्ड स्टर्लिङ, अष्ट्रेलियन डलर, क्यानेडियन डलर, जापानिज येन र चिनियाँ युआनमा खोल्न सकिनेछ ।

७. विदेशी मुद्रामा संकलन गर्ने मुद्दती निक्षेपको रकम बैंक तथा वित्तीय संस्थाले विदेशी मुद्रामा लिएको ऋणको रकम समेत गरी आफ्नो प्राथमिक पुँजीको शतप्रतिशतसम्म मात्र संकलन गर्न सक्नेछन् ।

८. मुद्दती निक्षेप खाताको ब्याज प्रदान गर्ने प्रयोजनको लागि मात्र सम्बन्धित मुद्दती निक्षेपकर्ताको नाममा सोही मुद्रामा वचत खाता समेत खोल्न सकिनेछ ।

९. साँवा तथा ब्याजको रकम निक्षेपकर्ताले निक्षेप जम्मा गरेकै मुद्रामा जुन देशबाट निक्षेपको रकम प्राप्त भएको हो सोही देशमा निक्षेपकर्ताको नाममा खोलिएको खातामा मात्र फिर्ता भुक्तानी पठाउनु पर्नेछ । तर विदेशी मुद्रा खाता खर्च गरी नेपाली रुपैयाँमा भुक्तानी वा रकमान्तर गर्न बाधा पर्ने छैन ।

१०. मुद्दती निक्षेपमा पाकेको ब्याज सम्बन्धित वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकको नियमानुसार प्रदान गर्नु पर्नेछ । साँवाको हकमा भुक्तानी अवधि समाप्त भएपछि मात्र फिर्ता गर्नु पर्नेछ । तर, एक वर्षभन्दा बढी अवधिको मुद्दती निक्षेप एक वर्ष अवधि व्यतीत भएपछि निक्षेपकर्ताले Premature गर्न चाहेमा Premature गरी फिर्ता गर्न सकिनेछ ।

११. मुद्दती निक्षेप खातामा बैंकिङ्ग प्रणाली (नगद बाहेक) बाट मात्र रकम जम्मा गर्नु पर्नेछ । उक्त रकम फिर्ता गर्नु परेको खण्डमा समेत बैंकिङ्ग प्रणालीमार्फत् नै फिर्ता गर्नु पर्नेछ ।

१२. संस्थागत विदेशी निक्षेपकर्ता तथा गैर-आवासीय नेपालीहरूबाट न्यूनतम अमेरिकी डलर एक हजार वा सो बराबरको (शर्त नं. ६ मा उल्लिखित अन्य मुद्राको समेत) निक्षेप संकलन गर्न सकिनेछ ।

१३. यसरी संकलित विदेशी मुद्रा मुद्दती निक्षेपको नेपाली रुपैयाँमा हुने रकमको शत्प्रतिशत रकमसम्म स्वदेशी मुद्रामा कर्जा लगानी गर्न सकिनेछ ।

१४. खाता खोल्दा तथा सञ्चालन गर्दा प्रचलित कानुनबमोजिम ग्राहक पहिचान हुने व्यवस्था मिलाउनु पर्नेछ । यसरी खाता खोल्दा तथा ग्राहक पहिचान गर्दा विद्युतीय माध्यमबाट समेत गर्न सकिनेछ ।

१५. मुद्दती निक्षेप खाता सञ्चालन सम्बन्धी अन्य कुराहरू तोकिए बमोजिम हुनेछ ।

४. यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका बैंक तथा राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरूले देहायका शर्तहरू पालना हुने गरी परिवर्त्य विदेशी मुद्रामा बचत निक्षेप संकलन गर्न र परिचालन गर्न सक्नेछन् :

<u>शर्तहरु :</u>

(क) यस्तो निक्षेप खाता गैर-आवासीय नेपाली तथा गैर-आवासीय नेपालीबाट प्रबर्द्धित विदेशस्थित संस्थाको मात्र खोल्न/सञ्चालन गर्न सकिनेछ ।

(ख) गैर-आवासीय नेपालीको नाममा संयुक्त रुपमा समेत यस प्रकारको खाता खोल्न सकिनेछ ।

(ग) गैर-आवासीय नेपालीको नाममा खाता खोल्दा तथा सञ्चालन गर्दा देहायबमोजिमका कुनै एक कागजातको प्रतिलिपि लिनु पर्नेछ :

(अ) नेपाल सरकारको सम्बन्धित निकायबाट जारी भएको गैर-आवासीय नेपालीको अद्यावधिक परिचयपत्र,

(आ) गैर-आवासीय नेपाली संघबाट जारी भएको अद्यावधिक परिचयपत्र र सम्बन्धित व्यक्तिको राहदानी (स्वेदशी वा विदेशी),

(इ) साबिकमा स्वयम् वा निजको बाबु, आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको भए विदेशी राहदानी/नागरिकता सहित त्यस्तो प्रमाणित हुने कागजात ।

माथि (अ), (आ) वा (इ) मा उल्लिखित कुनै एक कागजात सहित नाता प्रमाणित हुने कागजातको आधारमा नाबालकको नाममा समेत यस्तो खाता खोल्न तथा सञ्चालन गर्न सकिने छ । गैर-आवासीय नेपालीबाट प्रबर्द्धित विदेशस्थित संस्थाको खाता खोल्दा तथा सञ्चालन गर्दा माथि खण्ड (अ), (आ) वा (इ) मा उल्लिखित कागजातको प्रतिलिपि समेत लिनु पर्नेछ ।

(घ) यस प्रकारको खाता दफा ३ को शर्त नं. ६ मा उल्लिखित परिवर्त्य विदेशी मुद्रामा खोल्न सकिनेछ ।

(ङ) यस प्रकारको खातामा अमेरिकी डलर एक हजार वा सो बराबरको उपर्युक्त परिवर्त्य विदेशी मुद्रा न्यूनतम मौज्दात कायम हुनु पर्नेछ ।

(च) यस्तो खातामा रहेको निक्षेप (ब्याज समेत) फिर्ता गर्नु पर्दा निक्षेपकर्ताले जम्मा गरेको मुद्रा र निक्षेप प्राप्त भएको देश फरक नपर्ने गरी निक्षेपकर्ताको नाममा विदेशमा खोलिएको खातामा फिर्ता पठाउनु पर्नेछ । तर, यस्तो खाता खर्च गरी नेपाली रुपैयाँमा भुक्तानी वा ट्रान्सफर गर्न यस व्यवस्थाले बाधा पर्ने छैन । **साथै, यस्तो खाताको मौज्दातले खामेसम्म खातामा रहेको रकमलाई एयरमार्क गरी एकै पटक वा पटक-पटक गरी प्रतिवर्ष अमेरिकी डलर १००,०००।- (एक लाख) सम्म खर्च हुनेसक्ने गरी विद्युतीय कार्ड वा अन्य विद्युतीय भुक्तानीका उपकरण जारी गर्न सकिनेछ ।**

(छ) यस्तो निक्षेप खातामा बैंकिङ्ग प्रणाली (नगद बाहेक) बाट मात्र रकम जम्मा गर्नु पर्नेछ । उक्त रकम फिर्ता गर्नु परेको खण्डमा समेत बैंकिङ्ग प्रणालीमार्फत् नै फिर्ता गर्नु पर्नेछ ।

(ज) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ३ अन्तर्गतको मुद्दती निक्षेपको ब्याज बैंक तथा वित्तीय संस्थाले भुक्तानी गर्ने प्रयोजनको लागि बचत खाता खोल्न न्यूनतम मौज्दात कायम गर्नु पर्ने छैन ।

५. दफा ३ र ४ बमोजिम खोलिएका खाताको विवरण अनुसूची १७.१ बमोजिमको ढाँचामा मासिक रुपमा यस बैंकमा पठाउनु पर्नेछ ।

अनुसूची १७.१

बैंक तथा वित्तीय संस्थाको नाम (केन्द्रीय कार्यालयले मात्र उपलब्ध गराउने):.......................
मासिक विवरण उपलब्ध गराइएको अवधिः........... (साल र महिना, विक्रम सम्वतमा)
मासिक विवरण उपलब्ध गराइएको मिति :............... (महिना समाप्त भएको ७ दिनभित्र उपलब्ध गराउनु पर्ने)

| सि.नं. | खातावालाको नाम | खातावालाको ठेगाना (देश सहित) | खाता नम्बर | खाताको किसिम | खाताको मुद्रा | निक्षेप रकम | पाकेको ब्याज रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : १८/२०८१

## वाणिज्य बैंकहरूले प्रवाह गर्न सक्ने परिवर्त्य विदेशी मुद्राको ऋण सम्बन्धी व्यवस्था

देहायबमोजिमका उद्योगहरूलाई देहायका शर्तहरूको अधीनमा रही स्वदेशका वाणिज्य बैंकहरूबाट परिवर्त्य विदेशी मुद्रामा ऋण प्रदान गर्न सकिने व्यवस्था रहेकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैंकिङ विभाग लगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू तथा इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य वैंकहरु तथा  राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरूलाई यो परिपत्र जारी गरिएको छ ।

१. <u>औद्योगिक उत्पादनकर्ता फर्म/कम्पनीहरूलाई कच्चा पदार्थ आयात गर्ने अल्पकालीन ऋण :</u>

(क) निर्यात क्षेत्रमा लागेका औद्योगिक उत्पादनकर्ता फर्म/कम्पनीहरूलाई कच्चा पदार्थ आयात गर्न निम्न शर्तहरूको अधिनमा रही परिवर्त्य विदेशी मुद्रामा अल्पकालीन ऋण प्रदान गर्न सकिनेछ :

(१) यस्तो ऋण प्रदान गर्दा सम्बन्धित निर्यात उद्योगलाई आवश्यक हुने कच्चा पदार्थको आयातका लागि खोलिएको प्रतीतपत्रको आधारमा मात्र प्रदान गर्नुपर्ने छ ।

(२) यस्तो ऋण प्रदान गर्दा निर्यात भई भुक्तानी आउन बाँकी रहेको निर्यात प्रतीतपत्रले खाम्ने रकमसम्म मात्र प्रदान गर्नुपर्ने छ ।

(३) यसरी प्राप्त ऋणको साँवा, ब्याज सम्बन्धित उद्योगले आफ्नो निर्यात आर्जनबाट प्राप्त हुने परिवर्त्य विदेशी मुद्राबाटै भुक्तान गर्नुपर्ने छ ।

(४) यस्तो ऋणमा लाग्ने ब्याज दर सम्बन्धित बैंक स्वयम्ले तोक्न सक्ने छ ।

२. <u>परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने पर्यटन, निर्यात उद्योग र हस्पिटलहरूलाई परिवर्त्य विदेशी मुद्रामा निम्न शर्तको अधिनमा रही ऋण प्रदान गर्न सकिनेछ :</u>

(क) यो सुविधा सम्बन्धित पर्यटन र निर्यात उद्योग र हस्पिटलहरूको लागि आवश्यक हुने आयातको भुक्तानीको लागि मात्र प्रयोग गर्न पाइने छ ।

(ख) यस्तो ऋण रकमको साँवा/ब्याज सम्बन्धित पर्यटन, निर्यात उद्योग र हस्पिटलले आफ्नो परिवर्त्य विदेशी मुद्रा स्रोतमध्येबाट भुक्तानी गर्नुपर्ने छ ।

(ग) यस प्रयोजनको लागि बैंकहरूले विदेशी बैंकबाट विद्यमान व्यवस्था बमोजिम ऋण लिएको रकमबाट समेत ऋण सुविधा दिन पाउने छन् । साथै, विदेशी मुद्रा आवश्यक परेको खण्डमा यस बैंकले प्रचलित विनिमय दरमा आवश्यक विदेशी मुद्रा बिक्री गर्नेछ ।

३. <u>गलैंचा उद्योगको लागि उन आयात गर्न परिवर्त्य विदेशी मुद्रामा ऋण प्रदान गर्ने सम्बन्धी व्यवस्था :</u>

गलैंचा उद्योगले खपत गर्ने ऊन मात्र आयात गर्ने उद्देश्यले खोलिएका कम्पनीहरूले "व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्र" को सिफारीसमा प्रतीतपत्रमार्फत् कच्चा ऊन आयात गर्दा देहायमा उल्लिखित शर्तहरूको अधीनमा रही परिवर्त्य विदेशी मुद्रामा ऋण प्रदान गर्न सकिनेछ :

(क) यो सुविधा अधिकतम ६ महिनाको लागि मात्र हुनेछ ।

(ख) ऋणको ब्याजदर सम्बन्धित बैंक स्वयम्ले निर्धारण गर्नु पर्नेछ ।

(ग) यो सुविधा अन्तर्गत लिएका ऋणको हिसाव किताव विदेशी मुद्रामा नै राख्नुपर्नेछ ।

(घ) ऋणको साँवा/ब्याज चुक्ता गर्दा प्रचलित विनिमय दर अनुसार नेपाली रूपैयाँमा भुक्तानी गर्नु पर्नेछ ।

४. <u>परिवर्त्य विदेशी मुद्रामा प्रदान गर्न सकिने अल्पकालीन कर्जा/ओभरड्राफ्ट सुविधा सम्बन्धी व्यवस्था :</u>

ट्राभल, टुर, टिकेटिङ्ग, एयरलाइन्स र कार्गो लगायतका एजेन्सीहरूलाई देहायका शर्तहरूको अधिनमा रही परिवर्त्य विदेशी मुद्रामा अल्पकालीन ऋण र ओभरड्राफ्ट प्रदान गर्न सकिनेछ :

(क) यस्तो ऋण/ओभरड्राफ्ट सुविधा संस्थागत ग्राहकहरूलाई विदेशी मुद्रामा उधारो टिकट/कार्गो बिक्री गर्ने ट्राभल, टुर टिकेटिङ्ग, एयरलाइन्स र कार्गो लगायतका एजेन्सीहरूलाई विदेशी वायुसेवा कम्पनी वा सोको जि.एस.ए/पि.एस.ए वा अन्य संयन्त्र मार्फत टिकट/कार्गो बिक्रीको Repatriation गर्ने प्रयोजनका लागि मात्र उपलब्ध गराउन सकिनेछ। प्रयोजन अनुरुप ऋण सुविधा उपयोग भए नभएको व्यहोरा सम्बन्धित बैंकले नै यकीन गर्नु पर्नेछ।

(ख) यस्तो ऋण सुविधा बढीमा ३ (तीन) महिना अवधिसम्मको लागि मात्र प्रदान गर्न सकिनेछ।

(ग) उधारो बिक्री भई असुल हुन बाँकी परिवर्त्य विदेशी मुद्राको सीमाभित्र रही कर्जा प्रदान गर्नु पर्नेछ।

(घ) कर्जामा लिने ब्याज दर बैंक आफैले तोक्न सक्नेछ।

(ङ) साँवा ब्याजको भुक्तानी सम्बन्धित ट्राभल, टुर टिकेटिङ्ग एजेन्सीले आफ्नो बिक्री/आर्जन भएको परिवर्त्य विदेशी मुद्राबाटै गर्नु पर्नेछ।

(च) यस प्रयोजनको लागि बैंकहरूले विदेशी बैंक तथा वित्तीय संस्थाबाट कुनै किसिमको ऋण/सुविधा लिन पाइने छैन।

(छ) यस्तो कर्जाको आधारमा यस बैंकबाट पुनरकर्जा सुविधा उपलब्ध नहुने र विदेशी विनिमय लगायतको कुनै पनि आर्थिक दायित्व यस बैंकमा रहने छैन।

(ज) कर्जा प्रदान गरेको र असूल हुन बाँकी रहेको साँवा ब्याजको ग्राहक अनुसारको मासिक विवरण महिना समाप्त भएको १५ दिनभित्र यस विभागमा पठाउनु पर्नेछ।

५. <u>नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन तथा प्रसारणसँग सम्बन्धित आयोजना/परियोजनाका लागि परिवर्त्य विदेशी मुद्रामा ऋण प्रदान गर्ने सम्बन्धी व्यवस्था :</u>

(क) १०० किलोवाट देखि १००० किलोवाटसम्म विद्युत शक्ति उत्पादन गरी बिक्री वितरण गर्ने निजी क्षेत्रका उद्योग तथा आफ्नै प्रयोजनका लागि विद्युत उत्पादन गरी खपत गर्ने उद्योगहरूलाई निम्न शर्तहरूको अधीनमा रही परिवर्त्य विदेशी मुद्रामा अल्प वा मध्यमकालीन ऋण प्रदान गर्न सकिनेछ :

(१) सानो स्केलमा नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन गरी बिक्री वितरण गर्न वा कुनै उद्योगले आफ्नै प्रयोजनका लागि नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन गर्नका निमित्त परिवर्त्य विदेशी मुद्रामा लगानी गर्नुपर्ने भएमा मात्र यस्तो ऋण प्रदान गर्न सकिनेछ।

(२) यसरी प्रदान गरिने ऋण नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन सम्बन्धी उपकरणहरूको आयात भुक्तानी गर्ने प्रयोजनका लागि मात्र उपयोग गर्नु पर्नेछ।

(३) यस्तो ऋण सुविधा उपलब्ध गराउँदा नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादनका उपकरणहरू आयात गर्न खोलिएका प्रतीतपत्रको आधारमा मात्र गर्नु पर्नेछ।

(४) यस्तो ऋणमा लाग्ने ब्याज दर सम्बन्धित बैंकले स्वयम् तोक्न सक्नेछ।

(५) आफ्नो उद्योगको आवश्यकता बाहेक नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन गरी बिक्री वितरण गर्ने साना स्केलका उद्योगहरूको हकमा भने यस प्रकारको ऋण सुविधा प्रदान गर्दा यस बैंकको पूर्व स्वीकृति लिनुपर्नेछ।

(ख) नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन तथा प्रसारणसँग सम्बन्धित आयोजना/परियोजना एवम् नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन गरी खपत गर्ने र आफूलाई बढी भएको ऊर्जा बिक्री वितरण गर्ने फर्म/कम्पनी/उद्योग/व्यवसायहरूलाई देहायका शर्तहरूको अधीनमा रही यस्तो ऋण परिवर्त्य विदेशी मुद्रामा आवश्यकता अनुरुप अल्पकालीन/मध्यकालीन/दीर्घकालीन ऋण प्रदान गर्न सकिनेछ :

(१) नेपाल सरकारको सम्बन्धित निकायबाट विद्युत उत्पादनको लागि अनुमति प्राप्त गरी विद्युत खरिद सम्झौता (Power Purchase Agreement) गरेका वा आफै बिक्री वितरण गर्न स्वीकृति प्राप्त गरेका आयोजना/परियोजना/फर्म/कम्पनी/उद्योग/व्यवसायहरूलाई मात्र यस्तो ऋण प्रदान गर्न सकिनेछ।

(२) नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) प्रसारण तथा वितरण गर्ने आयोजना/परियोजनाको हकमा नेपाल सरकारको सम्बन्धित निकायबाट विद्युत प्रसारण तथा बितरणको लागि अनुमति प्राप्त गरेको हुनुपर्ने छ ।

(३) नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन तथा प्रसारणको लागि आवश्यक पर्ने मेशिनरी, उपकरण र सर-सामान आयात गर्न एवम् विदेशी पक्षसँग परामर्श, सेवा, प्राविधिक सेवा वा अन्य सेवा लिए बापत भुक्तानी गर्नु पर्ने विदेशी मुद्राको लागि मात्र ऋण प्रदान गर्नु पर्नेछ ।

(४) प्रचलित माध्यमबाट हुने आयातको भुक्तानी र विदेशी पक्षसँग परामर्श सेवा, प्राविधिक सेवा वा अन्य सेवा लिने प्रयोजनको लागि दुई पक्ष बीच भएको संझौता वा अन्य आधिकारिक लिखतको आधारमा सेवा वा वस्तु प्राप्त हुने सुनिश्चितता प्रमाणित हुने कागजातहरू लिएर मात्र ऋण प्रदान गर्नु पर्नेछ ।

(५) नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन तथा प्रसारण आयोजना/परियोजनाको कुल लागतमध्ये नेपाली रुपैयाँमा भुक्तानी गर्नु पर्ने रकमको लागि विदेशी मुद्रामा ऋण प्रवाह गर्न पाइने छैन ।

(६) सम्बन्धित फर्म/कम्पनी/उद्योगको नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन तथा प्रसारण गर्ने आयोजना/परियोजनाको लागि अनुमति प्रदान गर्ने निकायबाट स्वीकृति भएको आयोजना/परियोजना वा उत्पादनको अनुमानित कुल लागत, लेखापरीक्षण भएको पछिल्लो वासलात तथा अन्य वित्तीय विवरण, व्यवसायिक उत्पादन शुरु हुने अवधिसम्मको प्रक्षेपित (Projected) वित्तीय विवरण र व्यवसायिक उत्पादन शुरु भएपछि वार्षिक आर्जन हुने सक्ने कुल आम्दानीको विवरणको आधारमा नगद प्रवाहको पर्याप्त बिश्लेषण गरी उपयुक्त अनुपातमा मात्र ऋण प्रदान गर्नु पर्नेछ ।

(७) नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन र प्रसारण परियोजनाहरूको लागि परिवर्त्य विदेशी मुद्रामा ऋण प्रवाह गर्दा नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) परियोजनाको लागि आवश्यक पर्ने यन्त्र, उपकरण, कच्चा पदार्थ आयात गर्न बाहेक अन्य परामर्श सेवा, प्राविधिक सेवा र अन्य सेवाको भुक्तानीको लागि आवश्यक पर्ने विदेशी मुद्राको स्वीकृत ऋण, प्रवाह गर्नु पूर्व आवश्यक कागजातहरू पेश गरी यस बैंकको स्वीकृति लिनु पर्नेछ ।

(८) "क" वर्ग र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरूले सह वित्तीयकरण (Consortium) सम्झौता गरेर पनि यस्तो ऋण प्रदान गर्न सक्नेछ ।

(९) ऋणको साँवा ब्याज भुक्तानीको लागि आवश्यक पर्ने विदेशी मुद्राको स्रोत आफैसँग नभएको अवस्थामा सम्बन्धित आयोजना/परियोजना/फर्म/कम्पनी /उद्योगहरूले "क" वर्ग र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थासँग प्रचलित विनिमय दरमा विदेशी मुद्रा खरिद गर्न सक्नेछन् । यसरी खरिद गरिने विदेशी मुद्रा ऋणको साँवा ब्याज भुक्तानी बाहेक अन्य प्रयोजनमा उपयोग गर्न/गराउन पाइने छैन ।

(१०) विदेशी मुद्राको विनिमय दरमा हुने उतार चढावको कारण हुन सक्ने जोखिम व्यवस्थापनको लागि ऋण प्रदायक बैंक/वित्तीय संस्थाले ऋणीलाई उपयुक्त व्यवस्थाहरू अवलम्वन गर्न लगाउनु पर्नेछ र यस्तो व्यवस्था सम्बन्धित ऋणीले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

(११) यस्तो ऋणको ब्याजदर बैंक/वित्तीय संस्थाहरू आफैले तय गर्न सक्नेछन् ।

(ग) बैंक तथा वित्तीय संस्थामा यस्तो विदेशी मुद्रामा ऋण प्राप्त गर्न बिभिन्न परियोजनाहरूबाट परेको निवेदनको विवरण (परियोजनाको नाम, संचालक, रकम, स्थान आदि संक्षेपमा उल्लेख गरी) हरेक त्रैमासिक अवधि व्यतित भएको १५ दिनभित्र यस बैंकमा पेश गर्नु पर्नेछ ।

(घ) विदेशी मुद्राको ऋण स्वीकृत भएपछि संलग्न अनुसूचि १८.१ बमोजिमको ढाँचामा सोको विवरण तत्काल यस विभागलाई पठाउनु पर्नेछ ।

(ङ) ऋणको साँवा ब्याज भुक्तानी गर्न बाँकी रहेको विवरण संलग्न अनुसूची १८.२ बमोजिमको ढाँचामा प्रत्येक अर्धवार्षिक तथा वार्षिक हिसाव मिलान सकिएको १५ (पन्ध्र) दिन भित्र ऋण प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाले यस विभागमा पठाउनु पर्नेछ ।

(च) सहवित्तीयकरणको आधारमा स्वीकृत तथा प्रदान भएको ऋणको हकमा त्यस्तो विवरण यस बैंकमा पठाउनुपर्ने दायित्व अगुवा (Lead) बैंकको हुनेछ ।

६. <u>निर्यातकर्ताहरूलाई विदेशी मुद्रामा ऋण उपलव्ध गराउने सम्बन्धी व्यवस्था :</u>

तयारी पोसाक, गलैंचा, पस्मिना, हस्तकला लगायतका वस्तु निर्यातकर्ताहरूलाई परिवर्त्य विदेशी मुद्रामा Pre-shipment तथा Post-shipment कर्जा उपलब्ध गराउने सम्बन्धमा देहायका व्यवस्थाहरू गरिएको छ ।

(क) परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी निर्यात कारोबार गर्ने निर्यातकर्ताहरूबाट परिवर्त्य विदेशी मुद्रामा Pre-shipment तथा Post-shipment कर्जा माग गरेमा प्रचलित व्यवस्था अन्तर्गत रही त्यस्तो कर्जा उपलब्ध गराउनु पर्नेछ । यस्तो कर्जामा बढीमा One Year Benchmark Interest* दरमा अधिकतम १.७५ (एक दशमलव सात पाँच) प्रतिशत थप गरी हुन आउने दरले ब्याज लिन सकिनेछ र सोको साँवा/ब्याज परिवर्त्य विदेशी मुद्रामा नै असुल उपर गर्नु पर्नेछ ।

(ख) यस्तो कर्जा प्रदान गरे बापत सम्बन्धित बैंकहरूले माग गरेमा असल कर्जाको तमसुकको धितोमा One Year Benchmark Interest* दरमा ०.७५ ( शुन्य दशमलव सात पाँच) प्रतिशत थप गरी हुन आउने ब्याजदरमा प्रचलित व्यवस्थाको अधीनमा रही बैंक तथा वित्तीय संस्थाहरूबाट पुनरकर्जा माग भएको दिनमा नै सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूलाई यस बैंकले परिवर्त्य विदेशी मुद्रामा पुनरकर्जा उपलब्ध गराउने छ । इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूले यस्तो पुनरकर्जा माग गर्दा यस बैंकको निर्देशन बमोजिमको पुँजीकोष पर्याप्तता कायम गरेको हुनुपर्नेछ ।

(ग) सम्बन्धित बैंकहरूले यसरी पुनरकर्जा माग गर्दा यसैसाथ संलग्न ढाँचा अनुसारको फर्म अनिवार्य रुपले भर्नु पर्नेछ ।

(घ) यस्तो पुनरकर्जा कम्तिमा अमेरिकी डलर १,००,००० (एक लाख) वा सोको गुणन (Multiple) मा मात्र उपलव्ध गराइनेछ ।

---

* <u>नोटः</u> "Benchmark Interest" भन्नाले देहायबमोजिम सम्झनु पर्छ :

(क) USD मा अंकित नयाँ ऋणको लागि Secured Overnight Financing Rate (SOFR), GBP मा अंकित नयाँ ऋणको लागि Sterling Overnight Interbank Average Rate (SONIA), CHF मा अंकित नयाँ ऋणको लागि Swiss Average Rate Overnight (SARON), JPY मा अंकित नयाँ ऋणको लागि Tokyo Overnight Average Rate (TONA) र EUR मा अंकित नयाँ ऋणको लागि Euro Short-term Rate (€STER)

(ख) साबिकको ऋण-सम्झौतामा तारिख ३१ डिसेम्बर २०२१ पश्चात् LIBOR को सट्टामा Fallback Provisions व्यवस्था भएको हकमा सोही बमोजिम हुनेछ । तर, त्यस्तो Fallback Provisions मा SOFR, SONIA, SARON, TONA वा €STER उल्लेख भएमा साबिकको LIBOR मा आधारित स्वीकृत मार्जिनमा ऋणदाता र ऋणी दुवैको सहमतिमा अधिकतम All-in-cost 50 basis points मार्जिन थप गर्न सकिनेछ ।

(ग) साबिकको ऋण-सम्झौतामा तारिख ३१ डिसेम्बर २०२१ पश्चात् LIBOR को सट्टामा Fallback Provisions व्यवस्था नभई त्यस्तो ऋण USD मा अंकित भई LIBOR Benchmark ब्याजदर Overnight, 1 month, 3 months, 6 months वा 12 months अवधि भएको हकमा तारिख ३० जुन २०२३ सम्म (त्यस्तो LIBOR Benchmarks प्रकाशन भएको हकमा) साबिक बमोजिम हुनेछ । साथै, त्यस्तो विदेशी ऋण Tough Legacy Contracts अन्तर्गतका GBP तथा JPY मा अंकित भई LIBOR Benchmark ब्याजदर 1 month, 3 months वा 6 months अवधि भएको हकमा तारिख ३१ डिसेम्बर २०२२ सम्म Synthetic Methodology बाट गणना हुने LIBOR (त्यस्तो LIBOR Benchmarks प्रकाशन भएको हकमा) बमोजिम हुनेछ ।

(घ) माथि खण्ड (ख) र (ग) अन्तर्गत नपर्ने साबिकको ऋण-सम्झौताको हकमा तारिख ३१ डिसेम्बर २०२१ पश्चात् LIBOR को सट्टामा साबिककै अवधिसँग मेल खाने SOFR (USD मा अंकित ऋणको लागि), SONIA (GBP मा अंकित ऋणको लागि), SARON (CHF मा अंकित ऋणको लागि), TONA (JPY मा अंकित ऋणको लागि) र €STER (EUR मा अंकित ऋणको लागि) Benchmark Interest Rate लागू हुनेछ र सो गर्दा LIBOR मा आधारित स्वीकृत मार्जिनमा ऋणदाता र ऋणी दुवैको सहमतिमा अधिकतम All-in-cost 50 basis points मार्जिन थप गर्न सकिनेछ ।

(ङ) यस्तो पुनरकर्जाको साँवा ब्याज परिवर्त्य विदेशी मुद्रामा नै तोकिएको अवधिभित्रै भुक्तानी गर्नु पर्नेछ ।

(च) परिवर्त्य विदेशी मुद्रामा Pre-shipment कर्जा लिएको ग्राहकले कुनै कारणवश सामान निर्यात गर्न नसकेको कारण उपर्युक्त कर्जा विदेशी मुद्रामा नै चुक्ता गर्न नसकेको खण्डमा नेपाली रुपैयाँमा नै आवश्यक हिसाव मिलान गर्न सकिनेछ । तर, त्यसरी हिसाव मिलान गर्दा हिसाव मिलान हुने दिनको विनिमय दर लागू गर्नु पर्नेछ र ब्याजदरको हकमा नेपाली रुपैयाँको कर्जामा लिने अधिकतम ब्याज दर भन्दा बढी नहुने गरी दुई पक्षको सहमतिमा निर्धारित दरमा कर्जा लिएको मिति देखिनै लिन सकिनेछ ।

(छ) Post-shipment कर्जाको हकमा पनि Issuing Bank ले Discrepancy देखाई निर्यात भुक्तानी पूर्णरुपमा प्राप्त हुन नसकेको खण्डमा भुक्तानी ल्याउन नसकेको रकमको हकमा माथि खण्ड (च) मा उल्लेख गरिए अनुसार गर्नु पर्नेछ । साथै, यस्तो विदेशी मुद्रा प्राप्त नभएसम्म वा यस बैंकले यसबारे स्वीकृति नदिएसम्म यसरी हिसाव मिलान गरिएका कारोबारहरूको अभिलेख अनिवार्यरुपले कलेक्शनमा पठाइएका डकुमेन्ट सम्बन्धी उपयुक्त लेखा शीर्षक अन्तर्गत राख्नुपर्नेछ ।

(ज) कारणवश निर्यात हुन नसकी निर्यात कर्जा लिने निर्यातकर्ताले उक्त कर्जा परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न नसक्ने स्थिति आइपरेमा त्यस्ता निर्यातकर्ताको विदेशी मुद्रा खाता रहेको भए त्यस्तो विदेशी मुद्रा खातामा रहेको मौज्दातबाट हिसाव मिलान गर्नु पर्नेछ । तर, यसको लागि निर्यात नभएको व्यहोरा सम्बन्धित बैंकले यकीन गर्नु पर्नेछ । विदेशी मुद्रा खाता नभएको वा त्यस्तो खातामा पर्याप्त मौज्दात नभएको अवस्थामा खण्ड (च) को व्यवस्था बमोजिम हिसाव मिलान गर्नु पर्नेछ ।

(झ) परिवर्त्य विदेशी मुद्रामा Post-shipment कर्जा दिंदा निर्यात Documents Negotiate गर्दाकै अवस्थामा निर्यातकर्ताको परिवर्त्य विदेशी मुद्रा खातामा जम्मा गर्न मिल्नेछ । Negotiate गरिएका उपर्युक्त Documents को पूर्ण भुक्तानी प्राप्त नभएको अवस्थामा प्रचलित व्यवस्था अनुसार यस विभागलाई जानकारी प्राप्त भएको ७ दिनभित्र विवरण उपलब्ध गराउनु पर्नेछ ।

(ञ) Pre-shipment कर्जा दिँदा निर्यातकर्ताको नाउँमा देहायका कागजात प्राप्त भइसकेको हुनुपर्नेछ :

(१) निर्यात प्रतीतपत्र वा यस बैंक वा अन्य बैंक/वित्तीय संस्थाबाट जारी भएको CAD अनुमतिपत्र

(२) आयातकर्ता र निर्यातकर्ताबीच भएको खरिद बिक्री सम्झौता/सहमतिसम्बन्धी कागजात (Proforma Invoice or Contract Paper or Indent)

माथि उल्लिखित बुँदा (१) र (२) बमोजिमका कागजातका आधारमा Pre-shipment कर्जा प्रदान गरी सकेपछि उल्लिखित शर्तनामा कुनै कारणबश रद्द भई परिवर्त्य विदेशी मुद्रा प्राप्त हुन नसकेको अवस्थामा निर्यातकर्ताको आफ्नो खातामा भएको परिवर्त्य विदेशी मुद्रा वा भविष्यमा अन्य निर्यातबाट प्राप्त हुने विदेशी मुद्राबाट सो कर्जा भुक्तानी गर्नु पर्नेछ ।

(ट) Pre-shipment कर्जा सुविधा अन्तर्गत लिएको ऋण निर्यात Documents Negotiate गरेकै अवस्थामा चुक्ता गर्न लगाउने वा सोको भुक्तानी प्राप्त भएपछि मात्र चुक्ता गर्न लगाउने भन्ने बारे सम्बन्धित बैंक/वित्तीय संस्था स्वयम्ले व्यवस्था गर्न सक्नेछ

(ठ) Pre-shipment तथा Post-shipment कर्जा स्वरुप विदेशी मुद्रामा नै ऋण उपलब्ध हुने व्यवस्था Deemed Export को हकमा समेत लागू हुनेछ ।

७. <u>पूर्वाधार परियोजनामा परिवर्त्य विदेशी मुद्रामा ऋण प्रदान गर्ने सम्बन्धी व्यवस्था :</u>

वाणिज्य बैंकहरूबाट निजी क्षेत्रमार्फत सञ्चालन हुने पूर्वाधार परियोजना अन्तर्गत सडकमार्ग, केवलकार, रेलवे, फनपार्क, विमानस्थल, फ्लाइ ओभर रोड, टनेल रोडमा समेत देहायका शर्तहरूको अधिनमा रही परिवर्त्य विदेशी मुद्रामा कर्जा प्रवाह गर्न सकिनेछ ।

(क) परियोजनको लागि आवश्यक पर्ने मेशिनरी, उपकरण र सर-सामान आयात गर्न एवम् प्रचलित व्यवस्था बमोजिम विदेशी पक्षसँग परामर्श-सेवा, प्राविधिक-सेवा वा अन्य सेवा लिए बापत भुक्तानी गर्नु पर्ने विदेशी मुद्राको लागि यस प्रकारको ऋण प्रदान गर्न सकिनेछ ।

(ख) नेपाली मुद्रामा भुक्तानी गर्ने रकम (NPR Denominated Payment) का लागि विदेशी मुद्रामा ऋण प्रदान गर्न पाइने छैन ।

(ग) यस्तो ऋणको ब्याज दर बैंक र ऋणी दुवैपक्षको सहमतिमा तय गर्नु पर्नेछ ।

(घ) यस्तो ऋणको सम्भावित विनिमय दर जोखिम सम्बन्धित पक्षहरू स्वयम्ले व्यवस्थापन गर्नु पर्नेछ ।

(ङ) यस्तो ऋण अन्तर्गतको रकमबाट सेवाको भुक्तानी गर्नुपूर्व प्रचलित व्यवस्था अन्तर्गत आवश्यक कागजात सहित यस विभागको पूर्व स्वीकृति लिनुपर्नेछ ।

८. विदेशी लगानीकर्ताले भित्र्याएको परिवर्त्य विदेशी मुद्राको निक्षेपको धितोमा नेपाली मुद्रामा कर्जा प्रदान गर्ने सम्बन्धी व्यवस्था :

विदेशी लगानीमा स्थापना भएका उद्योग तथा परियोजनामा विदेशी लगानीकर्ताले भित्र्याएको परिवर्त्य विदेशी मुद्राको रकम परिवर्त्य विदशी मुद्रामै निक्षेप राखी यस विभागको स्वीकृति लिई सोको धितोमा नेपाली मुद्रामा कर्जा लिन सक्नेछन् । यसरी कर्जा प्रवाह गर्दा धितोमा रहने विदेशी मुद्रा निक्षेपलाई उक्त बैंकले एयरमार्क गर्नुपर्ने र कर्जा सुरक्षासँग सम्बन्धित अन्य व्यवस्थाहरू अपनाउनु पर्नेछ ।

**९. यस परिपत्र बमोजिम परिवर्त्य विदेशी मुद्रामा लिएको ऋणको किस्ता (सावाँ, ब्याज) विभिन्न परिस्थितिजन्य कारणले सम्बन्धित फर्म/कम्पनी/उद्योगहरुको विदेशी मुद्रा आम्दानी नभएर परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न नसकिने अवस्था भएमा २०८२ असार मसान्तसम्मका लागि सम्बन्धित बैंक-वित्तीय संस्थाले प्रचलित विनिमय दरका हिसाबले नेपाली रुपैयाँमा असूल गराउन सक्नेछ ।**

अनुसूची १८.१

(इ.प्रा.परिपत्र संख्या १८ को दफा ५(घ) को प्रयोजनको लागि)

बैंक/वित्तीय संस्थाको नाम :

अफिस/शाखाको नाम

श्री नेपाल राष्ट्र बैंक — मितिः
विदेशी विनिमय व्यवस्थापन विभाग
बालुवाटार, काठमाण्डौ ।

विषयः ऋण स्वीकृत गरेको बारे ।

महाशय,

त्यस विभागको इ.प्रा. परिपत्र संख्याः १८ को दफा ५(घ) बमोजिम जलविद्युत उत्पादन तथा प्रसारणसँग सम्बन्धित आयोजना/परियोजना/फर्म/कम्पनी/उद्योगलाई परिवर्त्य विदेशी मुद्रामा देहायबमोजिम ऋण स्वीकृत गरिएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

| ऋणीको नम | उत्पादन/परियोजनाको अनुमानित लागत (परिवर्त्य विदेशी मुद्रामा) | | उत्पादन परियोजनाको किसिम | स्वीकृत प्रदान गरेको ऋण रकम (परिवर्त्य विदेशी मुद्रामा) | | ब्याज दर | ऋण अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | वस्तु | सेवा | | वस्तु | सेवा | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार गर्ने,
नाम :

अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप :

अनुसूची १८.२

(इ.प्रा.परिपत्र संख्या १८ को दफा ५(ङ) को प्रयोजनको लागि)

बैंक/वित्तीय संस्थाको नामः
शाखाको नाम

श्री नेपाल राष्ट्र बैंक मितिः
विदेशी विनिमय व्यवस्थापन विभाग
बालुवाटार, काठमाण्डौ ।

विषयः भुक्तानी गर्न बाँकी ऋणको जानकारी बारे ।

महाशय,

तहांको इ.प्रा. परिपत्र संख्याः १८ को दफा ५(ङ) बमोजिम जलविद्युत उत्पादन तथा प्रसारणसँग सम्बन्धित देहायका ऋणीलाई परिवर्त्य विदेशी मुद्रामा प्रदान गरिएको ऋणमध्ये मिति ..........................सम्ममा देहाय बमोजिम साँवा ब्याज भुक्तानी हुन बाँकी रहेको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

| क्र.सं. | ऋणीको नाम | उत्पादन/परियोजना को किसिम | शुरुको ऋण रकम (परिवर्त्य विदेशी मुद्रामा) | वांकी ऋण रकम (परिवर्त्य विदेशी मुद्रामा) | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | साँवा | ब्याज | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अख्तियार प्राप्त अधिकारीको दस्तखत
नाम :
पद :
बैंकको छाप :

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : १९/२०८१

## एजेन्सी बैंकहरूमा राख्न सक्ने विदेशी विनिमय मौज्दात, Derivatives उपकरण, Forward Contract र Interest Rate Swap सम्बन्धी व्यवस्था

बैंक तथा वित्तीय संस्थाहरूले विदेशस्थित एजेन्सी बैंकहरूमा राख्न सक्ने विदेशी विनिमय मौज्दात, Derivatives उपकरण, Forward कारोबार र Interest Rate Swap सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिएकोले सो बमोजिम गर्नु गराउनुहुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक बैंकिङ विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू तथा इजाजतपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकहरु र राष्ट्रिय स्तरका “ख” वर्गका विकास बैंकहरूलाई यो परिपत्र जारी गरिएको छ ।

१. बैंक तथा वित्तीय संस्थाहरूले विदेशस्थित एजेन्सी बैंकहरूमा राख्न सक्ने विदेशी विनिमय मौज्दात तथा डेरिभेटिभ्स (Derivatives ) उपकरण सम्बन्धी व्यवस्था :

यस बैंकबाट इजाजतपत्रप्राप्त “क” र राष्ट्रिय स्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरूले आफूसँग मौज्दात रहेको परिवर्त्य विदेशी मुद्राको लगानी व्यवस्थापन तथा विनिमय दरमा हुने उतारचढावको कारणले हुन सक्ने जोखिम व्यवस्थापनको लागि देहाय बमोजिमको व्यवस्था अन्तर्गत आ-आफ्नो संचालक समितिले तोकेको नीतिगत मापदण्डभित्र रही विदेशी मुद्रा बजारमा प्रचलित बिभिन्न Derivatives उपकरण सम्बन्धी कारोबारहरू गर्न र आफ्नो विदेशी एजेन्सी बैंकहरूमा परिवर्त्य विदेशी मुद्रा मौज्दातको रुपमा लगानी गर्न सक्ने छन् ।

(क) लगानी व्यवस्थापनलाई देहायको बमोजिम हुने गरी गर्नु/गराउनु पर्नेछ :

(१) अन्तर्राष्ट्रिय वित्तीय संस्था र विदेशी सरकारबाट जारी भएका बिभिन्न प्रकार र अवधिका (तल दफा (ज) मा उल्लेख भए बमोजिम हुने गरी) ऋणपत्र, निक्षेप प्रमाणपत्र लगायतका विविध उपयुक्त उपकरणहरूमा लगानी गर्न सकिनेछ ।

(२) परिवर्त्य विदेशी मुद्राको निक्षेपबाट प्राप्त र आफूसँग मौज्दात रहेको परिवर्त्य विदेशी मुद्रा मात्र लगानी गर्न सकिनेछ ।

(३) यस्तो लगानी प्रयोजनको लागि अन्तर्राष्ट्रिय वा विदेशी बैंक तथा बित्तीय संस्थाबाट कुनै किसिमको ऋण लिन पाइने छैन ।

(ख) विदेशी मुद्रा बजारमा प्रचलित Forward, Futures, Options, Swap जस्ता Derivatives उपकरण सम्बन्धी कारोबार गर्न सकिनेछ ।

(ग) खण्ड (क) को (१) र (२) मा उल्लिखित कारोबारहरू गर्दा उत्पन्न हुने विनिमय लगायतका जोखिम सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै व्यहोर्नु पर्नेछ ।

(घ) बैंक/वित्तीय संस्थाहरूले अग्रिम विनिमय कारोबार (Forward Exchange Contract) गरेको अवस्थामा सो करार दायित्वको सम्पूर्ण रकम विदेशी एजेन्सी बैंकहरूमा मौज्दातको रुपमा राख्न सक्ने छन् । विदेशी विनिमय कारोबारमा अग्रिम विनिमय (Forward Exchange) को सुविधा उपलब्ध गराउने सम्बन्धमा देहायमा उल्लिखित शर्तहरूको अधीनमा रही गर्नु पर्नेछ :

(१) सम्बन्धित बैंकहरू स्वयम्ले अग्रिम विनिमयदर (Forward Exchange Rate) निर्धारण गर्नु पर्नेछ ।

(२) अग्रिम विनिमय कारोबार गर्दा निवेदकको आवश्यकताको आधार (Need Based) लाई यकीन गरेर मात्र गर्नु पर्ने छ ।

(३) यस प्रकार गरिएको अग्रिम विनिमय कारोबारको Cover नेपाल राष्ट्र बैंक मार्फत् प्राप्त हुने छैन अर्थात् यसबाट हुन सक्ने लाभ हानी दुवै सम्बन्धित बैंकले नै व्यहोर्नु पर्ने छ ।

(ङ) बैंक/वित्तीय संस्थाहरूले आफूसँग रहेको परिवर्त्य विदेशी मुद्राको निक्षेप बापतको सम्पूर्ण रकम विदेशी एजेन्सी बैंकहरूमा मौज्दातको रुपमा राख्न सक्ने छन् ।

(च) बैंक तथा वित्तीय संस्थाहरूले खोलेको आयात प्रतीतपत्र लगायत अन्य विदेशी विनिमय दायित्वको हकमा बढीमा ३५ प्रतिशत बराबरको विदेशी मुद्रा मात्र विदेशी एजेन्सी बैंकमा मौज्दातको रुपमा राख्न सक्ने छन् ।

(छ) प्रतीतपत्रको दायित्व, परिवर्त्य विदेशी मुद्राको निक्षेप तथा अग्रिम विनिमय कारोबार नभएका बैंक तथा वित्तीय संस्थाले समेत आफ्नो कारोबार सञ्चालन गर्न अमेरिकी डलर १० लाखसम्म विद्यमान व्यवस्था अन्तर्गत रही मौज्दातको रुपमा राख्न सक्ने छन् ।

(ज) बैंक तथा वित्तीय संस्थाहरूले एजेन्सी मौज्दातबाट आफ्नो दैनिक तरलतामा प्रतिकूल असर नपर्ने गरी बढीमा एक वर्ष वा सो भन्दा कम अवधिको कल डिपोजिट, सर्टिफिकेट अफ डिपोजिट वा यस्तै अन्य उपकरणहरूमा लगानी गर्न सक्नेछन् । सो भन्दा बढी अवधिका लागि लगानी गर्नु परेमा आफ्नो नीतिगत व्यवस्था अन्तर्गत रही एजेन्सी बैंकहरूमा रहेको कुल मौज्दातबाट बढीमा ४० प्रतिशत सम्म २ वर्षे अवधि सम्मको कल डिपोजिट, सर्टिफिकेट अफ डिपोजिट वा यस्तै अन्य न्युन जोखिम भएका उपकरणहरूमा लगानी गर्न सक्नेछन् । तर, पूर्ण तरल सरकारी सुरक्षणपत्रमा भने उपरोक्त सीमाभित्र रही अधिकतम ५ वर्षसम्मका लागि लगानी गर्न सक्नेछन् ।

तर यस्तो लगानी नेपाल सदस्य रहेको क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग संगठनका बिभिन्न कोषहरूको परिवर्त्य विदेशी मुद्रामा प्राप्त हुने निक्षेप सोही मुद्रामा नै यस परिपत्र बमोजिम न्यून जोखिम भएका उपकरणमा लगानी गर्न उक्त ४० प्रतिशतको सीमा लागू हुने छैन ।

२. <u>Derivatives (Forwards, Futures, Options, Swaps) कारोबारमा हुने जोखिम व्यवस्थापनसम्बन्धी व्यवस्था</u> :

इजाजतपत्रप्राप्त "क" वर्गका बैंकले आफूसँग मौज्दात रहेको परिवर्त्य विदेशी मुद्राको लगानी व्यवस्थापन तथा विनिमय दरमा हुने उतार चढावको कारणले हुन सक्ने जोखिम व्यवस्थापनको लागि प्रचलित व्यवस्थाबमोजिम Derivatives सम्बन्धी कारोबार गर्दा आसन्न जोखिमलाई ध्यानमा राखी सट्टेवाजी (Speculative) कारोबार नहुने गरी देहायबमोजिमका शर्तहरूको अधीनमा रही कारोबार गर्नु पर्नेछ :

(क) Derivatives कारोबारमा Open Position राख्न नपाइने अर्थात् उक्त कारोबार Square Up Position हुनु पर्ने ।

(ख) Derivatives कारोबारको Exposure परिवर्त्य विदेशी मुद्रामा देखाउनु पर्ने ।

(ग) Proprietary अन्तर्गतका Derivatives कारोबारको हकमा बक्यौता (Outstanding) खरिद र बिक्री (Buy/Sale) दुवैको जोड प्राथमिक पूँजीको **२० (बीस) प्रतिशतभन्दा** बढी हुन नहुने ।

(घ) Proprietary कारोबार ३ महिनाभन्दा बढी अवधिको गर्न नपाइने ।

(ङ) Derivatives कारोबारको खुद हिसाव मिलान (Net Settlement) गर्दा विदेशी विनिमय बहिर्गमन हुने अवस्थामा विद्यमान व्यवस्थाबमोजिम यस बैंकलाई जानकारी गराउनु पर्ने ।

(च) Derivatives कारोबारको साप्ताहिक विवरण यसैसाथ संलग्न अनुसूची १९.१ अनुसार हरेक आइतबार विदेशी विनिमय व्यवस्थापन विभागमा पठाउनु पर्ने ।

(छ) यस बैंकको स्वीकृतिमा एक वर्ष वा सोभन्दा बढी अवधिको विदेशी ऋण भित्र्याएका "क" वर्गका बैंकलाई विदेशी विनिमय जोखिम हेजिङ गर्ने प्रयोजनको लागि उक्त ऋणको वक्यौता साँवा तथा ब्याज बराबर हुने रकम सम्मको र ऋणको अवधिसम्मको डेरिभेटिभ्स (Proprietary Forward) को खरिद कारोबार गर्न बुँदा नं. (ग) र (घ) मा उल्लिखित सीमा लागू हुने छैन ।

३. Interest Rate Swap सम्बन्धी व्यवस्था :

परिवर्त्य विदेशी मुद्राको कारोबार गर्ने इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थाहरूले प्रचलित व्यवस्था अन्तर्गत देहायका शर्तहरूको अधिनमा रही Interest Rate Swap गर्न सक्नेछन् :

(क) बैंक/वित्तीय संस्थाहरूले आफुसँग रहेको विदेशी मुद्रा मौज्दातका आधारमा Interest Rate Swap सम्झौता गर्न सक्ने ।

(ख) Interest Rate Swap सम्झौता गरेपछि कुन बैंक/वित्तीय संस्थासँग के कति Swap सम्झौता कति अवधिको लागि गरिएको हो सोको जानकारी ७ (सात) दिन भित्र अनिवार्य रुपमा यस विभागलाई गराउनुपर्ने ।

(ग) जति रकमको लागि Swap गर्ने हो सोही बराबरको रकमको लागि अनिवार्य रुपमा लगानी गर्दै जानुपर्ने ।

(घ) बैंक/वित्तीय संस्थाहरूले प्रचलित व्यवस्था अन्तर्गत विदेशी मुद्रामा ऋण लिएका ऋणीसँग सो ऋणको ब्याजदर Hedge गर्ने सिलसिलामा Interest Rate Swap सम्झौता गरेमा कुन निकायसँग के कति रकम, कति अवधिको लागि र के कस्तो शर्तमा Swap गरिएको हो सोको जानकारी १५ (पन्ध्र) दिनभित्र अनिवार्यरूपमा यस विभागलाई गराउनु पर्नेछ ।

(ङ) उपर्युक्त कारोबारहरूबाट सिर्जना हुने सबै दायित्व सम्बन्धित बैंक/वित्तीय संस्था आफैले व्यहोर्नु पर्नेछ ।

अनुसूची १९.१

(इ.प्रा.परिपत्र संख्या १९ को दफा २(च) को प्रयोजनको लागि)

............Bank Limited

Outstnding of Forward Transactions

As on............

Weekly Reporting Format (Sunday-Friday)

A.Proprietary Transactions

| Deal Date | Forward Amount (in US$) | Forward Rate | Value Date | Direction Of Transactions (Buy/Sale) | Counterparty | Remarks |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| Total in USD | | | | | | |
| Exchange Rate | | | | | | |
| Total in NPR | | | | | | |

| | |
|---|---|
| Core Capital (Rs.in million) | |
| Total Proprietary Forward (Rs. in million) % of Core Capital | |
| Net Settlement During the weeks (Rs.in Million) | |

B. Non - Proprietary Transactions

| Deal Date | Forward Amount (in US$) | Forward Rate | Value Date | Direction Of Transactions (Buy/Sale) | Requesting Customer | Counterparty | Remarks |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| Total in USD | | | | | | | |

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : २०/२०८१

## विदेशी मुद्राको खरिद बिक्री कारोबार, कमिसन र विनिमय दर प्रकाशनसम्बन्धी व्यवस्था

विदेशी मुद्राको खरिद बिक्री कारोबार तथा कमिसन सम्बन्धमा निम्नबमोजिमको व्यवस्था गरिएको हुँदा सोअनुसार गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैकिङ विभाग लगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू, इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्था, इजाजतपत्रप्राप्त मनिचेञ्जर एवम् होटलहरूलाई यो परिपत्र जारी गरिएको छ ।

१. विदेशी मुद्राको खरिद बिक्री कारोबार तथा कमिसन सम्बन्धी व्यवस्था :

(क) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरू स्वयम्ले परिवर्त्य विदेशी मुद्राहरूको विनिमय दर तोक्न सक्नेछन् ।

(ख) भारतीय रुपैयाँको विनिमय दर यस बैंकले तोके बमोजिम हुनेछ ।

(ग) बैंक/वित्तीय संस्थाहरूले आ-आफूले निर्धारण गरेको विनिमय दरमा परिवर्त्य विदेशी मुद्राको र यस बैंकबाट निर्धारित विनिमय दरमा भारतीय रुपैयाँको खरिद बिक्री कारोबार अन्तर बैंक/वित्तीय संस्था खरिद/बिक्री तथा कर्जा सापट लगायतका कारोबार गर्न सक्नेछन् ।

(घ) परिवर्त्य विदेशी विनिमय दरहरूमा हुने थपघटको कारणबाट कारोबारमा हुनसक्ने कुनै पनि किसिमको लाभ हानी सम्बन्धित बैंक/वित्तीय संस्थाहरूकै हुनेछ । तर, भारतीय रुपैयाँको विनिमय दरको थपघटबाट हुने लाभ हानीको मिलान प्रचलित व्यवस्था बमोजिम गरिनेछ ।

(ङ) यस बैंक र इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थाहरूबीच परिवर्त्य विदेशी मुद्राको खरिद/बिक्रीको कारोबार सामान्यतया अमेरिकी डलरमा मात्र हुनेछ ।

(च) बैंक/वित्तीय संस्थाहरूले नगद परिवर्त्य विदेशी मुद्रा खरिद/बिक्री कारोबार गर्दा देहाय बमोजिम गर्न पर्नेछ :

(१) परिवर्त्य विदेशी मुद्राको ५० (पचास) र सोभन्दा माथिका दरका नगद नोट खरिद गर्दा कुनै किसिमको शुल्क, कमिसन आदि लिन पाइने छैन ।

(२) परिवर्त्य विदेशी मुद्राको ५० (पचास) दरभन्दा कम दरका नगद नोट खरिद गर्दा सेवा शुल्कको रुपमा वढीमा ०.५० (शुन्य दशमलव पाँच शुन्य) प्रतिशतसम्म लिन पाइनेछ ।

(३) परिवर्त्य विदेशी मुद्राको नगद नोट प्रचलित विनिमय दरमा बिक्री गर्दा कुनै किसिमको कमिसन, शुल्क आदि लिन पाइने छैन ।

(छ) यस बैंकबाट इजाजतपत्रप्राप्त गरेका मनिचेञ्जरहरूले नगद परिवर्त्य विदेशी मुद्रा खरिद/बिक्री कारोबार गर्दा देहायबमोजिम गर्न सक्ने छन् :

(१) परिवर्त्य विदेशी मुद्राको ५० (पचास) र सोभन्दा माथिका दरका नगद नोट खरिद गर्दा आफ्नो खाता रहेको बैंक/वित्तीय संस्थाले निर्धारण गरेको विनिमय दरमा बढीमा १.५० (एक दशमलव पाँच शून्य) प्रतिशतसम्म कम गरी खरिद दर कायम गर्न सक्नेछन् ।

(२) परिवर्त्य विदेशी मुद्राको ५० (पचास) भन्दा कम दरका नगद नोट खरिद गर्दा आफ्नो खाता रहेको बैंक/वित्तीय संस्थाले निर्धारण गरेको विनिमय दरमा बढीमा २.०० (दुई) प्रतिशतसम्म कम गरी खरिद दर कायम गर्न सक्नेछन् ।

(३) अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा रहेका इजाजतपत्रप्राप्त मनिचेञ्जरहरूको हकमा सबै दरका परिवर्त्य विदेशी मुद्राको नोट सटही गर्दा आफ्नो खाता रहेको बैंक/वित्तीय संस्थाले निर्धारण गरेको विनिमय दरमा बढीमा २.०० (दुई) प्रतिशतसम्म कम गरी खरिद दर कायम गर्न सक्नेछन् ।

(४) नगद भारतीय रुपैयाँ खरिद गर्दा यस बैंकबाट निर्धारित दरमा खरिद गर्नु पर्नेछ र बिक्री गर्दा भने भारतीय रुपैयाँ १००।- (एक सय) मा बढीमा ४० (चालीस) पैसासम्म सेवा शुल्कको रुपमा लिई बिक्री गर्न सकिनेछ ।

(५) परिवर्त्य विदेशी मुद्राको नगद नोट खरिद बिक्री गर्दा यस बैंकले तोकेको बाहेक कुनै किसिमको कमिसन, शुल्क आदि लिन पाइने छैन ।

(६) मनिचेञ्जरले सटही गरेको परिवर्त्य विदेशी मुद्रा यस बैंकको बैंकिङ विभागलगायत प्रदेशस्थित कार्यालयहरू मार्फत पनि सटही गरी बुझिदिने व्यवस्था गरिएको छ । तर यसरी सटही गर्दा बैंक तथा वित्तीय संस्थाहरूमा परिवर्त्य विदेशी मुद्रा खाता भएका मनिचेञ्चरहरूको हकमा सोही खातामा जम्मा गर्नुपर्नेछ ।

(ज) बैंक/वित्तीय संस्थाहरू र मनिचेञ्जरहरूले आ-आफ्नो मौज्दातको नगद परिवर्त्य विदेशी मुद्रा यस बैंकको बैंकिङ विभाग र प्रदेशस्थित कार्यालयहरूले बुझिलिने व्यवस्था गरिएको छ । यसरी बुझाउन ल्याउँदा देहायबमोजिम हुने गरी सटही/खरिद/जम्मा गरिनेछ :

(१) परिवर्त्य विदेशी मुद्राको ५० (पचास) र सोभन्दा माथि दरका नगद नोटको हकमा कुनै किसिमको कमिसन, शुल्क आदि लिइने छैन ।

(२) परिवर्त्य विदेशी मुद्राको ५० (पचास) भन्दा कम दरका नगद नोटको हकमा ०.५० (शून्य दशमलव पाँच शुन्य) प्रतिशतका दरले सेवा शुल्क लिइनेछ ।

(३) माथि उल्लेख गरिए बमोजिम प्राप्त परिवर्त्य विदेशी मुद्रामा लाग्ने कमिसन कट्टा गरी बाँकी हुने रकम खातामा जम्मा गर्ने सम्बन्धमा बैंक/वित्तीय संस्था तथा मनिचेञ्जरको अनुरोधमा देहाय बमोजिम गर्न सकिनेछ :-

(क) बैंक/वित्तीय संस्थाको हकमा यस बैंकमा रहेको सम्बन्धित विदेशी मुद्रा खाता वा नेपाली रुपैयाँ खातामा जम्मा गर्ने ।

(ख) सम्बन्धित विदेशी मुद्रामा खाता नभएको विदेशी मुद्राको हकमा प्रचलित विनिमय दर बमोजिम हुने रकम नेपाली रुपैयाँ खातामा जम्मा गर्ने ।

(ग) मनिचेञ्जरहरूको हकमा सम्बन्धित मनिचेञ्जरको बैंक/वित्तीय संस्थास्थित सम्बन्धित विदेशी मुद्रा वा नेपाली रुपैयाँको खातामा जम्मा हुने गरी रकमान्तर र सम्बन्धित विदेशी मुद्रामा खाता नभएको विदेशी मुद्राको हकमा प्रचलित विनिमय दर बमोजिम हुने रकम नेपाली रुपैयाँको खातामा जम्मा हुने गरी रकमान्तर गर्ने ।

(झ) यस बैंकबाट खरिद दरमात्र प्रकाशन हुने परिवर्त्य विदेशी मुद्राको हकमा समेत यसै परिपत्रको व्यवस्था लागू हुनेछ ।

(ञ) रोजगारीका लागि विदेश जाने नेपालीहरूले गरेको आर्जन परिवर्त्य विदेशी मुद्रामा भित्र्याउने कार्यको लागि यस विभागबाट इजाजतपत्र लिएका निकायहरूलाई थप प्रोत्साहन र सुविधा बापत प्रचलित खरिद दरका अतिरिक्त प्रति अमेरिकी डलर १५ पैसाका दरले इ.प्रा.कमिसन प्रदान गर्ने व्यवस्था भएको हुँदा त्यस्ता निकायहरूले यस बैंकको बैंकिङ विभागको एजेन्सी खातामा परिवर्त्य विदेशी मुद्रा जम्मा गरेमा सोही अनुसार उक्त कार्यालयबाट इ.प्रा.कमिसन प्रदान गरिने छ ।

(ट) यस बैंकबाट इजाजतपत्रप्राप्त होटलहरूले आफ्ना ग्राहकसँग आफ्नो सेवाको भुक्तानी प्रयोजनको लागि नगद परिवर्त्य विदेशी मुद्रा खरिद गर्दा यस बैंकले निर्धारण गरेको सो दिनको विनिमय दरको बढीमा २ (दुई) प्रतिशतसम्म कम गरी खरिद दर कायम गर्न सक्नेछन् ।

(ठ) होटलले आफ्ना ग्राहकलाई सटही दिन सक्ने सम्बन्धमा :

१. इजाजतपत्रप्राप्त होटलहरूले आफ्ना ग्राहकलाई आवश्यक परेमा सटही सुविधा प्रदान गर्न सक्नेछन् ।

२. होटलहरूले प्रति ग्राहक अधिकतम अमेरिकी डलर **१,०००** वा सो बराबरसम्मको परिवर्त्य विदेशी मुद्रा एक बसाई अवधिमा **एकै पटक वा पटक-पटक** गरी सटही प्रदान गर्न सक्नेछन् ।

३. नगद परिवर्त्य विदेशी मुद्रा खरिद गरी सटही प्रदान गर्दा यस विभागबाट जारी एकीकृत इ.प्रा. परिपत्रः २६ को व्यवस्थाबमोजिम विदेशी मुद्रा सटही रसिद Foreign Exchange Encashment Receipt (FEER) जारी गर्नुपर्नेछ । यसरी जारी गरिएको FEER को मासिक विवरण महिना समाप्त भएको १५ दिनभित्र यस विभागमा पेश गर्नुपर्नेछ ।

२. इजाजतपत्र प्राप्त "क" वर्गका वाणिज्य बैंकहरूले अमेरिकी तथा अस्ट्रेलियन डलर आयात गर्ने र नगद अमेरिकी तथा अष्ट्रेलियन डलर बिक्री गर्दा Cash Handling Charge लिन पाउने सम्बन्धमा :

नेपालमा भ्रमण गर्ने विदेशी पर्यटकले डेबिट/क्रेडिट कार्डजस्ता बैंकिङ उपकरणबाट भुक्तानी गर्ने प्रवृत्ति बढदै गएको र नेपाली नागरिकहरू विदेश भ्रमणमा जाँदा त्यस्तो उपकरणको प्रयोगमा अभ्यस्त भई नसकेको कारणले वाणिज्य बैंकहरूमा नगद अमेरिकी डलर र अष्ट्रेलियन डलर कम हुन गई प्रचलित व्यवस्था बमोजिम नगद अमेरिकी डलर र अष्ट्रेलियन डलर उपलव्ध गराउन कठिनाई भएको सन्दर्भमा नगद अमेरिकी डलर र अष्ट्रेलियन डलरको आपूर्तिमा सहजता प्रदान गर्न देहाय बमोजिम व्यवस्था गरिएको छ ।

१. नगद अमेरिकी डलर र अष्ट्रेलियन डलरको व्यवस्थापन गर्न वाणिज्य बैंकहरू आफैले नगद अमेरिकी डलर र अष्ट्रेलियन डलर आयात गरी बिक्री गर्न सक्नेछन् ।

२. यसरी आयात गर्दा नगद अमेरिकी डलरका नयाँ नोट (Fresh Note) र अष्ट्रेलियन डलरका सफा नोट (Clean Note) मात्र आयात गरी बिक्री गर्नु पर्नेछ ।

३. बैंकले ग्राहकलाई नगद अमेरिकी डलर र नगद अष्ट्रेलियन डलर बिक्री गर्दा प्रति अमेरिकी डलर वा प्रति अष्ट्रेलियन डलर अधिकतम ३० पैसासम्म Cash Handling Charge बापत लिन सक्नेछन् । तर, यो व्यवस्था आयात गरिएको विदेशी मुद्राको हकमा मात्र लागू हुनेछ ।

४. नगद अमेरिकी डलर वा नगद अष्ट्रेलियन डलर माग गर्न आउने ग्राहकलाई सकेसम्म बैंकिङ्ग उपकरण मार्फत सटही दिन प्रोत्साहन गर्नु पर्नेछ ।

३. विनिमय दर निर्धारण तथा प्रकाशन गरिने विदेशी मुद्रासम्बन्धी व्यवस्था :

प्रचलित व्यवस्थाअन्तर्गत रही इजाजतपत्रप्राप्त संस्थाहरूले देहायबमोजिमका परिवर्त्य विदेशी मुद्राहरूको खरिद तथा बिक्री दर कायम गरी खरिद बिक्री गर्न सक्नेछन् । तर, भारतीय मुद्राको हकमा यस बैंकले निर्धारण गरे बमोजिम हुनेछ ।

| क्र.सं. | देश | मुद्राको नाम |
|---|---|---|
| १ | संयुक्त राज्य अमेरिका | यु.एस. डलर (USD) |
| २ | युरोपियन युनियन | युरोपियन युरो (EUR) |
| ३ | संयुक्त अधिराज्य | युके पाउण्ड स्टर्लिङ (GBP) |
| ४ | स्विट्जरल्याण्ड | स्विस फ्रयान्क (CHF) |
| ५ | अष्ट्रेलिया | अष्ट्रेलियन डलर (AUD) |
| ६ | क्यानडा | क्यानेडियन डलर (CAD) |
| ७ | सिंगापुर | सिंगापुर डलर (SGD) |
| ८ | जापान | जापानिज ऐन (JPY) |
| ९ | चीन | चाइनिज युआन (CNY) |
| १० | सउदी अरेविया | साउदी अरेवियन रियाल (SAR) |
| ११ | कतार | कतारी रियाल (QAR) |

| क्र.सं. | देश | मुद्राको नाम |
|---|---|---|
| १२ | थाइल्याण्ड | थाई भाट (THB) |
| १३ | युनाइटेड अरब इमिरेट | युएई दिराम (AED) |
| १४ | मलेसिया | मलेसियन रिंगिट (MYR) |
| १५ | दक्षिण कोरिया | दक्षिण कोरियन वन (KRW) |
| १६ | स्विडेन | स्विडिस क्रोनर (SEK) |
| १७ | डेनमार्क | डेनिस क्रोनर (DKK) |
| १८ | हङकङ | हङकङ डलर (HKD) |
| १९ | कुवेत | कुवेती दिनार (KWD) |
| २० | बहराइन | बहराइन दिनार (BHD) |
| **२१** | **ओमान** | **ओमानी रियाल (OMR)** |

३क. बैंक तथा वित्तीय संस्थाले परिवर्त्य विदेशी मुद्राको विनिमय दर तोक्दा सम्बन्धित परिवर्त्य विदेशी मुद्राको न्यूनतम खरिद दर (५० दर भन्दा साना दरका नगद नोट खरिद समेत) र बिक्री दर बीचको फरक १% भन्दा बढी नहुने गरी तोक्नु पर्नेछ। तर, अमेरिकी डलरको हकमा देहायबमोजिम हुनेछ :

(१) खरिद दर र बिक्री दर बीचको फरक ने.रु.०।६० (साठ्ठी पैसा) भन्दा बढी हुने छैन ।

(२) ५० दर भन्दा साना दरका नगद नोट खरिद गर्दा उप-दफा (१) बमोजिम तोकिएको खरिद दरमा दफा १ को उपदफा (च) को (२) मा उल्लेख भएबमोजिमको सेवा शुल्क लिन बाधा पर्ने छैन ।

४. <u>नगद विदेशी मुद्रा स्थानान्तरण सम्बन्धमा :</u>

(क) नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागले नगद परिवर्त्य विदेशी मुद्रा विदेशस्थित एजेन्सी खाताबाट ल्याउन, विदेशस्थित एजेन्सी खातामा जम्मा गर्न तथा नेपालभित्रकै एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गर्न सक्नेछ ।

(ख) नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयहरु एवम् इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले परिवर्त्य विदेशी मुद्रा नेपालभित्र एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गर्न सक्नेछन् ।

(ग) नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागले भारतीय रिजर्व बैंकबाट नगद भारतीय रुपैयाँ नेपाल भित्र्याउन र जम्मा हुन आएको नगद भारतीय रुपैयाँ भारतीय रिजर्व बैंकका कार्यालयहरुमा जम्मा गर्न लैजान सक्नेछ ।

(घ) नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभाग, यस बैंकका प्रदेशस्थित कार्यालयहरु एवम् इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले देशभित्रकै एक स्थानबाट अर्को स्थानसम्म भारतीय रुपैयाँ स्थानान्तरण गर्न सक्नेछन् ।

(ङ) उपर्युक्त बमोजिम नगद विदेशी मुद्रा स्थानान्तरण गर्दा बीमा, सुरक्षा तथा ढुवानी सम्बन्धी आवश्यक सबै व्यवस्था गर्नु पर्नेछ ।

५. <u>चौथो संस्करणका कतारी रियाल बैंकनोटहरु सटही गर्ने सम्बन्धमा:</u>

कतारको केन्द्रीय बैंकले उक्त बैंकबाट जारी हाल चलनचल्तीमा रहेका चौथो संस्करण (Fourth Edition) का कतारी रियाल बैंकनोटहरु सन् २०२१ जुलाई ०१ गते पश्चात् चलनचल्तीबाट हटाउने निर्णय गरेको हुँदा प्रचलित व्यवस्था बमोजिम उक्त बैंकनोटहरु २०७८ वैशाख २७ गतेभित्र सटही गरी यस बैंकको बैंकिङ विभाग वा बैंकिङ करोबार गर्ने प्रदेशस्थित कार्यालयहरुमा २०७८ जेठ ७ गतेभित्र दाखिला गर्नुपर्ने व्यवस्था गरिएको छ। उक्त मितिपश्चात् त्यस्ता बैंकनोटहरु स्वीकार गर्न यस बैंक बाध्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ। साथै, इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायले यस सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको संलग्न बमोजिमको सूचना आफ्नो वेवसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ ।

६. <u>सर्वसाधारणसँग भा.रू.कारोबार गर्ने व्यवस्था :</u>

भारतमा भ्रमण, अध्ययन (विद्यालय स्तरसम्मको शिक्षा), औषधोपचार, तीर्थयात्रा आदि लगायत व्यवहारिक प्रयोजनका लागि नगद/ड्राफ्ट/टी.टी./मे.ट्रा.विविध किसिमका कार्ड आदिको माध्यमबाट सटही प्रदान गर्दा सम्बन्धित व्यक्तिसँग संलग्न वि.वि.नि. भा.रू.फा.नं. ६ को नमूना बमोजिमको निवेदनको आधारमा निम्नानुसार सटही प्रदान गर्न सकिनेछ ।

(क) नगद भा.रू. सटही माग भएमा भा.रू.२५,०००/- (भा.रू. पच्चीस हजार मात्र) मा नबढाई निवेदनको आधारमा उपलब्ध भएसम्म नगदै पनि दिन सकिनेछ । बैंक/वित्तीय संस्थाहरूले यस्तो सटही दिंदा सकभर नगदको सट्टा उल्लिखित अन्य माध्यमबाट सटही दिन प्रोत्साहन गर्नु पर्नेछ । तर, औषधोपचारको हकमा नेपालमा मान्यता प्राप्त रजिष्टर्ड डाक्टरहरूबाट सिफारिस भएको कागजातहरूको आधारमा आवश्यकता र औचित्यता हेरी अधिकतम भा.रु.५०,०००।- (भा.रु.पचास मात्र) सम्म नगदमा नै सटही सुविधा प्रदान गर्न सकिने छ ।

(ख) भा.रू.२५,०००/- भन्दा बढी रकमको सटही माग भएमा ड्राफ्ट/टी.टी./मे.ट्रा., क्रेडिट, डेविट वा प्रिपेड कार्ड आदिको माध्यमद्वारा सटही दिन सकिनेछ । तर, यसरी भा.रू. सटही दिँदा के कामको लागि सो रकम आवश्यक भएको हो प्रमाण खुल्ने कागजात सहित व्यहोरा खुलेको आवेदन लिनु पर्नेछ ।

(ग) यस दफा बमोजिम सटही सुविधा प्रदान गर्दा एक व्यक्तिको नाममा एउटा मात्र सटही सुविधा प्रदान गर्नु पर्नेछ । पछि प्रमाण पेश गर्ने शर्तमा सटही प्रदान गरेको अवस्थामा पहिले प्रदान भएको सटही सुविधाको प्रमाणित कागजात प्राप्त भए पछि मात्र अर्को सटही सुविधा प्रदान गर्नु पर्नेछ ।

(घ) माथि खण्ड (ख) मा उल्लेख गरिएको प्रमाणित कागजातको रूपमा भ्रमण तीर्थयात्रा आदिको लागि जारी भएको टिकट बुकिङ्ग वा सो सम्बन्धी ब्रोसर वा अन्य कागजातको प्रतिलिपि लिनु पर्नेछ । अध्ययन (विद्यालय स्तरसम्मको शिक्षा) को हकमा सोका लागि सम्बन्धित शैक्षिक संस्थाबाट जारी भएको पत्र वा ब्रोसर वा अध्ययन (विद्यालय स्तरसम्मको शिक्षा) प्रयोजन पुष्टि हुने कागजात र शिक्षण शुल्कमा प्रचलित नियमानुसारको कर दाखिला गरेको निस्सा लिई त्यस्तो शुल्क सम्बन्धित शिक्षण सस्थाको नाममा तथा निर्वाह खर्च सम्बन्धित शिक्षण संस्थाले सिफारिस गरे बमोजिम विद्यार्थीको नाममा बैंकिंग उपकरण मार्फत् सटही उपलब्ध गराउनु पर्नेछ । औषधोपचारको लागि चिकित्सकले गरेको सिफारिस, उपचार गराउने संस्थामा लिएको Appointment वा सो अस्पतालबाट उपलब्ध गराएको अनुमानित लागत र उपचार प्रयोजन प्रष्ट हुने अन्य कागजात प्रमाणको रूपमा लिई सम्बन्धित अस्पतालको नाममा बैंकिगं उपकरण मार्फत् सटही दिन सकिनेछ । साथै, सटही माग गर्ने पक्षले कागजात उपलब्ध गराउन सक्छ भन्नेमा बैंक तथा वित्तीय संस्था विश्वस्त भएमा बिल भर्पाई लगायतका आवश्यक कागजात निश्चित अवधिभित्र उपलब्ध गराउने शर्तमा समेत सटही उपलब्ध गराउन सक्नेछ । भारतमा अध्ययन (विद्यालय स्तरसम्मको शिक्षा), उपचारमा जाने व्यक्ति स्वयम् उपस्थित हुन नसक्ने अवस्थामा त्यस्ता व्यक्तिहरूको लागि चाहिने सटही निजको नजिकको नातेदार, संरक्षक वा कुरूवाको नाममा समेत दिन सकिनेछ ।

(ङ) यस दफामा अन्यत्र जेसुकै कुरा लेखिएको भएतापनि क्रेडिट कार्ड, डेबिट कार्ड, प्रिपेड कार्ड, ए.टि.एम. कार्ड, आदिका माध्यमबाट सटही प्रदान गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :

(१) माथि उल्लिखित कुनै पनि किसिमका कार्डहरू सम्बन्धित व्यक्तिको आफ्नो बैंकमा रहेको खाताबाटै खर्च हुने गरी मात्र जारी गर्नु पर्ने छ ।

(२) बैंक, वित्तीय संस्थाले आ-आफ्ना आन्तरिक व्यवस्था अनुरूप कार्ड जारी गर्दा देहायका शर्तहरू अनिवार्य राख्नु पर्नेछ :

(अ) तोकिएको सीमा र व्यवस्था बमोजिम मात्र भा.रू. खर्च गर्न पाइने ।

(आ) पुँजीगत कारोबारको लागि खर्च गर्न नपाइने ।

(इ) मालसामान खरिद तथा सेवा उपयोग बापत प्वाइण्ट अफ सेल मार्फत खर्च भएको रकमको बिल बीजक लगायत आवश्यक विवरण माग गर्न सकिने र यसरी माग भएका कागजात लगायतका विवरण कार्ड होल्डरले सम्बन्धित बैंकलाई उपलब्ध गराउनु पर्ने ।

(ई) तोकिएको सीमा शर्त र व्यवस्थाको प्रतिकुल हुने गरी खर्च गरिएको पाइएमा जारी भएको कार्डबाट कारोबार गर्न जुनसुकै बखत रोक लगाउन सकिने र यस्तो कारोबार गर्नेहरूको विवरण नेपाल राष्ट्र बैंकमा उपलब्ध गराई आवश्यक कारवाही समेत गर्न सकिने ।

(उ) भा.रु. सटहीको लागि जारी हुने कार्ड र कमिसन रकमको हिसाब मिलान परिवर्त्य विदेशी मुद्रामा गर्न पाइने छैन ।

(३) नियमितरूपमा प्रत्येक महिना भा.रू.१ लाख झिक्ने व्यक्तिहरू पहिचान गरी खर्चको औचित्य पुष्टि नभएमा वा शंकास्पद देखिएमा त्यस्ता व्यक्तिको खाता तथा कार्डबाट हुनसक्ने कारोबार रोक्का गरी यस विभागलाई जानकारी गराउनु पर्नेछ ।

(४) एक दिनमा बढीमा भा.रू. १५ हजार र प्रति महिना भा.रू.१ लाख सम्म मात्र नगद झिक्न सकिने छ ।

(५) यस दफा बमोजिम निर्धारित कागजातको आधारमा उपलब्ध गराइने थप सटही सुविधाको रकम समेत कार्डको सीमामा थप गर्न सकिने छ ।

(६) भारतमा Credit, Debit तथा Prepaid Cards लगायत Electronic card को माध्यमबाट Point of Sale (POS) वा अन्य विद्युतीय माध्यम मार्फत् बस्तु तथा सेवा खरिद गर्दा गरिने भुक्तानीको हकमा एकै पटक वा पटकपटक गरी मासिक भा.रु. १ लाखसम्म मात्र भुक्तानी गर्न सकिनेछ । तर, होटल, हस्पिटल (हस्पिटल र रिसर्च सेन्टर लगायत समेत) र औषधि पसलमा गरिने भुक्तानीको हकमा उपरोक्त सीमा लागू हुने छैन ।

(च) इजाजतपत्रप्राप्त सबै निकायहरूले नगद भारतीय रुपैयाँ खरिद बिक्री कारोबार गर्दा इ.प्रा.परिपत्र संख्या २६ को दफा २ मा भएको व्यवस्था अनुसार भारतीय रुपैयाँ सटही रसिद Indian Currency Purchase Receipt (ICPR) तथा बिक्री गर्दा Indian Currency Sales Receipt (ICSR) जारी गर्नुपर्नेछ । साथै, उक्त परिपत्रमा भएका अन्य व्यवस्थाहरूको समेत पालना गर्नुपर्नेछ ।

७. <u>भारतीय मुद्राको कारोबार सम्बन्धमा:</u>

(क) <u>भा.रू. २००, ५००, १००० र २००० दरका नोटहरूको सम्बन्धमा :</u>

(१) भारत सरकार तथा भारतीय रिजर्व बैंकले ९ नोभेम्बर २०१६ सम्म चलनचल्तिमा रहेका भा.रु.५०० र १००० दरका नोटहरू चलनचल्तीबाट हटाएको हुँदा त्यस्ता भा.रु. ५०० र १००० दरका नोटको कारोबार गर्न र हाल भारतमा चलनचल्तिमा रहेका नयाँ भा.रु. २००, ५०० र २००० दरका नोट साथमा राख्न, ओसार पसार गर्न र कारोबार गर्न पाइने छैन ।

(२) भा.रु.१०० र सोभन्दा कम दरका भारतीय नोट तथा मुद्रा प्रचलित व्यवस्था बमोजिम ल्याउन लैजान तथा सटही गर्न सकिनेछ ।

(३) नेपाली नागरिकले भारतीय रुपैयाँ भारत बाहेक अन्य मुलुकमा लैजान वा अन्य मुलुकबाट नेपाल ल्याउन पाइने छैन ।

(ख) नेपाली र भारतीय नागरिकहरूसँग बाहेक अन्य मुलुकका नागरिकसँग बैंक/वित्तीय संस्था लगायत इजाजतपत्रप्राप्त अन्य निकायहरूले भारतीय रूपैयाँको नोट, ड्राफ्ट आदिको खरिद तथा टी.टी.को भुक्तानी र भारतीय रूपैयाँको क्रेडिट कार्ड अन्तर्गत कुनै कारोबार गर्न पाइने छैन ।

(ग) भारतस्थित बीमा कम्पनीको बीमा पोलिसी खरिद गर्ने तथा सोको प्रिमियम भुक्तानी गर्ने, भारतीय कम्पनीले जारी गरेको शेयरमा लगानी गर्ने, भारतमा घरजग्गा खरिद गर्ने जस्ता पुँजीगत प्रकृतिका कारोबार प्रयोजनको लागि सटही सुविधा प्रदान गर्न पाइने छैन ।

(घ) भारतस्थित बैंक तथा वित्तीय संस्था एवम् बैंकिङ कार्य गर्ने सहकारी संस्थाको नाममा कुनै प्रकारको खाता खोल्न वा त्यस्तै प्रयोजनका लागि भुक्तानी गर्न सटही सुविधा प्रदान गर्न पाइने छैन ।

(ङ) यस बैंकबाट स्वीकृति प्रदान भएको अवस्थामा बाहेक ऋणको साँवा ब्याज, मुनाफा, लाभांश आदि भुक्तानी गर्ने प्रयोजनको लागि सटही सुविधा प्रदान गर्न पाइने छैन ।

(च) प्रचलित कानुनले निषेध गरेका कार्यमा खर्च हुने गरी सटही सुविधा प्रदान गर्न पाइने छैन ।

८. <u>सटही उपलब्ध गराएको विदेशी मुद्रा फिर्ता लिने सम्बन्धी व्यवस्था:</u>

विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्रप्राप्त निकायहरुले आफ्नो सेवाग्राहीलाई उपलब्ध गराएको सटही सुविधा अन्तर्गतको विदेशी मुद्रामध्ये आंशिकरुपमा मात्र खर्च भई वा पूर्ण रुपमा बचत भएको विदेशी मुद्रा फिर्ता लिनु पर्दा (सटही सुविधा नगद बाहेकका उपकरणमार्फत् प्रदान गरिएको हकमा सोसमेत) प्रचलित विनिमय दरमा सटही गर्नु पर्नेछ ।

तर, प्रचलित व्यवस्थाबमोजिम Derivatives को कारोबार गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

**९. यस परिपत्रमा उल्लिखित भारतीय रुपैयाँको सटही सुविधा नेपाली वाणिज्य बैंक तथा राष्ट्रियस्तरका विकास बैंकमा खोलिएको बैंक खातामा आवद्ध Quick Response Code लगायतका विद्युतीय माध्यम (कार्ड बाहेक) मार्फत भारत र भुटानमा भुक्तानी (Merchant Payments) हुने गरी समेत उपलब्ध गराउन सकिनेछ । यसरी सटही सुविधा उपलब्ध गराउँदा राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch) पूर्ण रुपमा सञ्चालनमा नआएसम्म सो अन्तर्गतको Retail Payment Switch (RPS) को माध्यमबाट प्रदान गर्नु पर्नेछ । यस्तो सटही सुविधाको सीमा यसै एकीकृत इ.प्रा. परिपत्रको दफा ६ को खण्ड (ङ) को बुँदा (६) मा उल्लिखित कार्डको लागि कायम रहेको सीमासम्म हुनेछ ।***

**१०. <u>डेनमार्कको केन्द्रीय बैंकले सन् २०२५ मे ३१ पश्चात् कानूनी ग्राह्यता खारेज गरेका Danish Kroner(DKK) बैंकनोटहरु सम्बन्धमा:</u>**

**डेनमार्कको केन्द्रीय बैंकले सन् २०२५ मे ३१ पश्चात् कानूनी ग्राह्यता खारेज गरेका Danish Kroner(DKK) बैंकनोटहरु २०८१ फागुन मसान्त (सन् २०२५ मार्च १३) भित्र सटही गरी यस बैंकको बैंकिङ विभाग वा बैंकिङ कारोबार गर्ने प्रदेशस्थित कार्यालयहरुमा २०८१ चैत ७ (सन् २०२५ मार्च २०) गते भित्र दाखिला गर्नुपर्ने व्यवस्था गरिएको छ । उक्त मितिपश्चात् त्यस्ता बैंक नोटहरु स्वीकार गर्न यस बैंक बाध्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ । साथै, इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायले यस सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको सूचना आफ्नो वेवसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ । कानूनी ग्राह्यता खारेज गरिएका बैंकनोटहरु सम्बन्धी विस्तृत जानकारी डेनमार्कको केन्द्रीय बैंकको वेवसाइटमा उपलब्ध रहेको छ ।**

---

* यो परिपत्र जारी हुनु पूर्व भारतीय रुपैयाँ वा परिवर्त्य विदेशी मुद्राको Merchant Payments (P2M) को Acquiring/Issuing कारोबार सूचारु गरिसकेका/नगरिसकेका बैंक-वित्तीय संस्था वा भुक्तानी सम्बन्धी कार्य गर्न अनुमतिप्राप्त संस्थाले उल्लिखित कारोबार राष्ट्रिय भुक्तानी स्वीचमार्फत परिचालन (Route) गराउने सम्बन्धमा आ-आफ्नो कार्ययोजना यस बैंकको भुक्तानी प्रणाली विभागमा पेश गर्नु पर्नेछ । यस्तो कार्ययोजना राष्ट्रिय भुक्तानी स्वीच पूर्ण रुपमा सञ्चालनमा आएको ६ महिनाभित्र पेश गर्नु पर्नेछ ।

अनुसूची २०.१

(इ.प्रा. परिपत्र संख्या- २० को दफा ६ को प्रयोजनका लागि)
वि.वि.नि.भा.रू.फा.नं. ६

मिति ........................

श्री ........................बैंक

..............................शाखा ।

विषयः भारतीय रूपैयाँको सटही उपलब्ध गराई पाउँ ।

उपर्युक्त सम्बन्धमा मलाई ............................................. प्रयोजनका लागि भारतीय रूपैयाँ ................ आवश्यक परेको हुँदा नियमानुसार सोको सटही उपलब्ध गराई दिनु यो निवेदन पेश गरेको छु ।

निवेदक,

नामः

ठेगानाः

फोन नं.:

नोटः भा.रू.२५,०००।- भन्दा बढीको सटही आवश्यक परेमा सम्बन्धित व्यक्तिको ना.प्रा.नं/परिचयपत्रको प्रतिलिपि र प्रयोजन खुल्ने कागजात अनिवार्य रूपमा संलग्न गर्नु पर्नेछ ।

<u>बैंक तथा वित्तीय संस्थाको प्रयोजनको लागि</u> :

सटही दिइएको रकम ............................

सटहीको माध्यमः नगद/ड्राफ्ट/टी.टी./कार्ड /अन्य

सटही दिनेको दस्तखत :..............................

सटही स्वीकृत गर्नेको दस्तखत.....................

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : २१/२०८१

## परिवर्त्य विदेशी मुद्रामा ऋणपत्र जारी गर्ने सम्बन्धी व्यवस्था

प्रचलित कानुन बमोजिम नेपालमा दर्ता भई कारोबार गर्ने कम्पनीहरूले यस बैंकसँग पूर्व स्वीकृति लिई देहाय बमोजिमको प्रक्रिया पुऱ्याई परिवर्त्य विदेशी मुद्रामा ऋणपत्र जारी गर्न सक्ने व्यवस्था गरिएकोले सोहीबमोजिम गर्नु गराउनुहुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैंकिङ विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू तथा इजाजतपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरका “ख” वर्गका विकास बैंकहरु र अन्य सम्बन्धित पक्षहरूलाई समेत यो परिपत्र जारी गरिएको छ ।

१. प्रचलित कानुन बमोजिम नेपालमा दर्ता भई नेपालमा विद्युत उत्पादन तथा प्रसारण लाइन निर्माण गर्न इजाजतपत्र पाएका कम्पनीहरूले कुनै निश्चित परियोजनाको लागि यस बैंकसँग पूर्व स्वीकृति लिई कुनै पनि मर्चेण्ट बैंकिङ कारोबार गर्न स्वीकृति पाएका “क” वर्ग र राष्ट्रिय स्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाका सहायक कम्पनी मार्फत परिवर्त्य विदेशी मुद्रामा ऋणपत्र जारी गर्न सक्नेछन् ।

२. कम्पनीले सञ्चालन गर्ने परियोजनाले नियमित रूपमा परिवर्त्य विदेशी मुद्रा आर्जन गरी परिवर्त्य विदेशी मुद्रामै साँवा तथा ब्याज चुक्ता गर्न सक्ने भएमा त्यस्तो परियोजना सम्पन्न गर्ने प्रयोजनको लागि आवश्यक पर्ने स्रोत संकलन गर्ने कार्यको लागि परिवर्त्य विदेशी मुद्रामा यस्तो ऋणपत्र जारी गर्न स्वीकृति प्रदान गरिनेछ ।

३. यस्तो ऋणपत्र जारी गर्नु अगावै प्रचलित कानुन बमोजिम धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत गराई सो बोर्ड तथा यस बैंकमा दर्ता गराउनु पर्नेछ ।

४. यस्तो ऋणपत्र कम्पनीले सञ्चालन गर्ने निश्चित परियोजनाको लागि आवश्यक पर्ने स्रोत जुटाउन मात्र जारी गर्न सकिनेछ ।

५ कुल परियोजना लागतको अधिकतम ६० (साठी) प्रतिशतले हुने रकमसम्म मात्र यस व्यवस्थाबाट स्रोतको रूपमा संकलन गर्न सकिनेछ ।

६. यस्तो ऋणपत्रको भुक्तानी अवधि कायम गर्दा विनिमयदर, ब्याजदर, दायित्व भुक्तानी, वैदेशिक सम्पत्ति र दायित्वको असन्तुलन (Mismatch) लगायतका जोखिमहरूको उचित व्यवस्थापन विदेशी मुद्रामा ऋणपत्र जारी गर्ने कम्पनीले नै गर्नु पर्नेछ । यससम्बन्धी कारोबारमा उत्पन हुने कुनै पनि किसिमको विदेशी विनिमय लगायतका आर्थिक दायित्व यस बैंकले व्यहोर्ने छैन ।

७. ब्याज भुक्तानी गर्दा ब्याज आम्दानीमा लाग्ने कर स्रोतमै कट्टा गरी भुक्तानी गर्नु पर्नेछ ।

८. परियोजना सञ्चालन भएको वर्षदेखि ऋणपत्रको साँवा र ब्याज भुक्तानीको लागि “ऋणपत्र भुक्तानी कोष” खडा गरी भुक्तानी अवधि अनुसार प्रत्येक वर्षको मुनाफाबाट समानुपातिक दरमा उक्त कोषमा विदेशी मुद्रामा जम्मा गर्दै जानु पर्नेछ ।

९. ऋणपत्रबाट संकलित विदेशी मुद्रा जुन प्रयोजनको लागि स्वीकृत गरिएको हो सोही प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ ।

१०. यसरी संकलित विदेशी मुद्रा स्वदेश तथा विदेशबाट सोही परियोजनाको लागि प्रयोग भइरहेको विदेशी मुद्राको ऋणको साँवा र ब्याज भुक्तानीको लागि मात्र उपयोग गर्न पाइनेछ ।

११. ऋणपत्र जारी गरी उठेको रकममध्येबाट मुलुक भित्रै खर्च गर्नु पर्दा प्रचलित व्यवस्था बमोजिम नेपाली रूपैयामा नै खर्च गर्नु पर्नेछ ।

१२. यस्तो ऋणपत्रमा परिवर्त्य विदेशी विनिमयको आम्दानी/स्रोत भएका देहायका बैंक तथा वित्तीय संस्था, निकाय, गैर आवासीय नेपाली नागरिक तथा व्यक्ति विशेषले देहाय बमोजिम लगानी गर्न सक्नेछन् :

(क) यस बैंकबाट इजाजतपत्रप्राप्त गरी परिवर्त्य विदेशी मुद्रामा निक्षेप स्वीकार गर्ने "क" वर्ग र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाले विदेशी मुद्रामा संकलन गरेका निक्षेप दायित्व रकम मध्ये आफ्नो दायित्व व्यवस्थापनमा प्रतिकूल असर नपर्ने गरी आफूले निर्धारण गरेको विदेशी मुद्रा निक्षेप दायित्वको ४० प्रतिशत सम्मको रकममात्र लगानी गर्न सकिनेछ। यस व्यवस्था अन्तर्गत ऋणपत्रमाा लगानी गरेका कारणले परिवर्त्य विदेशी मुद्राको निक्षेप दायित्व भुक्तानी गर्न कठिनाई परेमा यस बैंकबाट परिवर्त्य विदेशी मुद्रा उपलब्ध गराइनेछैन।

(ख) बैंक/वित्तीय संस्था बाहेक अन्य संघ संस्था तथा व्यक्ति विशेषले लगानी गर्दा आफ्नो भैरहेको विदेशी मुद्रा खाता मार्फत लगानी गर्नु पर्नेछ।

(ग) प्रचलित व्यवस्था बमोजिम विदेशी मुद्राको आम्दानीका स्रोतबाट परिवर्त्य विदेशी मुद्रामा खाता खोलेका व्यक्ति विशेष बाहेकका निकायहरूले लगानी गर्नु पर्दा संचालक समिति वा अख्तियार प्राप्त व्यक्ति/निकायको स्वीकृति आवश्यक पर्नेछ।

१३. यस्तो ऋणपत्रमा न्यूनतम अमेरिकी डलर १,०००।- र सोको गुणकमा लगानी गर्न पाइने छ।

१४. यस्तो ऋणपत्र प्राथमिक वा दोस्रो बजारमा खरिद/बिक्री गर्नुपर्दा आफ्नै खाताबाट आफ्नै नाममा मात्र खरिद/बिक्री गर्न सकिनेछ।

१५. स्वीकृति सीमाभन्दा बढी रकमको ऋणपत्र जारी गर्न पाइने छैन। आह्वान गरिएभन्दा बढी रकमको लागि निवेदन प्राप्त भएमा धितोपत्र सम्बन्धी प्रचलित कानुन बमोजिम बाँडफाँड गर्नु पर्नेछ।

१६. माथि दफा १२ मा उल्लेख भएको निकाय तथा व्यक्ति विशेषले मात्र खरिद/बिक्री गर्न पाउने गरी प्रचलित व्यवस्था बमोजिम यस्तो ऋणपत्रको दोस्रो बजार कारोबार गर्न सकिने व्यवस्था मिलाउनु पर्नेछ।

१७. व्यक्तिहरूले खरिद गरेको ऋणपत्र दोश्रो बजारको रुपमा "क" वर्ग तथा राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरूलाई बिक्री गर्न सक्नेछन्।

१८. ऋणपत्र निष्काशन गर्न स्वीकृति प्रदान गर्दा अन्य आवश्यक शर्तहरू तोक्न सकिनेछ। यसरी तोकिएका शर्तहरू अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

१९. ऋणपत्र निष्काशनको लागि सम्बन्धित कम्पनीले प्रचलित कम्पनी तथा धितोपत्र सम्बन्धी कानुनको प्रकृया पूरा गरी यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागमा देहायका व्यहोरा खुल्ने कागजात तथा जानकारी सहित निवेदन दिनु पर्नेछ। प्राप्त निवेदन उपर स्वीकृत प्रदान गर्ने/नगर्ने अधिकार यस बैंकमा रहनेछ।

(क) संकलित स्रोत लगानी गर्ने परियोजनाको संक्षिप्त विवरण तथा परियोजना स्वीकृत गर्ने निकायबाट स्वीकृत भएको कुल लागत।

(ख) कम्पनीको लेखापरीक्षण भएको पछिल्लो वासलात लगायतका वित्तीय विवरण।

(ग) ऋणपत्रको अवधि सम्मको प्रक्षेपित (Projected) वित्तीय विवरण।

(घ) ऋणपत्रको साँवा तथा ब्याज परिवर्त्य विदेशी मुद्रामै भुक्तानी गर्न सक्ने क्षमता खुल्ने विवरण।

(ङ) परिवर्त्य विदेशी मुद्रा आर्जन हुने प्रमाण र परियोजना तयार भएपछि ऋणपत्रको भुक्तानी अवधिसम्म वार्षिक आर्जन हुन सक्ने विदेशी मुद्रा रकमको अनुमानित विवरण।

(च) विदेशी मुद्रा व्यवस्थापन सम्बन्धमा जोखीम व्यवस्थापनको लागि अवलम्वन गरिएका दफा ६ बमोजिमको व्यवस्था सम्बन्धी विवरण।

(छ) ऋणपत्र जारी हुने अवधि, ब्याजदर तथा ब्याज भुक्तानी अवधि।

(ज) ऋण भुक्तानी कोषको व्यवस्था र सञ्चालन विधि।

२०. विद्यमान व्यवस्था बमोजिम अन्य निकायबाट लिनु पर्ने स्वीकृति/सहमति सम्बन्धित कम्पनी स्वयम्ले लिनुपर्नेछ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : २२/२०८१

विदेशी लगानी तथा विदेशी ऋण सम्बन्धी व्यवस्था

विदेशी लगानी तथा विदेशी ऋण सम्बन्धमा देहायबमोजिमको व्यवस्था गरिएकोले सोहीबमोजिम गर्नु गराउनुहुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी इजाजतपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरका “ख” वर्गका विकास बैंकहरूलाई यो परिपत्र जारी गरिएको छ।

१. वाणिज्य बैंकहरूले यस बैंकको पूर्व स्वीकृति लिई विदेशी ऋणको साँवा ब्याज असुली तथा Defaulter (ऋणी) को ऋण व्यवस्थापक भई एजेन्सी सेवा प्रदान गर्न सक्नेसम्बन्धी व्यवस्था :

विदेशी ऋणदाताहरुले नेपालका विभिन्न उद्योग र परियोजनाहरूमा ऋण प्रदान गर्दा त्यस्तो ऋणको साँवा ब्याज असुली तथा Default भएका ऋणीहरूको धितो लिलामी सम्मका प्रक्रिया पूरा गर्ने गरी समग्र ऋण व्यवस्थापनको लागि वाणिज्य बैंकहरूले एजेन्टको रुपमा देहायबमोजिम हुने गरी कार्य गर्न सक्नेछन् :

१. प्रचलित व्यवस्थाबमोजिम विदेशी ऋण भित्र्याउने स्वीकृति लिएको हुनु पर्नेछ।
२. ऋण व्यवस्थापन, Escrow खाता व्यवस्थापन तथा Custodian सम्बन्धी त्रिपक्षीय सम्झौता समेत पेश गर्नु पर्नेछ। यस प्रयोजनको लागि व्यवस्थापक भई कार्य गर्दा लिनु पर्ने जिम्मेवारी र सोबापत लिने कमिशन तथा शुल्क सम्झौतामा उल्लेख गर्नु पर्नेछ।
३. सम्बन्धित विदेशी ऋणदाता, विदेशी ऋण भित्र्याउने कम्पनी वा संघ/संस्था र वाणिज्य बैंक समेतले त्रिपक्षीय सम्झौता गरी कुनै एक नेपाली वाणिज्य बैंकले एजेण्टको रुपमा ऋण व्यवस्थापन, Escrow खाता व्यवस्थापन तथा Custodian सेवा प्रदान गर्न सक्नेछन्।
४. ऋणको ब्याज वा लगानी बिक्री वा परियोजना बिक्री वा सुरक्षणमा लिएको सम्पत्ति बिक्री गरी विदेशी ऋणदाताको लागि रकम फिर्ता पठाउनु पर्दा नियमानुसार यस बैंकको स्वीकृति लिनु पर्नेछ।

२. विनिमय दर तथा करेसपोडिङ्ग बैंकिङ्ग सम्बन्धी शुल्कको कारण स्वीकृत विदेशी लगानी रकमभन्दा बढी रकम समेत विदेशी लगानीको रुपमा भित्रिन सक्नेछ। त्यस्तो बढी भित्रिएको रकम फिर्ता पठाउन अनिवार्य हुने छैन। तर, विदेशी लगानीको लेखाङ्कन भने प्रचलित व्यवस्था बमोजिम हुनेछ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : २३/२०८१

## विदेशी मुद्रा कारोबारको इजाजत सम्बन्धी व्यवस्था

भारतीय रुपैयाँ तथा परिवत्य विदेशी मुद्रा कारोबारलाई व्यवस्थित बनाउने उद्देश्यले यस्तो कारोबार गर्न इजाजतपत्र दिने सन्दर्भमा देहाय बमोजिमको व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्न गराउन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. भारतीय रुपैयाँ खरिद गर्ने इजाजत व्यक्तिलाई प्रदान नगरिने :

भारतीय रुपैयाँको खरिद र बिक्री कारोबारलाई व्यवस्थित बनाउने उद्देश्यले यस्तो कारोबार गर्न इजाजतपत्र दिने व्यवस्थाको सन्दर्भमा प्रचलित व्यवस्थाको अतिरिक्त तल उल्लिखित व्यवस्था कायम गरिएको छ ।

(क) व्यक्तिको लागि अब उप्रान्त इजाजतपत्र प्रदान गरिने छैन ।

(ख) यस अघि इजाजतपत्र लिई कार्य गरिरहेका व्यक्तिगत इजाजतपत्र धारकहरूको हकमा आगामी २०७४ आषाढ मसान्तभित्र कम्पनीमा दर्ता भइसक्नु पर्नेछ ।

(ग) इजाजतपत्र पाइसकेका व्यक्तिहरूको हकमा निम्नलिखित शर्तहरूको अधिनमा रहि कार्य गर्नुपर्नेछ । यस्तो इजाजतपत्र नवीकरण गर्न आउँदा प्रचलित व्यवस्था अनुसार नवीकरण गर्न सकिनेछ । यसरी इजाजतपत्रप्राप्त व्यक्तिहरूले निम्न बमोजिमको शर्तहरूको अधीनमा रही कार्य गर्नुपर्नेछ ।

(१) इजाजतपत्रप्राप्त व्यक्तिले सर्वसाधारणसँग भारतीय रुपैयाँ मात्र खरिद/बिक्री गर्न पाइनेछ । भारतीय रुपैयाँ (कम्तीमा १ लाख र रु. १० हजारले भाग जाने सो भन्दा बढी रकम) आफूलाई पायक पर्ने नेपाल राष्ट्र बैंकका कार्यालयहरूमा वा यस बैंकको भा.रु. कोष रहेका बैंकका शाखाहरूमा जम्मा गर्नु पर्नेछ। प्रचलित खरिद दरले हुन आउने रकम सम्बन्धित व्यक्तिलाई तत्कालै उपलब्ध गराइनेछ ।

(२) यसरी सटही गर्न ल्याएको रकमको आधारमा इजाजतपत्र पाएका अन्य निकायहरूलाई यस बैंकले प्रदान गर्दै आएको (प्रति भा.रु. १०० मा ७ १/२ पैसाका दरले) इ.प्रा. कमिसन प्रत्येक महिनाको अन्त्यमा एकमुष्ट प्रदान गरिनेछ ।

(३) भारतीय रुपैयाँ खरिद गर्न आवश्यक नेपाली रुपैयाँको व्यवस्था तथा सटहीको लागि बैंकसम्म लैजाने व्यवस्था व्यक्ति स्वयम्ले नै गर्नु पर्नेछ ।

(४) उपर्युक्त शर्तहरू र विदेशी विनिमय नियमित गर्ने ऐनको उल्लंघन हुने गरी कुनै किसिमको कारोबार गरेको पाइएमा जुनसुकै बखत पनि इजाजतपत्र रद्द गर्न सकिनेछ ।

२. बैंक तथा वित्तीय संस्था, विप्रेषण कम्पनी र मनिचेञ्जर कम्पनीको इजाजत सम्बन्धी व्यवस्था :

(क) विप्रेषक तथा मनिचेञ्जर र अन्य संस्थाको रुपमा काम गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाको प्रयोजनको लागि इजाजतपत्र प्रदान गर्ने कार्यविधि, पूँजीसम्बन्धी व्यवस्था, काम, कर्तव्य तथा निरीक्षण लगायत अन्य विषयहरू नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०७९, नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ र नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ मा उल्लेख भएबमोजिम हुनेछ ।

३. क्यासिनोको इजाजत, कारोबार, रिपोर्टिङ, खाता सञ्चालन, रकम ट्रान्सफर लगायतको व्यवस्था सम्बन्धमा:

(क) सबै क्यासिनोहरूले कारोबार सञ्चालन गर्नुपूर्व नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ बमोजिम विदेशी विनिमय कारोबार सम्बन्धमा इजाजत लिनुपर्नेछ ।

(ख) यस व्यवस्था अनुसार क्यासिनोले आफ्नो कारोबार बैंकिङ्ग प्रणाली प्रयोग गरी सम्पादन गर्नु पर्नेछ ।

(ग) खेलाडीबाट क्यासिनो खेलको लागि आवश्यक रकम अमेरिकी डलर ५,००० (पाँच हजार) वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा नगदै लिन सकिनेछ । सोभन्दा बढी रकमको हकमा भन्सार घोषणा गरी प्रमाणित गरेको हुनुपर्नेछ वा बैंकिङ्ग प्रणालीमार्फत् रकम प्राप्त गरेको हुनुपर्नेछ । साथै, इजाजतपत्रप्राप्त क्यासिनोहरूले बैंक तथा वित्तीय संस्थाहरूसँग आवश्यक सम्झौता गरी क्यासिनो खेलाडीसँग Point of sale (POS) मार्फत् विदेशी मुद्रा प्राप्त गर्न सक्नेछन् ।

(घ) क्यासिनो कारोबारमा प्राप्त हुने नगद विदेशी मुद्राहरू भोलिपल्टसम्म आफ्नो खाता रहेको बैंकमा जम्मा गरिसक्नु पर्नेछ ।

(ङ) भारतबाट क्यासिनो खेल्न आउने भारतीयहरूबाट प्राप्त हुने भारतीय मुद्राको छुट्टै खाता खोल्नु पर्नेछ । सो खातामा बैंकिङ च्यानलमार्फत् प्राप्त हुने भारतीय मुद्रा जम्मा गर्नुपर्ने र खेलाडीले बाजी जितेको हकमा सोही खाताबाट बैंकिङ्ग च्यानल प्रयोग गरी भुक्तानी दिने व्यवस्था गर्नुपर्नेछ । यसरी भुक्तानी दिँदा क्यासिनो नियमावली, २०७० को नियम २१ अनुसार खेलाडीले एक पटकमा खेल्न सक्ने अधिकतम बाजीको सीमा (बेट लिमिट) भित्र रही त्यसै गरी नियम २२ मा खेलाडीले खेल खेल्नको लागि खरिद गर्न सक्ने क्वाइन वा चिप्सको अधिकतम सङ्ख्या तथा मुल्यको सीमा भित्र रही कारोबार गर्नु पर्नेछ ।

(च) खेलाडीको रकम बैंकमा जम्मा गरेको भौचर/स्लिप/स्वीफ्टको आधिकारिक कागजात काउण्टरमा पेश गरेपछि खेलाडीलाई सो अनुसारको नम्बर उल्लेख भएको क्वाइन/चिप्स प्रदान गर्नुपर्नेछ । क्यासिनोले क्वाइन/चिप्स वितरण गर्नु अगाडि रकम, समय, विनिमयदर, क्यासिनोमा प्रवेश गरेको समय र क्वाइन/चिप्स नम्बर समेत उल्लेख भएको रसिद जारी गर्नु पर्नेछ ।

(छ) कुन रसिद बापत क्वाइन/चिप्स वितरण गरेको हो ? सो यकिन हुने गरी वितरण गर्नु पर्नेछ ।

(ज) क्वाइन/चिप्स फिर्ता भएपछि उक्त क्वाइन कुन रसिदबापत जारी गरिएको हो यकिन गर्ने र सोही रसिदको Reference को आधारमा जितेको रकम फिर्ता भुक्तानी दिनु पर्नेछ ।

(झ) क्यासिनोको भारतीय मुद्रा खातामा भा.रु. १०,००,००,०००/- (दश करोड) तथा परिवर्त्य विदेशी मुद्रा खातामा अमेरिकी डलर २०,००,०००/- (बीस लाख) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्म अधिकतम मौज्दात राख्न सक्नेछन् । सोभन्दा बढी रकम जम्मा भएपछि नेपाली मुद्रा खातामा रकमान्तर गर्नुपर्नेछ तथा जितेको रकम यही मौज्दातबाट पठाउनु पर्नेछ ।

(ञ) यस प्रयोजनको लागि सम्बन्धित क्यासिनोहरूले यस बैंकबाट इजाजतपत्र लिई सोही आधारमा बैंक तथा वित्तीय संस्थामा परिवर्त्य विदेशी मुद्रा तथा भारतीय मुद्रामा खाता खोल्न सक्नेछन् । यस बैंकलाई त्यस्तो खाताको सम्बन्धमा जानकारी गराई सोही खाताबाट कारोबार गर्नु पर्नेछ ।

(ट) जुन खेलाडीको नामबाट रकम बैंकमा जम्मा भएको छ, सोही खेलाडीलाई मात्र खेलाउन पाईने छ तथा सीमा भित्र रही खेलाडीले जितेको हकमा जुन देशको बैंक, खाता तथा नामबाट रकम नेपाल आएको हो सोही बैंक, खाता तथा नाममा मात्र रकम पठाउन सकिनेछ । खेलाडीले क्यासिनो खेलको लागि नगदै जम्मा गरेको रकम र जितेको रकम अमेरिकी डलर ५००० सम्म नगदै भुक्तानी गर्न सकिनेछ ।

(ठ) खेलाडीले बाजी जितेको हकमा सोही खाताबाट बैंकिङ्ग च्यानल प्रयोग गरी भुक्तानी दिनु पर्नेछ ।

(ड) क्यासिनोको मुनाफा/आर्जनको आधारमा यस बैंकले समय समयमा तोकेको सीमासम्मको रकम मात्र बैंकिङ्ग च्यानल प्रयोग गरी भुक्तानी दिन पाउने छ । त्यस्तो जितेको रकममा नियम अनुसार कर तिरी भारतीय मुद्राको हकमा कम्पनीको खातामा रकम भएसम्म विभागले तोके बमोजिम भा.रु. ३०,००,०००/- (तीस लाख) को सीमासम्म तथा अमेरिकी डलरको हकमा १०,०००/- (दश हजार) सम्म सोझै आफ्नो खाता भएको बैंकमार्फत् पठाउन सकिने र सोभन्दा बढी रकम भएमा यस बैंकको स्वीकृति लिनु पर्नेछ ।

(ढ) खण्ड (ड) बमोजिमको रकम देहायबमोजिमको कागजात पेश गरी बैंकमार्फत् भुक्तानी पठाउन सकिनेछः

१) खेलाडीले रकम नगदै बुझाएको भए नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ को अनुसूची १२ बमोजिमको नगद बुझिलिएको रसिदको प्रतिलिपि,

२) खेलाडीले बैंकमार्फत् रकम जम्मा गरेको भए सो सम्बन्धी कागजात,

३) तेस्रो मुलुकको नागरिकको हकमा राहदानीको प्रतिलिपि र भारतीय नागरिकको हकमा राहदानी वा भारतीय नागरिक भएको परिचय खुल्ने भारत सरकारद्वारा जारी कागजात,

४) जितेको रकमको हकमा नियमानुसार कर तिरेको प्रमाण ।

(ण) खेलाडीले रकम जितेको हकमा नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने जितेको रकममा लाग्ने कर बुझाएको प्रमाण पेस गरेपछि मात्र सीमाभित्र रही बैंकमार्फत् भुक्तानी पठाउनु पर्नेछ ।

(त) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा लगानी गर्ने कार्य निवारण गर्ने सम्बन्धमा प्रचलित कानुन तथा यस बैंकबाट जारी निर्देशनको पालना गर्नु पर्नेछ ।

(थ) क्यासिनो सम्बन्धी व्यवस्थाहरु नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ बमोजिम हुनेछ ।

४. <u>क्यासिनाहरूले Online Gaming को लागि बैंकिङ्ग प्रणालीको प्रयोग गर्ने सम्बन्धमा :</u>

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागबाट स्वीकृत खेलहरू क्यासिनोले खेलाउने सम्बन्धमा नियामक निकाय पर्यटन विभागबाट स्वीकृत SOP (Standard of Operation Procedures) मा उल्लेख भएका गेमहरू खेलाउने प्रयोजनको लागि यस विभागबाट स्वीकृति लिई बैंकिङ्ग प्रणाली मार्फत् Online माध्यमबाट रकम प्राप्त गरी स्वीकृत भएका त्यस्ता Online Gaming खेल खेलाउन रकम प्राप्त गर्ने र विद्यमान व्यवस्था बमोजिम खर्च एवम् Transfer गर्न सकिने व्यवस्था भएकोले सोही अनुरुप गर्न गराउन  यो परिपत्र जारी गरिएको छ ।

५. "नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७" को परिच्छेद-३ र ४ बमोजिम र "नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७" बमोजिम यस बैंकबाट विदेशी मुद्राको कारोबार गर्न इजाजतपत्रप्राप्त संस्थालाई कोभिड-१९ महामारीबाट सिर्जित प्रभाव दृष्टिगत गरी अन्य सम्पूर्ण प्रचलित व्यवस्थाहरु यथावत रहने गरी देहायबमोजिम इजाजतपत्रको म्याद कायम हुने व्यवस्था गरिएको छः

१) यो व्यवस्था लागू भएपश्चात इजाजतपत्रको नवीकरणका लागि निवेदन पेश गर्ने इजाजतपत्रप्राप्त संस्थाहरुलाई कुनै पनि शुल्क नलिई एक वर्षको लागि इजाजतपत्रको नवीकरण (पछिल्लो इजाजतपत्रको म्यादबाट गणना हुने गरी) गरिनेछ ।

२) यो व्यवस्था लागू हुनु पूर्व इजाजतपत्र नवीकरण गराइसकेका इजाजतपत्रप्राप्त संस्थाहरुको इजाजतपत्रको म्याद कुनै पनि शुल्क नलिई एक वर्षले थप गरिनेछ ।

३) माथि (१) र (२) बमोजिम नवीकरण/म्याद थप गर्नका लागि इजाजतपत्रप्राप्त संस्थाहरुले २०७९ असार मसान्तभित्र नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग वा सम्बन्धित प्रदेशस्थित कार्यालयमा निवदेन पेश गर्नु पर्नेछ ।

६. <u>अन्य इजाजतपत्रप्राप्त/अनुमतिप्राप्त संस्थामा संलग्न हुन नपाइने सम्बन्धी व्यवस्था:</u>

(१) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र भुक्तानी सम्बन्धी कार्य गर्न अनुमतिप्राप्त संस्थामा सञ्चालक/पदाधिकारी पदमा बहाल रहेको व्यक्ति एकै पटक यस बैंकबाट इजाजतपत्रप्राप्त मनिचेञ्जर र/वा विप्रेषण कम्पनीमा सञ्चालक/पदाधिकारी पदमा बहाल रहन पाउने छैन । साथै, यस बैंकबाट इजाजतपत्रप्राप्त मनिचेञ्जर/विप्रेषण कम्पनीको सञ्चालक/पदाधिकारी पदमा बहाल रहेको व्यक्ति एकै पटक अन्य मनिचेञ्जर र/वा विप्रेषण कम्पनीमा सञ्चालक/पदाधिकारी पदमा बहाल रहन पाउने छैन ।

(२) उपदफा (१) मा उल्लेख भएबमोजिम नभएको खण्डमा २०८० असोज मसान्तभित्र नियमित गरिसक्नुपर्नेछ ।

(३) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएता पनि नेपाल सरकार वा यस बैंकले नियुक्त गरेको अवस्थामा उपर्युक्त व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : २४/२०८१

## विप्रेषण कारोबार सम्बन्धी व्यवस्था

विदेशबाट प्राप्त हुने परिवर्त्य विदेशी मुद्राको विप्रेषण सम्बन्धमा देहायबमोजिम हुने गरी व्यवस्था गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक बैंकिङ विभाग लगायत प्रदेशस्थित कार्यालयहरु, इजाजतपत्रप्राप्त “क” र राष्ट्रियस्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरू, इजाजतपत्र प्राप्त विप्रेषण कम्पनीहरूलाई यो परिपत्र जारी गरिएको छ ।

१. नेपाल सरकारको नाममा प्राप्त हुने परिवर्त्य विदेशी मुद्रा विप्रेषण सम्बन्धी व्यवस्था :
विदेशबाट नेपाल सरकारको नाममा प्राप्त हुने परिवर्त्य विदेशी मुद्राको विप्रेषण सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिएको छ :
(क) नेपाल सरकार एवम् अन्य कुनै निकायको यस बैंकमा रहेको खातामा जम्मा हुन आएमा र नेपाली रुपैयाँ उल्लेख गरी विदेशबाट रेमिटेन्स प्राप्त हुन आएमा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र विप्रेषण कम्पनीले त्यस्तो रेमिटान्स स्वीकार गर्न मिल्ने छैन ।
(ख) विशेष कारणवश माथि दफा १(क) मा उल्लेख भए अनुसारको कुनै रेमिटेन्स परिवर्त्य विदेशी मुद्रामा आएको छ भने स्वीकार गर्न सकिने छ तर यस बैंकमा रकमान्तर गर्दा प्राप्त भएको परिवर्त्य विदेशी मुद्रामा नै सो रकम रकमान्तर गर्नुपर्ने छ ।

२ Workers' Remittance को तथ्याङ्क सम्बन्धमा ।
रोजगारीको लागि विदेश जाने नेपाली नागरिकहरूले पठाएको रेमिट्यान्सको सम्बन्धमा त्यस्तो रकमको मासिक विवरण देशगत र संस्थागत रुपमा देहाय अनुरुप संलग्न अनुसूची २४.१ र २४.२ बमोजिम यस विभागमा पठाउनुपर्नेछ ।
(क) इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरु आफैले वा आफुद्वारा नियुक्त एजेन्ट/सव एजेन्टमार्फत भुक्तानी हुने गरी प्राप्त भएको विदेशी मुद्रा रकमको विवरण ।
(ख) उपर्युक्तानुसारको तथ्याङ्क विवरण प्रत्येक महिना समाप्त भएको ७ (सात) दिनभित्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

३. विप्रेषण कम्पनीले प्राप्त गरेको परिवर्त्य विदेशी मुद्रा खरिद गर्ने सम्बन्धी व्यवस्था :
विप्रेषण कम्पनीले विप्रेषण कारोबार बापत प्राप्त गरेको परिवर्त्य विदेशी मुद्रा यस बैंकको बैकिङ विभागले खरिद गरी बुझिलिने व्यवस्था गरिएको छ।

४. विप्रेषणको कारोबारलाई व्यवस्थित गर्ने सम्बन्धी व्यवस्था :
नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०७९ बमोजम इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरुले गर्ने विप्रेषण कारोबारलाई व्यवस्थित गर्ने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिएको छ ।
(क) विप्रेषणको विनिमय दर सम्बन्धमा :
बैंक तथा वित्तीय संस्था र रेमिटान्स कम्पनीहरूले विप्रेषणका लागि प्रयोग गर्ने विनिमयदरको सम्बन्धमा बैंकहरूले Documents (Others) प्रयोजनका लागि निर्धारण गरेको विनिमयदरबाट फेडान (Foreign Exchange Dealers Association of Nepal) मार्फत् राष्ट्र बैंकबाट विनिमय दर प्रकाशन हुने सम्पूर्ण विदेशी मुद्राहरुको लागि औसत खरिद दर तय गरी प्रत्येक दिन बिहान १०:०० बजे र दिनको २:०० बजे रेमिटान्स विनिमय दरको रुपमा प्रकाशित गर्नु पर्नेछ । **बैंक तथा वित्तीय संस्था**

**र रेमिटान्स कम्पनीहरूले विप्रेषण कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त विदेशी संस्थाहरुसँगको विप्रेषण कारोबारको फर्स्यौट (सेटलमेन्ट) फेडान दरमा गर्नु पर्नेछ ।** यसरी फेडानले दैनिक २ पटक प्रकाशन गर्ने रेमिटान्स विनिमयदर इजाजतपत्रप्राप्त सबै बैंक तथा वित्तीय संस्था र रेमिटान्स कम्पनीहरूलाई उपलब्ध गराउनु पर्नेछ । साथै, त्यस्तो विनिमय दरको विवरण फेडानले प्रत्येक दिन विदेशी विनिमय व्यवस्थापन विभागमा समेत पठाउनु पर्नेछ । विप्रेषण कारोबार गर्ने सबै इजाजतपत्रप्राप्त संस्थाहरूले फेडानको सदस्यता लिनुपर्नेछ ।

(ख) नगदमा भुक्तानी दिन सकिने रकमको सीमा सम्बन्धमा :

विप्रेषण कम्पनीहरू आफैले वा आफ्नो सबएजेण्ट/सबरिप्रेजेन्टेटिभहरु मार्फत् रु.१ लाखभन्दा बढी विप्रेषण बापतको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा बैंक खाता वा चेकमार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) बैंकले विदेशी बैंक/कम्पनी मार्फत् प्राप्त विदेशी मुद्राको विप्रेषण सम्बन्धी कारोबारको लागि विदेशमा छुट्टै खाता खोल्नु पर्नेछ । सो खाताबाट भएको कारोबारको बैंक स्टेटमेण्ट मासिक रुपमा यस विभागमा पेश गर्नु पर्नेछ । तर, कुनै बैंकले एउटै खाताबाट रेमिटान्सको विवरण स्पष्टरुपमा छुट्याएर Report पेश गर्न सक्छ भने छुट्टै खाता राख्न अनिवार्य हुने छैन ।

(घ) इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीले कुल विप्रेषण आप्रवाह र भुक्तानीको विवरण मासिक रुपमा र आम्दानी, खर्च, कमिसन आदिको विवरण छुट्टै तयार गरी सो कारोबारको अर्धवार्षिक हिसाब किताब तयार गरी सोको एक प्रति यस विभागमा पेश गर्नु पर्नेछ ।

(ङ) इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीले विप्रेषण कारोबार गर्दा सो कारोबारबाट सृजना हुने कुनै पनि किसिमको आर्थिक वा विदेशी विनिमय दायित्व नेपाल राष्ट्र बैंकले व्यहोर्ने छैन ।

(च) विदेशमा विप्रेषण संकलन सम्बन्धी कार्यको लागि प्रचलित व्यवस्थाले तोकेको सेवा बापतको खर्च रकम भन्दा बढी रकम विदेश पठाउनु परेमा यस विभागको समेत स्वीकृति लिनु पर्नेछ । आफ्नो कर्मचारी बाहेक अन्य नेपाली नागरिक नियुक्त गरेको अवस्थामा सो सम्झौताको एक प्रति यस विभागमा पेश गर्नु पर्नेछ ।

५. विप्रेषण कारोबार मात्र गर्ने इजाजतपत्र प्राप्त संस्थाहरूले पुँजीगत प्रकृतिका कारोबारको लागि भित्रिने रकमको विप्रेषण गर्न पाउने छैनन । तर, "क" र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाले प्रचलित व्यवस्था अन्तर्गत रही त्यस्तो रकम रकमान्तर गर्न सक्नेछन् ।

६. इजाजतपत्र प्राप्त कुनै पनि संस्थाले नेपाली रुपैयाँ मात्र उल्लेख गरी विदेशबाट कुनै पनि विप्रेषण र अन्य रकम ट्रान्सफर गरी प्राप्त गर्न पाइने छैन ।

७. नेपाली/विदेशी नागरिक वा नेपालमा दर्ता भएका फर्म/कम्पनी/संस्था/शाखा कार्यालयले बिक्री, कमिशन, शुल्क, पारिश्रमिक लगायत विभिन्न प्रयोजनका लागि फिर्ता (Repatriation) नहुने गरी विदेश (नागरिक वा फर्म/कम्पनी/संस्था) बाट प्राप्त हुने रकम इजाजतपत्रप्राप्त विप्रेषण कम्पनी मार्फत् सम्बन्धित वेनेफिसियरीको खातामा जम्मा गर्ने गरी दैनिक रु.२० लाखसम्म (एकपटक वा पटक पटक) को विप्रेषण रकम ल्याउन सकिने छ । यसरी इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरूले रकम संकलन र भुक्तानी गर्दा प्रचलित व्यवस्था बमोजिम ग्राहक पहिचानका कागजातहरू लिएको हुनु पर्नेछ र त्यस्तो कारोबारसम्बन्धी विवरण संलग्न ढाँचामा मासिक रुपमा प्रत्येक महिना समाप्त भएको सात दिनभित्र यस विभागमा पेश गर्नु पर्नेछ ।

८. नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०७९ को विनियम ९ को खण्ड (ज) र विनियम १० को खण्ड (क), (घ), (च) लगायत अन्य व्यवस्थाहरु बारे पुनः जानकारी गराउँदै विप्रेषण सेवा प्रदान गर्ने इजाजतपत्रप्राप्त कम्पनीहरुले यस विभागबाट इजाजतपत्र प्राप्त गर्दा पेश गरेको सम्झौतामा उल्लेख नगरी विदेशी सेवा प्रदायकलाई कुनै पनि प्रकारको वित्तीय तथा गैर वित्तीय सेवा सुविधा (लिनु पर्ने रकमबाट कट्टी समेत गरी) उपलब्ध गराउन नपाउने व्यवस्था गरिएको छ ।

९. विप्रेषण कारोबार गर्ने इजाजतपत्र प्राप्त कम्पनीहरुले नगद धरौटी लिई सब-एजेण्ट नियुक्ती गर्ने गरेको भए सो नगदको सट्टामा जमानत प्रयोजनका लागि वैकल्पिक व्यवस्था (बैंक तथा वित्तीय संस्थाबाट जारी भएको जमानत) लिनु पर्ने व्यवस्था गरिएको छ ।

१०. विप्रेषण कारोबार गर्ने इजाजतपत्रप्राप्त कम्पनीहरु लगायत त्यस्ता कम्पनीबाट नियुक्त सब एजेन्टहरुले विद्यमान नियन्त्रण संयन्त्र (Control Mechanism) का अतिरिक्त विप्रेषण बापतको रकम भुक्तानी गर्दा वेनिफिसियरी (सम्बन्धित व्यक्ति) को सक्कल नागरिकता/राहदानी/नेपाल सरकारले जारी गरेको फोटो सहितको परिचयपत्र रुजु गरी सोको प्रतिलिपि पछाडि सहिछाप समेत गराएर रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

११. विप्रेषण कारोबार गर्न इजाजतपत्रप्राप्त कम्पनीहरुले विप्रेषण कारोबारमा लाग्ने सेवा शुल्क लगायत विनिमय दरसम्बन्धी विवरणलाई आ-आफ्नो वेवसाइटमार्फत् प्रकाशन एवम् अद्यावधिक गर्नु पर्नेछ ।

१२. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था तथा विप्रेषण कम्पनीले यस बैंकबाट अनुमतिप्राप्त भुक्तानी प्रणाली सञ्चालकसँग सहकार्य गरी जारी गरेका कार्डमा समेत विद्यमान व्यवस्थाको अधीनमा रही विप्रेषण भित्र्याउन सक्नेछन् ।

**१३. भारतबाट नेपालमा विप्रेषण भित्र्याउने प्रयोजनको लागि नेपाल राष्ट्र बैंक र भारतीय रिजर्व बैंकले व्यवस्था गरेको "Indo-Nepal Remittance Facility Scheme" को अतिरिक्त नेपाली नागरिकले भारतीय बैंक तथा वित्तीय संस्थामा खोलेको बैंक खाता आवद्ध विद्युतीय बैंकिङ्ग (इ-बैंकिङ्ग), अन्तरबैंक भुक्तानी, मोबाइल बैंकिङ्ग, Quick Response Code मार्फत राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch) पूर्ण रुपमा सञ्चालनमा नआएसम्म सो अन्तर्गतको Retail Payment Switch (RPS) को माध्यमबाट नेपाली वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका विकास बैंकमा खोलिएको व्यक्तिगत खातामा प्राप्त हुने गरी विप्रेषण रकम (Personal Payment/P-to-P Transfers) भित्र्याउनु पर्नेछ ।**

**यस्तो विप्रेषण रकम विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्र नलिएका प्रचलित कानूनबमोजिम यस बैंकबाट बैंकिङ्ग कारोबार गर्न इजाजतपत्रप्राप्त वित्तीय संस्था र यस बैंकबाट अनुमतिप्राप्त भुक्तानी सेवा प्रदायकसँग सञ्चालन रहेको खाता/वालेटमा जम्मा हुने गरी समेत प्राप्त गर्न सकिनेछ । तर, यस्तो वित्तीय संस्था वा भुक्तानी सेवा प्रदायकले नेपाली सेटलमेन्ट बैंकमार्फत नेपाली रुपैयाँमा मात्र रकम प्राप्त गर्न सक्नेछन् ।**

**१४. नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०७९ बमोजिम इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीले बाहेक अन्यले सब-एजेण्ट/सब-रिप्रिजेन्टेटिभ नियुक्त गर्न सक्ने छैनन् । इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीले सब-एजेण्ट/सब-रिप्रिजेन्टेटिभ नियुक्त गर्दा देहायबमोजिमका व्यवस्थाहरु समेत पालना गर्नु पर्नेछः**

**१) नेपाल राष्ट्र बैंक विप्रेषण विनिमयमावली, २०७९ को विनियम ३५(१) को व्यवस्था बाहेक इजाजतपत्रप्राप्त विप्रेषण कम्पनी र सब-एजेण्ट/सब-रिप्रिजेन्टेटिभबीचमा अन्य तह वा संरचना बनाउन पाइने छैन ।**

**२) इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीले नियुक्त गरेको सब-एजेण्ट/सब-रिप्रिजेन्टेटिभले अन्य सब-एजेण्ट/सब-रिप्रिजेन्टेटीभ नियुक्त गर्न नसक्ने गरी विप्रेषण कारोबार गर्नु पर्नेछ ।**

अनुसूची २४.१

(इ.प्रा.परिपत्र संख्या २४ को दफा (२) को प्रयोजनको लागि)

NAME OF THE BANK/FINANCIAL INSTITUTION/REMITTANCE COMPANY
STATEMENT OF INWARD REMITTANCE (Countrywise Transaction)

*For the Month of …………………*

| S.No. | Name of Country | Remittance in USD | | Remittance in INR | |
|---|---|---|---|---|---|
| | | Number | Amount | Number | Amount |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| Total | | | | | |

Authorised Signature:
Name:
Designation:
Date:
Stamp

अनुसूची २४.२

(इ.प्रा.परिपत्र संख्या २४ को दफा (२) को प्रयोजनको लागि)

NAME OF THE BANK/FINANCIAL INSTITUTION/REMITTANCE COMPANY
STATEMENT OF INWARD REMITTANCE (Companywise Transaction)

*For the Month of …………………*

| S.No. | Name of Company | Remittance in USD | | Remittance in INR | |
|---|---|---|---|---|---|
| | | Number | Amount | Number | Amount |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| Total | | | | | |

Authorised Signature:
Name:
Designation:
Date:
Stamp

अनुसूची २४.३

एकीकृत इ.प्रा. परिपत्र : २४/२०८१ को दफा ७ बमोजिमको विवरण पेश गर्ने ढाँचाः
..........(विवरण पेश गर्ने इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीको नाम, केन्द्रीय कार्यालयले एकीकृत रुपमा पेश गर्ने)
...............(महिना र साल, विक्रम सम्बत्‌मा)

| क्र.सं. | रकम पठाउनेको नाम | रकम पठाउनेको हालको ठेगाना | रकम पठाउनेको वतन (देशको नाम) | रकम प्राप्त गर्नेको नाम | रकम प्राप्त गर्नेको हालको ठेगाना | रकम प्राप्त गर्नेको वतन (देशको नाम) | रकमको प्रयोजन | प्राप्त रकमको मुद्रा (USD, EUR, JPY etc.) | प्राप्त रकम (वि.मु.मा) | वेनेफिसियरीलाई भुक्तानी गरिएको ने.रु. रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**यस विवरणको "रकमको प्रयोजन" कोलम अन्तर्गत तल उल्लेख भएबमोजिम कारोबारको प्रयोजन खुलाउनु पर्नेछ।**

| शीर्षक | Heading | व्याख्या |
|---|---|---|
| विप्रेषण | Workers Remittance | विदेशबाट रकम पठाएबापत कुनै प्रतिफल अपेक्षा नगरी आफ्नो परिवार, इष्टमित्र, साथीभाइलाई पठाइने रकमलाई यस शीर्षकमा राख्ने। यसमा पठाउने र पाउने दुवै पक्ष व्यक्ति हुनुपर्नेछ। आफ्नो परिवार, इष्टमित्र, साथीभाइलाई विदेश बस्ने नेपाली व्यक्तिले रकम पठाउँदा उद्देश्य औषधी उपचार, शिक्षा शुल्क, ऋण वा ब्याज तिर्ने आदि उल्लेख गरेपनि उक्त रकमलाई विप्रेषणमा नै राख्ने। यस अन्तर्गत दैनिक रु.२० लाखको सीमा लागू हुने छैन। |
| अन्य ट्रान्सफर | Other Transfer | कुनै किसिमको कानूनी तथा व्यवसायिक प्रतिफल हुने अपेक्षा नराखी परोपकारी विचार, धर्म प्रवर्द्धन आदि उद्देश्यले पठाइने ट्रान्सफरहरु जस्तैः Gaming, Lottery, क्षतिपूर्ती आदि वापत प्राप्त हुने रकमलाई यस शीर्षकमा राख्ने। |
| तलब, ज्याला लगायत प्राथमिक आम्दानी | Primary Income | कुनै विदेशी व्यक्ति वा संस्था अन्तर्गत काम गरेवापत त्यस्ता व्यक्ति वा संस्थाले पठाउने रकमलाई यस शीर्षकमा राख्ने। |
| कम्प्युटर तथा सूचना सेवा | Computer and information service | देहायबमोजिमको कारोवारलाई यस शीर्षकमा राख्ने : Computer Hardware तथा software सम्बन्धी सेवा विक्री र मर्मत सम्भार गरेवापत प्राप्त हुने रकम। Freelancing कार्यवापत प्राप्त हुने रकम। अन्य सेवावापत प्राप्त भएका बाहेक। Blog, Website, News-Portal आदिमा विदेशी News वा विज्ञापन राखेवापत विदेशी संस्थाले दिएको रकम। |
| अन्य सेवा | Other Services | यातायात सम्बन्धी सेवा, भ्रमण सेवा, परामर्श तथा व्यवस्थापकीय सेवा, कमिसन, व्यावसायिक सेवा तथा अन्य सेवा वापत प्राप्त हुने रकमलाई यस शीर्षकमा राख्ने। |
| वस्तु व्यापार | Merchandise Trade | वि.वि.नि.जारी गर्न सक्ने गरी इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले मात्र भर्ने। वस्तु व्यापार हिसावमिलान वापत प्राप्त हुने रकमलाई यस शीर्षकमा राख्ने। |

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : २५/२०८१

## मनिचेञ्जर कारोबार सम्बन्धी व्यवस्था

मनिचेञ्जर कारोबार सम्बन्धमा देहायबमोजिम व्यवस्था गरिएकोले सोहीबमोजिम गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी मनिचेञ्जरको कारोबार गर्न इजाजतपत्रप्राप्त कम्पनीहरूलाई यो परिपत्र जारी गरिएको छ ।

१. मनिचेञ्जरहरूलाई भारतीय रुपैयाँमा बट्टा प्रदान गर्ने सम्बन्धमा :
इजाजतपत्रप्राप्त मनिचेञ्जरहरूले आफूले प्राप्त गरेको भारतीय रुपैयाँ नेपाल राष्ट्र बैंकका बैंकिङ विभागलगायत प्रदेशस्थित कार्यालयहरू मार्फत सटही गर्न सक्नेछन् । यस बैंकले यस्तो नगद भारतीय रुपैयाँ खरिद गर्दा निर्धारित दरमा खरिद गरी प्रति भा.रु. १०० मा १५ पैसाका दरले बट्टा प्रदान गरिनेछ ।

२. यस बैंकबाट अर्को व्यवस्था नभएसम्मको लागि अन्तर्राष्ट्रिय विमानस्थल बाहेकका स्थानमा मनिचेञ्जरको नयाँ इजाजतपत्र प्रदान गर्ने सम्बन्धी कार्य बन्द रहेको छ ।

३. मनिचेञ्चरले विदेशी नागरिकसँग गर्ने सटही कारोबारः यस बैंकबाट इजाजतपत्रप्राप्त मनिचेञ्जरले नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ मा उल्लिखित इजाजतपत्रको प्रकृतिअनुसार विदेशी नागरिकसँग देहायबमोजिम विदेशी मुद्राको कारोबार गर्न सक्नेछन् :

(क) विदेशी नागरिक (भारतीय समेत) सँग परिवर्त्य विदेशी मुद्राको खरिद कारोबार गर्न सक्नेछ । तर, अमेरिकी डलर ५,००० भन्दा बढी नगद परिवर्त्य विदेशी मुद्राको खरिद कारोबार गर्दा भन्सार स्वघोषणा समेत अनिवार्य हुनेछ ।

(ख) भारतीय नागरिकसँग भा.रु. खरिद कारोबार गर्न सक्नेछ । तर, अमेरिकी डलर ५,००० बराबरभन्दा बढी नगद भा.रु. खरिद कारोबार गर्दा भन्सार स्वघोषणा समेत अनिवार्य हुनेछ ।

(ग) नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ को विनियम १० को उपविनियम (१) को खण्ड (ठ) बमोजिम विदेशी नागरिक (भारतीय बाहेक) ले नेपाल सरकारलाई बुझाउनु पर्ने शुल्क/जरिवानाको लागि आवश्यक पर्ने नगद परिवर्त्य विदेशी मुद्राको बिक्री कारोबार ।

४. मनिचेञ्चरले नेपाली नागरिकसँग गर्ने सटही कारोबारः यस बैंकबाट इजाजतपत्रप्राप्त मनिचेञ्जरले नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ मा उल्लिखित इजाजतपत्रको प्रकृतिअनुसार नेपाली नागरिकसँग देहायबमोजिम विदेशी मुद्राको कारोबार गर्न सक्नेछन् :

(क) नेपाली नागरिकसँग अमेरिकी डलर ५,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा (भन्सार घोषणाको प्रमाणित कागजात भए त्यस्तो कागजातमा उल्लिखित सम्पूर्ण रकम) को खरिद कारोबार गर्न सक्नेछ ।
तर, विदेशी इष्टमित्र र ग्राहकहरुबाट उपहार, टिप्सबाट प्राप्त हुने रकम भने एकीकृत इ.प्रा. परिपत्र : ९/२०८१ को दफा २ (ज) बमोजिम अधिकतम अमेरिकी डलर ५०० सम्म मात्र सटही गर्न सकिनेछ ।

(ख) नेपाली नागरिकसँग भा.रु. खरिद कारोबार गर्न सक्नेछ । तर, अमेरिकी डलर ५,००० बराबरभन्दा बढी नगद भा.रु. खरिद कारोबार गर्दा भन्सार स्वघोषणा समेत अनिवार्य हुनेछ ।

(ग) नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ को विनियम ९ को उपविनियम (४) को खण्ड (घ) बमोजिमको इजाजतपत्र लिएका मनिचेञ्जरले विदेश भ्रमणमा जाने

नेपाली नागरिकलाई राहदानी बापतको सटही सुविधा अन्तर्गत अधिकतम अमेरिकी डलर २०० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राको बिक्री कारोबार ।

(घ) विभिन्न प्रयोजनको लागि भारत जाने नेपाली नागरिकलाई भा.रु. २५,००० सम्मको बिक्री कारोबार ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : २६/२०८१

विदेशी विनिमय सटही रसिद सम्बन्धी व्यवस्था

१. परिवर्त्य विदेशी मुद्रा सटही गर्ने इजाजतपत्रप्राप्त सबै निकायहरूले नगद परिवर्त्य विदेशी मुद्रा खरिद गर्दा यसै साथ संलग्न दरपीठयोग्य विदेशी मुद्रा सटही रसिद Foreign Exchange Encashment Receipt (FEER) जारी गर्ने गराउने सम्बन्धमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी इजाजतपत्रप्राप्त सबै निकायहरूलाई यो परिपत्र जारी गरिएको छ ।

(क) कुनै पनि व्यक्तिसँग परिवर्त्य विदेशी मुद्रा सटही गर्नासाथ FEER अनुसारको सम्पूर्ण व्यहोरा उल्लेख गरी सोको पहिलो प्रति सटहीकर्तालाई दिनुपर्नेछ ।

(ख) FEER ले खाम्नेसम्मको मात्र नेपाली रुपैयाँमा सम्बन्धित इजाजतप्राप्त निकायले भुक्तानी लिँदा FEER को पछिल्लो भागमा अनिवार्य रुपले दरपीठ गर्नु पर्नेछ ।

(ग) उपर्युक्त अनुसार भुक्तानी लिंदा यसभन्दा अगाडि FEER धनीले कुनै प्रयोजनमा नेपाली रुपैयाँ भुक्तानी लिई FEER को पछिल्लो भाग दरपीठ गराइसकेको रहेछ भने दरपीठ गरी बाँकी रहेको मौज्दातसम्मको मात्र भुक्तानी लिन मिल्नेछ ।

(घ) सटहीकर्ताबाट नेपाली रुपैयाँमा भुक्तानी लिँदा सो रकम दरपिठ पश्चात पनि नेपाली रुपैयाँ बाँकी रहेमा सो मौज्दात प्रष्टसँग FEER मा खुलाईदिनु पर्नेछ र सोको प्रतिलिपि सुरक्षित राख्नुपर्ने छ ।

(ङ) नेपाली रुपैयाँमा भुक्तानी दरपीठ भई कुनै पनि मौज्दात बाँकी नरहेको अवस्थामा उक्त FEER बाट नेपाली रुपैयाँमा भुक्तानी लिन मिल्ने छैन ।

(च) FEER को आधारमा केही रकम नेपाली रुपैयाँमा र बाँकी विदेशी मुद्रामा लिनुपर्ने अवस्थामा सो समेत गर्न मिल्नेछ ।

(छ) FEER मा बाँकी रकमले खामेसम्म सोही FEER को आधारमा हवाई टिकट समेत बिक्री गर्न मिल्नेछ ।

(ज) आफ्नो बिलको भुक्तानी लिई FEER को पहिलो प्रतिमा दरपीठ गरी सम्बन्धित पर्यटकलाई अनिवार्य रुपले फिर्ता दिनुपर्ने छ ।

(झ) यसै परिपत्रसाथ संलग्न अनुसूची २६.१ को निर्देशन बमोजिम FEER का सम्पूर्ण महलहरूमा प्रष्ट बुझिने गरी व्यहोरा उल्लेख गर्नुपर्नेछ र FEER का कुनै पनि महलहरूमा व्यहोरा छुटाउन पाइने छैन । FEER मा कुनै पनि महल छुटाई सो रसिद जारी गरेको पाइएमा सम्बन्धित व्यक्ति उपर आवश्यक कार्यवाही गर्न सकिनेछ ।

(ञ) एउटा FEER प्रतिमा एकजना सटहीकर्ताको नाम मात्र उल्लेख गर्नु पर्नेछ र सटही गरी सकेपछि कुनै हालतमा पनि पर्यटकको नाम र राहदानी नम्बर लगायतका अन्य विवरणहरूमा केरमेट र थपघट गर्न मिल्ने छैन ।

(ट) उपर्युक्त अनुसार FEER को आधारमा नेपाली र भारतीय नागरिकहरूलाई बाहेक अन्यलाई खर्च गरी बाँकी रहन आएको नेपाली रुपैयाँको रकम बराबरको हुने परिवर्त्य विदेशी मुद्रा अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षस्थित सटही काउण्टरबाट फिर्ता भुक्तानी दिन सकिने व्यवस्था गरिएको छ । तर, अमेरिकी डलर १००।- वा सो बराबरसम्म हुने नेपाली रुपैयाँबाट परिवर्त्य विदेशी मुद्रा सटही गर्न FEER आवश्यक पर्ने छैन । यसरी अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थानकक्षस्थित सटही काउण्टरबाट परिवर्त्य विदेशी मुद्रा

सटही दिँदा सम्बन्धित विदेशी नागरिकको राहदानी र बोर्डिङ्ग पासको प्रतिलिपि अनिवार्य रुपमा लिई अभिलेख राख्नु पर्नेछ ।

(ठ) यसरी सटही भएको परिवर्त्य विदेशी मुद्राको यसैसाथ संलग्न अनुसूची २६.३ वमोजिम FEER को विवरण महिना समाप्त भएको १५ दिनभित्र यस विभागमा पेश गर्नुपर्नेछ ।

२. भारतीय मुद्राको कारोबार गर्न इजाजतपत्रप्राप्त सबै निकायहरूले नगद भारतीय रुपैयाँ खरिद गर्दा यसै साथ संलग्न भारतीय रुपैयाँ सटही रसिद Indian Currency Purchase Receipt (ICPR) तथा बिक्री गर्दा Indian Currency Sales Receipt (ICSR) जारी गर्ने गराउने सम्बन्धमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी इजाजतपत्रप्राप्त सबै निकायहरूलाई यो परिपत्र जारी गरिएको छ ।

(क) कुनै पनि व्यक्तिसँग भारतीय मुद्रा खरिद गर्नासाथ अनुसूची २६.४ वमोजिम ICPR अनुसारको सम्पूर्ण व्यहोरा उल्लेख गरी सोको पहिलो प्रति तत्कालै बिक्रीकर्तालाई दिनुपर्नेछ ।

(ख) कुनै पनि व्यक्तिलाई भारतीय मुद्रा बिक्री गर्दा प्रमाणको रुपमा बिक्री रसिद/बैंक भौचर/ICSR अनुसारको सम्पूर्ण व्यहोरा उल्लेख गरी सोको पहिलो प्रति खरिदकर्तालाई दिनुपर्नेछ ।

(ग) एउटा ICPR/ICSR प्रतिमा एकजना सटहीकर्ताको नाम मात्र उल्लेख गर्नु पर्नेछ र सटही गरी सकेपछि उल्लेख भएका विवरणहरूमा केरमेट र थपघट गर्न मिल्ने छैन ।

(घ) यसरी सटही भएको भारतीय रुपैयाँको खरिद, बिक्री र सोको विवरण यसैसाथ संलग्न अनुसूची २६.६ वमोजिम महिना समाप्त भएको १५ दिनभित्र यस विभागमा पेश गर्नुपर्नेछ ।

अनुसूची २६.१

(इ.प्रा.परिपत्र संख्या २६ को दफा १(झ) को प्रयोजनको लागि)

<u>FEER रसिद भर्ने निर्देशन</u>

१. राहदानीमा उल्लेख भएको पूरा नाम :

२. राहदानी नं. :

३. नागरिकता :

४. राहदानीमा उल्लिखित घरको ठेगाना :

५. नगद - (अक्षरमा लेख्ने)

६. विदेशी मुद्रा अङ्कमा - दशमलवको अङ्क समेत उल्लेख गर्ने,

७. सटही गर्ने दिनको प्रचलित सटही दर (दशमलब अङ्क समेत उल्लेख गर्ने)

८. विदेशी मुद्रालाई प्रचलित सटही दरबाट गुणन गर्दा प्राप्त जम्मा रकम (रुपैयाँमा दशमलब अङ्क समेत उल्लेख गर्ने)

९. रुपैयाँको कुल जम्मा रकम दशमलब समेत उल्लेख गर्ने,

१०. इजाजतप्राप्त व्यक्तिको नाम, ठेगाना, दस्तखत र छाप :

११. विदेशी मुद्रा खरिद गरेको अक्षरेपीमा पनि उल्लेख गर्ने,

१२. ग्राहकको सही,

१३. नेपालमा बस्ने ठेगाना :

अनुसूची २६.२

(इ.प्रा.परिपत्र संख्या २६ को दफा (१) को प्रयोजनको लागि)

FOREIGN EXCHANGE ENCASHMENT RECEIPT

SERIAL NO: _______

DATE: _____________

We hereby certify that we have purchased to-day foreign currency as mentioned below from Mr/Mrs/Miss ____________________________________________ Passport No. ____________

Nationality ______________________ Home Address _____________________________________

| Particular Cash | Currency Amount | Rate | Rupee Equivalent | | Authorized Dealer's Name, Address, Stamp and Signature |
|---|---|---|---|---|---|
| | | | | | |
| | | Total Rs. | | | |

Foreign Currency in words ___________________________________________________________

Customer's Signature: ___________________________ Local Address: _________________

PLEASE READ IMPORTANT INFORMATION OVERLEAF

## ENDORSEMENT TO BE MADE BY AUTHORISED DEALER ACCEPTING THEIR BILL IN RUPEES

| S.No. | Date | Kind of service | Bill | | Balance after billing in Rs. | Authorized dealer's Name, Address, Stamp & Signature |
|---|---|---|---|---|---|---|
| | | | No. & date Rs. | | | |
| 1 | | | | | | |
| 2 | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

IMPORTANT INFORMATION:

(1) According to the Nepalese Law, it is illegal to deal in foreign exchange with a person other than an authorized dealer.

(2) You must obtain proper receipt whenever you exchange money.

(3) The Nepalese Rupees balance remaining with you (not for Nepalese and Indian) will be converted back into US $ at the departure Exchange counter at the Tribhuvan International Airport up to 15% of the total foreign currency exchange, at the time of your departure, on submission of this receipt.

(4) The receipt marked "USED" will not be considered for refund.

THIS EXCHANGE RECEIPT SHOULD BE CAREFULLY PRESERVED WHILE YOU ARE IN NEPAL

अनुसूची २६.३

वि.वि.नि.फा.नं. ५

(इ.प्रा.परिपत्र संख्या २६ को दफा १(ठ) को प्रयोजनको लागि)

FOREIGN EXCHANGE ENCASHMENT RECEIPT STATEMENT

PERIOD: From..................... to ................................ Date

| DATE | NAME OF GUEST | FEER No. | AMOUNT PURCHASED FROM | | CHEQUE /CASH | AMOUNT SOLD TO BANK | BALANCE AT END OF DAY | REMARKS |
|---|---|---|---|---|---|---|---|---|
| | | | TOURIST | OTHER | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

PREPARED BY :

NAME :

ADDRESS :

STAMP :

अनुसूची २६.४

(इ.प्रा.परिपत्र संख्या २६ को दफा २(क) को प्रयोजनको लागि)

INDIAN CURRENCY PURCHASE RECEIPT (ICPR)

SERIAL NO: ________

DATE: ______________

We hereby certify that we have purchased to-day indian currency as mentioned below from Mr/Mrs/Miss ______________________________ Citizenship/Passport/ID No. ___________

Nationality ____________________ Home Address __________________________________

| Particular Cash | Indian Currency Amount | Rate | Rupee Equivalent | | Authorized Dealer's Name, Address, Stamp and Signature |
|---|---|---|---|---|---|
| | | | | | |
| | | Total Rs. | | | |

Indian Currency in words _______________________________________________

Customer's Signature: ____________________________ Local Address: ________________

Contact No. ____________________________

IMPORTANT INFORMATION:

(1) According to the Nepalese Law, it is illegal to deal in foreign exchange with a person other than an authorized dealer.

(2) You must obtain proper receipt whenever you exchange money.

(3) This exchange report Should be carefully preserved for the reference

अनुसूची २६.५

(इ.प्रा.परिपत्र संख्या २६ को दफा २(ख) को प्रयोजनको लागि)

INDIAN CURRENCY SALES RECEIPT (ICSR)

SERIAL NO: ________

DATE: ______________

We hereby certify that we have sold to-day indian currency as mentioned below to Mr/Mrs/Miss ____________________________________ Citizenship/Passport/ID No. ______________

Nationality ________________________ Home Address ________________________________________

| Particular Cash | Rupee | Rate | Indian Currency Amount | | Authorized Dealer's Name, Address, Stamp and Signature |
|---|---|---|---|---|---|
| | | | | | |
| | | Total INR | | | |

Indian Currency in words ________________________________________________________________

Customer's Signature: _________________________________ Local Address: ___________________

Contact No. _________________________________

IMPORTANT INFORMATION:

(1) According to the Nepalese Law, it is illegal to deal in foreign exchange with a person other than an authorized dealer.

(2) You must obtain proper receipt whenever you exchange money.

(3) This exchange report Should be carefully preserved for the reference

अनुसूची २६.६

(इ.प्रा.परिपत्र संख्या २६ को दफा २(घ) को प्रयोजनको लागि)
इजाजतपत्रप्राप्त सबै निकायहरूको भा.रु. कारोबारको विवरण

INDIAN CURRENCY PURCHASES/SALES STATEMENT

PERIOD: From..................... to ................................ Date

| DATE | NAME OF GUEST | ICPR No. | ICSR No. | AMOUNT PURCHASE | AMOUNT SALES | AMOUNT SOLD TO BANK | BALANCE AT END OF DAY (INR) | REMARKS |
|---|---|---|---|---|---|---|---|---|
| | | | | INR | INR | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

COMPANY NAME :

ADDRESS :

PREPARED BY :

STAMP :

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : २७/२०८१

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण (AML/CFT) सम्बन्धी व्यवस्था

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त विदेशी मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाहरू र विप्रेषणसम्बन्धी कार्य गर्ने संस्थालाई सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा लगानी गर्ने कार्य निवारण गर्ने सम्बन्धमा निर्देशन जारी गर्न वाञ्छनीय भएकोले सो सम्बन्धमा देहायबमोजिम गर्नु गराउनुहुन सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७प तथा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैंकिङ विभाग लगायत प्रदेशस्थित कार्यालयहरु र इजाजतपत्रप्राप्त “क”, “ख”, “ग” र “घ” वर्गका बैंक तथा वित्तीय संस्थाहरू, इजाजतपत्रप्राप्त मनिचेञ्जर/होटल/ट्राभल एण्ड टुर्स/ट्रेकिङ्ग/कार्गो/अस्पताल/एयरलाइन्स/GSA/PSA, विप्रेषणसम्बन्धी कार्य गर्ने संस्थाहरू लगायत अन्य सबै इजाजतपत्रप्राप्त संस्था तथा निकायहरूलाई यो निर्देशन जारी गरिएको छ। विषय वा प्रसंगले आवश्यक भएकोमा बाहेक सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ मा गरिएका व्यवस्थाहरु यस निर्देशनमा उल्लेख गरिएको छैन ।

(क) मुद्रा सटही सम्बन्धी कार्य गर्ने संस्थाहरूलाई निर्देशन :

परिच्छेद – १
परिभाषा

१. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशनमा:

(क) “अपराधिक आर्जन” भन्नाले प्रत्यक्ष वा अप्रत्यक्षरुपमा कुनै अपराधिक कार्यबाट प्राप्त भएको सम्पत्ति वा आर्थिक लाभ सम्झनु पर्दछ। साथै, यो शब्दले त्यस्तो सम्पत्तिबाट बढे बढाएको वा पूर्ण वा आंशिकरुपले स्वरुप परिवर्तन गरेको सम्पत्तिलाई समेत जनाउछ ।

(ख) “उच्चपदस्थ व्यक्ति” भन्नाले स्वदेशी उच्चपदस्थ व्यक्ति, विदेशी उच्चपदस्थ व्यक्ति वा अन्तर्राष्ट्रिय संस्थाको उच्चपदस्थ व्यक्ति सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले राष्ट्रिय समन्वय समितिको सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको वर्गको व्यक्ति समेतलाई जनाउछ ।

(ग) “उत्पत्तिकर्ता” भन्नाले खातावाला वा खाता नभए पनि कुनै बैंक, वित्तीय संस्था, विप्रेषण र स्थानान्तरण कार्य गर्ने संस्थालाई एक स्थानबाट अर्को स्थानमा विद्युतीय माध्यमबाट रकम स्थानान्तरण गर्न अनुरोध गर्ने व्यक्ति सम्झनु पर्छ ।

(घ) “ग्राहक मूल्याङ्कन पद्धति” भन्नाले यस निर्देशनमा तोके बमोजिमको ग्राहक मूल्याङ्कन पद्धति (Customer Due Diligence- CDD) लाई सम्झनु पर्दछ ।

(ङ) “वास्तविक धनी” भन्नाले ग्राहक, कारोबार, सम्पत्ति, कानुनी व्यक्ति वा कानुनी प्रबन्ध उपर प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्वामित्व हुने, नियन्त्रण राख्ने, निर्देशन दिन वा प्रभाव पार्न सक्ने अन्तिम हिताधिकारी वा धनीको रुपमा रहेको प्राकृतिक व्यक्ति सम्झनु पर्छ ।

(च) “वित्तीय जानकारी इकाई” भन्नाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ९ बमोजिम गठन भएको वित्तीय जानकारी इकाइलाई सम्झनु पर्दछ ।

(छ) “विदेशी उच्चपदस्थ व्यक्ति” भन्नाले विदेशी राष्ट्र प्रमुख, सरकार प्रमुख, उच्च राजनीतिज्ञ, राष्ट्रियस्तरको राजनीतिक दलको केन्द्रीय पदाधिकारी, उच्च प्रशासक, उच्च न्यायिक अधिकारी, उच्च

सुरक्षा अधिकारी तथा राज्य नियन्त्रित संस्थाको उच्च पदाधिकारी वा त्यस्तो जिम्मेवारी भएको वा पाएको व्यक्ति समेत सम्झनु पर्छ ।

(ज) "विद्युतीय माध्यमबाट स्थानान्तरण" भन्नाले विद्युतीय माध्यमको प्रयोग गरी कुनै बैंक, वित्तीय संस्था, विप्रेषण, स्थानान्तरण कार्य गर्ने संस्था मार्फत् कुनै व्यक्तिको रकम एक स्थानबाट अर्को स्थानमा पठाउने कार्यलाई सम्झनु पर्दछ । (यसरी रकम पठाउने र प्राप्त गर्ने व्यक्ति एउटै वा अलग अलग हुन सक्दछन् ।)

(झ) "स्वदेशी उच्चपदस्थ व्यक्ति" भन्नाले राष्ट्रपति, उपराष्ट्रपति, मन्त्री, व्यवस्थापिका संसदका सदस्य, संवैधानिक निकायको पदाधिकारी, नेपाल सरकारका विशिष्ट श्रेणी वा सो सरहको वा सोभन्दा माथिका पदाधिकारी, उच्च अदालतको न्यायाधीश वा सोभन्दा माथिल्लो तहको न्यायाधीश, उच्च राजनीतिज्ञ, राष्ट्रियस्तरको राजनीतिक दलको केन्द्रीय पदाधिकारी, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थाको उच्च पदाधिकारी वा त्यस्तो जिम्मेवारी भएको वा पाएको व्यक्ति सम्झनु पर्छ ।

(ञ) "FATF" भन्नाले फाइनान्सियल एक्सन टास्क फोर्श (Financial Action Task Force) सम्झनु पर्दछ ।

## परिच्छेद – २
## नीति, प्रक्रिया र अभ्यास

२. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्बन्धी कार्यको नियन्त्रण एवम् निरोपणका लागि सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित), सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ (संशोधन सहित) र यस निर्देशनले तोके बमोजिम सटही सम्बन्धी कारोबार गर्ने संस्थाले आवश्यक नीति, प्रक्रिया र अभ्यासको तर्जुमा तथा कार्यान्वयन गर्नु पर्नेछ ।

३. दफा २ बमोजिम लागू गरिएको नीति, प्रक्रिया र अभ्यासमा मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाले आफ्नो व्यवसाय तथा कारोबारको मात्रा तथा प्रकृति झल्कने गरी तयार गर्नु पर्नेछ । सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने सम्बन्धी अपराध हुने जोखिम कम छ भनी सम्बन्धित मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाले राष्ट्र बैंकमा निवेदन दिएमा राष्ट्र बैंकले जोखिममा आधारित भई यस निर्देशनको कार्यान्वयन गर्नमा आवश्यक छुट दिन सक्नेछ ।

४. मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाले तयार गर्ने नीति, प्रक्रिया र अभ्यासमा कम्तिमा देहायका विषयका सम्बन्धमा आवश्यक तथा उपयुक्त व्यवस्था गर्नु पर्नेछ :

(क) जोखिममा आधारित प्रक्रिया सहितको ग्राहक मूल्याङ्कन पद्धति (Customer Due Diligence) लाई आवश्यकता अनुसार लागू गर्ने,

(ख) ग्राहकको अद्यावधिक अभिलेख कायम गर्ने,

(ग) कारोबार तथा अन्य विवरण सुरक्षित राख्ने,

(घ) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) तथा यस निर्देशनको दफा २३ अनुसार वित्तीय जानकारी इकाईमा सीमा सम्बन्धी कारोबार विवरण पठाउने,

(ङ) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित), वित्तीय जानकारी इकाईबाट जारी गरिएका कार्यविधि तथा मार्गदर्शन अनुरुपका शंकास्पद कारोबारको विवरण वित्तीय जानकारी इकाईमा पठाउने ,

(च) आतङ्कवादी क्रियाकलाप तथा आमविनासकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी व्यवस्था गर्ने ,

(छ) आतङ्कवादी क्रियाकलाप तथा आमविनासकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धित विषयहरुको पहिचान, अनुगमन तथा प्रतिवेदनका लागि आवश्यक सघन कार्यप्रणाली अवलम्बन गर्नु पर्नेछ र

(ज) यस निर्देशनको पालना गर्न आवश्यक पर्ने आन्तरिक नीति, प्रक्रिया, प्रणाली र नियन्त्रणका उपायहरूको तर्जुमा गर्ने ।

## परिच्छेद – ३
## जोखिममा आधारित प्रणालीको प्रयोग गरी ग्राहक मूल्याङ्कन पद्धति (Customer Due Diligence) कायम गर्ने ।

५. मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाले गर्ने ग्राहक मूल्याङ्कन पद्धति (Customer Due Diligence) ले देहायका कुराहरू समावेश गर्नु पर्नेछ :

(क) ग्राहक र ग्राहकको हिताधिकारीको पहिचान गर्ने,

(ख) ग्राहक र ग्राहकको हिताधिकारीको बारेमा आवश्यक सूचना संकलन गर्ने र आवश्यकता अनुसार ग्राहकको जोखिम विवरण तयार गर्ने,

(ग) नयाँ ग्राहकहरू स्वीकार गर्ने नीति लागू गर्ने,

(घ) ग्राहक र ग्राहकको हिताधिकारीको सूचना तथा विवरण नियमितरुपमा अद्यावधिक गर्ने,

(ङ) ग्राहकको कारोबारको विवरण तथा निजसँगको सम्बन्धलाई नियमितरुपमा अनुगमन गर्ने ।

६. जोखिमका आधारमा अर्थात् उच्च जोखिममा रहेका ग्राहकको लागि बृहत तथा कम जोखिममा रहेका ग्राहकको लागि सरलीकृत ग्राहक पहिचान पद्धतिको लागू गर्नु पर्नेछ । जोखिममा आधारित ग्राहक पहिचान पद्धति लागू गर्ने सम्बन्धमा यस निर्देशनको परिच्छेद १० र ११ बमोजिम गर्नुपर्नेछ ।

## परिच्छेद – ४
## ग्राहकको पहिचान

७. मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाले बेनामी तथा काल्पनिक नाममा कारोबार गर्ने वा गर्न खोज्ने कुनै पनि व्यक्तिसँग कारोबार गर्न हुँदैन ।

८. मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाले आफ्ना ग्राहक तथा हिताधिकारीको वास्तविक परिचय थाहा पाउनु पर्नेछ । ग्राहक भन्ने शव्दले देहायका व्यक्तिहरूलाई जनाउँछ :

(क) व्यवसायिक सम्बन्ध भएका,

(ख) एक पटक वा पटके रुपमा यस निर्देशनको दफा २३ मा तोकिएको सीमा वा सो भन्दा बढी कारोबार गर्ने,

(ग) कारोबार गर्दा कुनै समयमा सो व्यक्ति सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्बन्धी कार्यमा संलग्न भएको वा हुन सक्ने आंशका रहेको कारोबार वा व्यवसायमा संलग्न भएको ।

९. मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाले देहायका कुनै पनि समयमा ग्राहकको उपयुक्त पहिचान गर्न आवश्यक परिचय लिने र सोको उचित परीक्षण गरी रेकर्ड समेत कायम गर्नुपर्नेछ ।

(क) व्यवसायिक सम्बन्धका लागि अनुरोध गर्दा,

(ख) निश्चित सीमा भित्रको पटके कारोबार गर्दा,

(ग) कुनै व्यक्ति शंकास्पद कारोबार वा कार्यमा संलग्न भएको पाइएमा, र

(घ) कुनै व्यक्तिको सम्बन्धमा पहिले नै प्राप्त गरिसकेको पहिचान सम्बन्धी कागजातमा कुनै शंका वा द्विविधा उत्पन्न भएमा ।

## परिच्छेद – ५
## वास्तविक धनी पहिचान

१०. कुनै ग्राहकले एक वा एक भन्दा वढी वास्तविक धनीको लागि कारोबार गरिरहेको कुरा सुनिश्चित गर्नका लागि संस्थाले आवश्यक मापदण्डहरू निर्धारण गर्नु पर्नेछ । यदि कुनै ग्राहकको वास्तविक धनी कुनै व्यक्ति भएमा मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाले त्यस्ता वास्तविक धनी पहिचानको लागि आफू सन्तुष्ट हुने गरी आवश्यक सूचना तथा तथ्याङ्क विभिन्न स्रोतबाट प्राप्त गरी सोको पुष्टि समेत गर्नु पर्नेछ । वास्तविक धनीको सम्बन्धमा प्राप्त गरिने सूचना यस परिपत्रको अनुसूची–१ मा तोकिए अनूरुप हुनुपर्ने छ ।

## परिच्छेद – ६
## जोखिम पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन

११. मुद्रा सटही सम्बन्धी कारोवार गर्ने संस्थाले यस व्यवस्था अन्तर्गत जोखिमको पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन देहाय बमोजिम गर्नु पर्नेछ :

(क) सम्पत्ती शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७ घ. बमोजिम जोखिमको पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्दा देहाय बमोजिमका विषयलाई समेत आधार लिनु पर्नेछ ।

(अ) मुलुकको राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन सम्बन्धी प्रतिवेदन ।

(आ) Anti-Money Laundering/Combating the Financing of Terrorism (AML/ CFT) को सम्बन्धमा कुनै प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाले गरेको अध्ययन तथा अनुसन्धानको प्रतिवेदन ।

(इ) व्यवसायिक सम्बन्ध, कारोवारको सीमा र प्रकृति ।

(ई) ग्राहक पहिचानसँग सम्बन्धित विवरण एकीकृत रूपमा विद्युतीय माध्यममा राखी जोखिम सापेक्ष हुने गरी अद्यावधिक गरे नगरेको निश्चितता ।

(उ) ग्राहक पहिचान गर्दा एकीकृत पहिचान पद्धति अवलम्बन गरे नगरेको सुनिश्चितता र फरक फरक सेवा सुविधा लिने ग्राहकको आवश्यकता अनुसारको थप विवरणसमेत एकै ठाँउमा थप गर्न सकिने गरी आवश्यक व्यवस्था गर्ने ।

(ख) खण्ड (क) बमोजिम पहिचान गरिएको जोखिमलाई उच्च, मध्यम तथा न्यून जोखिममा वर्गीकरण गर्नु पर्नेछ ।

(ग) प्रत्येक आर्थिक वर्षको पहिलो त्रयमासभित्र AML/CFT सम्बन्धी जोखिमको विश्लेषण अद्यावधिक गरी सोही बमोजिम नीति तथा कार्यविधिमा आवश्यक परिमार्जन गर्नु पर्नेछ । साथै, संस्थाले जोखिमको मूल्याङ्कन गरेको र उक्त मूल्याङ्कन जोखिम बमोजिम भए/नभएको यकिन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(घ) संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरु जोखिमका आधारमा सम्पादन हुने गरी वार्षिक बजेट तथा कार्यक्रम तय भई सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेछ ।

(ङ) संस्थाले ग्राहकको व्यवसायिक कार्यमा AML/CFT सम्बन्धी जोखिम मूल्याङ्कनको आधारलाई एकीकृत गरी नियमित रूपमा कार्य अगाडि बढाए नबढाएको निश्चित गर्नुपर्नेछ ।

(च) ऐन, नियम र निर्देशनको सीमा भित्र रही संस्था आफैले जोखिमको आधारमा ग्राहक पहिचान विवरण तथा पद्धति निर्धारण गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(छ) संस्थाले लक्षित वित्तीय कारबाही, उच्चपदस्थ व्यक्ति, उच्च जोखिम रहेको मुलुक, क्षेत्र तथा उच्च जोखिमयुक्त सेवा लगातयका कारोवारको अनुगमन हुने गरी अनुगमन प्रणाली अवलम्बन गर्नुपर्नेछ । साथै, उक्त अनुगमन प्रणाली जोखिमका आधारमा स्वचालित हुने व्यवस्था गर्नु पर्नेछ ।

(ज) संस्थाले प्रतिवेदन वा सूचना दिनका लागि उपयुक्त सूचना प्रविधि प्रणाली र सो सम्बन्धी कार्यविधि तर्जुमा गरी समयमै देहायका विषयहरुको प्रतिवेदन पेश गर्ने व्यवस्था निश्चित गर्नुपर्नेछ :

१) नियमनकारी निकायमा दिनुपर्ने सूचना वा प्रतिवेदन ।

२) वित्तीय जानकारी इकाईमा दिनुपर्ने सूचना वा प्रतिवेदन ।

३) अन्य आवश्यक सूचना वा प्रतिवेदन ।

## परिच्छेद – ७
## नयाँ ग्राहकको स्वीकार

१२. यस निर्देशन बमोजिम आफ्नो वा हिताधिकारीको परिचय खुलाउन वा पुष्टि हुन नसक्ने वा जोखिम विवरण तयार गर्न पर्याप्त सूचना संकलन गर्न नसकिने कुनै व्यक्तिलाई ग्राहकको रुपमा स्वीकार गर्न हुँदैन । यस्तो अवस्थामा संस्थाले वित्तीय जानकारी इकाईले जारी गरेको निर्देशन र यस निर्देशनको दफा २६ अनुसार शंकास्पद कारोबारको रुपमा लिई सोको विवरण पठाउनु पर्नेछ ।

## परिच्छेद – ८
## ग्राहकको सूचना निरन्तररुपमा कायम राख्ने

१३. संस्थाले आफ्ना ग्राहकको सम्बन्धमा निरन्तर आवश्यक सूचना र विवरण संकलन गरी राख्नु पर्नेछ । ग्राहक पहिचान पद्धति प्रक्रिया अन्तर्गत संकलन गरिएका कागजात, तथ्याङ्क, वा सूचनाहरू नियमित रुपमा आवश्यक समीक्षा गरी सोको विवरण व्यवस्थित तरिकाले राख्नु पर्नेछ ।

## परिच्छेद – ९
## ग्राहकको कारोबारको निरन्तररुपमा अनुगमन गर्ने

१४. आफ्ना ग्राहकको कारोबार र ग्राहकसँगको सम्बन्धको निरन्तर अनुगमन (अनगोइङ ड्यू डिलिजेन्स) गर्नु पर्नेछ । यस्तो अनुगमनले मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाले पहिचान गरे अनुरुप नै ग्राहकले कारोबार गरे नगरेको तथा ग्राहकको जोखिम विवरण, आवश्यकता अनुसार रकम वा सम्पत्तिको स्रोत र पहिले नै निर्धारण गरिएको रकम वा कारोबारको सीमा र प्रकार समेतलाई समेटनु पर्नेछ ।

१५. सबै जटील प्रकृतिको कारोबार, आर्थिक र कानुनी उद्देश्य नभएका अस्वभाविक रुपले ठूला देखिने वा अस्वभाविक प्रकृतिका कारोबारलाई विशेष निगरानीका साथ हेर्नु पर्नेछ । यस्ता कारोबारको उद्देश्य तथा आधारहरू पत्ता लगाई सोको जानकारी लिखित रुपमा राख्नु पर्नेछ । यस्तो जानकारी वित्तीय जानकारी इकाई, लेखापरीक्षक एवम् अन्य सक्षम निकायले परीक्षण गर्न सक्ने गरी पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ । कुनै कारोबारलाई आर्थिक र कानुनी उद्देश्य नभएको, शंकास्पद प्रकृतिका वा अस्वभाविक वा ठूला प्रकृतिका कारोबार लागेमा त्यस्ता कारोबार सम्बन्धी प्रतिवेदन वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद – १०
## बृहत ग्राहक पहिचान सम्बन्धमा

१६. सम्पत्ती शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७ङ बमोजिम देहायका ग्राहकहरूका लागि बृहत ग्राहक पहिचान पद्धति (Enhanced CDD) अवलम्वन गर्नु पर्नेछ ।

(क) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी सम्बन्धी अपराधको उच्च जोखिमयुक्त देखिएका मुलुक, क्षेत्र तथा उच्चपदस्थ व्यक्तिहरु (Politically Exposed Persons- PEPs) र त्यस्तो व्यक्तिको परिवारको सदस्य तथा निजसँग सम्बद्ध ग्राहकहरूका लागि ।

(ख) भ्रष्टाचार, करछली लगायत अन्य अपराधिक कार्यका आधारमा उच्च जोखिममा रहेका मुलुकका ग्राहक वा हाल वसोवास वा पेशा वा व्यवसाय गरिरहेको स्थान आदिको आधारमा जोखिममा रहेका ग्राहक वा अन्य कुनै कारणले सो सम्बन्धी जोखिम रहेको भनी शंका गर्नु पर्ने कारण भएका ग्राहकहरूका लागि ।

(यस प्रयोजनका लागि बैंक तथा वित्तीय संस्थाले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था, देश, FATF को "High-Risk Jurisdictions subject to a Call for Action", "Jurisdictions under Increased Monitoring" मा सूचीकृत मुलुक र गृह मन्त्रालयको website मा link भएको UN Sanction List बाट प्राप्त जानकारीको आधारमा)

१७. बृहत ग्राहक पहिचान पद्धति (Enhanced CDD) ले कारोबार रकमको स्रोतलाई पनि समावेश गर्नु पर्नेछ ।

## परिच्छेद – ११
## सरलीकृत ग्राहक पहिचान सम्बन्धमा

१८. आफूले गरेको लिखित जोखिम मूल्याङ्कनका आधारमा कम जोखिमयुक्त ग्राहकको सरलीकृत ग्राहक पहिचान पद्धति अवलम्वन गर्न सक्नेछन् । यस्तो पद्धति अवलम्बन गर्दा आवश्यक पर्ने कागजात र जोखिम निर्धारणका आधारहरू बारेमा नेपाल राष्ट्र बैंकबाट माग भई आएमा उपलव्ध गराउनु पर्नेछ ।

१९. सामान्यतया सबै ग्राहकहरूका लागि यस निर्देशनमा उल्लेखित ग्राहक पहिचान पद्धति अवलम्बन गर्नु पर्नेछ । केही परिस्थितिहरूमा संस्थाले गरेको मूल्याङ्कनमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने जोखिम कम रहेको, सम्बन्धित ग्राहक र हिताधिकारीको बारेमा सार्वजिनिक रुपमा नै जानकारी उपलब्ध भएको, वा राष्ट्रिय प्रणालीमा उपयुक्त नियन्त्रण र परीक्षणको व्यवस्था रहेको अवस्थामा सरलीकृत ग्राहक पहिचान पद्धति अवलम्बन गर्न सकिनेछ ।

२०. जोखिम कम भएका ग्राहक तथा कारोबारको उदाहरणको रुपमा देहाय बमोजिमका ग्राहक तथा कारोबार पर्न सक्नेछन् :

(क) अन्य नियमनमा रहेका संस्था (नेपाल राष्ट्र बैंकले सुपरिवेक्षण गर्ने)

(ख) नेपाल धितोपत्र बोर्डले नियमन गर्ने स्टक एक्सचेन्जमा सूचिकृत भएको पब्लिक कम्पनी र उपयुक्त नियमन र सुपरिवेक्षण अन्तर्गत रहेका विदेशी स्टक एक्सचेन्जमा सुचीकृत भएका पब्लिक कम्पनी

(ग) रु. १,००,००० ।- भन्दा कम वार्षिक कारोबार भएका साना ग्राहक ।

## परिच्छेद – १२
## अभिलेख सुरक्षित तरिकाले राख्ने

२१. स्वदेशी तथा विदेशी सबै कारोबार तथा वित्तीय जानकारी इकाईलाई पठाएका सीमा तथा शंकास्पद कारोबारहरूको अभिलेख कारोबार भएको मितिले कम्तिमा पाँच वर्षसम्म सुरक्षित रुपमा राख्नु पर्नेछ । यो व्यवस्था ग्राहक सम्बन्ध कायम भएका वा कारोबार चालु रहेका वा समाप्त भएका दुवै अवस्थामा लागू हुनेछ ।

२२. कारोबारको विवरण राख्दा प्रत्येक कारोबार पूर्ण पहिचान गर्न सकिने र आवश्यक पर्दा फौजदारी अभियोगमा अभियोजन गर्दा प्रमाणमा लिन सक्ने किसिमले राख्नु पर्नेछ । त्यस्तो कारोबार विवरणमा देहायका कुराहरू समावेश गर्नु पर्नेछ :

(क) ग्राहकको (हिताधिकारी समेत) को नाम, ठेगाना (पहिचान सम्बन्धी अन्य मध्यस्थद्वारा राखिएको विवरण)

(ख) कारोबारको प्रकृति र मिति

(ग) प्रयोग भएको मुद्राको प्रकार र मात्रा

(घ) कारोबारमा प्रयोग भएको खाता नम्बर र सोको प्रकार

## परिच्छेद – १३
## सीमा कारोबार विवरण पठाउनु पर्ने

२३. मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाले देहायका सीमा भित्रको रुपैयाँ तथा सो बराबरको विदेशी मुद्राको कारोबारको विवरण त्यस्तो कारोबार भएको मितिले १५ दिन भित्र अनुसूची-२ को ढाँचामा वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ।

(क) कुनै ग्राहकले एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको अमेरिकी डलर पाँच हजार वा सो भन्दा वढी रकमको सटही कारोबार

२४. तोकिएको सीमा भन्दा बढीको कारोबार गर्ने ग्राहक, त्यस्तो कारोबार वा रकमको स्रोत समेत उल्लेख गरी छुट्टै रजिष्टर खडा गरी राख्नु पर्नेछ।

२५. दफा २३ अनुरुपका विवरणहरू वित्तीय जानकारी इकाईले तोके बमोजिम goAML System माध्यमबाट पठाउने व्यवस्था गर्नु पर्नेछ।

## परिच्छेद – १४
## शंकास्पद कारोबार/गतिविधि सम्बन्धमा विवरण पठाउने

२६. मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ७ध अनुरुप कुनै रकम देहाय बमोजिम रहेको शंका लागेमा वा शंका गर्नु पर्ने पर्याप्त आधार भएमा सोको विवरण वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ।

(क) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) ले तोकेको अपराध वा अपराधिक आर्जनसँग जोडिएको वा सम्बन्धित रहेको, वा

(ख) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) ले तोके बमोजिम आतंककारी व्यक्ति, आतंककारी कार्य वा आतंककारी संगठनसँग जोडिएको वा सम्बन्धित रहेको

(ग) वित्तीय जानकारी इकाईले जारी गरेको मार्गदर्शनमा तोकिएका आधारमा शंकास्पद देखिएको।

२७. सबै शंकास्पद रकम तथा कारोबार र कारोबारको प्रयास समेतको विवरण पठाउनु पर्नेछ। विवरण पठाउने दायित्व अन्य कुनै किसिमले छुट हुनेछैन।

२८. संस्थाले शंकास्पद कारोबार/गतिविधि सम्बन्धी प्रतिवेदन goAMLSystem माध्यममार्फत् ३ दिनभित्र वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ।

२९. शंकास्पद कारोबार वा सोको प्रयास समेतको विवरणमा यस निर्देशनको अनुसूची–३ मा दिइएको ढाँचामा वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ।

## परिच्छेद – १५
## अनधिकृत व्यक्तिलाई सूचना दिन प्रतिवन्ध

३०. सूचना दिने व्यवस्था सम्बन्धमा देहाय बमोजिम हुनेछ :

(क) मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्था, सोका सञ्चालक, पदाधिकारी र कर्मचारीहरू (स्थाई र अस्थाई) कसैले पनि वित्तीय जानकारी इकाईमा पठाएको सीमा वा शंकास्पद कारोबार वा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने सम्बन्धी अपराधको सम्बन्धमा भएको वा भईरहेको अनुसन्धान वा अन्य सम्वद्ध सूचनाहरू खण्ड (ख) मा उल्लेख भएको अवस्थामा र प्रचलित कानुनले तोकेको अवस्थामा बाहेक कुनै पनि किसिमले व्यक्त गर्नु वा प्रकट गर्नु हुँदैन।

(ख) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को कुनै व्यवस्थाको कार्यान्वयन गरिरहेको निकायले माग गरेका बखत त्यस्तो जानकारी प्रदान गर्नु पर्नेछ ।

(ग) कसैले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को प्रशासनको लागि बाहेक शंकास्पद कारोबारको विवरण तयार गर्ने, वित्तीय जानकारी इकाई वा अन्य सरकारी निकायलाई सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण गर्ने कार्यको लागि विवरण पठाउने व्यक्तिको परिचय वा परिचय खुल्न सक्ने कुनै पनि कुरा संकेत वा प्रकट गर्नु हुँदैन ।

(घ) कसैले पनि न्यायको प्रयोजनका लागि आवश्यक भएको भनी न्यायधिश वा मुद्दा हेर्ने अधिकारीले प्रकट गर्न आदेश दिएकोमा बाहेक शंकास्पद कारोबारको विवरण वा सोमा समावेश भएका अन्य जानकारी वा सोसँग प्रदान गरिएका अन्य जानकारी, त्यस्तो विवरण तयार गर्ने, विवरण पठाउने व्यक्तिहरूको परिचय वा परिचय खुल्न सक्ने कुनै पनि विवरण दिन हुँदैन ।

३१. सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित), सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ (संशोधन सहित) तथा यस निर्देशनको व्यवस्था अनुरुप सदनियत साथ विवरण पठाएको वा जानकारी दिएको कारणले कुनै पनि सूचक संस्था वा त्यसका सञ्चालक, पदाधिकारी, साझेदार, पेशागत व्यवसायी वा कर्मचारीलाई बैंकिङ्ग वा अन्य कुनै पनि पेशागत गोप्यता भंग गरेको आरोपमा कुनै पनि फौजदारी, देवानी, अनुशासनात्मक वा प्रशासकीय कारवाही हुने छैन ।

## परिच्छेद – १६

## आन्तरिक नीति, प्रक्रिया, प्रणाली र नियन्त्रण

३२. यस निर्देशनको पालना हुने गरी आवश्यक आन्तरिक नीति, प्रक्रिया तथा नियन्त्रण प्रणालीको तर्जुमा गरी लागू गर्नु पर्नेछ । कम्तिमा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित), सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ (संशोधन सहित) का व्यवस्थाहरू समेटनु पर्नेछ ।

३३. मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाको सञ्चालक समितिले कम्तिमा तीन महिनामा एकपटक सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित), सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ (संशोधन सहित) र यस निर्देशनका व्यवस्थाहरूको कार्यान्वयनको अवस्था बारेमा समीक्षा गर्नु पर्नेछ तथा सो सम्बन्धी जोखिम मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ । आर्थिक वर्ष शुरु भएको पहिलो महिनाको आधारमा प्रत्येक तीन महिनामा त्यस्तो प्रतिवेदन वित्तीय जानकारी इकाईमा पेश गर्नु पर्नेछ ।

३४. संस्थाले दफा ३३ बमोजिमको जोखिम मूल्याङ्कन प्रतिवेदन गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागमा आर्थिक वर्ष समाप्त भएको पहिलो त्रयमासभित्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

३५. सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७ त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र यस निर्देशन बमोजिमको दायित्व निरन्तर रुपमा पूरा गर्न एक जना कार्यान्वयन अधिकारी नियुक्त गरी निजको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल लगायतका विवरण वित्तीय जानकारी इकाई तथा गैर- बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग समक्ष पेश गर्नु पर्नेछ । साथै, कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको विवरणमा परिवर्तन भएमा सोको समेत जानकारी पठाउनु पर्नेछ ।

३६. मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने सम्बन्धी अपराधको नियन्त्रण सम्बन्धमा आवश्यक सूचनाहरू आपसमा आदान प्रदान गर्नु पर्नेछ ।

३७. मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाले यी नीति, प्रक्रिया तथा नियन्त्रणका संयन्त्रहरूको कार्यान्वयन भए नभएको परीक्षण गर्ने सम्बन्धमा आवश्यक स्रोत तथा स्वतन्त्र लेखापरीक्षण (नमुना परीक्षण समेत) सम्बन्धी व्यवस्था गर्नु पर्नेछ ।

३८. मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा हुने लगानी नियन्त्रण गर्न विकसित भई रहेका संयन्त्रहरू र सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा प्रयोग भई रहेका प्रवृत्तिहरू, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा हुने लगानी सम्बन्धी अपराध नियन्त्रण गर्न बनेका कानुनको कार्यन्वयन गर्न पूरा गर्नु पर्ने दायित्व, ग्राहक पहिचान प्रक्रिया र शंकास्पद कारोबारको विवरण पठाउने समेतका बारेमा आफ्ना कर्मचारीहरूलाई आवश्यक तालिम एवम् जानकारी दिने व्यवस्था निरन्तर रुपमा गर्नु पर्नेछ ।

३९. संस्थाले सदाचार नीति (Code of Conduct) तर्जुमा गरी लागू गर्नु पर्नछ ।

४०. मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाले कर्मचारी छनौट गर्दा उपयुक्त मापदण्ड सहितको छनौट प्रक्रिया अवलम्वन गर्नु पर्नेछ ।

४१. दफा ११ को बुँदा नं. (छ) बमोजिमको अनुगमन प्रणाली जोखिमका आधारमा स्वचालित भए नभएको अनुगमन गर्ने र त्यस्तो अनुगमनमा लक्षित वित्तीय कारबाही, उच्च पदस्थव्यक्ति, उच्च जोखिम रहेको मुलुक, क्षेत्र तथा उच्चजोखिमयुक्त सेवा लगायतका कारोवारको अनुगमन गैर- बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले गर्नेछ । यस प्रयोजनका लागि AML/CFT स्थलगत, गैरस्थलगत सुपरिवेक्षण, जोखिममा आधारित विशेष नियमन सुपरिवेक्षण /विशेष निरीक्षण गर्न सकिनेछ ।

## परिच्छेद – १७
## कारवाही र सजाय

४२. (क) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ र सो ऐन अन्तर्गतका नियमावली तथा यस निर्देशनको व्यवस्थाको प्रभावकारी कार्यान्वयन नगर्ने इजाजतपत्रप्राप्त संस्था र त्यस्तो संस्थाका पदाधिकारीलाई उक्त ऐन बमोजिम कारबाही हुनेछ ।

(ख) बुँदा (क) बमोजिम कारवाही गर्दा ऐन, नियमावली तथा निर्देशनको पालना नभएको अवस्था, उल्लघंनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभाव लगायतका विषयको गाम्भीर्यका आधारमा यस बैंकले अनुसूची-४ बमोजिमका कारबाहीहरु गर्न सक्नेछ ।

४३. यस निर्देशनको व्यवस्था कार्यान्वयन नगर्ने संस्थाहरूलाई सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ७फ लगायत विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र सो अन्तर्गत बनेका नियम, विनियम बमोजिमको जरिवाना वा तोकिएका अन्य कारवाही हुनेछ ।

यस निर्देशनको अनुसूची २ र ३ बमोजिमको विवरण goAML System मार्फत् वित्तीय जानकारी इकाईलाई उपलब्ध गराउनु पर्नेछ र जोखिम मूल्याङ्कन तथा समीक्षा सम्बन्धी त्रैमासिक प्रतिवेदन fiupolicy@nrb.org.np मा पठाउनु पर्नेछ ।

(इ.प्रा.परिपत्र संख्या २७ (क) को दफा १० को प्रयोजनको लागि)

अनुसूची-१

ग्राहक पहिचान तथा सोको सम्पुष्टि गर्दा लिनु पर्ने कागजात तथा विवरण :

(क) पूरा नाम र ठेगाना

(ख) नागरिकताको प्रमाणपत्र वा राहदानी वा राष्ट्रियता खुल्ने परिचयपत्र (भारतीय मुद्रामा हुने कारोबारका लागि)

(ग) राहदानी र प्रवेशाज्ञाको प्रतिलिपि (परिवर्त्य विदेशी मुद्रामा हुने कारोबारका लागि)

(घ) स्थायी/अस्थायी ठेगाना

(ङ) टेलिफोन नम्बर

(च) सटही गरिने रकमको स्रोत

(छ) आवश्यकता अनुसार ग्राहकसँगको अन्तरवार्ता

(ज) अन्य आवश्यक कागजातहरू (सम्बन्धित संस्था स्वयम्ले तोक्न सक्ने)

(इ.प्रा.परिपत्र संख्या २७ (क) को दफा २३ को प्रयोजनको लागि)

अनुसूची-२

Threshold Transaction Report (TTR) Form for Money Changers

Name of Reporting Institution:

| S.N. | Name and address of the Customer (including legal person) | Branch | Date of Transaction | Nature of Transaction | Account Type and No. | Amount Involved | Source of Fund | Remark |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

Signature :
(Compliance Officer or authorized officer)
Name :
Designation :
Phone :
Email :
Fax :
Date :

इ.प्रा.परिपत्र संख्या २७ (क) को दफा २९ को प्रयोजनको लागि)

अनुसूची-३

Suspicious Transaction Report and Internal Record Form for Money Changers

Name of Reporting Institution:

| S.N | Name and address of the Customer (with passport number & visa or citizenship, or national ID, etc.) | Date of Transaction | Source of Money | Amount Involved in NPR | Reasons for Suspicion | Signature for Internal Recording | Remarks |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

Signature :
(Chief/Authorized Person)
Name :
Designation :
Phone :
Email :
Fax :
Date :

अनुसूची-४

(कारवाहीसम्बन्धी व्यवस्था):

| क्र.सं. | पालना नभएको व्यवस्था | कारवाही (प्रति उल्लङ्घन) |
|---|---|---|
| १ | नीति तथा कार्यविधि नभएमा | (क) पहिलो पटकका लागि सचेत गराउने ।<br>(ख) दोस्रो पटकदेखि रु. १० लाख वा गाम्भीर्यको आधारमा रु. १ करोडसम्म जरिवाना गर्ने । |
| २ | ग्राहक पहिचान सम्बन्धी व्यवस्था कार्यान्वयन नभएमा | (क) पहिलो पटकका लागि सचेत गराउने ।<br>(ख) दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. १५ लाख वा गाम्भीर्य अनुसार थप जरिवाना गर्ने । |
| ३ | जानीबुझी बेनामी वा काल्पनिक नाममा कारोबार गरेको पाइएमा | (क) रु. १० लाख वा गाम्भीर्य अनुसार थप जरिवाना गर्ने । |
| ४ | सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को परिच्छेद-६ख को व्यवस्था पालना भएको नपाइएमा | (क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. १५ लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. ४० लाख वा गाम्भीर्य अनुसार रु. १ करोडसम्म जरिवाना गर्ने ।<br>(घ) पटक पटक प्रणालीगत समस्या भएमा कारोबार वा व्यवसायमा आंशिक वा पूर्ण रोक लगाउने वा इजाजतपत्र निलम्वन वा खारेज गर्ने सम्मको कारबाही गर्ने । |
| ५ | उच्चपदस्थ व्यक्तिको पहिचान हुने प्रणालीको व्यवस्था नभएमा | (क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. १५ लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्य अनुसार रु. १ करोडसम्म जरिवाना गर्ने । |
| ६ | वास्तविक धनीको पहिचान गर्ने, वृहत ग्राहक पहिचान गर्ने तथा ग्राहक पहिचान अद्यावधिक गर्ने व्यवस्था नभएमा | (क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. १५ लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्य अनुसार रु. १ करोडसम्म जरिवाना गर्ने । |
| ७ | सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिले तोकेको बमोजिम कार्य गरेको नपाइएमा | (क) रु. १० लाख वा गाम्भीर्य अनुसार थप जरिवाना गर्ने । |
| ८ | मुद्रा सटही सम्बन्धी कार्य गर्दा ग्राहकको पहिचान हुन नसकेमा | (क) रु. १० लाख वा कारोबार रकम जुन बढी हुन्छ सो बराबर वा गाम्भीर्य अनुसार थप जरिवाना गर्ने । |
| ९ | मुद्रा सटही सम्बन्धी कार्य गर्दा वास्तविक धनीको पहिचान हुन नसकेमा | (क) रु. १० लाख वा कारोबार रकम जुन बढी हुन्छ सो बराबर वा गाम्भीर्य अनुसार थप । |
| १० | निरन्तर अनुगमन सम्बन्धी व्यवस्था नभएमा | (क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकदेखि रु. १५ लाख वा गाम्भीर्य अनुसार थप जरिवाना गर्ने । |

| क्र.सं. | पालना नभएको व्यवस्था | कारवाही (प्रति उल्लङ्घन) |
|---|---|---|
| ११ | सीमा कारोबारको विवरण वित्तीय जानकारी इकाईमा तोकिएको समयमा पेश नगरेमा | (क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. १५ लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्य अनुसार रु. १ करोडसम्म जरिवाना गर्ने । |
| १२ | शंकास्पद कारोबारको पहिचान गर्ने संयन्त्र/प्रणाली नभएमा तथा शंकास्पद कारोबार प्रतिवेदन तोकिएको ढाँचा र समयमा पेश नगरेमा | (क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. १५ लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्य अनुसार रु. १ करोडसम्म जरिवाना गर्ने । |
| १३ | कार्यान्वयन अधिकारीको व्यवस्था नगरेमा | (क) रु. १० लाख जरिवाना गर्ने । |
| १४ | सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी पेश गर्नुपर्ने प्रतिवेदन समयमा पेश नगरेमा तथा संचालक समितिले गर्नुपर्ने समीक्षा नगरेमा | (क) पहिलो पटकका लागि सचेत गराउने ।<br>(ख) दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. १५ लाख वा गाम्भीर्य अनुसार थप जरिवाना गर्ने । |
| १५ | संस्थागत तथा कर्मचारीको क्षमता अभिवृद्धि नगरेमा | (क) पहिलो पटकका लागि सचेत गराउने ।<br>(ख) दोस्रो पटकका लागि  रु. १० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. १५ लाख वा गाम्भीर्य अनुसार थप जरिवाना गर्ने । |
| १६ | तोकिएका विवरणहरुको अभिलेख नराखेमा वा तोकिएको समयसम्म सुरक्षित नराखेमा | (क) पहिलो पटकका लागि सचेत गराउने ।<br>(ख) दोस्रो पटकका लागि  रु. १० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. १५ लाख वा गाम्भीर्य अनुसार थप जरिवाना गर्ने । |

(ख) <u>विप्रेषण तथा मुद्रा स्थानान्तरण सम्बन्धी कार्य गर्ने संस्थाहरूलाई निर्देशन :</u>

## परिच्छेद – १
## <u>परिभाषा</u>

१. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशनमा :

(क) "अपराधिक आर्जन" भन्नाले प्रत्यक्ष वा अप्रत्यक्षरुमा कुनै अपराधिक कार्यबाट प्राप्त भएको सम्पत्ति वा आर्थिक लाभ सम्झनु पर्दछ। साथै, यो शब्दले त्यस्तो सम्पत्तिबाट बढे वढाएको वा पूर्ण वा आंशिक रुपले स्वरुप परिवर्तन गरेको सम्पत्तिलाई समेत जनाउँछ।

(ख) "उच्चपदस्थ व्यक्ति" भन्नाले स्वदेशी उच्चपदस्थ व्यक्ति, विदेशी उच्चपदस्थ व्यक्ति वा अन्तर्राष्ट्रिय संस्थाको उच्चपदस्थ व्यक्ति सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले राष्ट्रिय समन्वय समितिको सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको वर्गको व्यक्ति समेतलाई जनाउँछ।

(ग) "उत्पत्तिकर्ता" भन्नाले खातावाला वा खाता नभए पनि कुनै बैंक, वित्तीय संस्था, विप्रेषण र स्थानान्तरण कार्य गर्ने संस्थालाई एक स्थानबाट अर्को स्थानमा विद्युतीय माध्यमबाट रकम स्थानान्तरण गर्न अनुरोध गर्ने व्यक्ति सम्झनु पर्छ।

(घ) "ग्राहक मूल्याङ्कन पद्धति" भन्नाले यस निर्देशनमा तोके बमोजिमको ग्राहक मूल्याङ्कन पद्धति (Customer Due Diligence) लाई सम्झनु पर्दछ।

(ङ) "वास्तविक धनी" भन्नाले ग्राहक, कारोबार, सम्पत्ति, कानुनी व्यक्ति वा कानुनी प्रबन्ध उपर प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्वामित्व हुने, नियन्त्रण राख्ने, निर्देशन दिन वा प्रभाव पार्न सक्ने अन्तिम हिताधिकारी वा धनीको रुपमा रहेको प्राकृतिक व्यक्ति सम्झनु पर्छ।

(च) "वित्तीय जानकारी इकाइ" भन्नाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ९ बमोजिम गठन भएको वित्तीय जानकारी इकाइलाई सम्झनु पर्दछ।

(छ) "विदेशी उच्चपदस्थ व्यक्ति" भन्नाले विदेशी राष्ट्र प्रमुख, सरकार प्रमुख, उच्च राजनीतिज्ञ, राष्ट्रियस्तरको राजनीतिक दलको केन्द्रीय पदाधिकारी, उच्च प्रशासक, उच्च न्यायिक अधिकारी, उच्च सुरक्षा अधिकारी तथा राज्य नियन्त्रित संस्थाको उच्च पदाधिकारी वा त्यस्तो जिम्मेवारी भएको वा पाएको व्यक्ति समेत सम्झनु पर्छ।

(ज) "विद्युतीय माध्यमबाट स्थानान्तरण" भन्नाले विद्युतीय माध्यमको प्रयोग गरी कुनै बैंक, वित्तीय संस्था, विप्रेषण, स्थानान्तरणको कार्य गर्ने संस्था मार्फत् कुनै व्यक्तिको रकम एक स्थानबाट अर्को स्थानमा पठाउने कार्यलाई सम्झनु पर्दछ। (यसरी रकम पठाउने र प्राप्त गर्ने व्यक्ति एउटै वा अलग अलग हुन सक्दछन।)

(झ) "स्वदेशी उच्चपदस्थ व्यक्ति" भन्नाले राष्ट्रपति, उपराष्ट्रपति, मन्त्री, व्यवस्थापिका संसदका सदस्य, संवैधानिक निकायको पदाधिकारी, नेपाल सरकारका विशिष्ट श्रेणी वा सो सरहको वा सोभन्दा माथिका पदाधिकारी, उच्च अदालतको न्यायाधीश वा सोभन्दा माथिल्लो तहको न्यायाधीश, उच्च राजनीतिज्ञ, राष्ट्रियस्तरको राजनीतिक दलको केन्द्रीय पदाधिकारी, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थाको उच्च पदाधिकारी वा त्यस्तो जिम्मेवारी भएको वा पाएको व्यक्ति सम्झनु पर्छ।

(ञ) "FATF" भन्नाले फाइनान्सियल एक्सन टास्क फोर्स (Financial Action Task Force) सम्झनु पर्दछ।

## परिच्छेद – २
## नीति, प्रक्रिया र अभ्यास

२. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्बन्धी कार्यको नियन्त्रण एवम् निरोपणका लागि सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित), सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ (संशोधन सहित) र यस निर्देशनले तोके बमोजिम विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाले आवश्यक नीति, प्रक्रिया र अभ्यासको तर्जुमा तथा कार्यान्वय गर्नु पर्नेछ ।

३. दफा २ बमोजिम लागू गरिएको नीति, प्रक्रिया र अभ्यासमा आफ्नो व्यवसाय तथा कारोबारको मात्रा तथा प्रकृति झल्कने गरी तयार गर्नु पर्नेछ । सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने सम्बन्धी अपराध हुने जोखिम कम छ भनी संस्थाले राष्ट्र बैंकमा निवेदन दिएमा राष्ट्र बैंकले जोखिममा आधारित भई यस निर्देशनको कार्यान्वयन गर्नमा आवश्यक छुट दिन सक्नेछ ।

४. विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाले तयार गर्ने नीति, प्रक्रिया र अभ्यासमा कम्तिमा देहायका विषयका सम्बन्धमा आवश्यक तथा उपयुक्त व्यवस्था गर्नु पर्नेछ

(क) जोखिममा आधारित प्रक्रिया सहितको ग्राहक मूल्याङ्कन पद्धति (Customer Due Diligence) लाई आवश्यकता अनुसार लागू गर्ने,

(ख) ग्राहकको अद्यावधिक अभिलेख कायम गर्ने,

(ग) कारोबार तथा अन्य विवरण सुरक्षित राख्ने,

(घ) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) तथा यस निर्देशनको दफा ४३ अनुसार वित्तीय जानकारी इकाइमा सीमा सम्बन्धी कारोबार विवरण पठाउने,

(ङ) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित), वित्तीय जानकारी इकाईबाट जारी गरिएका कार्यविधि तथा मार्गदर्शन अनुरुपका शंकास्पद कारोबारको विवरण वित्तीय जानकारी इकाईमा पठाउने,

(च) आतङ्कवादी क्रियाकलाप तथा आमविनासकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी व्यवस्था गर्ने ,

(छ) आतङ्कवादी क्रियाकलाप तथा आमविनासकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धित विषयहरुको पहिचान, अनुगमन तथा प्रतिवेदनका लागि आवश्यक सघन कार्यप्रणाली अवलम्बन गर्नु पर्नेछ र

(ज) यस निर्देशनको पालना गर्न आवश्यक पर्ने आन्तरिक नीति, प्रक्रिया, प्रणाली र नियन्त्रणका उपायहरूको तर्जुमा गर्ने ।

५. नेपाल बाहिर कुनै शाखा वा सहायक कम्पनी मार्फत् कारोबार गरिरहेका संस्थाले यस निर्देशन, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी प्रचलित कानुन तथा नियमहरूलाई त्यस्ता कारोबारका सम्बन्धमा पनि लागू गर्नु पर्नेछ । त्यस्तो स्थानमा रहेका शाखा वा सहायक कम्पनीलाई सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित), सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ (संशोधन सहित) र यस निर्देशनको कार्यान्वयनमा कुनै प्रतिवन्ध वा व्यवधान भएमा सोको जानकारी नेपाल राष्ट्र बैंकलाई दिनु पर्नेछ ।

## परिच्छेद – ३
## जोखिममा आधारित प्रणालीको प्रयोग गरी ग्राहक मूल्याङ्कन पद्धति (Customer Due Diligence) कायम गर्ने

६. विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाले गर्ने ग्राहक मूल्याङ्कन पद्धति (Customer Due Diligence) ले देहायका कुराहरू समावेश गर्नु पर्नेछ :

(क) ग्राहक र ग्राहकको हिताधिकारीको पहिचान गर्ने,

(ख) ग्राहक र ग्राहकको हिताधिकारीको बारेमा आवश्यक सूचना संकलन गर्ने र आवश्यकता अनुसार ग्राहकको जोखिम विवरण तयार गर्ने,

(ग) नयाँ ग्राहकहरू स्वीकार गर्ने नीति लागू गर्ने,

(घ) ग्राहक र ग्राहकको हिताधिकारीको सूचना तथा विवरण नियमितरुपमा अद्यावधिक गर्ने,

(ङ) ग्राहकको कारोबारको विवरण तथा निजसँगको सम्बन्धलाई नियमितरुपमा अनुगमन गर्ने ।

७. जोखिमका आधारमा अर्थात उच्च जोखिममा रहेका ग्राहकको लागि परिष्कृत तथा कम जोखिममा रहेका ग्राहकको लागि सरलिकृत ग्राहक पहिचान पद्धति लागू गर्नु पर्नेछ । जोखिममा आधारित ग्राहक पहिचान पद्धति लागू गर्ने सम्बन्धमा यस निर्देशनको परिच्छेद १० र ११ बमोजिम गर्नुपर्नेछ ।

## परिच्छेद – ४
## ग्राहकको पहिचान

८. विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाले बेनामी तथा काल्पनिक नाममा कारोबार गर्ने वा गर्न खोज्ने कुनै पनि व्यक्तिसँग कारोबार गर्न हुँदैन ।

९. संस्थाले आफ्ना ग्राहक तथा हिताधिकारीको वास्तविक परिचय थाहा पाउनु पर्नेछ । ग्राहक भन्ने शव्दले देहायका व्यक्तिहरूलाई जनाउँछ :

(क) व्यवसायिक सम्बन्ध भएका,

(ख) एक पटक वा पटके रुपमा यस निर्देशनको दफा ४३ मा तोकिएको सीमा वा सो भन्दा बढी कारोबार गर्ने,

(ग) यस निर्देशनको परिच्छेद-१२ मा उल्लेख भए अनुरुपको विद्युतीय माध्यमबाट स्थानान्तरणको कार्यमा संलग्न,

(घ) कारोबार गर्दा कुनै समयमा सो व्यक्ति सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्बन्धी कार्यमा संलग्न भएको वा हुन सक्ने आशंका रहेको कारोबार वा व्यवसायमा संलग्न भएको ।

१०. संस्थाले देहायका कुनै पनि समयमा ग्राहकको उपयुक्त पहिचान कायम गर्न आवश्यक परिचय लिने र सोको उचित परीक्षण गर्नु पर्नेछ ।

(क) व्यवसायिक सम्बन्धका लागि अनुरोध गर्दा,

(ख) निश्चित सीमा भित्रको पटके कारोबार गर्दा,

(ग) विद्युतिय माध्यमबाट रकम स्थानान्तरण गर्दा,

(घ) कुनै व्यक्ति शंकास्पद कारोबार वा कार्यमा संलग्न भएको पाइएमा,

(ङ) कुनै व्यक्तिको सम्बन्धमा पहिले नै प्राप्त गरिसकेको पहिचान सम्बन्धी कागजातमा कुनै शंका वा द्विविधा उत्पन्न भएमा ।

११. संस्थाले प्राकृतिक व्यक्तिको सम्बन्धमा पहिचान कायम गर्दा विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाले यस निर्देशनको अनुसूची–१ मा उल्लेख गरे अनूरुपका कागजात, तथ्याङ्क, सूचनाहरू प्राप्त गरी सो लाई स्वतन्त्र र भरपर्दो स्रोतबाट पुष्टि गर्नु पर्नेछ ।

१२. कानुनी व्यक्ति वा संस्थापनाहरूको सम्बन्धमा पहिचान कायम गर्दा यस निर्देशनको अनुसूची–१ मा उल्लेख गरे अनूरुपका कागजात, तथ्याङ्क, सूचनाहरू प्राप्त गरी सोलाई स्वतन्त्र र भरपर्दो स्रोतबाट पुष्टि गर्नु पर्नेछ ।

१३. सबै प्राकृतिक तथा कानुनी व्यक्तिको पहिचान स्थापना गर्ने कागजात तथा जानकारीहरूको प्रतिलिपि बुझ्न सकिने किसिमले व्यवस्थित गरी राख्नु पर्नेछ ।

## परिच्छेद – ५
## ग्राहकको वास्तविक धनी पहिचान

१४. कुनै ग्राहकले एक वा एक भन्दा वढी वास्तविक धनीको लागि कारोबार गरिरहेको कुरा सुनिश्चित गर्नका लागि संस्थाले आवश्यक मापदण्डहरू निर्धारण गर्नु पर्नेछ । यदि कुनै ग्राहकको वास्तविक धनी कुनै व्यक्ति भएमा विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाले त्यस्ता वास्तविक धनी पहिचानको लागि आफू सन्तुष्ट हुने गरी आवश्यक सूचना तथा तथ्याङ्क विभिन्न स्रोतबाट प्राप्त गरी सोको पुष्टि समेत गर्नु पर्नेछ । वास्तविक धनीको सम्बन्धमा प्राप्त गरिने सूचना यस निर्देशनको अनुसूची–१ मा तोकिए अनूरुप हुनुपर्ने छ ।

१५. कानुनद्वारा नियमन गरिएका धितोपत्र बजारमा सुचीकृत पब्लिक लिमिटेड कम्पनी, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड लागू गरेको मुलुकका कानुनद्वारा नियमन तथा सुपरीवेक्षण गरिएका धितोपत्र बजारमा सूचिकृत भएका विदेशी कम्पनीहरूको हकमा यस निर्देशनको अनुसूची–१ मा उल्लेख भएका कागजात र विवरणका अतिरिक्त अन्य थप जानकारी आवश्यक पर्ने छैन । संस्थाले सम्बन्धित मुलुकले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड लागू गरे नगरेको कुरा Financial Action Task Force (FATF), Asia/Pacific Group on Money Laundering (APG) र सोही प्रकारका अन्य क्षेत्रीय संस्थाहरू, International Monetary Fund र World Bank जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूद्वारा वेवसाइटमा प्रकाशित रिपोर्ट तथा विवरणहरूका आधारमा निर्धारण गर्न सक्नेछन् ।

१६. अन्य कानुनी व्यक्ति तथा संस्थापनहरूका सन्दर्भमा त्यस्तो ग्राहकको वास्तविक धनी वा नियन्त्रणमा राख्ने प्राकृतिक वा कानुनी व्यक्तिको बारेमा देहाय बमोजिमको जानकारी लिनु पर्नेछ :

(क) दफा १२ को व्यवस्था अनूरुप कुनै कम्पनी, सीमित दायित्व भएको साझेदारी फर्म वा यस्तै प्रकारको अन्य संस्थापनाहरूका सम्बन्धमा देहाय बमोजिमका प्रत्येक प्राकृतिक व्यक्तिको विवरण:

(१) दश प्रतिशत भन्दा वढी शेयर खरिद गरेको वा मतदानको अधिकार प्राप्त गरेको,

(२) कम्पनी, सीमित दायित्व भएको साझेदारी फर्म वा यस्तै प्रकारको अन्य संस्थापनाहरूको व्यवस्थापनमा संलग्न,

(३) कानुनी व्यक्ति वा संस्थापनाको नियन्त्रण गर्ने वा नियन्त्रणको अधिकार प्रयोग गर्ने ।

(ख) गुठी वा यस्तै प्रकारका संस्थापनाका सम्बन्धमा सोको सञ्चालक, ट्रष्टी र वास्तविक धनीको पहिचान कायम गर्ने ।

१७. शेयर स्वार्थको अप्रत्यक्ष स्वामित्वको स्थापित गर्दा देहायको आधारमा गर्नु पर्नेछ :

(क) कम्पनी, सीमित दायित्व भएको साझेदारी फर्म वा यस्तै प्रकारको अन्य संस्थापना र गुठीले धारण गरेको शेयरमा समानुपातिक रुपमा त्यस्तो संस्थाको शेयरहोल्डर, साझेदार अथवा वास्तविक धनी,

(ख) परिवारको सदस्यले धारण गरेको शेयरको सम्बन्धमा परिवारको प्रत्येक सदस्यले धारण गरेको शेयर

१८. सम्वद्ध सबै सूचनाको तथा जानकारीहरूको प्रतिलिपि बुझ्न सकिने किसिमले व्यवस्थित गरी राख्नु पर्नेछ ।

## परिच्छेद – ६
## जोखिम पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन

१९. संस्थाले यस व्यवस्था अन्तर्गत देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ७ घ. बमोजिम जोखिमको पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्दा देहाय बमोजिमका विषयलाई समेत आधार लिनु पर्नेछ ।

(अ) मुलुकको राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन सम्बन्धी प्रतिवेदन,

(आ) AML/CFT को सम्बन्धमा कुनै प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाले गरेको अध्ययन तथा अनुसन्धानको प्रतिवेदन,

(इ) व्यवसायिक सम्बन्ध, कारोवारको सीमा र प्रकृति ।

(ई) ग्राहक पहिचानसँग सम्बन्धित विवरण एकीकृत रूपमा विद्युतीय माध्यममा राखी जोखिम सापेक्ष हुने गरी अद्यावधिक गरे नगरेको निश्चितता ।

(उ) ग्राहक पहिचान गर्दा एकीकृत पहिचान पद्धति अवलम्बन गरे नगरेको सुनिश्चितता गर्ने र फरक फरक सेवा सुविधा लिने ग्राहकको आवश्यकता अनुसारको थप विवरणसमेत एकै ठाँउमा थप गर्न सकिने गरी आवश्यक व्यवस्था गर्ने ।

(ख) खण्ड (क) बमोजिम पहिचान गरिएको जोखिमलाई उच्च, मध्यम तथा न्यून जोखिममा वर्गीकरण गर्नु पर्नेछ ।

(ग) प्रत्येक आर्थिक वर्षको पहिलो त्रयमासभित्र AML/CFT सम्बन्धी जोखिमको विश्लेषण अद्यावधिक गरी सोही बमोजिम नीति तथा कार्यविधिमा आवश्यक परिमार्जन गर्नु पर्नेछ । साथै, संस्थाले जोखिमको मूल्याङ्कन गरेको र उक्त मूल्याङ्कन जोखिम बमोजिम भए/नभएको यकिन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(घ) संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरु जोखिमका आधारमा सम्पादन हुने गरी वार्षिक वजेट तथा कार्यक्रम तय भई सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेछ ।

(ङ) संस्थाले ग्राहकको व्यवसायिक कार्यमा AML/CFT सम्बन्धी जोखिम मूल्याङ्कनको आधारलाई एकीकृत गरी नियमित रूपमा कार्य अगाडि बढाए/नबढाएको निश्चित गर्नुपर्नेछ ।

(च) ऐन, नियम र निर्देशनको सीमा भित्र रही संस्था आफैले जोखिमको आधारमा ग्राहक पहिचान विवरण तथा पद्धति निर्धारण गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(छ) संस्थाले लक्षित वित्तीय कारबाही, उच्चपदस्थ व्यक्ति, उच्च जोखिम रहेको मुलुक, क्षेत्र तथा उच्च जोखिमयुक्त सेवा लगातयका कारोवारको अनुगमन हुने गरी अनुगमन प्रणाली अवलम्बन गर्नुपर्नेछ । साथै, उक्त अनुगमन प्रणाली जोखिमका आधारमा स्वचालित हुने व्यवस्था गर्नु पर्नेछ ।

(ज) संस्थाले प्रतिवेदन वा सूचना दिनका लागि उपयुक्त सूचना प्रविधि प्रणाली र सो सम्बन्धी कार्यविधि तर्जुमा गरी समयमै देहायका विषयहरुको प्रतिवेदन पेश गर्ने व्यवस्था निश्चित गर्नुपर्ने :

१) नियमनकारी निकायमा दिनुपर्ने सूचना वा प्रतिवेदन ।

२) वित्तीय जानकारी इकाईमा दिनुपर्ने सूचना वा प्रतिवेदन ।

३) अन्य आवश्यक सूचना वा प्रतिवेदन ।

## परिच्छेद – ७
## नयाँ ग्राहकको स्वीकार

२०. यस निर्देशन बमोजिम आफ्नो वा हिताधिकारीको परिचय खुलाउन वा पुष्टि हुन नसक्ने वा जोखिम विवरण तयार गर्न पर्याप्त सूचना संकलन गर्न नसकिने कुनै व्यक्तिलाई ग्राहकको रुपमा स्वीकार गर्न हुँदैन । यस्तो

अवस्थामा संस्थाले वित्तीय जानकारी इकाईले जारी गरेको निर्देशन र यस निर्देशनको दफा ४६ अनुसार शंकास्पद कारोबारको रुपमा लिई सोको विवरण पठाउनु पर्नेछ ।

## परिच्छेद – ८
## ग्राहकको सूचना निरन्तररुपमा कायम राख्ने

२१. संस्थाले आफ्ना ग्राहकको सम्बन्धमा निरन्तर आवश्यक सूचना र विवरण संकलन गरी राख्नु पर्नेछ । ग्राहक मूल्याङ्कन पद्धति (CDD) प्रक्रिया अन्तर्गत संकलन गरिएका कागजात, तथ्याङ्क, वा सूचनाहरू नियमित रुपमा आवश्यक समीक्षा गरी सोको विवरण व्यवस्थित तरिकाले राख्नु पर्नेछ ।

## परिच्छेद – ९
## ग्राहकको कारोबारको निरन्तररुपमा अनुगमन गर्ने

२२. संस्थाले आफ्ना ग्राहकको कारोबार र ग्राहकसँगको सम्बन्धको निरन्तर अनुगमन (अनगोइङ ड्यू डिलिजेन्स) गर्नु पर्नेछ । यस्तो अनुगमनले पहिचान गरे अनुरुप नै ग्राहकले कारोबार गरे नगरेको तथा ग्राहकको जोखिम विवरण, आवश्यकता अनुसार रकम वा सम्पत्तिको स्रोत तथा पहिले नै निर्धारण गरिएको रकम वा कारोबारको सीमा र प्रकार समेतलाई समेटनु पर्नेछ ।

२३. संस्थाले सबै प्रकृतिका जटील कारोबार, आर्थिक र कानुनी उद्देश्य नभएका अस्वभाविकरुपले ठूला देखिने वा अस्वभाविक प्रकृतिका कारोबारलाई विशेष निगरानीका साथ हेर्नु पर्नेछ । यस्ता कारोबारको उद्देश्य तथा आधारहरू पत्ता लगाई सोको जानकारी लिखित रुपमा राख्नु पर्नेछ । यस्तो जानकारी वित्तीय जानकारी इकाई, लेखापरीक्षक एवम् अन्य सक्षम निकायले परीक्षण गर्न सक्ने गरी पाँच वर्ष सम्म सुरक्षित राख्नु पर्नेछ । कुनै कारोबार आर्थिक र कानुनी उद्देश्य नभएको, शंकास्पद प्रकृतिका वा अस्वभाविक वा ठूला प्रकृतिका कारोबार लागेमा त्यस्ता कारोबार सम्बन्धी प्रतिवेदन वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद – १०
## बृहत ग्राहक पहिचान सम्बन्धमा

२४. संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी सम्बन्धी अपराधको उच्च जोखिमयुक्त देखिएका मुलुक, क्षेत्र, उच्च जोखिमयुक्त सेवा लगायतका जोखिमयुक्त कारोवारहरु तथा उच्चपदस्थ व्यक्तिहरु (PEPs) र त्यस्तो व्यक्तिको परिवारको सदस्य तथा निजसँग सम्बद्ध ग्राहकहरूका लागि बृहत ग्राहक पहिचान पद्धति (Enhanced CDD) अवलम्वन गर्नु पर्नेछ । बृहत ग्राहक पहिचान पद्धतिले अन्य कुराका अतिरिक्त कारोबार रकमको स्रोतलाई पनि समावेश गर्नु पर्नेछ । साथै, प्रत्यक्ष अप्रत्यक्ष रुपमा आवश्यकता अनुसार सम्पत्तिको स्रोत बुझ्लिन सकिनेछ ।

२५. उच्च जोखिममा रहेका ग्राहक पहिचान प्रक्रियाको हरेक चरणमा बृहत ग्राहक पहिचान पद्धति (Enhanced CDD) लागू गर्नु पर्नेछ ।

२६. संस्थाको व्यवस्थापन तहको माथिल्लो अधिकारीले स्वीकृति नदिएसम्म उच्च जोखिममा रहेका ग्राहकहरूसँग सम्बन्ध स्थापना गर्न हुँदैन ।

२७. देहायको आधारमा कुनै ग्राहक उच्च जोखिममा रहेको निर्धारण गर्नु पर्नेछ ।

(क) आमने सामने भई बाहेक अन्य तरिकाले सम्बन्ध स्थापना भएको,

(ख) गैर आवासीय वा त्यस्तो व्यक्तिको राष्ट्रियता, हाल बसोबास रहेको मुलुक वा पहिलेको बसोबास रहेको मुलुक समेतका आधारमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्बन्धी अपराधको उच्च जोखिममा रहेको स्थानका ग्राहक,

(ग) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्बन्धी अपराधको नियन्त्रणमा उपयुक्त स्तर कायम गर्न नसकेको मुलुक वा क्षेत्रसँग सम्बन्धित ग्राहक,

(घ) उच्चपदस्थ व्यक्ति (PEPs) वा तिनका परिवारका सदस्य तथा सम्बन्धित व्यक्ति,

(ङ) धेरै नेटवर्थ भएको, रकम वा सम्पत्तिको स्रोत प्रष्ट नभएको वा निजी बैंकिङ्ग व्यवसायमा संलग्न भएको ग्राहक,

(च) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्बन्धी अपराधमा संलग्न हुन सक्ने शंकास्पद व्यवसायमा संलग्न भएको ग्राहक,

(छ) व्यक्तिगत सम्पत्ति धारण गर्ने साधनको रुपमा रहेको कानुनी व्यक्ति वा संस्थापना,

(ज) प्रष्ट आर्थिक तथा कानुनी उद्देश्य विना नै जटिल प्रकृतिको स्वामित्व संरचना भएका कानुनी व्यक्ति वा संस्थापना,

(झ) नोमिनी शेयरहोल्डर वा धारक शेयर भएको कम्पनी,

(ञ) अत्याधिक भ्रष्टाचार रहेको भनी चिनिएको मुलुक वा अन्य यस्तै आधारमा उच्च जोखिममा रहेको देशका ग्राहक,

(ट) नगदको वढी प्रयोग हुने व्यवसायिक कारोबारमा संलग्न भएका क्षेत्रका ग्राहकहरू ।

२८. दफा २७ (क) मा उल्लेखित आमने सामने नभई हुने कारोबारले अन्य कुराका अतिरिक्त देहायका कारोबारलाई आधार लिनु पर्नेछ :

(क) इन्टरनेटबाट स्थापित सम्बन्ध वा यस्तै अन्य प्रकारले जस्तो हुलाक मार्फत् स्थापित सम्बन्ध,

(ख) इन्टरनेटबाट प्रदान गरिने सेवा तथा कारोबार,

(ग) ATM को प्रयोग गरी गरिने कारोबार,

(घ) टेलिफोन बैंकिङ्ग,

(ङ) फ्याक्स वा अन्य यस्तै प्रकारका माध्यमबाट निर्देशन वा निवेदन दिई भएका कारोबार,

(च) पहिले नै भुक्तानी गरेका, नवीकरण गर्न मिल्ने वा कुनै खातासँग जोडिएका कार्ड मार्फत् गरिने रकम निष्कासन वा भुक्तानी सम्बन्धी कारोबार

२९. आमने सामने नभई हुने कारोबारमा गरिने बृहत ग्राहक पहिचान पद्धतिमा देहायका विषय समेट्नु पर्नेछ :

(क) नोटरी वा अन्य विश्वास योग्य व्यक्तिले प्रमाणित गरेको कागजात,

(ख) प्रत्यक्षरुपमा कारोबार गरिने ग्राहकसँग माग गरिने कागजातका अतिरिक्त थप कागजातको प्राप्ति,

(ग) स्वतन्त्ररुपमा ग्राहकसँग सम्पर्क स्थापना गर्ने प्रक्रियाको विकास ।

३०. उच्चपदस्थ व्यक्ति (PEPs) को निर्धारण देहाय बमोजिमको प्रक्रियाबाट गर्नु पर्नेछ :

(क) सम्भावित ग्राहकसँग प्राप्त गरिने सम्वद्ध सूचनाको आधारमा,

(ख) सार्वजनिकरुपमा उपलव्ध सूचनाको आधारमा,

(ग) उपलब्ध भएका उच्चपदस्थ व्यक्ति (PEPs) को तथ्याङ्क (Data Base) मा पहुँच स्थापित गरेर

३१. बृहत ग्राहक पहिचान पद्धति प्रयोग गर्दा विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाले लिंग, वर्ण, रंग, बैवाहिक सम्बन्ध, धर्म वा राष्ट्रियताको आधारमा गैर कानुनी भेदभाव हुन नदिने तर्फ आवश्यक सतर्कता अपनाउनु पर्नेछ ।

## परिच्छेद – ११
## सरलीकृत ग्राहक पहिचान सम्बन्धमा

३२. संस्थाले आफूले गरेको लिखित जोखिम मूल्याङ्कनका आधारमा कम जोखिमयुक्त ग्राहकको लागि सरलीकृत ग्राहक पहिचान पद्धति अवलम्वन गर्न सक्नेछन् । यस्तो पद्धति अवलम्वन गर्दा आवश्यक पर्ने कागजात र जोखिम निर्धारणका आधारहरू बारेमा नेपाल राष्ट्र बैंकबाट जानकारी माग भई आएमा उपलव्ध गराउनु पर्नेछ ।

३३. सामान्यतया सबै ग्राहकहरूका लागि यस निर्देशनमा उल्लेखित ग्राहक पहिचान पद्धति अवलम्वन गर्नु पर्नेछ । केही परिस्थितिहरूमा जब संस्थाले गरेको मूल्याङ्कनमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने जोखिम कम रहेको, सम्बन्धित ग्राहक र हिताधिकारीको बारेमा सार्वजनिक रुपमा नै जानकारी उपलब्ध भएको वा राष्ट्रिय प्रणालीमा उपयुक्त नियन्त्रण र परीक्षणको व्यवस्था रहेको अवस्थामा सरलीकृत ग्राहक पहिचान पद्धति अवलम्वन गर्न सकिनेछ ।

३४. जोखिम कम भएका ग्राहक, कारोबारहरूको उदाहरणको रुपमा देहाय बमोजिमका ग्राहक, कारोबारहरू पर्न सक्नेछन् :

(क) अन्य नियमनमा रहेका संस्थाहरू (नेपाल राष्ट्र बैंकले सुपरिवेक्षण गर्ने),

(ख) यस निर्देशनको दफा १५ मा उल्लेख भए अनुरुप उपयुक्त नियमन र सुपरिवेक्षण अन्तर्गत रहेका विदेशी वित्तीय संस्थाहरू,

(ग) नेपाल धितोपत्र बोर्डले नियमन गर्ने स्टक एक्सचेन्जमा सूचिकृत भएको पब्लिक कम्पनी र उपयुक्त नियमन र सुपरिवेक्षण अन्तर्गत रहेका विदेशी स्टक एक्सचेन्जमा सुचीकृत भएका पब्लिक कम्पनीहरू,

(घ) रु १,००,००० ।- भन्दा कम वार्षिक कारोबार भएका साना ग्राहकहरू ।

३५. दफा ३४ को खण्ड (ख) र (ग) मा उल्लेख भएका गैर आवासीय तथा विदेशी कम्पनीहरूको हकमा त्यस्ता कम्पनीहरू रहेको स्थान वा मुलुकले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने कार्यलाई नियन्त्रण गर्ने सम्बन्धमा रहेका अन्तर्राष्ट्रिय मापदण्डहरूको पालना गरेको हुनुपर्ने छ । संस्थाले सम्बन्धित मुलुकले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने कार्यलाई नियन्त्रण गर्ने सम्बन्धमा रहेका अन्तर्राष्ट्रिय मापदण्डहरूको पालना गरे नगरेको सम्बन्धमा निर्धारण गर्दा नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको सूचि वा प्रतिवेदन, FATF, APG, IMF, World Bank जस्ता निकायहरूका वेवसाईटमा प्रकाशन भएका विवरणका आधारमा गर्नु पर्नेछ ।

३६. नेपाल राष्ट्र बैंकले कुनै मुलुक वा क्षेत्रले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने कार्यलाई नियन्त्रण गर्ने सम्बन्धमा रहेका अन्तर्राष्ट्रिय मापदण्डहरूको पालना नगरेको भनी जानकारी गराएको, वा विश्वस्त स्वतन्त्र सूचनाहरूका आधारमा सम्बन्धित संस्थाले नै सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने कार्यलाई नियन्त्रण गर्ने सम्बन्धमा रहेका अन्तर्राष्ट्रिय मापदण्डहरूको पालना नगरेको भनी पत्ता लगाएको, वा अन्य कुनै कारणले सो सम्बन्धी जोखिम रहेको भनी शंका गर्नु पर्ने कारण भएका स्थानमा आधारित ग्राहकको हकमा भने सरलीकृत ग्राहक पहिचान पद्धति लागू गर्न हुँदैन ।

## परिच्छेद – १२

## विद्युतीय माध्यमबाट गरिने स्थानान्तरण (Wire Transfer) सम्बन्धी नीति र प्रक्रिया

३७. विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाहरुले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ७ ठ. बमोजिम वायर स्थानान्तरण सम्बन्धी कार्य गर्नु पर्नेछ ।

३८. संस्थाले आफूले प्राप्त गर्ने सबै विद्युतीय माध्यमबाट गरिने स्थानान्तरणको सम्बन्धमा उत्पत्तिकर्ता र वेनिफिसियरीको पूर्ण सूचना प्राप्त गर्ने र सोको सत्यता पुष्टि गर्नु पर्नेछ ।

३९. उत्पत्तिकर्ता र वेनिफिसियरीको पूर्ण सूचनामा देहायका कुराहरू समावेश गर्नु पर्नेछ :

(क) उत्पत्तिकर्ता र वेनिफिसियरीको नाम,

(ख) उत्पत्तिकर्ता र वेनिफिसियरीको खाता नम्बर (खाता नम्बर नभएको अवस्थामा छुट्टै पहिचान नम्बर),

(ग) उत्पत्तिकर्ता र वेनिफिसियरीको परिचयपत्र नम्बर वा ठेगाना,

(घ) वास्तविक धनीको नाम तथा खाता नम्बर र खाता नभएको अवस्थामा कारोबार पहिचान हुन सक्ने छुट्टै स्रोत नम्बर,

(ङ) संस्थाले ग्राहकको पचहत्तर हजार रुपैयाँ वा सोभन्दा कम मूल्यको वायर स्थानान्तरण गर्दा दफा ३९ को (घ) बमोजिमको विवरण वा जानकारी नलिन सक्नेछ ।

४०. वेनिफिसियरी संस्थाहरुले उत्पत्तिकर्ता तथा अन्तर्राष्ट्रिय Wire Transfer मा वेनिफिसियरीको आवश्यक विवरण प्राप्त भए नभएको पहिचान गर्न Post event अनुगमन वा Real-time अनुगमन जस्ता कार्य गर्नुपर्दछ ।

उत्पत्तिकर्ता र वेनिफिसियरीको पूर्ण विवरण नभएका विद्युतीय विप्रेषणको भुक्तानी दिने संस्थाले त्यस्तो कारोबारलाई सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने कार्यको लागि जोखिमयुक्त रहेको मान्नु पर्नेछ । यस्तो अवस्थामा सम्बन्धित संस्थाले सबैभन्दा पहिले आदेश दिने संस्थाबाट उत्पत्तिकर्ताको सम्बन्धमा छुट विवरण माग गर्नु पर्नेछ । यदि छुट विवरण प्राप्त नभएमा उत्पत्तिकर्ताको पूर्ण विवरणको अभावमा त्यस्तो वा सम्वद्ध कारोबारलाई शंकास्पद कारोबारको रुपमा लिई सोको विवरण वित्तीय जानकारी इकाईलाई दिनु पर्नेछ । यसका अतिरिक्त विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाले त्यस्तो कारोबार गर्न इन्कार पनि गर्न सक्नेछ । उपर्युक्त अवस्थामा भुक्तानी दिने संस्थाले यस निर्देशनको पालना नगर्ने संस्थासँग कारोबार गर्न प्रतिवन्ध लगाउने वा सम्बन्ध समाप्त गर्न पनि सक्नेछ ।

४०(क) उत्पत्तिकर्ता तथा वेनिफिसियरी दुवै तर्फ नियन्त्रण राख्ने संस्थाले दुवै तर्फको सूचनाको आधारमा शंकास्पद कारोबारको reporting गर्नुपर्नेछ । साथै, शंकास्पद wire transfer ले जुन मुलुकलाई प्रभाव पार्ने हो सोही मुलुकको Financial Intelligence Unit मा समेत सूचना उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद – १३
## अभिलेख सुरक्षित तरिकाले राख्ने

४१. संस्थाले स्वदेशी तथा विदेशी सबै कारोबार तथा वित्तीय जानकारी इकाईलाई पठाएका सीमा तथा शंकास्पद कारोबारहरूको अभिलेख कारोबार भएको मितिले कम्तिमा पाँच वर्षसम्म सुरक्षित रुपमा राख्नु पर्नेछ । यो व्यवस्था सम्बन्ध वा कारोबार चालु रहेका वा समाप्त भएका दुवै अवस्थामा लागू हुनेछ ।

४२. कारोबारको विवरण प्रत्येक कारोबार पूर्ण पहिचान गर्न सकिने र आवश्यक पर्दा फौजदारी अभियोगमा अभियोजन गर्दा प्रमाणमा लिन सक्ने किसिमले राख्नु पर्नेछ । त्यस्तो कारोबार विवरणमा देहायका कुराहरू समावेश गर्नु पर्नेछ :

(क) ग्राहकको (हिताधिकारी समेत) को नाम, ठेगाना : (पहिचान सम्बन्धी अन्य मध्यस्थद्वारा राखिएको विवरण),

(ख) कारोबारको प्रकृति र मिति,

(ग) प्रयोग भएको मुद्राको प्रकार र मात्रा,

(घ) कारोबारमा प्रयोग भएको खाता नम्बर र सोको प्रकार ।

## परिच्छेद – १४
## सीमा कारोबार विवरण पठाउनु पर्ने

४३. विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाले देहायका सीमा भित्रको रुपैयाँ तथा सो बराबरको विदेशी मुद्राको कारोबारको विवरण त्यस्तो कारोबार भएको मितिले १५ दिन भित्र अनुसूची-२ को ढाँचामा वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ ।

(क) विप्रेषण र स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाले देहायको विवरण वित्तीय जानकारी इकाईलाई पठाउनु पर्नेछ ।

(१) कुनै ग्राहकलाई एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु.१० लाख वा सो भन्दा वढी रकम नेपालमा भुक्तानी गरेको वा नेपालको सीमा वारपार हुने गरी गरेको विप्रेषण वा स्थानान्तरणको कारोबार ।

४४. विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाले तोकिएको सीमा भन्दा बढीको कारोबार गर्ने ग्राहक, त्यस्तो कारोबार वा रकमको स्रोत समेत उल्लेख गरी छुट्टै रजिष्टर खडा गरी राख्नु पर्नेछ ।

४५. दफा ४३ अनुरुपका विवरणहरू वित्तीय जानकारी इकाईले तोके बमोजिम goAML System माध्यमबाट पठाउने व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद – १५
## शंकास्पद कारोबार/गतिविधिको विवरण पठाउने

४६. विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ७ध अनुरुप कुनै रकम देहाय बमोजिम रहेको शंका लागेमा वा शंका गर्नु पर्ने पर्याप्त आधार भएमा सोको विवरण वित्तीय जानकारी इकाइमा पठाउनु पर्नेछ ।

(क) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) ले तोकेको अपराध वा अपराधिक आर्जनसँग जोडिएको वा सम्बन्धित रहेको, वा

(ख) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) ले तोके बमोजिम आतंकबाद, आतंकवादी कार्य, आतंकवादी संगठन, वा आतंकवादी कार्यमा लगानीसँग जोडिएको वा सम्बन्धित रहेको ।

(ग) वित्तीय जानकारी इकाईले जारी गरेको मार्गदर्शनमा तोकिएका आधारमा शंकास्पद देखिएको ।

४७. सबै शंकास्पद रकम तथा कारोबार र कारोबारको प्रयास समेतको विवरण पठाउनु पर्नेछ । विवरण पठाउने दायित्व अन्य कुनै किसिमले छुट हुने छैन ।

४८. संस्थाले शंकास्पद कारोबार/गतिविधि सम्बन्धी प्रतिवेदन goAMLSystem माध्यममार्फत् ३ दिनभित्र वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ ।

४९. संस्थाले शंकास्पद कारोबार वा सोको प्रयास समेतको विवरणमा यस निर्देशनको अनुसूची ३ मा दिइएको ढाँचामा वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ ।

## परिच्छेद – १६
## अनधिकृत व्यक्तिलाई सूचना दिन प्रतिवन्ध र दायित्वबाट संरक्षण

५०. सूचना दिने वा दायित्वबाट संरक्षण सम्बन्धमा देहाय बमोजिम हुनेछ :

(क) विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्था, सोका सञ्चालक, पदाधिकारी र कर्मचारीहरू (स्थायी र अस्थायी) कसैले पनि वित्तीय जानकारी इकाइमा पठाएको सीमा वा शंकास्पद कारोबार वा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने सम्बन्धी अपराधको सम्बन्धमा भएको वा भईरहेको अनुसन्धान वा अन्य सम्वद्ध सूचनाहरू खण्ड (ख) मा उल्लेख भएको अवस्थामा र प्रचलित कानुनले तोकेको अवस्थामा बाहेक कुनै पनि किसिमले व्यक्त गर्नु वा प्रकट गर्नु हुँदैन ।

(ख) विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को कुनै व्यवस्थाको कार्यान्वयन गरिरहेको निकायले माग गरेका बखत त्यस्तो जानकारी प्रकट गर्नु पर्नेछ ।

(ग) कसैले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को प्रशासनको लागि बाहेक शंकास्पद कारोबारको विवरण तयार गर्ने, वित्तीय जानकारी इकाई वा अन्य सरकारी निकायलाई सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण गर्ने कार्यको लागि विवरण पठाउने व्यक्तिको परिचय वा परिचय खुल्न सक्ने कुनै पनि कुरा संकेत वा प्रकट गर्नु हुँदैन ।

(घ) कसैले पनि न्यायको प्रयोजनका लागि आवश्यक भएको भनी न्यायधिश वा मुद्दा हेर्ने अधिकारीले प्रकट गर्न आदेश दिएकोमा बाहेक शंकास्पद कारोबारको विवरण वा सोमा समावेश भएका अन्य जानकारी वा सोसँग प्रदान गरिएका अन्य जानकारी, त्यस्तो विवरण तयार गर्ने, विवरण पठाउने व्यक्तिहरूको परिचय वा परिचय खुल्न सक्ने कुनै पनि विवरण प्रकट गर्न हुँदैन ।

५१. सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित), सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ (संशोधन सहित) तथा यस निर्देशनको व्यवस्था अनुरुप सदनियत साथ विवरण पठाएको वा जानकारी दिएको कारणले कुनै पनि सूचक संस्था वा त्यसका सञ्चालक, पदाधिकारी, साझेदार, पेशागत व्यवसायी वा कर्मचारीलाई बैंकिङ्ग वा अन्य कुनै पनि पेशागत गोप्यता भंग गरेको आरोपमा कुनै पनि फौजदारी, देवानी, अनुशासनात्मक वा प्रशासकीय कारवाही हुने छैन ।

## परिच्छेद – १७
## <u>आन्तरिक नीति, प्रक्रिया, प्रणाली र नियन्त्रण</u>

५२. विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाहरूले यस निर्देशनको पालना हुने गरी आवश्यक आन्तरिक नीति, प्रक्रिया तथा नियन्त्रण प्रणालीको तर्जुमा गरी लागू गर्नु पर्नेछ । कम्तिमा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित), सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ (संशोधन सहित), यस निर्देशनका व्यवस्थाहरूको कार्यान्वयनको व्यवस्थापन गर्ने व्यवस्थापकीय स्तरको कार्यान्वयन अधिकृत नियुक्त गर्ने व्यवस्थाहरू समेटनु पर्नेछ ।

५३. कार्यान्वय अधिकृत तथा अन्य सम्वद्ध कर्मचारीले ग्राहक पहिचान तथा ग्राहक पहिचान पद्धति अनुरुपका विवरण, कारोबारको विवरण, र अन्य सम्वद्ध जानकारीहरू समयमै प्राप्त गर्न सक्ने व्यवस्था गर्नु पर्नेछ । कार्यान्वयन अधिकृतले स्वतन्त्ररुपमा कार्य गर्ने तथा उसको आफ्नो सुपरीवेक्षक भन्दा माथिल्लो तहको अधिकारी वा सञ्चालक समिति वा समान स्तरको अन्य कुनै समिति समक्षको पहुँचलाई सुनिश्चित गर्नु पर्नेछ ।

५४. विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाहरूले कार्यान्वयन अधिकृतको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल लगायतका विवरण नेपाल राष्ट्र बैंकको गैर- बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग तथा वित्तीय जानकारी इकाई समक्ष पठाउनु पर्नेछ । साथै, कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको विवरणमा परिवर्तन भएमा सो को समेत जानकारी पठाउनु पर्नेछ ।

५५. विप्रेषण तथा स्थानान्तरण गर्ने संस्थाको सञ्चालक समितिले कम्तिमा तीन महिनामा एकपटक जोखिम मूल्याङ्कन तथा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित), सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ (संशोधन सहित) र यस निर्देशनका व्यवस्थाहरूको कार्यान्वयनको अवस्था बारेमा समीक्षा गर्नु पर्नेछ । आर्थिक वर्ष शुरु भएको पहिलो महिनाको आधारमा प्रत्येक तीन महिनामा त्यस्तो समीक्षा वित्तीय जानकारी इकाईमा पेश गर्नु पर्नेछ ।

साथै, कम्तीमा तीन महिनामा एक पटक ऐन, नियमावली र यस निर्देशन बमोजिम भए/गरेका काम कारवाहीको सम्बन्धमा सुधार गनुपर्ने बिषय समेत समेटिएको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्नु पर्नेछ र सञ्चालक समितिले आवश्यक समीक्षा गरी उपयुक्त निर्णय गर्नु पर्नेछ ।

५६. संस्थाले दफा ५५ बमोजिमको जोखिम मूल्याङ्कन प्रतिवेदन गैर- बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागमा आर्थिक वर्ष समाप्त भएको पहिलो त्रयमासभित्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

५७. विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाहरूले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने सम्बन्धी अपराधको नियन्त्रण सम्बन्धमा आवश्यक सूचनाहरू आपसमा आदान प्रदान गर्नु पर्नेछ ।

५८. विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाहरूले यी नीति, प्रक्रिया तथा नियन्त्रणका संयन्त्रहरूको कार्यान्वयन भए नभएको परीक्षण गर्ने सम्बन्धमा आवश्यक स्रोत तथा स्वतन्त्र लेखापरीक्षण (नमुना परीक्षण समेत) सम्बन्धी व्यवस्था गर्नु पर्नेछ ।

५९. विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाहरूले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा हुने लगानी नियन्त्रण गर्न विकसित भई रहेका संयन्त्रहरू र सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा प्रयोग भई रहेका प्रवृत्तिहरू, र सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा हुने लगानी सम्बन्धी अपराध नियन्त्रण गर्न बनेका कानुनको कार्यन्वयन गर्न पूरा गर्नु पर्ने दायित्व, ग्राहक पहिचान प्रक्रिया र शंकास्पद कारोबारको विवरण पठाउने समेतका बारेमा आफ्ना कर्मचारी, Agent तथा Sub-Agent हरूलाई आवश्यक तालिम एवम् जानकारी दिने व्यवस्था निरन्तर रुपमा गर्नु पर्नेछ। साथै, Agent तथा Sub-Agent हरूले उक्त तालिमबमोजिम कार्य गरे नगरेको निरन्तर रुपमा अनुगमन गर्नुपर्नेछ।

६०. विप्रेषण तथा स्थानान्तरण सम्बन्धी कारोबार गर्ने संस्थाले कर्मचारी छनौट गर्दा उपयुक्त मापदण्ड सहितको छनौट प्रक्रिया अवलम्वन गर्नु पर्नेछ।

६१. संस्थाले मध्यस्थता तथा सह-मध्यस्थता (Agent and Sub-agent) हरुको सूची सम्बद्ध निकायहरुको पहुँच सुनिश्चित हुने गरी अद्यावधिक गरी राख्नु पर्नेछ। साथै, त्यस्तो सूची आफ्नो वेवसाइटमार्फत् प्रकाशन र नियमित रुपमा अद्यावधिक समेत गर्नु पर्नेछ।

६२. संस्थाले सदाचार नीति (Code of Conduct) तर्जुमा गरी लागू गर्नु पर्नेछ।

६३. दफा १९ को बुँदा नं. (छ) बमोजिमको अनुगमन प्रणाली जोखिमका आधारमा स्वचालित भए नभएको अनुगमन गर्ने र त्यस्तो अनुगमनमा लक्षित वित्तीय कारबाही, उच्चपदस्थव्यक्ति, उच्च जोखिम रहेको मुलुक, क्षेत्र तथा उच्च जोखिमयुक्त सेवा लगायतका कारोवारको अनुगमन नेपाल राष्ट्र बैंकको गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले गर्नेछ। यस प्रयोजनका लागि AML/CFT स्थलगत, गैरस्थलगत सुपरिवेक्षण, जोखिममा आधारित विशेष नियमन सुपरिवेक्षण /विशेष निरीक्षण गर्न सकिनेछ।

## परिच्छेद – १८
## कारवाही र सजाय

६४. (क) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ र सो ऐन अन्तर्गतका नियमावली तथा यस निर्देशनको व्यवस्थाको प्रभावकारी कार्यान्वयन नगर्ने इजाजतपत्रप्राप्त संस्था र त्यस्तो संस्थाका पदाधिकारीलाई उक्त ऐन बमोजिम कारबाही हुनेछ।

(ख) बुँदा (क) बमोजिम कारवाही गर्दा ऐन, नियमावली तथा निर्देशनको पालना नभएको अवस्था, उल्लघंनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभाव लगायतका विषयको गाम्भीर्यका आधारमा यस बैंकले अनुसूची-४ बमोजिमका कारबाहीहरु गर्न सक्नेछ।

६५. यस निर्देशनको व्यवस्था कार्यान्वयन नगर्ने संस्थाहरूलाई सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ७फ लगायत विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र सो अन्तर्गत बनेका नियम, विनियम बमोजिमको जरिवाना वा तोकिएका अन्य कारवाही हुनेछ।

यस निर्देशनको अनुसूची २ र ३ बमोजिमको विवरण goAML System मार्फत् वित्तीय जानकारी इकाईलाई उपलब्ध गराउनु पर्नेछ र जोखिम मूल्याङ्कन तथा समीक्षा सम्बन्धी त्रैमासिक प्रतिवेदन fiupolicy@nrb.org.np मा पठाउनु पर्नेछ।

## परिच्छेद – १९
## विविध

६६. नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०७९ बमोजिम विप्रेषण कारोबारको लागि इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरुले अनुसूची-५ बमोजिमको विवरण भरी आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र यस बैंकको सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखामा पेश गर्नु पर्नेछ। आार्थिक वर्ष २०८१/८२ को हकमा भने यस्तो विवरण २०८१ कात्तिक मसान्तभित्र पेश गर्नु पर्नेछ।

(इ.प्रा.परिपत्र संख्या २७(ख) को दफा ११, १२ र १४ को प्रयोजनको लागि)

अनुसूची-१

ग्राहक पहिचान तथा सोको सम्पुष्टि गर्दा लिनु पर्ने कागजात तथा विवरण

(क) पूरा नाम र ठेगाना

(ख) नागरिकताको प्रमाणपत्र वा राहदानी वा राष्ट्रियता खुल्ने परिचयपत्र (भारतीय मुद्रामा हुने स्थानान्तरण तथा भुक्तानीमा)

(ग) राहदानी र प्रवेशाज्ञाको प्रतिलिपि (विदेशी मुद्रामा हुने स्थानान्तरण तथा भुक्तानीमा)

(घ) स्थायी/अस्थायी ठेगाना

(ङ) टेलिफोन नम्बर (भएमा उल्लेख गर्ने)

(च) स्थानान्तरण गरिने रकमको स्रोत

(छ) रकम पठाउने र प्राप्त गर्ने बीचको सम्बन्ध

(ज) रकम पठाउने र प्राप्त गर्ने उद्देश्य

(झ) रकम पठाउने र प्राप्त गर्नेको पत्राचार गर्ने ठेगाना

(ञ) आवश्यकता अनुसार ग्राहकसँगको अन्तरवार्ता

(ट) अन्य आवश्यक कागजातहरू (सम्बन्धित संस्था स्वयम्ले तोक्न सक्ने)

(इ.प्रा.परिपत्र संख्या २७ (ख) को दफा ४३ को प्रयोजनको लागि)

अनुसूची-२

Threshold Transaction Report (TTR) Form for Remittance Companies/ Money or Value Transfer Services

Name of Reporting Institution:

| S.N. | Name and address of the customer (including legal person) | Branch | Date of Transaction | Nature of Transaction | Account Type and No. | Amount Involved | Source of Fund | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

Signature :

(Compliance Officer or authorized officer)

Name :

Designation :

Phone :

Email :

Fax :

Date:

(इ.प्रा.परिपत्र संख्या २७ (ख) को दफा ४९ को प्रयोजनको लागि)

अनुसूची-३

## Suspicious Transaction Report and Internal Record Form for Remittance Companies/ Money or Value Transfer Services

Name of Reporting Institution:

| S.N | Name and address of the Customer (with passport number & visa or citizenship, or national ID, etc.) including legal person | Name and address of the sendor (with passport number & visa or citizenship, or national ID,etc.) | Date of Transaction | Relationship | Source of Money | Amount Involved in NPR | Reasons for Suspicion | Signature for Internal Recording | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

Signature :
(ComplianceOfficer/Authorized Person)
Name :
Designation :
Phone :
Email :
Fax :
Date:

अनुसूची-४

(कारवाहीसम्बन्धी व्यवस्था):

| क्र.सं. | पालना नभएको व्यवस्था | कारवाही (प्रति उल्लङ्घन) |
|---|---|---|
| १ | नीति तथा कार्यविधि नभएमा | (क) पहिलो पटकका लागि सचेत गराउने ।<br>(ख) दोस्रो पटकदेखि रु. १० लाख वा गाम्भीर्यको आधारमा रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| २ | ग्राहक पहिचान सम्बन्धी व्यवस्था कार्यान्वयन नभएमा | (क) पहिलो पटकका लागि सचेत गराउने ।<br>(ख) दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. ५० लाख वा गाम्भीर्य अनुसार थप जरिवाना गर्ने । |
| ३ | जानीबुझी बेनामी वा काल्पनिक नाममा कारोबार गरेको पाइएमा | (क) रु. ५० लाख वा गाम्भीर्य अनुसार थप जरिवाना गर्ने । |
| ४ | सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को को परिच्छेद-६ख को व्यवस्था पालना भएको नपाइएमा | (क) पहिलो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. ५० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. २ करोड वा गाम्भीर्य अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने ।<br>(घ) पटक पटक प्रणालीगत समस्या भएमा कारोबार वा व्यवसायमा आंशिक वा पूर्ण रोक लगाउने वा इजाजतपत्र निलम्वन वा खारेज गर्ने सम्मको कारबाही गर्ने । |
| ५ | उच्चपदस्थ व्यक्तिको पहिचान हुने प्रणालीको व्यवस्था नभएमा | (क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्य अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| ६ | वास्तविक धनीको पहिचान गर्ने, वृहत ग्राहक पहिचान गर्ने तथा ग्राहक पहिचान अद्यावधिक गर्ने व्यवस्था नभएमा | (क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्य अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| ७ | सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिले तोकेको बमोजिम कार्य गरेको नपाइएमा | (क) रु. १० लाख वा गाम्भीर्य अनुसार थप जरिवाना गर्ने । |
| ८ | वायर ट्रान्सफर र रेमिटान्स गर्दा ग्राहकको पहिचान हुन नसकेमा | (क) रु. १० लाख वा कारोबार रकम जुन बढी हुन्छ सो बराबर वा गाम्भीर्य अनुसार थप जरिवाना गर्ने । |
| ९ | वायर ट्रान्सफर र रेमिटान्स गर्दा वास्तविक धनीको पहिचान हुन नसकेमा | (क) रु. २० लाख वा कारोबार रकम जुन बढी हुन्छ सो बराबर वा गाम्भीर्य अनुसार थप । |
| १० | निरन्तर अनुगमन सम्बन्धी व्यवस्था नभएमा | (क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्य अनुसार थप जरिवाना गर्ने । |
| ११ | सीमा कारोबारको विवरण वित्तीय जानकारी इकाईमा तोकिएको समयमा पेश नगरेमा | (क) पहिलो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. ५० लाख जरिवाना गर्ने । |

| क्र.सं. | पालना नभएको व्यवस्था | कारवाही (प्रति उल्लङ्घन) |
|---|---|---|
| | | (ग) तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्य अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| १२ | शंकास्पद कारोबारको पहिचान गर्ने संयन्त्र/प्रणाली नभएमा तथा शंकास्पद कारोबार प्रतिवेदन तोकिएको ढाँचा र समयमा पेश नगरेमा | (क) पहिलो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. ५० लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्य अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| १३ | कार्यान्वयन अधिकारीको व्यवस्था नगरेमा | (क) रु. २० लाख जरिवाना गर्ने । |
| १४ | सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी पेश गर्नुपर्ने प्रतिवेदन समयमा पेश नगरेमा तथा संचालक समितिले गर्नुपर्ने समीक्षा नगरेमा | (क) पहिलो पटकका लागि सचेत गराउने ।<br>(ख) दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. ५० लाख वा गाम्भीर्य अनुसार थप जरिवाना गर्ने । |
| १५ | संस्थागत तथा कर्मचारीको क्षमता अभिवृद्धि नगरेमा | (क) पहिलो पटकका लागि सचेत गराउने ।<br>(ख) दोस्रो पटकका लागि  रु. १० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्य अनुसार थप जरिवाना गर्ने । |
| १६ | तोकिएका विवरणहरुको अभिलेख नराखेमा वा तोकिएको समयसम्म सुरक्षित नराखेमा | (क) पहिलो पटकका लागि सचेत गराउने ।<br>(ख) दोस्रो पटकका लागि  रु. १० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्य अनुसार थप जरिवाना गर्ने । |

**अनुसूची ५**

**(एकीकृत इ.प्रा. परिपत्रः २७/२०८१ को खण्ड (ख) को दफा ६६ सँग सम्बन्धित)**

Name of Remittance Company: ……………………………..
Date of Reporting: DD/MM/YYYY

| Particulars | Response |
|---|---|
| I: Board and Governance | |
| 1. Has the Board of Directors approved written AML/CFT policies and procedures? | |
| 2. How often does the Board review and update its AML CFT programs and policies? | |
| 3. Has the board made provision for a separate budget concerning AML/CFT activities and programs? | |
| 4. Has the Board designated any of its members responsible for AML/CFT issues or created an AML/CFT Committee? | |
| 5. What types of reports do the Board and top management receive on AML/CFT related issues? From whom and how often? | |
| 6. Does the Board provide feedback to management on reports it receives? | |
| 7. Does the Board or one of its committees meet periodically with the Compliance officer? If so how often? | |
| 8. Has the Board formulated and communicated a code of conduct/ethics, and does this include AML/CFT issues? | |
| II: Policies and Procedures: | |
| 1. How often are AML/CFT related policies and procedures reviewed? Updated? When they were last updated? | |
| 2. Have the policies and procedures been disseminated to concerned employees and management? How was this disseminated? | |
| 3. Has the Company implemented AML/CFT policies and procedures for Customer Identification and Verification for all types of customer transactions (cash/wallet/account deposit)? | |
| 4. Do the CDD policies and procedures include:<br>a) Customer Acceptance and Rejection<br>b) Enhanced CDD for higher-risk customers, products, transactions, etc.<br>c) Maintain records of transaction details securely<br>d) Provision related to Combating Terrorist Financing<br>e) Monitoring of customer transactions<br>f) Internal and external (FIU) reporting of suspicious transactions | |
| 5. Do AML/CFT CDD policies and procedures require the remittance company to:-<br>a) Record information on the purpose and intended nature of the business relationship/transaction.<br>b) Apply ECDD procedures for PEPs and other high-risk customers and transactions, etc.<br>c) Appoint a higher-level officer/manager responsible for approving and handling cross-border correspondent relationships, PEP, and high-risk customer accounts or transactions. | |
| 6. Do the identification and verification procedures for all new customers include the following (If the remittance company has provision for membership or accounts of customers)?<br>a) Examination of documents for authenticity.<br>b) Face-to-face meetings with prospective customers.<br>c) Crosscheck information with independent sources.<br>d) Conduct detailed verification for customers classified as high-risk, linked to high-risk business, and/or from high-risk countries. | |
| 7. Does the Company's CDD policy include checking customers against high-risk customers in official country lists or lists issued through UNSCRs? | |
| 8. What types of customers does the remittance company refuse to do business with? Why? | |
| 9. For funds transfer, does the remittance company retain the following records?<br>a) Name and address of originator and beneficiary<br>b) Amount of funds transfer.<br>c) The date of funds transfer.<br>d) Any payment instructions.<br>e) The identity of the beneficiary's bank and account number of the beneficiary (in case of account deposit).<br>f) Purpose of funds transfer. | |

| Particulars | Response |
|---|---|
| 10. Describe your CDD procedures when customer business is conducted through or with the participation of:<br>a) Third-party intermediaries (e.g., subagent of another remittance company)<br>b) Other non-face-to-face business. | |
| III. MIS/ Internal Control/ Audit | |
| 1. Does the Company have an information system that can monitor and generate reports on customer transactions? | |
| 2. Does the Company maintain a customer database? If yes, is the database integrated into the information system referred to in number 1 above? | |
| 3. Does the information system generate indicators (red flags, alerts, etc.) to detect suspicious transactions? If so provide statistics of such indicators. | |
| 4. Can the Board and the management receive AML/CFT reports directly generated by the system? | |
| 5. Does the Company have an Internal Audit Department/function? Does it review and test the AML/CFT program while conducting an audit? | |
| 6. When was the last time the internal audit reviewed AML/CFT? Describe the scope of the last review and its findings. Please provide a copy of the report if there is any. | |
| 7. Is the internal audit function with respect to AML/CFT risk-based? Are compliance with policies and procedures reviewed? | |
| 8. In the last audit, was the system for identifying and reporting suspicious activities and transactions reviewed? | |
| 9. Who reviews audit reports on AML/CFT? How are issues raised in the audit addressed? | |
| 10. Does the external auditor's review of the internal control environment cover AML/CFT controls? Or, has there been an independent audit review of AML/CFT control measures? | |
| IV: Risk Management and Compliance Functions | |
| 1. Is there a specialized Risk Management Unit or function within your remittance company? Does it cover ML/TF risks? | |
| 2. Does the Company have a policy for conducting periodic ML/TF risk assessment? If so what is the scope and frequency of such assessments i.e.<br>a) Products/Services<br>b) Clients/customers<br>c) Geographic location/jurisdiction<br>d) Delivery channels<br>e) Agents<br>f) Use of intermediaries | |
| 3. Does the Company have an ML/TF risk classification in effect? If so, describe | |
| 4. Are there specific types or categories of products and customers identified as high-risk? Which categories and how many have been so identified? | |
| 5. Are there customers who are prohibited from doing business with the remittance company based on the risk of ML/TF? | |
| 6. Does the Company take into account ML/TF risks in approving the expansion of business e.g. new branches, and markets (domestic and foreign)? Has the Company identified high-risk locations where it conducts business? | |
| 7. Is the Board informed of changing ML/TF risk? If so how is this communicated? | |
| 8. Has the Company appointed an AML/CFT compliance officer? If so provide the name and position within the organization. Is the compliance officer at the managerial level? | |
| 9. Provide details of the AML/CFT compliance officer's professional qualifications, training, duties and responsibilities. To whom does the compliance officer report? | |
| 10. Describe the role of the AML/CFT compliance officer in:<br>a) Monitoring and reporting of suspicious activities;<br>b) training;<br>c) development of risk systems and controls;<br>d) Others. | |
| V. Human Resources/ Training/ Sub-agent Management | |
| 1. Is there an AML/CFT training program in place for employees? | |
| 2. What kind of AML/CFT training has the Compliance officer attended (Internal and external)? | |
| 3. What type of AML/CFT training, if any, does your institution provide to the employees? When was the last training program delivered? What is the frequency of training provided? | |

| Particulars | Response |
|---|---|
| 4. Are there different types of AML/CFT training programs e.g. for new and existing employees? By type of business activities, etc. | |
| 5. Has the Board and senior management participated in AML/CFT training? If so describe. | |
| 6. Does the Company retain records of its training sessions including attendance records and relevant training materials used? | |
| 7. Does the Company communicate new AML/CFT related laws or changes to existing AML/CFT related policies or practices to employees? | |
| 8. What was the AML/CFT training budget for last year? Current year? | |
| 9. Does your Company screen prospective employees, (e.g. criminal records, work experience, etc.)?If yes, what other checks and examinations does it conduct? | |
| 10. Has the Company provided AML/CFT related training to its subagents? If so, what percentage of subagents has been covered and how often are such trainings given? | |
| VI. Reporting and Record Keeping | |
| 1. Does the Company have an internal system for detecting and reporting unusual and suspicious activities? If yes, Manual or Automated? | |
| 2. Are there specific monitoring systems for terrorism financing? If so describe in detail. | |
| 3. Describe, if any, the security measures applied to prevent information about unusual and suspicious activities from being disclosed to unauthorized parties, wittingly or unwittingly. | |
| 4. Are monitoring and reporting mechanisms the same for all types of customers? What about PEPs? | |
| 5. What is the procedure applied once an account, transaction, or activity is identified as unusual or suspicious? Are these procedures documented? | |
| 6. How many STRs have been sent to the FIU in the past 3 years, year-wise? | |
| 7. Are there administrative sanctions for employees who do not adhere to the monitoring and reporting policies and procedures? Have any been applied in the last 3 years? | |
| 8. Does the remittance company conduct bulk screening on a periodical basis? What types of list are used while conducting bulk screening? | |
| 9. Does the remittance company use adverse media news to prepare separate negative list? | |
| 10. How are records maintained? Paper, electronically, onsite, offsite storage? | |
| 11. How are records maintained by the subagents of the remittance company? | |
| 12. What are the security measures for recordkeeping? | |
| 13. Describe the procedures for accessing and retrieving AML/CFT related data. How long would it take to retrieve the information for a particular customer going back 5 years? Has this been tested? | |
| 14. Has there been a request from the authorities (e.g., FIU, Law Enforcement Agencies) for customer data? Provide information of data requested in the last 3 years? | |
| 15. Is the current list of the Company's subagents accessible by competent authorities? How is this ensured? | |

(ग) <u>सूचीकृत भएका आतंककारी व्यक्ति, समूह वा सङ्गठन सम्बन्धी सूचना तथा जानकारी हासिल गर्नुपर्ने सम्बन्धी निर्देशन</u> :

सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा २९ङ. को उपदफा (१) बमोजिम संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्बाट पारित निर्णय बमोजिम सूचीकृत भएका आतंककारी व्यक्ति, समूह वा सङ्गठनको अद्यावधिक सूची नेपाल सरकार, परराष्ट्र मन्त्रालयले आफ्नो वेवसाइटमा राख्ने गरेको र सो सूचीमा रहेका आतंककारी व्यक्ति, समूह वा सङ्गठनको सम्पत्ति वा कोष रोक्का राख्न सोही दफाको उपदफा (२) र (३) बमोजिम नेपाल सरकार, गृह मन्त्रालयले आदेश जारी गरी वेबसाइटमा प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको हुँदा सोही दफाको उपदफा (४) बमोजिम इजाजतपत्रप्राप्त संस्थाहरूले नियमित रुपमा वेवसाइट हेरी प्रकाशित सूचीमा उल्लिखित व्यक्ति, समूह वा सङ्गठनहरूको बारेमा अद्यावधिक जानकारी हासिल गरी सोही सूचना बमोजिम गर्नु गराउनु पर्नेछ ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : २८/२०८१

## विविध व्यवस्था

१ साप्ताहिक सञ्चिति विवरण पठाउने सम्बन्धी व्यवस्था:

बैंक तथा बित्तीय संस्थाहरूबाट साप्ताहिक रुपमा पठाउने गरेको विदेशी विनिमय सञ्चिति सम्बन्धी विवरणलाई एकरुपता बनाउन तथा विदेशी विनिमय सञ्चिति सम्बन्धी रिपोटिङ कार्यलाई थप सरल गर्ने उद्देश्यले यसैसाथ संलग्न अनुसूची २८.१ र २८.२ बमोजिमको विवरण तयार गरी हप्ता समाप्त भएको एक कार्य दिनभित्र यस विभागको लगानी शाखामा पेश गर्ने व्यवस्था गर्न विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी इजाजतपत्रप्राप्त “क” र राष्ट्रियस्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरूलाई यो परिपत्र जारी गरिएको छ ।

२. Gold Quest सम्बन्धमा:

नेपाल सरकार, गृह मन्त्रालयको मिति २०५९।१०।२२ को सूचना बमोजिम Gold Quest नामक संस्थाले नेपाल अधिराज्यको बिभिन्न स्थानमा सञ्चालन गरी राखेको कारोबार योजना (Scheme) गैरकानुनी भएकोले उक्त संस्थासँग सम्बन्धित कुनै पनि विदेशी विनिमय कारोबार नगर्न/नगराउन विदेशी विनिमय (नियमित गर्ने ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

३. सार्वजनिक विदामा विदेशी विनिमय कारोबार गर्ने बारे:

विदेशी विनिमय कारोबार गर्न यस बैंकको इजाजतपत्र लिएका बैंक/वित्तीय संस्थाहरूले सार्वजनिक बिदाका दिनहरूमा र अन्य दिनहरूमा पनि कार्यालय समय अघि र पछि विदेशी विनिमय कारोबार गर्न चाहेमा सोको लागि यस विभागबाट छुट्टै अनुमति लिई रहनु नपर्ने व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी इजाजतपत्रप्राप्त “क” र राष्ट्रियस्तरका “ख” वर्गका विकास बैंकहरूलाई यो परिपत्र जारी गरिएको छ ।

४. आयातको लागि विदेशी मुद्रामा Loan Book गर्न पाउने व्यवस्था सम्बन्धमा:

व्यापारिक फर्म/कम्पनीले प्रतीतपत्रमार्फत् आयात गर्ने सामानको भुक्तानी गर्ने रकमसम्म देहायबमोजिम परिवर्त्य विदेशी मुद्रामा Loan Book गर्न पाउने व्यवस्था गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक, बैंकिङ विभागलगायत प्रदेशस्थित कार्यालय र इजाजतपत्रप्राप्त “क” वर्गका बैंकहरूलाई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(क) विदेशबाट सामान आयात गर्ने व्यापारिक फर्म/कम्पनीले प्रतीतपत्र मार्फत् आयात हुने सामानको लागि प्रचलित व्यवस्था बमोजिम परिवर्त्य विदेशी मुद्रा भुक्तानी गर्नुपर्ने रकमसम्मको लागि बढीमा ९० दिनसम्म सम्बन्धित बैंकसंग विदेशी मुद्रामा Loan Book गर्न सक्नेछन् ।

(ख) बैंकहरूले आफूसंग रहेको स्वतन्त्र (Free of Charge) परिवर्त्य विदेशी मुद्रा मौज्दातको Back-up मा मात्र यस्तो कर्जा प्रवाह गर्न सक्नेछन् ।

(ग) यस्तो कर्जा प्रवाह गर्ने प्रयोजनको लागि यस बैंकबाट सटही माग गर्न पाईने छैन ।

(घ) त्यस्तो कर्जा २०७४ बैशाख मसान्तसम्म मात्र प्रवाह गर्न सकिनेछ ।

(ङ) प्रत्येक महिना यसरी प्रवाह गरेको कर्जाको विवरण बैंकको केन्द्रीय कार्यालयले महिना व्यतित भएको ७ दिनभित्र यस विभागमा पेश गर्नुपर्नेछ ।

५. नेपाल राष्ट्रिय एकद्वार प्रणाली मार्फत् कार्य गर्ने/गराउने सम्बन्धी व्यवस्था ।

नेपाल सरकारले सञ्चालनमा ल्याएको राष्ट्रिय एकद्वार प्रणालीमार्फत् अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी कार्यहरु गर्न/गराउनु हुन नेपाल राष्ट्र बैंक, बैकिङ्ग विभाग लगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु, इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु, राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरु र नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडलाई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

६. MaxMoney Sdn. Bhd., Malaysia ले विप्रेषण कारोबार बापतको रकम नेपाली इजाजतपत्रप्राप्त निकायलाई भुक्तानी नगरेको हुनाले यस बैंकको मिति २०७५/०८/१२ र २०७५/११/०२ गतेका परिपत्रहरुमार्फत् यस बैंकबाट इजाजतपत्रप्राप्त निकायहरुलाई सो संस्थासँग कारोबार गर्न लगाइएको प्रतिबन्ध उक्त संस्थाले कुल वक्यौता रकममध्ये आंशिक रकम भुक्तानी गरेकोमा यस बैंकको मिति २०७६/१०/०५ को सूचनामार्फत् सो प्रतिबन्ध फुकुवा गरिएको तथा उल्लिखित परिपत्रहरु खारेज गरिएकोमा उक्त संस्थाले त्यस्तो प्रतिबन्ध फुकुवा गर्दा तोकिएका शर्तहरु पालना नगरेको हुँदा यस बैंकबाट अर्को व्यवस्था नभएसम्मका लागि यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, विप्रेषण कम्पनी, अन्य इजाजतपत्रप्राप्त निकायहरू, सरोकारवाला व्यक्ति तथा निकायले MaxMoney Sdn. Bhd. सँग बाँकी वक्यौता भुक्तानी लिने कार्य बाहेक कुनै पनि कारोबार नगर्न/नगराउनु हुन र MaxMoney Sdn. Bhd. ले नेपालीहरूसँग मलेसियामा रकम संकलन गरी अन्य Multi-Corridor मार्फत् त्यस्तो रकम नेपाल पठाउने कार्यका लागि तेस्रो पक्षबाट Processing भएको रकम समेत स्वीकार गर्ने तथा भुक्तानी गर्ने व्यवस्था नहुने गरी विप्रेषण कारोबारको प्रबन्ध मिलाउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**७. नेपाली व्यवसायीहरुले वस्तु तथा सेवा बिक्री गरेबापतको परिवर्त्य विदेशी मुद्रा नेपाली वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका विकास बैंकमा खोलिएको खातामा प्राप्त हुने गरी (Merchant Payments) विदेशमा जारी भएको भुक्तानीका उपकरणबाट Quick Response Code लगायतका विद्युतीय माध्यम (कार्ड बाहेक) मार्फत समेत स्वीकार (Acquire) गर्न सकिनेछ । यस्तो कारोबार गर्दा राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch) पूर्ण रुपमा सञ्चालनमा नआएसम्म सो अन्तर्गतको Retail Payment Switch (RPS) को माध्यमबाट स्वीकार (Acquire) गर्नु पर्नेछ ।**

**यस्तो कारोबारको भुक्तानी विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्र नलिएका प्रचलित कानूनबमोजिम यस बैंकबाट बैंकिङ्ग कारोबार गर्न इजाजतपत्रप्राप्त वित्तीय संस्था र यस बैंकबाट अनुमतिप्राप्त भुक्तानी सेवा प्रदायकको खाता/वालेटमा समेत प्राप्त गर्न सकिनेछ । तर, यस्तो वित्तीय संस्था वा भुक्तानी सेवा प्रदायकले नेपाली सेटलमेन्ट बैंकमार्फत परिवर्त्य विदेशी मुद्रा प्राप्त नगरी नेपाली रुपैयाँ मात्र प्राप्त गर्न सक्नेछन् ।**

**यस्तो कारोबारमा निहित रहने सम्पूर्ण जोखिमहरु र सोका निराकरण/न्यूनीकरणका उपायहरु सम्बन्धित बैंक-वित्तीय संस्था र भुक्तानी सेवा प्रदायक आफैँले विश्लेषण तथा व्यवस्थापन गर्नु पर्नेछ ।***

**८. यस एकीकृत परिपत्र-२०८१ को एकीकृत इ.प्रा. परिपत्रः ७/२०८१ को दफा १ र २ तथा एकीकृत इ.प्रा. परिपत्रः १४/२०८१ को दफा २ को खण्ड (ग) को बुँदा ७ र दफा ७ मा उल्लिखित परिवर्त्य विदेशी मुद्राको सटही सुविधा नेपाली वाणिज्य बैंक तथा राष्ट्रियस्तरका विकास बैंकमा खोलिएको बैंक खातामा आवद्ध Quick Response Code लगायतका विद्युतीय माध्यम (कार्ड बाहेक) बाट विदेशमा भुक्तानी हुने गरी समेत प्रदान गर्न सकिनेछ । यसरी सटही सुविधा प्रदान गर्दा राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch) पूर्ण रुपमा सञ्चालनमा नआएसम्म सो अन्तर्गतको Retail Payment Switch (RPS) को माध्यमबाट प्रदान गर्नु पर्नेछ ।***

**९. नेपाली व्यवसायीहरुले वस्तु तथा सेवा बिक्री गरेबापतको रकम (Merchant Payments) नेपाली वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका विकास बैंकमा खोलिएको खातामा प्राप्त हुने गरी भारतीय रुपैयाँमा जारी भएको**

---

* यो परिपत्र जारी हुनु पूर्व भारतीय रुपैयाँ वा परिवर्त्य विदेशी मुद्राको Merchant Payments (P2M) को Acquiring/Issuing कारोबार सूचारु गरिसकेका/नगरिसकेका बैंक-वित्तीय संस्था वा भुक्तानी सम्बन्धी कार्य गर्न अनुमतिप्राप्त संस्थाले उल्लिखित कारोबार राष्ट्रिय भुक्तानी स्वीचमार्फत परिचालन (Route) गराउने सम्बन्धमा आ-आफ्नो कार्ययोजना यस बैंकको भुक्तानी प्रणाली विभागमा पेश गर्नु पर्नेछ । यस्तो कार्ययोजना राष्ट्रिय भुक्तानी स्वीच पूर्ण रुपमा सञ्चालनमा आएको ६ महिनाभित्र पेश गर्नु पर्नेछ ।

**भुक्तानीका उपकरणबाट Quick Response Code लगायतका विद्युतीय माध्यम (कार्ड बाहेक) मार्फत समेत स्वीकार (Acquire) गर्न सकिनेछ। यस्तो कारोबार गर्दा राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch) पूर्ण रुपमा सञ्चालनमा नआएसम्म सो अन्तर्गतको Retail Payment Switch (RPS) को माध्यमबाट स्वीकार (Acquire) गर्नु पर्नेछ।**

**यस्तो कारोबारको भुक्तानी विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्र नलिएका प्रचलित कानूनबमोजिम यस बैंकबाट बैंकिङ्ग कारोबार गर्न इजाजतपत्रप्राप्त वित्तीय संस्था र यस बैंकबाट अनुमतिप्राप्त भुक्तानी सेवा प्रदायकको खाता/वालेटमा समेत प्राप्त गर्न सकिनेछ। तर, यस्तो वित्तीय संस्था वा भुक्तानी सेवा प्रदायकले नेपाली सेटलमेन्ट बैंकबाट भारतीय रुपैयाँ प्राप्त नगरी नेपाली रुपैयाँ मात्र प्राप्त गर्न सक्नेछन्।**

**यस्तो कारोबारमा निहित रहने सम्पूर्ण जोखिमहरु र सोका निराकरण/न्यूनीकरणका उपायहरु सम्बन्धित बैंक-वित्तीय संस्था र भुक्तानी सेवा प्रदायक आफैंले विश्लेषण तथा व्यवस्थापन गर्नु पर्नेछ।***

**१०. Quick Response Code लगायतका विद्युतीय माध्यम (कार्ड बाहेक) बाट विदेशी मुद्रामा हुने अन्तरदेशीय Retail Payments अन्तर्गतको Merchant Payments (P2M) को Acquiring तथा Issuing कारोबार सम्बन्धी अन्य व्यवस्था र राष्ट्रिय भुक्तानी स्वीचमा आवद्धता सम्बन्धी व्यवस्था यस बैंकको भुक्तानी प्रणाली विभागबाट जारी विनियमावली, निर्देशन, सूचना लगायतका व्यवस्था बमोजिम हुनेछ।**

**११. यस एकीकृत परिपत्र-२०८१ मा उल्लेख भएबमोजिम भन्दा बाहेकका विदेशी विनिमय सटही सुविधाको स्वीकृति प्रचलित विदेशी विनिमय (नियमित गर्ने) ऐन, नियम तथा विनियम बमोजिम यस बैंकले प्रदान गर्नेछ।**

* यो परिपत्र जारी हुनु पूर्व भारतीय रुपैयाँ वा परिवर्त्य विदेशी मुद्राको Merchant Payments (P2M) को Acquiring/Issuing कारोबार सूचारु गरिसकेका/नगरिसकेका बैंक-वित्तीय संस्था वा भुक्तानी सम्बन्धी कार्य गर्न अनुमतिप्राप्त संस्थाले उल्लिखित कारोबार राष्ट्रिय भुक्तानी स्वीचमार्फत परिचालन (Route) गराउने सम्बन्धमा आ-आफ्नो कार्ययोजना यस बैंकको भुक्तानी प्रणाली विभागमा पेश गर्नु पर्नेछ। यस्तो कार्ययोजना राष्ट्रिय भुक्तानी स्वीच पूर्ण रुपमा सञ्चालनमा आएको ६ महिनाभित्र पेश गर्नु पर्नेछ।

अनुसूची २८.१

............................................ Bank
Weekly Reserve Statement
Data As Of............

*In US Dollar*

| S.N. | Statement | Last week | This week | Change |
|---|---|---|---|---|
| 1 | *Cash Balance* | | | |
| 2 | *Agency Bank Balance* | | | |
| | *2.1 Balance with NRB* | | | |
| | *2.2 Balance Held Domestically* | | | |
| | *2.2.1 Balance with other domestic banks* | | | |
| | *2.2.2 Investments in domestic banks* | | | |
| | *Sub Total* | | | |
| | *2.3 Balance Held Abroad* | | | |
| | *2.3.1 Bank balances* | | | |
| | *2.3.2 Investments* | | | |
| | *Sub Total* | | | |
| | *Total (2.1+2.2+2.3)* | | | |
| 3 | *Other Receivables* | | | |
| 4 | *Clean Bills Purchase* | | | |
| | *Purchase* | | | |
| | *Realization* | | | |
| 5 | *Documentary Bills Purchase* | | | |
| | *Purchase* | | | |
| | *Realization* | | | |
| | *Grand Total (1+2+3+4+5)#* | | | |
| 6 | *Import LC Obligation* | | | |
| | *Open* | | | |
| | *Payment/Retirement/Cancellation* | | | |
| | *LC Payable* | | | |
| 7 | *FC Account Balance (Customers' A/C)* | | | |
| 8 | *Forward Liabilities* | | | |
| | *Purchase* | | | |
| | *Sale (Liabilities)* | | | |

*# Net inflows should tally with the sum of total assets (S.N. 1 to 5 i.e., grand total)*

Reporting Person :

Designation:

Contact Telephone No. :

Stamp :

अनुसूची २८.२

............................................ Bank

Detail of Major Inflows and Outflows of Convertible Currencies**

Data As Of............

| Inflow Details | Amount $ | Outflow Details | Amount $ |
|---|---|---|---|
| A. Items Affecting the Overall Reserves of the System | | A. Items Affecting the Overall Reserves of the System | |
| Workers' Remittance | | Import Payments (Excluding Gold & Petroleum Product) | |
| Export Proceeds | | Under LC | |
| Foreign Direct Investment (FDI) | | Under TT/Draft | |
| Foreign Commercial Borrowing | | Gold Import from Overseas | |
| Receipts in NGOs/INGOs A/C | | Payment/Withdrawal from Customers' A/C | |
| Receipts in Other Customers A/C | | Payment under PPA | |
| Cash Purchase from Customers | | FDI Repatriation | |
| Card Realization | | Repayment of Foreign Commercial Borrowings | |
| Other Inflows* | | Payment under Passport Facility | |
| | | Payment under Education Facility | |
| | | Other Services Payments or Repatriations | |
| | | Other Outflows* | |
| B. Intra-System Transfers | | B. Intra-System Transfers | |
| Purchase from NRB | | Sale to NRB | |
| Purchase from BFIs & | | Sale to BFIs & | |
| Borrowing/Placements from BFIs | | Repayment of Borrowings/Return of Placements Matured | |
| Gold Sale to Domestic Banks | | Gold Purchase from Domestic Banks | |
| Other Transfers from BFIs | | Other Transfers to BFIs | |
| TOTAL | | TOTAL | |
| | | NET INFLOWS # | |

Reporting Person:
Designation:
Contact Telephone No. :
Stamp

& *The details of interbank purchase and sales (amount, counterparties, value date) to be disclosed in a separate sheet.*

* *Material items should be disclosed in a separate sheet.*

** *Inflows and outflows should be Reported on cash basis.*

# *Net inflows should tally with the sum of total assets (S.N. 1 to 5 i.e., grand total)*

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

एकीकृत इ.प्रा. परिपत्र : २९/२०८१

## विविनि. फाराम तथा Online Reporting सम्बन्धी व्यवस्था

(१) विदेशी विनिमय कारोबार सम्बन्धी निम्न वि.वि.नि. फारामहरू तोकिए बमोजिमको अवधिभित्र यस बैंकमा अनिवार्य रुपमा प्रेषित गर्नु पर्ने व्यवस्था रहेकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी इजाजतपत्रप्राप्त सम्बन्धित सबै निकायहरूलाई यो परिपत्र जारी गरिएको छ ।

| क्र.सं. | वि.वि.नि. फा.नं. | अनुसूची | विषय | पेश गर्नुपर्ने निकाय | अवधि |
|---|---|---|---|---|---|
| १ | ३/ ३"ग" | १.१/१.१ क | आयात प्रतीतपत्र खोलेको विवरण | सम्बन्धित आयातकर्तालाई भर्न लगाई बैंक/वित्तीय संस्थाले पेश गर्ने । | दैनिक |
| २ | ३ "क" | १.८ | ड्राफ्ट/टी.टी. सटही सुविधाको निवेदन | | दैनिक |
| ३ | ३ "ख" | १.५ | ड्राफ्ट/टी.टी. सटही सुविधाको निवेदन (तातोपानी भन्सार) | सम्बन्धित आयातकर्तालाई भर्न लगाई बैंक/वित्तीय संस्थाले पेश गर्ने । | दैनिक |
| ४ | – | १.७ | तिब्बतबाट आयात गर्नको लागि प्रदान गरिएको वि.मु. सटही र बैंक ड्राफ्ट/टी.टी.को विवरण | सम्बन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | पाक्षिक |
| ५ | ४ | १.२ | पैठारी भुक्तानी प्रमाणपत्र | सम्बन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | दैनिक |
| ६ | ४ "क" | १.९ | ड्राफ्ट/टी.टी. सटही सुविधाको पैठारी भुक्तानी प्रमाणपत्र | सम्बन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | दैनिक |
| ७ | ४ "ख" | १.६ | नगद/ड्राफ्ट/टी.टी. सटही सुविधाको पैठारी भुक्तानी प्रमाणपत्र (तातोपानी भन्सार) | सम्बन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | दैनिक |
| ८ | ४ "ग" | १.१० | नगद/ड्राफ्ट/टी.टी. सटही सुविधा (भा.रु) | सम्बन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | दैनिक |
| ९ | ४ "घ" | १.३ | क्रेडिट (Usance Bill) सुविधा अन्तर्गत हुने आयात । | सम्बन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | दैनिक |
| १० | भा.रु. २ | १.१२ | भारतीय बीमा कम्पनीहरूले रिप्याट्रियसनको लागि अनुरोध गर्दा पेश गर्नुपर्ने | सम्बन्धित बीमा कम्पनीलाई भर्न लगाई बैंक/वित्तीय संस्थाले पेश गर्ने । | नियमित |
| ११ | भा.रु. ३ | १.१३ | भारतीय वायुसेवाहरूले रिप्याट्रियसनको लागि अनुरोध गर्दा पेश गर्नुपर्ने | सम्बन्धित वायुसेवाहरूलााई भर्न लगाई बैंक/वित्तीय संस्थाले पेश गर्ने । | नियमित |
| १२ | भा.रु. ४ | १.१४ | भा.रू. खरिदको साप्ताहिक/मासिक विवरण | सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले तयार गरी पेश गर्ने । | साप्ताहिक / मासिक |
| १३ | भा.रु. ५ | १.१५ | भा.रू. बिक्रीको साप्ताहिक/मासिक विवरण | सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले तयार गरी पेश गर्ने । | साप्ताहिक / मासिक |
| १४ | – | १.४ | परिवर्त्य विदेशी मुद्रामा सामान आयात गर्ने गरी खोलिएका प्रतीतपत्रहरूको साप्ताहिक विवरण | सम्बन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | साप्ताहिक |
| १५ | – | ३.१ | सुन आयात तथा बिक्रीको मासिक विवरण | सम्बन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | मासिक |

| क्र.सं. | वि.वि.नि. फा.नं. | अनुसूची | विषय | पेश गर्नुपर्ने निकाय | अवधि |
|---|---|---|---|---|---|
| १६ | – | ५.२ | निर्यातको लागि प्राप्त अग्रिम भुक्तानी रकम मध्ये फिर्ता गरिएको रकमको विवरण | सम्बन्धित इजाजतपत्रप्राप्त निकाय | मासिक |
| १७ | १ | ५.३ | निर्यात प्रतीतपत्र खोलेको विवरण | सम्बन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | साप्ताहिक |
| १८ | २ | ५.४ | दृष्य निर्यातबाट हुने प.वि.मु.को आम्दानी विवरण | सम्बन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | साप्ताहिक |
| १९ | २ (क) | ५.५ | निर्यात भुक्तानी प्राप्त हुन नआएको विवरण | सम्बन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | मासिक |
| २० | – | ७.२ | राहदनी बापत सटही सुविधा | सम्बन्धित इजाजतपत्रप्राप्त निकाय | मासिक |
| २१ | – | ७.३ | व्यापार प्रवर्द्धन बापत प्रदान गरिएको सटही सुविधा | सम्बन्धित इजाजतपत्रप्राप्त निकाय | मासिक |
| २२ | – | ७.७ | नेपाल समुद्रपार निकासी पैठारी संघको सिफारिसमा प्रदान भएको सटही सुविधा | सम्बन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | मासिक |
| २३ | – | १८.१ | जलविद्युत उत्पादन तथा प्रसारण परियोजनालाई प्रदान गरिएको ऋण सम्बन्धमा | सम्बन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | दैनिक |
| २४ | – | १८.२ | भुक्तानी गर्न बाँकी ऋणको जानकारी | सम्बन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | अर्धवार्षिक र वार्षिक |
| २५ | – | १९.१ | Forward कारोबारको साप्ताहिक विवरण | सम्बन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | साप्ताहिक |
| २६ | – | २४.१ | Statement of Inward Remittance (Countrywise Transaction) | रेमिटान्स कारोबार गर्न इजाजतपत्रप्राप्त सम्पूर्ण निकायहरूले तयार गरी पेश गर्ने । | मासिक |
| २७ | – | २४.२ | Statement of Inward Remittance (Companywise Transaction) | रेमिटान्स कारोबार गर्न इजाजतपत्रप्राप्त सम्पूर्ण निकायहरू । | मासिक |
| २८ | – | २६.४ | होटल/ट्राभल/ट्रेकिङ्ग एजेन्सीको वि.मु. कारोबार । | सम्बन्धित इजाजतपत्रप्राप्त निकाय | मासिक |
| २९ | – | २६.७ | Indian Currency Purchase/Sales Statement | सम्बन्धित इजाजतपत्रप्राप्त निकाय | मासिक |
| ३० | अनुसूची २ | २७ (क) | Threshold Transaction Report (TTR) Form for MSBs | मुद्रा सटही सम्बन्धी कार्य गर्ने सम्बन्धित इजाजतपत्रप्राप्त निकाय | पाक्षिक |
| ३१ | अनुसूची ३ | २७ (क) | Suspicious Transaction Report and Internal Record Form for Money Changers | मुद्रा सटही सम्बन्धी कार्य गर्ने सम्बन्धित इजाजतपत्रप्राप्त निकाय | तत्काल |
| ३२ | अनुसूची २ | २७ (ख) | Threshold Transaction Report (TTR) Form for MSBs | विप्रेषण तथा मुद्रा स्थानान्तरण सम्बन्धी कार्य गर्ने सम्बन्धित इजाजतपत्रप्राप्त निकाय | पाक्षिक |
| ३३ | अनुसूची ३ | २७ (ख) | Suspicious Transaction Report and Internal Record Form for MSBs | विप्रेषण तथा मुद्रा स्थानान्तरण सम्बन्धी कार्य गर्ने सम्बन्धित इजाजतपत्रप्राप्त निकाय | तत्काल |
| ३४ | – | २८.१ | Weekly Reserve Statement | सम्बन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | साप्ताहिक |
| ३५ | – | २८.२ | Detail of Major Inflows and Outflows of Convertible Currencies | सम्बन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | साप्ताहिक |

(२) Online Reporting सम्बन्धमा :

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३ बमोजिम यस बैंकबाट इजाजतपत्रप्राप्त विप्रेषण कारोबार गर्ने बैंक तथा वित्तीय संस्था, रेमिटान्स कम्पनी, सटही कारोबार गर्ने मनिचेञ्चर, विदेशी विनिमयको कारोबार गर्ने होटल, ट्राभल्स, ट्रेकिङ्ग, कार्गो लगायतका निकायहरूले आफूले गरेको विदेशी विनिमय कारोबारको मासिक विवरण तथा कागजात यस विभागमा नियमित रुपमा बुझाउने व्यवस्था रहेकोमा सो कार्यलाई सरलीकृत र व्यवस्थित बनाउने उद्देश्यले यही २०७४ साल बैसाखदेखिको त्यस्तो विवरण अनिवार्य रुपमा Online Reporting का माध्यमबाट मात्र पेश गर्नु पर्ने व्यवस्था मिलाईएको छ । यस व्यवस्थाको कार्यान्वयनको लागि सबै इजाजतपत्रप्राप्त संस्थाको आधिकारिक व्यक्ति पहिलो पटक यस विभागमा आफै उपस्थित तोकिए वमोजिमको विवरण सहितको फाराम बुझाई आफ्नो User Name र Password प्राप्त गरी सोही बमोजिम Online Reporting गर्ने व्यवस्था गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा-१२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ । साथै, उक्त फाराम बुझाउँदा Online-Reporting गर्ने तरिका बारे समेत प्रशिक्षण दिइने व्यवस्था मिलाइएको छ ।

खारेजी तथा बचाऊ

१. विदेशी विनिमय कारोबार गर्ने सम्बन्धी इ.प्रा. परिपत्र संख्याः ०६/२०८०-८१ मार्फत् मिति २०८०/०९/२६ मा जारी भएको एकीकृत परिपत्र-२०८० र सो मिति पश्चात् यो परिपत्र पूर्व नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागबाट विदेशी विनिमय कारोबार गर्ने सम्बन्धमा जारी गरिएका सम्पूर्ण परिपत्रहरू खारेज गरिएको छ ।

२. दफा १ अनुसार खारेज गरिएका एकीकृत परिपत्र तथा परिपत्र बमोजिम भए गरेका काम कारबाही यसै परिपत्र बमोजिम भए गरेको मानिनेछ ।

## विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को प्रयोजनको लागि जारी गरिएका सार्वजनिक सूचनाहरु

(१) नेपाली तथा विदेशी नागरिकले आफूसँग भएको विदेशी विनिमयको विवरण बुझाउने सम्बन्धी सूचना

नेपाल गजेट
भाग ३

---

श्री ५ को सरकारद्वारा प्रकाशित

---

(खण्ड १३) काठमाण्डौ, चैत्र १७ गते २०२० साल (संख्या ५०)

---

श्री ५ को सरकार
अर्थ मन्त्रालयको
सूचना

विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्न लिखित आदेश जारी गरेको छ।

नेपालमा वा विदेशमा भा.रु.बाहेक अन्य विदेशी विनिमय राखेका (०२०।४।२२ र मिति २०२०।१०।२७ को नेपाल गजेट भाग ३ मा प्रकाशित) तोकिएका क्षेत्रहरूमा बसोबास गरेका सबै नेपाली नागरिकहरू तथा उक्त क्षेत्रहरूमा बसोबास गरी नाफा गर्ने उद्देश्यले कुनै व्यापार गरिरहेका विदेशीहरूले समेत निजहरूसँग भएको विदेशी विनिमयको देहाय वमोजिमको विवरण यो सूचना प्रकाशित भएको मितिले ४ महिनाभित्र नेपाल राष्ट्र बैंक केन्द्रीय अफिस काठमाण्डौमा दिन आदेश जारी गरेको छु।

१. विदेशी विनिमयको धनीको पूरा नाम :-
२. ऐ ऐ को पूरा ठेगाना :-
३. निजसँग रहेको विदेशी विनिमयको मौज्दातः-
४. विदेशी विनिमय कुन रुप (Form) मा राखिएको छ :-
५. विदेशी विनिमय बैंक मौज्दातको रुपमा राखिएको भए हिसाव राख्ने बैंकको नाम र ठेगानाः-
६. विदेशी विनिमय विदेशी सेक्यूरिटीको रुपमा राखेको भए देहाय वमोजिमको विवरण दिनु पर्नेछ :-
   (क) धनीको पूरा नाम र ठेगानाः-
   (ख) सेक्यूरिटीको पूर्ण विवरण जस्तै : व्यार-वण्ड, रजिष्टर्ड अथवा इन्स्क्राइब्ड स्टक इत्यादी के हो ?
   (ग) सेक्यूरिटीको मूल (Nominal) रकम :-
   (घ) सेक्यूरिटी मुक्त छ अथवा प्रतिवन्धित ? प्रतिबन्धित भए प्रतिबन्धको पूर्ण विवरण दिनु पर्छ र सो सेक्यूरिटीको धितोमा कुनै ऋण लिएको भए कुन मुद्रामा सो ऋण लिएको र कुन व्यक्ति वा संस्थाबाट लिएको हो नाम र ठेगाना सहित विवरण खोल्नु पर्दछ :-
   (ङ) कुन स्थानमा कुन व्यक्ति वा संस्थासंग सो सेक्यूरिटी जम्मा गरी राखिएको छ सोको नाम, ठेगाना :-
   (च) कुन व्यक्तिको नाममा सो सेक्यूरिटी राखिएको छ ? निजको पूरा नाम र ठेगाना (यदि यो विवरण पेश गर्ने व्यक्ति वाहेक अन्य व्यक्तिको नाममा रहेको भए) विदेशी विनिमय आर्जन गर्ने अचल सम्पत्तिको हकमा देहाय बमोजिमको विवरण दिनुपर्ने छ :-
      (क) यस प्रकारको अचल सम्पत्ति भएको स्थान र सम्पत्तिको रुपः-
      (ख) उक्त सम्पत्ति रहेको स्थानको कर अधिकारीद्वारा मूल्यांकन गरिएको मूल्य :-
      (ग) त्यस अचल सम्पत्तिबाट हुने वार्षिक सरदर आम्दानीः-

द्रष्टव्य :

विदेशी विनिमय भन्नाले विदेशी मुद्रा सम्झनुपर्दछ र यो शब्दले विदेशी मुद्रामा भुक्तानी हुने वा हुनसक्ने सबै किसिमको डिपोजिट क्रेडिट र मौज्दात विदेशी सेक्युरिटि विदेशी शेयर र नेपाली मुद्रामा लेखिएको वा निकालिएको (ड्रन) तर विदेशी मुद्रामा भुक्तानी हुने वा हुनसक्ने जुनसुकै ड्राफ्ट ट्राभलर्स चेक प्रतीतपत्र ( Letter of Credit) र बिल अफ एक्सचेञ्जलाई समेत जनाउँछ।

आज्ञाले-
(डा.यादवप्रसाद पन्त)
श्री ५ को सरकारको सचिव

(२) <u>हुलाकबाट सामान निर्यात गर्ने सम्बन्धी सूचना</u>

नेपाल गजेट

भाग -३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २९ गते २०२१ साल

नेपाल राष्ट्र बैंकको

सूचना

विदेशी विनिमय (नियमित गर्ने) नियमहरू, २०२० को नियम ४ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी (२०२०।४।२२ र २०२०।१०।२७ को नेपाल गजेट भाग ३ मा प्रकाशित) तोकिएका क्षेत्रहरूमा लागू हुने गरी तल लेखिए बमोजिमको प्रज्ञापनपत्र भर्ने फर्म “क” र “ख” को नमूना सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :-

बैंक फर्म ख.

<u>यस फर्मलाई पार्सलमा टाँस्नु हुँदैन ।</u>

पहिलो प्रति :- सामान निर्यात गर्नुअघि पोष्ट अफिसद्वारा प्रमाणित गराई नेपाल राष्ट्र बैंकमा बुझाउनु पर्ने ।

प्रज्ञापन-पत्र

<u>नेपाल राष्ट्र बैंक</u>

<u>विदेशी विनिमय नियन्त्रण</u>

सिरियल नम्बर .... ..... .... ....................पार्सल रसिद नम्बर .... ..... .... ....

पोष्ट अफिसको नाम र ठेगाना .... ..... .... ....

नेपालबाट भारत बाहेक अन्य मुलुकहरूमा पोष्ट अफिसद्धारा सामान निर्यात गर्दा सामान निर्यात गर्ने व्यक्तिले दिनु पर्ने सूचना ।

---

१. सामान निर्यात गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना :.... ..... .... ....

२. सामान प्राप्त गर्नेको नाम र ठेगाना : .... ..... .... ....

३. सामानको छोटकरी विवरण तथा परिमाण .... ..... .... ....

४. सामानको इन्भ्वाईस (Invoice) बमोजिमको मूल्य (विदेशी मुद्रामा) .... ..... .... ....

म हामी यो ज्ञापन गर्दछु/छौं :-

(क) मैले/हामीले यसमा उल्लेख गरे बमोजिमको सामान बिक्री गरेको, निर्यात गर्न लागेको हुँ/हौं,

(ख) माथि नं. ४ मा उल्लिखित मूल्य आयातकर्ता (इम्पोर्टर) सँग भएको सम्झौता बमोजिमको साँचो तथा पूरा निर्यात मूल्य हो,

(ग) उक्त मूल्य बमोजिमको विदेशी मुद्रा तोकिएको समयभित्र नेपाल राष्ट्र बैंक वा इजाजतपत्रप्राप्त व्यक्ति वा संस्थालाई बुझाउनेछु ।

.... ..... .... .... सही :- .... ..... .... ....

.... ..... .... .... निर्यात लाइसेन्स नम्बर :- .... ..... .... ....

(भुक्तानी प्राप्त गर्ने बैंकको नाम र ठेगाना) .... ..... .... ....

मिति .... ..... .... ....

ठेगाना : .... ..... .... ....

मिति :-

यो प्रमाणित गरिन्छ कि माथि उल्लेख भए वमोजिमको सामान निकासी भएको ठिक साँचो हो ।

...........................

मिति : पोष्ट अफिसको छाप र दस्तखत

---

<u>नोट :</u>

(१) सामानको निर्यात सम्बन्धी सबै डकुमेण्टहरू इजाजतपत्र प्राप्त व्यक्ति मार्फत् सामान निर्यात गरेको २१ दिनभित्र पठाउनुपर्दछ ।

(२) यस फर्मको सबै विवरणहरू शुद्धसँग लेख्नुपर्दछ ।

बैंक फर्म ख.

<u>यस फर्मलाई पार्सलमा टाँस्नु हुँदैन ।</u>

दोश्रो प्रति :- पोष्ट अफिसको रेकर्डमा रहने ।

प्रज्ञापन-पत्र

<u>नेपाल राष्ट्र बैंक</u>

<u>विदेशी विनिमय नियन्त्रण</u>

सिरियल नम्बर .... ..... .... .... ............पार्सल रसिद नम्बर .... ..... .... ....

पोष्ट अफिसको नाम र ठेगाना .... ..... .... ....

नेपालबाट भारत बाहेक अन्य मुलुकहरूमा पोष्ट अफिसद्धारा सामान
निर्यात गर्दा सामान निर्यात गर्ने व्यक्तिले दिनु पर्ने सूचना

१. सामान निर्यात गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना :.... ..... .... ....
२. सामान प्राप्त गर्नेको नाम र ठेगाना : .... ..... .... ....
३. सामानको छोटकरी विवरण तथा परिमाण .... ..... .... ....
४. सामानको इन्भ्वाईस (Invoice) बमोजिमको मूल्य (विदेशी मुद्रामा) .... ..... .... ....

म हामी यो ज्ञापन गर्दछु/छौं कि :-

(क) मैले/हामीले यसमा उल्लेख गरे बमोजिमको सामान बिक्री गरेको, निर्यात गर्न लागेको हुँ/हौं,

(ख) माथि नं. ४ मा उल्लिखित मूल्य आयातकर्ता (इम्पोर्टर) सँग भएको सम्झौता बमोजिमको साँचो तथा पूरा निर्यात मूल्य हो,

(ग) उक्त मूल्य बमोजिमको विदेशी मुद्रा तोकिएको समयभित्र नेपाल राष्ट्र बैंक वा इजाजतपत्रप्राप्त व्यक्ति वा संस्थालाई बुझाउनेछु ।

.... ..... .... .... सही :- .... ..... .... ....

.... ..... .... .... निर्यात लाइसेन्स नम्बर :- .... ..... .... ....

(भुक्तानी प्राप्त गर्ने बैंकको नाम र ठेगाना) .... ..... .... ....

मिति .... ..... .... ....

ठेगाना : .... ..... .... ....

मिति :-

यो प्रमाणित गरिन्छ कि माथि उल्लेख भए वमोजिमको सामान निकासी भएको ठिक साँचो हो ।

...........................

मिति : पोष्ट अफिसको छाप र दस्तखत

---

<u>नोट :</u>

(१) सामानको निर्यात सम्बन्धी सबै डकुमेण्टहरू इजाजतपत्रप्राप्त व्यक्ति मार्फत् सामान निर्यात गरेको २१ दिनभित्र पठाउनुपर्दछ ।

(२) यस फर्मको सबै विवरणहरू शुद्धसंग लेख्नुपर्दछ ।

बैंक फर्म ख.

यस फर्मलाई पार्सलमा टाँस्नु हुँदैन ।

तेस्रो प्रति :- सामानको मूल्य प्राप्त गरी नेपाल बैंक लिमिटेडले नेपाल राष्ट्र बैंकमा बुझाउनुपर्ने ।

प्रज्ञापन-पत्र

नेपाल राष्ट्र बैंक

विदेशी विनिमय नियन्त्रण

सिरियल नम्बर .... ..... .... .... पार्सल रसिद नम्बर .... ..... .... ....

पोष्ट अफिसको नाम र ठेगाना .... ..... .... ....

नेपालबाट भारत बाहेक अन्य मुलुकहरूमा पोष्ट अफिसद्धारा सामान निर्यात गर्दा सामान निर्यात गर्ने व्यक्तिले दिनु पर्ने सूचना

१. सामान निर्यात गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना :.... ..... .... ....

२. सामान प्राप्त गर्नेको नाम र ठेगाना : .... ..... .... ....

३. सामानको छोटकरी विवरण तथा परिमाण .... ..... .... ....

४. सामानको इन्भ्वाईस (Invoice) बमोजिमको मूल्य (विदेशी मुद्रामा) .... ..... .... ....

म हामी यो ज्ञापन गर्दछु/छौं कि :-

(क) मैले/हामीले यसमा उल्लेख गरे बमोजिमको सामान बिक्री गरेको, निर्यात गर्न लागेको हुँ/हौं,

(ख) माथि नं. ४ मा उल्लिखित मूल्य आयातकर्ता (इम्पोर्टर) संग भएको सम्झौता बमोजिमको साँचो तथा पूरा निर्यात मूल्य हो,

(ग) उक्त मूल्य बमोजिमको विदेशी मुद्रा तोकिएको समयभित्र नेपाल राष्ट्र बैंक वा इजाजतपत्रप्राप्त व्यक्ति वा संस्थालाई बुझाउनेछु ।

.... ..... .... .... सही :- .... ..... .... ....

.... ..... .... .... निर्यात लाइसेन्स नम्बर :- .... ..... .... ....

(भुक्तानी प्राप्त गर्ने बैंकको नाम र ठेगाना) .... ..... .... ....

मिति .... ..... .... ....

ठेगाना : .... ..... .... ....

मिति :-

भुक्तानी प्राप्त गर्ने बैंकले प्रमाणित गर्नुपर्ने

हामी यो प्रमाणित गर्दछौं कि यस फर्ममा उल्लिखित सामानको निर्यात सम्बन्धमा विदेशी मुद्रा........ ..... .... .... .... ....मिति : .... .... .... ... मा देशबाट प्राप्त गर्‍यौं ।

वा

हामी यो प्रमाणित गर्दछौं कि यस फर्ममा उल्लिखित सामानहरू नेपालमा फिर्ता प्राप्त भएको वारेको आवश्यक कागजपत्रहरू हामीले हेरेका छौं ।

ठेगाना : .... .... .... .... .... ...........सही :- .... ..... .... ....

मिति :.... ..... .... ....

नोट :-

(१) सामानको नियति सम्बन्धी सबै डकुमेन्टहरू इजाजतपत्रप्राप्त व्यक्ति मार्फत सामान निर्यात गरेको २१ दिनभित्र पठाउनु पर्दछ ।

(२) यस फर्मको सबै विवरणहरू शुद्धसंग लेख्नुपर्दछ ।

लक्ष्मीनाथ गौतम
गभर्नर

स्पष्टीकरण

नेपाल राष्ट्र बैंकको प्रज्ञापनपत्र सम्बन्धी सूचना मिति २०२०।१२।२४ खण्ड १३ संख्या ५१ को नेपाल गजेट भाग ३ मा प्रकाशित हुँदा प्रज्ञापनपत्र क. र ख. दुवै प्रकाशित हुनुपर्नेमा क. मात्र र पछि २०२१।१।१५ खण्ड १४ संख्या ३ मा पनि ख. को तेस्रो प्रति मात्र प्रकाशित भएको हुँदा उक्त दुवै प्रज्ञापनपत्रहरू संकलन गरी एकै पटक प्रकाशित गरिएको छ ।

प्र.वि.

(३) नेपाल राष्ट्र बैंकलाई विदेशी मुद्रा समर्पण गरेमा पाउने सुविधा सम्बन्धी सूचना

नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड (४१) काठमाडौं, मंसीर १६ गते २०४८ साल (संख्या ३३)

भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले विदेशी विनिमय (नियमित गर्ने) नियमहरू, २०२० को दफा २ को उपदफा १ (छ) को प्रयोजनको लागि वाणिज्य बैंकहरूमा परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न ग्राह्य खातावालाले परिवर्त्य विदेशी मुद्राको निक्षेपबाट कुल जम्मा रकम प्रचलित विनिमय दरमा नेपाल राष्ट्र बैंकलाई समर्पण गरेमा समर्पण गरेको पूरै रकमको परिवर्त्य विदेशी मुद्रा शिक्षा, स्वास्थ्य, विदेश भ्रमण तथा मालसामान आयात गर्न चाहेमा उपलव्ध गराइने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

खण्ड २५ संख्या १७ मिति २०४२/४/२१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना १ खारेज गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ ।

(४) परिवर्त्य विदेशी मुद्राको विवरण पेश गर्ने सम्बन्धी सूचना

| खण्ड ४१ | संख्या ३३ | नेपाल राजपत्र भाग ३ | मिति २०४८।८।१६ |
|---|---|---|---|

सूचना २

श्री ५ को सरकारले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपालमा बसोबास गर्ने व्यक्तिहरूले आफूसँग भएको भारतीय रुपैयाँ बाहेक अन्य प्रकारको विदेशी विनिमयको विवरण देहायको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ४ महिनाभित्र यो एक पटकको लागि आर्जनको स्रोत उल्लेख नगरी, नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, विदेशी विनिमय विभागमा दिन आदेश जारी गरेको छ ।

यसरी दिएको विवरण गोप्य रहने छ र नेपालस्थित वाणिज्य बैंकहरूमा विदेशी विनिमयको खाता खोल्न ग्राह्य हुनेछन् ।

विवरण

१. विदेशी विनिमय धनीको पूरा नाम :-

२. विदेशी विनिमय धनीको पूरा ठेगाना :-

३. विदेशी विनिमय मौज्दात :-

४. विदेशी विनिमय कुन रुपमा राखिएको :-

५. विदेशी विनिमय बैंक मौज्दातको रुपमा राखिएको भए हिसाव राख्ने बैंकको नाम र ठेगाना :-

६. विदेशी विनिमय विदेशी सेक्युरिटीको रुपमा राखिएको भए देहाय बमोजिमको विवरण दिनुपर्छ :-

(क) धनीको पूरा नाम र ठेगाना :-

(ख) सेक्युरिटीको पूर्ण विवरण र किसिम :-

(ग) सेक्युरिटीको कूल रकम :-

(घ) सेक्युरिटी मुक्त छ वा प्रतिवन्धित ? प्रतिवन्धित भए प्रतिवन्धको पूर्ण विवरण दिनु पर्छ र सो सेक्युरिटीको धितोमा कुनै ऋण लिएको र कुन व्यक्ति वा संस्थाबाट लिइएको हो नाम र ठेगाना सहित विवरण खोल्नु पर्छ ।

आज्ञाले,

शशिनारायण शाह

श्री ५ को सरकारको सचिव

(५) विदेशी विनिमयमा ऋण लिने/दिने सम्बन्धी व्यवस्था

नेपाल राष्ट्र बैंक
बिदेशी विनिमय व्यबस्थापन विभाग

मिति २०५९ फाल्गुण ८ गते

विषय : बिदेशी विनिमयमा ऋण लिने । दिने सम्बन्धी व्यबस्था ।

बिदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १० ख को प्रयोजनको लागि बिदेशी विनिमयमा ऋण लिने । दिने सम्बन्धमा निम्न बमोजिमको नीतिगत व्यबस्था गरिएको छ ।

नेपालभित्रबाट नै परिवर्त्य विदेशी विनिमयमा लिने/दिने ऋण सम्बन्धी व्यबस्था[७]

वाणिज्य बैंककहरूले नेपाली निकायहरूलाई परिवर्त्य विदेशी मुद्रामा दिने ऋण सम्बन्धी व्यबस्थाको हकमा निम्नानुसारको व्यबस्था गरिएको छ ।

१ निर्यात क्षेत्रमा लागेका औद्योगिक उत्पादनकर्ता फर्म/कम्पनीहरूको हकमा

निर्यात क्षेत्रमा लागेका औद्योगिक उत्पादनकर्ता फर्म/कम्पनीहरूलाई कच्चा पदार्थ आयात गर्न निम्न शर्तहरूको अधीनमा रही वाणिज्य बैंकहरूले परिवर्त्य विदेशी मुद्रामा अल्पकालीन ऋण प्रदान गर्न सकिनेछ :

शर्तहरू :

(क) यस्तो ऋण प्रदान गर्दा सम्बन्धित निर्यात उद्योगलाई आवश्यक हुने कच्चा पदार्थको आयातका लागि खोलिएको प्रतीत-पत्रको आधारमा मात्र प्रदान गर्नुपर्ने,

(ख) यस्तो ऋण प्रदान गर्दा निर्यात भई भुक्तानी आउन वांकी रहेको निर्यात प्रतीत-पत्रले खाम्ने रकमसम्म मात्र प्रदान गर्नुपर्ने,

(ग) यसरी प्राप्त ऋणको साँवा, ब्याज भुक्तानी सम्बन्धित उद्योगले आफ्नो निर्यात आर्जनबाट परिवर्त्य विदेशी मुद्रामानै गर्नुपर्ने, र

(घ) यस्तो ऋणमा लाग्ने ब्याज दर सम्बन्धित वाणिज्य बैंक आफैले तोक्न सक्ने ।

२. विद्युत शक्ति उत्पादन गरी बिक्री वितरण गर्ने निजी क्षेत्रका उद्येगको हकमा

१०० कि.वा. देखि १००० कि.वा. सम्म विद्युत शक्ति उत्पादन गरी बिक्री वितरण गर्ने निजी क्षेत्रका उद्योग तथा आफ्नै प्रयोजनका लागि विद्युत उत्पादन गरी खपत गर्ने उद्योगहरूलाई निम्न शर्तहरूको अधीनमा रही वाणिज्य बैंकहरूले परिवर्त्य विदेशी मुद्रामा अल्प वा मध्यमकालीन ऋण प्रदान गर्न सकिनेछ :

शर्तहरू :

(क) सानो स्केलमा विद्युत उत्पादन गरी बिक्री वितरण गर्न वा कुनै उद्योगले आफ्नै प्रयोजनका लागि विद्युत उत्पादन गर्नका निमित्त परिवर्त्य विदेशी मुद्रामा लगानी गर्नुपर्ने भएमा मात्र यस्तो ऋण प्रदान गर्न सकिने,

(ख) यसरी प्रदान गरिने ऋण विद्युत उत्पादन सम्बन्धी उपकरणहरूको आयात भुक्तानी गर्ने प्रयोजनका लागि मात्र उपयोग गर्नुपर्ने,

(ग) यस्तो ऋण सुविधा उपलब्ध गराउंदा विद्युत उत्पादनका उपकरणहरू आयात गर्न खोलिएका प्रतीत-पत्रको आधारमा मात्र गर्नुपर्ने,

(घ) यस्तो ऋणमा लाग्ने ब्याज दर सम्बन्धित वाणिज्य बैंकले आफै तोक्न सक्ने, र

(ङ) आफ्नो उद्योगको आवश्यकता वाहेक विद्युत उत्पादन गरी बिक्री वितरण गर्ने साना स्केलका उद्योगहरूको हकमा भने यस प्रकारको ऋण सुविधा प्रदान गर्दा यस बैंकको पूर्व स्वीकृति लिनुपर्नेछ ।

[७] इ.प्रा.परिपत्र संख्या १९ मा समावेश भइसकेको

३. पर्यटन र निर्यात उद्योगहरूको हकमा

परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने पर्यटन र निर्यात उद्योगहरूलाई देहायका प्रयोजनका लागि देहायका शर्तहरूको अधिनमा रही वाणिज्य बैंकले परिवर्त्य विदेशी मुद्रामा ऋण प्रदान गर्न सकिनेछ ।

शर्तहरू :

(क) यो सुविधा सम्बन्धित पर्यटन र निर्यात उद्योगहरूको लागि आवश्यक हुने आयातको भुक्तानीको लागि मात्र प्रयोग गर्न पाइने ।

(ख) यस्तो ऋण रकमको साँवा/ब्याज सम्बन्धित उद्योगले आफूसँग रहेको परिवर्त्य विदेशी मुद्रा मध्येबाट भुक्तानी गर्नुपर्ने ।

(ग) यस प्रयोजनको लागि वाणिज्य बैंकहरूले विदेशी बैंकबाट कुनै किसिमको ऋण सुविधा लिन पाउने छैन । तर यस प्रयोजनका लागि वाणिज्य बैंकहरूलाई विदेशी मुद्रा आवश्यक परेको खण्डमा यस बैंकले प्रचलित विनिमय दरमा आवश्यक विदेशी मुद्रा बिक्री गर्नेछ ।

४. गलैंचा उद्योगले खपत गर्ने उन आयात गर्ने प्रयोजनको हकमा

गलैंचा उद्योगले खपत गर्ने उन मात्र आयात गर्ने उद्देश्यले खोलिएका कम्पनीहरूले “गलैंचा तथा ऊन विकास परिषद्” को सिफारीसमा प्रतीत-पत्रमार्फत् कच्चा उन आयात गर्दा वाणिज्य बैंकहरूले देहायमा उल्लेखित शर्तहरूको अधीनमा रही परिवर्त्य विदेशी मुद्रामा ऋण प्रदान गर्न सक्नेछ ।

शर्तहरू

(क) यो सुविधा अधिकतम ६ महिनाको लागि मात्र हुनेछ ।

(ख) ऋणको ब्याजदर सम्बन्धित वाणिज्य बैंक आफैले निर्धारण गर्नु पर्नेछ ।

(ग) यो सुविधा अन्तर्गत लिएका ऋणको हिसाव किताव विदेशी मुद्रामानै राख्नुपर्नेछ ।

(घ) ऋणको साँवा/ब्याज चुक्ता गर्दा प्रचलित विनिमय दर अनुसार नेपाली रुपैयाँमा भुक्तानी गर्नु पर्नेछ ।

५. निर्यातकर्ताहरूलाई विदेशी विनिमयमा ऋण उपलब्ध गराउने बारे ।

निम्न व्यबस्थाहरू अन्तर्गत निर्यातकर्ताहरूलाई प्रि-शीपमेण्ट तथा पोष्टशीपमेण्ट कर्जा स्वरुप परिवर्त्य विदेशी मुद्रामा ऋण उपलब्ध गराउन सकिनेछ ।

१. परिवर्तित विदेशी मुद्रा आर्जन हुने गरी निर्यात कारोबार गर्ने निर्यातकर्ताहरूबाट अमेरिकी डलरमा प्रि-शीपमेण्ट तथा पोष्टशीपमेण्ट कर्जा माग गरेमा प्रचलित व्यवस्था अन्तर्गत रही त्यस्तो कर्जा उपलव्ध गराउनु पर्नेछ र त्यस्तो कर्जामा लाग्ने ब्याजदर समय समयमा नेपाल राष्ट्र बैंकले तोके बमोजिम हुनेछ र सोको साँवा/ब्याज परिवर्त्य विदेशी मुद्रामा नै असुल उपर गर्नु पर्नेछ ।

२. त्यस्तो कर्जा प्रदान गरेबापत सम्बन्धित वाणिज्य बैंकहरूले माग गरेमा नेपाल राष्ट्र बैंकले समय समयमा तोकेको ब्याजदरमा अमेरिकी डलरमा नै यस बैंकले पुनरकर्जा उपलब्ध गराउने छ ।

३. वाणिज्य बैंकहरूले यसरी पुनरकर्जा माग गर्दा तोकिए बमोजिमको ढांचा अनुसारको फर्म अनिवार्य रुपले भर्नु पर्नेछ ।

४. यस्तो पुनरकर्जा यु.एस.डलर १,००,००० (एकलाख) को मल्टिपलमा मात्र उपलब्ध गराइनेछ ।

५. यस्तो पुनरकर्जाको साँवा ब्याज अमेरिकी डलरमा नै तोकिएको अवधिभित्रै भुक्तानी गर्नु पर्नेछ ।

६. परिवर्त्य विदेशी मुद्रामा प्रि-शीपमेण्ट कर्जा लिएको ग्राहकले कुनै कारणवश सामान निर्यात गर्न नसकेको कारण उपरोक्त कर्जा विदेशी मुद्रामा नै चुक्ता गर्न नसकेको खण्डमा नेपाली रुपैयाँमा नै आवश्यक हिसाव मिलान गर्न सकिनेछ । तर त्यसरी हिसाव मिलान गर्दा हिसाव मिलान हुने दिनको विनिमय दर लागू गर्नु पर्नेछ र साथै ब्याजदरको हकमा नेपाली रुपैयाँको कर्जामा लिने अधिकतम ब्याज दर कर्जा लिएको मिति देखिनै लिन सकिनेछ ।

७. यस्तैगरी पोष्टशीपमेण्ट कर्जाको हकमा पनि Issuing Bank ले डिस्क्रीपेन्सी देखाई निर्यात भुक्तानी पूर्णरुपमा प्राप्त हुन नसकेको खण्डमा भुक्तानी ल्याउन नसकेको रकमको हकमा माथि दफा-६ मा उल्लेख गरिए अनुसार गर्नु पर्नेछ । साथै यस्तो विदेशी मुद्रा प्राप्त नभएसम्म वा नेपाल राष्ट्र बैंकले यस वारे

स्वीकृति नदिएसम्म यसरी हिसाव मिलान गरिएका केशहरूको अभिलेख अनिवार्यरुपले कलेक्शनमा पठाइएका डकुमेन्ट सम्बन्धी उपयुक्त लेखा शीर्षकअन्तर्गत राख्नुपर्नेछ ।

८. कारणवश निर्यात हुन नसकी निर्यात कर्जा लिने निर्यातकर्ताले उक्त कर्जा परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न नसक्ने स्थिति आइपरेमा त्यस्ता निर्यातकर्ताको विदेशी मुद्रा खाता रहेको भए त्यस्तो विदेशी मुद्रा खातामा रहेको मौज्दातबाट हिसाव मिलान गर्न सकिनेछ । तर यसको लागि निर्यात नभएको व्यहोरा सम्बन्धित वाणिज्य बैंकले यकिन गर्नु पर्नेछ ।

९. अमेरिकी डलरमा पोष्टशीपमेण्ट कर्जा दिंदा निर्यात डकुमेन्ट निगोसियट गर्दाकै अवस्थामा निर्यातकर्ताको अमेरिकी डलर खातामा जम्मा गर्न मिल्नेछ । तर कथंकदाचित् निगोसियट गरिएका उपरोक्त डकुमेन्टहरूको पूर्ण भुक्तानी प्राप्त नभएको अवस्थामा यसलाई प्रचलित व्यवस्था अनुसार नेपाल राष्ट्र बैंकलाई अनिवार्य रुपल जानकारी दिनुपर्नेछ ।

१०. प्रि-शीपमेण्ट कर्जा दिंदा निर्यातकर्ताको नाउँमा प्रतीत-पत्र प्राप्त भइसकेको हुनुपर्नेछ ।

११. प्रि-शीपमेण्ट कर्जा सुविधा अन्तर्गत लिएको ऋण निर्यात डकुमेन्ट निगोसियट गरेकै अवस्थामा चुक्ता गर्न लगाउने वा सोको भुक्तानी प्राप्त भएपछि मात्र चुक्ता गर्न लगाउने भन्ने वारे सम्बन्धित वाणिज्य बैंकहरू आफैले व्यवस्था गर्न सक्नेछन् ।

१२. प्रि-शीपमेण्ट तथा पोष्टशीपमेण्ट कर्जा सुविधा अन्तर्गत प्रचलित व्यवस्था अनुसार सम्बन्धित वाणिज्य बैंकले यस बैंकबाट लिएको पुनरकर्जा अनिवार्य रुपले विदेशी मुद्रामा नै (साँवा तथा ब्याज दुवै) चुक्ता गर्नु पर्नेछ ।

१३. प्रि-शीपमेण्ट तथा पोष्टशीपमेण्ट कर्जा स्वरुप विदेशी मुद्रामा नै ऋण उपलव्ध हुने व्यवस्था Deemed Export को हकमा पनि लागू हुनेछ ।

माथि उल्लेख गरिएका कारोबारहरूको हकमा बाहेक नेपाल भित्र परिवर्त्य बिदेशी मुद्रामा गरिने अन्य कारोबारहरूको हकमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिनु पर्नेछ ।

(६) Online Reporting System सम्बन्धमा

# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभागको
## Online Reporting गर्ने सम्बन्धी सूचना
## (प्रथम पटक गोरखापत्रमा प्रकाशन मिति : २०७४/२/३)

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३ बमोजिम यस बैंकबाट इजाजतपत्रप्राप्त विप्रेषण कारोबार गर्ने बैंक तथा वित्तीय संस्था, रेमिटान्स कम्पनी, सटही कारोबार गर्ने मनिचेञ्चर, विदेशी विनिमयको कारोबार गर्ने होटल, ट्राभल्स, ट्रेकिङ्ग, कार्गो लगायतका निकायहरूले आफूले गरेको विदेशी विनिमय कारोबारको मासिक विवरण तथा कागजात यस विभागमा नियमित रुपमा बुझाउने व्यवस्था रहेकोमा सो कार्यलाई सरलीकृत र व्यवस्थित बनाउने उद्देश्यले यही २०७४ साल बैसाखदेखिको त्यस्तो विवरण अनिवार्य रुपमा Online Reporting का माध्यमबाट मात्र पेश गर्नु पर्ने व्यवस्था मिलाईएको व्यहोरा अनुरोध छ। यस व्यवस्थाको कार्यान्वयनको लागि सबै इजाजतपत्रप्राप्त संस्थाको आधिकारिक व्यक्ति पहिलो पटक यस विभागमा आफै उपस्थित भई ई.प्रा.परिपत्र संख्या ६६७ मा संलग्न भए बमोजिमको फाराम बुझाई आफ्नो User Name र Password प्राप्त गरी सोही बमोजिम Online Reporting गर्ने व्यवस्था गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

कार्यकारी निर्देशक
(भिष्मराज ढुंगाना)
विदेशी विनिमय व्यवस्थापन विभाग
वालुवाटार काठमाण्डौ

NRB Website प्रकाशन मिति : २०७४/२/१

(७) विदेशी लगानीका परियोजनाहरुमा विदेशमा खर्च भएको रकम पूँजीकृत गरी वैदेशिक लगानीको रुपमा गणना गर्ने व्यवस्था सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभागको
विदेशी लगानीका परियोजनाहरुमा विदेशमा खर्च भएको रकम पूँजीकृत गरी वैदेशिक लगानीको रुपमा गणना गर्ने व्यवस्था सम्बन्धी सूचना

विदेशी लगानी समेतमा विकास गरिने परियोजनाहरुको हकमा नेपाल सरकार, लगानी बोर्डबाट राष्ट्रिय गौरबको अयोजना भनी तोकिएको वा लगानी बोर्डबाट स्वीकृत भएका विदेशी लगानीमा देशभित्र सञ्चालन हुने परियोजनाहरुमा सम्भाव्यता अध्ययन, भौगर्भिक अन्वेषण, सर्भे र डिजाइनका लागि विदेशी लगानीकर्ताकै देशमा खर्च भएको रकम तपसील बमोजिमका सम्पूर्ण शर्तहरु पूरा गरी निवेदन गरेको अवस्थामा पूँजीकृत गरी वैदेशिक लगानीको रुपमा गणना गर्न दिन सकिने व्यवस्था गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. नेपाल सरकारले राष्ट्रिय गौरबको अयोजना भनी तोकेका वा लगानी बोर्डबाट स्वीकृत भएका आयोजना हुनु पर्ने ।
२. नेपाल सरकारको सम्बन्धित निकायबाट विदेशी लगानी स्वीकृत भएको हुनु पर्ने ।
३. परियोजनामा माथि उल्लिखित खर्च पूँजीकृत गरी लगानी लेखाङ्कन र Capital Repatriation गर्नु पर्दा परियोजना सञ्चालनमा आइसकेको हुनुपर्ने ।
४. स्थानीय लेखापरिक्षक सहितको अन्तर्राष्ट्रिय मान्यता प्राप्त लेखापरीक्षकबाट विशेष लेखापरीक्षण भई सम्बन्धित मुलुकको महालेखापरीक्षक (Auditor General) बाट मान्यता/स्वीकृत/अनुमोदन भएको हुनुपर्ने ।
५. संयुक्त उपक्रम (Joint Venture) का परियोजना भएमा सो संयुक्त उपक्रमको स्थानीय साझेदार (Local Partner) को संचालक समितिबाट र संयुक्त उपक्रम नभएमा परियोजना विकासकर्ताको सबैभन्दा उच्च तह (Top Level Management) बाट त्यस्तो खर्च अनुमोदन गरी विदेशी लगानीको रुपमा गणना गर्न सिफारिस भएको हुनुपर्ने ।
६. विदेशी लगानीको रुपमा गणना गर्न सिफारिस गर्ने प्रयोजनका लागि चुक्ता पूँजीको के कति हदसम्म आयोजना विकासकर्ताले कम्पनी दर्ता हुनु अगावै उल्लिखित प्रयोजनका लागि सम्बन्धित मुलुकमा खर्च गर्न सक्ने हुन् भन्ने विषय लगायतका स्पष्ट मापदण्ड सहितको नीतिगत व्यवस्था लगानी स्वीकृत गर्ने सम्बन्धित निकायले निर्धारण गरेको हुनुपर्ने ।
७. नेपाल सरकारको विदेशी लगानी स्वीकृत गर्ने सम्बन्धित निकायबाट आफुले निर्धारण गरेको नीतिगत व्यवस्था बमोजिम मूल्याङ्कन गरी परियोजनामा उल्लिखित प्रयोजनमा भएको खर्च रकम औचित्यपूर्ण रहेको यकीन गरी विदेशी लगानीको रुपमा गणना गर्दा विदेशी विनिमयको अपचलन नहुने व्यहोरा सहित यस बैंकलाई स्पष्ट रुपमा सिफारिस गरेको हुनुपर्ने ।

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक
विदेशी विनिमय व्यवस्थापन विभाग

NRB Website मा प्रकाशन मिति : २०७४/२/७।

(८) <u>वैदेशिक ऋणका लागि धितोपत्र सुरक्षण तथा व्यक्तिगत जमानी दिने व्यवस्था सम्बन्धी सूचना</u>

## नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभागको
### वैदेशिक ऋणका लागि धितोपत्र सुरक्षण तथा व्यक्तिगत जमानी दिने व्यवस्था सम्बन्धी सूचना

नेपालमा स्थापित कुनै पनि उद्योग, कम्पनी वा संस्थाले वैदेशिक ऋण लिनका लागि सम्बन्धित सरकारी निकायबाट स्वीकृति प्राप्त गरी यस बैंकबाट समेत सोको स्वीकृति प्राप्त गरेको अवस्थामा सो ऋण लिन धितोपत्र सुरक्षण राख्नु परेमा तथा व्यक्तिगत जमानी दिनु परेमा सोसँग सम्बन्धित सम्झौता समेत सम्बन्धित सरकारी निकायबाट स्वीकृति प्राप्त भएको अवस्थामा यस बैंकबाट विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ९ग र दफा १० को अधिनमा रही देहायका शर्त पालना गर्नेगरी स्वीकृति प्रदान गर्न सकिने नीतिगत व्यवस्था गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) शेयर धितो राखी ऋण लिन स्वीकृत विदेशी मुद्रा बैकिङ्ग माध्यमबाट नेपाल भित्र्याई सोको लेखाङ्कन यस बैंकमा गराउनु पर्ने ।

(ख) ऋणदाताले धितोपत्र आर्जन वा भोग वा नियन्त्रणमा राख्नुपर्दा र बिक्री गर्नुपर्दा सम्बन्धित सरकारी निकायबाट स्वीकृत सम्झौता तथा प्रचलित कानुनले गरेको व्यवस्था पालना गर्नुपर्ने ।

(ग) सम्झौता बमोजिम ऋण रकम चुक्ता/भुक्तानी गर्न नसकेको अवस्थामा सो ऋण उपभोग गर्दा धितो राखेको शेयर ऋणदाताले आफ्नो स्वामित्वमा कायम गर्दा र सो शेयर विक्री गर्ने कार्य गर्दा विदेशमा गर्न नपाइने ।

(घ) यस्तो स्वामित्व हस्तान्तरण सम्बन्धी कार्य विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र अन्य प्रचलित कानुनले व्यवस्था गरेको प्रावधान पूरा गरी नेपालमै धितोको नामसारी वा स्वामित्व हस्तान्तरण गरी यस बैंकमा लेखाङ्कन गराउनु पर्ने ।

(ङ) ऋण वक्यौता रकमलाई खाम्ने सीमासम्म मात्र सुरक्षण राखिएको भुक्तानी पाउने अधिकार सृजना हुने कागजात र धितोपत्रको प्रयोग गर्न पाईने ।

(च) सम्झौता बमोजिम तोकिएको समयमा उक्त ऋणको साँवा व्याज भुक्तानी गरे पश्चात धितो राखिएका त्यस्ता कागजात र शेयरहरुको धितो बन्धक फुकुवा गरी यस बैंकमा सोही बमोजिम अभिलेख अद्यावधिक गराउनु पर्ने ।

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक
विदेशी विनिमय व्यवस्थापन विभाग

NRB Website मा प्रकाशन मिति : २०७४/२/७।

(९) Bitcoin कारोबार गैरकानुनी रहेको बारेको सूचना

## नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभागको
## Bitcoin कारोबार गैरकानुनी रहेको बारेको सूचना

नेपाल राष्ट्र बैंक ऐन, २०५८ र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम यस बैंकबाट इजाजतपत्र लिएर मात्र विदेशी विनिमयको कारोबार गर्न सक्ने स्पष्ट कानुनी व्यवस्था रहेको र हालसम्म नेपालमा Bitcoin लाई मुद्राको रुपमा कानुनी मान्यता प्राप्त नभएको अवस्थामा यदाकदा केही व्यक्तिहरूले इन्टरनेटको माध्यमबाट Bitcoin सम्बन्धी कारोबार गरिरहेको भन्ने बुझिन आएकोले Bitcoin सम्बन्धी कारोबार नेपालमा पूर्णरुपमा गैरकानुनी रहेको व्यहोरा जानकारी गराउँदै कसैले पनि सो सम्बन्धी कारोबार नगर्न नगराउनुहुन सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

कार्यकारी निर्देशक
विदेशी विनिमय व्यवस्थापन विभाग

मिति :२०७४/४/२९

(१०) मुद्रा तथा धारक विनिमय अधिकार पत्रको उद्घोषण गर्ने व्यवस्था सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
मुद्रा तथा धारक विनिमय अधिकार पत्रको उद्घोषण गर्ने व्यवस्था
सम्बन्धी
अत्यन्त जरुरी सूचना

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २९(क) को उद्घोषण गर्नुपर्ने सम्बन्धी व्यवस्थाका सन्दर्भमा कसैले आफ्नो साथमा वा कार्गो, कुरियर, हुलाक वा अन्य माध्यम मार्फत नेपाली रुपैयाँ ५,००० सम्म वा अमेरिकी डलर ५,००० सम्म वा सो बराबरको अन्य विदेशी मुद्रा वा सो बराबरको धारक विनिमय अधिकार पत्र नेपालबाट विदेश लैजान वा विदेशबाट नेपाल ल्याउन सकिने गरी सीमा तोकिएको छ। अमेरिकी डलर ५,००० वा सो बराबरको विदेशी मुद्राभन्दा बढी र नेपाली रुपैयाँ ५,००० भन्दा बढी रकमको उपरोक्त बमोजिमको नगद वा धारक विनिमय अधिकार पत्र ल्याउने लैजाने भएमा त्यस्तो मुद्रा वा धारक विनिमय अधिकार पत्रको विवरण भन्सार अधिकृतसमक्ष र कार्गो, कुरियर, हुलाक वा अन्य माध्यममार्फत ल्याउने वा लैजाने भएमा सम्बन्धित कार्गो, कुरियर, हुलाकसमक्ष सो कुराको उद्घोषण गर्नुपर्ने छ। साथै, कार्गो कुरियर, हुलाक वा अन्य सेवा सञ्चालकले यसरी उद्घोषण गरेको विवरण तोकिएको ढाँचामा सम्बन्धित भन्सार अधिकृत समक्ष पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।

यो व्यवस्था २०७५ साउन १ गतेदेखि लागू हुनेछ।

कार्यकारी निर्देशक
विदेशी विनिमय व्यवस्थापन विभाग
नेपाल राष्ट्र बैंक

नेपाल राष्ट्र बैंकको वेभसाइट www.nrb.org.np मा प्रकाशन भएको मिति : २०७५/०३/३२

(११) नगद नेपाली तथा विदेशी मुद्रा ओसार पसारमा प्रतिबन्ध लगाइएको सम्बन्धी सूचना

# नेपाल राष्ट्र बैंकको
# नगद नेपाली तथा विदेशी मुद्रा ओसार पसारमा प्रतिबन्ध लगाइएको सम्बन्धी सूचना

नेपाली मुद्रा तथा विदेशी विनिमयको ओसार पसारमा नियन्त्रण गर्ने प्रयोजनका लागि देहाय अनुसारको व्यवस्था कायम गरिएकोले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ को अधिकार प्रयोग गरी सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. नेपाली वा विदेशी नागरिक अन्य मुलुकमा जाँदा र आउँदा प्रतिव्यक्ति नेपाली रुपैयाँ ५,०००।- भन्दा बढी साथमा लैजान वा ल्याउन पाउने छैन ।

२. नेपाली वा विदेशी नागरिकले नगद विदेशी मुद्रा अमेरिकी डलर ५,०००।- (पाँच हजार) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा भन्दा बढी साथमा ल्याएको वखत भन्सार घोषणा गरी प्रमाणित गरेको हुनु पर्नेछ ।

३. नेपाली नागरिकले विदेश जाँदा पासपोर्ट सटही सुविधा सहित अमेरिकी डलर ५,०००।- (पाँच हजार) सम्मको नगद विदेशी मुद्रा लिएर जानुपर्दा सो विदेशी मुद्रा राहदानीमा दरपिठ गरेको हुनुपर्नेछ । उक्त सिमासम्म नगद विदेशी मुद्रा लैजादा नियमानुसार अघिल्लो पटक सटही गरी बचेको रकम लैजान पाउने सिमा समेतलाई गणना गर्दा अमेरिकी डलर ५,०००।- (पाँच हजार) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा नाघ्न हुने छैन । तर औषधि उपचार वा अन्य विशेष प्रयोजनको लागि विदेशी मुद्रा सटही प्राप्त गरेको प्रमाण पेश गरेमा त्यस्तो रकम समेत लैजान वाधा पर्ने छैन ।

४. विदेशी नागरिकले नेपालबाट अन्य मुलुकमा जाँदा प्रतिव्यक्ति अमेरिकी डलर ५,०००।- (पाँच हजार) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा भन्दा बढी नगदै साथमा लैजान पाउने छैन । तर नेपाल आउँदा भन्सार स्वघोषणा गरी ल्याएको सीमा भित्रको रकम स्वघोषणा गरी लैजान वाधा पर्ने छैन ।

५. उपरोक्त व्यवस्था कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा सम्बन्धित पक्षले नेपाल राष्ट्र बैंकमा निवेदन दिई त्यस्तो बाधा अड्चन फुकाउन सकिनेछ ।

कार्यकारी निर्देशक
विदेशी विनिमय व्यवस्थापन विभाग

नोटः यसै बिषयसँग सम्बन्धित मिति २०७२/०८/०६ मा प्रकाशित सूचना खारेज गरिएको छ ।

प्रकाशित मितिः २०७५/१२/२६ ।

(१२) यस बैंकबाट स्वीकृति पाएका Payment System बाहेक अन्य विदेशी Payment System को प्रयोग गैरकानुनी रहेको सम्बन्धी सूचना

## यस बैंकबाट स्वीकृति पाएका Payment System बाहेक अन्य विदेशी Payment System को प्रयोग गैरकानुनी रहेको बारे
## नेपाल राष्ट्र बैंकको
## सूचना

विदेशी Payment System सँग प्रत्यक्ष आबद्ध भएको जुनसुकै QR Code, POS Machine वा अन्य Payment System (जस्तै : WeChat Pay, Alipay, विदेशी मुलुकबाट जारी भएका POS Machine/System आदि) को प्रयोग यस बैंकको स्वीकृति प्राप्त संस्था बाहेक अन्य संस्थासँग गर्नु गैरकानुनी हुने भएकोले कसैले यसरी कारोबार गरेमा यस्तो कारोबारबाट विदेशी विनिमय अपचलन हुने भएकोले नेपालभित्र कसैले त्यसरी कुनै किसिमको कारोबार गरेको पाइएमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र प्रचलित कानुन बमोजिम कारवाही हुने व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

का.मु कार्यकारी निर्देशक
विदेशी विनिमय व्यवस्थापन विभाग

Website www.nrb.org.np/fxm मा प्रकाशित मितिः २०७६/०२/०६

(१३) Nepal Electronic Payment System (NEPS) बाट कार्ड सम्बन्धी होस्टिङ र स्विचिङको सेवा अवरुद्ध हुने सम्बन्धी सूचना

## विदेशी विनिमय व्यवस्थापन विभागको

## सूचना

Nepal Electronic Payment System (NEPS) बाट कार्ड सम्बन्धी होस्टिङ र स्विचिङको सेवा लिई परिवर्त्य विदेशी मुद्रा वा भारतीय मुद्राको इलेक्ट्रोनिक कार्ड मार्फत् भुक्तानी सेवा प्रदान गर्दै आइरहेका बैंक तथा वित्तीय संस्थाहरुलाई विदेशमा रहेका आफ्ना कार्ड धारकहरुलाई मिति २०७६/०५/१८ देखि NEPS को होस्टिङ र स्विचिङ सेवा अवरुद्ध भएको सम्बन्धमा सो सेवा पुनः सुचारु नभएसम्मको लागि निम्न शर्तहरुको अधिनमा रही वैकल्पिक माध्यमहरुबाट रकम पठाउन सक्ने गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ ।

१. यस बैंकबाट विदेशी मुद्रा सटही सम्बन्धमा विभिन्न मितिमा जारी गरिएका परिपत्र/सूचनाहरुको अधिनमा रही सेवा अवरुद्ध हुनु अगाडि जारी गरिएका Prepaid Card/Debit Card/Credit Card मा कायम बाँकी मौज्दातको सीमासम्मको रकम बैकल्पिक माध्यमबाट दोहोरो नपर्ने गरी रकमान्तर गर्न सकिनेछ । यस्तो माध्यमबाट रकमान्तर/भुक्तानी भएको रकम कार्डको सीमाबाट घटाउनुपर्नेछ । साथै, वैकल्पिक माध्यमबाट रकमान्तर गर्दा ग्राहकसँग अतिरिक्त शुल्क लिन पाइने छैन ।

२. बुँदा नं. १ बमोजिम गरिने वैकल्पिक व्यवस्थाका लागि नेपालमा विप्रेषण पठाउन भारतस्थित विभिन्न स्थानमा रहेका विभिन्न विप्रेषण प्रदायक कम्पनीका केन्द्रहरु मार्फत् समेत त्यस्ता कार्ड धारकहरुलाई कार्डमा रहेको रकम सुनिश्चित गरी भारतीय रुपैयाँमा भुक्तानीको व्यवस्था गर्न सकिनेछ ।

३. कार्ड धारकको निवेदन लिई निज वा निजले अख्तियारी दिएको व्यक्ति वा संस्थाको विदेशस्थित बैंक खातामा उक्त रकम रकमान्तर गर्न सकिनेछ ।

४. यसरी वैकल्पिक माध्यमबाट रकमान्तर गरिएको रकमको साप्ताहिक विवरण ७ दिन भित्र यस विभागमा पेश गर्नु पर्नेछ ।

कार्यकारी निर्देशक

प्रकाशित मिति : २०७६/०५/२६

(१४) MaxMoney SDN, BHD, Malaysia सँग रोक्का रहेको कारोबार फुकुवा गरिएको सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक

विदेशी विनिमय व्यवस्थापन विभागको

सूचना

Max Money SDN, BHD, Malaysia सँग रोक्का रहेको कारोबार फुकुवा गरिएको बारे ।

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु, रेमिटेन्स कम्पनीहरु त्था अन्य इजाजतपत्रप्राप्त संस्थाहरुलाई Max Money, Malaysia सँग कुनै पनि कारोबार नगर्न/नगराउन यस बैंकले मिति २०७५/०८/१२ र २०७५/११/०२ मा जारी गरेको परिपत्र बमोजिम रोक्का रहेको Max Money SDN, BHD, Malaysia सँगको कारोबार विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ (संशोधन सहितको) ले दिएको अधिकार प्रयोग गरी फुकुवा गरिएको व्यहोरा अनुरोध छ ।

कार्यकारी निर्देशक

Website: www.nrb.org.np मा प्रकाशित मिति: २०७६/१०/०५

यसै विषयसँग सम्बन्धित मिति २०७५/०८/१२ र २०७५/११/०२ मा जारी परिपत्रहरु खरेज गरिएको छ ।

(१५) सामाजिक सञ्जाल र अनलाइन मार्फत् गरिने विज्ञापन प्रकाशन तथा प्रशारण सम्बन्धी सूचना

# सामाजिक सञ्जाल र अनलाइन मार्फत् गरिने विज्ञापन प्रकाशन तथा प्रशारण बापतको भुक्तानी तथा प्राप्ति अनौपचारिक माध्यमबाट गरेमा गैरकानुनी हुने बारे नेपाल राष्ट्र बैंकको

## सूचना

फेसबुक (Facebook), ट्वीटर (Twitter), युट्युब (Youtube) जस्ता सामाजिक सञ्जाल तथा इन्टरनेट मार्फत् गरिने विज्ञापन बापत अनौपचारिक माध्यमबाट विदेशमा भुक्तानी पठाउने र विदेशबाट त्यसरी रकम प्राप्त गर्ने कार्य गैरकानुनी हो । यस्तो कारोबारबाट विदेशी विनिमय अपचलन हुने भएकोले कसैले त्यसरी कारोबार गरेको पाइएमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र प्रचलित कानुन बमोजिम कारवाही हुने व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कार्यकारी निर्देशक

Website: www.nrb.org.np मा प्रकाशित मितिः२०७६/१०/१७

(१६) नेपाली कामदारको पारिश्रमिकको विप्रेषण सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभागको
सूचना !

कोभिड १९ को विद्यमान अवस्था कायम रहे सम्मको अवधिका लागि देहायको शर्तमा विश्वका विभिन्न देशमा रहेका नेपाली कामदार कार्यरत कम्पनी तथा त्यस देशमा रहेका बैक वित्तीय संस्थासँगको सहकार्यमा कामदार कार्यरत कम्पनीले सम्बन्धित बैंकमा खाता खोली, उक्त खातामा कामदारको पारिश्रमिक जम्मा गर्ने, सोही खातामा रहेको रकम मध्येबाट कम्पनी/प्रतिनिधिको अनुरोधमा कामदारले तोकेको हिताधिकारीको नाममा भुक्तानी हुने गरी विदेशी मुद्रा विप्रेषण गरी नेपाल पठाउने र उक्त रकम नेपालमा प्राप्त गरीसके पश्चात् सम्बन्धित विप्रेषण प्रदायकले नेपालस्थित हिताधिकारीलाई विद्यमान व्यवस्था अनुरुप भुक्तानी गर्नसक्ने गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु :

(क) विप्रेषण भई आएको सम्पुर्ण रकम तथा कमिसन विदेशी मुद्रामा प्राप्त गर्नु पर्ने ।
(ख) विदेशबाट रकम पठाउने बैंकले नेपालमा रहेको हिताधिकारीको सम्पुर्ण विवरण विद्यमान व्यवस्था अनुरुप उपलव्ध गराउनु पर्ने तथा यसरी प्राप्त विवरणको आधारमा नेपालस्थित विप्रेषण प्रदायक बैंक वित्तीय संस्था एवम् कम्पनीले अन्तिम हिताधिकारी एकीन गरी नेपाली रुपैयाँमा भुक्तानी गर्नु पर्ने ।
(ग) AML/CFT सम्बन्धमा कायम रहेको विद्यमान व्यवस्था पुर्णरुपले पालना गर्नु पर्ने ।
(घ) उपर्युक्त अनुसार कारोबार गर्दा अस्वाभाविक कारोबार भएको पाईएमा तत्काल कारोबार वन्द गरी यस बैंकलाई जानकारी गराउनु पर्ने ।
(ङ) यस व्यवस्था अन्तर्गत कारोबार गर्ने रकमको सीमा प्रति पटक प्रति व्यक्ति अधिकतम अमेरीकी डलर १५००।०० (अमेरिकी डलर एक हजार पाँचसय) हुनु पर्ने ।

(कार्यकारी निर्देशक)

मिति : २०७७/०२/११

(१७) स्वास्थ्य सुरक्षासँग सम्बन्धित सबै मापदण्ड कायम गरी निषेधज्ञा अवधिभर इजाजतपत्र प्राप्त सम्पूर्ण विप्रेषण कम्पनीहरुले सेवा प्रदान गर्ने सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

विदेशी विनिमय व्यवस्थापन विभाग

वालुवाटार काठमाडौंको

सूचना

यस वैंकबाट इजाजतपत्र प्राप्त सम्पूर्ण विप्रेषण कम्पनीहरु,

महाशय,

हाल विश्वव्यापी रुपमा फैलिरहेको कोभिड १९ को संक्रमण काठमाडौं उपत्यका लगायत मुलुकका सबैजसो स्थानमा निरन्तर रुपमा बढीरहेकोले सोको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन काठमाडौं उपत्यका लगायतका मुलुकका अन्य स्थानहरुमा स्थानीय प्रशासनबाट निषेधज्ञा लगायतका विशेष आदेश जारी भएका छन् ।

उपर्युक्त सन्दर्भमा यस बैंकबाट इजाजतप्राप्त विप्रेषण कम्पनीहरुले विदेशमा कार्यरत नेपाली नागरिकहरुले नेपाल पठाएको विप्रेषण उनीहरुका आफन्तलाई भुक्तानी गर्न नसक्दा विप्रेषणबाट घरव्यवहार चलाउनु पर्ने नागरिकहरुका लागि अप्ठ्यारो पर्न सक्ने देखिएकाले स्थानीय प्रशासनको निषेधाज्ञा लगायतका आदेशको परिपालना हुने गरी आदेश अवधिभर विप्रेषण सम्बन्धी वित्तीय सेवा प्रवाह गर्न स्वास्थ्य सुरक्षासँग सम्बन्धित सबै मापदण्ड कायम गरी देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

१. सम्बन्धित स्थानीय प्रशासनसँग समन्वय गरी सम्भव भएसम्म निश्चित समयका लागि आलोपालो मिलाई सकेसम्म न्युनतम कर्मचारीबाट विप्रेषण भुक्तानीको व्यवस्था मिलाउने ।

२. बैंक तथा वित्तीय संस्थासँग समन्वय गरी रेमिट्यान्स फण्ड ट्रान्सफर तथा वि.मु. सटही गर्ने एवम् सम्भव भएसम्म विप्रेषण भुक्तानी बैंकमार्फत् हुने व्यवस्था मिलाउने ।

३. आफू अन्तर्गतका निकायहरुलाई स्वास्थ्य सम्बन्धी मापदण्ड अनुपालना गरी भिडमाड नगर्न निर्देशन दिने ।

(कार्यकारी निर्देशक)

मिति : २०७७ भदौ ५ गते

(१८) <u>विप्रेषण कम्पनीहरुले Digital माध्यमबाट रकम भित्र्याउन सक्ने व्यवस्था सम्बन्धी सूचना</u>

# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# विदेशी विनिमय व्यवस्थापन विभागको
# सूचना

यस बैंकबाट इजाजतपत्र प्राप्त गरी विप्रेषण कारोबार गरिरहेका बैंक तथा वित्तीय संस्था एवम् विप्रेषण सेवा प्रदायक कम्पनीहरुलाई विदेशमा काम गरिरहेका नेपालीहरु कार्यरत रहेका देशमा सञ्चालनमा रहेका Digital Payment गर्ने संस्थासँग आवद्ध भई विप्रेषण कारोबार गर्दा पालना गर्नुपर्ने नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७ को साविकका व्यवस्थाका अतिरिक्त देहायका शर्तहरु सहितको सम्झौता गरी नेपालमा रकम भित्र्याउन सक्ने र नेपालमा रहेका सेवाग्राहीलाई नेपालमा सञ्चालनमा रहेका यस बैंकबाट अनुमतिपत्र प्राप्त भुक्तानी सेवा प्रदायक (बैंक तथा वित्तीय संस्था समेत) संस्थासँग आवद्ध भई त्यस्ता संस्थाहरुले सञ्चालन गरेका विद्युतीय भुक्तानीका उपकरणहरु (Mobile Banking, Internet Banking, Electronic cards, Digital Wallet आदि) मार्फत् स्वदेशी मुद्रामा भुक्तानी प्रदान गर्न सक्ने सम्बन्धमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो व्यवस्था गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशन गरिएको छ ।

<u>शर्तहरु</u> :

(क) नेपालीहरु कार्यरत देशबाट विप्रेषण पठाउने संस्था उक्त देशमा सञ्चालनमा रहेको Digital Payment Instrument सञ्चालन गर्ने संस्थासँग आवद्ध भएको हुनु पर्ने ।

(ख) खण्ड (क) बमोजिमको संस्था उक्त देशको कानुन वमोजिम दर्ता भई त्यस देशको नियामक निकायबाट Outward Remittance कारोबार गर्न इजाजतपत्र प्राप्त गरेको हुनुपर्ने ।

(ग) Digital Payment Instrument बाट Cross Border कारोबार गर्दा प्रयोगमा ल्याइने Software मा अपनाउनु पर्ने सुरक्षा व्यवस्थाहरु जस्तै : Identification Number, System Security/Unauthorized Access to the third party, Confidentiality, Settlement आदि बारेमा सम्झौतामा स्पष्ट व्यवस्था गरेको हुनुपर्ने ।

(घ) सम्बद्ध पक्षहरुको कारोबार डिजिटल अभिलेखमा नेपालको प्रचलित कानुनले व्यवस्था गरे अनुसारको समयावधिसम्म सुरक्षित राख्ने प्रतिबद्धता व्यक्त गर्नुपर्ने ।

(ङ) विदेशबाट विप्रेषकले Digital Payment Service Provider मार्फत् पठाएको रकम प्रापकले रकमान्तर गर्न वा आफै स्वयम् उपस्थित भई भुक्तानी लिन नसक्ने अवस्थामा Wallet मा रहने तोकिएको सीमाभन्दा बढी भएको रकम भुक्तानी सेवा प्रदायक संस्थाले प्रापकको बैंक खातामा स्थानान्तरण हुने व्यवस्था मिलाउनु पर्ने।

(च) प्रचलित कानुनमा उल्लिखित AML/CFT सम्बन्धी व्यवस्थाको परिपालना हुने सुनिश्चितता हुनुपर्ने ।

(छ) कारोबार गर्दा विवरण गल्ती भई कारोबार सम्पन्न हुन नसकेको अवस्थामा स्वचालित तवरले Reimbursement हुने व्यवस्था मिलाउनु पर्ने ।

(ज) उपर्युक्त बुँदाहरु सम्मिलित गरी सम्बद्ध पक्षहरु बीच भएको सम्झौता यस बैंकमा पेश गर्नुपर्ने ।

(झ) यस्तो विधिबाट भित्रिएको विप्रेषणको विवरण साविकको ढाँचा (अनुसूची २५.१ र २५.२) अनुसार पाक्षिक रुपमा विदेशी विनिमय व्यवस्थापन विभागमा पेश गर्नुपर्ने ।

(कार्यकारी निर्देशक)

जारी मिति : २०७७/०६/०५ ।

(१९) <u>मौरिससस्थित एम एण्ड एम रेमिटसँग कुनै पनि कारोबार नगर्ने/नगराउने सम्बन्धी सूचना</u>

## नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभागको
## सूचना

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु एवम् इजाजतपत्रप्राप्त विप्रेषणको कारोबार गर्ने विप्रेषकहरुले मौरिससस्थित एम एण्ड एम रेमिटसँगको सहकार्यमा विप्रेषण कारोबार गरिरहेका भए उक्त रेमिटसँग कुनै पनि कारोबार नगर्न/नगराउन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशन गरिएको छ । तर यस व्यवस्थाले उक्त रेमिटसँग कुनै लिनु पर्ने रकम भए त्यस्तो रकम असुल उपर गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन ।

(कार्यकारी निर्देशक)

प्रकाशित मितिः २०७७/१२/०८

(२०) अनलाइनमार्फत् विदेशबाट वस्तु तथा सेवा खरिद बापतको भुक्तानी गर्ने प्रयोजनका लागि परिवर्त्य विदेशी मुद्राको Prepaid Card जारी गर्न सकिने सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभागको
अनलाइनमार्फत् विदेशबाट वस्तु तथा सेवा खरिद बापतको भुक्तानी गर्ने प्रयोजनका लागि परिवर्त्य विदेशी मुद्राको Prepaid Card जारी गर्न सकिने सम्बन्धी सूचना ।

अनलाइनमार्फत् विदेशबाट वस्तु तथा सेवा खरिद बापतको भुक्तानी गर्ने प्रयोजनका लागि इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरु र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरुबाट यस बैंकले तोकेका शर्तहरुको अधीनमा रही वार्षिक अधिकतम अमेरिकी डलर ५०० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राको Prepaid Card जारी गर्न सकिने व्यवस्था गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित गरिएको छ ।

उपर्युक्त व्यवस्थाका सम्बन्धमा यस बैंकबाट जारी गरिएको एकीकृत परिपत्र- २०७६ (संशोधन सहित) को एकीकृत इ.प्रा. परिपत्र: १५/२०७६ को दफा ७ मा उल्लिखित प्रावधानहरुको पूर्णरुपमा पालना गर्नु पर्नेछ । उल्लिखित परिपत्र यस बैंकको वेवसाइट (https://www.nrb.org.np/departments/fxm) बाट प्राप्त गर्न सकिनेछ ।

(कार्यकारी निर्देशक)

प्रकाशित मिति: २०७७/१२/०८

(२१) <u>एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्र :०१/२०७६ को दफा १.१.१५ लाई संशोधन गरिएको सम्बन्धी सूचना</u>

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभागको
सूचना ।

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरूलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्र :०१/२०७६ को दफा १.१.१५ लाई संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ। उल्लिखित परिपत्र यस बैंककोवेवसाइट (https://www.nrb.org.np/departments/fxm/) बाट प्राप्त गर्न सकिनेछ ।

(कार्यकारी निर्देशक)

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा सूचना प्रकाशन भएको मितिः २०७७/१२/१२ ।

(२२) Nepal Rastra Bank's Notice for Exchanging Fourth Edition Qatari Riyal Banknotes

Nepal Rastra Bank's Notice for Exchanging Fourth Edition Qatari Riyal Banknotes

(First Published Date: 20 April 2021)

As per the decision of Qatar Central Bank on withdrawal of Qatari Riyal banknotes of Fourth Edition from circulation after 1st July 2021, all concerned are hereby notified to exchange the banknotes within 10 May 2021 from Banking Department of Nepal Rastra Bank, Provincial Offices of Nepal Rastra Bank, licensed banks and financial institutions and licensed money changers dealing in convertible foreign currencies.

Nepal Rastra Bank

Central Office

Foreign Exchange Management Department

Contact Person: Mr. Manohar Shiwakoti, Deputy Director, Cell No: 9843645818

(२३) चौथो संस्करणका कतारी रियाल बैंक नोटहरू सटही गर्नेसम्बन्धी सूचना

## चौथो संस्करणका कतारी रियाल बैंक नोटहरू सटही गर्नेसम्बन्धी नेपाल राष्ट्र बैंकको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७८/१/७ गते)

कतारको केन्द्रीय बैंकले निष्काशन गरेका हाल चलनचल्तीमा रहेका चौथो संस्करण (Fourth Edition) का कतारी रियाल बैंक नोटहरू उक्त बैंकले सन् २०२१ जुलाई १ पश्चात् चलनचल्तीबाट हटाउने निर्णय गरेको हुँदा आफूसँग भएका त्यस्ता नोटहरू २०७८ वैशाख २७ गतेभित्र प्रचलित व्यवस्था बमोजिम यस बैंकको बैंकिङ विभाग, बैंकिङ कारोबार गर्ने यस बैंकका प्रदेशस्थित कार्यालयहरू, विदेशी विनिमयको कारोबार गर्न यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था, वा परिवर्त्य विदेशी मुद्राको कारोबार गर्न इजाजतपत्र प्राप्त मनिचेञ्जरहरूबाट सटही गर्नु/गराउनु हुन सम्बन्धित सबैका लागि यो सूचना जारी गरिएको छ । उक्त मितिपश्चात् त्यस्ता बैंक नोटहरू सटही गर्न यस बैंकलगायत इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र मनिचेञ्जरहरू बाध्य नहुने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

विदेशी विनिमय व्यवस्थापन विभाग

सम्पर्क व्यक्ति : श्री मनोहर शिवाकोटी, उप-निर्देशक, मोबाईल नं: ९८४३६४५८१८

(२४) विप्रेषकहरुलाई कोभिड-१९ सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभागको
सूचना ।

यस बैंकबाट इजाजतपत्रप्राप्त सम्पूर्ण विप्रेषकहरु,
महाशय,

विश्वव्यापी रुपमा पछिल्ला केही दिनयता कोभिड-१९ को संक्रमण दोस्रो लहरको रुपमा फैलँदै गएको र सोही रुपमा नेपालका विभिन्न स्थानमा समेत संक्रमणको जोखिम दिनानुदिन बढ्दै गइरहेको तथा नयाँ भेरियन्टको संक्रमण दर उच्च रहेको परिप्रेक्ष्यमा उच्च सर्तकताका साथ विप्रेषण सेवाको सुनिश्चितता गर्नुपर्ने देखिएकोले यस बैंकबाट इजाजतपत्रप्राप्त विप्रेषकहरुले देहायका व्यवस्थाहरु अवलम्बन गरी पूर्ण सजगताका साथ विप्रेषण सम्बन्धी सेवा प्रदान गर्न/गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित गरिएको छ ।

१) नेपाल सरकार र विश्व स्वास्थ्य संगठनको स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको पालना गरी सेवा प्रवाहमा प्रत्यक्ष सम्पर्कमा रहने जनशक्ति तथा सेवाग्राहीमा संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न आवश्यक सम्पूर्ण उपायहरु अवलम्बन गर्ने ।
२) इजाजतपत्रप्राप्त विप्रेषकले आफ्नो व्यावसायिक निरन्तरतालाई उच्च प्राथमिकतामा राखी कार्यालयमा उपस्थित नभई सम्पादन गर्न असम्भव हुने कामको लागि मात्र न्यूनतम कर्मचारीको उपस्थितिबाट कार्य सम्पादन हुने व्यवस्था मिलाउने । कोभिड-१९ को संक्रमण जोखिम न्यूनिकरणको लागि निषेधाज्ञा जारी भएका स्थानहरुमा सम्भव भएसम्म २५ प्रतिशतभन्दा कम कर्मचारीको उपस्थितिमा सेवा प्रदान गर्ने व्यवस्था मिलाउने । कार्यालयमा कर्मचारीको उपस्थिति कम गर्नको लागि सूचना प्रविधिको उच्चतम प्रयोग गरी Work From Home तथा Remote Access बाट कार्य सम्पादनलाई जोड दिने ।
३) संक्रमणको जोखिमलाई ध्यान दिई सेवाग्राहीलाई सम्भव भएसम्म Face to Face सेवा भन्दा विद्युतीय माध्यमबाट सेवा प्रदान गर्नेमा जोड दिने ।
४) विभिन्न निकायबाट जारी भएका/हुने निषेधात्मक आदेशको पालनाका लागि स्थानीय प्रशासन/निकायसँगको समन्वयमा सेवा प्रदान गर्ने ।
५) महामारीको हालको अवस्थामा सूचना प्रविधिको अत्यधिक प्रयोग गरी अधिकांश कार्य विद्युतीय माध्यमबाट सम्पादन गर्नुपर्ने भएकोले यसबाट उत्पन्न हुन सक्ने जोखिम तथा यसको दुरुपयोगप्रति समेत चनाखो रही जोखिम व्यवस्थापन गर्ने ।
६) यस बैंकबाट कोभिड-१९ को संक्रमणको जोखिम न्यूनीकरण गरी सेवा सुचारु गर्ने सम्बन्धमा यस अघि जारी गरिएका निर्देशनहरु परिपालना गर्ने /गराउने व्यवस्था मिलाउने ।

(कार्यकारी निर्देशक)

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा सूचना प्रकाशन भएको मिति : २०७८/०१/१९ ।

(२५) <u>एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्र: ०१/२०७६ को दफा १.७ को उप-दफा १.७.५ लाई संशोधन गरिएको सम्बन्धी सूचना</u>

# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# विदेशी विनिमय व्यवस्थापन विभागको

## एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्र: ०१/२०७६ को दफा १.७ को उप-दफा १.७.५ लाई संशोधन गरिएको सम्बन्धी सूचना ।

प्रतीतपत्र बिना ड्राफ्ट/टी.टी. को माध्यमबाट हुने वस्तु आयातका लागि सटही सुविधा बढीमा एक पटकमा अमेरिकी डलर ३५,००० (पैंतीस हजार) वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्मको लागि मात्र प्रदान गर्न सकिनेछ । यसरी टी.टी. मार्फत् सटही प्रदान गर्दा अमेरिकी डलर २५,००० भन्दा बढी विदेशी मुद्राको सटही उपलब्ध गराउँदा Beneficiary को Business Credibility Information (BCI) लिने व्यवस्था मिलाउनु पर्नेछ । साथै, सम्बन्धित फाइलमा सोको अभिलेख राख्नुपर्नेछ ।

तर, कोभिड-१९ को वर्तमान स्वास्थ्य समस्यालाई रोकथाम तथा न्यूनीकरणको लागि सहजीकरण गर्न देहायबमोजिमको व्यवस्था गरिएको छ:

१) स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागको सिफारिसमा गरिने कोभिड-१९ सँग सम्बन्धित औषधिजन्य सामग्रीहरु तथा स्वास्थ्य उपकरणहरु (Medical Supplies and Medical Equipments) को आयातको हकमा एउटै बीजकबाट अमेरिकी डलर १,००,००० अमेरिकी डलर एकलाख) सम्मको रकम ड्राफ्ट/टी.टी. को माध्यमबाट भुक्तानी गर्न सकिनेछ । साथै, अमेरिकी डलर १००,००० भन्दा माथिको सटही सुविधा आवश्यक परेमा स्वास्थ्य सेवा विभागको सिफारिस सहित स्वीकृतिका लागि यस बैंक समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

२) Oxygen Cylinders, Oxygen Concentrators, Oxygen Tanks, Oxygen Generators, Oxygen Manufacturing Plants, Oxygen Delivery Accessories, अन्य Oxygen सम्बन्धी सामग्री तथा Ventilator Equipments लगायतका कोभिड-१९ को स्वास्थ्य समस्याको उपचारमा सघाउ पुऱ्याउने जीवनरक्षक स्वास्थ्य सामग्री/उपकरणहरुको आयातको हकमा उल्लिखित ड्राफ्ट/टी.टी. को रकम सम्बन्धी सीमा, Business Credibility Information (BCI) र स्वास्थ्य सेवा विभागको सिफारिस २०७८ असार मसान्तसम्मका लागि अनिवार्य नहुने व्यवस्था गरिएको छ । साथै, यस व्यवस्थाबमोजिम आयात गर्ने आयातकर्ताले विदेशी विनिमय अपचलन भएमा स्वयम् जिम्मेवार हुने स्वःघोषणा बैंक तथा वित्तीय संस्थासमक्ष पेश गर्नु पर्नेछ र बैंक तथा वित्तीय संस्थाले यस व्यवस्था बमोजिम आयात भएको विवरण संलग्न ढाँचामा मासिक रुपमा प्रत्येक महिना समाप्त भएको सात कार्य दिनभित्र यस विभागसमक्ष पेश गर्नु पर्नेछ ।

उक्त परिपत्र सम्बन्धी विस्तृत विवरण यस बैंकको वेवसाइट www.nrb.org.np मा उपलब्ध रहेको छ ।

(कार्यकारी निर्देशक)

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा सूचना प्रकाशन भएको मिति : २०७८/०१/३० ।

(२६) एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्रः १८/२०७६ को दफा १ को खण्ड (घ) को बुँदा नं. (१५) लाई संशोधन गरिएको सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभागको
एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्रः १८/२०७६ को दफा १ को खण्ड (घ) को बुँदा नं. (१५) लाई संशोधन गरिएको सम्बन्धी सूचना ।

यस बैंकबाट जारी गरिएको एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्रः १८/२०७६ को दफा १ मा रहेको स्वेदशमा खोलिने विदेशी मुद्राको खाता र सञ्चालन सम्बन्धी व्यवस्था अन्तर्गतको खण्ड (घ) मा रहेको खाता खोल्ने तथा सञ्चालन गर्ने प्रक्रियाको बुँदा नं. (१५) लाई देहायबमोजिम संशोधन गरी इ.प्रा. परिपत्र संख्याः १५/२०७७-७८ जारी गरिएकोले यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ :

यस विभागबाट परिवर्त्य विदेशी मुद्रामा कारोबार गर्न इजाजत प्राप्त निकायको खाता त्यस्तो इजाजतपत्रको अवधि वहाल रहेसम्म मात्र सञ्चालन हुने गरी खोल्नु पर्नेछ । साथै, त्यस्तो इजाजतपत्रको अवधि समाप्त भएको ३० दिनसम्म पनि इजाजतपत्र नवीकरण भएको प्रमाण वा यस विभागको स्वीकृति पत्र पेश नगरेमा त्यस्ता खाता सञ्चालनमा पूर्ण रूपमा रोक लगाउनु पर्नेछ । विदेशीलाई सेवा बिक्री गरी विदेशबाट प्राप्त भएको रकम त्यस्ता खातामा जम्मा मात्र गर्ने गरी स्वीकार गर्न भने सकिनेछ ।

तर, कोभिड-१९ रोकथाम तथा न्यूनीकरणका लागि नेपाल सरकारबाट जारी भएको निषेधाज्ञा रहुञ्जेलसम्म र निषेधाज्ञा औपचारिकरुपमा समाप्त भएको ३० दिनको अवधिसम्म इजाजतपत्रप्राप्त निकायको इजाजतपत्र नवीकरण नभएको अवस्थामा समेत यथास्थितिमा खाता सञ्चालन गराउन बाधा पर्ने छैन ।

उक्त परिपत्र सम्बन्धी विस्तृत विवरण यस बैंकको वेवसाइट www.nrb.org.np मा उपलब्ध रहेको छ ।

(कार्यकारी निर्देशक)

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा सूचना प्रकाशन भएको मिति : २०७८/०२/०४ ।

(२७) विदेशी लगानी तथा विदेशी ऋण लेखाङ्कन गर्ने सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभागको
विदेशी लगानी तथा विदेशी ऋण लेखाङ्कन गर्ने सम्बन्धी
सूचना

नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ मिति २०७८/०२/१७ मा स्वीकृति भई यस विभागको मिति २०७८/०२/२५ को परिपत्र बमोजिम लागू भई कार्यान्वयनमा आएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

उक्त विनियमावली लागू भएपश्चात् भित्रिएको विदेशी लगानी र विदेशी ऋणको लेखाङ्कन सोही विनियमावलीको क्रमशः विनियम ५ को उपविनियम (१) र विनियम ८ को उपविनियम (१) बमोजिम गराउनुपर्नेछ ।

तर, उक्त विनियमावली लागू हुनुपूर्व भित्रिएको विदेशी लगानी बापतको रकम वा प्रचलित व्यवस्थाबमोजिम विदेशी लगानी भएको र विदेशी ऋणबापतको रकम तर यस बैंकमा लेखाङ्कन भइनसकेको हकमा त्यस्तो लगानी तथा ऋण सोही विनियमावलीको क्रमशः अनुसूची-६ र अनुसूची-१३ बमोजिमका कागजातहरु संलग्न गरी मिति २०७९/०२/१६ सम्म एकल विन्दु सेवा केन्द्र, विदेशी विनिमय सहजीकरण एकाईमा लेखाङ्कन गर्नु/गराउनुहुन सम्बन्धित विदेशी लगानीकर्ता तथा विदशी लगानी रहेका कम्पनी/उद्योग र ऋणीको जानकारीका लागि नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ को विनियम ५ को उपविनियम (२) र विनियम ८ को उपविनियम (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

नोटः नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ यस बैंकको वेवसाइट (https://www.nrb.org.np/contents/uploads/2021/06/FXMD-Circular-NRB-Foreign-Investment-and-Loan-Mgt-Bylaw-2078.pdf) बाट प्राप्त गर्न सकिने छ ।

(कार्यकारी निर्देशक)

प्रकाशित मितिः २०७८/०३/०४

(२८) <u>शिक्षा सेवा शुल्क फिर्ता सम्बन्धी सूचना</u>

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

विदेशी विनिमय व्यवस्थापन विभागको

सूचना

विविध कारणले वैदेशिक अध्ययनमा जान नपाएका विद्यार्थीले दाखिला गरेको शिक्षा सेवा शुल्क बापतको रकम सरल र छिटो प्रक्रियाद्वारा फिर्ता दिने प्रयोजनको लागि आन्तरिक राजस्व विभागले मिति २०७८/०४/२१ मा "शिक्षा सेवा शुल्क फिर्ता सम्बन्धी प्रक्रियागत मापदण्ड, २०७८" स्वीकृत गरेको हुँदा सोही बमोजिम गर्नु गराउनुहुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैका लागि यो सूचना जारी गरिएको छ ।

(कार्यकारी निर्देशक)

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा सूचना प्रकाशन मितिः २०७८/०४/३२ ।

(२९) विदेशी मुद्रा कारोबार इजाजतपत्र नवीकरणसम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभागको
विदेशी मुद्रा कारोबार इजाजतपत्र नवीकरणसम्बन्धी
सूचना

"नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७" को परिच्छेद-३ र ४ बमोजिम र "नेपाल राष्ट्र बैंक मनिचेन्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७" बमोजिम यस बैंकबाट विदेशी मुद्राको कारोबार गर्न इजाजतपत्रप्राप्त संस्थालाई कोभिड-१९ महामारीबाट सिर्जित प्रभाव दृष्टिगत गरी अन्य सम्पूर्ण प्रचलित व्यवस्थाहरु यथावत रहने गरी देहायबमोजिम इजाजतपत्रको म्याद कायम हुने व्यवस्था गरिएको छः

(१) यो व्यवस्था लागू भएपश्चात इजाजतपत्रको नवीकरणका लागि निवेदन पेश गर्ने इजाजतपत्रप्राप्त संस्थाहरुलाई कुनै पनि शुल्क नलिई एक वर्षको लागि इजाजतपत्रको नवीकरण (पछिल्लो इजाजतपत्रको म्यादबाट गणना हुने गरी) गरिनेछ ।

(२) यो व्यवस्था लागू हुनु पूर्व इजाजतपत्र नवीकरण गराइसकेका इजाजतपत्रप्राप्त संस्थाहरुको इजाजतपत्रको म्याद कुनै पनि शुल्क नलिई एक वर्षले थप गरिनेछ ।

(३) माथि (१) र (२) बमोजिम नवीकरण/म्याद थप गर्नका लागि इजाजतपत्रप्राप्त संस्थाहरुले २०७९ असारमसान्तभित्र नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग वा सम्बन्धित प्रदेशस्थित कार्यालयमा निवदेन पेश गर्नु पर्नेछ ।

(कार्यकारी निर्देशक)

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा सूचना प्रकाशन भएको मिति :२०७८/०५/११।

(३०) Cryptocurrency कारोबार गैरकानुनी रहेको सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभागको
Cryptocurrency कारोबार गैरकानुनी रहेको सम्बन्धी सूचना

नेपालमा कुनै पनि प्रकारका Cryptocurrency हरुको कारोबार/प्रयोग/Mining गैरकानुनी रहेकोले यस्ता प्रकारका Cryptocurrency हरुको कारोबार/प्रयोग/Mining सम्बन्धी कार्य नगर्नु/नगराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ ।

हालका दिनहरुमा Cryptocurrency हरुको कारोबार/प्रयोग/Mining जस्ता कार्यमा संलग्न हुन प्रोत्साहन गर्ने/गराउने समेत गरेको पाइएको र त्यस्तो कार्यबाट सर्वसाधारणहरु ठगिएको/ठगिन सक्ने देखिएको हुँदा कसैले त्यस्तो कार्य गरे/गराएको पाइएमा प्रचलित कानुनबमोजिम सजाय हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

(कार्यकारी निर्देशक)

नेपाल राष्ट्र बैंकको वेबसाइट www.nrb.org.np मा सूचना प्रकाशन भएको मिति : २०७८/०५/२४ ।

(३१) परिमाणात्मक बन्देज लगाइएका वस्तुहरु आयातसम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभागको
सूचना

मिति २०७७/१२/०९ गतेको नेपाल राजपत्रमा प्रकाशित श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना बमोजिम र यस बैंकबाट मिति २०७७/१२/१२ गते जारी इ.प्रा. परिपत्र संख्या : ११/२०७७-७८ बमोजिम आर्थिक वर्ष २०७७/७८ को लागि परिमाणात्मक बन्देजको सीमा तोकिएका भन्सार उपशीर्षक ०७१३.१०.०० को केराउ, भन्सार उपशीर्षक ०८०२.८०.०० र ०८०२.९०.०० को सुपारी, भन्सार उपशीर्षक ०८०४.१०.०० को छोकडा र भन्सार उपशीर्षक ०९०४.११.०० को नधुल्याएको मरिचको हकमा कोटा प्राप्त गर्ने आयातकर्ताले २०७८ असार मसान्तभित्र त्यस्तो वस्तु Shipment गराइसक्नुपर्ने र २०७८ असार मसान्तसम्म LC/DAP/DAA/DD/TT खोली Shipment भैसकेका वस्तुहरु आर्थिक वर्ष २०७८/७९ मा पनि भन्सार जाँचपास गर्ने सम्बन्धी व्यवस्थाका लागि श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट यस बैंक समेतलाई अनुरोध भई आएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन तथा आर्थिक वर्ष २०७८/७९ मा यस पूर्व परिमाणात्मक बन्देज लगाइएका वस्तुहरुको सम्बन्धमा हालसम्म नेपाल सरकारबाट कोटा निर्धारण नभएको र इजाजत पनि प्रदान नभएको हुँदा त्यस्ता वस्तुहरु आयात गर्ने प्रयोजनका लागि कुनै पनि आयात, बैंकिङ्ग तथा भुक्तानी सम्बन्धी प्रक्रिया अगाडि नबढाउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ ।

(कार्यकारी निर्देशक)

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा सूचना प्रकाशन भएको मिति : २०७८/०६/१७ ।

(३२) विदेशमा विदेशी मुद्रामा ऋण लिने प्रयोजनका लागि बैंक ग्यारेण्टी वा Standby Letter of Credit जारी गर्न सकिने सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभागको
विदेशमा विदेशी मुद्रामा ऋण लिने प्रयोजनका लागि बैंक ग्यारेण्टी वा Standby Letter of Credit जारी गर्न सकिने सम्बन्धी
सूचना

विदेशी मुद्रा आम्दानी गरेका नेपाली फर्म/कम्पनी/संघ/संस्था/निकाय आदिलाई विदेशमा कारोबार सञ्चालन गरी नेपालमा थप विदेशी मुद्रा भित्र्याउने प्रयोजनका लागि तोकिएका शर्त तथा कागजातहरुको आधारमा विदेशमा ऋण लिने प्रयोजनको लागि समेत यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुबाट बैंक ग्यारेण्टी वा Standby Letter of Credit जारी गर्न यस बैंकबाट स्वीकृति प्रदान गर्न सकिने व्यवस्था भई एकीकृत परिपत्र-२०७६ को एकीकृत इ. प्रा. परिपत्र १४/२०७६ मा संशोधन गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ ।

(कार्यकारी निर्देशक)

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा सूचना प्रकाशन भएको मिति : २०७८/०६/१९ ।

(३३) <u>नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ को अनुसूची-१० मा संशोधन गरिएको सम्बन्धी सूचना</u>

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभागको

## नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ को अनुसूची-१० मा संशोधन गरिएको सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ को अनुसूची-१० मा संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा प्रकाशन भएको मितिः २०७८/१०/०९ ।

नोटः नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ यस बैंकको वेवसाइट https://www.nrb.org.np बाट प्राप्त गर्न सकिने छ ।

(३४) Virtual Currency/Cryptocurrency तथा Network Marketing अन्तर्गतको कारोबार/व्यवसाय गैरकानुनी रहेको सम्बन्धी सूचना

# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभागको
## Virtual Currency/Cryptocurrency तथा Network Marketing अन्तर्गतको कारोबार/व्यवसाय गैरकानूनी रहेको सम्बन्धी सूचना

हालका दिनहरुमा छोटो अवधिमा उच्च प्रतिफल दिने प्रलोभन देखाई Virtual Currency/ Cryptocurrency हरुको कारोबार/प्रयोग गर्न तथा त्यस्ता Virtual Currency/Cryptocurrency हरुसँग सम्बन्धित Hyper Fund जस्ता कोषमा लगानी गर्न र Jocial, Crowd 1, Solemax Global जस्ता पिरामिडमा आधारित Network Marketing मा आवद्ध हुन प्रोत्साहन गर्ने/गराउने गरेको जानकारी प्राप्त हुन आएकोले सो सम्बन्धमा यस बैंकको गम्भीर ध्यानाकर्षण भएको छ। नेपालमा विदेशी विनिमय वा मुद्राको रुपमा Virtual Currency/Cryptocurrency ले कानुनी मान्यता नपाएको सन्दर्भमा उपर्युक्त बमोजिमका गैरकानूनी वित्तीय औजारमा आवद्ध भई कारोबार गर्दा सर्वसाधारण ठगिने, अवैधानिक तरिकाले रकम बाहिरिई स्वदेशी पूँजी पलायन हुने भएकाले त्यस्ता कारोबार तथा व्यवसायमा संलग्न भई नेपालभित्र बसोबास गर्ने नेपाली तथा विदेशी नागरिक र विदेशमा बस्ने नेपाली नागरिकहरु समेतले त्यस्तो कार्य गरे/गराएको पाइएमा प्रचलित कानूनबमोजिम कारवाही हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा प्रकाशन भएको मितिः २०७८/१०/०९ ।

(३५) तोकिएका वस्तुहरु अनिवार्य रुपमा मार्जिन राखी प्रतीतपत्रमार्फत् मात्र आयात गर्न सकिने व्यवस्था गरिएको सम्बन्धी सूचना

# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभागको
## तोकिएका वस्तुहरु अनिवार्य रुपमा मार्जिन राखी प्रतीतपत्रमार्फत् मात्र आयात गर्न सकिने व्यवस्था गरिएको सम्बन्धी सूचना

विदेशबाट आयात गरिने तपसिलमा उल्लिखित हार्मोनिक कोड भएका वस्तुहरु अनिवार्य रुपमा मार्जिन लिई तोकिएबमोजिमका शर्तहरु पालना हुने गरी प्रतीतपत्रमार्फत् मात्र आयात गर्न सकिने व्यवस्था गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| क्र.सं. | हार्मोनिक कोड (शुरुका अंक) | मार्जिनको प्रतिशत |
|---|---|---|
| १ | ०९०७ | १०० |
| २ | १७ | १०० |
| ३ | २२ | १०० |
| ४ | २४ | १०० |
| ५ | ३३०३ | १०० |
| ६ | ३३०४ | १०० |
| ७ | ३३०५ | १०० |
| ८ | ४४ | १०० |
| ९ | ६४ | १०० |
| १० | ६५ | १०० |
| ११ | ६६ | १०० |
| १२ | ६७ | १०० |
| १३ | ६८ | १०० |
| १४ | ६९ | १०० |
| १५ | ७०१० | १०० |
| १६ | ७१०६ | १०० |

| क्र.सं. | हार्मोनिक कोड (शुरुका अंक) | मार्जिनको प्रतिशत |
|---|---|---|
| १७ | ८७०३ | ५० |
| १८ | ८७११ | ५० |
| १९ | ९४०३ | १०० |
| २० | ९५०४४००० | १०० |
| २१ | ०३ | १०० |
| २२ | ०४ | १०० |
| २३ | ०६ | १०० |
| २४ | ०७१३१००० | १०० |
| २५ | ०८०२८०००, ०८०२९००० | १०० |
| २६ | ०८०३ | १०० |
| २७ | ०८०४१००० | १०० |
| २८ | ०९०४११०० | १०० |
| २९ | १६ | १०० |
| ३० | १८ | १०० |
| ३१ | २० | १०० |
| ३२ | २१ | १०० |

| क्र.सं. | हार्मोनिक कोड (शुरुका अंक) | मार्जिनको प्रतिशत |
|---|---|---|
| ३३ | २३ | १०० |
| ३४ | ३२ | १०० |
| ३५ | ३४ | १०० |
| ३६ | ३९ | १०० |
| ३७ | ४२ | १०० |
| ३८ | ५७ | १०० |
| ३९ | ६० | ५० |
| ४० | ६१ | ५० |
| ४१ | ६२ | ५० |
| ४२ | ६३ | ५० |
| ४३ | ७१ | १०० |
| ४४ | ८२ | १०० |
| ४५ | ९१ | १०० |
| ४६ | ९४ | १०० |
| ४७ | ९७ | १०० |

शर्तहरु:

१) उल्लिखित मार्जिन रकम नगदका अतिरिक्त चल्ती/बचत/कल निक्षेप खाता खर्च (Debit) गरी वा भुक्तानीका माध्यम प्रयोग गरी समेत जम्मा गर्न सकिनेछ ।

२) मार्जिन रकममा ब्याज प्रदान गर्न पाइने छैन ।

३) मार्जिन रकम जम्मा गर्ने प्रयोजनका लागि कुनै पनि कर्जा प्रवाह (स्वेदशी मुद्रामा समेत) गर्न पाइने छैन ।

४) यस्तो मार्जिन रकम कायम गरेको हकमा दफा १.१.५, १.३.२, १.४.१, १.४.२, १.७.१६ र १.११.१ मा उल्लिखित धरौटीको अतिरिक्त हुनेछ ।

५) उल्लिखित वस्तुहरु प्रतीतपत्रमार्फत् मात्र आयात गर्न पाइनेछ ।

६) उल्लिखित वस्तुहरु आयातका लागि अग्रिम भुक्तानी गर्न पाइने छैन ।

७) मार्जिन रकम प्रतीतपत्र खोल्दाकै अवस्थामा लिनु पर्नेछ र आयातको भुक्तानी गर्दा त्यस्तो मार्जिन रकम समेतलाई प्रयोग गर्न सकिनेछ ।

८) नेपाल सरकारका निकाय, कूटनीतिक नियोग र अस्पतालहरुले गर्ने आयातमा तथा वाणिज्य बैंकहरुले सुन आयात तथा बिक्री वितरण सम्बन्धी कार्यविधि, २०६८ बमोजिम आयात गर्ने सुनको हकमा यो व्यवस्था लागू हुने छैन ।

९) उद्योगहरुले आफ्नै प्रयोजनका लागि उद्योग स्वयम्ले आयात गर्ने कच्चा पदार्थको हकमा यो व्यवस्था लागू हुने छैन ।

१०) औषधिजन्य प्रयोजनका लागि हुने आयातको हकमा यो व्यवस्था लागू हुने छैन। यस सम्बन्धमा आयातकर्ताबाट सोको स्व:घोषणा अनिवार्य रुपमा लिनु पर्नेछ ।

११) हार्मोनिक कोड ८७०३ र ८७११ भएका वस्तुको हकमा शत् प्रतिशत विद्युतीय भए यो व्यवस्था लागू हुने छैन ।

१२) हार्मोनिक कोड ९४०३.२०.१० र ९४०३.७०.१० का भएका वस्तुको हकमा यो व्यवस्था लागू हुने छैन ।

१३) क.स. १ देखि २० सम्मका हार्मोनिक कोड भएका वस्तुहरुको हकमा उक्त वस्तुहरु आयातसम्बन्धी प्रक्रियाका लागि मिति २०७८/०९/०५ वा सो अगावै प्रतीतपत्र, बैंक जमानत, Standby Letter of Credit, ड्राफ्ट/टी.टी. (आंशिक भुक्तानी समेत) लगायतका उपकरणहरु जारी भैसकेको अवस्थामा त्यस्ता सामानहरुको आयातमा यो व्यवस्था लागू हुने छैन ।

१४) क.स. २१ देखि ४७ सम्मका हार्मोनिक कोड भएका वस्तुहरुको हकमा उक्त वस्तुहरु आयातसम्बन्धी प्रक्रियाका लागि मिति २०७८/१०/२६ वा सो अगावै प्रतीतपत्र, बैंक जमानत, Standby Letter of Credit, ड्राफ्ट/टी.टी. (आंशिक भुक्तानी समेत) लगायतका उपकरणहरु जारी भैसकेको अवस्थामा त्यस्ता सामानहरुको आयातमा यो व्यवस्था लागू हुने छैन ।

यस सम्बन्धी विस्तृत जानकारी बैंकको वेवसाइट https://www.nrb.org.np बाट प्राप्त गर्न सकिने छ ।

नेपाल राष्ट्र बैंकको वेवसाइटमा सूचना प्रकाशन भएको मितिः २०७८/१०/२६ ।

(३६) <u>तोकिएका वस्तुहरु अनिवार्य रुपमा मार्जिन राखी प्रतीतपत्रमार्फत् मात्र आयात गर्न सकिने व्यवस्था गरिएको सम्बन्धी सूचना</u>

## नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभागको
## एकीकृत परिपत्र-२०७८ मा संशोधन गरिएको सम्बन्धी सूचना ।

नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागबाट जारी भएको एकीकृत परिपत्र-२०७८ को इ.प्रा. परिपत्रः ०१/२०७८ को दफा १.३.१ मा उल्लिखित व्यवस्थालाई खारेज गरी, इ.प्रा. परिपत्रः ०१/२०७८ को दफा १.११.१ को खण्ड (च) मा उल्लिखित व्यवस्थालाई तथा अनुसूची १.१० लाई संशोधन गरी, इ.प्रा. परिपत्रः ०५/२०७८ को दफा १ को बुँदा (क) लाई संशोधन गरी, इ.प्रा. परिपत्रः १७/२०७८ को दफा ३ को शर्त नं. ४ र शर्त नं. १२ लाई संशोधन गरी, इ.प्रा. परिपत्र १७/२०७८ को दफा ४ को शर्त नं. (ग) र शर्त नं. (ङ) लाई संशोधन गरी तथा इ.प्रा. परिपत्रः २४/२०७८ मा दफा १२ थप गरी यस विभागको मिति २०७८/११/१८ को इ.प्रा. परिपत्र संख्याः२१/२०७८-७९ मार्फत् परिपत्र जारी गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

मिति २०७८/११/१८ को इ.प्रा. परिपत्र संख्याः २१/२०७८-७९ र सो सम्बन्धी विस्तृत जानकारी यस बैंकको वेवसाइट www.nrb.org.np_बाट प्राप्त गर्न सकिने छ ।

नेपाल राष्ट्र बैंकको वेवसाइटमा सूचना प्रकाशन भएको मितिः २०७८/११/१८ ।

(३७) केही वस्तुको पैठारीमा पूर्ण बन्देज सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभागको
सूचना

नेपाल सरकारद्वारा प्रकाशित नेपाल राजपत्र (खण्ड ७२) मिति २०७९/०१/१३ (अतिरिक्ताङ्क १) को सूचनाबमोजिम केही वस्तुको पैठारीमा पूर्ण बन्देज लगाएकोले सोही सूचना बमोजिम गर्नु/गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित गरिएको छ।

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा प्रकाशन भएको मितिः २०७९/०१/१४ ।

(३८) केही वस्तुको पैठारीमा पूर्ण बन्देज सम्बन्धी सूचना

# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभागको
## केही वस्तुको पैठारीमा पूर्ण बन्देजसम्बन्धी
## सूचना

नेपाल सरकारद्वारा प्रकाशित नेपाल राजपत्र (खण्ड ७२) मिति २०७९/०३/३१ (अतिरिक्ताङ्क १५) को सूचनाबमोजिम केही वस्तुको पैठारीमा पूर्ण बन्देज लगाएकोले सोही सूचना बमोजिम गर्नु/गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा प्रकाशन भएको मितिः २०७९/०४/०१ ।

(३९) Virtual Currency/Cryptocurrency, Network Marketing तथा Hyper Fund कारोबार गैरकानुनी रहेको सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक

विदेशी विनिमय व्यवस्थापन विभाग

Virtual Currency/Cryptocurrency, Networking Marketing तथा Hyper Fund कारोबार गैरकानुनी रहेको सम्बन्धी सूचना

यस बैंकले Bitcoin कारोबार, Cryptocurrency कारोबार र Virtual Currency/Cryptocurrency तथा Network Marketing अन्तर्गतको कारोबार/व्यवसाय गैरकानुनी रहेको बारे क्रमशः मिति २०७४/०४/२९, २०७८/०५/२४ र २०७८/१०/०९ मा सार्वजनिक सूचनाहरु प्रकाशन गरेको पुनः अवगत गराइएको छ ।

नेपालमा विदेशी विनिमय वा मुद्राको रुपमा Virtual Currency/Cryptocurrency (Stablecoins समेत) ले कानुनी मान्यता नपाएको, नेपालमा कानुनी ग्राह्य (Legal Tender) नभएको, नेपाल सरकारको जमानत प्राप्त नभएको र यस बैंकले निष्काशन नगरेको तथा कुनै पनि किसिमको सुरक्षण नभएको हुँदा Virtual Currency/Cryptocurrency (Stablecoins समेत) को कारोबार गैरकानुनी रहेको छ। Virtual Currency/Cryptocurrency (Stablecoins समेत), पिरामिडमा आधारित Network Marketing तथा Hyper Fund मा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा लगानी, ठगी तथा कर छली, लगानीको असुरक्षा, पुँजी पलायन, मूल्यमा अस्थिरता एवम् उतार-चढाव, सट्टेबाजी आदि सम्बन्धी जोखिमहरु अन्तरनिहित हुने विषय समेत स्मरण गराइएको छ ।

अतः नेपालभित्र बसोबास गर्ने नेपाली नागरिक/फर्म/ कम्पनी/संस्था (विदेशी समेत) र नेपाल बाहिर बसोबास गर्ने सबै नेपाली नागरिक तथा नेपालमा दर्ता भई नेपाल बाहिर रहेका, फर्म, कम्पनी, संस्था तथा त्यस्ता कम्पनी वा संस्थाका शाखा कार्यालय तथा एजेन्सीहरुले कुनै पनि प्रकारका Virtual Currency/Cryptocurrency (Stablecoins समेत), पिरामिडमा आधारित Network Marketing तथा Hyper Fund कारोबार गरे/गराएको पाइएमा तथा सोको प्रयोग/ संलग्नता/ सदस्यता/ लगानी/ स्वामित्व ग्रहण/ स्थानान्तरण/ विप्रेषण/ विनिमय/ Mining सम्बन्धी कार्य गर्ने/गराएको पाइएमा प्रचलित कानुनबमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशन गरिएको छ ।

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा प्रकाशन भएको मितिः २०७९/०४/३० ।

(४०) केही वस्तुको पैठारीमा पूर्ण बन्देज सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभागको
केही वस्तुको पैठारीमा पूर्ण बन्देजसम्बन्धी
सूचना

नेपाल सरकारद्वारा प्रकाशित नेपाल राजपत्र (खण्ड ७२) मिति २०७९/०५/१३ (अतिरिक्ताङ्क ३५) को सूचनाबमोजिम केही वस्तुको पैठारीमा पूर्ण बन्देज लगाएकोले सोही सूचना बमोजिम गर्नु/गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा प्रकाशन भएको मितिः २०७९/०५/१५ ।

(४१) मनिचेञ्जरको नयाँ इजाजतपत्र प्रदान गर्ने कार्य बन्द रहेको सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभागको
मनिचेञ्जरको नयाँ इजाजतपत्र प्रदान गर्ने कार्य बन्द रहेको सम्बन्धी
सूचना

यस बैंकबाट अर्को व्यवस्था नभएसम्मको लागि अन्तर्राष्ट्रिय विमानस्थल बाहेकका स्थानमा मनिचेञ्जरको नयाँ इजाजतपत्र प्रदान गर्ने सम्बन्धी कार्य बन्द रहेको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ ।

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा प्रकाशन भएको मितिः २०७९/०६/१४ ।

(४२) केही वस्तुको पैठारीमा पूर्ण बन्देज सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभागको
केही वस्तुको पैठारीमा पूर्ण बन्देजसम्बन्धी
सूचना

नेपाल सरकारद्वारा प्रकाशित नेपाल राजपत्र (खण्ड ७२) मिति २०७९/०६/२८ (अतिरिक्ताङ्क ४५) को सूचनाबमोजिम केही वस्तुको पैठारीमा पूर्ण बन्देज लगाएकोले सोही सूचना बमोजिम गर्नु/गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित गरिएको छ।

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा प्रकाशन भएको मितिः २०७९/०६/३०।

(४३) विदेशमा लगानी गर्न प्रतिबन्धित रहेको सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक

विदेशी विनिमय व्यवस्थापन विभागको

विदेशमा लगानी गर्न प्रतिबन्धित रहेको सम्बन्धी सूचना

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०क ले विदेशमा लगानी गर्न प्रतिबन्धित गरेको र सोही ऐनको दफा ९ग ले यस बैंकले तोकिदिएको व्यवस्था बमोजिम बाहेक नेपालमा बसोबास गर्ने व्यक्तिले कुनै पनि तरिकाले विदेशमा भुक्तानी दिने सम्बन्धी कार्य गर्न प्रतिबन्धित गरेको हुँदा नेपालमा बसोबास गर्ने कुनै पनि व्यक्तिले कुनै पनि किसिमले विदेशमा लगानी हुने गरी कुनै पनि कार्यहरु जस्तैः विदेशमा घर-जग्गा खरिद, धितोपत्र खरिद, सम्पत्ति खरिद, विदेशी बैंक तथा वित्तीय संस्थामा निक्षेप जम्मा गर्ने लगायतका पुँजीगत प्रकृतिका कारोबार (सोसम्बन्धी प्रचार-प्रसार समेत) र यस बैंकले तोकिदिएको व्यवस्था बमोजिम बाहेक विदेशमा भुक्तानी हुने सम्बन्धी कार्य नगर्नु/नगराउनु हुन एवम् त्यस्तो कार्य गर्ने/गराएको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशन गरिएको छ ।

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा प्रकाशन भएको मितिः २०७९/०९/२९ ।

(४४) Cryptocurrency/ Virtual Currency, Non-Fungible Token, Digital Asset, Decentralized Finance, Network Marketing तथा Hyper Fund कारोबार गैरकानुनी रहेको सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

Cryptocurrency/ Virtual Currency, Non-Fungible Token, Digital Asset, Decentralized Finance, Network Marketing तथा Hyper Fund कारोबार गैरकानुनी रहेको सम्बन्धी सूचना

यस बैंकले Bitcoin कारोबार, Cryptocurrency कारोबार र Virtual Currency/Cryptocurrency, Network Marketing तथा Hyper Fund अन्तर्गतको कारोबार/व्यवसाय गैरकानुनी रहेको बारे क्रमशः मिति २०७४/०४/२९, २०७८/०५/२४, २०७८/१०/०९ र २०७९/०४/३० मा सार्वजनिक सूचनाहरु प्रकाशन गरेको पुनः अवगत गराइएको छ ।

नेपालमा विदेशी विनिमय वा मुद्राको रुपमा Virtual Currency/Cryptocurrency (Stablecoins समेत), Non-Fungible Token (NFT), Digital Asset, Decentralized Finance (DeFi) ले कानुनी मान्यता नपाएको, नेपालमा कानुनी ग्राह्य (Legal Tender) नभएको, नेपाल सरकारको जमानत प्राप्त नभएको, यस बैंकले निष्कासन समेत नगरेको तथा कुनै पनि किसिमको सुरक्षण नभएको र यस्तो कारोबारबाट विदेशमा लगानी हुने देखिएकोले Virtual Currency/Cryptocurrency (Stablecoins समेत), Non-Fungible Token (NFT), Digital Asset, Decentralized Finance (DeFi) को कारोबार विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ बमोजिम गैरकानुनी रहेको छ । साथै, Virtual Currency/Cryptocurrency (Stablecoins समेत), Non-Fungible Token (NFT), Digital Asset, Decentralized Finance (DeFi), पिरामिडमा आधारित Network Marketing तथा Hyper Fund मा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा लगानी, ठगी, कर छली, लगानीको असुरक्षा, पुँजी पलायन, मूल्यमा अस्थिरता एवम् उतार-चढाव, सट्टेबाजी आदि सम्बन्धी जोखिमहरु अन्तरनिहित हुने विषय समेत स्मरण गराइएको छ ।

अतः नेपालभित्र बसोबास गर्ने नेपाली नागरिक/फर्म/कम्पनी/संस्था (विदेशी समेत) र नेपाल बाहिर बसोबास गर्ने सबै नेपाली नागरिक तथा नेपालमा दर्ता भई नेपाल बाहिर रहेका, फर्म, कम्पनी, संस्था तथा त्यस्ता कम्पनी वा संस्थाका शाखा कार्यालय तथा एजेन्सीहरुले विदेशमा लगानी हुने गरी कुनै पनि प्रकारका Virtual Currency/ Cryptocurrency (Stablecoins समेत), Non-Fungible Token (NFT), Digital Asset, Decentralized Finance (DeFi), पिरामिडमा आधारित Network Marketing तथा Hyper Fund कारोबार गरे/गराएको पाइएमा तथा सोको प्रयोग/ संलग्नता/ सदस्यता/ लगानी/ स्वामित्व ग्रहण/ स्थानान्तरण/ विप्रेषण/ विनिमय/ Mining सम्बन्धी कार्य गर्ने/गराएको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

नेपाल राष्ट्र बैंकको वेवसाइटमा सूचना प्रकाशन भएको मितिः २०७९/१२/२० ।

(४५) एकीकृत परिपत्र-२०७९ जारी गरिएको सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभागको
एकीकृत परिपत्र-२०७९ जारी गरिएको सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागको मिति २०७९/१२/२०, इ.प्रा. परिपत्र संख्याः १८/२०७९-८० मार्फत् एकीकृत परिपत्र-२०७९ जारी गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन सम्बन्धित सबैको जानकारी लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित गरिएको छ।

मिति २०७९/१२/२० को इ.प्रा. परिपत्र संख्याः १८/२०७९-८० र सो सम्बन्धी जानकारी विस्तृत जानकारी यस बैंकको वेवसाइट www.nrb.org.np बाट प्राप्त गर्न सकिनेछ।

नेपाल राष्ट्र बैंकको वेवसाइटमा सूचना प्रकाशन भएको मितिः २०७९/१२/२०।

(४६) MaxMoney Sdn. Bhd., Malaysia सँगको विप्रेषण कारोबारमा प्रतिबन्ध लगाइएको सम्बन्धी सूचना

# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

### MaxMoney Sdn. Bhd., Malaysia सँगको विप्रेषण कारोबारमा प्रतिबन्ध लगाइएको सम्बन्धी सूचना

MaxMoney Sdn. Bhd., Malaysia ले विप्रेषण कारोबार बापतको रकम नेपाली इजाजतपत्रप्राप्त निकायलाई भुक्तानी नगरेको हुनाले यस बैंकको मिति २०७५/०८/१२ र २०७५/११/०२ गतेका परिपत्रहरुमार्फत् यस बैंकबाट इजाजतपत्रप्राप्त निकायहरुलाई सो संस्थासँग कारोबार गर्न लगाइएको प्रतिबन्ध उक्त संस्थाले कुल वक्यौता रकममध्ये आंशिक रकम भुक्तानी गरेकोमा यस बैंकको मिति २०७६/१०/०५ को सूचनामार्फत् सो प्रतिबन्ध फुकुवा गरिएको तथा उल्लिखित परिपत्रहरु खारेज गरिएकोमा उक्त संस्थाले त्यस्तो प्रतिबन्ध फुकुवा गर्दा तोकिएका शर्तहरु पालना नगरेको हुँदा यस बैंकबाट अर्को व्यवस्था नभएसम्मका लागि यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, विप्रेषण कम्पनी, अन्य इजाजतपत्रप्राप्त निकायहरू, सरोकारवाला व्यक्ति तथा निकायले MaxMoney Sdn. Bhd., Malaysia सँग बाँकी वक्यौताको भुक्तानी लिने कार्य बाहेक कुनै पनि कारोबार नगर्न/नगराउनु हुन र MaxMoney Sdn. Bhd., Malaysia ले नेपालीहरूसँग मलेसियामा रकम संकलन गरी अन्य Multi-Corridor मार्फत् त्यस्तो रकम नेपाल पठाउने कार्यका लागि तेस्रो पक्षबाट Processing भएको रकम समेत स्वीकार गर्ने तथा भुक्तानी गर्ने व्यवस्था नहुने गरी विप्रेषण कारोबारको प्रबन्ध मिलाउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ ।

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा सूचना प्रकाशन भएको मितिः २०८०/०३/२८ ।

(४७) एकीकृत परिपत्र-२०८० जारी गरिएको सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभागको
एकीकृत परिपत्र-२०८० जारी गरिएको सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागको मिति २०८०/०९/२६, इ.प्रा. परिपत्र संख्याः ०६/२०८०-८१ मार्फत् एकीकृत परिपत्र-२०८० जारी गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन सम्बन्धित सबैको जानकारी लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित गरिएको छ।

मिति २०८०/०९/२६ को इ.प्रा. परिपत्र संख्याः ०६/२०८०-८१ र सो सम्बन्धी जानकारी विस्तृत जानकारी यस बैंकको वेवसाइट www.nrb.org.np बाट प्राप्त गर्न सकिनेछ।

नेपाल राष्ट्र बैंकको वेवसाइटमा सूचना प्रकाशन भएको मितिः २०८०/०९/२६।

(४८) नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ मा संशोधन गरिएको सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक

विदेशी विनिमय व्यवस्थापन विभागको

नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ मा संशोधन गरिएको सम्बन्धी सूचना

यस बैंकबाट जारी नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ मा संशोधन (तेस्रो संशोधन) गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ ।

नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ मा संशोधन ( तेस्रो संशोधनसहित) यस बैंकको वेवसाइट www.nrb.org.np बाट प्राप्त गर्न सकिनेछ ।

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा प्रकाशन भएको मितिः २०८०/१०/२६ ।

(४९) <u>नेपाल राष्ट्र बैंक स्वाप कारोबार विनियमावली, २०८१ जारी गरिएको सम्बन्धी सूचना</u>

नेपाल राष्ट्र बैंक

विदेशी विनिमय व्यवस्थापन विभागको

नेपाल राष्ट्र बैंक स्वाप कारोबार विनियमावली, २०८१ जारी गरिएको सम्बन्धी सूचना

यस बैंकबाट “नेपाल राष्ट्र बैंक स्वाप कारोबार विनियमावली, २०८१” जारी गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशन गरिएको छ ।

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा प्रकाशन भएको मितिः २०८१/०४/१३ ।

(५०) ओमानी रियाललाई परिवर्त्य विदेशी मुद्रा तोकिएको सम्बन्धी सार्वजनिक सूचना

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभागको

ओमानी रियाललाई परिवर्त्य विदेशी मुद्रा तोकिएको सम्बन्धी
सार्वजनिक सूचना

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ (ग१) मा व्यवस्था भएबमोजिम ओमानी रियाल (Omani Rial-OMR) लाई परिवर्त्य विदेशी मुद्रा तोकिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशन गरिएको छ।

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा प्रकाशन भएको मितिः २०८१/०८/०६।

(५१) Danish Kroner बैंक नोट सटही गर्ने सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभागको

## Danish Kroner बैंक नोट सटही गर्ने सम्बन्धी सूचना

डेनमार्कको केन्द्रीय बैंकले सन् २०२५ मे ३१ पश्चात् कानूनी ग्राह्यता खारेज गरेका Danish Kroner (DKK) बैंकनोटहरू आफूसँग भएमा त्यस्ता नोटहरू २०८१ फागुन मसान्त (सन् २०२५ मार्च १३) भित्र प्रचलित व्यवस्था बमोजिम यस बैंकको बैंकिङ विभाग, बैंकिङ कारोबार गर्ने यस बैंकका प्रदेशस्थित कार्यालयहरू, विदेशी विनिमयको कारोबार गर्न यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था, वा परिवर्त्य विदेशी मुद्राको कारोबार गर्न इजाजतपत्र प्राप्त मनिचेञ्जरहरूबाट सटही गर्नु/गराउनु हुन सम्बन्धित सबैका लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ। २०८१ फागुन मसान्त (सन् २०२५ मार्च १३) पश्चात् त्यस्ता बैंक नोटहरू सटही गर्न यस बैंकलगायत इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, मनिचेञ्जरहरू र विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्रप्राप्त निकायहरू बाध्य नहुने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। कानूनी ग्राह्यता खारेज गरिएका बैंकनोटहरू सम्बन्धी विस्तृत जानकारी डेनमार्कको केन्द्रीय बैंकको वेवसाइटमा उपलब्ध रहेको छ।

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा प्रकाशन भएको मितिः २०८१/११/०५।